नेपालीका लागि नेपाली

NRNA
Non-Resident Nepali Association

# गौरवशाली दुई दशक
# विशेषांक

नागरिकता • मताधिकार • सामाजिक सुरक्षा • लगानी

राष्ट्रपति

राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

## शुभकामना

एघारौं गैरआवासीय नेपाली विश्व सम्मेलन, गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय महाधिवेशन एवं विश्व ज्ञान सम्मेलनको अवसरमा म यस कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दछु । साथै विश्वभरका सम्पूर्ण गैरआवासीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा विजयादशमीको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

यस वर्षको "नेपालीका लागि नेपाली" ( For Nepali : By Nepali) भन्ने मूल नारा र "ज्ञान र रुपान्तरण समृद्धिको आधार" (Knowledge and transformation : The foundation of prosperity) विषयमा केन्द्रित एघारौं गैरआवासीय नेपाली विश्व सम्मेलनबाट विभिन्न देशमा छरिएर रोजगारी तथा पेशा व्यवसायमा संलग्न नेपालीहरूबीचको एकता थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास लिएको छु । गैरआवासीय नेपालीहरूमा रहेको ज्ञान, सीप, क्षमता, प्राविधिक दक्षता साथै पूँजी लगानीमार्फत नेपालको विभिन्न क्षेत्रमा संघले पुऱ्याउँदै आएको योगदान प्रशंसनीय छ ।

संघले विश्वमा छरिएर रहेका नेपालीहरूलाई आफ्नो सञ्जालमा जोडेर मुलुकको सर्वाङ्गिण विकासमा टेवा पुग्ने गरी सदुपयोग गर्ने काममा अहम् भूमिका निर्वाह गर्ने पनि विश्वास लिएको छु ।

जय नेपाल !

मिति- २०८० असोज २३

रामचन्द्र पौडेल

प्रधानमन्त्री

काठमाडौं, नेपाल

## शुभकामना

नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा "नेपालीका लागि नेपाली" (For Nepali By Nepali) भन्ने मूल नारा र "ज्ञान र रूपान्तरण समृद्धिको आधार" (Knowledge and transformation : The foundation of prosperity) भन्ने विषयमा केन्द्रित एघारौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशनको अवसरमा विभिन्न मुलुकमा बसोवास गर्ने गैरआवासीय नेपालीहरूका उपलब्धी र सरोकारका विषयहरू समेटेर स्मारिका प्रकाशन हुन लागेकोमा खुसी लागेको छ ।

संसारभर छरिएर रहेका नेपालीहरूलाई संगठित गर्दै नेपालप्रतिको लगाव र आत्मीयतालाई थप सबल बनाउन गैरआवासीय नेपाली संघले महत्वपूर्ण भूमिका खेलेको छ । नेपाली डायस्पोरा तुलनात्मक रूपमा तन्नेरी नै छ । पहिलो पुस्तामा सीमित डायस्पोराको दोस्रो पुस्ता पनि निकै सशक्त रूपमा अगाडि आउन खोजेको देखिन्छ । दोस्रो पुस्ताको नेपालप्रतिको लगाव र सक्रियतालाई थप प्रभावकारी बनाउन यस महाधिवेशनले पनि ठोस दिशानिर्देश गर्नेछ भन्ने मेरो अपेक्षा छ ।

नेपालको संविधानले गैरआवासीय नेपालीहरूले नेपाली अर्थतन्त्रमा पुर्‍याउन सक्ने योगदानको कदर गर्दै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसहितको नागरिकताको व्यवस्था गरेको छ । नेपाल सरकार गैरआवासीय नेपालीको ज्ञान, सीप र लगानीको उपयोग गर्न सधैं तत्पर छ । यसका लागि नेपाल सरकारले सहजकारी, समन्वयकारी र नियमनकारी भूमिका खेल्नेछ । विश्वभर रहेका नेपालीहरूको कल्याण र हितमा केन्द्रित रही सबैलाई आफ्नो सञ्जालमा आबद्ध गर्द आफ्नो मुलुकको हित तथा विकासमा क्रियाशील यस संघले गैरआवासीय नेपालीहरूको उपलब्धी, चिन्ता, चासो र सरोकारका विषयमा लेख रचनाहरू समेटी प्रकाशन गर्न लागेको स्मारिका सबै सरोकारवालाका लागि ज्ञान र शिक्षामूलक हुन सकोस् भन्ने कामना गर्दछु । विदेशमा बस्ने नेपालीहरूका विषयमा जानकारी प्राप्त गर्न र एकआपसमा अनुभव साटासाट गर्न पनि यो स्मारिकाले सहयोग गर्ने हाम्रो विश्वास छ । साथै आसन्न विश्व ज्ञान सम्मेलनले विदेशमा रहेको ज्ञान सीप र क्षमता स्वदेशमा प्रयोगयोग्य वातावरण सिर्जना गर्न थप मलजल गर्नेमा म विश्वस्त छु ।

यस विश्व सम्मेलन तथा एघारौं महाधिवेशन र विश्व ज्ञान सम्मेलनले स्वदेश र विदेशमा रहनु भएका सबै नेपालीहरुबीच आपसी एकता, सद्भाव, राष्ट्रिय भावना सहितको सामूहिक प्रयासमा समृद्ध नेपाल निर्माण गर्न सकियोस् भन्ने शुभेच्छासहित म एघारौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशन एवं विश्व ज्ञान सम्मेलनका साथै स्मारिका प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु । धन्यवाद ।

१७ असोज, २०८०

पुष्पकमल दाहाल 'प्रचण्ड'

नेपाल सरकार

परराष्ट्र मन्त्रालय
सिंहदरबार
काठमाण्डौ नेपाल।

मा. एन. पी. साउद
परराष्ट्र मन्त्री

## शुभकामना

नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र गैर आवासीय नेपाली संघको संयुक्त आयोजनामा यही असोज ३०, २०८० देखि कार्तिक ३, २०८० (१७-२० अक्टोबर २०२३) सम्म "नेपालीका लागि नेपाली" भन्ने मूल नारा र "ज्ञान र रुपान्तरणः समृद्धिको आधार" भन्ने मूल विषयमा केन्द्रित भई आयोजना हुने गैर आवासीय नेपालीहरुको ११ औं विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशनका अवसरमा स्मारिका (Souvenir) प्रकाशित गर्न लागेको जानकारीले मलाई हर्षित तुल्याएको छ।

विभिन्न मुलुकहरुमा छरिएर रहेका गैर आवासीय नेपालीहरूलाई एकत्रित र संगठित गर्दै उनीहरुको ज्ञान, सीप, क्षमता, पूँजी र प्रविधि नेपालको सर्वाङ्गिण विकास र समृद्धिको लागि उपयोग गर्न सके नेपालले विकासमा ठूलो फड्को मार्न सक्ने अपेक्षा मैले लिएको छु। यो सम्मेलनका बीचमा विश्व ज्ञान सम्मेलन र युवा तथा महिला सम्मेलनको आयोजनले थप प्रभावकारिता बढ्ने विश्वास लिएको छु।

गैर आवासीय नेपाली विश्व सम्मेलनको अवसरमा प्रकाशन हुने स्मारिकामा लगानी, वैदेशिक रोजगार र विदेशमा रहेका नेपालीहरूको ज्ञान, सीप, पूँजी, प्रविधि, सञ्जाल र पहुँचलाई नेपालको आर्थिक-सामाजिक विकासमा परिचालन गर्ने विषयका विविध सृजनशील र खोजमूलक लेख, रचनाहरु, अन्तर्वार्ता तथा जानकारीमूलक सामग्रीहरु समग्र नेपाली र गैर आवासीय नेपाली पाठकमाझ अत्यन्तै उपयोगी हुने मैले ठानेको छु। यसले विदेशमा रहेका नेपालीको देशप्रतिको माया र स्नेह अभिबृद्धि गर्न तथा नेपालको विकास प्रयासमा सकारात्मक उर्जा पैदा गर्ने विश्वास लिएको छु। वैदेशिक रोजगारलाई मर्यादित, सुरक्षित र प्रतिफलमुखी बनाउन सरकारले गरेका प्रयासहरुमा गैर आवासीय नेपाली संघको भूमिका महत्वपूर्ण हुने मैले ठानेको छु। साथै विदेशीहरुलाई नेपालप्रतिको सकारात्मक धारणा बनाउन तथा नेपालमा लगानीका लागि आकर्षित गर्न समेत स्मारिकामा संलग्न विषयवस्तुहरुले थप मद्दत गर्ने विश्वास राखेको छु।

नेपाल सरकारले विदेशमा रहेका नेपालीहरूको ज्ञान, सीप, पूँजी, प्रविधि, सञ्जाल र पहुँचलाई नेपालको आर्थिक-सामाजिक विकासमा परिचालन गर्ने नीतिलाई उच्च प्राथमिकता दिएको छ। यसका लागि ऐन, कानुनको निर्माण र परिमार्जन गरिएको छ। ति ऐन कानुनहरु गैर आवासीय नेपालीको हित प्रवर्द्धन गर्न सहयोगी रहेका छन्।

अन्तमा, गैर आवासीय नेपाली संघले विश्वभरी छरिएर रहेका नेपालीहरुको सुदृढ संस्थाको रुपमा काम गर्दै नेपालको आर्थिक रुपान्तरणमा ठोस योगदान पुर्याउन भूमिका निर्वाह गर्न सकोस भन्ने शुभकामना दिन चाहन्छु।

जय नेपाल!

नारायण प्रकाश साउद

नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI
P.O. Box : 269
Sahid Sukra
FNCCI Milan Marg, Pachali
Teku, Kathmandu, Nepal
Tel. : 4262061, 4262218, 4266889
Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np
http://www.fncci.org

## शुभ-कामना

२०८० असोज ३० देखि कार्तिक ३ गतेसम्म ज्ञान र रूपान्तरण समृद्धिको आधार (Knowledge and Transformation: The Foundation of Prosperity) विषयमा केन्द्रित भई एघारौं गैर आवासीय नेपाली विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशन आयोजना हुन लागेकोमा मलाई अत्यन्तै खुशी लागेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ पनि यति महत्वपूर्ण कार्यक्रममा आयोजककोरूपमा जोडिन पाएकोमा मलाई अत्यन्त खुशी लागेको छ । यस अवसरमा गैर आवासीय नेपाली संघमा आबद्ध सबै गैरआवासीय नेपालीहरूमा हार्दिक बधाई एवं शुभ-कामना दिन चाहन्छु ।

गैरआवासीय नेपाली संघको स्थापनाकालदेखिनै महासंघ प्रत्यक्ष जोडिंदै आएको छ । मुलुकको आर्थिक विकासमा देश बाहिर रहनु भई विभिन्न पेशा, व्यवसाय गरी बस्नु भएका नेपाली दाजुभाई दिदीवहिनीहरुको ठूलो योगदान छ । पछिल्लो समय अर्थतन्त्रमा गैर आवासीय नेपालीको योगदान बढ्दो छ । यसलाई अझ विस्तार गरी गैर आवासीय नेपालीहरू मार्फत मुलुकभित्र लगानी भित्र्याउन हामी सबैको प्रयास आवश्यक छ ।

सरकारले पनि बाह्य लगानी आकर्षणमा जोड दिंदै आएको छ भने महासंघले पनि अन्तराष्ट्रिय मञ्चहरूमार्फत यसका लागि पहल गर्दै आएको छ । आ-आफना क्षेत्रमा आर्जन गरेको ज्ञान, शीप, प्रविधि र आम्दानीबाट स्वदेशमा लगानी गरि समृद्ध नेपाल निर्माणमा यहाँहरूसंग सहकार्य गर्न महासंघ तयार छ ।

विभिन्न मुलुकमा बसोबास गर्ने गैरआवासीय नेपालीहरूको उपलब्धि, चाहना एवं समस्याहरू सम्बन्धि लेख रचनाहरू समेटी एघारौं गैर आवासीय नेपाली सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशनको अवसरमा प्रकाशन हुने **स्मारिका**ले आर्थिक क्षेत्रमा नयाँ आयाम ल्याउनको लागि सहयोगी हुने मैले विश्वास लिएको छु । साथै यस क्षेत्रलाई बुझ्न चाहने सबैका लागि **स्मारिका** पठनीय एवं ज्ञानवर्द्धक हुने विश्वासका साथ **स्मारिका** प्रकाशन कार्यको पूर्ण सफलताको लागि हार्दिक शुभ-कामना व्यक्त गर्दछु ।

अन्त्यमा, एघारौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा अन्तराष्ट्रिय महाधिवेशन पूर्ण सफलताको लागि हार्दिक शुभ–कामना व्यक्त गर्दछु । संघको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

(चन्द्र प्रसाद ढकाल)
अध्यक्ष

# नेपाल उद्योग परिसंघ

पाँचौ तल्ला, ट्रेड टावर नेपाल, पो.व.नं. २१०५६, काठमाडौं, फोन: +९७७-१-५१११११२२, ५१११११२३, फ्याक्स: +९७७-१-५१११११२५
E-mail: cni@cnind.org, Website: www.cni.org.np




## शुभकामना

नेपाल सरकार, नेपाल उद्योग परिसंघ, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा "नेपालीका लागि नेपाली" (For Nepali By Nepali) भन्ने मूल नारा र "ज्ञान र रुपान्तरण समृद्धिको आधार" (Knowledge and Transformation: The Foundation of Prosperity) विषयमा केन्द्रित ११औं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु। साथै, विभिन्न मुलुकमा बसोबास गर्ने गैरआवासीय नेपालीहरूका उपलब्धि एवं सरोकारका विषयहरू समेटेर स्मारिका प्रकाशन गर्न लागेकोमा संघलाई धन्यवाद दिन चाहन्छु। यसले संघका गतिविधि, विदेशमा बस्ने नेपाली एवं आफ्नो मातृभूमीका लागि गरेको योगदानहरु प्रकाशित हुने अपेक्षा लिएको छु।

गैरआवासिय नेपाली संघले विश्वभरी छरिएर रहेका नेपालीहरुलाई 'एक पटकको नेपाली, सधैको नेपाली' अभियानमार्फत संगठित गर्दै उनीहरुको हकहित एवं नेपालमा लगानी तथा प्रविधि भित्र्याउन खेलेको भूमिका महत्वपूर्ण छ। नेपाल सरकार, नेपालको निजी क्षेत्र एवं संघको पहलमा नेपालको संविधानले नै गैरआवासीय नेपालीहरूले नेपाली अर्थतन्त्रमा पुऱ्याएको र पुऱ्याउन सक्ने योगदानको कदर गर्दै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सहितको नागरिकताको व्यवस्था गरेको छ। मुलुकको आर्थिक रुपान्तरणका लागि स्वदेशीसहित विदेशी लगानी, सीप तथा प्रविधिको आवश्यकता छ। गैरआवासिय नेपालीहरुले लगानीसहित विदेशमा सिकेको ज्ञान, सीप एवं वैदेशिक लगानी भित्र्याउन प्रभावकारी रुपमा काम गर्ने विश्वास लिएको छु।

१० अर्ब बराबरको लगानी कोष भएको 'एनआरएन नेपाल डेभलपमेण्ट कम्पनी' दर्ता गरी लगानी विविधिकरण गर्ने प्रयासको सफलताको शुभकामना पनि व्यक्त गर्न चाहन्छु। यसले गैरआवासीय नेपालीको नेपालमा सामूहिक र व्यक्तिगत लगानी बढ्ने अपेक्षा गरेका छौं। १० अर्ब लगानी कोषलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न समेत अनुरोध गर्न चाहन्छु। उत्पादनमुलक क्षेत्रमा गरिने लगानी दिगो हुन्छ। नेपालको अर्थतन्त्रको बृद्धि विकासका लागि योगदान गर्न सकिने उपयुक्त समय आएको छ। यसका लागि गैरआवासिय नेपालीलाई राज्यले उच्च प्राथमिकता पनि दिएको छ। नेपाली नागरिकताको निरन्तरता, लगानीको अवसर, सामाजिक सुरक्षा कोष, विदेशमै बसेर नेपालमा डलर खाता खोल्ने पाउने लगायतका अवसर यसको उदाहरण हुन्। नेपालमा लगानीको प्रचूर अवसरका क्षेत्रहरु रहेकाले यसतर्फ समेत संघले थप पहल गर्ने विश्वास लिएको छु। देशको समग्र आर्थिक विकासका लागि उद्योगीहरुको छाता संगठनको रुपमा नेपाल उद्योग परिसंघ गैरआवासिय नेपाली संघसँग सहकार्य गर्दै अगाडि बढ्न प्रतिबद्ध रहेको समेत अवगत गराउन चाहन्छु।

अन्त्यमा, पुन: एक पटक संघको विश्व सम्मेलन तथा ११औं महाधिवेशन र विश्व ज्ञान सम्मेलनको सफलताका लागि नेपाल उद्योग परिसंघ एवं व्यक्तिगत तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

राजेशकुमार अग्रवाल
अध्यक्ष

असोज १९, २०८०







# गौरवशाली २० वर्षका लागि धन्यवाद

नेपालीका लागि नेपाली' भन्ने मूल मन्त्रका साथ सन् २००३ मा सुरु भएको गैरआवासीय नेपाली अभियान आजबाट २० औं वर्ष पूरा गरेको छ । विश्वभर रहेका नेपालीलाई एकै सुत्रमा बाँध्ने उद्देश्यले स्थापना भएको यस संस्थाले परिवर्तित समय र सन्दर्भमा आफूलाई पनि परिष्कृत गर्दै लैजाने चुनौती स्वीकार्दै आफूलाई मातृभूमि नेपालको सच्चा साझेदारका रूपमा आफूलाई उभ्याउन सक्षम भएको छ।

विभिन्न मुलुकमा छरिएर रहेका नेपालीलाई एकताबद्ध गर्दै विदेशमा आर्जन गरेको ज्ञान, सीप, प्रविधि र पुँजीलाई मातृभूमि नेपालको सामाजिक तथा आर्थिक विकासमा सदुपयोग गर्ने उद्देश्यका साथ स्थापना भएको गैरआवासीय नेपाली संघ हाम्रा अग्रजहरूको अथक प्रयास र समर्पणले स्वदेश तथा विदेशमा बस्ने नेपालीका  आशा र भरोसाको केन्द्र बनेको छ। स्थापनाको २० वर्षको अवधिमा ८६ देशमा औपचारिक सञ्जालको विस्तार गरेर विभिन्न मुलुकमा छरिएर रहेका नेपाली समुदायलाई एउटै मालामा पंक्तिबद्ध गर्न संघ सफल भएको छ। दुई वर्षको अनवरत यात्राका क्रममा संघको अथक पहलमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन्।

गैरआवासीय नेपाली संघले आफ्नो स्थापनाको २०औं वर्षगाँठ मनाइरहँदा विदेशमा बस्ने नेपालीका लागि सरकारले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने कानुनी बाटो खोलेको छ। गैरआवासीय नेपाली संघले आफ्नो स्थापनाकालदेखि नै माग गर्दै आएको श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समेट्नुपर्ने माग सरकारले सम्बोधन गरेको छ। हजारे योजनाको अवधारणामा श्रीगणेश भएको योजनालाई संघकै पहलमा सरकारले वैदेशिक रोजगारीमा गएका र विदेशमा स्वरोजगारमा रहेकालाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध गर्न थालेको छ।

विदेशमा बस्ने नेपालीको मताधिकारको अधिकार सुनिश्चित गरेको छ भने निर्वाचन आयोगले विदेशमा रहेका नेपालीको मताधिकारको अधिकार कार्यान्वयनका लागि ऐन निर्माणलगायत सम्पूर्ण प्रक्रिया अघि बढाइसकेको छ।
धितोपत्रमा विदेशबाटै कारोबार गर्ने प्रक्रिया सुरु भएको छ। योसँगै विश्वव्यापीकरण र डिजिटल प्रविधिले हटाएको भौगोलिक सीमा, बाहिर बस्ने नेपालीका हकमा पनि क्रमश: मेटिँदै गएको छ। छरिएर आउने पुँजी संगठित रूपमा भित्रन थालेको छ। लगानी भित्र्याउन देखा परेका कानुनी व्यवधान क्रमश: सम्बोधन हुने क्रम जारी छ।

वैदेशिक लगानीका सम्भावनाहरू सीमित भएको र आन्तरिक स्रोत साधनको सीमितताबीच रहेको नेपालका लागि गैरआवासीय नेपाली समुदायको उपस्थिति आर्थिक खाडल पूर्तिका लागि नौलो अवसर बन्न सक्ने देखिएको छ। नेपालका जलविद्युत्, बैंकिङ, पर्यटन, स्वास्थ्य, शिक्षालगायत क्षेत्रमा गैरआवासीय नेपालीको उल्लेख्य लगानी भित्रिरहेको छ। विदेशमा रहेका नेपालीलाई एउटै छातामा समेट्ने उद्देश्यले स्थापनाको दुई दशकको यस अवधिमा विदेशमा रहेका ठूला लगानीकर्ता मात्रै होइन साना तथा मझौला लगानीकर्ताहरू पनि देशमा लगानी भित्र्याउन उत्साहित छन्। सरकारले गैरआवासीय नेपालीलाई विदेशी मुद्रामै पूर्णरूपले लगानी

फिर्ता गर्न सहिने गरी मुद्दती र बचत निक्षेपमा खाता खोल्ने सुविधासमेत प्रदान गरेको छ।

दुई दशकान्त पूरा गर्दा विकास र पूर्वाधार निर्माणका क्षेत्रमा पनि गैरआवासीय नेपालीको उपस्थिति बढ्दो छ। आर्थिक लगानी मात्रै होइन यस सँगै बौद्धिक लगानी भित्र्याउन पनि संस्थागत प्रयास जारी छ। नेपालमा पुँजी मात्रै नभई, ज्ञान, सीप प्रविधि भित्र्याउन दुईवटा ज्ञान सम्मेलन सम्पन्न भइसकेको छ। सरकार, सरोकारवाला र विदेशमा रहेका नेपालीलाई जोड्न पुनः तेस्रो ज्ञान सम्मेलन आयोजना हुँदैछ। पछिल्लो २० वर्षको अवधिमा गैरआवासीय नेपाली संघमार्फत उल्लेख्य परोपकारी कार्य भएका छन्। दोस्रो पुस्ताका गैरआवासीय नेपाली, युवा तथा महिलालालाई विशेष प्राथमिकतामा राखिएको छ। विदेशमा लामो समय बसेर त्यहाँको आर्थिक-सामाजिक परिवेश राम्रोसँग बुझेका गैरआवासीय नेपालीले त्यहाँको समाज र सरकारसँग नेपाललाई जोडेर नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई सुदृढ बनाउन नेपाली यस संघले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। अर्थमा सम्पन्न व्यक्ति मात्रै होइन, संघ श्रमिकमैत्री बनेको छ। बाध्यताले श्रम गर्न गएका नेपालीलाई समेट्ने, तिनको हक-हितका लागि बोल्ने उनीहरूको कुरा सुन्ने र उनीहरूको साझा संस्था बनाउने दायित्व पूरा हुँदै गएको छ। समग्रमा संघ विश्वभरका गैरआवासीय नेपालीको अभिभावक बनेको छ। यो संघ आफ्नो अभिभावकत्व निर्वाहका लागि सदैव प्रतिबद्ध छ।

यसै अवसरमा हामी गैरआवासीय नेपाली विश्व सम्मेलन एवं ११औं महाधिवेशन तथा विश्व ज्ञान सम्मेलनसहित युवा र महिला सम्मेलन आयोजना गर्दैछौं। यस सम्मेलनले ऐतिहासिक यात्रामा अर्को इँटा थप्नेछ भन्नेमा हामी विश्वस्त छौं।

अन्त्यमा, गैरआवासीय नेपाली संघलाई आजको दिनसम्म ल्याउन योगदान पुऱ्याउनु हुने हाम्रा अग्रह, सल्लाहकार, नेपाल सरकार, दूतावास, कूटनीतिक नियोग, सरोकारवाला संघ-संस्था, सहयोगी निकायहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्था, समस्त शुभचिन्तक एवं अभियन्ता र सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण छ। हामी सबै मिलेर नै आजको सफलता हासिल गर्न सम्भव भएको हो। गैरआवासीय नेपाली संघ हरेक हातको साथप्रति कृतज्ञ छ। यी दुई दशकको साथ, सहयोग र विश्वासका लागि तपाईं सम्पूर्णलाई धेरै-धेरै धन्यवाद।

| | | |
|---|---|---|
| **डा. बद्री केसी** | **कुल आचार्य** | **रविना थापा** |
| कार्यकारी अध्यक्ष | अध्यक्ष | अध्यक्ष |



शुभकामना

नेपालीका लागि नेपाली' भन्ने मूल मन्त्रका साथ सन् २००३ मा सुरु गैरआवासीय नेपाली अभियान २० औं वर्ष पूरा गरेको छ। विभिन्न मुलुकमा छरिएर रहेका नेपालीहरुलाई एकताबद्ध गर्दै उनीहरुले आर्जन गरेको ज्ञान, सीप, प्रविधि र पुँजीलाई नेपालको सामाजिक तथा आर्थिक विकासमा सदुपयोग गर्ने स्थापनाकालदेखिको उद्देश्यले गति लिइरहेको छ। हाम्रा अग्रजहरुको अथक प्रयास र समर्पणले गैरआवासीय नेपाली संघ देश विदेशमा बस्ने नेपालीका लागि आशा र भरोसाको केन्द्र बन्दै आएको छ। स्थापनाको २० वर्षको अवधिमा ८६ देशमा औपचारिक सञ्जालको विस्तार गरेर विभिन्न मुलुकमा छरिएर रहेका नेपाली समुदायलाई एउटै मालामा जोड्न संघ सफल भएको छ साथै, विश्वका विभिन्न भागहरूमा प्रतिनिधित्व गर्ने यस संस्थाका सदस्यहरूसँग भएका विविध सीप, ज्ञान र स्रोतहरूद्वारा संघ थप सशक्त रुपमा विकसित भएको छ।

स्थापनाकालदेखि नै संघ नेपाली डायस्पोराको सीप, ज्ञान र बौद्धिक स्रोतहरूलाई सुव्यवस्थित गर्न निरन्तर काम गर्दै आएको छ, त्यस्ता स्रोतहरूलाई सीप, ज्ञान, र नवप्रवर्तन पहलहरू मार्फत नेपाल र नेपालीको विकासमा परिचालन र हस्तान्तरणमा केन्द्रित छ।

ज्ञान सीप तथा प्रविधि हस्तान्तरण (SKTT) विभाग मार्फत विदेशमा विभिन्न क्षेत्रमा विद्धता र विशेषज्ञता हासिल गरेका गैरआवासीय नेपालीहरुलाई एकै सुत्रमा एकताबद्ध गरी नेपालको विकास र समृद्धिको साझेदार बनाउन गैरआवासीय संघले पहल गरिरहेको छ। साथै डायस्पोरामा विशेषज्ञता, अनुभव, र प्रविधि हस्तान्तरणलाई अघि बढाउँदै नेपाल र अन्तर्राष्ट्रिय स्तरका विभिन्न क्षेत्रमाझ नेपाललाई जोड्ने लक्ष्य छ। यसै अभियान अन्तर्गत क्प्त कै नेतृत्वमा सन् २०१८ मा पहिलो विश्व ज्ञान सम्मेलन भएको थियो। पहिलो सम्मेलनको पूर्ण सफलतापछि सन् २०२० मा कोरोना कहरमाझ हामीले दोस्रो ज्ञान सम्मेलन सम्पन्न गर्‍यौं।

पहिलो र दोस्रो सम्मेलनको भव्य सफलतापश्चात ११ औं एनआरएन विश्व सम्मेलनको संयोजनमा तेस्रो विश्व ज्ञान सम्मेलन आयोजना गरिएको छ। सम्मेलनले नेपालको सामाजिक-आर्थिक विकासमा साझेदारी गर्न र विज्ञान, प्रविधि र नवप्रवर्तनको भूमिकाको अन्वेषण गर्न "रोड म्याप" विकास गर्न जोड दिने विश्वास राखेका छौं।

SKTT विभागको प्रमुखको हैसियतमा म सल्लाहकार बोर्ड, आयोजक समिति, प्रस्तुतकर्ताहरू र प्यानलका सदस्यहरू, यस सम्मेलनका संयोजक तथा सहसंयोजक लगायत यस सम्मेलनको तयारी र आयोजना गर्न अहोरात्र खट्नुभएका सदस्यहरु, सचिवालयका कर्मचारी लगायत सबैमा हार्दिक आभार व्यक्त गर्दछु । यस सम्मेलनले दिगो अर्थतन्त्रसहितको समृद्ध राष्ट्र निर्माणका लागि विज्ञान, प्रविधि, नवप्रवर्तन र लगानीमा रहेको खाडललाई पुरा गर्न विदेशमा रहेका नेपाली, नेपाल सरकार र योजना र नीति निकायहरूबीच बलियो साझेदारीलाई प्रगाढ बनाउने आशा गरेको छु।

भवदीय,

डा हेम राज शर्मा

विज्ञान, ज्ञान र प्रविधि स्थानान्तरण विभाग प्रमुख

एनआरएनए

# विषय-सूची


सम्पादकीय ___ १

परिचयपत्र होइन गैरआवासीयलाई नेपाली नागरिकता नै
दिनुपर्छ भनेर हामीले संविधानमा व्यवस्था गरेका हौं' : सुवासचन्द्र नेम्वाङ ___ २

राजनीतिक अधिकार पनि विस्तारै गाँस्ने नै हो : राधेश्याम अधिकारी ___ ५

विदेशका नेपालीलाई मताधिकार दिन कानुन छिट्टै ल्याउने पहलमा छौं : दिनेशकुमार थपलिया ___ १२

नेपाली नागरिकले सामाजिक सुरक्षा कोषमा विदेशमै सूचीकृत हुन पाउनेछन् : विवेक पन्थी ___ २०

प्रतिष्ठापूर्ण नेपाली डायस्पोरा : डा दिनेशराज भुजु ___ २५

Empowering Nepal's Future: The NRN Nepal Development Fund: Anal Raj Bhattarai ___ २८

एनआरएनएको परिकल्पना : उपेन्द्र महतो ___ ३२

नेपाली डायस्पोरा र नेपाल : जीवा लामिछाने ___ ३५

मातृभूमिका लागि गैरआवासीय नेपाली : भवन भट्ट ___ ४१

:Mapping of Nepali Diaspora: Prajwal Sharma ___ ४३

गैरआवासीय नेपाली र नेपालीमूलको व्यापकता : रमेश गौतम ___ ४६

श्रम आप्रवासन र मानव बेचबिखन : रामेश्वर नेपाल ___ ५३

एनआरएनएले बिर्सिएका 'सिनियर सिटिजन्स' : भगीरथ योगी ___ ५७

न बाट नमस्कार, न बाट नेपाली : अनिल अधिकारी ___ ५९

पूर्वाधारमा लगानी बढाउँदै गैरआवासीय नेपाली : सेवा विस्तार र निर्माण क्षेत्रमा लगानी-
ब्रान्ड मूल्य नाघ्यो ४ खर्ब : लोकबहादुर चापागाई ___ ६३

एनआरएनएको अबको अभिभारा : चन्द्रशेखर अधिकारी ___ ७३

२० वर्ष सिञ्चित यो शुभमन : डा. बद्री केसी ___ ७६

दुई दशकको एनआरएनए : अब रिब्रान्डिङ : डा. हेम राज शर्मा ___ ७९

त्यो हजारे अभियान, यो सामाजिक सुरक्षा : डीबी क्षत्री ___ ८४

एनआरएनए अभियानमा मध्यपूर्व : रेमिटचान्सको उपभोगबाट
उत्पादनमा लगाउनुपर्ने नीति : राजेन्द्रकुमार (आरके) शर्मा ___ ८६

एनआरएनए अभियानमा हामी महिला : यासमिन बेगम सैयद ___ ८९

एनआरएनए निर्वाचन प्रक्रियामा रूपान्तरण : रोशन थापा ___ ९१

फर्केर हेर्दा  एनआरएनको २० वर्ष : रामशरण सिम्खडा ___ ९४

एनआरएनए सामाजिक साझेदारी योजना २.० : फणिन्द्र पन्त ९७
पर्यटन प्रवर्द्धनमा एनआरएनए : सोम सापकोटा १०२
एनआरएनएमा युवा : लागौं राष्ट्र निर्माणमा : अब्दुल बासिद १०६
रफ्तारमा एनआरएनए अग्रगमन : सन्तोषकुमार भट्टराई १०८
एनआरएनए : २० वर्ष र अबका वर्ष : चिरञ्जीवी ढकाल ११२
एनआरएनएमा एआई अपरिहार्यता : चिरन शर्मा ११५
स्वदेशी राजनीतिमा प्रवासी भूमिका : हेमन्त काफ्ले ११८
सम्बन्धका सेतु : गैरआवासीय नेपाली यम बम १२०
Bridging the Gap: A New Era of Leadership in NRNA : Rubina Sharma १२४
विदेशमा नेपाली : साथी पनि, सारथि पनि : इन्द्रलक्ष्मी घिमिरे १२९
लगानीसँगै सीप हस्तान्तरणमार्फत गैरआवासीय नेपालीको अर्थतन्त्रमा योगदान एक खर्ब लगानीः वसन्त अर्याल १३३
प्रवासमा फैलिदो नेपाली भाषा साहित्य : नवीन पोखरेल १४५
वैदेशिक रोजगार नीति : सरकार र संघका भूमिका : अंगराज न्यौपाने १५५
एनआरएनएमा अघि बढ्दै महिला र युवा : तारा चापागाईं १६८
एनआरएनएको २० वर्ष : विशाल परोपकारी काम : राजकुमार सिग्देल १८०
नागरिकतामा न्याय, कानुनी अल्झन अझै : अन्जना लामिछाने १९६

---

**प्रधान सम्पादक**
शिवकुमार बरुवाल
सोम सापकोटा

**विशेष सल्लाहकार**
भगीरथ योगी

**सञ्चार संयोजक**
चिरन शर्मा

**भाषा सम्पादन**
नन्दलाल अम्गाईं
इन्द्रलक्ष्मी घिमिरे

**प्रकाशक**
गैरआवासीय नेपाली संघ, मिडिया कार्यदल

**डिजाइन/मुद्रण**
मेलो आर्क मिडिया

# नेपाली डायस्पोराको समग्र अध्ययन

## सम्पादकीय

गैरआवासीय नेपाली संघ (एनआरएनएले) स्थापनाको २० वर्ष पार गरेर नयाँ वर्षको अध्याय सुरु गरेको छ । विश्वभर रहेका नेपालीहरूलाई एकै सुत्रमा बाँध्ने उद्देश्यले स्थापना भएको यस संस्थाले दुई दशकको अवधिमा थुप्रै उल्लेखनीय उपलब्धि हासिल गरेको छ। विदेशमा आर्जन गरेको ज्ञान, सीप, प्रविधि र पुँजीलाई मातृभूमि नेपालको सामाजिक तथा आर्थिक विकासमा सदुपयोग गर्ने उद्देश्यका साथ स्थापना भएको गैरआवासीय नेपाली संघले स्थापनाको २० वर्षको अवधिमा ८६ देशमा औपचारिक सञ्जालको विस्तार गरिसकेको छ।

गैरआवासीय नेपाली संघले आफ्नो स्थापनाको २० औं वर्षगाँठ मनाइरहँदा स्थापना कालदेखिका माग तथा मुद्दाहरु क्रमशः सम्बोधन हुने क्रम जारी छ। यसबीचमा सबैभन्दा ठूलो उपलब्धी अर्थात विदेशमा बस्ने नेपालीका लागि सरकारले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने कानूनी बाटो खोलेको छ । यस अधिकारसँगै विदेशमा रहेका नेपालीमा राष्ट्रप्रतिको दायित्व र जिम्मेवारी बढेको महसुस भएको छ। विदेशमा बस्ने नेपालीको मताधिकारको अधिकार सुनिश्चित गरेको छ भने निर्वाचन आयोगले विदेशमा रहेका नेपालीहरुको मताधिकारको अधिकार कार्यान्वयनको लागि ऐन निर्माण लगायतका सम्पूर्ण प्रक्रिया अघि बढाइसकेको छ । धितोपत्रमा विदेशबाटै कारोबार गर्ने प्रक्रिया सुरु भएको छ । गैरआवासीय नेपाली संघले आफ्नो स्थापनाकालदेखि नै माग गर्दै आएको श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समेट्नुपर्ने माग सरकारले सम्बोधन गरेको छ।

संघको सुनौला २० वर्षकै उपलक्ष्यमा यसपटक गैरआवासीय नेपाली विश्व सम्मेलन एवं ११औं महाधिवेशन तथा विश्व ज्ञान सम्मेलनको आयोजना गरेको छ। यसै अवसरमा गैरआवासीय नेपाली संघले प्रकाशन गरेको यो स्मारिका एउटा पुस्तक मात्रै नभएर विदेशमा बस्ने नेपालीहरूको समग्र पक्षको अध्ययनका लागि उपयोगी दस्तावेज हो। गैरआवासीय नेपाली र उनीहरूका सरोकारबारे जानकारहरूको छुट्टाछुट्टै आलेखले आज मात्र होइन, भविष्यमा पनि गैरआवासीय नेपाली संघ, विदेशमा बस्ने नेपाली समुदाय, दोस्रो पुस्ताका गैरआवासीय नेपालीलगायत सम्बन्धमा अध्ययन अनुसन्धान गर्न चाहनेका लागि यो स्मारिका महत्वपूर्ण सावित हुनेछ।


अन्त्यमा, हाम्रो आग्रहलाई स्वीकारेर आलेखहरू उपलब्ध गराई दिनुहुने समस्त विज्ञ, अभियन्ता, सञ्चारकर्मी एवं अन्य व्यक्तित्वप्रति आभार व्यक्त गर्न चाहान्छौं। संस्थाका अग्रजहरूको अनुभव र नयाँ पुस्ताको ऊर्जालाई एकसाथ लिएर अघि बढ्न सके संस्था अझ बलियो बन्ने छ। दुई दशकान्तको अवसरमा गरिमामय इतिहास रच्न तपाईंहरूको योगदानको लागि कृतज्ञ छौं।
धन्यवाद।

**शिवकुमार बरुवाल**
**सोम सापकोटा**

**प्रवक्ता**

स्मृति विशेष


# 'परिचयपत्र होइन गैरआवासीयलाई नेपाली नागरिकता नै दिनुपर्छ भनेर हामीले संविधानमा व्यावस्था गरेका हौं'



सुरुमा एनआरएन परिचयपत्रको व्यवस्था गर्ने भन्ने मात्रै बहस थियो । यो परिचयपत्रको व्यवस्था गर्ने बेलामा पनि निकै ठूलो विवाद भएको हो । मैले सुरुवाती चरणदेखि नै गैरआवासीय नेपालीको पक्षमा रहेर काम गरेको हुँ । तर, पछि हामीले किन एनआरएन परिचयपत्रमा मात्रै सीमित रहने, गैरआवासीय नेपाली नागरिकताकै व्यवस्था गरौं भनेर एउटा नौलो र सकारात्मक व्यवस्था गरेका हौं ।

गैरआवासीय नेपाली संघले निरन्तर र साह्रै महत्वपूर्ण भूमिका निर्वाह गरेको छ भन्ने कुरामा दुईमत छैन । तपाईंहरु जहाँ जो भए पनि एकताबद्ध भएर नेपाल र नेपाली नागरिकको हितका लागि काम गर्नुस्, नेपाल र सम्बन्धित देशको बीचमा एउटा पुलको रुपमा रहनुस् ।

सुवासचन्द्र नेम्बाङ



संविधानसभाका अध्यक्ष सुवास नेम्बाङ गैरआवासीय नेपाली मुद्दा बुझेका थोरै नेपाली राजनेताहरुमध्ये एक थिए । नेपालको संविधानमा गैरआवासीय नेपाली नागरिकताको प्रावधान राख्न उनको प्रमुख भूमिका रह्यो । उनी गैरआवासीय नेपाली नागरिकताको बहस सुरु हुँदादेखिकै जानकार व्यक्तित्व थिए । संघको अघिल्लो १०औं महाधिवेशनका समयमा हामीले उनीसँग गरेको कुराकानीको सम्पादित अंशलाई उनको सम्मानस्वरुप यहाँ पनि समेटेका छौं ।

गैरआवासीय नेपालीले हासिल गरेको ज्ञान, सीप र अनुभव देशको विकासका लागि सदुयपोग गर्नुपर्छ भन्ने हाम्रो स्पष्ट धारणा हो । हाम्रा छिमेकी मुलुकहरूको पनि यही अनुभव छ। विशेषतः भारत र चीन दुवै देशको अनुभव पनि यस्तै देखिएको छ । गैरआवासीय नेपालीहरूलाई परिचयपत्र दिने भन्ने सुरुवाती चरणदेखि नै म यसमा सहभागी रहेको छु। हामी यस कुरामा निरन्तर लाग्यौं, र लाग्ने क्रममा, संविधानसभाले संविधान निर्माण गर्ने क्रममा, यो कुरालाई गम्भीरतापूर्वक लिएको थियो।

मलाई त्यति बेलाका ती घटनाक्रम स्मरण हुन्छन्, सुरुमा एनआरएन परिचयपत्रको व्यवस्था गर्ने भन्ने मात्रै बहस थियो। यो परिचयपत्रको व्यवस्था गर्ने बेलामा पनि निकै ठूलो विवाद भएको हो । मैले सुरुवाती चरणदेखि नै गैरआवासीय नेपालीको पक्षमा रहेर काम गरेको हुँ। तर, पछि हामीले किन एनआरएन परिचयपत्रमा मात्रै सीमित रहने, गैरआवासीय नेपाली नागरिकताकै व्यवस्था गरौं भनेर एउटा नौलो र सकारात्मक व्यवस्था गरेका हौं।

यो संविधानसभाले बनाएको संविधानको एउटा उपलब्धि भित्र पर्छ भन्ने हाम्रो मान्यता छ। यो कुरामा हामीले सिंगो देशलाई, सबै राजनीतिक दलहरूलाई एक ठाउँमा उभ्याउन सक्यौं । मलाई गर्व छ त्यो संविधानसभाको म अध्यक्ष थिएँ। मलाई राम्रो सम्झना छ, त्यतिबेला थोरै केही मत भने, एनआरएनहरूलाई किन तीनवटा मात्रै अधिकार दिने अन्य नागरिक सरह राजनीतिक पनि त्यसमै समेट्न किन नहुने ? भन्ने कोणबाट पनि केही विषय उठेका हुन्।

तर, अन्ततः धेरै छलफलपछि स्वयं गैरआवासीय नेपाली प्रतिनिधिहरू पनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको नागरिकताका लागि तयार भएपछि हामी त्यो निष्कर्षमा पुगेका हौं । त्यसैले अहिले अन्य कुराहरू उठाइरहँदा हामीले त्यो पृष्ठभूमिलाई पनि ध्यानमा राख्नुपर्छ। अर्कोतर्फ जहाँसम्म अधिकार प्राप्तिको कुरा छ, त्यो त क्रमैसँग उठाउँदै जाने कुरा हो, अहिले नागरिकताको कुरामा उपलब्धि हासिल भएको छ, आगामी दिनहरूमा अझै

अरू उपलब्धिसम्म पुग्न सक्ने आधारहरू छन्।

त्यसैले प्राप्त उपलब्धिहरूलाई ग्रहण गर्दै, रक्षा गर्दै थप उपलब्धि केही छन् भने त्यसका लागि निरन्तर संघर्ष गर्दै अघि बढ्नु नै बुद्धिमानी हुन्छ। जो जहाँ पुग्नुभएको छ, उहाँहरूलाई कुनै विवादबिना नागरिकता प्राप्त हुन्छ त्यसमा कुनै दुईमत छैन। जुन महत्वपूर्ण भूमिका गैरआवासीय नेपालीहरूले नेपाल र नेपाली जनताको हितमा खेल्न सक्छन् त्यो कुरालाई ध्यानमा राखेर परिचयपत्र होइन गैरआवासीय नेपाली नागरिकता नै दिनुपर्छ भनेर हामीले संविधानमा व्यवस्था गरेका हौं।


गैरआवासीय नेपाली नागरिकतासम्बन्धी संविधानको व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न कानुन निर्माणको आवश्यकता थियो, त्यसमा संविधान घोषणापश्चात् लाग्ने काम भयो र अहिले सरकारले नागरिकतासम्बन्धी विधेयक बनाएर संसद्मा प्रस्तुत गर्दा त्यो विधेयकमार्फत यो विषयले पनि संसद्मा प्रवेश पाएको छ र संसद्मा हाल विचाराधीन छ, अथवा भनौं झन्डै-झन्डै टुंगोमा पुगेको अवस्था छ।

विधेयकमा नागरिकतासम्बन्धी अन्य केही विवादहरू छन् र स्वाभाविक रूपमा यस्ता विवाद हुन्छन् पनि। ती विवादलाई टुंग्याउन संसदीय समिति निरन्तर छलफलमा छ। राजनीतिक दलहरू पनि छलफलमा छन्। त्यसमा अब केही समय अरू लाग्ला, तर गैरआवासीय नेपाली नागरिकतासम्बन्धी विषय भने विवादमा छैन। नेपालको संविधान २०७२ मा गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने भन्ने उल्लेख छ। जसअन्तर्गत विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको बाजे वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, वा बज्यै नेपालको नागरिक रहीपछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानुनबमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने स्पष्ट व्यवस्था गरिएको छ।

यसर्थ अरू नेपाली नागरिक सरहकै अधिकार प्राप्त हुने जुन संविधानको व्यवस्था गरेका छौं त्यसलाई कार्यान्वयन गर्ने ढंगले हामीले कानुनमा पनि व्यवस्था गरेका छौं। त्यसैले यो विधेयक अहिले प्रतिनिधिसभाको राज्य व्यवस्था समितिमा छ। अब आउने अधिवेशनमा यो अगाडि बढ्छ र पारित हुन्छ। त्यसो हुँदा यो क्षेत्रमा धेरै महत्वपूर्ण उपलब्धि हासिल हुन्छ।

मलाई के लागिरहेको छभन्दा गैरआवासीय नेपालीहरू नेपाल बाहिर विदेशमा दुःख गरेर काम गरिरहेका छन्। जुन-जुन ठाउँमा उहाँहरू हुनुहुन्छ एकताबद्ध भएर कुनै पनि नाममा विभाजित नभइकन देश र जनताको हितमा काम गर्न सक्नुहोस् भन्ने हाम्रो सदासर्वदा शुभकामना छ। गैरआवासीय नेपाली संघसँग हामी निरन्तर सम्पर्कमा छौं, गैरआवासीय नेपालीहरूका प्रतिनिधिसँग मेरो निरन्तर यसबारेमा छलफल पनि भइरहेको छ र यसैको आधारमा हामी टुंगोमा पुग्ने क्रममा छौं। गैरआवासीय नेपाली संघले निरन्तर र साह्रै महत्वपूर्ण भूमिका निर्वाह गरेको छ भन्ने कुरामा दुईमत छैन। तपाईंहरू जहाँ जो भए पनि एकताबद्ध भएर नेपाल र नेपाली नागरिकको हितका लागि काम गर्नुस्, नेपाल र सम्बन्धित देशको बीचमा एउटा पुलको रूपमा रहनुस्।

तपाईंहरू भनेको नेपालको र हाल बसोबास गरिहेको देशमा हाम्रो प्रतिनिधि नै हो र त्यहीअनुसार काम गर्नुस्। तपाईंहरूले जुन क्षमता आर्जन गर्नुहुन्छ, जुन अनुभव हासिल गर्नुहुन्छ, त्यसलाई देश र जनताको हितका लागि प्रयोग गर्न सक्नुपर्छ। आफू बसेको देशमा सबै ढंगले नेपालको प्रचार गर्ने, नेपालको तर्फबाट कुराहरू राख्ने लगायतका सम्पूर्ण कुराहरूमा प्रतिनिधिकै रूपमा भूमिका निर्वाह गर्नुपर्छ। वास्तवमा गैरआवासीय नेपालीहरू सबै हिसाबले अघि बढ्दा हामी खुसी हुन्छौं किनभने अन्ततः त्यो देशकै हितको रूपमा हुन्छ भन्ने हाम्रो विश्वास छ। देशमा समृद्धि भित्र्याउने जुन महान कर्ममा सम्पूर्ण गैरआवासीय नेपाली महानुभावलाई हार्दिक स्वागत र शुभकामना छ।



# राजनीतिक अधिकार पनि विस्तारै गाँस्ने नै हो

तस्बिर, अनलाइन खबर डट कम

- परिचयपत्रको ढोका साँघुरो हुँदै गएपछि गैरआवासीय नेपालीले हामीलाई नागरिकता नै चाहिन्छ भन्न थाले ।
- उनीहरूको माटोसँगै सम्बन्ध टुट्ने भयो । यसले गर्दा पनि गैर आवासीय नागरिकताको थप महसुस भयो ।
- संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्बाङ, रमेश लेखक, खिमलाल देवकोटा, मलगायत व्यक्तिहरू गैरआवासीय नेपालीले नागरिकता प्राप्त गर्नुपर्छ भन्ने पक्षमा थियौं ।
- गैरआवासीय नागरिकता कहिलेसम्म, कति पुस्तालाई दिने भन्ने प्रश्न आयो । हाललाई नेपाली नागरिकको तीन पुस्तालाई दिने, राजनीतिक अधिकारबाहेक सबै अधिकार दिने भन्ने भयो । यो विषयमा हामीले सबैलाई सहमत बनायौं ।
- पहिलो संविधानसभामै हामीले यसको माहोल बनाइसकेका थियौं ।
- २०४६ सालको आन्दोलनपछि पासपोर्टको खुलापनले नेपालीलाई पखेटा लगायो । विदेशमा काम गरिरहेका धेरै छन् । अहिले धेरैले नागरिकता लिएका छन् । नागरिकता नलिई पनि काम गरेका छन् । उनीहरूको नेपालले संरक्षण गर्नुपर्छ ।
- अहिले नै आत्तिने होइन । संविधानले दिएको हकलाई ऐनले स्थापित गरेको छ । सर्तको पालना गर्दै जुन सर्तले गाह्रो पार्छ त्यसलाई संशोधन गर्दै जानुपर्छ ।

**गैरआवासीय नेपालीलाई नागरिकतासम्बन्धी ऐन बनाउने लबिइङमा लामो समय लाग्नेमा तपाईं पनि पर्नुहुन्छ, पहिला गैरआवासीय नेपालीको पृष्ठभूमिबारे स्पष्ट पारिदिनुहुन्थ्यो कि ?**

गैरआवासीय नेपालीको इतिहास धेरै लामो छैन । छोटो समयमा यसले धेरै फड्को मारेको छ । २०४६ सालको आन्दोलनले नेपालीलाई पँखेटा दियो । त्यसभन्दा पहिला नेपाली पासपोर्ट लिएर विदेश जानै गाह्रो थियो । पहिला पासपोर्ट लिने काम नै कठिन थियो। केही विद्यार्थी पढ्न जान्थे। भ्रमण गर्न जाने व्यक्तिको संख्या सीमित थियो। उच्च वर्गका, त्यसमा पनि सीमित मात्रामा मात्रै जाने अवसर पाउँथे। औषधी गर्न पनि प्रायः भारत मात्रै जान्थे। अहिले तेस्रो मुलुकमा औषधी गर्न जान सजिलो छ। यसअघि त्यस्तो प्रचलन थिएनभन्दा हुन्छ । त्यसबेला अपवादमा कोही-कोही जाने गर्थे । अहिले त उपचार गर्न पनि अमेरिकासम्म जानेहरू धेरै हुन्छन्। भन्नुपर्दा त्यतिबेला पासपोर्ट नै 'रेस्ट्रिक्टेट' जस्तै थियो। मेरो व्यक्तिगत अनुभवमा पासपोर्ट लिन पुलिस रिपोर्ट लगायतको आवश्यकता पर्थ्यो।

**२०४६ पछि मात्रै हो पासपोर्ट सहज भएको ?**

हो, २०४६ सालको परिवर्तनले पासपोर्ट खुला गऱ्यो। नयाँ राहदानी ऐन आएको धेरै भएको छैन। तर, पुरानै कानुन भए पनि राजनीतिक नेतृत्वको एउटा निर्णय सहज हुँदा पासपोर्टमा खुलापन आयो। मुख्यतः दुई कारणले नेपाली विदेश जाने माहोल बन्यो। एक त मैले भनी हाले, पासपोर्टको खुलापन। अर्को, विश्व व्यापार संगठनमार्फत उदारीकरणले विश्वमा खुलापन आयो। विश्वभर मान्छे चाहियो। कैयौं मुलुकमा कामदार चाहियो। पढ्न जान पनि सजिलो भयो। योग्यताअनुसार विदेशमा रोजगारको अवसर पनि धमाधाम आउन थाल्यो। २०४७ सालमा गरेको एउटा बोल्ड निर्णयले प्रशस्त नेपाली बिदेसिन थाले। सुरुवातमा हजारौं गए होलान्, अहिले त लाखौं गएका छन्। पासपोर्ट सहज हुनेबित्तिकै नेपाली विश्वभर जान थाले। अहिले नेपाली नभएको विश्वमा देश नै नहोला।

**गैरआवासीय नेपाली संगठित कसरी हुनु थाले र कहिलेदेखि अधिकारका लागि उठे ?**

खुलापनसँगै नेपालीको बिदेसिने संख्या बढ्यो । उनीहरूलाई संगठित हुनुपर्ने अवस्था पनि आउन थाल्यो। विशेषतः रुसमा बस्ने गैरआवासीय नेपालीले संगठित हुने प्रयास थाले। त्यसको नेतृत्व उपेन्द्र महतोले गर्नुभयो। महतो, जीवा लामाछिनेलगायत रुसमा बस्ने नेपालीले संघ खोल्नुपर्छ भन्ने महसुस गरे। यदि संगठित नभएमा भविष्यमा गएर अठ्यारो पर्छ भने उहाँहरूले सोच्नुभयो। त्यो सोच तविश्वभर नै थियो होलातर सुरुवातमा नेतृत्व महतोले गर्नुभयो। उहाँ विश्वका धेरै देश घुम्नुभयो। धेरैलाई जगाउनुभयो, उठाउनु भयो। उहाँको पहल, प्रयासमा गैरआवासीय नेपाली संगठन(एनआरएनए) स्थापना भयो। एनआरएनए गठनमा उपेन्द्रजी धेरै मेहनत गर्नुभयो। गैरआवासीय नेपालीलाई संगठित गराउने कामको पहिलो श्रेय उहाँलाई जान्छ। उहाँ एनआरएनएको संस्थापक अध्यक्ष पनि हुनुभयो। एनआरएनलाई व्यवस्थित रूपमा अघि बढाउन पनि उहाँको महत्वपूर्ण भूमिका छ। आज पनि एनआरएनए यो अवस्था आउनुमा उहाँकै मुख्य योगदान होभन्दा फरक पर्दैन। त्यो योगदान र भूमिकालाई स्वीकार गरेर उहाँलाई संस्थापक अध्यक्षको हैसियत प्राप्त छ। अहिले पनि उहाँ गैरआवासीय नेपालीका लागि आदर्श हुनुहुन्छ।

**नेपालमा बसेर कानुनी र नीतिगत ढंगले एनआरएनएलाई हेर्नुभएको नाताले गैरआवासीय नेपालीलाई नेपाली नागरिकताको आवश्यकता बोध कहिले भएको थाहा पाउनुभयो ? के हो खास यसको पृष्ठभूमि ?**

तीन दशकदेखि आएको खुलापनले विदेशमा बस्ने नेपालीको संख्या बढ्यो। उनीहरूलाई एनआरएनए गठन गरेर संगठित गरियो। संगठित भएसँगै सुविधाको विषयमा कुरा उठ्न थाले। नेपाल सरकारको सुविधा लिने दिने कुरामा उनीहरूले वार्षिकोत्सव लगायतका जमघटमा आवाज उठाउन थाले। उनीहरूले परिचयपत्र हुँदै नागरिकताको माग गर्न थाले। सुरुवाती चरण भएकाले नागरिकताभन्दा परिचयपत्रमा उनीहरूको ध्यान गएको देखिन्छ।

विदेश गएको बेला राजनीतिक नेताहरूमा धेरै मुलुकमा दबाब पऱ्यो। चौतर्फी दबाबपछि उनीहरूको माग सम्बोधन गर्न भनेर गैरआवासीय नेपालीसम्बन्धी व्यवस्था गर्न बनेको ऐन बन्यो। ऐनले केही कुरा खुला गऱ्यो। ऐनले गैरआवासीय नेपालीलाई मान्यता प्रदान गऱ्यो। त्यसले

# लोकतन्त्रको देन :
## गैरआवासीय नेपाली नागरिकता

नेपालको इतिहासमा विदेश जाने प्रचलन आएको धेरै भएको छैन । गैरआवासीय नेपालीको इतिहास धेरै लामो छैन । राणा शासन हुँदै पञ्चायती व्यवस्थासम्ममा सर्वसाधारणलाई त्यो उन्मुक्ति थिएन । २०४६ सालमा प्रजातन्त्र पुर्नस्थापना भई बहुदलिय व्यवस्था आएपछि मात्रै उनीहरूको विदेश जाने बाटो खुलेको हो ।

पञ्चायतकालसम्म आम नागरिकलाई राहदानी पाउनै कठिन थियो । विदेश जानेसमेत अति सिमित थिए । केही विद्यार्थी पढ्न जान्थे । भ्रमण गर्न जाने व्यक्तिको संख्या सीमित थियो । उच्च वर्गका, त्यो पनि सीमित मात्रामा मात्रै जाने अवसर पाउँथे । औषधी गर्न पनि प्रायः भारत मात्रै जान्थे । अहिले तेस्रो मुलुकका औषधी गर्न जान सजिलो छ ।
राहदानी दिन धेरै झन्झट भएको गैरआवासीय नेपालीका विषयमा वकालत गरिरहेका संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी बताउँछन् । उनी भन्छन्, 'मेरो अनुभवमा पासपोर्ट लिन पुलिस रिपोर्ट लगायतको आवश्यकता पर्थ्यो ।'

हालै नागरिकता ऐन आएपछि नेपालको इतिहासमै पहिलो पटक गैरआवासीय नेपाली (एनआरएन) हरुका लागि गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने बाटो खुला भएको छ । २०४६ पछि ३३-३४ वर्षको अन्तरालमा गैरआवासीय नेपाली संघर्षबाट यो अधिकार प्राप्त भएको हो । नेपालको संविधानको धारा १४ ले गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने व्यवस्था गरेको छ । संविधानले गरेको व्यवस्थाअनुसार नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ मार्फत कार्यान्वयनको बाटो खुलेको छ । यो ऐनको दफा ४ मा गैरआवासिय नेपाली नागरिकता पाउन सक्ने व्यवस्था छ । यसको नियमावली पनि बनिसकेको छ ।

नेपालको नागरिकता नियमवाली (तेस्रो सम्बोधन), २०८० को नियम (८) (क) मा गैरआवासीय नेपाली नागरिकता प्राप्तीको कार्यविधि तय गरिएको छ । त्यसअनुसार गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेको व्यक्तिले तोकिएको कागजात पेस गर्नुपर्ने हुन्छ ।

त्यसका लागि नेपाली नागरिकताका आधारमा जारी भएको जिल्लाको प्रमुख जिल्ला अधिकारी वा आफूले नागरिकता पाएको मुलुकस्थित वा त्यस्तो मुलुक समेत हेर्ने कार्यक्षेत्र तोकिएको नेपाली राजदूतावास वा महावाणिज्य दूतावासमा निवेदन दिन सकिनेछ । कतिपयले यो व्यवस्थालाई लचिलो भनेका छन् भने कतिपयले अझै लचिलो हुनु पर्ने भन्दै आएका छन् ।

गैरआवासीय नागरिकका लागि प्राप्त यो उपलब्धिलाई मुलुकमा भएका पछिल्ला दुई परिवर्तनको देन मान्न सकिन्छ । २०४६ सालको परिवर्तन र २०६२/६३सालको जनआन्दोलनले नै आज गैरआवासीय नेपालीले नागरिकता पाउने अवस्था आएको भन्दा फरक पर्दैन ।

एकथरि अतिवादीको कडा विरोधबीच संविधान सभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ, सदस्यहरु राधेश्याम अधिकरारी, रमेश लेखक, खिमलाल देवकोटा लगायतको पहलमा नयाँ संविधान २०७२ मा गैर आवासीय नेपाली नागरिकताको व्यवस्था गरियो । संविधान बनेको ८ वर्षपछि नागरिकता संम्बन्धि ऐन आयो । जसमा संविधानको स्प्रिट अनुसार नै गैर आवासिय नेपाली नागरिकता पाउन सक्ने व्यवस्था भयो ।

उनीहरूलाई केही अधिकार पनि दियो । दक्षिण एसियाली मुलुक(सार्क क्षेत्र) भन्दा बाहिरी मुलुकमा बसेकालाई परिचयपत्र दिने व्यवस्था गरियो । परिचयपत्र लिएपछि भिसाको आवश्यकता नपर्ने भयो । विदेशको नागरिकता लिएका भए पनि उनीहरूले नेपालमा केही सम्पत्ति राख्न पाउने भए । यो ऐनले अचल सम्पत्ति राख्न पाउने ढोका खोलिदियो । घडेरी किन्न बाटो खोलिदियो, कारोबार गर्न सजिलो भयो । साँघुरो भए पनि बाटो खुल्यो । यो गैरआवासीय नेपालीका लागि पहिलो खुट्किला बन्यो ।

## के परिचयपछि नागरिकताको आवश्यकताको महसुस गरिएको हो ?

परिचयपत्रकै जगमा उनीहरूले के प्रयत्न गर्न थाले भने अब परिचयपत्रले मात्र पुगेन । हामी स्वदेशका र विदेश बस्ने नेपालीबीच सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक रूपमा जोडिन चाहन्छौं । हाम्रो सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक अधिकारको संरक्षण हुनुपर्‍यो। हाम्रो जरो नेपाल नै हो भनेर उनीहरूले भन्न थाले।

परिचयपत्रको ढोका साँघुरो भएको महसुस हुन थाल्यो । अब उनीहरू हामीलाई गैरआवासीय नागरिकता नै चाहिन्छ भन्न थाले । एक पटकको नेपाली सधैंको नेपाली हो भन्ने आवाज उठ्न थाल्यो । विश्वमा पनि दोहोरो नागरिकता लिने प्रचलन बढ्न थालिसकेको थियो । युरोप, अमेरिकामा त्यो विस्तार हुन थाल्यो । विश्वका धेरै देशमा दोहारो नागरिकता दिने काम हुन थाल्यो । युरोपियन युनियन नै एउटै भयो । विश्वव्यापी नागरिकताको अवधारणा विकास भयो ।

दक्षिण एसियामा भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश सबै गैरआवासीय नागरिकता दिनतर्फ उन्मुख भए । उनीहरूले सार्कभन्दा बाहेकलाई गैरआवासीय नागरिकताको व्यवस्था गरे । यस पृष्ठभूमिमा एकातिर गैरआवासीय नेपालीको माग पनि बढ्दै गयो । दबाब पनि बढ्दै गयो । नेपालमा बस्ने राजनीतिक नेताले उनीहरूको माग स्वीकार गर्नुपर्ने अवस्था आउन थाल्यो । त्यही बेला बेलायतमा पूर्वगोरखा सैनिक र तीनका परिवारलाई नागरिकतामा सहज पहुँचको व्यवस्था गर्‍यो । यो सानो संख्यामा थिएन । बेलायतको नागरिकता प्राप्त भएपछि उनीहरूमा समस्या भयो । अब नेपालको सम्पत्ति के गर्ने भन्ने भयो ।

धेरैले आत्तिएर सस्तोमा घर जग्गा बेच्न थाले । धमाधाम नेपालको सम्पत्ति बेच्न थालेपछि त्यसतर्फ ध्यानाकर्षण हुन थाल्यो ।

यहाँको अचल सम्पत्ति, पैसा, नगद बेलायत लग्न थालेपछि नेपाल र नेपालीलाई लाभभन्दा हानी भयो । एक त उनीहरूसँग हाम्रो सम्बन्ध नै टुट्ने भयो । भाइचारा नै समाप्त हुने भयो । हाम्रो सबै सम्पत्ति बिदेसिने भयो । भइरहेको सम्पत्ति जाने भयो । अब यो विषयमा केही नगरी हुन्न भन्ने महसुस भयो ।

हुन त मुलुकी ऐनको अदलको महलले नेपाली हुँदा आर्जेको अंश, वकस पाएका सम्पत्तिको सुनिश्चितता गरेकै थियो । विदेशको नागरिकता लिएकै कारण यी कुरामा रोक लगाइएको थिएन । नेपाली हुँदाको अंश, वकस, पाएको सम्पत्तिको विषयमा पुरानो अदलको महलमा भोग गर्न नपाउने तर बेच्न पाउने व्यवस्था थियो । यो व्यवस्थाले डराउनु पर्ने अवस्था थिएन तर पनि उनीहरूके के हुन्छ-हुन्छ भनेर डराए । एक सरोले बेचे । धरान, पोखरा लगायतमा ब्रिटिस गोरखा सैनिकले धामाधम अचल सम्पत्ति बेची बिदेसिनु भनेको देशको आर्थिक क्षेत्रमा प्रतिकूल प्रभाव पर्ने कुरा भयो । उनीहरूले थातथलो नै बिर्सिने भए । मुलुकलाई नोक्सान हुने भयो । उनीहरूको माटोसँगै सम्बन्ध टुट्ने भयो । यसले गर्दा पनि गैर आवासीय नागरिकताको थप महसुस भयो ।

## संविधानमै गैरआवासीय नागरिकताको विषयमा कसरी प्रवेश पायो ?

गैरआवासीय नागरिकताको विषयमा बहस भइरहेको थियो । त्यही बेला नेपालमा ठूलो परिवर्तन भयो । संविधानसभाबाट संविधान बनाउने कुरा आयो । नयाँ संविधानमा त्यो व्यवस्था गर्ने भन्ने दबाब पर्‍यो ।


एनआरएनए संगठीत भएर आए । संविधानसभामै उनीहरूले दबाब बढाए । दक्षिण एसियाका भुटानबाहेक अरू देशमा पनि यो व्यवस्था भइसक्यो । हामी मात्रै अलग-अलग पर्ने अवस्था आयो । सबै नेपालीलाई एक ठाउँमा राख्नुपर्छ भन्ने यहाँ पनि राजनीतिक रूपमा आवाज उठ्न थाल्यो ।

## तपाईंहरूचाहिँ यो अभियानमा कसरी जोडिनुभयो ?

हामी संविधानसभा सदस्य थियौं । संविधानमा गैरआवासीय नेपालीको कसरी समेट्ने भन्ने बहस चलिरहेको थियो। हामी जस्ता मान्छे जो विषयमा अध्ययन गरिरहेका थियौं, उनीहरूको मागको विषयमा हाम्रो पनि चासो थियो। हामीलाई पनि यो विषयमा केही गर्नै पर्छ भन्ने महसुस भयो। यसमा पनि संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्बाङ, रमेश लेखक, खिमलाल देवकोटा, मलगायत व्यक्तिहरू गैरआवासीय नेपालीले नागरिकता प्राप्त गर्नुपर्छ भन्ने पक्षमा थियौं । त्यसबेला संविधानसभामा गैरआवासीय नेपालीलाई नागरिकता दिने नदिने सवालमा जबरजस्त दुई विचार आयो।

## दुई विचार भन्नाले ?

एउटा थरीको गैरआवासीय नागरिकले देश माया मारेर गइसके। उनीहरूलाई किन नेपाली नागरिकता दिने, त्यो गलत हो, उनीहरूलाई नागरिकता दिनै हुन्न भन्ने कटरपन्थी विचार आयो । त्यहाँ अर्को विचार पनि जबरजस्त नै थियो। हामी जस्ता सदस्यहरू उनीहरूसँग सम्बन्ध स्थापित गर्न नागरिकता दिनुपर्छ भन्नेहरू पनि संविधानसभामा थियौं। नागरिकता दिने त दिने तर कुन हदसम्म दिने भन्नेमा हामी अलि अलमलमा भयौं । बेलायतमा बस्नेहरूले भने पटक-पटक यो दुई किसिमको नागरिकता नै होइन । हामी नेपाली नागरिक नै हौं । नेपाल-भारत र बेलायतको त्रिपक्षीय सम्झौताले बेलायतको नागरिकता लिन पाएका मात्रै हौं । हामीले नागरिकता लिने होइन, हामीले नेपाली नागरिकता त्यागेकै छैनौं भनिरहेका थिए । तर, हाम्रो नागरिकता ऐनमा त विदेशी नागरिकता लिनेबित्तिकै सकिन्छ भन्ने व्यवस्था थियो। बेलायतमा रहेका नेपालीको यो दृष्टिकोण सूर्य सुवेदी (प्राध्यापक, एवं कानुनविद्)ले भरथेक गर्दै विषय प्रस्तुत गर्नु भएको मलाई सम्झना छ।



४. **मूल ऐनमा दफा ७क. थप:** मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-

"७क. **गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने:** (१) विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको र साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गैर आवासीय नेपाली नागरिकता लिन चाहने व्यक्तिले देहायका कागजात संलग्न राखी तोकिएको

४

अधिकारी समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ:-

(क) निवेदन दिने व्यक्ति वा निजको बाबु वा आमा, बाजे वा बज्यै साबिकमा नेपालको नागरिक रहेको प्रमाण,

(ख) सम्बन्धित व्यक्तिले साबिकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण,

(ग) विदेशी मुलुकको नागरिकता भएको प्रमाण,

(घ) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्य राष्ट्रबाहेकको देशमा बसोबास गरेको प्रमाण,

(ङ) नेपालको संविधान र कानूनको परिपालना गर्ने प्रतिबद्धतापत्र ।

(६) यस दफा बमोजिम गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले झुट्ठो विवरण दिई त्यस्तो नागरिकता प्राप्त गरेमा वा निजले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्र हित विपरीत कार्य गरेको ठहरेमा नेपाल सरकारले त्यस्तो व्यक्तिले प्राप्त गरेको गैर आवासीय नेपाली नागरिकता रद्द गर्नेछ ।"

यहाँ परिस्थिति के थियो भने सुवासजी, म लगायत हामीलाई राजनीतिक अधिकार बाहेकमा मनाउन सकिन्छ तर राजनीतिक अधिकारको विषयमा भने गर्न सकिँदैन भन्ने थियो। सबै अधिकार दिन सकिँदैन भन्ने थियो। केही व्यक्ति त नागरिकता नै दिनै हुन्न भन्नेमा थिए। विदेशमा जाने, अनि नेपालमा पनि दोहोरो लाभ पनि लिने भन्दै उनीहरूले आपत्ति जनाइरहेका थिए। यसो गरिएन भने विदेशमा जाने नेपालीसँगको नेपालको सम्बन्धले 'कट अफ' हुन्छ भन्नेमा हामी थियौं। उनीहरूसँग विज्ञता छ। चाहे प्रविधिमा होस्, ज्ञानमा होस् वा आर्थिक रूपमा होस्,

त्यसको भरपुर प्रयोग गर्नुपर्छ भन्नेमा हामी थियौं।

सामाजिक, आर्थिक, सांस्कृतिक, शिक्षा, स्वास्थ्यलगायत हरेक विषयमा नेपालसँग उनीहरूलाई जोड्नु जरुरी छ भन्नेमा संविधानसभा अध्यक्ष नेम्बाङसहित हामी लागि परेका थियौं । राजनीतिक अधिकारको विषय भविष्यका लागि थाति राख्दा हुन्छ भनी गैरआवासीय नेपाली अभियन्ताहरूलाई सम्झाउने कोसिस गरियो भने संविधानसभा भित्र पनि नेतादेखि सबै सदस्यबीच विश्वासको वातावरण बनाउने प्रयन्न गरियो।

त्यसपछि गैरआवासीय नागरिकता कहिलेसम्म, कति पुस्तालाई दिने भन्ने प्रश्न आयो । हाललाई नेपाली नागरिकको तीन पुस्तालाई दिने, राजनीतिक अधिकारबाहेक सबै अधिकार दिने भन्ने भयो। यो विषयमा हामीले सबैलाई सहमत बनायौं।

तर, यसलाई कसरी संविधानमा लेख्ने भन्ने विषयमा समस्या आयो । यसमा संविधानसभामा संविधान लेख्ने बेला ठूलो मतविभाजन भयो। राजनीतिक अधिकारबाहेक लेखौं भन्नेमा सहमति भयो। तर, यही ठाडो रूपमा लेख्दा राम्रो नदेखिने हामीलाई लाग्यो । हामी भने सराकात्मक रूपमा लेखौं भन्ने पक्षमा थियौं। नकारात्मक रूपमा किन लेख्ने भन्ने हाम्रो धारणा रह्यो । विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानुनबमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिनेछ भनेर लेख्यौं। जे अधिकार दिने हो त्यो लेखौं। संघीय कानुनबमोजिम बनाउने भन्ने छ । राजनीतिक अधिकारबाहेक लेख्दा गैरआवासीय नेपाललाई चोट पुग्छ। उद्देश्य पूरा गर्न यति लेखे हुन्छ भन्ने हाम्रो रायअनुसार लेखियो। पहिलो संविधानसभामा नै हामीले यसको माहोल बनाइसकेका थियौं।

एउटा बैठकमा मैले नै गैरआवासीय नेपालीको बैठकमा स्पष्ट रूपमा माग त गर्नु होस्, माग गरेजति सबै पुग्छ भन्ने छैन । पहिला परिचयपत्रको ढोका खोलेकाले नागरिकता पाउने हुनुभएको छ । राजनीतिक अधिकारसमेत माग्नु भयो भने त्यो नहुन सक्छ भनेर सीधा-सीधा भनेको सम्झन्छु। बरु पर्खिनु भयो भने अर्को चरणमा पछि त त्यो पनि हुन सक्छ।

अहिले त संविधानसभाको बनोट यस्तो छ। कट्टरपन्थीले गैरआवासीयलाई नागरिकता नै दिन हुन्न भनिरहेका छन्। स्पष्ट हुनुहोस्, कन्जुस्याइँ गर्नु पर्ने कारण छैन । राजनीतिक अधिकार भन्नुभयो यो पनि पास हुन गाह्रो छ। मलाई खुसी छ कि एनआरएनएका 'मेनस्ट्रिम' हाम्रो विचारमा राजी हुनुभयो । कोही त यहाँ पनि विरोध गर्दै थिए। मुख्य कुरा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार नै हो । यो राखौं भन्नेमा उहाँहरू सहमत हुनुभयो । दुवै थरीको मन मिल्यो। यसरी यो राख्न सफल भएको हो।

**उनीहरूलाई नागरिकता दिँदा हुने फाइदा के-के हुन् ?**

हो, यसको परिणाम के भन्ने विषयम हत्वपूर्ण छ। पहिलो त गैरआवासीय नेपालीप्रति नेपालका मान्छेलाई विश्वस्त पार्न सकियो । नेपालमा यो बेलासम्म उनीहरू प्रतिविश्वास नै थिएन।

यिनीहरू आउने जाने गर्छन् गफ मात्रै गर्छन् भन्ने थियो। एनआरएनएले नेपालमा हाइड्रोपावर, बैंकिङ क्षेत्र र पयर्टनमा लगानी सुरु गरे। शेष घलेले पाँचतारे होटल नै होल्नुभयो । उपेन्द्र महतोको मेडिसिटी अस्पताल नै छ। उहाँको सञ्चारलगायतका क्षेत्रमा पनि लगानी छ। एक जना दुई जनाको मात्रै होइन। धेरैले नेपालमा लगानी गर्न थाले।

पछिल्लो समयमा सामूहिक रूपमा लगानी आएको छ। सानिमा बैंक खोलिएको छ । एनआरएनले पुँजी ल्याउन सक्ने रहेछन्। आर्थिक रूपमा पनि नेपाललाई टेको दिन सक्ने रहेछन् भन्ने भयो। सामाजिक रूपमा पनि बिहाबारी गर्न सहज भइरहेको छ। सांस्कृति रूपमा जोडिएका छन्। सयौं मुलुकमा नेपाली छन्। जहाँ गए पनि नेपाली पाइन्छ। २०४६ सालको आन्दोलनपछि पासपोर्टको खुलापनले नेपालीलाई पखेटा लगायो। विदेशमा काम गरिरहेका धेरै छन्। अहिले धेरैले नागरिकता लिएका छन्। नागरिकता नलिई पनि काम गरेका छन्। उनीहरूको नेपालले संरक्षण गर्नुपर्छ। उनीहरूको विज्ञताको उपयोग गर्नुपर्छ। लगानी भित्र्याउनुपर्छ । मूल कुरा सांस्कृतिक, सामाजिक

सम्बन्धलाई निरन्तर गाँस्नुपर्छ।

**गैरआवासीय नेपाली दुई थरी छन् नि, होइन ?**

हो, एनआरएन दुई थरी छन् । जसले विदेशी नागरिकता लिइसकेका छन् । र नेपाली नागरिक जसले विदेशी नागरिकता लिएका छैनन् तर उनीहरू गैरआवासीय नेपालीका रूपमा विदेशमा छन् । उनीहरूलाई छुट्टयाउनुपर्छ । दुवैले उनीहरूले आर्जन गरेको सम्पत्ति, सीप, नवप्रवर्तन नेपाल भित्र्याउन चाहे भने सहजीकरण गरिदिनुपर्छ । उनीहरूको विज्ञता, लगानी भित्र्याउने कि न भित्र्याउने भन्ने प्रश्न आयो । यसको समाधान गर्न पहिलो ऐन यसरी ल्याइएको हो । त्यसैले गैरआवासीय नेपाली जसले विदेशको नागरिकता लिएका छैनन् अर्थात विदेशको नागरिकता नभएकाले दोहोरो नागरिकता लिनुपर्दैन । उनीहरूको लगानी र अरू किसिमिको सुरक्षा कसले हेर्छ ? त्यो नेपालले नै हेर्नुपर्‍यो नि ! नागरिकता सम्बन्धमा नयाँ ऐन आए पनि साविकको त्यो ऐन खारेज गर्नु भएन । नेपाली नागरिक जो विदेशमा काम गरिरहेका छन् उनीहरूलाई जोड्ने गैरआवासीय नपालीको परिचयपत्र सम्बन्धी ऐन नै हो।

गैरआवासीय नेपालीका लागि नियमावली बनिरहेको छ । पहिलो प्रस्तावित व्यवस्थामा गृहसचिव मात्रैले दिने भनिएको थियो। प्रमाणित गर्ने आधार र सर्तहरू कडा थिए भन्ने सुनिएको थियो। तर, अहिले यो पनि लचिलो, खुकुलो बनाएको छ रे ! दिने भनेपछि सजिलो बनाउनुपर्छ, यसमा कुनै शंका उपशंका गर्नु हुँदैन। नियम कानुन बनाउँदा पनि थप सजिलो पार्न पछि पर्नु हुँदैन्।

ऐनले रोकेको छैन। ऐनले त संविधानकै भाषा बोलेको छ। संविधानको भाषालाई बल प्रयोग पुर्‍याउने हिसाबले नियमावली आएको जस्तो लाग्छ। प्रमुख जिल्ला अधिकारी वा जुन देशमा बसेको छ, त्यो देशको राजदूतावास वा महावाणिज्य राजदूतावासमार्फत निवेदन दिने व्यवस्था गरेको छ भन्ने सुन्न अएको छ। एक पटक नेपाली नागरिक भएमा गैरआवासीय नागरिकता पाउने व्यवस्था गरिएको छ। अब निकै सहज भएर आएको छ भन्ने सुनिन्छ। केही अफ्ठ्यारो पर्न गए नियमावलीलाई संशोधन गर्न पनि सकिन्छ। विदेशमा बस्ने नेपालीको हकमा परिचय पत्र छ। तर, यो परिचय पत्रसम्बन्धी ऐनलाई सच्याउनुपर्छ । विदेशमा बस्ने नेपाली नागरिकलाई गैरआवासीय नेपाली नागरिकलाई दिएको अधिकारभन्दा कम त दिनु भएन नि। जहाँ बाधा र अवरोध पर्छ। राम्रो अध्ययन गरेर सरकारलाई भनेर त्यहाँ नै सच्याउनुपर्छ । अहिले नै आत्तिने होइन । संविधानले दिएको हकलाई ऐनले स्थापित गरेको छ । सर्तको पालना गर्दै जुन सर्तले गाह्रो पार्छ त्यसलाई संशोधन गर्दै जानुपर्छ।

**यस विषयमा अन्त्यमा केही छ भने थप गरिदिनु हुन्छ कि ?**
यो विकासक्रमलाई सकारात्मक रूपमा लिनुपर्छ । सानो कुराबाट सुरु भयो । सानो झयाल हुँदै बाटो बनायौं । गैरआवासीय नेपालीको विषय धेरै अगाडि बढेको छ । फड्को नै मारेको छ। पासपोर्टमा खुलापन आएको तीन दशक त हुँदैछ नि ! यो बीचमा धेरै काम भएका छन् । खुलापनबाट जुन फाइदा उठाइएको छ यसलाईअझ बलियो बनाउने हो। जहाँ बसुन नेपाली, नेपालको माटो, नेपालसँग जरो गाड्ने कुरा प्रोत्साहित नै गर्नुपर्छ।

गैरआवासीय नेपालीको लागि सामाजिक, आर्थिक, सांस्कृतिक अधिकार त उपयोग गर्न सक्ने व्यवस्था भइसक्यो । अब भविष्यमा राजनीतिक अधिकार पनि विस्तारै गाँस्ने नै हो। प्राप्त गरेको उपलब्धिको रक्षा गर्दै अगाडि बढ्नु पर्छ भन्ने लाग्छ। गैरआवासीय नेपालीको भविष्य नेपालको परिवर्तित व्यवस्थाको कारण उज्ज्वल नै छ भन्ने व्यक्तिगत रूपमा सोच्छु र आउने दिनमा पनि यसको सफलताका लागि काम गर्ने प्रतिबद्धता जाहेर गर्दछु।



# 'विदेशका नेपालीलाई मताधिकार दिन कानुन छिटै ल्याउने पहलमा छौं'

**दिनेशकुमार थपलिया, प्रमुख निर्वाचन आयुक्त**

- अदालतको आदेशबमोजिमका कैयन् विषयहरू प्रचलित निर्वाचन कानुनमा नसमेटिएको अवस्था हुँदा नयाँ कानुन तर्जुमा गरेर नेपाल सरकार समक्ष प्रस्तुत गरिसकिएको छ।
- अदालतबाट भएको आदेश कार्यान्वयनका लागि कानुन बन्नु आवश्यक रहेकाले सार्वभौम संसद् समक्ष विधेयक दर्ता गर्न अब विलम्ब हुनुहुँदैन।
- मतदाता नामावलीको सन्दर्भमा आयोगले एउटा कार्यविधि बनाएर विदेशमा बस्ने नेपाली नागरिकलाई पहिलो चरणमा जहाँ-जहाँ हाम्रा कूटनीतिज्ञ नियोगहरू छन्, ती नियोगहरूमार्फत मतदाता नामावलीमा नाम दर्ता गरेर उहाँहरूको अधिकार सुनिश्चित गर्ने प्रक्रिया अगाडि बढाउने तयारी गरेको छ।
- सबै निर्वाचनमा मताधिकार सुनिश्चित गर्न कठिन हुने हुँदा प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणाली तर्फबाट यो कार्य प्रारम्भ गर्दा उपयुक्त हुन्छ भन्ने अध्ययन प्रतिवेदनको राय छ।
- नेपालीहरूको बसोबास रहेको सबै स्थानहरूमा मतदान केन्द्र राख्ने भन्ने हो भने हाल ८२ भन्दा बढी देशमा नेपालीहरूको बसोबास छ। के हामीसँग उपलब्ध स्रोतलेर वित्तीय दृष्टिले यो सम्भव छ त ? यसको उपयुक्त र व्यावहारिक समाधान खोज्नुपर्छ।
- संसारभर रहेका सबै नेपालीलाई आफू बसेकै ठाउँबाट मतदान गर्न दिने कुराको व्यावहारिक कार्यान्वयन विश्वसनीय अनलाइन प्रविधिबाट मतदान गर्ने प्रणालीबाट मात्र सम्भव छ। जुन तत्काल कार्यान्वयनमा ल्याउन सजिलो छैन।
- निर्वाचन व्यवस्थापनका सन्दर्भमा संसद्, सरकार र आयोग सबैको भूमिका आफ्नो आफ्नो स्थानमा उत्तिकै महत्वपूर्ण हुन्छ।
- आयोगबाट सबै देशमा मतपेटिका बोकेर जाने र बोकेर आउन सम्भव छैन। त्यसो गर्दा निर्वाचन खर्च एकदमै बढ्छ र यो प्रयास अभिसाप हुनसक्छ।

**सर्वोच्च अदालतले विदेशमा रहेका नेपाली नागरिकहरूलाई मताधिकार दिनू भनी २०७४ चैत ९ मा सरकार र निर्वाचन आयोगका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो। करिब ६ वर्ष बित्यो, त्यो आदेश पूरा भएन । आदेश पालना गर्नुपर्ने दायित्व रहेको आयोगको तर्फबाट यो ढिलाइबारे के भन्नुहुन्छ ?**

सम्मानित सर्वोच्च अदालतको मिति २०७४ चैत ९ को परमादेशयुक्त निर्देशनात्मक आदेश नेपाल सरकार, सम्बद्ध निकाय र निर्वाचन आयोगसमेतको नाममा जारी भएको हो। अदालतबाट आदेश जारी भएपछि निर्वाचन आयोगले तदारुकताका साथ के गर्न सकिन्छ भन्ने विषयमा गहन छलफल तथा अन्तर्राष्ट्रिय अभ्यास समेतको अध्ययन गरी प्रतिवेदन पेस गर्न आयुक्तको संयोजकत्वमा अध्ययन तथा सिफारिस समिति गठन गऱ्यो । सो समितिमा आयोगलगायत सरोकारवाला मन्त्रालय विशेष गरी अर्थ, परराष्ट्र, गृह र कानुन मन्त्रालयका सचिवहरूसमेत सदस्य रहनुभएको थियो। उक्त समितिले सम्मानित अदालतको आदेशबमोजिम गर्न सकिने कार्य तथा अवलम्बन गर्नुपर्ने रणनीति सहितको प्रतिवेदन आयोगमा पेस गऱ्यो । त्यसको आधारमा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समिति र राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा छलफल हुँदा सो प्रतिवेदनबमोजिम अगाडि बढ्न निर्देशन प्राप्त भयो । यस पृष्ठभूमिमा आयोगले नेपालको संविधान, सम्मानित अदालतको आदेश, निर्वाचन आयोगका आयुक्तको संयोजकत्वको समितिको प्रतिवेदन र निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा निर्वाचनको समग्र पक्षको सुधारका विषयसमेत समेटी एकीकृत निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदा गर्ने कार्य अगाडि बढाएको हो । सम्मानित अदालतको आदेशबमोजिमका कैयन् विषयहरू प्रचलित निर्वाचन कानुनमा नसमेटिएको अवस्था हुँदा नयाँ कानुन तर्जुमा गरेर नेपाल सरकार समक्ष प्रस्तुत गरिसकिएको छ। अब बाँकी प्रक्रिया अगाडि बढाउनुपर्ने दायित्व नेपाल सरकारको हो, त्यस क्रममा आयोगको तर्फबाट गर्नुपर्ने सहजीकरण गर्न आयोग सदैव तत्पर छ । अदालतबाट भएको आदेश कार्यान्वयनका लागि कानुन बन्नु आवश्यक रहेकाले सार्वभौम संसद् समक्ष विधेयक दर्ता गर्न अब विलम्ब हुनुहुँदैन। संसदबाट कानुन बनी आएपश्चात् मात्र आयोगले त्यसको कार्यान्वय गर्न सक्ने हो । यसकारण आयोग मात्र नभई सार्वभौम संसद्, नेपाल सरकारलगायत सबै सरोकारवालाले यस कानुन निर्माणको प्रक्रियामा आफ्नो भूमिका निर्वाह गरी अदालतको आदेश कार्यान्वयन सुनिश्चित गर्नु पर्दछ।

**सम्मानित अदालतको निर्देशनमा 'विदेशमा रहेका सबै नेपाली नागरिकले निर्वाचनमा भाग लिई मतदानको हक उपभोग गरी सरकार गठन प्रक्रियामा सहभागी हुने सहज र सरल वातावरण निर्माण गर्नुपर्ने दायित्व सरकारमा रहेको छ। तसर्थ विभिन्न उद्देश्यले विदेशमा रहेका सबै नागरिकहरूलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरी व्यवस्थित गर्नेतर्फ आवश्यक कदम चाल्नू' भन्ने विषय उल्लेख भएको छ। सरकारले त्यो दायित्व पूरा गर्न दत्तचित्त भई लागेको देख्नुहुन्छ ?**

हामीले यो विषयमा सबैभन्दा पहिला राजनीतीक दलका प्रतिनिधिसँग पटक-पटक छलफल राख्यौं । उहाँहरू धेरै सकारात्मक हुनुभयो । अधिकांश दलहरूले यसलाई तत्काल अगाडि बढाउनुपर्छ भन्ने राय दिनुभयो। हामीले यस विषयमा विभिन्न सरोकारवालासँग विभिन्न चरणमा छलफल गऱ्यौं। सबैको सहमति पाइयो। यी छलफलका क्रममा प्रक्रियागत ढङ्गले अगाडि बढ्न सहमति रहेको तर व्यवस्थापकीय जटिलता हुन सक्छ भन्ने विषयहरूसमेत व्यक्त भएका थिए। जहाँसम्म सरकारको कुरा छ, थाहा भएअनुसार आर्थिक वर्ष २०७२/०७३ को सरकारको बजेट, नीति तथा कार्यक्रममा यो विषय परेको र यो वर्षको सरकारको नीति तथा कार्यक्रममा समेत विदेशमा बस्ने नेपालीलाई आवश्यक व्यवस्था गरी मत अधिकार दिने व्यवस्था गरिने छ भनिएबाट यो विषयमा सरकार प्रतिबद्ध छ भन्नेमा कुनै द्विविधा छैन । तसर्थ हामीले कानुनमा यो कुरालाई समावेश गरेका हौं। नेपाल सरकारको नीति तथा कार्यक्रममा गरिएको उल्लिखित व्यवस्था र आयोगले नेपाल सरकार समक्ष पेस गरेको निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदामा रहेको विदेशमा बस्ने नेपालीको मतदाता नामावलीमा नाम समावेश गर्ने र निजहरूलाई मतदानमा सहभागी गराउनेसम्बन्धी व्यवस्थाले सम्मानित अदालतको निर्देशनात्मक आदेश कार्यान्वयन गराउन अर्जुन दृष्टि राखेको विषयमा शंका गर्नुपर्ने देखिँदैन।

**सर्वोच्च अदालतले विदेशमा रहेका कस्ता नेपाली नागरिकहरूलाई मताधिकार सुनिश्चितता गर्ने भन्ने सम्बन्धमा 'विदेशमा बसेको भए तापनि नेपाली नागरिकता नत्यागेको र अन्य कुनै पनि देशको नागरिकता नलिएको, मतदानको लागि कानुन बमोजिमको उमेर पूरा भई मतदाता परिचयपत्र भएको तथा कूटनीतिक निकायले तयार गर्ने लगतमा अद्यावधिक भएको व्यक्तिहरूलाई विदेशमा बसेर पनि मतदानका लागि योग्य मानी सोहीअनुसारको व्यवस्था गर्नू' भनी उल्लेख गरेको छ । आदेशमा उल्लेख भए बमोजिमका योग्य व्यक्तिको लगत अर्थात् मतदाता नामावली तयारीमा आयोगको भूमिका के-कस्तो छ ? त्यसको व्यवस्था कसरी गर्न सकिन्छ ?**

विदेशमा बस्ने नेपाली नागरिकलाई निर्वाचनमा भाग लिन दिने अधिकार दिँदा मूलतः दुइटा कुरामा ध्यान दिनुपर्छ । पहिलो मानव अधिकारको विश्वव्यापी घोषणापत्रले पनि कुनै पनि नागरिकलाइ चुन्ने र चुनिने अधिकार हुन्छ भन्ने कुरा उल्लेख गरेकाले त्यसको प्रत्याभूति र दोस्रो हाम्रोसंविधान र संघीय कानुनमा भएको व्यवस्थाअनुसार निर्वाचनको क्रियाकलाप सञ्चालन हुने कुराको सुनिश्चितता । यसअनुसार सबैभन्दा पहिला निर्वाचनमा भाग लिन मतदाता नामावली आवश्यक पर्दछ । मतदाता नामावलीको सन्दर्भमा आयोगले एउटा कार्यविधि बनाएर विदेशमा बस्ने नेपाली नागरिकलाई पहिलो चरणमा जहाँ-जहाँ हाम्रा कूटनीतिज्ञ नियोगहरू छन्, ती नियोगहरूमार्फत मतदाता नामावलीमा नाम दर्ता गरेर उहाँहरूको अधिकार सुनिश्चित गर्ने प्रक्रिया अगाडि बढाउने तयारी गरेको छ । यो काम यसै आर्थिक वर्षबाट प्रारम्भ गर्ने सोच रहेको छ । जहाँसम्म सम्मानित अदालतले उल्लेख गरेको 'कस्ता व्यक्तिलाई मतदानमा सहभागी हुन दिने' भन्ने विषय छ, यो निर्वाचन आयोग एक्लैले यकिन गर्ने विषय होइन । मतदाता नामावलीमा नाम दर्ता गर्ने क्रममा अन्यथा प्रमाणित नभएसम्म कुनै पनि व्यक्तिले नेपालको नागरिकताको प्रमाणपत्र लिएर आयो भने कानुनबमोजिम मतदाता नामावलीमा नाम दर्ता गरिदिनुपर्ने व्यवस्था छ।

त्यसकारण नागरिकता त्यागेको हकमा जानकारी प्राप्त भएपछि आयोगले कारबाही गर्छ भने डिभी, पीआर वा अन्य तरिकाले आवासीय अधिकार प्राप्त गरेको हकमा सम्बन्धित व्यक्तिले नै जानकारी गराउनुपर्ने हुन्छ । यसमा अहिले आयोगको सोचाइ पहिलो चरणमा त्यस्ता ठाउँहरू जहाँ सम्मानित अदालतबाट मार्ग निर्देशन गरेको विषय कार्यान्वयनको समस्या छैन, त्यहाँ मतदाता नामावली संकलन गर्न सुरु गर्ने अर्थात् तीप्रवासी नेपाली जो भोलि पनि नेपालमै आउनुपर्ने अवस्था छ त्यहाँबाट प्रारम्भ गरौं भन्ने छ । विशेष गरेर मध्यपूर्वका देशहरूमा हामीले यो प्रक्रिया सुरुवात गर्न सक्छौं । यसको अर्थ अरुलाई नदिने भनेको होइन् । त्यस्को अनुभवका आधारमा हाम्रा जति राजदूतावास छन् ती ठाउँमा मतदाता नामावली दर्ता गर्न सकिन्छ। दर्ता गर्दा दुईवटा कुरालाई हामीले स्पष्ट गर्नुपर्ने हुन्छ । एउटा उसले त्यहीं बसेर मतदान गर्न पाउने अधिकार दिने र दोस्रो नेपालमै आएर मतदान गर्छु भन्यो भने उसले आफनो सम्बन्धित गाउँपालिका वा नगरपालिकाको नामावलीमा नाम समावेश गरेर मतदान गर्न दिने । दुईवटै अधिकारलाई सँगसँगै लानुपर्ने भएको हुँदा मतदाता नामावली तयार गर्दै यो विवरण स्पष्ट रूपमा ल्याउने गरी प्रक्रिया अगाडि बढाउन खोजिएको छ।

**सर्वोच्च अदालतको आदेशको अर्को बुँदामा 'विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्नका लागि कस्तो विधि अवलम्बन गर्ने भन्नेबारे विभिन्न विधिहरू अभ्यासमा रहेकोमा सम्बन्धित निकायसँग समेत परामर्श गरी आवश्यकता परे नमुना मतदानसमेत गरी उपयुक्त व्यवस्था मिलाउनू' भन्ने विषय छ । विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्ने सम्बन्धमा कहाँ-कहाँ कस्ता-कस्ता विधि छन् ? हामीले हालसम्म कुनै उपयुक्त विधि तय गरेका छौं ?**

विदेशमा रहेका नागरिकहरूलाई मताधिकार दिने भन्ने सन्दर्भमा हाल पोस्टल भोटिङ, एड्भान्सड भोटिङ र अनलाइन भोटिङ जस्ता विधिहरू प्रचलनमा छन् । अनलाइन भोटिङ त्यति प्रयोगमा आइसकेको छैन । हाम्रो सन्दर्भमा पोस्टल भोटिङ व्यवस्थापकीय दृष्टिकोणले विवादित हुने सम्भावना देखिन्छ । त्यसैले आयोगले अब बन्ने कानुनमा अग्रिम मतदानको व्यवस्था गर्ने र अनलाइन भोटिङ वा इभोटिङको अध्ययन गरी विश्वसनीयताका आधारमा कार्यान्वयन गर्न सकिने विषय प्रस्ताव गरेको छ । यद्यपि अहिले नै अनलाइन मतदानमा जाने सक्ने अवस्था छैन । त्यसैले अहिलेको व्यवस्था भनेको समानुपातिकतर्फको मतदानमा विदेशमा बस्ने नेपालीको

नाम मतदाता नामावलीमा समावेश गरी निर्वाचनको समयमा नेपालमा आएमा यहीँबाट अरू मतदाताले जसरी नै मतदान गर्ने र विदेशबाटै मतदान गर्न दिने भए राजदूतावासमार्फत मत संकलन तथा सोही ठाउँमा गणना गरी मतपरिणाम प्रकाशन गर्ने विधि अवलम्बन गर्न सकिन्छ। यस्तो विधिमा जाँदा सबै तहका सबै निर्वाचनमा मताधिकार सुनिश्चित गर्न कठिन हुने हुँदा प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणाली तर्फबाट यो कार्य प्रारम्भ गर्दा उपयुक्त हुन्छ भन्ने अध्ययन प्रतिवेदनको राय छ।

**'नेपाली नागरिकहरू विभिन्न देशहरूमा छरिएर रहेका र विदेशी नागरिकलाई आफ्नो भूमिभित्रबाट मतदान गर्न दिने सम्बन्धमा अलग-अलग देशमा फरक-फरक कानुन र नीति हुन सक्ने भएकाले विभिन्न देशका सरकार तथा आवश्यकता अनुसार नेपाली कामदारहरू कार्यरत रोजगारदाता कम्पनीहरूसँग आवश्यक कूटनीतिक पहल गर्नू' भनी सर्वोच्च अदालतको आदेशमा उल्लेख भएको छ। सरकारले यो निर्देशनात्मक आदेश कार्यान्वयन गर्ने प्रयोजनका लागि कुनै किसिमको कूटनीतिक पहल गरेको छ? आयोगले त्यसका लागि सरकारलाई घचघच्याएको छ?**

यस विषयमा कानुन नै बन्न बाँकी रहेकाले नयाँ कानुन नआएसम्म कूटनीतिक पहल थाल्नु उपयुक्त हुँदैन। कानुन बनेपछि स्वभाविक रूपले प्रक्रिया प्रारम्भ हुने नै छन्। अहिले विभिन्न देशहरूमा छरिएर रहेका नागरिकलाई मतदान गर्ने व्यवस्था मिलाउनका लागि हामी मतदाता नामावली दर्तासम्बन्धी कार्यविधि बनाउँदै छौं। आयोगले परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रालयको रायपछि कार्यविधिको मस्यौदालाई अन्तिमरूप दिन रायका लागि पठाएको छ। यो विषय नेपाल सरकारको नीति तथा कार्यक्रममा परेकाले आयोगले सम्माननीय प्रधानमन्त्रीज्यू र उपप्रधानमन्त्री तथा गृहमन्त्रीज्यूसँग छलफल गरी सकेको छ। मुलुकको कुनै पनि सरोकारको विषयमा कूटनीतिक सम्पर्क गर्ने र पहल गर्ने जिम्मेवारी परराष्ट्र मन्त्रालय कै हुने भएकाले त्यहाँबाट नै आवश्यक प्रक्रिया अगाडि बढ्ने हुन्छ। मतदाता नामावली लिनेसम्मको हकमा त्यती समस्या पर्छ जस्तो लाग्दैन। जहाँ मतदानको अभ्यास नै छैन, त्यहाँका मतदाताभन्दा बढी हाम्रा नेपाली कामदारको संख्या छ त्यस्ता देशहरूमा गराइने मतदानलाई त्यस्तो देशको कानुनले र त्यो देशसँग हुने सहमतिले मार्ग प्रशस्त गर्नुपर्छ। त्यसैगरी नेपाली नागरिकहरू कुनै पनि देशको राजधानी सहरमा मात्र बस्दैनन् तर दूतावास राजधानीमा हुन्छ। यस्तो अवस्थामा दूतावासमा मतदानको व्यवस्था गर्ने भनिरहँदा कहाँ-कहाँबाट कसरी मतदान गर्न आउने भन्ने प्रश्न उठ्न सक्छ। तुलनात्मक रूपमा एउटा ठूलो भूगोल भएको देशमा बसिराखेको नेपालीले के त्यो देशको राजधानीमा आई मतदान गर्न व्यावहारिक र मितव्ययी हुन सक्छ? नेपालीहरूको बसोबास रहेको सबै स्थानहरूमा मतदान केन्द्र राख्ने भन्ने हो भने हाल ८२ भन्दा बढी देशमा नेपालीहरूको बसोबास छ। के हामीसँग उपलब्ध स्रोतलेर वित्तीय दृष्टिले यो सम्भव छ त? यसको उपयुक्त र व्यावहारिक समाधान खोज्नुपर्छ। तर, अनलाइन मतदानमा जाने व्यवस्था भयो भने सो प्रक्रियामा उचित सुरक्षा मापदण्ड अपनाउँदै अगाडि जान सकिन्छ। यो विषय भन्न जति सजिलो छ कार्यान्वयन गर्न त्यतिनै जटिल छ भन्ने बुझ्नुपर्छ। निर्वाचनका आधारभूत मूल्य मान्यता र निर्वाचनको गोपनीयतामा असर पर्ने गरी कुनै कार्य गर्न हुँदैन।

**सर्वोच्च अदालतबाट 'मतदान गर्ने अधिकार नागरिकको सार्वभौम अधिकार निहित मौलिक एवं प्रजातान्त्रिक अधिकार भएकाले आवश्यक व्यवस्थासहितको कानुन निर्माणका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट अविलम्ब संसद्समक्ष विधायिकी प्रक्रिया पूरा गरी विधेयक प्रस्तुत गर्नू' भनीसमेत आदेश भएको छ। अविलम्ब कानुन बनाउनू भनिए पनि किन यति धेरै समय लाग्यो?**

यो आदेश आयोगलाई प्राप्त भएपश्चात् आयोगले सैद्धान्तिक सहमतिका लागि पठायो। सहमति नआउँदै आयोगले विधेयकको मस्यौदातयार गर्ने कार्य प्रारम्भ गर्‍यो। हामीले एकीकृत निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदा अघि बढाउन सहमति प्राप्त गरे लगत्तै मस्यौदामाथि छलफल अगाडि बढायौं। सम्मानित सर्वोच्च अदालतमा त जे कुरामा प्रश्न उठयो त्यही विषयमा फैसला भयो तर निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र पहुँचयोग्य बनाउनका लागि सम्मानित अदालतको आदेशका अतिरिक्त परिवर्तित सन्दर्भमा विधेयकमा

समेटिनुपर्ने सबै विषयमा व्यापक छलफल गरि भविष्यमा सकेसम्म प्रश्न नउठ्ने गरी जानुपर्छ भन्ने ध्येका साथ हामी विधेयकको मस्यौदामा केन्द्रित भयौं । जहाँसम्म समयको कुरा छ यो मस्यौदा २०७८ मै तयार भएपनि करिब एक वर्ष हामी निर्वाचनकै काममा खटिएको हुनाले पेस गर्न सकिएन। फेरी कुनै पनि विधेयकको मस्यौदा गर्ने परिपक्व प्रक्रिया हुन्छ। बहुपक्षीय छलफल र अन्तरक्रिया गर्नुपर्ने, धेरै विषय समेट्नु पर्ने यस्तो विधेयक मस्यौदामा छिटोभन्दा पनि सर्वसम्मत र स्वीकार योग्य बनाउनुपर्ने हुँदा केही समय लागेको हो । हाल हामीलेनिर्वाचन व्यवस्थापन विधेयकको मस्यौदा नेपाल सरकार समक्ष प्रस्तुत गरी सकेको हुनाले यो छिटो अगाडि जान्छ भन्नेमा हामी विश्वस्त छौं।

**अदालतबाट संवत् २०७९ को निर्वाचनमा विदेशमा रहेका नागरिकहरूलाई मतदानमा भाग लिने वातावरण मिलाउनु भनी भएको आदेश कार्यान्वयनको स्थिति के छ? हालसम्म यसको कार्यान्वयन हुन नसक्नुमा सरकार, संसद् वा आयोगको दोषी हो?**

यो एकले अर्कालाई दोष दिने र पन्छिने विषय होइन । यसमा माग र आपूर्ति दुवै पक्ष जिम्मेवार हुनुपर्छ । निर्वाचन आयोगले प्रचलित कानुनअनुसार निर्वाचन गर्ने हो । अहिलेको कानुनमा विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने र विदेशमा गएर मतदाता नामावली दर्ता गर्ने स्पष्ट प्रावधान छैन। तर, त्यो भन्दैमा आयोग पन्छिन् र अर्काले गर्ने हो भनेर चुप लागेर बस्न पनि मिल्दैन। त्यसकारण जब अदालतको आदेश आयो तबदेखि नै हामीले अध्ययन प्रक्रिया आरम्भ गर्यौ । हामीले अन्य मुलुकका अभ्यासहरू पनि हेर्यौं। ऐन तर्जुमा गर्ने प्रक्रिया सम्पन्न गर्यौ । हाल हामीले विधेयकको मस्यौदा गरी नेपाल सरकार समक्ष पेस गरी सकेको अवस्था रहेकाले अबको प्रक्रियामाथप ढिलाइ नगरी समन्वयात्मक ढंगबाट अगाडि बढ्दा अदालतको आदेशको सम्मान हुन्छ । विदेशमा बस्ने नेपाली मतदाताको अधिकार पनि सुनिश्चित हुन्छ।

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले आफ्नो जवाफमा 'निर्वाचनको माध्यमबाट नागरिकहरूलाई आफूले चुनेका प्रतिनिधिहरूमार्फत शासन व्यवस्थामा सहभागी हुने वातावरण निर्माण गर्ने सन्दर्भमा विदेशमा बस्ने नागरिकहरूलाई निर्वाचनमा सहभागी गराउने विषयसँग सैद्धान्तिक रूपमा विमति राख्नुपर्ने अवस्था नरहे तापनि मुलुकको स्रोत र साधनले भ्याएसम्म कार्यकारणी अधिकार प्राप्त नेपाल सरकारले नीतिगत निर्णय गरी व्यवस्थापकीय प्रबन्ध गर्ने एवम् कानुन निर्माणको विषय विधायिकी क्षेत्राधिकारको विषय भएको ।' कुरा उल्लेख गरेको थियो । उसो भए, सरकारले नीतिगत निर्णय कार्यान्वयनमा कत्तिका तदारुकता देखाएको पाउनुभएको छ? र, संसद्को भूमिकालाई कस्तो पाउनुभएको छ?**

संसद्का दुवै समितिबाट आयोगलाई प्राप्त भएको लिखित निर्देशनमा विदेशमा बस्ने नेपालीलाई मताधिकारको अधिकार सहितको कानुन बनाउनु भन्ने नै छ। संसदीय समिति भनेको 'मिनी संसद्' हो । त्यसैले संसदीय समितिको धारणा भनेको संसद्को धारणा नै हो भन्ने हामीले ठानेका छौं। कानुन निर्माणमा सार्वभौम संसदले आफ्नो भूमिका निर्वाह गर्ने विषयमा हामी सबै ढुक्क छौं। हामीले नेपाल सरकार समक्ष पेस गरेको मस्यौदाका अन्तरवस्तुमा संसद् सकारात्मक छ भन्ने हाम्रो बुझाइ हो। नेपाल सरकारको पटक-पटकको नीतिगत प्रतिबद्धतामा परेको र आयोगलाइ यो विषय पनि समेटेर कानुन बनाउनु भनी सैद्धान्तिक सहमति प्राप्त भएकाले अब नीतिगत अस्पष्टता बाँकी छैनन् । केवल यसलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नका निमित्त कसरी कार्य प्रारम्भ गर्ने भन्ने विषय नै अबको साझा जिम्मेवारी हो जस्तो मलाई लाग्छ । एक वर्षभित्रमा निर्वाचन व्यवस्थापन विधेयक पारित भइसक्छ भन्ने विश्वासका साथ निर्वाचन व्यवस्थापन विधेयक पारित हुनुभन्दा अगाडि नै अहिलेको मौजुदा कानुनबाट गर्न सकिने कार्य प्रारम्भ गर्नका लागि नेपाल सरकारबाट आयोगलाई आवश्यक स्रोत साधन प्राप्त हुन्छ भन्ने हाम्रो बुझाइ छ।

**निर्वाचन आयोगको जवाफमा 'निर्वाचन आयोगले संविधान र प्रचलित कानुनबमोजिम निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने र त्यसका लागि मतदाता नामावली तयार गर्ने जिम्मेवारी पाएको छ। निवेदकले निवेदनमा उठाउनु भए जस्तै रोजगारी, शिक्षालगायत विभिन्न उद्देश्यअनुरूप विदेशमा बसोबास गरेका नेपाली नागरिकता प्राप्त नेपाली नागरिकलाई**




**कानुनमा थप व्यवस्था गरेर विदेशस्थित नेपालका दूतावास, महावाणिज्य दूतावासलगायतका स्थानमा मतदान केन्द्रको व्यवस्था गरी मतदानको व्यवस्था गर्ने सन्दर्भमा तत्सम्बन्धी कानुनको निर्माण भई कार्यान्वयनमा आएका बखत आयोगले तद्अनुरूप कार्य गर्ने ।' भनी उल्लेख गरको रहेछ । आयोगको काम कानुन पालना मात्र गर्ने हो कि, विधेयकको मस्यौदा तयार पारी कानुन बनाउन घचघच्याउने पनि हो ?**

कानुन बनाउने सन्दर्भमा हाम्रो परामर्शदायी भूमिका मात्र हो । तर, अहिलेको कानुनको मस्यौदा प्रक्रियामा आयोग आफैपनि क्रियाशील भएको हुँदा कानुन बनाउन घचघच्याउने काम पनि आयोगले गरेको छ। तर आयोगले जे प्रस्ताव गऱ्यो, त्यो पारित नै हुन्छ भन्ने अपेक्षा हामीले गर्न पनि मिल्दैन । किनभने कानुन बनाउने सार्वभौम निकाय भनेको संसद् हो। आयोगले जे भनेको छ त्यो भन्दा घटी, बढी वा थप अधिकारसहित कानुन बन्न सक्छ । मूलभूत रूपमा कानुन बनाउने जिम्मेवारी संघीय संसद्को भएकाले त्यसलाई आवश्यक पृष्ठभूमि तयार गर्ने र त्यस्ता प्रावधान राख्न आयोगले भूमिका खेल्न सक्छ । भोलि कानुनमा भएको कुरा कार्यान्वयन गर्न सकिन्छ भनेर आश्वस्त पार्ने काम पनि आयोगको हो । कानुन बनी आएको परिस्थितिमा त्यसको समन्वयात्मक ढंगले कार्यान्वयन गर्ने कार्यमा हामी सरकार र संसद् सँगसँगै हुन्छौं । सरकार, संसद र आयोगले संयुक्त रूपमा यो कुरा उठाएको छ र राजनीतिक दलबाट पनि तद्अनुसारको समर्थन प्राप्त भएको छ । अब यसमा थप टिप्पणी गर्नु उपयुक्त हुँदैन ।

**हामी अनलाइन निर्वाचन प्रणालीमा गएकै छैनौं । विदेश भन्नेबित्तिकै अति ठूलो भूगोल हो । हाम्रो साधन-स्रोतले देशभित्रै निर्वाचन गर्न त हम्मे छ । जस्तो: अमेरिकामा ५० राज्य छन् । कहाँ-कहाँ निर्वाचन बुथ राख्ने ? कसरी सबै नेपालीलाई समेट्ने ?**

अहिलेकै व्यवस्थाअनुसार विदेशमा रहेका नेपाली जसको नाम मतदाता नामावलीमा छैन, त्यस्ता व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गरिनु पर्छ भन्ने हाम्रो पहिलो

धारणा हो । त्यसैले विदेशमा रहेका नेपाली नागरिकको सन्दर्भमा पहिला हामी मतदाता नामावलीमा नाम दर्ता गर्छौं । विदेशमा अध्ययन र काम गर्ने प्रयोजनका लागि गएका व्यक्तिबाट हामी मतदाता नामावली दर्ता गर्न थालनी गर्छौं । मतदाता नामावली दर्ता अनलाइन पद्धतिबाटै गर्न सकिन्छ । फोटो खिच्न र बायोमेट्रिकका लागि तोकिएको ठाँउमा पुग्नुपर्छ । हामी त्यो प्रक्रिया सुरुवात गर्नेमा छौं ।

मैले अगाडि उल्लेख गरे जस्तै मतदाता नामावलीमा नाम हुनेले दुई तरिकाले मत हाल्न सक्ने व्यवस्था गर्नुपर्छ । पहिलो, नेपाल आएर आफू बसेको ठाँउबाटै मतदान गर्न सक्ने र दोस्रो मतदाता बसेको ठाउँबाटै मतदान गर्ने । यसका लागि पर्याप्त अध्ययन र व्यवस्थापकीय तयारी आवश्यक छ । हाल हामीले अपनाइरहेको मतदाता उपस्थित हुने पेपर भोटको प्रणालीमा तोकिएका दूतावास र महावाणिज्य दूतावासबाहेक नेपालीहरू रहेका सबै देशका सबै ठाउँमा मत संकलन गर्न सक्ने अवस्था नहुन सक्छ । संसारभर रहेका नेपाली नागरिकलाई तत्काल नै उहाँहरू रहेकै स्थानमा मतदानको व्यवस्था गर्न यही प्रणालीबाट असम्भव प्रायः छ । त्यसैले समानुपातिक मतदान प्रणालीतर्फको मतदानमा सहभागी गराउने, अग्रिम मतदानको व्यवस्था गरेर नेपालबाटै पनि मतदान गर्न दिने र सम्बन्धित दूतावासमार्फत मत संकलन गर्नेसम्मको कुरालाई अगाडि सारिएको हो । भोलि अनलाइन मतदानमा गएको अवस्थामा र प्रविधिमैत्री अभ्यास गर्दै तद्नुसारको पहुँच विस्तार गर्न सकिँदाका अवस्थामा तदनुसार गर्दै जानुपर्छ । हाल नेपालकै विकट भूगोल भएका स्थानहरूमा मतदान गर्न चार पाँच घण्टा हिँडेर पुग्नुपर्ने अवस्था कायमै छ । यसकारण संसारभर रहेका सबै नेपालीलाई आफू बसेकै ठाउँबाट मतदान गर्न दिने कुराको व्यावहारिक कार्यान्वयन विश्वसनीय अनलाइन प्रविधिबाट मतदान गर्ने प्रणालीबाट मात्र सम्भव छ । जुन तत्काल कार्यान्वयनमा ल्याउन सजिलो छैन ।

**निर्वाचनसम्बन्धी नयाँ नीतिको निर्माण तथा कार्यान्वयनमा सरकार र आयोगमा कसको भूमिका बढी हुन्छ ? कसको दायित्व के-के हुन्छ ?**

नेपालको संविधानले सृजना गरेको संवैधानिक अंग भएका नाताले निर्वाचनसँग सम्बन्धित कुनै पनि नयाँ नीति तथा कानुनको निर्माण तथा कार्यान्वयनमा आयोगको भूमिका र अग्रसरता रहन्छ । तर, कुनै पनि नीति तथा कानुन कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधन जुटाउने काम सरकारको हो । नयाँ नीति तथा कानुनको निर्माण तथा कार्यान्वयनमा अग्रसरता लिने आयोगले आफैं कानुन निर्माण गर्ने अधिकार राख्दैन, कानुन निर्माण गर्ने सम्पूर्ण अधिकार व्यवस्थापिका संसद्मा निहीत हुन्छ । त्यसैले निर्वाचन व्यवस्थापनका सन्दर्भमा संसद्, सरकार र आयोग सबैको भूमिका आफ्नो आफ्नो स्थानमा उत्तिकै महत्वपूर्ण हुन्छ ।

**आयोगले अहिले अघि बढाएको कानुनी मस्यौदामा के-के नयाँ विषय समेटिएका छन् ? त्यो छिट्टै र हुबहु पारित भएर आउनेमा कत्तिको विश्वस्त हुनुहुन्छ ?**

निर्वाचन व्यवस्थापन विधेयकमा थुप्रै नयाँ प्रावधानहरू समावेश छन् । मूलतः सातवटा छुट्टाछुट्टै ऐन र निर्वाचन आयोग ऐनका केही विषय यसमा एकीकृत गरिएको छ । हामीचाहिँ यसमा अझै थपिएर, परिस्कृत भएर आउला, भन्नेमा छौं । सम्मानित सर्वोच्च अदालतले गरेका सबै आदेश समावेश भएर आउलान् भन्नेमा छौं । जहाँसम्म विदेशमा बस्ने नेपाली नागरिकको मताधिकारको सवाल छ, यसमा हामीले अहिले चारवटा कुरामा जोड दिएका छौं । पहिलो, मतदाता नामावली नेपाली नागरिकहरू रहेको देशहरूबाटै दर्ता गर्ने; दोस्रो, विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार दिँदै जाने तेस्रो, अग्रिम मतदानमार्फत पनि मत संकलन गर्न सक्ने चौथो, अनलाइन पद्धतिबाट मतदान गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने । कतिपय विषयहरू नियामावलीमार्फत व्यवस्थित गर्नुपर्ने पनि हुन्छ । त्यसकारण निर्वाचन व्यवस्थापनका सबै विषयहरू ऐनमा नै निर्दिष्ट गरेर आवश्यक विषय नियमावलीमार्फत व्यवस्थित गर्ने आयोगको सोचाइ छ ।

**कानुन छिट्टै बन्नुपर्‍यो, मताधिकार पाइहाल्नु पर्‍यो भनेर गैरआवासीय नेपालीबाट के-कत्तिको पैरवी भइरहेको पाउनुभएको छ ?**

उहाँहरूले यस विषयमा पटक-पटक आयोगमा ज्ञापनपत्र र राय सुझाव प्रस्तुत गर्नुभएको छ । गैरआवासीय

नेपालीहरूले अध्ययन गरी कहाँ-कहाँ कस्तो अवस्था छ, किन उहाँहरूले मताधिकार प्राप्त गर्नु जरुरी छ भनेर अन्तर्राष्ट्रिय अभ्यास समेतको आधारमा प्रतिवेदन दिनुभएको छ । आयोगसँग समझदारी गरेर मतदाता नामावली संकलन/दर्ता प्रारम्भ गरौं भनेर पहल गर्नु भएको छ । हामीले तयार गरेको विधेयकको मस्यौदामा राय सुझाव लिन आयोजित गोष्ठीहरूमा भाग लिएर आफ्नो सुझाव दिनुभएको छ। उहाँहरूको चासो, चिन्ता, अग्रसरता र सहयोगको निम्ति म धन्यवाद दिन चाहन्छु।

**विदेशमा रहेका नेपाली नागरिकहरूलाई मताधिकार दिने सन्दर्भमा उपयुक्त र उत्तम विकल्प कुन होला ?**

हाम्रो भविष्यमा बन्ने कानुन, नेपाली नागरिकहरू रहेको देशको कानुन तथा राजनीतिक अधिकार समेतका आधारमा हाम्रा कूटनीतिक नियोगहरू भएका ठाउँहरूबाट समानुपातिकतर्फ मतदान गर्न दिने कुरा पहिलो चरणको निम्ति व्यावहारिक र उत्तम विकल्प हुन सक्छ । त्यस्ता मतहरू सम्बन्धित कूटनीतिक नियोगमा नै गणना गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । आयोगबाट सबै देशमा मतपेटिका बोकेर जाने र बोकेर आउन सम्भव छैन। त्यसो गर्दा निर्वाचन खर्च एकदमै बढ्छ र यो प्रयास अभिसाप हुनसक्छ । अन्य देशहरूको अभ्यास हेर्दा मत पठाउने अर्थात् पार्सल/पोष्ट गर्ने अभ्यास पनि छ तर हामीले हाललाई यो विकल्प सोचेका छैनौं । त्यसैगरी अनलाइन मतदानको व्यवस्था पनि केही मुलुकमा प्रयोगमा छ तर उपयुक्त प्रविधिको उपलब्धता र आवश्यक तत्परता बिना हाललाई यसको प्रयोग सम्भव देखिँदैन ।सबै विकल्पमाथि गहन छलफल गरी उपयुक्त विकल्पमा जानुपर्छ। अहिले नै हतारिएर धेरै कुरा बोल्नु राम्रो हुँदैन।

**अन्त्यमा, प्रमुख आयुक्तज्यू, विदेशमा रहेका नेपाली नागरिकले ठ्याक्कै कुन चुनावबाट मताधिकार पाउलान् ?**

सबैभन्दा पहिला ऐन बन्नु पर्‍यो। एक वर्षभित्रमा आयोगले पेस गरेको ऐनमा सामान्य संशोधन, परिमार्जन र छलफल भई विदेशमा बसेका नेपाली नागरिकहरूलाई सोही देशबाट मतदानको अधिकार हुनेछ भन्ने व्यवस्था कायम भयो भने आगामी निर्वाचनमा कुनै न कुनै देशबाट मतदान कार्य प्रारम्भ गर्न सकिन्छ।

विदेशमा बसेका नेपालीहरूका पनि कतिपय कर्तव्य छन्।

**आयोगको प्रमुख भएको तर्फबाट उहाँहरूसँग तपाईंको अपेक्षा के छ ?**

सबैभन्दा पहिला यस विषयलाई नागरिकको अधिकार प्रयोग गर्ने र मुलुकको शासनमा निजहरूको पनि स्वामित्व छ भन्ने प्रमाणित गर्ने दृष्टिकोणले हेर्नुपर्‍यो । आयोगले नयाँ कानुन नबन्दै आफ्नो अधिकार प्रयोग गरेर केही देशहरूबाट मतदाता नामावली संकलन गर्ने जमर्को गर्दैछ । यसमा उहाँहरूले मतदाता नामावलीमा नाम नभएका नेपाली नागरिकहरूलाई नाम दर्ता गर्न उत्प्रेरित गरिदिनु पर्‍यो ताकि त्यो देशमा हाम्रा मतदाता कति हुनुहुँदो रहेछ भनेर थाहा हुन सकोस् । यसबाट मतदाता नामावलीमा नाम दर्ता गराइसकेका र नाम दर्ता हालसम्म नगराएका नेपाली नागरिकहरूको संख्याको विषयमा प्रष्टता होस जसबाट आवश्यक व्यवस्थापनका लागि तथ्यांकीय झलक प्राप्त हुन सकोस् । यसमा सबै विदेशमा बस्ने नेपालीहरूको सकारात्मक सहयोग आवश्यक छ । निर्वाचन आयोगले प्रस्ताव गरेको कानुनको बारेमाप्रचार प्रसार गरिदिनुस्र यस प्रक्रियामा आवश्यक सहजीकरण गर्दिनुस्।

मतदानको अधिकार दिने सम्बन्धमा स्वाभाविक रूपमा प्रश्न उठ्छ कि प्रवासी को हुन ? गैरआवासीय को हुन् ? यसलाई छुट्टाएर तपाईंहरूले इमान्दारीपूर्वक भूमिका निर्वाह गरी दिनुस् । विदेशको नागरिक भइसकेको व्यक्तिले मतदाता नामावलीमा नाम संकलन नगराउन र जनप्रतिनिधि छनौट गर्ने कुनै पनि निर्वाचनमा उम्मेदवार बन्नु हुँदैन भन्ने संविधानको व्यवस्था बारे जानकारी संप्रेषण गरी दिनोस् । कानुनका नयाँ अवधारणाको क्रमिक रूपमा कार्यान्वयन गर्दै जान आयोगसँग निकट रहेर सहकार्य गर्न तयार हुनोस्। म गैरआवासीय नेपाली संघ, सबै पदाधिकारी र सदस्यहरूलगायत संसारका कुनै पनि ठाउँमा रहेर नेपालको श्रीवृद्धिमा प्रत्यक्ष र परोक्ष रूपमा लागि रहनु हुने सबै नेपाली दिदी-बहिनी तथा दाजुभाइप्रति सम्मान र आभार प्रकट गर्दछु।

# ‘नेपाली नागरिकले सामाजिक सुरक्षा कोषमा विदेशमै सूचीकृत हुन पाउनेछन्’

**विवेक पन्थी**
**उपकार्यकारी निर्देशक, सामाजिक सुरक्षा कोष**



- सामाजिक सुरक्षा कोष बचत र बिमामा सीमित छैन, बृहत् अवधारणामा सञ्चालित छ।
- ६० वर्षपछि पेन्सन उपलब्धसम्म गराउने योजना सामाजिक सुरक्षा कोषले ल्याएको छ।
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ अनुसार स्थापना भएको सामाजिक सुरक्षा कोषले संगठित, असंगठित, औपचारिक, अनौपचारिक, आन्तरिक वा वैदेशिक रोजगारीमा गएका श्रमिक र मजदुरलाई समेट्छ।
- वैदेशिक रोजगारीमा जानेका लागि श्रम स्वीकृति लिने क्रममा नै सामाजिक सुरक्षा कोषमा आबद्ध हुने व्यवस्था गरिएको छ।
- कोही व्यक्ति वैदेशिक रोजगारीमा जान्छ भने उसले सामाजिक सुरक्षा कोषमा आबद्ध नभएसम्म भिसा नपाउने व्यवस्था गरिएको छ।
- विदशमै रहेका नेपाली श्रमिक र ती देशमा स्वरोजगारमा रहेका व्यक्ति पनि सामाजिक सुरक्षा कोषमा सहभागी हुन पाउनेछन्।
- नेपाली नागरिकले विदेशमै सूचीकृत हुन पाउने व्यवस्था पनि गरिएको छ तर तत्कालका लागि नयाँ श्रम स्वीकृति लिएर जाने श्रमिकको हकमा मात्र यो सुविधा उपलब्ध छ।
- वैदेशिक रोजगारीमा रहेका श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरू सामाजिक सुरक्षा कोषका ३ योजनामा सहभागी हुन पाउँछन्। कोषले उनीहरूका लागि दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना सञ्चालन गरेको छ। उनीहरूका लागि औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना भने उपलब्ध छैन।

**सामाजिक सुरक्षा कोष भन्नाले के बुझिन्छ ?**

नेपालको संविधानमा गरिएको 'सबै श्रमिकलाई नागरिकका रूपमा सामाजिक सुरक्षाको हक हुनेछ' भन्ने व्यवस्था कार्यान्वयन गर्न स्थापना भएको कोष नै सामाजिक सुरक्षा कोष हो। प्रत्येक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक भनिएका हुनाले सामाजिक सुरक्षा कोषले विभिन्न सुरक्षा योजनाको कार्यान्वयन गर्छ। त्यसका लागि रोजगारदातालाई आबद्ध गर्ने, श्रमिकलाई आबद्ध गर्ने, योगदान रकम संकलन गर्ने र सामाजिक सुरक्षा योजनाक सुविधाहरू प्रदान गर्ने काम सामाजिक सुरक्षा कोषले गर्दै आएको छ।

**कुन अवधारणासहित यो कोष सञ्चालनमा ल्याइएको हो ? सञ्चालनमा रहेका अन्य कोषभन्दा कसरी फरक छ यो. ?**

अन्तर्राष्ट्रिय श्रम संगठनको बृहत्तर सामाजिक सुरक्षा फ्रेमवर्कअन्तर्गत सोसल सेक्युरिटी स्किम छ। सो स्किम अन्तर्राष्ट्रिय रूपमा कार्यान्वयन हुँदै आइरहेको छ । नेपाललगायत देशहरूले सो फ्रेमवर्क कार्यान्वयन गर्ने प्रतिबद्धता गरेका छन् । सोहीअन्तर्गत सामाजिक सुरक्षा कोषको स्थापना भएको हो। देशमा अरू पनि कोषहरू छन्, ती कोषले बचत वा बिमा कार्यक्रम सञ्चालन गरेका छन् । तर, सामाजिक सुरक्षा कोष बचत र बिमामा सीमित छैन, बृहत् अवधारणामा सञ्चालित छ।
विशेष गरी ६० वर्षपछि निवृत्तिभरण ( पेन्सन) वा आयको निरन्तरता नै सामाजिक सुरक्षा कोषको केन्द्रबिन्दु हो । यस्तै गुणस्तरीय स्वास्थ्यमा सबै नेपालीको पहुँचको ग्यारेन्टी गर्ने अर्को मुख्य लक्ष्य लिएर कोषको स्थापना भएको हो।

अन्य कोषले बचत वा बिमा कार्यक्रम मात्र सञ्चालन गर्छन्। सामाजिक सुरक्षाकोष कुनै निवृत्तिभरण कोषमात्र पनि होइन, आयको निरन्तरता र गुणस्तरीय स्वास्थ्यमा सबैको पुहँच कायम गर्न स्थापित भएको कोष हो।

**सामाजिक सुरक्षा कोषले कर्मचारी, श्रमिकको हित सुनिश्चितता कसरी गर्छ ?**

जन्मभन्दा अघि र मृत्युपछिसम्मको जीवनचक्रमा आइपर्ने विभिन्न जोखिम हुन्छ, यस्ता जोखिमलाई परिभाषित जोखिम भन्ने गरेका छौं, त्यस्ता सामाजिक जोखिमलाई व्यवस्थापन गर्ने दायित्व सामाजिक सुरक्षा कोषको हो । योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीबाट परिभाषित वा सामाजिक जोखिम भन्ने गरेका छौं । कुनै व्यक्ति बिरामी भयो भने वा दुर्घटना भयो भने कोषले औषधोपचार गर्छ । काम गर्न नसक्ने भयो भने आयको निरन्तरता गराउँछ । कोषमा आबद्ध भएको व्यक्तिको निधन भए परिवारको विचल्ली नहोस् भनेर परिवारलाई मासिक रूपमा रकम उपलब्ध गराउँछ। वा, ६० वर्षपछि पेन्सन उपलब्धसम्म गराउने योजना सामाजिक सुरक्षा कोषले ल्याएको छ। तिनै योजनामार्फत् व्यक्तिको वर्तमान र भविष्यको सुरक्षाको सुनिश्चितता गर्ने काम सामाजिक सुरक्षा कोषका योजनाले गर्दै आएका छन्।

**सामाजिक सुरक्षा कोषले कुन क्षेत्रदेखि कुन क्षेत्रसम्मका श्रमिकलाई समेटेको छ ? थप कुन क्षेत्रलाई समेट्ने योजना छ ?**

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ अनुसार स्थापना भएको सामाजिक सुरक्षा कोषले संगठित, असंगठित, औपचारिक, अनौपचारिक, आन्तरिक वा वैदेशिक रोजगारीमा गएका श्रमिक र मजदुरलाई समेट्छ । सबै श्रमिकलाई समेट्ने भनेर सो ऐनमा सामाजिक सुरक्षा कोषको परिकल्पना गरिएको थियो । सामाजिक सुरक्षा योजनाहरू एकद्वार प्रणालीमार्फत कार्यान्वयन गर्ने भनेर परिकल्पना गरिएको छ। सँगै योजनाबद्ध र चरणबद्ध रूपमा लागू गर्ने भनेर उल्लेख गरिएकाले पहिलो चरणमा औपचारिक क्षेत्रभित्रका निजी, संगठित प्रतिष्ठानबाट सामाजिक सुरक्षा लागू भयो। २०७५ मंसिर ११ गते सामाजिक सुरक्षा योजनाको उद्घाटन गरिएको थियो । २०७६ साउन १ गतेदेखि कोष सञ्चालन गरियो । त्यसयता बितेका ४ वर्षका अवधिमा निजी संगठित क्षेत्र हुँदै वैदेशिक रोजगारीमा रहेका नेपालीलाई पनि कोषमा आबद्ध हुने काम सुरु गरिसक्यौं । यससँगै अनौपचारिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई पनि सामाजिक सुरक्षाकोषमा आबद्ध गर्ने गरी कार्यक्रम ल्याएका छौं। यस हिसाबले कानुनी र नीतिगत रूपमा हेर्दा सबै क्षेत्रमा सामाजिक सुरक्षा योजना प्रवेश भइसकेको छ।

**भविष्यमा कुन-कुन क्षेत्र समेट्न सकिन्छ ?**

सार्वजनिक निकायमा रहेका अस्थायी र करारमा रहेका कर्मचारीलाई पनि सामाजिक सुरक्षामा आबद्ध गराउने गरी सरकारको बजेट वक्तव्यमा उद्घोष भइसकेको छ। यस कार्यका लागि कार्यविधिको मस्यौदा तयार हुँदैछ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा एउटा समिति गठन भइसकेको छ। त्यसले कार्यविधि निर्माण गरिरहेका छ। त्यसपछि सबै सार्वजनिक निकायमा रहेका स्थायी कर्मचारीलाई पनि सामाजिक सुरक्षा कोषमा समेट्ने गरी कार्यक्रम तय हुनेछ।

**कोषमा योगदान गर्नेले लिने लाभहरू के-के हुन् ?**

सन् १९५२ आ आएको सामाजिक सुरक्षा अवधारणा अन्तर्गत ९ किसिमका सामाजिक योजना छन्। सामाजिक सुरक्षा कोषले ती योजनामध्ये बेरोजगार सुरक्षा योजना लागु गरेको छैन। ऐनले बेरोजगारलाई सामाजिक सुरक्षाको कल्पना भने गरेकै छ। बाँकी ८ वटालाई ४ वटा सुरक्षा योजनाअन्तर्गत समेटेर कार्यान्वयनमा ल्याएका छौं।

पहिलो योजना हो, औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना। यसअन्तर्गत वार्षिक १ लाख रुपैयाँसम्मको औषधि उपचार उपलब्ध गराउने, गर्भवस्था भएको खण्डमा श्रीमतीले पनि लाभ पाउनेछन्। श्रम ऐनले अनिवार्य बिदा ९८ दिन भनेको छ, त्यसमध्ये रोजगारदाताले ६० दिन तलबी बिदा उपलब्ध गराउने, बाँकी ३८ दिन सामाजिक सुरक्षा कोषबाट नगद लाभ लिने व्यवस्था छ। यसका अतिरिक्त योगदानकर्ता बिरामी भएको खण्डमा बिरामी बिदावापत सामाजिक सुरक्षा कोषले नगद लाभ उपलब्ध गराउँछ। यसैगरी १० किसिमका घातक रोगमा बढीमा १० लाख रुपैयाँसम्मको उपचार खर्च बेहोर्छ।

दोस्रो हो, दुर्घटना तथा अशक्त सुविधा योजना। कुनै पनि कारणले व्यक्ति, योगदानकर्ता रोजगारजन्य दुर्घटनामा पर्‍छ भने सबै खर्च सामाजिक सुरक्षा कोषले बेहोर्छ। यदि कामभन्दा फरक सिलसिलामा दुर्घटना हुन्छ भने ७ लाख रुपैयाँसम्मको औषधि उपचार खर्च बेहोर्छ। यसको अतिरिक्त अशक्त भएको स्थितिमा यदी निज पूर्ण अशक्त हो भने पारिश्रमिकको ६० प्रतिशतको हिसाबले मासिक रूपमा आजीवन पेन्सन प्रदान हुन्छ। पूर्ण अशक्तबाहेक अवस्थामा अशक्तताको अनुपातमा पेन्सन प्रदान गरिन्छ।

तेस्रो हो, आश्रित परिवार सुरक्षा योजना। जुनसुकै कारणले योगदानकर्ताको निधन भएको खण्डमा उसको परिवालाई विभिन्न प्रकारका सुविधा उपलब्ध हुन्छ। पति वा पत्नीलाई योगदानकर्ताको आधारभूत मासिक पारिश्रमिकको ६० प्रतिशत मासिक रूपमा पेन्सन उपलब्ध गराइन्छ। अविवाहित व्यक्तिको हकमा बुबा आमालाई यो सुविधा उपलब्ध हुन्छ। यसका अतिरिक्त योगदानकर्ताका बालबच्चा २१ वर्षभन्दा कम उमेरका भए सन्ततीवृत्ति उपलब्ध हुन्छ। जसअनुसार योगदानकर्ताको आधारभूत पारिश्रमिकको ४० प्रतिशत शैक्षिक वृत्ति उपलब्ध हुन्छ। यसबाहेक मृत्यु संस्कार खर्चस्वरूप एकमुष्ठ रूपमा २५ हजार रुपैयाँ उपलब्ध गराइन्छ।

चौथो योजना हो, वृद्धावस्था सुरक्षा योजना। यो योजनाअन्तर्गत २ किसिमका सुविधा छन्। पहिलो हो, ६० वर्ष उमेरपछि मासिक रूपमा पेन्सन उपलब्ध हुन्छ। दोस्रो अवकाश बचत योजना हो। दोस्रो योजनाका लागि ६० वर्ष पुग्न पर्दैन। योगदानकता जागिरबाट अलग भएपछि कोषमा जम्मा भएको रकम झिक्न पाइन्छ। ननिकालेको खण्डमा ६० वर्षको उमेरपछि एकमुष्ठ भुक्तानी लिन पनि सकिन्छ।

**कोषमा सहभागी हुने प्रक्रिया के हो ?**

३ फरक क्षेत्रका श्रमिक कोषमा सहभागी हुन पाउनुहुन्छ। हरेक क्षेत्रका लागि सूचीकरण हुने फरक प्रक्रिया छ। कोषको वेबसाइटमा अनलाइनमार्फत नै सहभागी हुन पाइन्छ। वैदेशिक रोजगारीमा जानेका लागि श्रम स्वीकृति लिने क्रममा नै सामाजिक सुरक्षा कोषमा आबद्ध हुने व्यवस्था गरिएको छ। पहिले नै विदेशमा रहेकाले कोषको वेबसाइटमार्फत विवरण र कागजात भरेर सजिलै सूचीकरण हुन सकिन्छ।

औपचारिक, अनौपचारक र वैदेशिक रोजगारी क्षेत्र नै रोजगारदाता वा कर्मचारी सूचीकरण हुने प्रक्रिया अनलाइन नै हो। सूचीकरण हुनेदेखि योगदान रकम जम्मा गर्ने र दाबी भुक्तानी पनि अनलाइनमार्फत मात्रै हुन्छ।

**र, लाभ पाउन के कस्ता प्रक्रिया पालना गर्नुपर्छ ? भुक्तानी प्रक्रिया कस्तो हुन्छ ?**



औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा र दुर्घटना भएको अवस्थामा कोषले व्यहोर्ने खर्च अस्पतालले दाबी गर्ने र सोको भुक्तानी अस्पतालको बैंक खातामा कोषले सिधै जम्मा गर्ने व्यवस्था गरिएको छ । साथै, आश्रित परिवारले पाउने तथा योगदाकर्ताले पाउने पेन्सनलगायत अन्य सुविधा सिधै योगदानकर्ताको बैंक खातामा पठाउने व्यवस्था छ।

**कोही व्यक्तिले बीचैमा कोषको सहभागिताबाट बाहिरिने चाहे के हुन्छ ?**

सामाजिक सुरक्षा योजना आबद्ध व्यक्ति जागिरबाट बाहिरिन चाहेको खण्डमा पनि बढीमा ३ महिनासम्म सामाजिक सुरक्षाको लाभ लिन सकिन्छ। औषधि उपचार योजनाको लाभ ३ महिनासम्म लिन पाइन्छ भने अन्यको हकमा १ महिनासम्म लाभ लिन पाइने व्यवस्था छ।
औपचारिक क्षेत्रको हकमा रोजगारदाताले जागिरबाट अलग गरिदिनुपर्छ। अन्य क्षेत्रको हकमा आफैंले आबद्धता टुंग्याउनुपर्ने हुन्छ।

**कोषमा सहभागी हुन कति योगदान दिनुपर्छ ? योगदान रकम कोकसले बेहोर्छ ?**

रोजगारदाताले आधारभूत तलबको २० प्रतिशत र योगदानकर्ताले ११ प्रतिशत गरी जम्मा ३१ प्रतिशत रकम मासिक र नियमित रूपमा योगदान गर्नुपर्दछ।

**समयमा योगदान रकम जम्मा नगरे के हुन्छ ?**

योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ९ बमोजिम तोकिएको समयभित्र योगदान रकम जम्मा नगरे कोषमा जम्मा गर्नुपर्ने रकममा दश प्रतिशत ब्याज समेत थप गरी कोषले रकम असुलउपर गर्ने साथै समयमा योगदान रकम जम्मा भएन भने योगदानकर्ताले पाउने औषधी उपचार, स्वास्थ्य एवं मातृत्व सुरक्षा दुर्घटना र अशक्तता एवं आश्रित परिवार सुरक्षा योजनाको सुविधाबाट समेत वञ्चित हुन्छ।

**सामाजिक सुरक्षा कोषमा आबद्ध हुँदा रोजगारदाता कम्पनीलाई के-के फाइदा हुन्छ ?**

श्रम ऐन २०७४ ले जुनसुकै प्रकारका रोजगारदाताहरूलाई पनि सञ्चाय कोष, उपदान, दुर्घटना तथा स्वास्थ्य उपचार बीमा गराउनु पर्ने भनि कानुनी व्यवस्था गरेको हुँदा एकातर्फ रोजगारदाता कम्पनीलाई यी विभिन्न सुविधाहरू छुट्टाछुट्टै उपलब्ध गराउनुपर्ने झन्झट रहँदैन भने अर्कोतर्फ मर्यादित कार्य वातावरणको सिर्जना हुन गई लगानी मैत्री वातावरणको विकास हुन पुग्छ।

**सामाजिक सुरक्षा कोषको भविष्य कस्तो छ ? यसको दायरलाई कसरी फराकिलो बनाउन सम्भव छ ?**

सामाजिक सुरक्षा योजना नेपालका लागि ब्रेकथ्रु थियो । यसअघि सामाजिक सुरक्षासम्बन्धी धेरै कार्यक्रम थिए । तर, योगदानमा आधारित तथा बृहत् सामाजिक सुरक्षा फ्रेमवर्कभित्र रहेर जन्मदेखि मृत्युसम्म जीवनचक्रमा आइपर्ने सबै किसिमका जोखिमलाई एकद्वार नीतिमार्फत कार्यान्वयन गर्ने गरी सामाजिक सुरक्षा ऐन आयो, त्यसको परिकल्पनाअनुसार सामाजिक सुरक्षा कोषले जिम्मेवारी पाएको हो । यो चुनौती र अवसर पनि थियो । अहिले कानुनी हिसाबले सबै क्षेत्रलाई समेट्ने भएको छ। यसलाई कार्यान्वयन गर्न धेरै काम गर्नुपर्ने छ।

अहिलेसम्म सामाजिक सुरक्षा कोषमा आबद्ध हुने योगदानकर्ताको संख्या ८ लाख नाघिसकेको छ। ४ वर्षको अवधिमा उल्लेखनीय सहभागिता हो। तर, यति भनिरहँदा सामाजिक सुरक्षा योजनामा सामेल हुनुपर्ने सबैलाई समेट्न सकिएको छैन। सुरुको चरणमा औपचारिक क्षेत्रका लागि निजी प्रतिष्ठानका लागि ल्याइएको योजना ३ पल्टसम्म संशोधन भएर योगदानमैत्री बनाउने कार्य सम्पन्न गरेका छौं। आउने दिनमा ३ किसिमकै कार्यविधिलाई एकपल्ट पुनरावलोकन गर्न छलफल भइरहेको छ। योजनालाई थप योगदानकर्तामैत्री बनाउनेमा हामी प्रतिबद्ध छौं। यो कार्यले दायरा विस्तार गर्न सघाउने हाम्रो अपेक्षा छ।

### विदेशमा रहेका नेपालीहरू सामाजिक सुरक्षा कोषमा आबद्ध हुन पाउँछन् कि पाउँदैनन् ?

वैदेशिक रोजगारीमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरू सामाजिक सुरक्षा योजनामा सहभागी हुन पाउँछन्। गैरआवासीय नेपालीका लागि सामाजिक सुरक्षा होइन।

कोही व्यक्ति वैदेशिक रोजगारीमा जान्छ भने उसले सामाजिक सुरक्षा कोषमा आबद्ध नभएसम्म भिसा नपाउने व्यवस्था गरिएको छ। यसबाहेक विदशमै रहेका नेपाली श्रमिक र ती देशमा स्वरोजगारमा रहेका व्यक्ति पनि

### सामाजिक सुरक्षा कोषमा सहभागी हुन पाउनेछन्। कसरी सहभागिता जनाउने ?

वैदेशिक रोजगारीमा रहेको श्रमिकले निवेदन दिँदा श्रमिकको नेपाली नागरिकता वा राहदानीको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि (भारत वाहेक), आफूले श्रम गर्न जान लागेको देश, रोजगारदाता कम्पनी र ठेगाना, नेपालमा सम्पर्क गर्ने व्यक्तिको नाम थर, ठेगाना, नाता, सम्बन्ध र सम्पर्कलगायत विवरण राखेर निवेदन दिनुपर्छ। कोषमा सहभागी हुन अनलाइनमार्फत् नै निवेदन दिन पाइन्छ।

विदेशमा स्वरोजगारमा रहेका नेपाली नागरिकले नेपाली नागरिकता वा राहदानी र भिसाको प्रमाणित प्रतिलिपि, स्वरोजगारसम्बन्धी पेशा वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेसा वा व्यवसायको नाम तथा त्यस्तो पेसा वा व्यवसाय गरेको ठेगाना तथा सम्पर्क नम्बर लगायत विवरण र कोषमा सूचीकृत भएपछि आफूले मासिक रूपमा गर्ने योगदानको रकम खुलाएर कोषमा आबद्ध हुन सक्नेछन्।

नेपाली नागरिकले विदेशमै सूचीकृत हुन पाउने व्यवस्था पनि गरिएको छ तर तत्कालका लागि नयाँ श्रम स्वीकृति लिएर जाने श्रमिकको हकमा मात्र यो सुविधा उपलब्ध छ।

### विदेशमा रहनेले कोषबाट सञ्चालित कुन-कुन योजनामा भाग लिन पाउँछन् ?

वैदेशिक रोजगारीमा रहेका श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरू सामाजिक सुरक्षा कोषका ३ योजनामा सहभागी हुन पाउँछन्। कोषले उनीहरूका लागि दुघर्टना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना सञ्चालन गरेको छ। उनीहरूका लागि औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना भने उपलब्ध छैन।

### योजनामा सहभागी हुन कति योगदान रकम जम्मा गर्नुपर्छ ?

नेपाल सरकारले तोकेको न्यनुतम आधारभूत पारिश्रमिकको कम्तीमा २१.३३ प्रतिशत योगदान गर्नुपर्छ। सो रकम ३ योजनामा निम्न तबरले बाँडफाँड हुनेछ। दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा ७.४८ प्रतिशत र वृद्ध अवस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत।

### बढीमा कतिसम्म जम्मा गर्न सकिन्छ ?

न्यूनतम आधारभूत पारिश्रमिकको ३ गुणासम्म योगदान गर्न सकिन्छ। यसरी जम्मा गरेको बढी रकम वृद्धावस्था सुरक्षा योजनामा जम्मा हुनेछ।

### यी योजनाको लाभ सुविधा कसरी पाइन्छ ?

एक वर्षदेखि कोषमा योगदान गर्दै आएका व्यक्तिले बिमा अन्तर्गतको सुविधा पाउन सक्छ। यसैगरी वृद्धावस्था/अवकास बचत योजनामा योगदान गरेको रकम वैदेशिक रोजगारीबाट फर्केपछि वा निवदेन दिएर ६० वर्ष उमेरपछि पेन्सनको रूपमा फिर्ता पाउन सकिन्छ।

# प्रतिष्ठापूर्ण नेपाली डायस्पोरा

१७-१८ वर्षको युवा उमेरमा अरनिको चीनमा गएर महाचैत्य बनाए, सहरको परिकल्पना गरे, त्यहीअनुसार बस्ती डिजाइन गरेर बसाले । १३औं शताब्दीमा अरनिकोले बनाएको श्वेत चैत्य अहिले पनि बेइजिङमा छ ।

प्राविधिक दृष्टिकोणले हेर्दा विशेषज्ञहरुले डायस्पोरालाई चार तहमा वर्गीकरण गरेको देखिन्छ (क) प्रारम्भको अवस्था, (ख) स्थापित हुन खोजेको अवस्था, (ग) स्थापित भएको अवस्था र (घ) स्थापित भएर परिपक्व भएको अवस्था ।



**डा. दिनेशराज भुजु**

आधुनिक समाजको सिर्जनासँगै यातायातको सुविधा हुन थालेपछि थुप्रै नेपाली विदेश गएका छन् । तर, नेपाल र नेपालीका लागि गैरआवासीय नेपालीको परम्परा नौलो होइन।

त्यसको उदाहरण हो- बहुप्रतिभाशाली वैज्ञानिक, प्राविधिक कलाकार अरनिको । १३औं शताब्दीमा चिनियाँ सम्राट कुब्ले खाँले देश-विदेशबाट विद्वान्, वैज्ञानिक, प्राविधिक भित्र्याउन कोसिस गर्ने सिलसिलामा थुप्रै देशमा अनुरोध पत्र पठाएका थिए। त्यही सिलसिलामा १ हजार २ सय ५० को हाराहारीमा नेपालले ८० जनाको डफ्फा अरनिको नेतृत्वमा पठायो । त्यही बेला-१२७० तिर इटालीबाट मार्कापोलो चीन पुगेका थिए । अरनिकोले नेपालको कलाकृति, वास्तुकला, विज्ञान, प्रविधि, ज्ञान लगे भने मार्कापोलोले व्यापार लगे।

१७-१८ वर्षको युवा उमेरमा अरनिको चीनमा गएर महाचैत्य बनाए, सहरको परिकल्पना गरे, त्यहीअनुसार बस्ती डिजाइन गरेर बसाले। १३औं शताब्दीमा अरनिकोले बनाएको श्वेत चैत्य अहिले पनि बेइजिङमा छ।

चीनमा बस्दा अरनिकोले वास्तुकलाको शिक्षालय पनि सुरुवात गरे, भलै उनी नेपाल फर्किन सकेनन् । नेपाली डायस्पोरा (गैरआवासीय नेपाली)ले देश-विदेशमा नाम कमाएकामा अरनिको नाम अग्रपंतिमा आउँछ। अरनिको नेपाली डायस्पोराको उदाहरण मात्र हो । नेपाली डायस्पोराले इतिहासकालदेखि नै नेपालको प्रतिष्ठा राख्दै आएको बुझिन्छ।

त्यतिखेर नेपाली डायस्पोराहरू छिमेकी मुलुक भारत, तिब्बत, चीन पुग्थे । तर, अहिले त्यो अवस्था छैन । आधुनिक विकासले नेपाली डायस्पोराहरू विश्वभर पुगेका छन्। सबै महादेशहरूमा छाएका छन्।
नेपाली देश बाहिर गए, देश खाली भयो भन्ने भाष्य बनाएर

हामी बढी नकारात्मक सन्देशतिर लागेका छौं । काम वा उच्च शिक्षाका सिलसिलामा देशबाहिर जानु नौलो र अनौठो प्रक्रिया होइन । यो सभ्यताको उषाकालदेखि चलिआएको प्रक्रिया हो । देशभित्रै पनि त हामीहरू एक ठाउँबाट अर्कोमा बसाइँ सरिरहेका हुन्छौं ।

संयुक्त राष्ट्रसंघको प्रतिवेदनअनुसार २८ करोड मानिस आफ्नो देशबाहिर बसिरहेका छन् । यो विश्वको जनसंख्याको ३.६ प्रतिशत हो ।

आजभन्दा सय वर्षअघि चिनियाँहरू कामको सिलसिलामा युरोप जान्थे वा उनीहरूलाई लैजान्थ्ये । त्यतिखेरको काम भनेको युद्ध थियो, युद्धमा खाना, सरसामान ओसार्न र खाल्डा खन्न जान्थे । जापानीहरू पनि अन्य मुलुकमा गएर काम गर्थे । चीन र जापानले अहिले आर्थिक विकास गरेको छ, यसकारण त्यो क्रम कम भएको छ ।

त्यसो त अहिले पनि सम्पन्न मुलुकका नागरिकहरू खाडी देशतिर गइरहेका छन् विशेषज्ञका रूपमा । अहिले पनि चीनका पाँच करोड नागरिक देशबाहिर काम गरिरहेको अनुमान छ । भारतीयहरूको संख्या त्यस्तै धेरै होला । त्यसैले डायस्पोरा नेपाली मात्र हुन् भनेर बुझ्न हुँदैन । एक देशका नागरिक अन्य देशमा गएर काम गर्नु वैश्विक घटना (युनिभर्सल फेनोमेना) हो ।

डायस्पोराले विदेशमा बसिकन पनि आफ्नो देशको अर्थतन्त्रलाई सघाई रहेको देखिन्छ । जस्तै, चीनमा विप्रेषणबाट ६० अर्ब डलर र भारतमा ८३ अर्ब डलर वार्षिक रूपमा भित्रिने रहेछ । नेपाली डायस्पोराले पनि त्यस्तै मद्दत गरेको छ, नेपालको कुल गाहस्र्थ्य उत्पादनको एक चौथाइ विप्रेषणले धानेको प्रतिवेदन हामीले पढिरहेका छौं ।

प्राविधिक दृष्टिकोणले हेर्दा विशेषज्ञहरूले डायस्पोरालाई चार तहमा वर्गीकरण गरेको देखिन्छ (क) प्रारम्भको अवस्था, (ख) स्थापित हुन खोजेको अवस्था, (ग) स्थापित भएको अवस्था र (घ) स्थापित भएर परिपक्व भएको अवस्था ।

प्रारम्भको अवस्थामा तिनले विदेशमा रहेर संघर्ष गरिरहेका हुन्छन् र सकेको कमाई घर परिवारलाई पठाउँछन् । परिवारले घर चलाउन गर्ने खर्च राष्ट्रको बजारमा जाने हो । अन्ततः यसले राष्ट्रिय अर्थतन्त्रलाई सघाउँछ, हैन र ?

दोस्रोमा स्थापित हुँदै गएपछि अन्तर्राष्ट्रिय स्तरको व्यापार प्रवर्द्धन सुरु गर्छन् । नेपालबाट कफी, चिया, छुर्पीलगायतको प्रमोसन गर्दै लैजाने र उताबाट यता ल्याउने काम यो अवस्थाका डायस्पोराले गर्ने गरेका छन् । यसले व्यापार प्रवर्द्धन गरेको छ । तेस्रोमा स्थापितहरूले ठूल्ठूलो लगानी नै सुरु गर्छन् । अस्पताल, बैंक, होटललगायत जहाँ-जहाँ सम्भावना छ, सुरु गर्छन् । चौथोमा कोही-कोही डायस्पोरा नेपाल फर्किन्छन्, अब म आफ्नै देशमा बस्छु भन्ने डायस्पोराले विदेशमा सिकेको सीप, ज्ञान ल्याएर नयाँ व्यवसाय गर्छन् । यो गजबको पाटो हो । विकसित अवस्थामा पुगेकाले ज्ञान, प्रविधि, सीप ट्रान्सफर गर्ने गर्छन् । नेपालमा थोपा सिँचाइ डायस्पोराले भित्र्याएको हो । कफीको इतिहास पनि त्यही छ । त्यतिखेर नेपाली डायस्पोरा भनेका लाहुरे हुन् ।

विदेश गमनको प्रक्रियामा पछिल्लोपल्ट देखा परेको ठूलो अंश उच्च्च शिक्षामा हो । पहिले-पहिले हुने खाने र दरबारनजिकका परिवारले मात्रै यसरी आफ्ना छोराछोरी विदेश पठाउन सक्दथ्ये । अहिले यसमा ठूलो परिवर्तन आएको छ । विद्यार्थीहरूले पढाइको जोहो गर्न त्यहाँ काम पनि गर्छन् । उनीहरूले सक्दो पैसा घरमा पनि पठाउँछन् । यसमा नेपालको मात्र होइन तिनलाई भिसा दिने देशको ठूलो रुचि हुन्छ । किनभने त्यहाँ विद्यार्थीले काम गर्छन् कम तलबमा । यसरी आर्थिक रूपमा जानेभन्दा पनि पुग्ने मुलुकलाई फाइदा हुन्छ । त्यहाँको विश्वविद्यालय चल्ने कुरा बेग्लै छ ।

नेपालीहरू भारतलगायत विभिन्न मुलुकहरूमा जाने गर्छन् । लामो समयदेखि विदेशमा रहेका गैरआवासीय नेपाली र कामको सिलसिलामा कम समयका लागि आतेजाते गर्ने नेपालीहरूको विषयलाई कसरी हेर्ने हो । यसको वर्गीकरण कसरी गरिएको छ, म यसमा अनभिज्ञ छु, यस विषयमा विशेषज्ञहरूले नै व्याख्या गर्नुहुन्छ होला । तर, एउटा कुरा के प्रष्ट छ भने विदेशमा रहेका वा गएका जे जति नेपालीहरू छन् सबै मिहिनेत गर्छन्, दुःखजिलो गरेर सकेको घर खर्च परिवारलाई पठाउँछन् । यसको प्रभाव हामी सहर बजार वा गाउँ-घरतिर देख्न सक्दछौं ।

तिनले खरको छाना फेरर जस्ताको छाना लगाउन सकेका छन् । नानीहरूले सुकिलो लुगा लगाउन सकेका छन्, जाडोमा स्वेटर लगाउन पाएका छन् । दसैंमा केही मिठो खान पाएका छन् ।

डायस्पोराहरू स्थापित हुँदे गएपछि अन्तर्राष्ट्रिय तहमा व्यापार, कारोबार सुरु गर्न सक्छन् । स्थापित भइसकेपछि व्यापारमा लगानी गर्छन् । आफ्नो देशमा पनि उद्योग, बैंक चलाउँछन् । कुनै न कुनै रूपले राष्ट्रिय अर्थतन्त्र बलियो बनाउन मद्दत पुर्याइ रहेको हुन्छ । उच्च शिक्षामा जाने डायस्पोराको संख्या पनि ठूलो छ । शिक्षा हासिल गर्नुको साथसाथै उनीहरूले आफ्नो परिवारलाई पनि सघाई रहेको देखिन्छ । कतिपयले विशेषज्ञका रूपमा, प्राध्यापकका रूपमा राम्रो गरिरहेको अवस्था छ ।

यसबाहेक नेपाली डायस्पोराले नेपाललाई विभिन्न ढंगले सहयोग गर्न सक्छन् । जस्तै, विदेशमा आफू बसेको परिवारलाई तिनले नेपाल घुमाउन ल्याइरहेको हामी देख्छौं । यसबाट नेपालको पर्यटनलाई सहयोग पुग्छ । स्थायी रूपमा विदेशमा बसिरहेका गैरआवासीय नेपाली नेपालको भलाइका लागि निकै राम्रो काम गर्न सक्छन् । नेपाल र उनीहरू बसिरहेको देशका नागरिकबीच सांस्कृतिक सम्बन्ध स्थापित गर्न र त्यसलाई सुदृढ गर्न सक्छन् ।
पछिल्लोपल्ट नेपाली विशेषज्ञहरू विभिन्न मुलुकमा गएर काम गरिरहेका छन् । ख्याति कमाइरहेका छन् । ती विशेषज्ञहरूको कार्यबाट नेपालको सफ्ट पावर बलियो बनाउन मद्दत गर्न सकिन्छ । सफ्टपावरबाट नेपालको प्रचार-प्रसार भइरहँदा नेपालमा पर्यटन प्रवर्द्धन र विभिन्न आर्थिक क्षेत्रहरूमा लगानी बढाउन सहयोग पुग्छ ।

गैरआवासीय नेपाली र नेपालबीचको सम्बन्धलाई दीर्घकालीन रूपमा हेरिनुपर्छ । सुरुमा उल्लेख गरे जस्तै प्रवास जानु अनवरत प्रक्रिया हो । यो चलिरहने छ । मुख्य कुरा यस्तो प्रक्रियाबाट मुलुकले कसरी लाभ लिने र प्रवासी नेपालीलाई कसरी सहयोग गर्ने भन्ने कुरा हो । यसमा दुवै पक्ष लाभान्वित हुने ढंगले सोच्नुपर्छ ।

एउटा खट्किएको कुरा के छ भने अहिलेसम्म पनि हामीसित गैरआवासीय नेपालीहरूको भरपर्दो तथ्यांक छैन । जस्तै, विदेशमा रहेका नेपालीहरू कति जना कृषि विशेषज्ञ, कति जना जलवायु विशेषज्ञ, कति जना प्राध्यापक, कति जना व्यवसायी, कति जना चिकित्सक, आदि हामीसित तथ्यांक छैन । तीन वर्षअघि नेपालको विज्ञान प्रविधि प्रतिवेदन तयार पर्ने क्रममा हामीसित कति विज्ञान तथा प्रविधिसँग सम्बन्धित जनशक्ति रहेछ भन्ने खोजी गरियो । कुल गरेर ९० हजारको हाराहारीमा रहेछ । तीमध्ये विदेशमा कति छन् भनेर खोज्दा त्यो थाहा पाउन सकिएन । यसकारण मुलुकले गैरआवासीय नेपालीबाट लाभ लिने र मुलुकबाट तिनलाई सघाउने हो भने सर्व प्रथमत यस्तो तथ्यांक जरुरी हुन्छ । यो हामीसित छैन ।

डायस्पोराबाट नेपालले लिन सक्ने एउटा लाभ भनेको प्राज्ञिक क्षेत्रमा हो । खासगरी निवृत्तिको उमेरमा पुगेका र स्थापित विशेषज्ञहरू यस्तो कार्यमा सघाउनचाहिँ रहेका हुन्छन् । चीनले केही वर्षअघि चिनियाँ मूलका नोबेल पुरस्कार विजेताहरूलाई ससम्मान आफ्नो मुलुक फर्काएको थियो । अरू देशहरूले पनि यस्तो गरिरहेका छन् । हाम्रै देशले पनि त केही दशक अगाडि यस्तो अभ्यास गरेको थियो, कसरी भुल्न सकिन्छ ?

नेपालका केही विश्वविद्यालयहरूले प्रवासी नेपाली प्राध्यापकहरूसित मिलेर संयुक्त अनुसन्धान परियोजनाहरू चलाइरहेका छन् । विद्यार्थीहरूको अनुसन्धानमा सुपरिवेक्षण गरिरहेका छन् । यसलाई संस्थागत गरेर अझ परिस्कृत र बलियो बनाउन सकिन्छ । नेपाल सरकारले सन् २०१८ मा ब्रेन गेन सेन्टर बनाएको थियो । यसले राम्रो गति लिन सकिरहेको छैन । यसलाई ब्युँताएर सशक्त बनाउनुपर्छ ।

डायस्पोराले शिक्षाबाहेक नीति निर्माण र अनुसन्धानहरूमा पनि सहयोग गर्न सक्ने देख्छु । मुलुकका विभिन्न प्रतिष्ठानहरू, नाष्टलगायतका संस्थाहरू र मन्त्रालयहरू समेतको कार्यमा उहाँहरूको साथ सहयोग लिन सकिन्छ । उहाँहरूले अवैतनिक सल्लाहकार र विशेषज्ञका रूपमा सघाउन सक्नुहुन्छ ।

अब चाँडै नै काठमाडौंमा तेस्रो गैरआवासीय नेपालीहरूको विद्वत सम्मेलन हुँदैछ । सम्मेलनमा दिगो सहरी विकास, कृषि तथा खाद्य सुरक्षा, वातावरण तथा विपद्, विज्ञान-प्रविधि, आर्थिक लगानी, यातायात जस्ता जल्दाबल्दा विषयहरूमा कार्यपत्र प्रस्तुति र बहसका सेसनहरू राखिएको देखिन्छ । यो तेस्रो सम्मेलन हो । यसकारण यसलाई मात्र भेटघाट, जमघट र छलफलमा मात्र नअल्मलिएर एउटा ठोस कार्य योजनासहित यो सम्पन्न हुनुपर्छ भन्ने कुरामा जोड दिन चाहन्छु ।

**(शिक्षाविद् भुजु नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानमा आबद्ध छन्)**



# Empowering Nepal's Future: The NRN Nepal Development Fund

**Anal Raj Bhattarai**

*NAs a limited liability company, NDF boasts an authorized and issued capital of NPR 10 billion, with the Government of Nepal 5%, and NRNs contributing 95%, through an Initial Public Offering (IPO) for NRNs. The fund's investment strategy centers on equity investments and other debts instrument in infrastructure companies, which play a pivotal role in Nepal's development.*

*The NRN Nepal Development Fund, with its unwavering commitment to Nepal's development, exemplary governance, and risk-intelligent approach, stands poised to lead the nation towards a brighter future. By harnessing the collective strength of NRNs, NDF aims to enrich the lives of all Nepalis and contribute to the nation's socio-economic advancement.*

## Introduction:

The Nepal Development Fund (NDF) stands as a beacon of hope, a collective investment initiative aimed at opening doors for Non-Resident Nepali (NRN) investors, both individual and institutional. With a mission to enrich the lives of all Nepalis, NDF seeks to generate employment, create sustainable income sources, and actively engage NRNs in the nation's progress. This article delves into the inception, objectives, and governance principles of NDF, outlining its vision for Nepal's future.

## Inception and Evolution:

The genesis of the NDF dates back to April 4, 2018, when the NRN Association presented a concept paper proposing an investment plan to the Ministry of Finance. This plan aimed to attract NPR 10 billion in investments to fuel diverse projects. A year later, a landmark Memorandum of Understanding (MoU) between the Non-Resident Nepali Association (NRNA) and the Government of Nepal solidified the government's commitment to facilitate NRN investments in Nepal's development. This was followed by key policy developments, including Nepal Rastra Bank's announcement allowing NRNs to establish deposit accounts with repatriation privileges. The Government of Nepal has revised the necessary legal provisions to encourage unrestricted foreign investment from Non-Resident Nepalis (NRN).

## NDF Structure and Investment Focus:

As a limited liability company, NDF boasts an authorized and issued capital of NPR 10 billion, with the Government of Nepal 5%, and NRNs contributing 95%, through an Initial Public Offering (IPO) for NRNs. The fund's investment strategy centers on equity investments and other debts instrument in infrastructure companies, which play a pivotal role in Nepal's development. These companies are those generating a significant portion of their operational revenues from physical infrastructure assets.

## Criteria for Project Investments:

NDF has established a meticulous project investment process encompassing phases such as deal origination, screening, due diligence, approval, structuring, monitoring, management, and governance. Key screening principles include technical feasibility, alignment with Nepal's growth objectives, environmental and social sustainability, and private sector leadership. Feasibility forms the bedrock for investment decisions, particularly in infrastructure projects where cash flow analysis assesses viability and debt repayment capacity.

## Vision and Mission:

NDF's vision is to play a leading role in Nepal's development, while its mission is rooted in improving the quality of life for all Nepalis. To fulfill this mission, NDF is committed to three major goals: attracting NPR 10 billion in investments to Nepal, issuing public shares through an IPO, and actively participating in Nepal's development narrative. Furthermore, NDF seeks to engage in green financing, invest in basic agriculture projects, and offer lines of credit with or without equity conversion options.

## Exemplary Governance:

The NDF Governance Framework embodies a resolute commitment to the highest standards of corporate governance and best practices. This commitment guides all corporate activities, emphasizing accountability, long-term vision, and collective interests. NDF's board, comprising diverse expertise and experience, ensures strict compliance with rules and regulations, upholding the interests of shareholders and stakeholders.

## A Steadfast Commitment to Governance Excellence:

At NDF, our commitment to governance excellence goes beyond mere compliance with regulations; it's ingrained in our culture. We recognize that effective governance is not

just a matter of adhering to rules but of creating an environment where ethical conduct, transparency, and stakeholder value are paramount.

In conclusion, our approach to decision-making, which prioritizes stakeholder impact assessments and transparent reporting, reflects our unwavering dedication to governance excellence. By actively engaging with stakeholders and fostering a culture of responsible decision-making, we strive to ensure that NDF operates at the highest standards of corporate governance, ultimately benefiting all our stakeholders and the communities we serve.

## The Mandate of Our Board:

NDF's board holds overarching responsibility for managing the company's affairs, ensuring long-term prosperity, transparency, and ethical conduct. The board convenes regularly to set strategic objectives, approve budgets, scrutinize accounts, and evaluate major investment decisions.

## CEO's Leadership:

The CEO, as the leader of the executive management team, manages day-to-day operations while reporting to the board. The CEO plays a pivotal role in executing NDF's strategies within the operational purview.

## Our team

Our team of seasoned risk advisory service specialists possesses an intricate understanding of the complexities within the business environment. We engage in close collaboration with our portfolio companies, working hand-in-hand to craft holistic solutions that effectively address the full spectrum of risks they may encounter. At NDF, our approach is not one-size-fits-all; instead, we take a meticulous approach to design tailored solutions that precisely target the unique risk factors and concerns of each portfolio company.

## Empowering Decision-Making and Maximizing Stakeholder Impact

Aligned with our unwavering commitment to robust corporate governance, we entrust primary decision-making authority to our executive management team. However, what sets our approach apart is the significant emphasis we place on conducting thorough stakeholder impact assessments during the decision-making process. This approach is instrumental in ensuring that our decisions not only benefit the organization but also align with the best interests of our stakeholders.

Our executive management team diligently evaluates the potential impact of decisions on stakeholders, taking into consideration the diverse interests and needs of all parties involved. This holistic approach goes beyond mere financial considerations, encompassing social, environmental, and ethical dimensions. By placing stakeholders at the forefront of our decision-making process, we actively engage with and respond to their concerns and expectations.

## Regular Reporting and Enhanced Risk Management:

To further fortify our governance and risk management mechanisms, our executive management team maintains a continuous and open line of communication with our board of directors. They provide regular reports that offer insights into the decision-making process, the outcomes of stakeholder impact assessments, and the rationale behind key decisions.

This transparent reporting not only fosters accountability but also enhances our risk management and internal control systems. By keeping the board informed, we enable them to exercise effective oversight of the responsibilities delegated to the executive management team. This multi-layered approach to governance ensures that our operations remain aligned with our organizational objectives while mitigating

risks and promoting responsible decision-making.

### Risk Management and Resilience:

NDF adopts a risk-intelligent approach, woven into its DNA, to navigate today's complex business landscape. This approach focuses on managing and optimizing risk, ensuring resilience, and capitalizing on opportunities while adhering to regulatory frameworks.

### Risk-Intelligent Approach:

NDF's risk management framework includes structured risk assessment, robust tracking and measurement mechanisms, and resource allocation based on a deep understanding of risks. Tailored risk advisory services empower portfolio companies to address emerging risks, stay prepared for disruptions, and create value through intelligent risk-taking.

Armed with a deep understanding of the risk profiles of our portfolio companies, NDF tailors a comprehensive range of risk advisory services aimed at safeguarding and bolstering these businesses. Our Risk-Intelligent approach empowers our portfolio companies to:

**1.** Focus on Areas with Heightened Risk: We help identify and prioritize areas with heightened risk, allowing companies to allocate resources and attention effectively where it matters most.

**2.** Address the Full Spectrum of Emerging Risks: Our holistic approach covers the entire spectrum of emerging risks, from financial and operational to regulatory and environmental, ensuring comprehensive protection.

**3.** Stay Prepared for Technological Disruptions: In today's rapidly evolving technological landscape, we assist companies in staying ahead of disruptions by anticipating tech-related risks and helping them adapt and thrive.

**4.** Develop Crisis Preparedness Strategies and Resilience: We collaborate with portfolio companies to craft crisis preparedness strategies, enhancing their ability to weather unexpected challenges while building resilience.

**5.** Embrace Intelligent Risk-Taking as a Catalyst for Value Creation: NDF encourages portfolio companies to view risk not merely as a threat but as an opportunity. Our approach empowers them to intelligently assess and take calculated risks that can drive value and innovation.

**6.** Design Governance Frameworks and Risk Management Models: We assist in establishing robust governance frameworks and risk management models tailored to the specific needs and structures of each company, ensuring compliance and accountability.

**7.** Enhance Business Processes and Craft Business Continuity Plans: By optimizing business processes and formulating effective business continuity plans, we help portfolio companies maintain operations even in the face of adversity.

In essence, our Risk-Intelligent approach equips portfolio companies with the tools, strategies, and insights necessary to not only navigate the complex landscape of risks but also to leverage these challenges as opportunities for growth and sustainable success.

Conclusion:

The NRN Nepal Development Fund, with its unwavering commitment to Nepal's development, exemplary governance, and risk-intelligent approach, stands poised to lead the nation towards a brighter future. By harnessing the collective strength of NRNs, NDF aims to enrich the lives of all Nepalis and contribute to the nation's socio-economic advancement.

# एनआरएनएको परिकल्पना

त्यतिखेर केहीले यतिधेरै नेपाली संघ-संस्था छ, किन फेरि संस्था खोल्ने भनेर पनि भनेको थिएँ, हामी यस्तो संस्था खोल्छौं । यसमा सबै गैरआवासीय नेपाली अट्छन् ।

गैरआवासीय नेपाली अभियान ३० महिना शान्त भएर काम गर्छ, तीन-चार महिना पाउने भएर अलि हल्ला हुन्छ । वास्तवमा गैरआवासीय नेपालीको बीचको साझा उद्देश्य बनाउने । यसमा कुनै पनि प्रकारको मतभिन्नता छैन ।

भने । मैले त्यतिखेर

नेतृत्वको विषयले प्रवेश छ, देशलाई समृद्ध





**डा. उपेन्द्र महतो**

गैरआवासीय नेपाली एक अभियान हो, जुन आज २० वर्ष पुगेको छ। सन् २००३ मा यसको परिकल्पना गर्दै हामीले सबै गैरआवासीय नेपाली समेट्ने लक्ष्य राखेका थियौं। यो अभियानको सुरुवातको बेग्लै कथा छ। त्यतिबेला मैले रसियामा पढाइ पूरा गरिसकेको थिएँ। त्यतिखेर रसियामा न्यू इकोनोमी पोलिसी सुरु भएपछि विदेशीहरूले पनि व्यवसाय गर्ने अवसर पाए। त्यही अवसरमा मैले पनि रसियामा व्यवसाय गर्न सुरु गरेको थिएँ।

व्यवसायको क्रममा आफ्ना कम्पनीका मेनेजरलाई समेत विभिन्न देश जाने क्रममा विमानस्थल जाँदा नेपाली पासपोर्ट हेरेर 'प्लिज वेट' भन्ने गरेको अनुभव पाएँ। कालो कपाल भएका त्यसमा पनि नेपाली भनेपछि छुट्टै ठाउँमा राखिदिन्थे। मलाई नराम्रो लाग्थ्यो। मैले लगेका कर्मचारीलाई राम्रो व्यवहार हुने तर ममाथिको व्यवहार ठीक नभएपछि मलाई लाग्यो, जबसम्म देश धनी हुँदैन, जबसम्म देश गरिब नै हुन्छ। तबसम्म हेपाहा दृष्टिबाट हेरिन्छ। देश धनी भएपछि तिमी व्यक्तिगत रूपमा कुन आर्थिक स्थितिको हो भनेर अर्थ राख्दैन।

यसरी विदेशमै बसेर पनि देशलाई के योगदान गर्न सकिन्छ कि भनेर सोच्न थालें। रसियाबाट अन्य देशमा जाँदा नेपालीको संख्या थुप्रै देखें विदेशमा रहेका सबै नेपालीलाई समेटेर देशका लागि केही गर्ने हो भने देश बन्छ भन्ने लाग्यो। किनभने सबै देश त्यहींको मान्छेले बनाएका हुन्। नेपाल र नेपालीले मिलेर किन देश नबनाउने भन्ने भाव जाग्यो। त्यतिखेर जीवा लामिछाने, यमुना घलेजीहरूसँग बसेर छलफल गर्न थालें। नेपालीहरू संसारभर छरिएर बहुराष्ट्रिय कम्पनी र यूएनका ठूल्ठूला पदमा बसेर काम गरिरहेका थिए। आफ्ना रेस्टुरेन्ट, ग्रोसरी, पेट्रोलपम्पसहित व्यापार मध्यम वर्गीय त दशौं हजारको संख्यामा थिए। त्यसबाहेक मलेसियासहित खाडीमुलुकमा पनि थुप्रै नेपाली रहेको हामीले पायौं। विदेशमा रहेका सबै नेपालीलाई देश बनाउने अभियानमा सामूहिक रूपमा जोड्न सकियो भने धेरै राम्रो हुन्छ भन्ने

थियो । तर, त्यतिकै त जोड्न सकिँदैन । त्यसपछि साझा संस्थाका रूपमा अभियान सुरु गरौं भन्ने भयो । त्यतिखेर केहीले यतिधेरै नेपाली संघ-संस्था छ, किन फेरि संस्था खोल्ने भनेर पनि भने । मैले त्यतिखेर भनेको थिएँ, हामी यस्तो संस्था खोल्छौं । यसमा सबै गैरआवासीय नेपाली अट्छन् । देशप्रति माया भएका सबै जोडिने संस्थाका रूपमा अगाडि बढाउनुपर्छ । मेरो मत थियो, छाता संगठन पनि होइन, साझा संस्थाका रूपमा अघि बढ्नुपर्छ, जो नेपाललाई कसरी समृद्ध र विकसित देश बनाउने भनेर अगाडि बढ्नेछ । मैले साथीहरूलाई जहिल्यै भन्ने मुख्य तीन उद्देश्य हुनुपर्छ- विश्वभर छरिएर रहेका नेपालीको साझा संस्था हुनुपर्‍यो ।

नेपालबाहिर जुनसुकै ठाउँमा कुनै पनि नेपालीलाई केही आइपर्दा बोलिदिने संस्थाका रूपमा अगाडि बढ्नुपर्छ । अर्को, हामीबीच पनि विभिन्न देश छरिएर बसेका छौं- व्यवसायी, डाक्टर, इन्जिनियर, प्राध्यापकबीच परिचय छैन । संस्थागत रूपमा गएमा नटवर्क बढाउँछ र कुनै न कुनै रूपमा नेपालका लागि काम गर्न सकिन्छ भन्ने निष्कर्ष थियो । तेस्रो, हामीले विदेशमा कमाएको सीप, पुँजीमध्ये केही प्रतिशत नेपालको विकासका लागि लगाऔं । यसरी तीनवटा थिममा कुरा गर्दै जाँदा सबैलाई राम्रो लाग्यो । र, गैरआवासीय अभियानका रूपमा सुरुवात भएको हो । गैरआवासीय अभियान सुरु भएको २० वर्ष पुगेको छ ।

गैरआवासीय नेपालीलाई संस्था होइन, यो अभियान हो । सुरुदेखि नै अभियानका रूपमा अघि बढेको हो । जबसम्म नेपाल समृद्ध बन्दैन, तबसम्म यो अभियान निरन्तर रहन्छ । गैरआवासीय नेपाली अभियानमा विश्भर छरिएर रहेका नेपाली अट्छन् । तर, संस्थामा नअट्न पनि सक्छन् । संस्थामा अट्नका लागि नाम दर्ता गर्नुपर्छ, भोट खसाल्नुपर्छ । निर्वाचन प्रक्रिया छन्, ती आफैंमा ब्युरोक्र्याटिभ हुनसक्छन् । तर, अभियानमा कुनै समस्या हुँदैन । अभियानमा साझा उद्देश्य छ, व्यक्ति सानो ठूलो भन्ने हुँदैन सबै मिलेर जाने हो । सबै मिलेर अघि बढ्ने हो । यो २० वर्ष संस्थाको होइन अभियानको हो ।

शतप्रतिशत सफल अभियान

२० वर्षको अवधिमा गैरआवासीय नेपाली अभियान शतप्रतिशत सफल भएको छ । यो अभियानमा प्रत्येक नेपाली जोडिएका छन् । विभिन्न संघ-संस्था, विभिन्न राजनीतिक विचारधारा पनि बोक्नेहरू पनि अभियानमा जोडिनुभएको छ । हामी सबैको एउटै उद्देश्य के हो भने देशलाई समृद्ध बनाउनुपर्छ, देशको समृद्धिका लागि आआफ्नो क्षमताअनुसार एकजुट भएर अघि बढ्नुपर्छ भन्नेमा दुईमत छैन । यद्यपि, उद्देश्य प्राप्तिका लागि अझै केही गर्नुपर्ने छ ।

आरोह अवरोध आएको भनेको संस्थामा हो । ८६ वटा देशमा रहेको निकै महत्व पाएको संस्था हो । त्यही भएर पनि स्वाभाविक रूपमा को अध्यक्ष बन्ने, नेतृत्वमा जाने भनेर हानथाप हुनु स्वाभाविक हो । संस्थाभित्र पसेपछि भोलि नै सर्वमान्य व्यक्ति भइहालिन्छ कि भन्ने भ्रम पनि केहीमा हुनसक्छ । महात्वकांक्षाको भोक पनि हुनसक्छ । गिरिजाबाबुदेखि अहिले नेतृत्वमा रहेका सबै नेताहरूले मलाई भन्नुहुन्यो, साझा संस्थाका रूपमा अगाडि बढाउनुहोस् । तर, पछिल्लो समय केही राजनीतिक दलका नेताहरूले यो संस्थाभित्र प्रभाव पार्न खोजेको जस्तो देखियो । त्यसले केही अन्योल हुनसक्छ । तर, हामी के विश्वास दिलाउन चाहन्छौं भने गैरआवासीय नेपाली अभियान देशको विकास र समृद्धिका लागि अगाडि बढाउने सवालमा कसैमा पनि दुईमत छैन । गैरआवासीय नेपाली अभियानमा कुनै समस्या छैन, कुनै स्वार्थ छैन । यो अभियान सफल बनाउन प्रत्येक नेपालीदेखि राजनीतिक दलको पनि सहयोग छ ।

### फर्केर हेर्दा

२० वर्षमा के-के भयो भनेर फर्केर हेर्दा सबैभन्दा ठूलो काम, विश्वभर छरिएर रहेका गैरआवासीय नेपालीलाई गोलबद्ध गर्‍यौं, एक ठाउँमा बाँध्न सफल भयौं । उहाँहरूमा नेपालप्रतिको माया जगाउन सकेका छौं, नेपाल मेरो देश हो भन्ने भावना जगाउन सकेका छौं । र, नेपालका लागि मैले केही गर्नुपर्छ भन्ने जिम्मेवारी बोध गराउन सकेका छौं । यी सबैभन्दा ठूलो सफलता हो ।

नेपाललाई समृद्धि बनाउने सवालमा अझै धेरै काम गर्न बाँकी छ । समृद्ध नेपालका लागि गैरआवासीय नेपाली काँधमा काँध जोडेर अगाडि बढ्न तयार छन् । नेपालमा गैरआवासीय नेपालीको लगानी, गैरआवासीय नेपालीको सीपको प्रयोगका कुरामा केही काम हुन बाँकी छ । सधैं नेपाल सरकारले गरेन, यो भएन, त्यो भएन भन्नुभन्दा पनि

हामी आफैंले इनिसेसन लिएर अगाडि बढ्नुपर्ने बेला आएको छ। अब गैरआवासीय नेपालीको पुंजी र सीपको प्रयोग गरेर देश समृद्ध बनाउन बौद्धिक जमात पनि तयार भइसकेको छ।

## सामूहिक लगानीको आवश्यकता

अहिलेसम्म व्यक्तिगत रूपमा धेरै लगानी आइसकेको छ। बैंक, बिमा, जलविद्युत्, शिक्षा, स्वास्थ्य, होटल, पर्यटनमा क्षेत्रमा गैरआवासीय नेपालीको व्यक्तिगत लगानी आएको छ। पछिल्लोपटक स्वदेश फर्किएकाहरूले कृषिमा लगानी बढाएका छन्। तर, सामूहिक रूपमा ठूलो लगानी गर्नुपर्ने आवश्यकता छ । त्यसका लागि गैरआवासीय नेपाली संघले एनआरएनए फन्ड स्थापना गरेको छ। यो फन्डमा अर्बौं डलर भित्रिन्छ। र, ठूलो लगानी एउटाको मात्र नभई साझा होस् भनेर हामीले सीमा पनि तोकेका छौं, १० करोडभन्दा मुनिमात्र लगानी गर्न पाउने भनेर। अब समृद्ध नेपाल बनाउने बेला आइसकेको छ। नेपाल सरकारले पनि एनआरएनए लगानी भित्रायाउन लागि आवश्यक पर्ने ऐन, कानुन पनि ९० प्रतिशत बनाइसकेको छ । दुई-चार महिनाभित्रै यो फन्ड सुरु हुने विश्वास छ । र, फन्डले सम्भावना बोकेको क्षेत्रमा लगानी गर्नेछ।

एनआरएनए फन्डले लङ्टम इन्भेस्ट गर्छ। आज लगानी गरेर भोलि नै फाइदा खोज्नेभन्दा पनि देशलाई समृद्ध बनाउने अभियान हो । त्यसका लागि धेरै र लामो समयसम्म लगानी गर्नुपर्ने छ । नतिजा पनि विस्तारै आउनेछ। यति मात्र होइन, देशलाई समृद्ध बनाउने र ठूलो रोजगारी सिर्जना गर्ने क्षेत्रमा फन्ड लगानी गर्न नेपाल सरकारसँग कुरा भइरहेको छ।

एनआरएनए लगानी भित्रायाउन हामी तत्पर छौं, तर केही हदसम्म सरकार पनि ढिलो गरिरहेको छ । सरकार, राजनीतिक दलका नेताहरूले नबुझेर होइन, कि कामको प्रक्रिया नै यति लामो छ, कि त्यही भएर ढिलो भइरहेको देखिन्छ।

## दोस्रो पुस्तालाई जोड्न, गैरआवासीय नेपाली नागरिकता आवश्यक

यसअघि गैरआवासीय नेपाली नागरिकताको सवाल थियो। २०७२ को संविधानमा यो विषय समावेश भयो, अहिले ऐन बनेको छ । किन गैरआवासीय नेपाली नागरिकता चाहियोभन्दा दोस्रो पुस्तालाई जोड्न हो । आफ्नै देश फर्किंदा पनि विदेशी भएर आउन नपरोस् भनेर नागरिकता चाहिएको हो। नेपाली नागरिक भएर आउँदा नेपालप्रतिको माया झन् बढेर आउँछ। गैरआवासीय नेपालीको काँधमा जिम्मेवारी आएको छ । जुन समृद्धिको सपना हामीले बोकेका छौं, त्यसलाई सफल बनाउन पुँजी, सीपबाट योगदान गर्ने।

## मतभिन्नता छैन

अहिले गैरआवासीय नेपालीमा केही मतभिन्नता भएको देखिएको हुनसक्छ । ६० लाख गैरआवासीय नेपालीमा मुस्किलले पाँच सयमा केही मतभिन्नता हुनसक्छ । ती पाँच सयको कुरा सुनेर ६० लाख गैरआवासीयले गर्न खोजेको विषयमा हतोत्तसाह गर्दैनौं। पाँच सयले पनि हरेक वर्ष तीन महिना मात्र हल्ला गर्ने हो, नेतृत्वका लागि । त्यसपछि सबै शान्त हुन्छन् । गैरआवासीय नेपाली अभियान ३० महिना शान्त भएर काम गर्छ, तीन-चार महिना नेतृत्वको विषयले प्रवेश पाउने भएर अलि हल्ला हुन्छ। वास्तवमा गैरआवासीय नेपालीको बीचको साझा उद्देश्य छ, देशलाई समृद्ध बनाउने । यसमा कुनै पनि प्रकारको मतभिन्नता छैन।

अन्त्यमा, सबै मित्रहरूलाई गैरआवासीय नेपाली दिवसको शुभकामना दिन चाहान्छु। र, आउन लागेको दसैं, तिहार, छठ पर्वको उपलक्ष्यमा हार्दिक शुभकामना दिन चाहान्छु। साथै प्रत्येक नेपालीहरू सुखी हुन्, स्वस्थ हुन्, समृद्ध हुन् भन्ने भगवानसँग प्रार्थना गर्न चाहान्छु।



# नेपाली डायस्पोरा र नेपाल



जीवा लामिछाने

डायस्पोराहरुको अस्तित्व र परिचयको सर्वोच्च स्वरुप तिनको साझा भूमि अर्थात् मूल देश हो । उनीहरु मूल देशसँग जोडिएको जरालाई अझ सुदृढ बनाउन चाहने रहेछन् । त्यसैले आफ्नो मातृभूमिको सामाजिक र आर्थिक रुपान्तरणमा विशेष योगदान पुऱ्याउने चाहना संसारभरिका डायस्पोराको समान चरित्र हो । त्यस अर्थमा विविध कारणबाट आफ्नो थातथलो छाडेर संसारका धेरै देशमा आ-आफ्नै सुख, दु:ख सँगै हाम्रो मूल देश नेपालको विकास, शान्ति र समुन्नतिको सपना बोकेर छरिएको गैरआवासीय नेपाली समुदाय हाम्रो डायस्पोरा हो ।

सुन्दा जतिसुकै अप्रिय लागे पनि आज हामीसँग सहजै उपलब्ध हुने भनेकै हाम्रा पौरखी हात हुन, हाम्रो श्रम हो । जबसम्म देशमा प्रसस्त उद्योग धन्दा खुलेर रोजगारीका अवसर प्राप्त हुँदैनन्, बिदेसिने क्रम चली नै रहनेछ । हाम्रो प्रयत्न त्यसरी बिदेसिएका हाम्रा दाजुभाइ दिदीबहिनी र तिनका भावी सन्ततिले नेपाललाई नबिर्सिऊन्, विदेशी भूमिमा नेपाली संस्कृति र परम्पराको जगेर्ना गर्न सकून् भन्नेतिर केन्द्रित हुनुपर्छ ।

## आप्रवासन : विश्वव्यापी परिघटना

मानव सभ्यताको सुरुआतसँगै बसाइँसराइ सुरु भएको हो। यथार्थमा, आप्रवासन निरन्तरको एक खोजी कार्य जस्तै हो। बीसौं शताब्दीको सुरुआतसँगै र विशेषगरी विश्वव्यापीकरणको तीव्रतासँगै आप्रवासन व्यापक र विश्वव्यापी फेनोमेननका रूपमा देखा पर्‍यो। सन् २०२० मा प्रकाशित संयुक्त राष्ट्र संघको एक तथ्यांकअनुसार संसारमा अहिले २८ करोड पहिलो पुस्ताका आप्रवासी छन्। यदि आप्रवासीहरूको मात्रै छुट्टै कुनै देश हुने हो भने ब्राजिल र अर्जेन्टिना दुवै देशको संयुक्त जनसंख्यालाई जित्ने रहेछ। पहिलो पुस्ताका आप्रवासीहरूले विश्व जनसंख्याको ३.६ प्रतिशत जनसख्या ओगट्ने अनुमान रहेछ। सबैभन्दा बढी आप्रवासीहरू भारतीय मूलका छन्, उनीहरूको संख्या १ करोड ८० लाख रहेको अनुमान छ। त्यसैगरी मेक्सिको र रुसी डायस्पोराको संख्या १ करोडभन्दा केही बढी छ। चीन, बंगलादेश, सिरिया, युक्रेन, पाकिस्तान आदि देशका डायस्पोराको संख्या पनि निकै ठूलो छ। ठूलो संख्यामा आप्रवासीहरू जाने गन्तव्य मुलुकमा अमेरिका, जर्मनी, रुस, साउदी अरब, बेलायत, यूएई, फ्रान्स, अस्ट्रेलिया र स्पेन पर्छन्।

आप्रवासनलाई बहुधा 'ब्रेन ड्रेन'का रूपमा हेर्ने चलन छ। तर, त्यो सोचाइ बिस्तारै बदलिँदो छ। सूचना प्रविधिको विकासले अब भौगोलिक अवस्थिति त्यति महत्वपूर्ण छैन, जति विगतमा थियो। अब मान्छेले जहाँ बसेर पनि बौद्धिक र आर्थिक योगदान दिन सक्छ। आजको युग 'ब्रेन गेन', 'ब्रेन सर्कुलेसन'को युग यो। आज विश्वका धेरै अल्पविकसित देशमा 'डायस्पोरा' र 'विकास' शब्द एक अर्काका पर्यायवाचीजस्तै बनेका छन्। तिनले पठाउने रेमिटेन्सदेखि आदानप्रदान गर्ने ज्ञानले मातृभूमिको समुन्नतिमा ठूलो भूमिका खेलिरहेको हुन्छ। वैदेशिक लगानी, व्यापार, प्रविधिमा पहुँच र आर्थिक सहयोग आदि सबै क्षेत्रमा सबै डायस्पोराहरूको पहुँच झन्-झन् बढिरहेको छ। नेपाली डास्यपोरा त्यसको अपवाद होइन।

## नेपाली डायस्पोरा

धेरैलाई मन नपरे पनि अब अन्तर्राष्ट्रिय मञ्चहरूमै औपचारिक रूपमा हाम्रो जस्ता समुदायलाई डायस्पोरा नै भन्ने चलन स्वीकृत भइसकेको छ। आज स्वेच्छाले वा बाध्यतावश जे भए पनि साझा भूमि भएका आप्रवासी मानिसहरूको समूहलाई डायस्पोरा भन्ने शब्दले परिभाषित गर्ने चलन छ। विदेशमा बस्ने नेपाली समुदाय छोटो अवधिमै डायस्पोराका रूपमा विकसित भइसकेको छ। सन् १८१४-१६ को नेपाल ब्रिटिस-भारत युद्धपछि ५००० नेपाली जवानहरूलाई ब्रिटिस इन्डियाले गोर्खा रेजिमेन्टमा भर्ती लिएको थियो। त्यसपछि चिया बगानका कामदार, सुरक्षा, पशुपालन आदिका लागि पनि नेपालीहरू बसाइँ सर्न थालेको इतिहास छ। सन् १९५० मा राणा शासनको अन्त्यपछि सानो संख्यामा नेपालीहरू अध्ययनका लागि विदेशतिर जाने गरेको उल्लेख पाइन्छ। दरबारको वैवाहिक सम्बन्धले दाइजोमा चीन गएर उतै हराएका नेपालीको कथा वा ब्रिटिस गोर्खामा भर्ती सँगै बिदेसिएका नेपालीको व्यथालाई पहिल्याउँदै जाँदा हाम्रो डायस्पोराको इतिहास पनि निकै पुरानो र समृद्ध छ। तर, ब्रिटिस गोर्खामा भर्ती हुने परम्परा करिब २ सय वर्षअगाडि नै सुरु भए पनि बिदेसिने नेपालीको संख्या निकै सीमित थियो। २०४६ को परिवर्तनपछि मात्र ठूलो संख्यामा नेपाली विदेश जान थालेका हुन्। फलस्वरूप नेपालको कृषिमा आधारित अर्थतन्त्र विस्तारै रेमिट्यान्समा भर पर्ने अवस्थामा ढल्किँदै गयो। यही क्रममा माथि उल्लेख गरिएका देशहरूमा छरिएर रहेका गैरआवासीय नेपालीहरूको संख्या अब करिब ५०-६० लाख भइसकेको हाम्रो अनुमान छ। अर्थात् मुलुकको १७-२० प्रतिशत मूलतः युवा जनसंख्या विदेशमा छ। यसमध्ये केही नेपाली फर्कने छन्, केही उतै रहेर हाम्रो डायस्पोरालाई संमृद्ध बनाउनेछन्, मुलुकको विकास र समुन्नतिमा योगदान दिने छन्।

डायस्पोराहरूको अस्तित्व र परिचयको सर्वोच्च स्वरूप तिनको साझा भूमि अर्थात् मूल देश हो। उनीहरू मूल देशसँग जोडिएको जरालाई अझ सुदृढ बनाउन चाहने रहेछन्। त्यसैले आफ्नो मातृभूमिको सामाजिक र आर्थिक रूपान्तरणमा विशेष योगदान पुर्‍याउने चाहना संसारभरिका डायस्पोराको समान चरित्र हो। त्यस अर्थमा विविध कारणबाट आफ्नो थातथलो छाडेर संसारका धेरै देशमा आ-आफ्नै सुख, दुःख सँगै हाम्रो मूल देश नेपालको विकास, शान्ति र समुन्नतिको सपना बोकेर छरिएको गैरआवासीय नेपाली समुदाय हाम्रो डायस्पोरा हो।

पहिलो पुस्ताका यी नेपालीहरूका इच्छा, आकांक्षा, खुसी,

आक्रोश, संवेदना सबै अझै पनि नेपालसँग जोडिएका छन्। हामी भन्छौं हाम्रा जराहरू निकै दह्रोसँग नेपालकै भूमिमा गाडिएका छन् । हाम्रो मन यता छ, शरीर उता छ । मुलुकविहीन प्यालेस्टाइन जस्ता डायस्पोरालाई देश चाहिएको छ र ती त्यसैका लागि संघर्षरत छन्, सघाइरहे छन् । आफ्नो मूलदेश भएका डायस्पोरा भने ती देशलाई समृद्ध र सुदृढ बनाउने अभियानमा लागेका छन् । किनभने मातृभूमिको समृद्धिमा डायस्पोराको इज्जत, सम्मान र सुरक्षा आधारित हुन्छ, समग्र मूल्यांकन हुन्छ । त्यसैले नेपालको समुन्नतिमा हाम्रो भावनात्मक चासो छ।

मातृभूमिप्रति हामी सबैका व्यक्तिगत दायित्व छँदैछन्, जसलाई हामीले आ-आफ्नो ढङ्गले पूरा गर्दै आएका पनि छौं। तर, आर्थिक, सामाजिक र राजनीतिक संक्रमणको जुन जटिल स्थितिबाट नेपाल गुज्रिरहेको छ, त्यस्तो संवेदनशील परिस्थितिमा सीमित आन्तरिक स्रोत-साधनले मात्र देशले विकासको अपेक्षित फड्को मार्न सक्दैन । यस्तो कठिन कालमा अन्य वैदेशिक लगानीका संभावनाहरू सीमित हुनु स्वाभाविक हो । सामान्य अवस्थामा समेत दुई डिजिटको तीव्र आर्थिक वृद्धिको घोडामा सवार हाम्रा ठूला छिमेकीको तुलनामा वैदेशिक लगानीलाई आकर्षित गर्ने दौडमा हाम्रो मुलुकपछि पर्नु अवश्यंभावी छ भने, लामो र जटिल संक्रमणले त्यसलाई झनै न्यून बनाएको छ । त्यसैले मुलुकले एकीकृत गैरआवासीय नेपाली समुदायले त्यही 'ग्याप' लाई भर्न सक्छन् भन्ने अपेक्षा राखेको छ । तर, पहिलो पुस्ताको डायस्पोरा भएकाले हाम्रा व्यक्तिगत संभावनाहरू सीमित छन् । व्यक्तिगत प्रयास मात्रले मुलुकमा सार्थक परिणाम ल्याउन सक्दैन । यो पृष्ठभूमिमा हामी अझ संगठित भएर सामूहिक ढंगले गयौं भनेमात्र गहकिलो योगदान गर्न सकिन्छ भनेर सन् २००३ मा संगठित प्रयत्न स्वरूप गैरआवसीय नेपाली संघको स्थापना भएको हो।

यो अभियान र संगठित प्रयत्नले आज हामीमा मातृभूमिप्रतिको सामूहिक दायित्वबोध र समर्पित भावका साथ एकत्रित भएर अगाडि आउनुपर्छ भन्न चेतना जागृत गरेको छ। हामीसँग विश्वका कुनै डायस्पोरासँग नभएको अत्यन्त गर्व गर्न लायक ८५ देशमा विस्तारित फराकिलो संगठन छ अनि संसारभरि निरन्तर फैलिरहेको नेपाली समुदायको अनन्तः उत्साह छ।

नेपाली डायस्पोरा संख्यात्मक मात्रै नभएर गुणात्मक रूपमा पनि वृद्धि हुँदै गइरहेको छ । त्यहाँ नेपाली मुलका वैज्ञानिक छन्, चिकित्सक छन्, नीति निर्मातादेखि उद्यमी-व्यवसायी, प्राध्यापक, इन्जिनियर र साहित्यकार छन् । मंगल ग्रहमा पानी रहेको तथ्य पत्ता लगाउने नासाको टिममा रहेका लुभेन्द्र ओझा छन् भने मरेको मानिसको मुटु जिउँदो मानिसमा प्रत्यारोपण गर्ने सल्य चिकित्सक कुमुद धिताल पनि हाम्रै डायस्पोराका सदस्य हुन् । प्रसिद्ध शेफ सन्तोष शाह हाम्रै दाइभाइ हुन् भन्दा हामीलाई गर्व लाग्छ । यी त केवल प्रतिनिधिमूलक नाम मात्रै हुन् । अनेक क्षेत्रमा सफलताको शिखर चुमेका नेपालीहरूको ठूलो संख्या अहिले विदेशमा क्रियाशील रहेको छ । यो युग ब्रेन ड्रेनको युग होइन यस्ता प्रतिभाहरूलाई जन्मभूमिसँग जोडेर ब्रेन गेन गर्ने युग हो, ब्रेन सर्कुलेसन गर्ने युग हो। हाम्रो संगठिन प्रयत्न तिनलाई कसरी नेपालसँग जोडिराख्ने भन्ने नै छ।
नेपाली डायास्पोराले मातृभूमिमा कसरी योगदान गरिरहेको छ ?

## लगानीमार्फत विकासमा योगदान

संख्यात्मक मात्र होइन गुणात्मक रूपले विस्तारित हुँदै गएको नेपाली डायस्पोराले नेपालका जलविद्युत्, बैंकिङ, पर्यटन, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा अहिले नै उल्लेख्य आर्थिक लगानी गरिसकेको छ। हामीले नदेखिने ढंगले संसारभरिका नेपालीले आ-आफ्ना गाउँठाउँमा एक्लै वा सामूहिक रूपमा विभिन्न क्षेत्रमा धेरै सानासाना लगानी गरेका छन् । ग्रामीण अर्थतन्त्रलाई चलायमान राख्न, रोजगारी सिर्जना गर्न तिनको प्रभाव धेरै ठूलो छ। यद्यपि डायस्पोराको क्षमताअनुसार यी लगानीहरू पर्याप्त छैनन्। मुलुकमा नीतिगत सुधार हुँदैजाँदा लगानीको यो क्रम बढ्ने छ, डायस्पोरा झन्-झन् मुलुकसँग एकाकार हुँदै जानेछ।

## रेमिट्यान्समार्फत अर्थतन्त्रको गतिशीलतामा योगदान

हाम्रो अर्थतन्त्रलाई गतिशील बनाउने रेमिटेन्सले खेलेको भूमिका कति महत्वपूर्ण छ, त्यो यहाँ व्याख्या गरिराख्नुपर्छ जस्तो मलाई लाग्दैन । नेपालले प्राप्त गर्ने रेमिट्यान्स नेपालको कुल गार्हस्थ्य उत्पादनको करिब २४ प्रतिशत छ,

जुन विश्वमा तेस्रो र दक्षिण एसियामा सबैभन्दा ठूलो अनुपात हो । नेपालको गरिबी निवारणमा रेमिट्यान्सले उल्लेखनीय भूमिका खेलेको कुरा अब प्रमाणित भइसकेको छ । बढ्दो आर्थिक संकट, वैदेशिक मुद्राको अभावको सन्दर्भमा त रेमिट्यान्सको महत्व अझ उजागर भएको छ।

## अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिको विस्तार

विदेशमा लामो समय बसेर त्यहाँको आर्थिक-सामाजिक परिवेशलाई राम्ररी बुझेका जानेका नेपालीहरूले त्यहाँको समाज र सरकारसँग नेपाललाई जोडेर नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई सुदृढ गर्ने कुरामा नेपाली डायस्पोराले खेल्न सक्ने भूमिका अतुलनीय छ। विदेशमा बस्ने सबै नेपाली मातृभूमिका अवैतनिक राजदूत हुन् भन्ने भनाइ अतिरञ्जित छैन। अब त धेरै देशमा नेपालीहरूले आफ्नो संख्या र गुणस्तरका कारण त्यहाँका स्थानीय सरकार बनाउने कुरालाई समेत प्रभावित गर्ने हैसियत राख्छन् । धेरै देशका उच्च पदस्त पदाधिकारीहरूसँग गैरआवासीय नेपालीहरूको व्यक्तिगत सम्बन्ध छ । यसलाई हाम्रो देशले आफ्नो कूटनीतिको प्रवर्द्धनमा प्रयोग गर्न सक्छ। धेरै नेपालीहरूले आफ्नै प्रयत्नमा वैदेशिक लगानी ल्याउन उत्प्रेरकको काम गरेका अनगिन्ती उदाहरणहरू छन् । आर्थिक कूटनीतिमा नेपाली डायस्पोराले खेल्न सक्ने भूमिमा असीमित छ। यसको अझै सदुपयोग हुन सकेको छैन।

## पर्यटन प्रवर्द्धन

हाम्रो पर्यटन प्रवर्द्धनमा पनि डायस्पोराले ठूलो भूमिका निर्वाह गरिरहेको छ । धेरै देशसँग प्रत्यक्ष वायुसेवाको व्यवस्था लगायतका सुविधामा नेपाल सरकारले पहल गर्न सक्यो भने यो क्रम अझै बढ्ने छ । विदेशमा हाम्रा सम्बन्धका कारण नेपालप्रतिको चासो बढेको छ। विदेशमा बस्ने नेपाली स्वयंको खर्च गर्ने क्षमतामा वृद्धि हुँदै जाँदा आफू र आफ्ना परिवारलाई नेपाल भ्रमण गराउने क्रम बढ्दै गएको छ। यसरी डायस्पोरा स्वयंले नेपालको पर्यटन उद्योगलाई टेवा पुऱ्याइरहेको छ।

## नेपालका लागि सान्दर्भिक असल अन्तर्राष्ट्रिय नीतिहरूको पहिचान

विदेशमा हामीले देखेको, भोगेको विकसित देशका नीतिगत अनुभवलाई नेपालको हितमा रेप्लिकेट गर्ने कुरामा डायस्पोराको अतुलनीय भूमिका हुनसक्छ । वैदेशिक रोजगारी, श्रमिकहरूको हितसम्बन्धी व्यवस्था, भ्रष्टाचार निवारण, रेमिट्यान्सको उत्पादन क्षेत्रमा सदुपयोग आदिमा विदेशमा भइरहेका नयाँ-नयाँ नीतिगत प्रयोगलाई हाम्रो देशमा लागू गर्न डायस्पोराले जुन भूमिका खेलिरहेको छ, त्यो पर्याप्त छैन। त्यसको मुख्य कारण हाम्रा नीति निर्मातामा डायस्पोराको ज्ञान र क्षमतालाई प्रयोग गर्ने पर्याप्त उदारता छैन । त्यसो हुन सक्यो भने डायस्पोराको ज्ञान र ग्लोबल एक्पोजरबाट मुलुक निकै लाभान्वित हुन सक्छ।

## परोपकार र समाजसेवा

मातृभूमिलाई अप्ठ्यारो पर्दा, आपतकालीन अवस्थामा संसारभरिका नेपालीहरू एकजुट भएर सहयोगी हात बढाएका अनगिन्ती उदाहरण हाम्रो डायस्पोराका लागि गर्वको विषय हो । महाभूकम्प होस् वा बाढी आओस्, कोभिडको महाव्याधि होस् वा आफ्ना गाउँठाउँतिर सानै संकट आओस् विश्वभरि छरिएर रहेका नेपालीहरूले एकजुट भएर देशलाई संकटमुक्त गर्न हातेमालो गरेका छन्। प्राकृतिक संकटबाहेक पनि विद्यालय, स्वास्थ्य केन्द्र, सडक, पुलपुलेसा, खानेपानी परियोजना निर्माणलगायत विभिन्न धार्मिक, सामाजिक र साँस्कृतिक-सामुदायिक काममा विदेशमा रहेका नेपालीहरूको उत्साहजनक सहभागिता निरन्तर बढ्दो छ।

## नेपाली डायस्पोरामा संस्था र संगठनहरू

संसारका अन्य डायस्पोरा जस्तै नेपाली डायस्पोरा पनि भौगोलिक, भाषिक, जातीय, क्षेत्रीय, व्यावसायिक संस्थाहरूका आधारमा संगठित र क्रियाशील छ। नेपालका आ-आफ्ना गाउँ, जिल्लाका आधारमा पनि धेरै संस्था बनेका छन् । तिनले नेपालमा प्राकृतिक विपद्का बेला आफ्नो क्रियाशीलतालाई ह्वात्तै बढाउने गरेका छन् । त्यसैगरी राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन गरेर ज्ञानको आदान प्रादान गर्ने, नेटवर्किङ गरी नेपालमा सामूहिक लगानीलाई प्रवर्द्धन गर्ने, नेपालबाट कलाकार, साहित्यकारलाई आमन्त्रित गरेर नेपालसँगको सांस्कृतिक आदान प्रादनलाई सुदृढ पार्ने आदि महत्वपूर्ण कामसहित

समुदायमा भाइचारको वृद्धि गर्ने महत्वपूर्ण काम गर्छन्। सबैको साझा संस्थाको रूपमा रहेको गैरआवासीय नेपाली संघका अलावा संयुक्त राज्य अमेरिकाको एनए, आन्टा, बेलायतको पुरानो संस्था यती, नेपाली डाक्टरहरूको एसोसिएसन, अन्तर्राष्ट्रिय साहित्य समाज जस्ता संगठनले डायस्पोरालाई आ-आफ्नै ढंगले संगठित र परिचालित गर्न ठूलो भूमिका निर्बाह गरेका छन् । यी संस्थाहरूको नेपालका गाउँ, समाज, टोलमा शिक्षा, स्वास्थ्य, प्राकृतिक विपद्, खानेपानी, सडकजस्ता आधारभूत क्षेत्र तथा विभिन्न धार्मिक र साँस्कृतिक गतिविधिमा व्यापक संलग्नता छ । जसको योगदान ठूलो छ तर त्यसलाई परिमाणात्मक गर्न सकिँदैन । यद्यपि यस्ता क्रियाकलापले हाम्रो डायस्पोरा भावनात्मक रूपले नेपालसँग कसरी र कति जोडिएको छ, त्यसको आकलन भने गर्न सकिन्छ । यस्ता सयौं संघ-संस्थाहरूको माझमा विश्वका ८५ देशमा फैलिएको र करिब ११० हजार क्रियाशील सदस्य भएको गैरआवासीय नेपाली संघले गरिमामय स्थान ओगटेको छ।

पछिल्लो समयमा केही विवादित देखिएता पनि यसरी विश्वभरि फैलिएको नेपाली समुदायको साझा संस्था गैरआवासीय नेपाली संघ विश्वमै अद्वितीय डायस्पोरा संगठन हो। संसारका अरू कुनै डायस्पोराको यति ठूलो र विश्वव्यापी संस्था भएको हामीलाई थाहा छैन।

## डायस्पोरिक साहित्य

डायस्पोराको चर्चा गर्दा विदेशमा भइरहेको साहित्य साधनाका बारेमा लेखिएन भने अन्याय हुन्छ । विश्व डायास्पोरिक लेखनको इतिहासको तुलनामा हाम्रोजस्तो पहिलो पुस्ताको डायस्पोराको लेखन धेरै पुरानो हुने कुरा भएन । तर, नयाँ नै भए पनि पछिल्लो समयमा नेपाली डायस्पोरिक लेखनमा एक किसिमको सिर्जनात्मक बिस्फोट भएको छ । विश्वभरि उपन्यास, कथा, कविता, गजल, निवन्ध र साहित्यका अन्य विधामा कलम चलाउने सर्जकहरूको संख्यामा निरन्तर बढोत्तरी र ठूलो संख्यामा प्रकाशन भइरहेको देखिन्छ । डायस्पोराको यो किसिमको सिर्जनात्मकता पछिल्लो समयमा नेपालभित्रको साहित्यिक गतिविधिसँग पनि झन्-झन् जोडिँदै गएको छ।

डायस्पोरिक चेतना भनेको मूलदेशका पुराना स्मृति र नयाँ ठाउँका तिता मीठा अनुभवको संगालो रहेछ । बाध्यताले होस् वा अवसरको खोजीमा हिँडेको होस्, आफ्नो माटोको सुभाषले जहाँ गए पनि घरको स्नेहको कमी महसुस गराइ रहने रहेछ। घरले तानी रहे पनि आएको मुलुकलाई चटक्क छाडेर ऊ फर्कन सक्दैन । तर, नयाँ भूमिमा पहिचानको संकट छ, पहिलो पुस्ता भएकाले जीविकोपार्जनको संघर्ष छ । यो परिस्थितिमा मानिस अधिक नोस्टाल्जिक हुने रहेछ । सुखको खोजीमा बढी नै भौंतारिएँ कि भन्ने भावले उसलाई घोची रहन्छ, स्मृतिदंशले पोली रहन्छ । मूलतः पहिलो पुस्ताको डायस्पोरा हुनुको यही ऊहापोहको वरिपरि नै विदेशमा नेपाली साहित्यको सिर्जना भइरहेको छ।

लेखन सँगै बहुधा त्यहाँको समाज, भूगोल, राजनीति र सामाजिक परिवेश पनि जोडिएर आउने गर्छ। यस अर्थमा डायस्पोरामा बसेर लेख्नेहरूले घर देश र पर देश दुवै तिरको परिवेश र सामाजिक मनोविज्ञानलाई बुझेको हुनाले उनीहरूलाई कलम चलाउन थप सामग्री हुने नै भयो । यस्तै सामाजिक परिवेशहरूलाई समेटेर पछिल्लो समयमा विविध विधामा डायस्पोरिक लेखन स्थापित हुने दिशातिर अग्रसर हुँदै गइरहेको छ। यो संख्यात्मक रूपमा मात्रै बढी रहेको छैन डायस्पोरामा बस्नेहरूबाट गुणात्मक कृतिहरू सिर्जना भएका छन् । विभिन्न देशका फरक-फरक भाषाका सिर्जनाहरूको अनुवादमार्फत नेपाली साहित्यलाई थप समृद्ध बनाउने डायस्पोराले ठूलो भूमिका निर्वाह गर्नेछ। हामीलाई यो दिशामा दोस्रो पुस्ताले योगदान गर्ने विश्वास छ । हाम्रो भाषिक र संस्कृतिक गतिविधिहरूको विस्तारसँगै नेपालबाट साहित्यकार, कलाकारलाई बोलाएर अन्तर्क्रिया र विभिन्न कार्यक्रम गर्ने प्रवृत्ति विश्वभरि नै व्यापक हुँदै गएको छ । यस्तो आदानप्रादनले हाम्रो दोस्रो पुस्तालाई नेपालसँग जोड्न, भाषा र संस्कृतिलाई जोगाएर राख्न ठूलो मदत गर्नेछ।

## डायस्पोराको भविष्य

विश्वका अरू डायास्पोरालाई झैं हामीलाई पनि द्वन्द्व, गरिबी र अस्थिरता मुक्त सुन्दर, शान्त र समुन्नत मातृभूमि चाहिएकाले हामीले सन् २००३ बाट गैरआवासीय नेपाली अभियान सुरु गऱ्यौं । फलस्वरूप, आज हाम्रो डायस्पोरा नेपालमा विगतमा भन्दा धेरै बढी मातृभूमिको विकासका विविध आयाममा सक्रिय रूपले

संलग्न छ। बृहत् नेपाली समाज र नेपालको राजनीतिक वर्गले पनि अन्ततः डायस्पोराको सामूहिक सम्भावनालाई बुझेको देखिन्छ।

माथि नै यथेष्ठ भनियो कि नेपाली डायस्पोराको विस्तार संख्यात्मक मात्र छैन गुणात्मक पनि छ । व्यापार व्यवसायमा बढ्दो संलग्नताको अलावा अहिले विश्वका प्रतिष्ठित विश्वविद्यालयको प्राज्ञिक र अनुसन्धात्मक तहमा काम गर्ने थुप्रै नेपाली विज्ञहरू छन् । बहुराष्ट्रिय कम्पनीहरूको उच्च तहमा काम गर्ने नेपालीहरूको पुस्ता बढ्दो छ । अहिले नै नेपालमा धेरै काम गरिरहेको गैरआवासीय नेपाली समुदाय संख्यात्मक र गुणात्मक रूपमा यसरी बढ्दै जाँदा आगामी १०-१५ वर्षभित्र नेपालमा अझ महत्वपूर्ण योगदान गर्ने हैसियत बनाउन सक्ने अनुमान सहजै गर्न सकिन्छ। यसरी उदीयमान भएर आइरहेको नेपाली समुदायलाई नेपालको उन्नतिमा आबद्ध गर्न सके नेपालको आर्थिक रूपान्तरण सहज र चाँडो हुनेमा कुनै सन्देह छैन । विदेशमा विभिन्न व्यवसायमा संलग्न हुने नेपालीको संख्यामा निरन्तर वृद्धि हुनुले डायस्पोरा अब नयाँ उचाइतिर उन्मुख भएको इंगित गर्छ। आफ्नो मातृभूमिको समृद्धिमा ठूलो योगदान दिइरहेका विश्वका अन्य डायस्पोराहरूको विकास पनि यसरी नै भएको इतिहास भएकाले नेपाली डायस्पोराको समृद्ध भविष्यलाई अहिले नै आकलन गर्न सकिन्छ।

वैदेशिक रोजगारीले मुलुकको अर्थतन्त्रमा पुऱ्याएको योगदान अतुलनीय त छँदै छ। अमेरिका, बेलायत, जापान, अस्ट्रेलिया र युरोपका विभिन्न मुलुकमा बसोबास गर्ने नेपाली समुदायले आफ्ना घरपरिवार र आफन्तजनलाई सहयोगस्वरूप पठाएको रकमले पनि उनीहरूको जीवनस्तरमा फड्को मारेको छ । देशमा विद्यमान बेरोजगारीलाई न्यूनीकरण गर्न बहुआयामिक उपाय अझै अपनाउन सकिएको छैन । हजारौंको संख्यामा मुलुकको युवाशक्ति रोजगारीका लागि बिदेसिँदा राष्ट्रको आर्थिक विकासमा प्रतिकूल असर पर्नु स्वाभाविक भए पनि देशको कुनै लगानीबिना तिनले विदेशमा सिकेको ज्ञान, सीप, प्रविधि र प्रस्फुटनलाई सही ढंगले सदुपयोग गर्न सके समुन्नत नेपालको परिकल्पना साकार पार्न धेरै सहज हुनेछ। दोस्रो पुस्ताको नेपाली समुदाय अझ सशक्त रूपमा देखा पर्दै गएको छ । यो पुस्ताले विदेशमा पहिलो पुस्ताभन्दा बढी अवसर प्राप्त गरेकाले उनीहरूले आफ्ना मातापिताको जन्मभूमिप्रति गर्न सक्ने योगदान अझै बढी हुने निर्विवादित छ।

आप्रवासन विश्वव्यापी परिघटना हो भनेर हामीले माथि नै भन्यौं । यसबाट नेपाल अछुतो रहन सम्भव छैन । हामी काम र अवसरको खोजीमा सयौं वर्ष अघिदेखि नै देश छाडेर हिँड्ने इतिहास र परम्पराका बारेमा अवगत छौं । संसार अहिले विश्व बजारको अवधारणाबाट अघि बढिरहेको छ। यो बजारमा जोसंग जे सहजै उपलब्ध छ, त्यही कुरा बिक्री गर्ने हो। सुन्दा जतिसुकै अप्रिय लागे पनि आज हामीसंग सहजै उपलब्ध हुने भनेकै हाम्रा पौरखी हात हुन, हाम्रो श्रम हो। जबसम्म देशमा प्रसस्त उद्योग धन्दा खुलेर रोजगारीका अवसर प्राप्त हुँदैनन्, बिदेसिने क्रम चली नै रहनेछ। हाम्रो प्रयत्न त्यसरी बिदेसिएका हाम्रा दाजुभाइ दिदीबहिनी र तिनका भावी सन्ततिले नेपाललाई नबिर्सिऊन्, विदेशी भूमिमा नेपाली संस्कृति र परम्पराको जगेर्ना गर्न सकून् भन्नेतिर केन्द्रित हुनुपर्छ । त्यसैले डायस्पोराका अभियन्ताहरू परदेशमा रहेको हाम्रो समुदायलाई नेपालसँग जोडिरहन, तिनका मातृभूमिमा गाडिएका जरालाई कमजोर हुन नदिन संसारभरि विभिन्न सांस्कृतिक गतिविधि र नेपालमा विभिन्न नीति र कानुनहरूले मलजल गराउन प्रयत्नरत छन्।

**(लामिछाने गैरआवासीय नेपाली संघका संघका पूर्वअध्यक्ष तथा संस्थापक हुन्)**

# मातृभूमिका लागि गैरआवासीय नेपाली

गैरआवासीय नेपालीहरुले स्वदेशमा अर्बौं लगानी ल्याए पनि सरकारले उनीहरुले चाहे जस्तो वातावरण बनाउन अझै सकेको छैन । एनआरएनहरुलाई पनि नेपालमा लगानी गर्ने वातावरण बनाए त्यसले देशलाई नै फाइदा पुग्ने हो । सरकारले यो अझै बुझ्न नसकेको देखिन्छ । लगानी आए त्यसले रोजगारीका अवसर सिर्जना गर्छ । आन्तरिक उत्पादन बढ्छ । सरकारले राजस्व पाउँछ । समग्रमा मुलुकको आर्थिक वृद्धि गर्न सहयोग पुग्छ ।



**भवन भट्ट**

विदेशमा रहेका नेपालीको साझा संस्था अर्थात् मुलुक बाहिरको मुलुक गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वयपरिषद् (एनआरएनए) को ११औं विश्व सम्मेलनको संघारमा छ। यही असोज ३० देखि कात्तिक ३ गतेसम्म हुने सम्मेलनले नयाँ नेतृत्व पनि चयन गर्दैछ। महाधिवेशनमा भाग लिन अहिले राजधानी काठमाडौंमा एनआरएनहरू आउँदै छन् । गरिमामय यो संस्थाको उद्देश्य, लक्ष्य र महत्वपूर्ण इतिहासलाई कायम राख्न नयाँ नेतृत्वको दायित्व छ । यस्तै विश्वभरका गैरआवासीय नेपालीलाई एकताको सूत्रमा बाँधेर अगाडि बढाउने काम पनि चुनौतीपूर्ण छ । विगतमा भए गरेका विवाद एवं असमझदारीहरूलाई बिर्सिएर नयाँ नेतृत्वले नयाँ जोश र जाँगरका साथ काम गर्नुपर्ने छ । समृद्ध र समुन्नत नेपालको साझेदार बन्न 'सबल, साझा र एकताबद्ध एनआरएनए, परिणाममुखी, पारदर्शी र समावेशी एनआरएनए'को नारालाई हामीले सार्थक बनाउन कुनै कसर बाँकी राख्न हुँदैन। नेतृत्वको भूमिकामा पुग्नेलाई नयाँ पुराना सबै एनआरएनहरूले सहयोग गरे मात्र संस्थाको उद्देश्य प्राप्त हुनेछ।

विदेशमा आर्जेको ज्ञान, सीप, पुँजी तथा प्रविधि भित्र्याएर मुलुकको सामाजिक र आर्थिक विकासमा सहयोग पुर्‍याउने पवित्र उद्देश्य राखेर सन् २००३ मा गैरआवसीय नेपाली संघ (एनआरएनए) स्थापना भएको हो । अहिलेसम्म यसको सञ्जाल ८७ मुलुकमा पुगेको छ। संस्था स्थापनाको दुई दशक भएको छ। यसबीचमा निकै आरोह अवरोह पार गर्दै संस्था यो स्थानमा आइपुगेको हो। नेपालभित्र संस्थाको कानुनी मान्यतादेखि गैरआवासीय नेपालीहरूलाई नागरिकता दिनेलगायतका तमाम सवालमा लामो समयसम्म छलफल, बहस र विवादहरू

सम्बोधन हुन सकेको अवस्था छैन। विदेशमा बस्नेहरूलाई हेरिने दृष्टिकोण अझै फेरिएको छैन । आमनिर्वाचनमा मतदान गर्न पाउने अधिकार अझै सुनिश्चित बनेको छैन। यस अर्थमा नयाँ नेतृत्वमा पुग्ने साथीहरू अझै पनि विविध चुनौतीको सामना गर्नुपर्ने अवस्था छ।

गैरआवासीय नेपालीहरूको लामो प्रयासपछि सरकारले गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनको सुरुवात गरेको छ। यसलाई सकारात्मक पहल मान्नुपर्छ। यससँगै गैरआवासीय नेपालीहरूका लागि वंशजका आधारमा प्राप्त नेपाली नागरिकताको निरन्तरताका लागि पनि सरकार सकारात्मक बन्नुपर्छ । यसका लागि नेतृत्वमा पुग्ने साथीहरूले पहल गरिरहनुपर्छ।

एनआरएनए स्थापनाको दुई दशकको अवधिमा विदेशमा रहेका नेपालीले मुलुकको अर्थतन्त्रमा निकै ठूलो योगदान दिएका छन् । यो समयावधिमा व्यक्तिगत, संस्थागत वा सामूहिक रूपमा कति लगानी आयो भन्ने सरकारसँग यथार्थ तथ्यांक छैन । तर, पनि खर्ब रुपैयाँभन्दा बढी लगानी आएकामा शंका गर्ने ठाउँ छैन । गैरआवासीय नेपालीले लगानी नगरेको प्रायः कुनै क्षेत्र छैन। सञ्चारदेखि होटल, पर्यटन, उद्योग, जलविद्युत्, सूचना प्रविधि, बैंक तथा वित्तीय क्षेत्र, कृषिलगायत सबै क्षेत्रमा लगानी आइरहेको छ। यस्तै एनआरएनहरूले सामाजिक क्षेत्रमा पनि धेरै काम गरेका छन् । भूकम्प, बाढी पहिरो जस्ता दैवीप्रकोप र विपत्तिका घटनाका बेलामा पनि एनआरएनहरूबाट मुलुक र मुलुकवासीका लागि सधैं सहयोग आइरहेको छ।

गैरआवासीय नेपालीहरूले स्वदेशमा अर्बौं लगानी ल्याए पनि सरकारले उनीहरूले चाहे जस्तो वातावरण बनाउन अझै सकेको छैन । एनआरएनहरूलाई पनि नेपालमा लगानी गर्ने वातावरण बनाए त्यसले देशलाई नै फाइदा पुग्ने हो । सरकारले यो अझै बुझ्न नसकेको देखिन्छ । लगानी आए त्यसले रोजगारीका अवसर सिर्जना गर्छ । आन्तरिक उत्पादन बढ्छ । सरकारले राजस्व पाउँछ । समग्रमा मुलुकको आर्थिक वृद्धि गर्न सहयोग पुग्छ।

सरकारले पछिल्लो समय वैदेशिक लगानीको सीमा ५ करोडबाट २ करोड रुपैयाँमा झारेको छ । तर, गैरआवासीय नेपालीहरूका हकमा यो सीमा नराख्ने हो भने लगानी झनै बढी आउने संभावना रहन्छ । विदेश जाँदैमा सबैले करोडौं रकम कमाउँछन् भन्ने छैन। सानो पुँजी ल्याएर पनि यहाँ काम गर्न सकिन्छ। त्यसैले यस्तो सीमा नराख्ने हो भने मुलुकलाई नै फाइदा पुग्नेछ । गैरआवासीय नेपालीहरूबाट स्वदेशमा अझै धेरै लगानी भित्रिन नसक्नुमा गैरआवासीय नेपाली नागरिकतामा ढिलाइ एउटा प्रमुख कारण हो भने डलर अकाउन्टलगायतका विषयमा कानुनी अस्पष्टता धेरै छन्। यसमा सरकारले तत्काल चासो दिएर समस्या समाधान गर्नुपर्छ । यस्तै गैरआवासीय नेपालीले विदेशमा आर्जन गरेका ज्ञान, सीप, प्रविधि र पुँजीलाई सरकारले स्वदेशको विकास र समृद्धिका लागि उपयोग गर्न सकेको छैन । सरकारले त्यसलाई जति महत्व दिनुपर्ने हो त्यो दिएको देखिँदैन।

मुलुकको अहिलेको सबैभन्दा ठूलो चुनौती लगानी नहुनु हो। विगत दुई वर्षदेखि विदेशी र स्वदेशी दुवै लगानी बढ्न सकेको छैन। विगत पाँच वर्षको तथ्यांकलाई हेर्ने हो भने मुलुकभित्र ८० अर्ब हाराहारीमा मात्र वैदेशिक लगानी आएको छ । विकसित मुलुकलाई हेर्दा यो रकम एउटा मझौला खालको आयोजनामा गरिने खर्च बराबर मात्र हो। यसैले सरकारले वैदेशिक लगानी ल्याउन सबैभन्दा ठूलो प्राथमिकता दिनुपर्छ। लगानीका लागि अन्य विदेशीलाई खोज्नुभन्दा एनआरएनहरूले चाहे जस्तो वातावरण बनाइ दिए पर्याप्त मात्रामा लगानी आउनेछ। यसमा दुईमत छैन।

तर, गैरआवासीय नेपालीहरूले स्वदेशमा लगानी ल्याउन चाहे पनि सरकारले समयमै कानुनी र नीतिगत व्यवस्था गर्न सकेको छैन । यही कारण कतिपय एनआरएनहरूले घोषणा गरेको लगानी पनि समयमा ल्याउन नसकेको अवस्था छ । गैरआवासीय नेपालीहरूले राखेका माग र दिएका सुझावहरूप्रति सरकार फेरि एक पटक गम्भीर भएर सोच्नुपर्ने अवस्था छ। सरकार र एनआरएनहरू मिले मुलुकको सामाजिक आर्थिक विकास द्रुत गतिमा गर्न सकिनेमा कुनै द्विविधा छैन।

**(भट्ट गैरआवासीय नेपाली संघका संरक्षक तथा पूर्वअध्यक्ष हुन्)**





# Mapping of Nepali Diaspora

*Nepalese diaspora communities play a significant role in the country's socioeconomic development through a variety of methods. For example, diaspora members send remittances to relatives and friends, they invest in various sectors of the economy, they conduct business and trade and they leverage their social and human capital for development initiatives, often through the transfer of knowledge and skills.*

*The mapping survey analysis reveals that a substantial majority of respondents (98.4 percent) were born in Nepal, signifying that the surveyed population primarily consists of first-generation immigrants and majority of them are willing to relocate to Nepal.*

**Prajwal Sharma**

## Introduction

The Government of Nepal terms diaspora as 'Non-Resident Nepalis' (NRN). Often this term refers to a person who acquired citizenship of a foreign country and who resided in a country outside the South Asian Association for Regional Cooperation (SAARC) and who was previously a citizen of Nepal or his/her parents/grandparents were citizens of Nepal.

According to IOM's glossary of definitions, Diasporas are "individuals and members of networks, associations and communities, who have left their country of origin, but maintain links with their homelands. This concept covers more settled expatriate communities, migrant workers based abroad temporarily, expatriates with the nationality of the host country, dual nationals, and second-/third generation migrants."

Nepalese diaspora communities play a significant role in the country's socioeconomic development through a variety of methods. For example, diaspora members send remittances

to relatives and friends, they invest in various sectors of the economy, they conduct business and trade and they leverage their social and human capital for development initiatives, often through the transfer of knowledge and skills.

## Government Recognition and Support

The Government of Nepal has recognized the significant contributions of its diaspora community. In 2008, it passed the Non-Resident Nepali Act (2064 B.S.), granting NRNs legal status and various rights. This legislation enables NRNs to open bank accounts, send remittances, invest in businesses and real estate, and benefit from tax exemptions for cultural or charitable donations. Furthermore, the establishment of the Brain Gain Center under the Ministry of Foreign Affairs exemplifies the government's commitment to harnessing the expertise of the diaspora for Nepal's socioeconomic development.

The Nepalese diaspora is integral to the country's National Development Plans, where NRNs are acknowledged as foundational enablers of economic growth. Their contributions extend beyond financial investments, making them essential partners in Nepal's journey towards progress.

## Demographics of the Nepalese Diaspora

Recent census data from 2021 reveals that the "absentee" population, accounts for a substantial 23.4 percent of Nepal's overall population. Among these individuals, 82.2 percent are males, and 17.8 percent are females. These figures underscore the significance of the diaspora in the demographic makeup of Nepal.

The Nepali Diaspora Mapping survey initiated (between 15 May 2023, and 21 August 2023) jointly by IOM Nepal, NRNA, in close coordination the Ministry of Foreign Affairs provides further insights into the diaspora's demographics. Notably, the most frequently selected age range among survey respondents is between 35 and 44 years old, constituting 41.4 percent of the participants. This is followed by individuals between the ages of 45 and 54 (23.9 percent) and those aged 25 to 34 (22.9 percent). These findings indicate that the diaspora is relatively youthful, with 66.9 percent of respondents falling below the age of 45. However, it is worth mentioning that age group of the respondents from the United Kingdom appear slightly on higher side, with 46.7 percent falling between the ages of 55 and 64.

## Residency Status and Language Preferences

Regarding residency status, 64.1 percent of respondents report having obtained permanent residency or citizenship in their respective countries of residence. However, approximately one-third (33.4 percent) have not acquired such status, indicating a diverse range of legal situations within the diaspora. Further categorizing residency status, 66.3 percent hold either permanent residency or official citizenship, while 31.2 percent possess temporary residency status with fixed-term permits.

Language preferences among the diaspora are also diverse. While 58.4 percent of respondents report speaking Nepalese at home, English emerges as the second most popular language. This linguistic diversity highlights the multicultural nature of the diaspora, reflecting the languages of their host countries.

## Fields of Occupation

The Nepalese diaspora is engaged in a wide array of professions. The survey indicates that the most commonly selected field is "business and administration, including accounting and auditing," chosen by 20.5 percent of respondents (124 individuals). This trend is consistent across all age and gender subgroups, suggesting a prevalent interest in entrepreneurial endeavors and financial management. Following closely are fields related to "hotel and catering, travel and tourism, sports, and leisure," selected by 9.7 percent (59 respondents), "humanities and arts" at 8.6 percent (52 respondents), and "education" at 7.9 percent (48 respondents). Notably, the Brain Gain Center's database of diaspora members reveals a more common trend of selecting specialized careers such as academic research, education and/or teaching, engineering, and

consulting.

### Employment and Self-Employment

A significant proportion of diaspora members are gainfully employed, with 78.3 percent reporting general employment and 14.2 percent indicating that they are self-employed. This employment diversity underscores the diaspora's multifaceted contributions to their host countries and highlights their capacity to leverage their skills and expertise for personal and collective advancement.

### Immigration Motivations and Future Relocation

The survey findings shed light on the motivations behind diaspora members' decision to immigrate. Among the factors influencing their move, education or training opportunities emerge as the most significant, with 32.7 percent of respondents indicating these areas as pivotal in their decision to immigrate. This suggests that a substantial portion of the diaspora sought opportunities abroad to enhance their skills and knowledge.

Moreover, when respondents were asked about their interest in returning and resettling in Nepal in the future, a significant proportion, almost two-thirds (61.4 percent), expressed their intention to relocate. This inclination towards returning to Nepal signifies a deep-rooted attachment to their homeland and a willingness to contribute to its development.

### Financial Contributions and Philanthropy

The survey results highlight a significant commitment among diaspora members to provide financial support to Nepal. A vast majority of respondents, totaling 91.3 percent, expressed their dedication to offering financial assistance, either to relatives and friends or through donations to charitable organizations or social causes. This substantial support underscores the diaspora's role as a vital source of funding for various development initiatives within Nepal.

### Engagement in Sustainable Development

The survey reveals that approximately two-thirds (68.6 percent) of respondents have contributed financially to humanitarian or development projects in Nepal. This high level of engagement and commitment among the Nepalese diaspora to support the country's development is commendable. It reflects their sense of responsibility towards their homeland and their desire to play an active role in addressing critical issues such as poverty alleviation, education, and healthcare.

### Conclusion Addressing Unique Needs

The mapping survey analysis reveals that a substantial majority of respondents (98.4 percent) were born in Nepal, signifying that the surveyed population primarily consists of first-generation immigrants and majority of them are willing to relocate to Nepal. Recognizing that the majority of respondents are first-generation immigrants, it is crucial to develop programs and support systems that cater to their unique needs. These may include language and cultural integration, access to legal resources, and social integration. By addressing these needs, Nepal can foster longer-term engagement not only among the first generation but also among their descendants, thereby harnessing the full potential of the diaspora's networks.

With continued engagement and support, the Nepalese diaspora can be a catalyst for positive change in Nepal and beyond, embodying the spirit of global citizenship while remaining deeply connected to their roots.

The findings are based on the Nepal Diaspora Mapping report which is at the draft stage. The report is part of the Global Programme on Making Migration Work for Sustainable Development supported by Swiss Agency for Development and Cooperation.

*(Sharma is the head of Migration and Development, IOM Nepal)*

# गैरआवासीय नेपाली र नेपालीमूलको व्यापकता

भुटानी नेपालीहरुको नेपालसँगको साइनो आफू नेपाली मूलको हुनुमा मात्र सीमित छैन । नेपाली भाषी भुटानीहरुले नेपालका शरणार्थी शिविरहरुमा लामो समय व्यतीत गरेका छन् । भुटानबाट १९९० को दशकमा शरणार्थीको रुपमा नेपाल छिर्दा ताकाका बालबच्चाहरु शिविर मै हुर्किए । शिविरमा धेरै बाल बच्चा जन्मिए, त्यहीं हुर्किए, त्यहीं पढे र त्यहींको वातावरणमा घुलमिल भए । यसरी शिविरमा हुर्किएका (अहिले वयस्क भएका) धेरै युवायुवतीहरुलाई नेपाल नै आफ्नो 'जन्मभूमि' हो जस्तो लाग्छ । उनीहरुको नेपालसँग गहिरो नाता जोडिएको छ ।

विश्वव्यापी नेपाली डायस्पोरालाई एकताबद्ध र सशक्तीकरण गर्ने उद्देश्यका साथ स्थापना भएको गैरआवासीय नेपाली संघले पुनर्वासित भुटानी नेपालीहरुलाई 'नेपाली मूलका विदेशी नागरिक'को रुपमा मान्यता दिन पैरवी गर्नुपर्छ । पुनर्वासित भुटानी नेपालीहरुलाई नेपालको सामाजिक-आर्थिक संरचनामा समावेश गर्नाले 'जीत-जीत'को अवस्था सिर्जना गर्न सक्छ नेपालले उनीहरुको विशेषज्ञता र स्रोतहरुबाट फाइदा लिन सक्छ भने उनीहरुको आफ्नो पूर्ख्यौली थलोसँग दह्रो सम्बन्ध स्थापित हुनेछ ।



**रमेश गौतम**

गैरआवासीय नेपाली संघ (एनआरएनए) दुई दशकदेखि नेपाली डायस्पोरालाई एकताबद्ध गर्न प्रयासरत छ । संसारभरि छरिएका नेपालीहरूको ज्ञान, सीप र स्रोतसाधन नेपालको हितमा उपयोग गरी उनीहरूलाई नेपाल र नेपाली जनताको सामाजिक-आर्थिक विकासमा संलग्न गराउनु एनआरएनएको उद्देश्य रहेको छ। 'गैरआवासीय नेपाली' भन्ने पदावलीलाई नेपालको संसद्ले पारित गरेको 'गैरआवासीय नेपाली संघको विधान २००३' ले परिभाषित गरेको छ। सन् २०२२ मा संशोधनसहित पारित विधानमा उक्त पदावलीलाई यसरी परिभाषित गरिएको छः

'गैरआवासीय नेपाली' भन्नाले नेपाली मूलको विदेशी नागरिक वा दुई वर्षभन्दा बढी नेपाल सरकारबाट खटिई विदेशस्थित नेपाली नियोगमा बहाल रहेको, विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक र दक्षिण एसियाली सहयोग संगठनअन्तर्गतका मुलुकहरू बाहेकका अन्य देशहरूमा पेशा, रोजगारी वा व्यवसाय गरी बसोबास गर्ने नेपाली नागरिकलाई जनाउँछ । यसै अनुच्छेदमा उल्लेखित 'नेपाली मूलका विदेशी नागरिक' भन्नाले कुनै व्यक्ति साबिकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एसियाली सहयोग संगठन (सार्क) को सदस्य मुलुकबाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्तिलाई जनाउँछ । 'गैरआवासीय नेपाली' सम्बन्धी यस परिभाषाले विदेशमा बस्ने नेपालीहरूलाई दुई वर्गमा विभाजित गर्दछः (१) दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्र बाहिर बसोबास गर्ने नेपाली नागरिक, र (२) सार्कका सदस्य राष्ट्र बाहेकका देशको नागरिकतावाहक नेपाली मूलका विदेशी नागरिक । यस सन्दर्भमा इङ्गित गरिएको पहिलो वर्गलाई परिभाषित गर्न कठिन नभए पनि दोस्रो

वर्गको परिभाषा भने केही अस्पष्ट र संकुचित लाग्छ।

## एनआरएनए र 'गैरआवासीय नेपाली'

नेपाली मूलका मानिस खासमा को हुन् ? बाबु, आमा, बाजे वा बज्यैको पुस्तामा आधारित कसैको पहिचानको समयावधि कस्तो हुन्छ ? कसैको परिवार चार-पाँच पुस्ताअघि नै नेपालबाट बसाइँ सरी अन्यत्र गएको छ भने त्यस परिवारको अहिलेको पुस्तालाई 'नेपाली मूल'को मानिन्छ कि मानिँदैन ? उदाहरणका लागि इतिहासको विविध कालखण्डमा नेपालबाट भुटान पुगेका, पछि शरणार्थीका रूपमा नेपाल आएका र अहिले पुनर्वासपछि विभिन्न पश्चिमा मुलुकमा बसोबास गरिरहेका नेपाली भाषी भुटानीहरू 'नेपाली मूलका विदेशी नागरिक' हुन् कि होइनन् ? यो कुरा निर्क्योल गर्न कूटनीतिक नियोगहरूलाई समेत अप्ठ्यारो भएको आभास हुन्छ । गैरआवासीय नेपाली संघको विधानमा उल्लेखित परिभाषाका आधारमा पुनर्वासित भुटानी नेपालीहरूलाई सायद 'नेपाली मूलका विदेशी नागरिक' मानिँदैन किनकि भुटानीहरू शरणार्थीको रूपमा नेपाल आउनु पूर्व भुटानका नागरिक थिए।

अरू देशहरूले भने, 'गैरआवासीय नागरिक' लाई फरक कोणबाट परिभाषित गरेको पाइन्छ । नजिकको मुलुक भारतलाई हेर्ने हो भने गैरआवासीय भारतीय भन्नाले कुनै आर्थिक वर्षमा १८३ दिन वा त्योभन्दा बढी भारतमा बसोबास नगर्ने/नगरेको भारतीय नागरिकलाई जनाउँछ। यो करको मापदण्डका लागि तोकिएको भए पनि 'गैरआवासीय भारतीय' लाई 'गैरआवासीय नेपाली'को समान अर्थमा प्रयोग गरेको पाइँदैन । भारतले विदेशमा बस्ने भारतीय वा भारतीय मूलका मानिसहरूलाई सम्बोधन गर्न 'भारतीय मूलका मानिस' र 'प्रवासी भारतीय नागरिक' जस्ता पदावली प्रयोग गर्ने गरेको थियो।

'भारतीय मूलका मानिस' भनेका पाकिस्तान, अफगानिस्तान, बंगलादेश, चीन, इरान, श्रीलंका, भुटान र नेपाल बाहेकका देशका निम्न मापदण्ड पूरा गर्ने 'विदेशी नागरिक' हुन् (१) जसले कुनै समय भारतीय राहदानी प्राप्त गरेका थिए वा (२) जसको बाबा-आमा, हजुरबा-हजुरआमा वा जिजुबा-जिजुआमा भारतमा जन्मिएर स्थायी रूपमा भारतमा बसोबास गरेका थिए वा (३) जो भारतीय नागरिक वा भारतीय मूलको व्यक्तिको श्रीमान्-श्रीमती हुन् । तर, यदि आवेदक आफैं वा उसको आमाबाबु, हजुरबा-हजुरआमा वा जिजुबा-जिजुआमा मध्ये कसैले कुनै पनि समयमा यी निर्दिष्ट देशहरूको नागरिकता लिएको भए ऊ 'भारतीय मूलको मानिस' मानिने छैन।

त्यस्तै जनवरी २६, १९५० मा भारतीय नागरिक बन्न योग्य वा त्यस मितिमा वा पछि भारतीय नागरिकता भएका विदेशी नागरिकहरू 'प्रवासी भारतीय नागरिक' हुन् योग्य हुन्छन् । यस परिभाषालेअगस्त १५, १९४७ पछि भारतमा गाभिएका क्षेत्रका मानिसहरूलाई पनि तत्कालीन भारतका नागरिक मानेको छ । त्यस्तै 'प्रवासी भारतीय नागरिकता' प्राप्त गर्न योग्य आवेदकका नाबालिग बच्चाहरू पनि योग्य आवेदक ठहर्छन् । धेरै व्यापक र समावेशी यस परिभाषाले पाकिस्तान वा बंगलादेशका नागरिकबाहेक जनवरी २६, १९५० मा भारतीय नागरिक बन्न योग्य सबै विदेशी नागरिकलाई 'प्रवासी भारतीय नागरिक' मान्दछ। अर्थात जनवरी २६, १९५० मा भारतीय नागरिक बन्न योग्य वा त्यस मितिमा वा पछि भारतीय नागरिकता भएका हालका नेपाली वा भुटानी नागरिकले समेत 'प्रवासी भारतीय नागरिकता' प्राप्त गर्न सक्दछन्।
यस आलेखमा पुनर्वासित भुटानी नेपालीलाई केन्द्रीयतामा राखेर म उनीहरूको विशेष अवस्था, नेपालसँगको उनीहरूको सम्बन्ध र सामीप्य र 'नेपाली मूल' को पहिचानका सन्दर्भमा छलफल गर्नेछु।

## पुनर्वासित भुटानी नेपालीको सन्दर्भ

हाल आठवटा विभिन्न विकसित देशहरूमा पुनर्वासित भुटानीहरूको गाथा नेपालबाट बसाइसराइको ऐतिहासिक परिप्रेक्ष्य, भुटानमा प्रजातन्त्र र मानवअधिकारका लागि गरिएको संघर्ष, आफ्नो प्यारो मातृभूमिबाट उच्छेदित हुनुको दर्द, नेपालमा शरणार्थी हुनुको बेहद अनिश्चितता, असीमित अभाव र घोर निराशा अनि पुनर्वासपछि बिरानो भूमिमा सम्मानित भएर बाँच्न र आफ्नो पहिचान कायम राख्न गरिएको पहलको एक सजीव चित्र हो। एक समय ल्होत्शाम्पा (दक्षिणका बासिन्दा) भनेर चिनिएका नेपाली मूलका यी भुटानीहरूको बसाइसराइको सन्दर्भ उनीहरूको इतिहासको एक महत्वपूर्ण अध्याय हो ।

ऐतिहासिक रूपमा भुटानमा सातौं शताब्दीमा आफूलाई

स्थापित गरेका न्गालोप भनेर चिनिने तिब्बती बौद्धहरू आउनुपूर्व मोनपा लगायत विभिन्न आदिवासी समूहहरूको बसोबास थियो । पछि शार्चपहरू पहिलो सहस्राब्दीमा असम वा बर्माबाट बसाइँ सरेर आए । विविध कालखण्डमा तिब्बत, भारत, नेपाल, बर्मालगायतका ठाउँहरूबाट विभिन्न जातजातिका धेरै मानिसहरू भुटानमा बसाइँ सरेर आए।

भुटानमा नेपालीहरूको बसोबासको इतिहास जटिल आर्थिक-सामाजिक-राजनीतिक घटनाक्रमहरूसँग जोडिएको छन । केही इतिहासकारले नेपालीहरू सत्रौं शताब्दीको दोस्रो दशकमा भुटान पुगेको उल्लेख गरेका छन्भने कतिपय अध्येता लिखित दस्ताबेजको अभावमा यस्ता दाबीलाई आधिकारिक इतिहास मान्न नसकिनेतर्क गर्छन् । तथापि उनीहरूले समेत भुटान र नेपाल ( तत्कालीन गोरखा राज्य) बीच त्यति बेला कायम मैत्रीपूर्ण सम्बन्धका आधारमा यो दाबी पूर्णतः असत्य हुन नसक्ने स्विकारेका छन। सन् १९०७ मा भुटानमा वाङ्चुक वंशीय राजकीय सत्तास्थापित हुँदा दक्षिण भुटानमा ठूलो नेपाली समुदाय पहिलेदेखिनै थियो भनी इस्ट इन्डिया कम्पनीका ब्रिटिस अधिकारीहरूले आफ्ना रिपोर्टहरूमा उल्लेख गरेका छन्।

काल क्रममा दक्षिण भुटानमा बसोबास गर्ने नेपाली भाषी नागरिकहरूको सङ्ख्या बढ्दै गयो । उनीहरूले कृषि, व्यापार-व्यवसाय र शिक्षा क्षेत्रमा ठूलो उन्नति गरे । उनीहरूको समृद्धि बढ्यो । पहुँच बढ्यो । नेपाली भाषीहरूको यो समृद्धि, पहुँच र प्रभावप्रति अन्य जातिका ( खास गरी न्गालोप) उच्च पदस्थ अधिकारीहरू सशंकित थिए । सन् १९८८ मा नेपाली भाषीहरूप्रति लक्षित जनगणनापछि भुटान सरकारले २८ प्रतिशत जनसंख्या नेपाली मूलको रहेको अनुमान गऱ्यो । केही अनौपचारिक दाबीहरूले यो संख्या ४० प्रतिशतसम्म हुन सक्ने उल्लेख गरेका छन् ।

नेपालीहरूको वर्चस्व कालान्तरमा राजनीतिक अस्थिरताको कारक बन्छ भन्ने भयले आक्रान्त सरकारले धेरै नेपाली भाषीहरू अवैध आप्रवासी भएको र उनीहरू राष्ट्रिय सुरक्षा, सार्वभौमिकता तथा संस्कृतिमाथि ठूलो चुनौती भएको भाष्य निर्माण गरियो । सन् १९७५ मा सिक्किम भारतमा विलय भएको घटनाले भुटानी राज्यसत्तालाई झन् सतर्क बनायो । अवैध नागरिक पहिचान गर्ने निहुँमा गरिएको जनगणनामार्फत सरकारले धेरैलाई अस्थायी मजदुर र आर्थिक आप्रवासी करार गर्दै उनीहरू अनागरिक भएको घोषणा गर्‍यो । भुटानी नेपालीहरूले यस्तो सांस्कृतिक अतिक्रमणर भेदभावपूर्ण जनगणनाविरुद्ध अपिल गरे; शान्तिपूर्ण प्रदर्शनमार्फत मानव अधिकारका लागि नारा लगाए । यससँगै धेरै देशद्रोही ठहरिए । यस्तो चक्रीय षड्यन्त्रको क्रूरता सहननसकेर धेरै भुटानी नेपाली देश छोड्न बाध्य भए।
षड्यन्त्रको सिकार भएका यी मानिसहरूले छिमेकी देश भारतमा शरण पाएनन् । सन् १९५१ शरणार्थीसम्बन्धी जेनेभा महासन्धिमा हस्ताक्षर नगरेको भारत आफ्नो जिम्मेवारीबाट मात्र भागेन तथापि विस्थापित भुटानीहरूप्रति हस्तक्षेपकारी भूमिका निर्वाह गऱ्यो । उनीहरूलाई रातारात मालवाहक ट्रकमा कोचेर भारतीय सुरक्षाकर्मीहरूले पूर्वी नेपालको सीमा कटाएर छोड्थे । भर्खर पञ्चायती व्यवस्था ढलेर बहुदलीय प्रजातान्त्रिक परिपाटीको अभ्यास गर्दै गरेको नेपाल आफ्नै अनेक आन्तरिक समस्याहरूसँग जुध्दै थियो । विविध प्रतिकूलताका बाबजुद पनि फराकिलो हृदय बनाएर नेपालले उच्छेदित भुटानीहरूलाई आश्रय दियो । चाहेको भए शरणार्थी महासन्धिमा हस्ताक्षर नगरेको नेपाल पनि जिम्मेवारीबाट उम्कन सक्थ्यो । यसरी वर्षौं अघि भुटानलाई सुरक्षित वासस्थान मानी नेपालबाट बसाइँ सरिएका नेपालीका सन्ततिहरू आफ्नै पुर्ख्यौली भूमिमा शरणार्थीका रूपमा बस्न थाले।

उनीहरू जुनसुकै मूल्यमा पनि भुटान फर्कन चाहन्थे । उनीहरूले स्वदेश फिर्तीका लागि अनेक शान्तिपूर्ण आन्दोलन गरे । भारतको सुरक्षा कवचमा रहेको भुटान पुग्न शरणार्थीहरूका लागि सम्भव थिएन । शरणार्थी समस्या समाधानको लागि नेपालले भुटानसँग चौधौं चरणसम्म द्विपक्षीय वार्ता गर्योथ। राजनैतिक अस्थिरतामा फसेर सरकार परिवर्तनका अनेक शृंखलाले कमजोर बनेको नेपालको कूटनीतिमाथि भुटान एक प्रकारले सधैं हाबी रह्यो। शरणार्थी समस्या कहिल्यै समाधान हुन सकेन। हुन सक्ने सम्भावना क्षीण भयो ।

पूर्वी नेपालका सातवटा शरणार्थी शिविरहरूमा एक लाखभन्दा धेरै भुटानी शरणार्थीको रूपमा बस्दै आएका

थिए । शिविरमा अभाव थियो । असुरक्षा थियो । अनिश्चितता थियो । निराशा थियो । पर्याप्त स्वास्थ्य सेवा थिएन । रोजगारीको सम्भावना थिएन । उच्च शिक्षाका अवसरहरू सीमित थिए ।

स्वदेश फिर्तीको सम्भाव्यता नदेखेपछि दातृ संस्थाहरू कुनै दिगो समाधान खोज्दै थिए । यससँगै आयो तेस्रो देश पुनर्वासको प्रस्ताव । हुन त शरणार्थी समस्या समाधानको रूपमा स्वदेश फिर्ती, स्थानीय एकीकरण वा तेस्रो देश पुनर्वास गरी तीन विकल्प ल्याइनु पर्थ्यो । तर, त्यसो भएन । भुटानले शरणार्थीलाई कहिल्यै आफ्ना नागरिक भएको स्विकारेन । नेपालसँग प्राथमिकतामा आफ्नै अनेक समस्या थिए । भूराजनीतिक दृष्टिकोणबाट समेत भुटानी शरणार्थीहरूलाई नेपालमा अन्तरघुलन गर्नु उचित थिएन । यसरी शरणार्थीसँग पुनर्वासमा जान स्वीकार गर्नु वा अनिश्चित शरणार्थी जीवन बिताइरहनु बाहेक अर्को विकल्प थिएन । अधिकांश शरणार्थी तेस्रो देश पुनर्वासको विकल्प रोज्न बाध्य भए ।

## पहिचानको जटिलता

यी नयाँ देशहरूमा पुनर्स्थापित भुटानी नेपालीहरूले आफ्नो भविष्यको मार्गचित्र कोर्दै गर्दा उनीहरू आफैँलाई पहिचान र कहीँको हुनु वा नहुनुको प्रश्नले सिर्जना गरेको गहिरो दुबिधामा फसेको पाउँछन् । यस्ता प्रश्नहरू भौगोलिक सिमानाहरू पार गरेर धेरै परसम्म पुग्ने गर्दछन् । उनीहरू भुटानका सन्तान हुन् । जुन भूमिबाट खेदिए, त्यो भूमि अझै पनि आफ्नो सम्पदाको अमिट भागको रूपमा उनीहरूभित्र गुन्जिरहेको छ । उनीहरू भुटानमा पुस्तौं पुस्तादेखि बस्नेहरूका सन्तान हुन् । भुटान उनीहरूको सामूहिक स्मृतिको अभिन्न अङ्ग हो ।

उनीहरूको राजनैतिक पहिचान अझै पनि भुटानसँगै जोडिएको छ । भुटानी राज्यसत्ताले आफ्नो 'अनुपम संस्कृति र परम्परा'को संरक्षणको निहुँमा नेपाली भाषीमाथि विभेदपूर्ण नीति अख्तियार गर्‍यौ, शृंखलाबद्ध दमन र उत्पीडनका विभीषिका मच्चायो । अन्ततः भुटानबाट उनीहरूलाई सामूहिक निष्कासनमा पुर्‍यायो । उनीहरूका परिवार टुक्रिए, अमनचैनमा बाँचेका समुदायहरू उखेलिए, र शताब्दीयौंदेखि भुटानलाई आफ्नो घर मानेका मानिसहरूले आफूलाई पुर्ख्यौली भूमिमा असहाय शरणार्थीमा रूपान्तरित हुनु परेको कटु सत्यको सामना गर्नु पर्‍यो ।

सधैं विवशताको बोझिलो भारी बोक्न अभिशप्त भुटानी नेपालीहरू अहिले विभिन्न विकसित मुलुकहरूमा स्वच्छन्द जीवन बाँचिरहेका छन् । तर उनीहरूसँग एउटा मुद्दा अझै जीवित छ; यस्तो मुद्दा जसले तीन दशकअघि भुटानमा आफू तथा आफ्ना अग्रजहरूले पहिचानका लागि गरेको संघर्ष जायज थियो भनेर सम्झाइरहन्छ ।

सरल रेखाको साधारण समीकरणले उनीहरूको पहिचान परिभाषित गर्न सक्दैन । उनीहरूको जातीय पहिचान नेपालसँग जोडिएको छ । उनीहरूको पुर्ख्यौली मूल थलो नेपालमा कतै छ । उनीहरूले आफू नेपाली मूलको भएकै कारण भुटानमा भेदभाव सहनुपर्‍यो, प्रताडित हुनु पर्‍योक र त्यो देशबाट उच्छेदित हुनुपर्‍यो । उनीहरूको जटिल गाथाले बसाइँसराइका व्यक्तिगत अभिव्यञ्जना मात्र होइन पहिचानको प्रतिच्छेदन, ऐतिहासिक प्रक्षेपणहरूको अभिशरण, र आफ्नो जायज मुद्दालाई नछोडिकन गरिएको पहिचानको खोजीलाई प्रतिनिधित्व गर्दछ ।

## नेपालसँगको सामीप्य

भुटानी नेपालीहरूको नेपालसँगको साइनो आफू नेपाली मूलको हुनुमा मात्र सीमित छैन । नेपाली भाषी भुटानीहरूले नेपालका शरणार्थी शिविरहरूमा लामो समय व्यतीत गरेका छन् । भुटानबाट १९९० को दशकमा शरणार्थीको रूपमा नेपाल छिर्दा ताकाका बालबच्चाहरू शिविर मै हुर्किए । शिविरमा धेरै बाल बच्चा जन्मिए, त्यहीँ हुर्किए, त्यहीँ पढे र त्यहीँको वातावरणमा घुलमिल भए । यसरी शिविरमा हुर्किएका (अहिले वयस्क भएका) धेरै युवायुवतीहरूलाई नेपाल नै आफ्नो 'जन्मभूमि' हो जस्तो लाग्छ । उनीहरूको नेपालसँग गहिरो नाता जोडिएको छ । पुनर्वासमा गइसकेपछि पनि धेरै भुटानी नेपालीहरूको नेपालसँगको साइनो-सम्बन्ध टुटेको छैन, सांस्कृतिक रूपमा झन् प्रगाढ हुँदै गएको छ । भुटानी नेपालीहरूलाई नेपालको राजनीतिप्रति कुनै सरोकार छैन तथापि आफू लामो समयसम्म बाँचेको देश भएका कारण नेपालप्रति उनीहरूको जहिल्यै सद्भाव छ । तीर्थाटन, पर्यटन र बिहेवारीका लागि नेपाल जानेहरूको संख्या धेरै ठूलो छ ।

पुनर्वास भएका देशहरूमा नेपाली भाषा, साहित्य, संस्कृति, धर्म र आध्यात्मिकता बचाउनका लागि भुटानी नेपालीहरूले गरिरहेको पहल र योगदान प्रशंसायोग्य छ। ठाउँ-ठाउँमा नेपाली भाषाका कक्षाहरू सञ्चालन भइरहेका छन्। नेपाली पाठ्यक्रम र पाठ्यसामग्री तयार भएका छन्, वितरण भएका छन्। सघन रूपमा साहित्यिक गतिविधिहरू भइरहेका छन् । भुटानी नेपाली साहित्यकारहरूका अनेकौं कृतिहरू प्रकाशित भएका छन्, केही कृतिहरू अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजबाट पुरस्कृतसमेत भएका छन् । धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक संगोष्ठी, योगाभ्यास, कथा, पुराण आदि भइरहेका छन् । नेपालमा धार्मिक कार्यक्रम, मठ-मन्दिरहरूको जीर्णोद्धार तथा निर्माण आदिका लागि सहयोग गर्ने भुटानी नेपालीहरूको सूचि लामो छ। नेपाली नृत्यकला, गीत-संगीत तथा चलचित्रसँग धेरै भुटानी नेपालीहरूको नाम जोडिने गरेको छ । यस अर्थमा पुनर्वासित भुटानी नेपालीहरूले आफू स्थायी रूपमा बसोबास गर्ने मुलुकहरूका साथै नेपालमा नेपाली भाषा-साहित्य तथा कला-संस्कृतिको विकासमा पुऱ्याइरहेको योगदान उच्च कोटीको छ।

## नेपालले निर्वाह गरेको भूमिका

नेपालले सन् १९९० को दशकमा भुटानबाट उच्छेदित भुटानी नेपालीहरूका लागि शरणार्थी शिविर स्थापना र व्यवस्थापन गरेर महत्वपूर्ण मानवीय भूमिका निर्वाह गऱ्यो । त्यस्तै शरणार्थीका लागि काम गर्ने संयुक्त राष्ट्रसंघीय उच्चायुक्त (यूएनएचसीआर) र अरू गैरसरकारी संस्थाहरूसँग समन्वय गर्यो । आफ्ना अनेक आन्तरिक समस्याका बाबजुद पनि भुटानसँग चौधौं चरणसम्म द्विपक्षीय वार्ता गरेर नेपालले शरणार्थी समस्या समाधान गर्न प्रयत्न गरिरह्यो। खास फलदायी परिणाम दिन नसके पनि यस्ता वार्ताहरूले तत्कालीन अवस्थामा शरणार्थीहरूमा आफ्नो समस्या समाधान हुन्छ भन्ने झिनो आशा कायम राख्न मद्दत गरेका थिए।

नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा सधैं भुटानी शरणार्थीहरूको स्वैच्छिक र सम्मानजनक स्वदेश फिर्तीको पक्षमा वकालत गरिरह्यो। दीर्घकालीन समस्याका रूपमा रहेका भुटानी शरणार्थीहरूको स्वदेश फिर्तीको सम्भावना क्षीण बन्दै गएपछि दातृ संस्थाहरूले प्रस्ताव गरेको तेस्रो देश पुनर्वास कार्यक्रममा सहमति जनाएर नेपालले भुटानीहरूलाई संघर्षपूर्ण तर पृथक् अवसर सहितको नवीन जीवन सुरु गर्न मार्ग प्रशस्त गरिदियो।

## पुनर्वासित भुटानी नेपालीलाई 'नेपालीमूलका विदेशी नागरिक' को मान्यता

नेपाल सरकारले 'नेपाली मूलका विदेशी नागरिक' लाई परिभाषित गर्दा ताका भुटानी नेपालीहरूको अवस्था फरक थियो । उनीहरू नेपालको सिमानाभित्र थिए; नेपालको आतिथ्य र सुरक्षाको छत्रछायामा थिए । उनीहरूसँग आफ्नो देश भुटान फर्कन सकिन्छ कि भन्ने झिनो आशा कायम थियो । उनीहरूसँग भुटानसँग जोडिएको एउटा जटिल तर जायज राजनैतिक मुद्दा थियो। त्यो मुद्दा अहिले पनि कायम छ तर अहिलेको अवस्था फरक छ । एक लाखभन्दा धेरै भुटानी नेपालीहरू आज नेपालको सीमाभन्दा धेरै टाढा अमेरिका, क्यानडा, अस्ट्रेलिया, न्यु जिल्यान्ड, बेलायत, डेनमार्क, नेदरल्यान्ड्स र नर्वे जस्ता आठ वटा विकसित देशका स्थायी बासिन्दा भएका छन्। शृंखलाबद्ध बसाइसराइको दुरूह परिस्थिति भोगेका उनीहरू जहाँ पुगे, नेपाली जातीय भावना बोकेर बाँचेका छन्। नेपालसँगको ऐतिहासिक सम्बन्ध, साझा सांस्कृतिक सम्पदा, नेपाली कला, भाषा तथा साहित्यसँगको चिरस्थायी सम्बन्ध, नेपालमा झन्डै दुई दशकसम्म शरणार्थीको रूपमा जीवनयापन गर्दाका तीता-मिठा सम्झनाको भावनात्मक साइनो आदिले उनीहरू 'नेपाली मूलका विदेशी नागरिक' को मान्यता पाउन योग्य हुनुपर्दछ । पुनर्वासित भुटानी नेपालीहरूलाई 'नेपाली मूलका विदेशी नागरिक'को पहिचान दिने सवालमा नेपालले निम्न कारण उनीहरूप्रति दायित्व र संवेदनशीलता देखाउनु पर्दछः

**१.ऐतिहासिक र सांस्कृतिक नाताः** नेपालसँग पुनर्वासित भुटानी नेपालीहरूको धेरै पुस्तादेखिको ऐतिहासिक र सांस्कृतिक सम्बन्ध छ। नेपाल उनीहरूको पर्ख्यौली थलो हो । उनीहरूको सांस्कृतिक पहिचान नेपाली परम्परा-रीतिरिवाज, भाषा-साहित्य र धर्म-अध्यात्मसँग गाँसिएको छ । उनीहरूको तत्कालीन घर भुटान भए पनि अहिलेको अवस्था फरक छ । आफ्नो राजनैतिक मुद्दा कायम राख्दै फरक परिस्थितिमा तुलनात्मकता रूपमा

सहज महसुस हुने आफ्नो अटुट सांस्कृतिक सम्बन्ध भएको राष्ट्रका नाताले मानवीय हिसाबले 'नेपाली मूल'को पहिचान र अधिकार दिने सवालमा नेपालले अग्रसरता देखाउनु पर्दछ ।

**२. पहिचानको संघर्ष:** भुटानी नेपालीहरूले आफ्नो सांस्कृतिक पहिचान बचाउन खोज्दा भुटानमा भेदभाव र उत्पीडनको सिकार हुनु पर्‍यो, देशबाट निष्कासित हुनुपर्‍यो त । अथाह चुनौतीको बाबजुद पनि उनीहरूले जहाँ पुगे पनि नेपाली पहिचान र संस्कृतिलाई जोगाएर राखेका छन् ।

**३. नेपाली संस्कृति र सम्पदा प्रवर्द्धन:** पुनर्वासित भुटानी नेपालीहरूले अहिले आफ्नो घर मानेका देशहरूमा नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याइरहेका छन्। नेपाली भाषा कक्षा, सांस्कृतिक कार्यक्रम, धार्मिक समारोह, र सामुदायिक गतिविधिहरूमार्फत उनीहरूले आफ्नो नेपाली सांस्कृतिक पहिचान मात्र कायम गरेका छैनन् अपितु बृहत्तर नेपाली डायस्पोरालाई पनि समृद्ध बनाएको छन् ।

**४. लामो नेपाल बसाइ:** भुटानसँग सिमाना जोडिएको मुलुक भारतले शरण दिन इन्कार गरेका विस्थापित भुटानीहरूलाई नेपालले असीम मानवीयताका आधारमा शरण दिने दायित्वबोध गर्‍यो । उनीहरू झन्डै दुई दशकसम्म नेपालका शरणार्थी शिविरमा बसे । त्यहाँ जन्मिएको-हुर्किएको पुस्ताका युवा-युवतीहरूले नेपाललाई आफ्नो 'जन्मभूमि' मान्दछन्।

**५. भुटान फर्कन वा भ्रमण गर्न नपाउने अवस्था:** धेरै पुनर्वासित भुटानी नेपालीहरू आफू स्थायी रूपमा बसोबास गरिरहेको मुलुकको नागरिक भइसकेका छन् तथापि उनीहरू भुटान फर्कन वा भ्रमण गर्न जान पाउँदैनन् । उनीहरूले भ्रमण गर्न चाहने नजिकको भावनात्मक सम्बन्ध भएको देश भनेकै नेपाल हो।

**६. नेपालमा योगदान:** पुनर्वासित भुटानी नेपालीहरू अनेक तवरबाट नेपालमा आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक तथा साहित्यिक गतिविधिहरूमा सहयोग गरिरहेका छन् । उनीहरूले 'नेपाली मूलका विदेशी नागरिक'को हैसियत पाउनु हो भने यस्ता सहयोगलाई संस्थागत गर्न अझ सहज हुने थियो।

**७. पुनर्वासमा नेपालको भूमिका:** स्वदेश फिर्तीका लागि संघर्ष गरिरहेका तर लामो समयसम्म समस्याको समाधान नभइरहेको अवस्थामा भुटानीहरूलाई पाश्चात्य मुलुकहरूमा पुनर्स्थापित गर्न नेपालले अन्तर्राष्ट्रिय समुदायसँग पहल तथा समन्वय गर्ने भूमिका निर्वाह गरेकाले अहिलेको अवस्थामा पनि उनीहरूप्रति दायित्वबोध गरी उनीहरूलाई 'नेपाली मूलका विदेशी नागरिक'को हैसियत प्रदान गर्नु वाञ्छनीय ठहर्छ।

## पैरवीमा एनआरएनएको भूमिका

विश्वव्यापी नेपाली डायस्पोरालाई एकताबद्ध र सशक्तीकरण गर्ने उद्देश्यका साथ स्थापना भएको गैरआवासीय नेपाली संघले पुनर्वासित भुटानी नेपालीहरूलाई 'नेपाली मूलका विदेशी नागरिक'को रूपमा मान्यता दिन पैरवी गर्नुपर्दछ । नेपालको हितका लागि विश्वभरका नेपालीहरूको ज्ञान, सीप र स्रोत परिचालन गर्ने एनआरएनएको प्रतिबद्धतामा भुटानी नेपालीहरू यस प्रकार सहयोगी हुन सक्छन्

**८ आर्थिक विकास:** धेरै पुनर्वासित भुटानी नेपालीहरूले विभिन्न क्षेत्रमा पर्याप्त वित्तीय स्रोत र विशेषज्ञता हासिल गरेका छन्। उनीहरूले नेपालको अर्थतन्त्रमा लगानी गर्न, व्यवसाय सुरु गर्न र आर्थिक वृद्धिमा योगदान गर्न सक्छन् ।

**९. सीप र ज्ञान हस्तान्तरण:** पुनर्वासित भुटानी नेपालीहरूको सीप, ज्ञान र अन्तर्राष्ट्रिय एक्सपोजरको लाभ नेपालले लिन सक्दछ । उनीहरूको अनुभवलाई शिक्षा, स्वास्थ्य, प्रविधि, कृषिलगायतका विभिन्न क्षेत्रमा प्रयोग गर्न सकिन्छ ।

**१०. लगानीका अवसर:** आफ्नो विश्वव्यापी सञ्जाल र वित्तीय स्थिरताका साथ भुटानी नेपालीहरूले विदेशी लगानी र साझेदारीलाई आकर्षित गर्न, आर्थिक विकासलाई प्रवर्द्धन गर्न र नेपाली नागरिकहरूको लागि रोजगारीका अवसरहरू सिर्जना गर्न सक्छन्।

**११. सांस्कृतिक आदानप्रदान:** भुटानी नेपालीहरू व्यक्ति वा परिवारको रूपमा नभई समुदाय कै रूपमा पुनार्वासित भएका हुन्। आज बलियो र गतिशील समुदायका रूपमा

स्थापित हुँदै गरेको भुटानी नेपाली डायस्पोराले नेपाल र आफू पुनर्वासित भएका राष्ट्रहरूबीच सांस्कृतिक आदानप्रदानलाई सहज बनाउन, नेपाली संस्कृति, कला र परम्परालाई अन्तर्राष्ट्रिय मञ्चमा प्रवर्द्धन गर्ने सामर्थ्य राख्दछ ।

**१२ पैरवी र प्रतिनिधित्वः** पुनर्वासित भुटानी नेपालीहरूले नेपाली मूलका विदेशी नागरिकको रूपमा मान्यता प्राप्त गरेपछि आफू नागरिक भएको राष्ट्रमा नेपालको पक्षमा पैरवी गर्न, कूटनीतिक सम्बन्धलाई सुदृढ गर्न र विश्व मञ्चमा नेपालको हित संवर्द्धन गर्न भूमिका निर्वाह गर्न सक्छन्।

**१३ मानव संसाधन स्रोतः** पुनर्वासित भुटानी नेपालीहरूले आफ्नो व्यावसायिक र बौद्धिक क्षमतामार्फत नेपालमा उपलब्ध सेवा र विशेषज्ञताको गुणस्तर बढाउन तथा स्वास्थ्य सेवा, शिक्षा र प्रविधिलगायत विभिन्न क्षेत्रहरूमा भएका अभाव पूर्ति गर्ने सवालमा सहयोगी बन्न सक्छन् ।

**१४. अनुसन्धान र नवप्रवर्तनः** पुनर्वासित भुटानी नेपालीहरूको बौद्धिक क्षमता नेपालमा विज्ञान, प्रविधि तथा अन्य क्षेत्रमा नवप्रवर्तन, अनुसन्धान र विकासको लागि सहयोगी सिद्ध हुन सक्दछ।

**१५.परोपकारी र सामाजिक प्रभावः** धेरै पुनर्स्थापित भुटानी नेपालीहरू परोपकारी गतिविधिहरूमा सक्रिय रूपमा संलग्न छन्। उनीहरूले नेपालमा सामाजिक परियोजना, सामुदायिक विकास, र परोपकारी गतिविधिमा योगदान गर्न सक्छन्।

दक्षिण एसियाको सबैभन्दा ठूलो मुलुक भारतले मूल थलोभन्दा बाहिर बस्ने भारतीय मूलका मानिसहरूका लागि निर्दिष्ट गरेको प्रावधान नेपालको सन्दर्भमा उदाहरणका रूपमा हेर्न सकिन्छ । प्रवासी भारतीयहरूको आकांक्षा र अपेक्षाहरू पूरा गर्ने सरकारी प्रतिबद्धतालाई ध्यानमा राख्दै भारत सरकारले अगस्त २००५ मा सन् १९५५ को नागरिकता अधिनियम संशोधन गरेर 'प्रवासी भारतीय नागरिकता' को योजना ल्याएको थियो। 'भारतीय मूलका मानिस'ले प्राप्त गर्दै आएको तुलनात्मक रूपमा सीमित दायरा भएको परिचय पत्रलाई सन् २०१५ मा 'प्रवासी भारतीय नागरिकता'मा विलय गरियो । 'प्रवासी भारतीय नागरिकता'को क्षेत्र निकै फराकिलो छ। भारतीय मूलका व्यक्तिलाई भारतमा उत्पत्ति भएको पत्ता लगाउन सहयोग पुर्याउने उद्देश्यले भारतीय विदेश मन्त्रालयले 'उत्पत्तिको खोज' (ट्रेसिङ द रुट्स) नामक योजनासमेत सञ्चालन गरिरहेको छ ।

पुनर्वासित भुटानी नेपालीहरूलाई यही तहको सुविधा दिन नेपाल सरकारलाई खासै व्यवहारिक, कानुनी तथा कूटनीतिक कठिनाइहरू नपर्नु पर्ने हो । सरकारले इच्छा शक्ति देखायो भने आफ्नो मूल थलोभन्दा बाहिर रहेका मानिसहरूलाई जोडिराख्न कानुनी लचकता अपनाउन सक्छ भन्ने कुरा समान प्रकारको भारतीय सन्दर्भले देखाउँछ । 'नेपाली मूलका विदेशी नागरिक'को मान्यता दिन पुनर्वासित भुटानी नेपालीहरूलाई एनआरएनएमै समावेश गर्नुपर्छ भन्ने होइन । नेपाल सरकारले उनीहरूका लागि निर्दिष्ट सुबिधासहितको एउटा छुट्टै वर्गीकरण सिर्जना गरेर उनीहरूले सामना गरिरहेको विशेष परिस्थिति र चुनौतीहरूलाई सम्बोधन गर्न सक्दछ। संगठनात्मक सम्बद्धता जे भए पनि यस्तो मान्यता पृथक आयामको प्रतिनिधित्व गर्ने उनीहरूको अकाट्य-अखण्डनीय पहिचान पुष्टि गर्न र आफ्नो पूर्खयौली थलोसँग अटुट सम्बद्धताको भावना प्रवर्द्धन गर्न महत्वपूर्ण कदम हुनेछ ।

पुनर्वासित भुटानी नेपालीहरूलाई नेपालको सामाजिक-आर्थिक संरचनामा समावेश गर्नाले 'जीत-जीत'को अवस्था सिर्जना गर्न सक्छ; नेपालले उनीहरूको विशेषज्ञता र स्रोतहरूबाट फाइदा लिन सक्छ भने उनीहरूको आफ्नो पूर्ख्यौली थलोसँग दह्रो सम्बन्ध स्थापित हुनेछ। पुनर्वासित भुटानी नेपालीहरूलाई 'नेपाली मूलका विदेशी नागरिक'को रूपमा मान्यता दिनु यी उपलब्धिहरू हासिल गर्नको लागि महत्वपूर्ण कदम हुन सक्छ। पुस्तौं पुस्तासम्म भुटानका नागरिक रहेका आफ्ना जनतालाई अन्यायपूर्वक देश निकाला गरेको भुटानले आजसम्म भ्रमण गर्न समेत वञ्चित गरेको अवस्थामा नेपालले दिने यस किसिमको दर्जाले पुनर्वासित भुटानी नेपालीहरूलाई नेपालसँग नजिक त बनाउने छ नै, भुटानसँग जोडिएको उनीहरूको न्यायिक याचनाको मुद्दालाई अझ जीवित राख्न मद्दत गर्नेछ।

(गौतम नर्वेमा विद्यावारिधि गर्दै छन्। यस आलेखमा व्यक्त धारणा लेखकका निजी विचार हुन्)






# श्रम आप्रवासन र मानव बेचबिखन

**तर, श्रम आप्रवासनको अर्को पाटो पनि छ, जहाँ काजीमानले झैं वैदेशिक रोजगारीका क्रममा कैयौं नेपालीले शोषण, विभेद, बाध्यकारी श्रमजस्ता ज्यादती भोग्नु परेको छ । कैयौंजना बेचबिखनमा समेत पर्छन् ।**

**विश्वभर नै खासगरी आर्थिक रुपले कमजोर तथा रोजगारीको अवसरबाट वञ्चितहरु बेचबिखनको उच्च जोखिममा पर्ने गरेको देखिन्छ । मानव बेचबिखनसम्बन्धी संयुक्त राष्ट्रसंघको विश्वव्यापी प्रतिवेदन २०२२[1] अनुसार बेचबिखनमा परेकाहरुमध्ये ५१ प्रतिशत कमजोर आर्थिक अवस्था भएकाहरु थिए भने २० प्रतिशत कामकाज/रोजगारविहीन परिवारका थिए । सो प्रतिवेदनअनुसार बेचबिखनमा परेकाहरुमध्ये सबैभन्दा बढी (३९ प्रतिशत) बाध्यकारी श्रममा परेका थिए ।**

**रामेश्वर नेपाल**

नेपाली आप्रवासी श्रमिकहरूका अधिकारको अवस्थासम्बन्धी एक अध्ययनका लागि हालै मैले यूएईमा रोजगारीको निम्ति गई स्वदेश फर्कनु परेका मकवानपुरका एक २१ वर्षीय पुरुष काजीमान (नाम परिवर्तन) को अन्तर्वार्ता गरेको थिएँ । ड्राइभरको काम गरी परिवारको पालनपोषण गर्दै आएका बुबा सडक दुर्घटनामा परी थलिए । ६ जनाको परिवार चलाउने जिम्मेवारी काजीमानमा आयो । आफ्नो जमिनको उब्जनीले केवल ४-५ महिनाभन्दा खान नपुग्ने उनले कति प्रयत्न गर्दा पनि परिवारको जीविकोपार्जनका लागि पर्याप्त कमाई हुने रोजगारी पाएनन् । अन्ततः वैदेशिक रोजगारीमा जाने निधो गरे ।

गाउँकै एक एजेन्टले दुबईको एउटा होटलबाट वेटरको माग आएको बताए । काठमाडौंमा उनले चार साताको तालिम पनि लिए । एजेन्टले काठमाडौंस्थित श्रमिक भर्ना गर्ने निजी एजेन्सीमा पठाए । एजेन्सीले वेटरको काम, मासिक तलब १,२०० दिराम हुने र ओभरटाइमको छुट्टै पारिश्रमिक हुने सुनाए । त्यस काममा जान १ लाख ५० हजार रुपैयाँ लाग्ने भनियो । गाउँकै एक चिनजानको

व्यक्तिसँग ३६ प्रतिशत वार्षिक ब्याजमा ऋण लिई एजेन्सीले भने बमोजिमको रकम तिरेर काजीमान २०७९ माघमा दुबई गएका रहेछन्।

दुबई पुगेपछि उनलाई वेटरको नभई निर्माण क्षेत्रको काममा लगाइयो। उनलाई भर्ना गरिएको कम्पनी आफैंमा रोजगारदाता नभएर आपूर्तिकर्ता (सप्लाई) रहेछ। त्यस कम्पनीले काजीमानलाई मासिक तलब केवल एक हजार दिराम मात्र दिएछ। दिनमा ४ देखि ६ घण्टासम्म ओभर टाइम ड्युटी लगाए तापनि त्यसको अतिरिक्त भुक्तानीचाहिँ नदिएको उनले बताए।

करारअनुसार तलब र ओभरटाइमको पारिश्रमिक दिन अनुरोध गर्दा कम्पनीले मानेन । त्यसो भए नेपाल पठाइदिन अनुरोध गर्दा कम्पनीले अस्वीकार मात्रै गरेन, यदि नेपाल फर्कने हो भने ३ हजार दिराम (उनलाई भर्ना गर्न लागेकाले रकम) तिर्न भनेछ। अन्त्यमा दुई हजार दिराम कम्पनीलाई बुझाउने र टिकटको व्यवस्था आफैंले गरेमा कम्पनीले उनलाई नेपाल फर्कन अनुमति दिने भएछ। यूएईमै कार्यरत चिनजानका एक जनासँग दुई हजार दिराम सापटी लिई कम्पनीलाई तिरेछन्। नेपालमा रहेका आफन्तले हवाई टिकट पठाएपछि गएको ४ महिनामा उनी नेपाल फर्किएछन्।


फर्केपछि आफूले जाँदा तिरेकोमध्ये हवाई भाडा कटाएर बाँकी रकम फिर्ता दिन आफूलाई भर्ना गर्ने एजेन्सीसँग काजीमानले अनुरोध गरेछन्। तर, एजेन्सीले पैसा फिर्ता दिने त कता हो कता सातो उड्ने गरी हप्काएको उनले बताए। मैले अन्तर्वार्ता गर्दा काजीमान तीन लाख रुपैयाँ तिरेर मलेसिया जाने प्रक्रियामा थिए।

खासगरी गरिबी र स्वदेशमा परिवारको जीविकोपार्जनका निम्ति पर्याप्त कमाइ हुने रोजगारी नपाएका कारण नेपालीहरू वैदेशिक रोजगारीमा जान बाध्य छन् । औपचारिक र अनौपचारिक तवरले यसरी बिदेसिनेहरूको संख्या वार्षिक सरदर १० लाख हुने गरेको छ ।[2] त्यसरी जानेहरूका लागि विदेशको रोजगारीमा जोडिन नेपालका श्रमिक भर्ना गर्ने निजी एजेन्सी र स्थानीय एजेन्टहरूको भूमिका महत्वपूर्ण हुने गरेको छ। विदेशको रोजगारीबाट गरेको कमाइले कैयौं नेपालीको जीविकोपार्जन सहज भएको छ र आर्थिक अवस्थामा सुधार आएको छ। तर, श्रम आप्रवासनको अर्को पाटो पनि छ, जहाँ काजीमानले झैँ वैदेशिक रोजगारीका क्रममा कैयौं नेपालीले शोषण, विभेद, बाध्यकारी श्रमजस्ता ज्यादती भोग्नु परेको छ । कैयौंजना बेचबिखनमा समेत पर्छन्।

केही दशक अघिसम्म खासगरी नेपाली महिला र बालिकाहरूको यौनशोषणका लागि भारतमा बेचबिखन हुने गरेकामा पछिल्ला वर्षहरूमा नेपालबाट वैदेशिक रोजगारीमा जानेहरूको संख्या बढेसँगै आप्रवासी पुरुष तथा महिला श्रमिकहरू बढ्दो मात्रामा बेचबिखनमा पर्ने गरेका छन् । विगत डेढ दशकमा मैले गरेका दर्जनौं अनुसन्धानका दरवियान बेचबिखनमा परेका हजारौं त्यस्ता पुरुष तथा महिला श्रमिकको घटनाहरू अभिलेखीकरण गरेको छु। अन्तर्राष्ट्रिय मानव अधिकार कानुन[3] र घरेलु कानुनले समेत शोषणको उद्देश्यले कुनै व्यक्तिलाई झुक्याई वा धोकाधाडी गरी भर्ना गर्नु वा एक ठाउँबाट अर्को ठाउँमा लैजानु मानव बेचबिखन र ओसारपसारको अपराध भनी परिभाषित गरेको छ।

वैदेशिक रोजगारीमा जान बाध्य कैयौं नेपालीहरूलाई नेपालका एजेन्ट र/वा इजाजतप्राप्त निजी एजेन्सीहरू समेतले मूलतः कामका शर्तहरू झुक्याइ भर्ना गर्ने गरेको र त्यसरी भर्ना गरिएकाहरू श्रम वा अन्य शोषणमा पर्ने गरेको पाइन्छ। राष्ट्रिय मानव अधिकार आयोगको एक अनुसन्धानका लागि अन्तर्वार्ता गरिएकाहरूमध्ये ३६.६२ प्रतिशतलाई भर्ना गर्दा वा करारपत्रमा एउटा काम भनिएको तर गन्तव्यमा पुगेपछि अर्को काममा लगाएको र ५५.६३ प्रतिशतलाई प्रारम्भमा बताइए अनुसारको तलब, खाना खर्च वा अतिरिक्त कामको पारिश्रमिक नदिएको, तलबै नदिइएको, वा पारिश्रमिक कटौती वा रोक्का गरिएको देखिएको थियो[4]। यसरी झुक्याएर गरिएको भर्ना र भर्ना पछिको शोषण मानव बेचबिखनको कोटीमा पर्छ।

विश्वभर नै खासगरी आर्थिक रूपले कमजोर तथा रोजगारीको अवसरबाट वञ्चितहरू बेचबिखनको उच्च जोखिममा पर्ने गरेको देखिन्छ। मानव बेचबिखनसम्बन्धी संयुक्त राष्ट्रसंघको विश्वव्यापी प्रतिवेदन २०२२[5] अनुसार बेचबिखनमा परेकाहरूमध्ये ५१ प्रतिशत कमजोर आर्थिक अवस्था भएकाहरू थिए भने २० प्रतिशत



कामकाज/रोजगारविहीन परिवारका थिए । सो प्रतिवेदनअनुसार बेचबिखनमा परेकाहरूमध्ये सबैभन्दा बढी (३९ प्रतिशत) बाध्यकारी श्रममा परेका थिए।

प्रतिवेदनले बेचबिखनकर्तामध्ये सर्वाधिक (४६ प्रतिशत) व्यावसायिक प्रकृतिका संगठित समूहहरू हुने गरेको देखाएको छ । यस हिसावले हेर्दा रोजगारीका आवरणमा श्रमिकहरूको बेचबिखनमा संगठित समूह वा व्यवसायको संलग्नता व्यापक रहेको स्पष्ट देखिन्छ। साथै प्रतिवेदनले पछिल्ला वर्षहरूमा बेचबिखनमा पर्ने महिला र पुरुषको अनुपातको अन्तर घटेको पनि देखाएको छ[6], जुन खासगरी वैदेशिक रोजगारीमा जाने (पुरुष) हरूको बेचबिखन दर बढेको कारण हुन् गएको हो भनी सहज विश्लेषण गर्न सकिन्छ।

पीडितहरूको स्वदेशभित्र र विदेशमा बेचबिखन हुने गरेको देखिन्छ। विदेशमा बस्ने नेपालीहरूको संख्या बढ्दै जानुले बेचबिखनकर्ताको विदेशको सञ्जाल अझ बलियो भएको र सो सञ्जालमार्फत ठूलो संख्याका नेपालीहरू विदेशमा बेचिने गरेको देखिन्छ । राष्ट्रसंघको मानव बेचबिखनसम्बन्धी विश्वव्यापी प्रतिवेदनले देखाए झैं मूलतः स्वदेशमा बेरोजगारी र गरिबीका कारण विश्व श्रमबजारमा जान बाध्य नेपालीलाई आकर्षक रोजगारीको प्रलोभनमा मूलतः खाडीका र मलेसिया पुऱ्याइन्छ र उनीहरूमाथि श्रमलगायत विभिन्न प्रकारका शोषणहरू गर्ने गरिएको देखिन्छ।

गन्तव्य देशमा नेपालीहरूको शोषणमा अन्तर्राष्ट्रिय ब्रान्डका विश्वका ठूला कम्पनी समेतको हात रहने गरेको पाइन्छ । उदाहरणका लागि म कार्यरत रहेको संस्था इक्विडेमले गरेको अध्ययनबाट विश्वका प्रतिष्ठित कम्पनी र अमेरिका, बेलायत, युरोपेली देशलगायत झन्डै २०० राष्ट्रको सहभागितामा २०२१ मा भएको दुबई २०२० एक्स्पोस्थलमा कर्यरत नेपालीलगायतका आप्रवासी श्रमिकमाथि बाध्यकारी श्रमजन्य ज्यादती भएको देखिएको थियो[7] भने इक्विडेमलगायत कैयौं संस्थाले कतारमा भएको फिफा २०२२ विश्वकप फुटबलको परियोजनामा कार्यरत नेपाली श्रमिकहरूमाथि ठूला कम्पनीहरूबाट थरीथरीका शोषण र ज्यादती भएको तथ्य उजागर गरेका थिए।

श्रम आप्रवासनका क्रममा वा आवरणमा मानव बेचबिखन हुनमा विभिन्न कारणहरू छन् । तर, तीमध्येमा सुरक्षित आप्रवासनका बारेमा लक्षित समुदाय जानकार हुन नसक्नु, वैदेशिक रोजगार र मानब बेचबिखनसम्बन्धी कानुनमा श्रम आप्रवासनका क्रममा हुने बेचबिखनको विषयलाई स्पष्ट परिभाषित नहुनु वा त्यस्ता कसुरका लागि उचित सजायको स्पष्ट व्यख्या नहुनु, श्रमिक भर्ना प्रक्रिया अस्वच्छ र अनैतिक हुनु, सरकारी नियमन कमजोर हुनु र नेपालको श्रम कूटनीति कमजोर हुनु मुख्य देखिन्छ।

त्यस्तै सरकारका अपरिपक्व नीतिका कारण पनि श्रमिकहरूले बेचबिखनसम्मको ज्यादती सामना गर्नु परेको छ । उदाहरणका लागि नेपालको संविधान, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानुन, वैदेशिक रोजगार कानुन आदिले महिलामाथि कुनै पनि कारणबाट विभेद गर्न निषेध गरेको भए पनि वैदेशिक रोजगारीमा गएका महिलाहरू असुरक्षित भए भनी गएको विगत दुई दशकदेखि सरकारले कहिले उमेर हद त कहिले रोजगारीका क्षेत्रमा महिलालाई प्रतिबन्ध लगाउँदै आएको छ, जसले उनीहरूको औपचारिक वैदेशिक रोजगार गमन निरुत्साहन हुन गयो। तर, एकातिर महिलाको सुरक्षित आप्रवासनको यथोचित व्यवस्था गर्नमा सरकार उदासीन रहिरह्यो भने अर्कोतिर व्यक्ति तथा संगठित समूहले नेपाली महिलालाई निरन्तर

अनौपचारिक तवरले विदेश पुऱ्याउँदै आएको छ। यसले गर्दा हजारौं महिला चरम शोषण र बेचबिखनको जोखिममा धकलिन पुगेको देखिन्छ।

श्रम आप्रवासनका क्रममा हुने मानव बेचबिखनको विकराल चुनौती सम्बोधनका लागि वैदेशिक रोजगारीका क्रम/आवरणमा हुने मानव बेचबिखनलाई कानुनमा स्पष्ट परिभाषित गरिनु पर्छ र महिला आप्रवासनमा रहेको विभेदपूर्ण पाबन्दीहरू अन्त्य गरिनुपर्दछ। त्यस्तै वैदेशिक रोजगार कम्पनी र एजेन्टहरूको नियमनका लागि प्रभावकारी अनुगमन, नियमन, पारदर्शिता तथा जवाफदेहितामा सुधार गर्नुपर्दछ र उजुरी एवं क्षतिपूर्ति संयन्त्रमा श्रमिकहरूको सहज पहुँच सुनिश्चित गर्नुपर्छ।

[1]*United nations Office on Drug and Crime, "Global Report on Trafficking in Persons, 2022"*
https://www.unodc.org/documents/data-and-analysis/glotip/2022/GLOTiP_2022_web.pdf

[2]आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारले कुल ७ लाख ७१ हजार ३२७ श्रम स्वीकृति जारी गरेको थियो। तीबाहेक भारत रोजगारीमा जाने (जसले श्रम स्वीकृति लिनुपर्दैन) र रोजगारीकै उद्देश्यले तर अनौपचारिक तवरमा भारत इतरका देशमा जानेहरूको संख्या पनि लाखौं रहने गर्दछ।

[3]*Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children, supplementing the United Nations Convention against Transnational Organized Crime, 2000 (Article 3, (a)*

[4]राष्ट्रिय मानव अधिकार आयोग, "आप्रवासी कामदारहरूको अधिकारको अवस्था : आप्रवासी कामदार भर्ना अभ्यास र न्यायमा पहुँच विषयको अनुसन्धान-प्रतिवेदन", २०७६,
https://www.nhrcnepal.org/uploads/publication/Research_Report_MigrantWorker_Situation_compress_2073-03-31.pdf

[5]*United nations Office on Drug and Crime, "Global Report on Trafficking in Persons, 2022"*
https://www.unodc.org/documents/data-and-analysis/glotip/2022/GLOTiP_2022_web.pdf

[6] *Global Report on Trafficking in Persons, 2022* ले दुई दशकअघि बेचबिखनमा परेका महिला ७४ प्रतिशत र पुरुष १३ प्रतिशत रहेकोमा हाल महिलाको हिस्सा घटेर ४२ प्रतिशत र पुरुषको हिस्सा बढेर २३ प्रतिशत पुगेको देखाएको छ।

[7]*Equidem, "EXPosed: Discrimination and Forced Labour Practices on Expo 2020 Dubai", 2021*
https://www.equidem.org/reports/exposed

[8]*Equidem and GLJ/ILRF, "If we complain, we are fired: Discrimination and Exploitation of Migrant Construction Workers on FIFA World Cup Qatar 2022 Stadium Sites", 2022*
https://www.equidem.org/reports/if-we-complain-we-are-fired

*Equidem, "We work like robots: Discrimination and Exploitation of Migrant Workers in FIFA World Cup 2022 Qatar Hotels, 2022* https://www.equidem.org/reports/we-work-like-robots

# एनआरएनएले बिर्सिएका 'सिनियर सिटिजन्स'

एक अनुमानअनुसार आउँदो १० वर्षभित्र पश्चिमा मुलुकहरुमा मात्रै ६५ वर्ष नाघेका प्रवासी नेपालीहरुको संख्या ५० हजारदेखि १ लाख पुग्ने छ । उनीहरुलाई विश्वव्यापी सञ्जालमा समेट्ने, उनीहरुसँग रहेको सीप, स्रोत र सञ्जाल नेपालको हितमा सदुपयोग गर्ने र उनीहरुलाई पनि जीवनको उत्तरार्ध सहज बनाउन सघाउने जिम्मेवारी पनि गैरआवासीय नेपाली संघको हो । तर, संघमा अहिले सम्म यो विषयमा बहस त के छलफलसमेत सुरु भएको देखिँदैन ।



**भगीरथ योगी**

ध्रुव केसी बेलायत आएको ५० वर्ष पूरा भयो। तत्कालीन पदमा रेस्टुरेन्टमा काम गर्न वर्क परमिटमा उनी साथी मदन थापासँगै सन् १९७३ सेप्टेम्बर तेस्रो सातामा लन्डन आइपुगेका थिए। 'समय कति चाँडै बित्दो रहेछ। बस्दै, काम गर्दै जाँदा छोराछोरी, नातिनातिना यतै जन्मिए। नेपाल फर्कन्छु भन्दाभन्दै परिवार छाड्न सकिएन। अब बाँकी जीवन यतै बित्ने भयो,' ७६ वर्षीय केसीले भने।

केसी जस्ता हजारौं नेपाली अहिले प्रवासबाट नेपाल सम्झँदै आफ्नो जीवनको उत्तरार्ध बिताइरहेका छन्। बेलायतकै कुरा गर्दा यहाँ विश्वस्तरकै स्वास्थ्य सेवा उपलब्ध छ। खुलापार्क छन्, शिक्षा, स्वास्थ्य सेवा धेरैजसो निःशुल्क छ, तर पनि प्रवासी नेपालीको मन नेपालमै छ।

'काममा व्यस्त हुँदा र छोराछोरी सँगै हुँदा नेपाल त्यति 'मिस' हुँदैनथ्यो। नेपाल पनि नियमित जस्तो गई रहन्थ्यौं। तर, रिटायर्ड भएपछि भने जति बेला पनि मातृभूमिकै सम्झना आइरहन्छ,' उनले भने।

४८ वर्ष पहिले अष्ट्रेलिया पुगेकी एनआरएनएकी संस्थापक मध्येकी एक इन्द्रा बन गएको २ दशकभित्र अष्ट्रेलियामा नेपालीहरूको बढ्दो संख्या देखेर छक्क परेकी छिन्। 'म १९७५ मा अष्ट्रेलिया आइपुगें। अर्को वर्ष मैले छात्रवृत्तिमा उच्च शिक्षा अध्ययन गर्न आएका नेपाली विद्यार्थीहरूलाई भेटें। त्यस बेला सिड्नीमा जम्मा चार जना नेपाली थियौं,' उनी सम्झिन्छिन्।

गएको एक दशकयता नेपाली विद्यार्थीहरूको चापका कारण अष्ट्रेलियामा नेपालीहरूको संख्या ह्वात्तै बढेको छ। त्यस्तै नेपाली संघ-संस्थाहरूको संख्या पनि । आफ्ना छोराछोरी भेट्न अष्ट्रेलियाका विभिन्न सहर पुगेका बुवाआमालाई एकै ठाउँमा भेला पारेर सांस्कृतिक तथा धार्मिक कार्यक्रमहरूमा सहभागी गराउने, पिकनिक आदि आयोजना गर्ने काम केही संस्थाहरूले गरिरहेका छन्। गैरआवासीय नेपाली संघको स्वास्थ्य समितिद्वारा सेप्टेम्बर १७-१९, २०२१ मा लन्डनमा आयोजित तेस्रो विश्व नेपाली स्वास्थ्य सम्मेलनको सेरोफेरोमा बेलायतमा भूतपूर्व गोर्खा सैनिकलगायत नेपाली समुदायको स्वास्थ्य जाँच गरिएको थियो । यस्ता गतिविधिबाहेक एनआरएनएले संस्थागत रूपमा 'पाका नेपालीहरू' (सिनियर सिटिजन्स) केन्द्रित गतिविधि गरेको पाइँदैन।

## उमेरसँगै बढ्छन्  स्वास्थ्य समस्या

त्यसो त उमेर बढेसँगै मानिसका स्वास्थ्य समस्याहरू पनि बढ्दै जान्छन् । बुढ्यौलीसँगै विभिन्न रोगहरूले च्याप्छन् । त्यस्तो बेला नियमित उपचार सँगै मनोसामाजिक परामर्शको पनि उत्तिकै आवश्यकता पर्छ । गएको ४४ वर्षदेखि बेलायतमा बसोबास गरिरहेका वरिष्ठ चिकित्सक डा. राघवप्रसाद धिताल बुढेसकालमा सबैभन्दा महत्वपूर्ण कुरा  शरीरलाई चलायमान बनाउने र दिमागलाई सक्रिय राख्नुपर्ने बताउँछन् । 'मस्तिष्कलाई सक्रिय राखेनौं भने डिमेंसिया हुनसक्छ । शारीरिक रूपले पनि हिँडडुल पनि गरिरहनुपर्छ।  धूमपान त एकदमै हुँदैन, मद्यपान पनि कम गर्दै लग्नुपर्छ।'

यसैगरी डा. धितालले पहिलो पुस्ताका आप्रवासी आफ्ना बाबु आमाकै कारण विदेशमा शिक्षा दिक्षा र रोजगारीको अवसर पाएका छोराछोरीले पनि आफ्ना बाबु आमाको रेखदेखमा ध्यान दिनुपर्ने बताउँछन् । 'पश्चिमा मुलुकहरूमा सोसल सर्भिसले पनि केयर सेवा प्रदान गर्छ। आफ्नो कामै छोडेर छोरा बुहारीले हाम्रो रेखदेख गरून् भन्ने सोंचाइ राख्नु त्यति व्यावहारिक हुँदैन । तर, सम्भव भएसम्म थप समय दिएर बाबुआमाको रेखदेख गर्नु छोराछोरीको कर्तव्य हो,' उनी भन्छन् ।

केसीका अनुसार बुढेसकालमा एकजना गम्भीर बिरामी परे वा  श्रीमान् वा श्रीमती न भै दिए झन् गाह्रो हुँदो रहेछ। 'मेरो एकजना साथीलाई पक्षाघात भएको पाँच वर्ष भयो। उनको श्रीमतीले सक्दो स्याहार गरिरहनु भएको छ। त्यस्तै मेरो अर्को साथीले लन्डनमै पक्षाघात भएकी आफ्नी श्रीमतीको स्याहार गरिरहनु भएको छ। त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्यको ख्याल गर्दै साथीभाइसँग मिलेर रमाउने वातावरण बनाउनुपर्छ। जिउन जान्यो भने स्वर्ग, नत्र नर्क हुँदो रहेछ जीवन।'

## के गर्नुपर्छ त एनआरएनएले ?

एक अनुमानअनुसार आउँदो १० वर्षभित्र पश्चिमा मुलुकहरूमा मात्रै ६५ वर्ष नाघेका प्रवासी नेपालीहरूको संख्या ५० हजारदेखि १ लाख पुग्ने छ । उनीहरूलाई विश्वव्यापी सञ्जालमा समेट्ने, उनीहरूसँग रहेको सीप, स्रोत र सञ्जाल नेपालको हितमा सदुपयोग गर्ने र उनीहरूलाई पनि जीवनको उत्तरार्ध सहज बनाउन सघाउने जिम्मेवारी पनि गैरआवासीय नेपाली संघको हो । तर, संघमा अहिले सम्म यो विषयमा बहस त के छलफल समेत सुरु भएको देखिँदैन।

लामो समयदेखि अमेरिकामा बसोबास गर्दै आएका सिटी अफ टेम्पेका प्रमुख योजनाविद् डा. अम्बिकाप्रसाद अधिकारी विदेशमा बसी रहेका पहिलो पुस्ताका नेपालीहरूको ठूलै संख्या अब रिटायर्ड हुने उमेरमा पुगेको र उनीहरूलाई कसरी नेपाल फर्काउने वा उनीहरूसँग रहेको सीप, स्रोत र पुँजी कसरी नेपालको हितमा प्रयोग गर्ने भन्नेबारे नेपाल सरकार र एनआरएनएले पनि सोच्नुपर्ने बेला आएको बताउँछन्।

'मलाई थाहा भएअनुसार कोरिया, ताइवान, श्रीलंका आदि मुलुकमा मूल थलो भएका कैयौं आप्रवासीहरू रिटायर्ड भएपछि आफ्नै जन्म थलो फर्किएका छन्। थाइल्यान्डले त जुनसुकै मुलुकका भए पनि रिटायर्ड व्यक्तिहरूलाई आफ्नो मुलुकमा आकर्षित गर्न थुप्रै संरचनाहरू विकास गरेको छ। नेपालले पनि काठमाडौं मात्रै हैन, इटहरी, बुटवल वा पोखरामा निजी क्षेत्र समेतको सहभागितामा त्यस्ता संरचनाहरू बनाउने हो भने थुप्रै प्रवासी नेपालीहरूलाई स्वदेश फर्काउन सकिन्छ,' उनले भने।

वरिष्ठ चिकित्सक डा. धिताल प्रवासमा बस्ने नेपालीहरूलाई पनि राजनीतिक अधिकार दिनुपर्ने बताउँछन्।  'नागरिकताको टुंगो नलाग्दासम्म गाह्रो हुन्छ। त्यस्तै नेपालमा दिन चाहनेलाई प्रोत्साहन गर्नुपर्छ।'

त्यस्तै योजनाविद् डा. अधिकारी गैरआवासीय नेपाली नागरिकता एउटा अग्रगामी कदम भए पनि वंशजको नेपाली नागरिकता नेपाल सरकारले खोस्न नहुने बताउँछन् । "नेपालीहरूलाई नेपालसँग जोड्ने सबैभन्दा बलियो सेतु नेपाली नागरिकता नै हो, त्यसैले प्रवासमा बस्ने नेपालीहरूलाई उनीहरूले आफैं न चाहेसम्म नागरिकता त्याग्न बाध्य बनाइनुहुँदैन," उनी भन्छन्।

डा. धिताल भन्छन्, "यत्रो वर्ष बेलायत बसे पनि मैले नेपाली नागरिकता नै बोकी रहेको छु । मेरो मन जहिले पनि नेपालमै भै राख्छ। मेरै घरको बैठकबाट एनआरएनएको जन्म भएको हो । तर, एनआरएनएले पाका पुस्तालाई बिर्सदै गएको देख्दा मन दुख्छ।'

डा. धिताल जस्ता पाका प्रवासी नेपालीको दुखेको मनमा मल्हम लगाउने जिम्मेवारी संघको नयाँ नेतृत्वको काँधमा आइ पुगेको छ।

(बीबीसी नेपाली सेवाका पूर्वप्रस्तोता योगी लन्डनमा बस्छन्)

# न बाट "नेपाली" न बाट "नमस्कार"

भनिन्छ, देश छोडेर परदेश लागेपछि सबैभन्दा माया देशको लाग्छ अनि आफ्नो भाषाको लाग्छ । विदेशमा कहीँ कतै नेपाली बोलिरहेको सुनियो भने आफ्नै देश भाइ, भजित या नजिकको साथीजस्तै लाग्छ । कुनै काम नै नभए पनि नजिक पुगेर तपाईंको नेपाल घर कहाँ हो कुन राज्यमा बस्नुहुन्छ, के काम गर्नुहुन्छ भनेर सोधीहालुम् जस्तो हुन्छ । अनि समय मिल्यो भने लौ न केहीबेर बसेर मःमः खाउँ भन्न मन लाग्छ ।



**अनिल अधिकारी**

तपाईं घुम्दै अमेरिकाको टेक्सासस्थित पशुपतिनाथको मन्दिरमा पुग्नुभयो भने त्यहाँ नेपाली भाषा कक्षामा साना-साना, नानी बाबुहरूले न बाट नमस्कार, ह बाट हजुरबुवा, ब बाट बा भनेर पढाइरहेको सुन्न पाउनुहुन्छ। त्यहाँ न बाट नङ होइन न बाट नमस्कार र न बाट नेपाली भन्न सिकाइन्छ। यस्तै ह बाट हलो होइन ह बाट हजुरबा भनेर पढ्न सिकाइन्छ।

न बाट नमस्कार भनेर पढिरहेका साना नानीबाबुहरूले तपाईंलाई देख्नेबित्तिकै झुकेर सम्मानपूर्वक नमस्कार हजुर आरामै हुनुहुन्छ भनेर सम्बोधन गर्छन् । पेसा, व्यवसाय, शिक्षा या बाध्यताले नेपाल छोडेर अमेरिका आएका अभिभावकलाई सबैभन्दा चिन्ता हुन्छ आफ्ना सन्तानले नेपाली भाषा नै नबोल्ने हुन् कि भनेर।

दोस्रो पुस्ताका हुर्कंदै गरेका बालबालिकाहरूले नेपाली भाषालाई नै बिर्सने हुन् कि या नेपाल र नेपालीको माया नगर्ने हुन् कि भन्ने चिन्ता यहाँका अभिभावकहरूलाई सताउने गरेको छ । यसैले हुन सक्छ अमेरिकाका सबै राज्यमा नेपाली भाषाका कक्षाहरू हुन्छन्। सञ्चालनमा रहेका ती पाठशालाहरूमा नेपालीभाषी अभिभावकहरूले आफ्ना सन्तानलाई पढाउन पठाउने गरेका छन्।

स्थायी रूपमा बसोबाससँगै अमेरिकामा आफ्नो घर, व्यवसाय, पेसा, शिक्षालाई सँगसँगै लिएर जानु आफैंमा पहिलो चुनौती हो । यसका बावजुद पनि यहाँ रहेका नेपालीहरूले आफ्ना सन्तानको उज्ज्वल भविष्यसँगै

आफ्ना सन्तानहरूलाई नेपाली भाषा, संस्कार, संस्कृति सिकाउन हरदम प्रयास गरिरहेका छन् । चाहे यसरी सञ्चालनमा रहेका पाठशालामा पठाएर होस् या घरमा सँगै बसेर सिकाएर होस् उनीहरू आफ्ना सन्तानलाई नेपाली भाषा सिकाउन तत्पर देखिन्छन्।

बालबालिकाहरूलाई यहाँ न बाट नमस्कार मात्रै सिकाइँदैन, उनीहरूलाई नेपालमा रहेका हजुरबुवा, हजुरआमा, मामा, माइजूलगायत आफ्ना अभिभावकलाई फोनमा कुरा गर्ने होमर्वक पनि दिइन्छ । जसले ती बालबालिकाहरूलाई आफ्ना अभिभावकहरू नेपालमा छन्, उनीहरूको रेखदेख पनि गर्नुपर्दछ भन्ने सिक्नु भन्ने मनसाय राखिएको छ । साथै उनीहरूले नेपाली भाषा बढ्ता सिकून् भन्ने उद्देश्य राखिन्छ।

साथै सरस्वती बन्दना, संस्कृतका श्लोक, राष्ट्रिय गान पनि उनीहरूलाई सँगसँगै सिकाइन्छ । अनि यस्ता पाठशालामा पढ्ने विद्यार्थीहरूले घरमा रहेका आफ्ना अभिभावकलाई बुवा र ममी होइन बा र आमा भनेर सम्बोधन गर्न सिकाइन्छ। सँगै हजुरबुवा र हजुरआमालाई बा र आमा भन्ने चलन छ भनेर पनि सिकाइन्छ भने आफ्ना शिक्षकलाई टिचर होइन गुरुजी भनेर सम्बोधन गर्न सिकाइन्छ।

भनिन्छ, देश छोडेर परदेश लागेपछि सबैभन्दा माया देशको लाग्छ अनि आफ्नो भाषाको लाग्छ। विदेशमा कहीँ कतै नेपाली बोलिरहेको सुनियो भने आफ्नै देश भाइ, भजित या नजिकको साथीजस्तै लाग्छ। कुनै काम नै नभए पनि नजिक पुगेर तपाईंको नेपाल घर कहाँ हो कुन राज्यमा बस्नुहुन्छ, के काम गर्नुहुन्छ भनेर सोधीहालुम् जस्तो हुन्छ। अनि समय मिल्यो भने लौ न केहीबेर बसेर मःमः खाउँ भन्न मन लाग्छ।

सन् २०१० देखि अमेरिकामा रहेका बालबालिकाहरूलाई नेपाली भाषा सिकाइरहेका शिक्षक भोजबहादुर बलायरको अनुभवमा अभिभावक नै पहिलो शिक्षक भएकाले अमेरिकामा रहेका सबै अभिभावकलाई बच्चाहरूसँग नेपालीमा बोल्न अनि आफ्नो संस्कार संस्कृतिका बारेमा सिकाउन अनुरोध गर्दछन् । बलायरको अनुभवमा घरमा परिवारसँगै बसेर नेपाली भाषाका कार्यक्रम तथा गीत-संगीत हेर्ने गर्‍यौं भने पनि बालबालिकाहरूले नेपालका बारेमा धेरै सिक्ने बताउँछन्।

नेपाली समाज टेक्सासले सञ्चालन गरेको स्कुलका स्कुल कोअर्डिनेटर तथा एनआरएनए अमेरिकाको पाठशाला कमिटीको संयोजकसमेत रहिसकेका बलायरले न बाट नमस्कारको पाठ्यक्रममै राख्न सुरुवात गर्ने शिक्षक हुन्।

ग्लोबल नेपाली पाठशालाका शिक्षकसमेत रहेका बलायरका अनुसार यसरी पढ्न आउने बालबालिकाहरूबाट एक सेमेस्टरको जम्मा २५ डलर लिइन्छ । त्यो शुल्कमात्रै कक्षामा पढ्नका लागि शुल्क लाग्छ भन्ने सन्देश दिनका लागि हो। यसो त सन् २००७ देखि नै ग्लोबल पाठशाला सुरु भएको हो । यस क्षेत्रको अग्रणी संस्था नेपाली समाज टेक्सासले नेपाली भाषा र संस्कार सस्कृतिका लागि विशेष कामसमेत गर्दै आएको छ।

यो पाठशालाबाट अमेरिकामा रहेका सबै राज्यका अभिभावकले अनलाइनबाटै भए पनि आफ्ना बालबालिकाहरूलाई पढाउन पाउँछन् । पूरै सेमेस्टरको २५ डलर मात्रै लिन्छौं। तर, हामीले उनीहरूलाई प्रत्येक सेमेस्टरमा दीक्षित हुने जस्ता धेरै खर्चहरू त्यसैबाट समेटेका हुन्छौं । बलायरले भने हामीले हाम्रा बालबालिकाहरूलाई आरती गर्न पनि सिकाउँछौं।

विभिन्न राज्यमा सञ्चालनमा रहेका पाठशालाका शिक्षकहरूको अनुभवमा पहिले बालबालिकाहरू यसमा अभ्यस्त हुन कठिन मान्छन्, तर जब अभ्यस्त हुन्छन् । त्यस पनि उनीहरूमा स्वतः नेपाली भाषा कक्षामा आउने बानीको विकास हुन्छ । यसरी न्युयोर्क, एरिजोना, कोलोराडो, क्यालिफोर्निया लगायतका राज्यहरूमा नेपालीहरूले आफ्ना बच्चाहरूलाई नेपाली नृत्य, पूजाआजा, नेपाली भाषा सिकाउनका लागि पाठशाला सञ्चालन गर्दै आएका छन्।

यस्ता पाठशालामा नेपाली भाषा सिकाउने शिक्षकहरूका अनुसार यसरी समूहमा नेपाली बोल्न, नेपालीमा लेख्न, नेपाली कक्षामा विभिन्न ज्ञान लिने बालबालिकाहरूको शिक्षण कलासमेत उत्कृष्ट हुने गरेको बताउँछन् । शिक्षकहरूका अनुसार मानिसको दिमागलाई जति धेरै अभ्यस्त बनायो त्यति धेरै राम्रो हुन्छ । शिक्षकहरूका अनुसार अभिभावकले नेपाली भाषा र अंग्रेजीमा पढ्दा

बोल्दा या लेख्दा बच्चाहरूलाई गाह्रो हुने डरले पनि नेपाली भाषा कम बोल्ने र नेपाली भाषा कम सिकाउने गरेका छन्, त्यो वास्तवमा सत्य होइन।

नेपाली शिक्षकहरूका अनुसार यसरी सानै उमेरदेखि पाठशालामा पढ्न आउने बानीले बालबालिकाहरूलाई भोलिका दिनमा उज्ज्वल भविष्य निर्माण गर्नका लागि समेत सहज हुने अनुमान गर्दछन्।

साथै विवाह गर्ने, साथी बनाउने, भविष्यमा व्यापार, शिक्षालगायतका क्षेत्रमा काम गर्न पनि सजिलो हुने अनुमान शिक्षकहरूको छ । यसरी पाठशालामा आउने नेपाली बालबालिकाहरूमा नेपाल र आफ्ना अभिभावकहरूको बारेमा जान्ने इच्छासमेत विकसित हुने गरेको पाइन्छ।

दैनिक जस्तो नेपाली भाषा कक्षामा समावेश हुने विद्यार्थीहरूमा नेपालको बारेमा जान्ने थप इच्छा हुने गरेको अभिभावकहरूको भनाइ छ। उनीहरूले नेपालको बारेमा गुगल गर्ने, युटचुबमा नेपाली गीतहरू हेर्ने, बिभिन्न चाड पर्वहरूमा आयोजना हुने सांस्कृतिक कार्यक्रमहरूमा सहभागी हुने, यसरी आयोजना हुने कार्यक्रममा नृत्य प्रस्तुत गर्ने जस्ता क्रियाकलापले बालबालिकामा नेपाली भाषा मोह बढ्दै गएकोमा अभिभावकहरू खुसी व्यक्त गर्दछन्।

अमेरिकामै जन्मिएका बालबालिकाहरू जब विद्यालय जान थाल्छन्, तबदेखि नै उनीहरूमा नेपाली भाषा कम बोल्ने र अंग्रेजी बढी बोल्ने बानी तत्कालै विकास हुन्छ। उनीहरू आफ्नो कक्षाका साथीहरूसँग अंग्रेजीमा बोल्नु पर्ने र घरमा आएपछि आफ्ना अभिभावकसँग नेपालीमा बोल्नुपर्ने भएकाले केही अप्ठ्यारो महसुस गर्छन्।

केही वर्ष नेपालमै पढेर आएकाहरू भने अमेरिका आएपछि छिटो प्रगति गर्ने गरेको पाइन्छ। अमेरिकामा ठूलो कक्षामा पुगेपछि मात्रै बढी मात्रामा होमवर्क दिने, धेरै पढाउने चलन छ । तर नेपालमा सानै कक्षादेखि होमवर्क गर्ने अंग्रेजी, गणितलगायत अन्य विषयहरू पढ्नु पर्ने भएकाले पनि हुन सक्छ केही वर्ष नेपालमा बिताएर अमेरिका आएका बालबालिकाहरू यहाँ आएपछि अध्ययनमा बढ्ता प्रगति गर्ने गरेको पाइन्छ।

हाल टेक्सास निवासी डोलेन्द्र पौडेलका छोरा आयुष पौडेल ३ वर्षअघि नेपालबाट आएका हुन्, उनलाई सुरुमा यहाँको पढाउने शैली केही कठिन लाग्यो तर समयसँगै आयुषलाई सहज भयो । उनले नेपाली पनि जान्ने भएकाले उनलाई घरमा समस्या भएन।

हाल न्यूयोर्क निवासी हिरा पोखरेलले आफ्ना सन्तानलाई अमेरिकामै जन्माए । पोखरेलका सन्तानहरू स्कुल नजाँदासम्म फ्याटफुट नेपाली बोल्थे। तर, जब स्कुल जान थाले तब उनीहरू नेपाली कम घरमा पनि अंग्रेजीमा ज्यादा बोल्न थाले। हिरा सामान्य स्कुलको
अध्ययान गरेर अमेरिका आए । अहिले उनका सन्तानले बोल्ने अंग्रेजी उनलाई बुझ्न कठिन हुन्छ।

पत्रकार तोया दाहालले आफ्नो अनुभव सुनाउँदै भने, बच्चाहरूलाई बढ्ता घरमै धेरै कुरा सिकाउन सक्नुपर्दछ। मैले धेरै कुरा मेरो बच्चालाई घरमै सिकाएँ । यहाँ कहिलेकाहीँ अभिभावकसँग समय कम हुन्छ यस कारणले पनि आफ्ना बालबालिकाहरूलाई यस्ता पाठशालामा पठाउने गरेको दाहालले देखेका छन्।

पत्रकार विजय घिमिरेकी छोरी घरमा आधा नेपाली आधा अंग्रेजी बोल्छिन्। घिमिरेले भने, भाषा बिर्सन्छन् कि भनेर हामी पनि नेपालीमा बोल्छौं तर छोरी माथिल्लो कक्षामा चढ्दै जाँदा उनले घरमा नेपाली कम बोलेको बताए । घिमिरेले केही समय पहिले आफ्नी छोरी, श्रीमती लिएर नेपाल आए । नेपाल पुग्दा उनकी छोरी आफ्नी हजुर आमालगायतका आफन्तसँग खुलेर नेपालीमा बोलिन्।

हाल अमेरिकाको मिजौरी राज्यमा व्यवसाय गर्दै आएका रवि बस्नेतको अनुभव भने फरक छ । उनले धेरै कुरा नेपालीमै सिकाए । उनको छोरा रेयान बस्नेत घरमा सबैसँग फरर नेपालीमै बोल्छन्। यही जन्मिएको बच्चा भए पनि रविले आफ्नो सन्तानलाई नेपाल र नेपालीबारे सिकाउनका लागि पनि नेपालीमै बोल्ने गरेको बताए।

रवि भन्छन्, बाबुले घरमा आएर पनि अंग्रेजीमा बोल्ने कोसिस गर्छ तर हामीले उसलाई नेपालीमै जवाफ फर्काउँछौं यसर्थ उसले बुझ्यो कि घरमा पुगेपछि नेपालीमा बोल्नुपर्छ भनेर। यसका कारणले रविको घरमा रेयान नेपालीमा बोल्छन्।

यहाँ सञ्चालनमा रहेका पाठशालाहरूमा नेपाली भाषाका गीतहरूको बारेमा पनि प्रशस्तै ज्ञान दिइन्छ। गीतबाट नेपाल र नेपालीहरूको बारेमा पनि जानकारी दिइन्छ। बालबालिकाहरूलाई जेठ, असार, साउन भन्दै १२ महिना र सातै बारलगायत धेरै कुरा सिकाइन्छ। यसले १२ महिनालाई नेपालीमा सिक्न मद्दत गरेको छ।

यस्तै बालबालिकाहरूलाई नेपाली भाषामा लेखिएका पुस्तकहरूको माध्यमबाट ज्ञानगुनका कुरासमेत सिकाइन्छ भने नेपालको राष्ट्रियता, सबै चाड पर्व, उत्सव, महोत्सव सबै कुरा यहाँ सञ्चालनमा रहेका पाठशालाहरूबाट सिकाइन्छ।

अमेरिकामा विभिन्न राज्यमा सञ्चालनमा रहेका यस्ता पाठशालाहरूमा वास्तुशास्त्र, ज्योतिष विज्ञानलगायत नेपाली पात्रोमा हुने तिथि, मितिसमेत बालबालिकाहरूलाई सिकाइन्छ। यस सिकाइसँगै बालबाबालिकाहरूलाई बिभिन्न सांस्कृतिक कार्यक्रमहरूमा प्रस्तुति राख्ने, नेतृत्व विकासलगायत नैतिक शिक्षासमेत पाठशालाहरूमा सिकाउने गरिन्छ।

शिक्षकहरूका अनुसार यहाँ सञ्चालनमा रहेका पाठशालाहरूमा पढाइने पाठचक्रमलाई समयानुकूल परिमार्जन गरी पाठ्यक्रम विकास केन्द्रसँग सहकार्य गरेर नयाँ पुस्तक बनाउनका लागि काम गरिरहेका छन्।

यस्तै नेपालीभाषा, कला, सस्कृति, संस्कार र नेपालीपन ल्याउनका लागि अमेरिकामा हुने बिभिन्न कार्यक्रमहरूले पनि यहाँ हुर्कदै गरेका बालबालिकाहरूलाई सिक्ने चरणमा सहयोग पुगेको छ। गैरआवासीय नेपाली संघलगायत नेपालको विभिन्न जिल्लाबाट आएर अमेरिकाको बिभिन्न राज्यमा बसोबास गर्ने नेपालीहरूले नेपालकै जिल्लाका नाममा पनि सामाजिक संघ-सस्थाहरूसमेत स्थापना गरेका छन्।

यसरी खोलिएका संघ-संस्थाहरूले आफ्नो वार्षिकोत्सवका बेलामा होस् या समूह समूहमा मिलेर केही काम गर्दा होस् आफ्ना बालबालिकाहरूलाई समावेश गर्ने गरेका छन्। जसले गर्दा हुर्कदै गरेका बालबालिकाहरूले आफ्ना अभिभावकहरू नेपालमा जन्मिएका हुन् नेपाली भाषा संस्कृति हाम्रो पुर्खौली भाषा हो भनेर सिक्न सक्ने देखिन्छ। एकाधबाहेक अमेरिकामा हुर्कदै गरेका नेपालीभाषी अभिभावकका बालबालिकाहरू नेपाल र नेपाली भाषाप्रति चासोपूर्वक सिक्न खोजेको देखिन्छन्।

**(अधिकारी अमेरिकामा रहेर पत्रकारिता गर्छन्)**

# पूर्वाधारमा लगानी बढाउँदै गैरआवासीय नेपाली

## सेवा विस्तार र निर्माण क्षेत्रमा लगानी– ब्रान्ड मूल्य नाघ्यो ४ खर्ब



**लोकबहादुर चापागाई**

एनआरएनहरुको लगानीका विषयमा पर्याप्त अध्ययन/अनुसन्धान भएको छैन । तथापी प्राप्त तथ्यांक, तथ्य र आपसी कुराकानीलाई आधार मान्दा नेपालमा एनआरएनहरुले उल्लेख्य मात्रामा लगानी गरिरहेका छन् र थप लगानीका लागि कार्य गरिरहेका छन् । उनीहरुले लगानी गरेका कम्पनीको बजार मूल्य (पुँजीकरण) र ब्रान्ड मूल्य जोड्दा यो ४ खर्ब रुपैयाँभन्दा बढी भएको अनुमान गर्न सकिन्छ ।

### गैरआवासीय नेपालीको कुन क्षेत्रमा कति लगानी ?

उच्च शिक्षा हासिल गर्न र रोजगारीको खोजीमा विदेश भौंतारिएका नेपालीहरूले कार्यस्थलमा आफ्नो शान, सौकत र कमाइ बढाएपछि जन्मभूमिलाई समृद्धि बनाउन लागि परेका छन् । रेमिट्यान्स, प्रविधि, ज्ञान हस्तान्तरण, परोपकार र कूटनीतिमार्फत एनआरएनहरूले आफ्नो जन्मभूमिको विकासमा महत्वपूर्ण योगदान गरेको तथ्यहरूले पुस्टि गर्दछ। गैरआवासीय नेपाली (एनआरएन)का रूपमा चिनिने नेपालीहरूले वित्तीय क्षेत्र, ऊर्जा/जलविद्युत्, पर्यटन, उद्योग, कृषि, शिक्षा र स्वास्थ्य, पूर्वाधार, निर्माण व्यवसाय, इन्जिनियरिङ, सूचना प्रविधिलगायतका क्षेत्रमा लगानी बढाउँदै लगेका छन् । एनआरएनहरूले १५० हाराहारी कम्पनीमार्फत १ खर्ब रुपैयाँभन्दा बढी लगानी गरेका हुन् । एनआरएनहरूको लगानी नेपाल भित्रिएको कुल वैदेशिक लगानीको झन्डै आधा हिस्सा भएको अनुमान छ । चुक्ता पुँजी, सञ्चित कोष र ऋण लगानीलाई आधार मान्दा दुई दशकमा एनआरएनहरूले पर्याप्त लगानी गरेका छन् । एनआरएनहरूले व्यक्तिगत साथै इन्भेस्टमेन्ट कम्पनी खोलेर नेपालमा लगानी गरिरहेका छन् । एनआरएन अभियन्ताहरूलाई विश्वास गर्ने हो भने १ हजारभन्दा बढी एनआरएनहरूले समूह र एकल स्वामित्वमा सयौं इन्भेस्टमेन्ट कम्पनी खोलेका छन् । इन्भेस्टमेन्ट कम्पनीमार्फत जलविद्युत् लगायतका क्षेत्रमा बढी लगानी भएको छ।

प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) प्रक्रिया लामो र झन्झटिलो हुन्छ । अर्कोतिर लगानी र प्राप्त प्रतिफल फिर्ता लैजाने पर्याप्त आधार नभएकै बेला लगानीको पहलकद्मी लिनु आफैंमा सकारात्मक विषय हो । एनआरएनहरूले लगानी गरेका माउ कम्पनी र तिनीहरूका सहायक कम्पनी, सूचीकृत र सूचीकृत नभएका एसोसिएट कम्पनीहरूको सूची लामै छ । एनआरएनहरूको लगानीले गरेको रोजगारी सिर्जना र सरकारलाई राजस्व प्राप्तिमा भएको सहयोग उल्लेखनीय छ । अर्कोतिर एनआरएनहरूले लगानी गरेका कम्पनीको बजार मूल्य (पुँजीकरण) र ब्रान्ड मूल्य जोड्दा लगानी ४ खर्ब रुपैयाँभन्दा बढी भएको अनुमान गर्न सकिन्छ।

एनआरएनहरूको लगानीका विषयमा पर्याप्त अध्ययन/अनुसन्धान भएको छैन । तथापी प्राप्त तथ्यांक, तथ्य र आपसी कुराकानीलाई आधार मान्दा नेपालमा एनआरएनहरूले उल्लेख्य मात्रामा लगानी गरिरहेका छन् र थप लगानीका लागि कार्य गरिरहेका छन् । नेपालको संविधान र नागरिकतासम्बन्धी ऐनले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) राष्ट्र (भारत, बंगलादेश, श्रीलंका, पाकिस्तान, माल्दिभ्स, भुटान र अफगानिस्तान) भित्र बसोबास गर्ने नेपालीलाई एनआरएनको मान्यता दिएको छैन । त्यति मात्रै होइन एनआरएन हुन कम्तिमा १८० दिन विदेश बसेकै हुनुपर्छ । अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम)का अनुसार विश्वभरि करिब ३३ लाख नेपाली आप्रवासीका रुपमा छन् । त्यसमध्ये एक चौथाइ हिस्सा सार्क राष्ट्रमा भएको अनुमान छ । एक अध्ययनअनुसार २०२२ मा विश्वका अधिक विकसित भागमा स्थायी प्रवासी संख्या ८ लाख पुगेको र उनीहरूले ३५ अर्ब अमेरिकी डलरको कारोबार गर्ने गरेको अनुमान छ। तर, एनआरएनएले २०२३ अगस्ट १० मा जारी गरेको विज्ञप्तिअनुसार एनआरएन अभियानमा ८७ देशका ९६ हजार ८ सय ५० व्यक्ति संलग्न छन् । राज्यले नेपाली मूल भएका तर पुस्तौंदेखि विदेश बसोबास गर्दै आएका नेपाली समुदाय (म्यानमार, थाइल्यान्ड, मलेसिया, मौरिसस, ब्रुनाइलगायत) लाई नेपालसँग जोड्ने वातावरण बनाएमा लगानीका थप ढोका खुल्ने विश्वास गर्न सकिन्छ।

नेपालमा निर्माण गर्नुपर्ने कुनै पनि परियोजना/संरचना ( वित्तीय क्षेत्रबाहेक अस्पताल, होटल, जलविद्युत्, उद्योग, केबुलकार आदि) मा कुल लागतको कम्तीमा २०-२५ प्रतिशत पुँजी (इक्विटी) लगानी गर्नैपर्छ । यस्ता आयोजनामा भएको लगानीमध्ये औसत २५ प्रतिशत पुँजी प्रयोग भएको मान्न सकिन्छ । त्यस्तै, कम्पनीको सञ्चित कोष र रिटर्न अर्निङ पनि पुँजी नै मानिन्छ।

### वैदेशिक लगानीमा एनआरएन हिस्सा

नेपालमा विदेशी लगानी भित्र्याउने लगानीकर्तालाई विदेशी संस्थागत, गैरआवासीय नेपाली र विदेशी व्यक्तिगत लगानीकर्ता गरी तीन प्रकारमा विभाजन गर्ने गरिएको छ । नेपाल राष्ट्र बैंकले वैदेशिक लगानीका विषयमा अध्ययन गरे पनि एनआरएन लगानीका विषयमा छुट्टै अध्ययन गरेको देखिँदैन । एनआरएनए आफैं वा अन्य निकायले पनि एनआरएन लगानीबारे अध्ययन गरेको पाइँदैन ।

राष्ट्र बैंकले गरेको 'नेपालमा प्रत्यक्ष वैदेशिक लगानी सर्वेक्षण प्रतिवेदन (२०२१/२२)' अनुसार आर्थिक वर्ष २०७८/७९ सम्म २ खर्ब ६४ अर्ब ३२ करोड ९५ लाख रुपैयाँ प्रत्यक्ष वैदेशिक लगानी नेपाल भित्रिएको छ। त्यसमध्ये १ खर्ब ४१ अर्ब ९६ करोड २५ लाख रुपैयाँ अर्थात् ५३.७ प्रतिशत कम्पनीको चुक्ता पुँजी, ८३ अर्ब ७८ करोड ६१ लाख अर्थात ३१.७ प्रतिशत सञ्चित कोष (रिजर्भ) र ३८ अर्ब५८ करोड १० लाख अर्थात् १४.६ प्रतिशत ऋणका रुपमा छ। कुल वैदेशिक लगानीमध्ये १२.७ प्रतिशत चीन र ३३.५ प्रतिशत भारतसहित सार्क राष्ट्रको कुल लगानी ५० प्रतिशत हाराहारी छ। चीन र सार्क राष्ट्रबाहेक आएको वैदेशिक लगानीको अधिकांश हिस्सा एनआरएनहरूको भएको तथ्यहरूबाट देखिन्छ।

राष्ट्र बैंकले पछिल्ला केही वर्षदेखि एफडीआईको सर्वेक्षण प्रतिवेदन सार्वजनिक गरे पनि एनआरएन लगानी भनेर छुट्याएको भने छैन। एनआरएनहरूले वैदेशिक लगानीका रूपमा मात्रै नभएर कतिवय लगानी रेमिट्यान्सका रूपमा समेत भित्रायाएको अनुमान गरिँदै आएको छ। राष्ट्र बैंकले अध्ययनमा वैदेशिक लगानीका ठूला ४८ मध्ये ४५ कम्पनी, मध्यम/मझौला ३४ मध्ये ३० कम्पनी र ६ सय १२ सानामध्ये १ सय ५६ कम्पनी गरी ६ सय ९४ मध्ये २ सय ३१ कम्पनीलाई अध्ययनमा समेटेको थियो।

उता, २०७० सालमा नेपाल आर्थिक पत्रकार समाज ( सेजन) ले गरेको अनुसन्धानअनुसार नौ जिल्ला ( काठमाडौं, ललितपुर, भक्तपुर, गोरखा, मकवानपुर, कास्की, बागलुङ, सिरहा र चितवन) मा ६७ उद्योग तथा व्यवसायमा ३० अर्ब रुपैयाँभन्दा बढी लगानी भएको तथ्य बाहिर ल्याएपनि कम्पनी खुलाएन।

## एनआरएन लगानीमा सानिमा समूह अग्रणी

विदेशमा आर्जित ज्ञान, पुँजी, सीप र प्रविधि परिचालन गरी नेपालको विकासमा टेवा पुर्‍याउने भन्दै रुस बस्ने नेपालीको सक्रियतामा सन् २००३ अगस्टमा बेलायतको राजधानी लन्डनमा एउटा भेला भयो। विदेश रहेका नेपाली र नेपाली मूलका विदेशी नागरिकको सक्रियतामा भएको त्यो भेलाले त्यसै वर्ष अक्टोबर ११-१३ सम्म काठमाडौंमा पहिलो विश्वसम्मेलन गरी गैरआवासीय नेपाली संघ (एनआरएनए) बन्यो। तर, नेपालको व्यवस्थापिका संसदले गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ पारित गरेसँगै २०६४ भदौ १० (२००७ अगस्ट २७) मा एनआरएनले वैधानिक मान्यता पायो। २०६६ भदौ २२ मा गैरआवासीय नेपालीसम्बन्धी नियमावली, २०६६ जारी भयो। यद्यपि, त्यसअघि २०६२ भदौ १७ मा गैरआवासीय नेपालीसम्बन्धी अध्यादेश जारी भएको थियो।

एनआरएनहरूले नेपालमा लगानी भने १९९९ मा सानिमा हाइड्रोपावर लिमिटेड (हाल सर्वसाधारण नेपालीलाई प्राथमिक निस्काशनका लागि नेपाल धितोपत्र बोर्डमा आवेदन) नामक कम्पनी खडा गरेर सुरु गरेका थिए। सानिमाको सुरुवात रुसमा व्यवसाय गरिरहेका अरुणकुमार ओझा, टेकराज निरौला र जीवा लामिछाने मिलेर सन् १९९९ मा भएको थियो। डा. उपेन्द्र महतो, खेम लामिछाने, विनयकुमार श्रेष्ठ, डा. निरजगोविन्द श्रेष्ठ, ओल्गा ओझा, रामकृष्ण शाह र घनश्याम थापा जोडिएपछि सानिमा समूहको पहिलो कम्पनीका रूपमा सानिमा हाइड्रोपावर कम्पनी (२.६ मेगावाट सुनकोसी सानो) अघि बढेको थियो। ९८ करोड रुपैयाँ चुक्ता पुँजी पुग्ने सानिमा हाइड्रोमा ८० प्रतिशत हिस्सा सानिमा समूहकै छ।

सानिमा समूहले प्रवर्द्धन गरेर २००४ मा राष्ट्रियस्तरमा सानिमा डेभलपमेन्ट बैंक खुल्यो र २०१२ मा सानिमा बैंक भयो। अहिले नेपालमा लगानी भित्र्याउन सक्रिय एनआरएन विदेश पसेको पहिलो पुस्ताका हुन्, जो आफैं संघर्षरत पनि छन्। एनआरएन अभियानले पहिलो पुस्ताकै केही व्यक्ति (उपेन्द्र महतो, जीवा लामिछाने, जुगल भुर्तेल, भवन भट्ट, शेष घले आदि) को सफलताका कथाबाट प्रेरित भएर जागिरमा रमाएर बस्नुभन्दा सानोतिनो व्यवसायमा सक्रिय हुनुपर्छ भन्ने चेतले काम गरेको छ। औंलामा गन्न सकिने एनआरएनहरूको सफलता र लगानीको कथाले विश्वभरका नेपाली समुदायमा सकारात्मक उर्जा थपेको छ।

सानिमा समूहले सानिमा बैंक, सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स, सानिमा जिआइसी इन्स्योरेन्स, ७ सय ५० शैयाको मेडिसिटी अस्पताल, १ सय शैयाको ग्रिनसिटी अस्पताल लगायतमा लगानी गरेको छ। मेडिसिटीमा मात्रै १५ अर्ब रुपैयाँ लगानी भएको छ। सानिमाको कूल सेयर पुँजी (इक्विटी) साढे १९ अर्बमध्ये सानिमा समूहको हिसा

साढे १२ अर्ब बराबर हुन्छ।

सानिमा माई हाइड्रोपावर (एसएचपिसी) ले २.२ मेगावाटको माई र ७ मेगावाटको माई क्यास्केड आयोजना बनाएको छ । नेप्सेमा सूचीकृत एसएचपिसीको २०८० असारमा ३ अर्ब ८ करोड ९२ लाख ५१ हजार चुक्ता पुँजी, रिटर्न अर्निङ १ अर्ब १६ करोड ९० लाख २३ हजार र १ अर्ब २९ करोड ५० लाख ६६ हजार सञ्चित कोष गरी कुल पुँजी कोष ५ अर्ब ५५ करोड ३३ लाख ४० हजार रुपैयाँ छ। एसएचपिसीले स्वेतगंगा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सन ( २८.१ मेगावाटको तल्लो लिखु खोला) मा ४५ करोड, सानिमा मिडिल तमोर (७३ मेगावाटको मध्यतमोर) हाइड्रोपावरमा ५३ करोड ३२ लाख, १४.३ मेगावाटको माथिल्लो मैलुङ खोला जलविद्युत आयोजनामा २३ करोड ७५ लाख, सानिमा जुम (५६ मेगावाटका जुम खोला) हाइड्रोपावरमा ३ करोड ३४ लाख ४७ हजार ५ सय र बाबरी कन्स्ट्रक्सनमा २ करोड रुपैयाँ लगानी गरेको छ।

सानिमा समूहअन्तर्गत एसएचपिसी, सानिमा हाइड्रोपावर, सानिमा बैंकलगायतको मुख्य हिस्सा लगानी रहेको माथिल्लो मैलुङ खोला जलविद्युत् आयोजनाको चुक्ता पुँजी १ अर्बमध्ये २५ प्रतिशत हिस्सा सर्वसाधारणमा छ । १३ मेगावाटको मैलुङखोला, १७ मेगावाटको मैलुङ बीसमेत गरी २ सय ३३ मेगावाट विद्युत उत्पादनका नौ कम्पनी सानिमा समूहले होल्ड गरेको छ।

सानिमा समूहको सानिमा प्रालि, एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट, सोपान मल्टिपल कम्पनी, सिद्धपोखरी टि इस्टेट, सानिमा हाइड्रो एन्ड इन्जिनियरिङ, अमला इन्भेस्टमेन्ट, बाबरी कन्स्ट्रक्सन (निर्माण कम्पनी), मुना कृषि लिमिटेड, एनआरएन इन्भेस्टमेन्ट लिमिटेड, ठमेलमा होटल माला आदिमा लगानी छ। सार्वजनिक निष्कासन गर्न लागेको कान्तिपुर टेलिभिजन नेटवर्कमा ४४ करोड रुपैयाँ लगानी गरेको सानिमा समूहले १ सय शैयाको मेडिकेयर नेसनल हस्पिटल एन्ड रिसर्च, कान्तिपुर इन्जिनियरिङ कलेज, एक्मी इन्जिनियरिङ कलेज, निसर्ग बाटिका स्कुल र धुम्बाराहीमा चारतारे होटल अकामा सञ्चालन गरिरहेको छ। होटल २ अर्ब ९ करोड रुपैयाँमा निर्माण भएको थियो।

त्यस्तै एनआरएन पूर्वअध्यक्ष जीवा (जीवनाथ) लामिछाने र नेपाल उद्योग वाणिज्य महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकाल मिलेर लुम्बिनीमा गौतमबुद्ध एयरपोर्ट होटल सञ्चालनमा छ। उपेन्द्र महतोको सानिमा समूहका अतिरिक्त पतञ्जली आयुर्वेद उद्योग, ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताल, मेडिसिटी बयोधा, माछापुच्छ्रे बैंक, नेको इन्स्योरेन्सलगायतमा लगानी छ । ३ अर्ब बढी लगानी भएको २ सय शैयाको ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालमा महतोको २५ प्रतिशत हिस्सा छ । १ सय शैयाको मेडिसिटी बयोधा (बयोधा नारायणी हस्पिटल) १ अर्ब रुपैयाँमा महतोले किनेका थिए। माछापुच्छ्रे बैंकमा उपेन्द्र महतो समूहको २६ प्रतिशत सेयर स्वामित्व छ। २०८० असारसम्म १६ अर्ब ३३ करोड ३० लाख रुपैयाँ कूल लगानी छ । यसरी हेर्दा एनआरएन समूहको ४ अर्ब २५ करोड रुपैयाँ हुन्छ।

महतो समूहले ७.८ मेगावाटको सुपरमाई हाइड्रोपावर र नेको इन्स्यारेन्समा लगानी गरेको छ भने सिरहामा १ सय शैयाको फूलकमारी महतो मेमोरियल अस्पताल बनाएको छ । महतोको रुबिन पावर, घनश्याम थापाको आशा इन्भेस्टमेन्ट, कूल आचार्यको होलिकाउ इन्भेस्टमेन्ट, जीवा लामिछानेको क्यास्केड इन्भेस्टमेन्ट छन्।

एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्टमा नाम चलेका एनआरएनहरू जीवा लामिछाने, एनआरएन अस्ट्रेलिया हाइड्रो ग्रुप, नेपाल इन्भेस्टमेन्ट कम्पनी, कृष्णप्रसाद पाण्डे, कमल लामिछाने, कोरियाका विनोद कुँवर, केशवप्रसाद सापकोटा, महेशकुमार श्रेष्ठ, रामेश्वर साह र उपेन्द्र महतोलगायतको मुख्य लगानी छ । ७० प्रतिशत हिस्सा संस्थापक समूहमा रहेको एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्टमा २०८० असारमा १ अर्ब २२ करोड ३२ लाख ११ हजार चुक्ता पुँजी र ५ करोड ३५ लाख ९९ हजार लगानी पुनर्मूल्यांकन सञ्चित कोष २९ करोड ४४ लाख ५९ हजार रुपैयाँ छ।

एनआरएन इन्फ्रास्ट्रक्चरले २०८० असारसम्म हिमालयन पावर पार्टनरमा ३४ करोड २७ लाख ८४ हजार, स्वेतगंगा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सन २६ करोड २७ लाख, सानिमा मिडिल तमोर हाइड्रोपावर ३५ करोड ६५ लाख ९९ हजार, माथिल्लो मैलङुखोला जलविद्युत् २ करोड १६ लाख ३२ हजार, संयुक्त ऊर्जा ९३ लाख ३ हजार, कुमारी बैंक ६ करोड २ लाख ६१ हजार, नेसनल माइक्रोफाइनान्स

वित्तीय संस्था ९ करोड ७५ लाख ७९ हजार, मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था २ करोड २३ लाख ७४ हजार, नेरुडे लघुवित्त वित्तीय संस्था २ करोड ९७ लाख ९० हजार, एचआइडिसिएल ७ करोड ६० लाख ७२ हजार र नेसनल फन्ड म्यानेजमेन्टमा १ करोड ५० लाख रुपैयाँ लगानी गरेको छ। २.५ मेगावाटको सयपत्री हाइड्रोपावरमा एनआरएनए अध्यक्ष बद्री केसीलगायतको लगानी छ भने कन्टिनेन्टल टि एन्ड एक्सपोर्ट र ग्लोबल इन्भेस्टमेन्ट फाउन्डेसनमा पनि केसीको लगानी छ।

करिब १ अर्ब २० करोड लगानी गरेर चितवनको सौराहामा एनआरएनएका पुर्व उपाध्यक्षसमेत रहेका रामेश्वर साह (केटीएम ग्रुप)ले रोयल ट्युलिप रिसोर्ट बनाइरहेका छन्। केटिएम ग्रुपअन्तर्गत केटिएम सेक्युरिटी सर्भिसेस, केटिएम नेपाल, केटिएम मोटर, केटिएम फेसिलिटी म्यानेजमेन्ट, केटिएम एचआर सोलुसन, केटिएम ट्रेनिङ एन्ड कन्सल्टेन्सी सर्भिसेस, केटिएम होल्डिङ, केटिएम स्टोर, केटिएम इन्टरनेसनल लगायत कम्पनी छन् । दक्षिण कोरियाका विनोद कुँवरको अग्रसरतामा धौलागिरि कालिका हाइड्रो कम्पनी, म्याग्दी इन्भेस्टमेन्ट कम्पनी, ग्लोबल फ्रेन्डसिप क्यापिटल, एनआरएन हङकङ समूह मिलेर २५ मेगावाट क्षमताको दरवाङ म्याग्दीखोला जलविद्युत् आयोजना बनाइरहेका छन् भने २०.७३ मेगावाटको जल्दीगाड जलविद्युत् आयोजना (सांग्रिला हाइड्रोपावर) खगेन्द्र न्यौपाने, आरके शर्मा, राज रेग्मी, नविन कँडेल, रविन गुरुङलगायत समूहले बनाइरहेको छ । मलेसियाका खगेन्द्र न्यौपानेलगायत समूहको ५.५ मेगावाटको बुढीगण्डकी हाइड्रोपावर र ४.५५ मेगावाटको माथिल्लो माछाखोला जलविद्युत कम्पनी (विकास हाइड्रोपावर) लगायतमा लगानी छ।

८५ करोड ४८ लाख रुपैयाँ चुक्ता पुँजी रहेको बेस्ट फाइनान्समा राजेन्द्रकुमार (आरके) शर्मा समूहको ४० प्रतिशतभन्दा बढी लगानी छ। आरके समूह समस्याग्रस्त जनरल फाइनान्समा प्रवेश गरेको संस्थालाई सुधार गर्दै बेस्ट फाइनान्स बनाइ सिनर्जी फाइनान्स गाभ्न सफल भएका थिए। शर्माकै समूहले आइसक्रिम बनाउने उद्योग क्रिएटिभ मिल, केइएफ ब्रान्डममा आइसक्रिम बेच्ने आउटलेट क्रिम मिल सञ्चालनमा छ। पाल्पामा सत्यवती केबुलकार (अध्यक्ष) बनाउन सक्रिय शर्माका पिजन इन्जिनियरिङ एन्ड प्रोजेक्ट र भैरवबाबा हाउजिङ एन्ड कन्स्ट्रक्सन छन्। शर्माले जलविद्युत् र रियल इस्टेट क्षेत्रमा लगानी गरेका छन् । २१.३ मेगावाटको ठूलो खोला हाइड्रोपावर प्रोजेक्ट (संयुक्त इनर्जी) र व्यक्तिगत एनआरएनहरूको लगानी छ।

अमेरिकामा रहेका ज्ञानेन्द्र खड्काले नेपालमा ग्यापु मार्केट प्लेस (अनलाइन व्यापार), पोखरामा कल्चर रिसोर्ट, चितवनमा लटौली प्याराडाज रिसोर्ट सञ्चालन गरिरहेका छन् भने चितवनमै होटल बनाउँदै छन्। हङकङका कालु घले होटल रोयल सिङ्गेलगायत अन्य व्यवसायमा सक्रिय छन् भने अशोख सुरेखा व्यापार व्यवसायमा सक्रिय छन्। जापानका प्रवेश राजभण्डारी र दिलु खत्रीको पोखरा हेभन रिसोर्ट, पर्वतको लालटिन रिसोर्ट र गोजी ट्राभल्स सञ्चालनमा छ भने पोखरामा होटल (नाम नजुराइएको) बनाउँदै गरेको स्थिति छ । बेलायतमा सक्रिय उत्तम नेपाललगायतले ग्लोबल आइएमई, आइएमई लाइफ, चन्द्रागिरि हिल्स, हाथवे इन्भेस्टमेन्ट, माउन्टेन इनर्जी, हिमाल पावर पार्टनर, २५.४ मेगावाटको सुपर आँधिखोला जलविद्युत आयोजनालगायतमा लगानी गरेका छन्।

बेलायतका राजन कँडेलले दि ब्रिटिस कलेज चलाउँदा अमेरिकामा रहेका रुद्र पाण्डेलगायतले नेपालमा डियरवाक ग्रुप (डियरवाक इन्स्टिच्युट अफ टेक्नोलोजी, डियरवाक सिफल स्कुल, डियरवाक कम्पवेर) चलाइरहेका छन्। एनआरएनएका पूर्वउपाध्यक्ष तथा अमेरिकामा रहेका सोनामा लामाले मुस्ताङमा ५५ करोड लागतमा ल्हो मुस्ताङ हिमालयन रिसोर्ट र २ अर्ब लगानीमा ठमेलमा चारतारे स्तरको बुटिक होटल ल्हो मुस्ताङ बनाएका छन्। रुसमा व्यवसाय गरिरहेका वैद्यनाथ शर्माले जनकपुरमा तीनतारे होटल सीताशरण बनाउँदा जापानका चीरञ्जीवि थापाले मानभवनमा चारतारे होलिडे इन एक्सप्रेस एन्ड स्वीट्स बनाएका छन्।

एनआरएनएका पूर्वअध्यक्ष शेष घलेले नक्सालमा होटल सेराटन बनाइरहेका छन्। सुरुमा ८ अर्ब रुपैयाँ लगानी गर्ने भनिए पनि पछि लागत बढेर १४ अर्ब पुगेको छ। पुष्पराज अधिकारीले पोखरामा रूपाकोट रिसोर्ट बनाएका छन् । बुद्धि सुवेदी, कूल आचार्य, दीपक गौतम, डा. केशव

पौडेलहरू मिलेर भैरहवाको पाँचतारे स्तरको टाइगर प्यालेस रिसोर्ट करिब ५ अर्ब रुपैयाँमा किनेका छन् भने हङकङ आधार बनाएका जगन्नाथ ज्ञवाली समूहले ठमेलमा रमदा इन्कोर (होटल) चलाएको छ । ज्ञवाली समूहको कुमारी बैंकमा पनि लगानी छ । कतारमा आधारित आइकेबिएच ग्रुप (सीईओ अब्दुल बसिद) ले हालै नेपालमा बेलाको ब्रान्डका विभिन्न २८ वस्तु बिक्री सुरु गरेको छ।

बेल्जियमका अर्जुन श्रेष्ठले चितवनमा १ अर्ब रुपैयाँभन्दा बढी लगानीमा ओममेगाश्री औषधी उद्योग खोलेका छन् भने अमेरिकाका ल्हाक्पा शेर्पाले चितवनमा शेर्पा बियर फ्याक्ट्री खोलेका छन् । बेलायतका उत्तम नेपालको चन्द्रागिरि हिल्स, हाथवे इन्भेस्टमेन्ट नेपाल, ग्लोबल आइएमई बैंक, आइएमई लाइफ इन्स्यारेन्स लगायतमा लगानी छ।

चन्द्रागिरि हिल्स नेप्सेमा सूचीकृत कम्पनी हो भने हाथवे इन्भेस्टमेन्टले सर्वसाधारणमा सेयर बाँडफाँट गरेकाले सूचीकृत हुने चरणमा छ । एनआरएनएका पूर्वअध्यक्ष देवमान हिराचनको ग्लोबल इन्भेस्टमेन्ट अर्गानिक प्रडक्ट्स (अर्गानिक कृषि र पर्यटन) मा लगानी छ भने पूर्वअध्यक्ष भवन भट्टको युनाइटेड ब्रुअरी, कारोबार दैनिक र धुलिखेल माउन्टेन रिसोर्ट (डिएमआर) मा लगानी छ । भट्टकै बिबी होल्डिङ्स र बिबी एयरवेज नामक कम्पनी भए पनि ती अहिले सक्रिय देखिँदैनन् । तर, स्वामी शैलेन्द्र सरस्वतीले फेसबुकमा आफ्नो आवरण तस्बिर राख्दै ११ डिसेम्बरबाट बीबी एयरवेजले जहाजमा ओशोको तस्बिर राखेर नेपाल मलेसिया उडान गर्ने उल्लेख गरेका छन्।

मकाउ, जर्मनीलगायतमा क्रियाशील विशाल पण्डित र हङकङमा क्रियाशील हर्क गुरुङ मिलेर सुन्दर यातायात, सुन्दर अटो इन्जिनियरिङ (एसेम्बल प्लान्ट), सुन्दर ट्रेडिङलगायतमा लगानी गरेका छन् । ती कम्पनीमा उनीहरूले १ अर्बभन्दा बढी लगानी गरेका छन् । उता, हिमालय टेलिभिजनमा शेष घलेलगायतको ‘अनसिन’ लगानी रहेको छ । सर्वसाधारणलाई सेयर बिक्री गर्ने प्रक्रिया अघि बढाएको हिमालयन पब्लिक कम्पनी भएसँगै लगानीकर्ता पहिचान हुने अपेक्षा छ।

अफ्रिकामा रहेका हिक्मत थापालगायत १ सय जना सम्मिलित भएर १ अर्ब रुपैयाँ लगानीमा एनआरएन अफ्रिका भेन्चर्स नामक कम्पनी र सुदूरपश्चिम इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट फण्डका माध्यमबाट नेपालमा ५० करोड रुपैयाँभन्दा बढी विभिन्न क्षेत्रमा लगानी छ। यो समूहको खानेपानी ट्यांकी, गोबर ग्यास प्लान्ट, र सुलभ चर्पीलगायतका वस्तु उत्पादन गर्ने पोखरा वास इन्डस्ट्रिज, एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट, २७.१ मेगावाटको दोर्दीखोला हाइड्रोपावर ( हिमालय पावर पार्टनर) र १५ मेगावाटको ठूलो खोला हाइड्रोपावरमा पनि लगानी छ। त्यस्तै, अमेरिकामा सक्रिय शंकर उप्रेतीले हाम्रो पात्रो, हाम्रो पात्रो रेमिट र हाम्रो पे डिजिटल वालेट सञ्चालन गरेका छन्। उता, सार्वजनिक निस्काशन प्रक्रियामा रहेको सोनापुर मिनरल्स् एण्ड आयलमा म्याकडोनाल्ड अस्ट्रेलियामा कार्यरत एलिसा पाण्डेलगायतको लगानी छ।

उता, निजी क्षेत्रको टेलिकम सेवा प्रदायक एनसेलमा सतिशलाल आचार्यलगायतको लगानी छ । महेशकुमार श्रेष्ठको लगानी नेपाल इन्भेस्टमेन्ट बैंक, सिटी एक्सप्रेस मनी ट्रान्सफर र विभिन्न जलविद्युत् कपनीहरूमा लगानी छ । त्यसैगरी नेपाली मूलका बेलायती व्यवसायी दीपेन्द्र गुरुङले ‘स्टार्टअप’ अन्तर्राष्ट्रिय वायुसेवा कम्पनी ‘हिमालय जेट’ सञ्चालन गर्ने हालै सार्वजनिक गरेका छन्।

### लगानीको सामूहिक प्रयास र स-साना लगानी

परियोजना अगाडि बढाउन सामूहिक प्रयासका रुपमा अघि सारिएको १० अर्ब रुपैयाँको ‘एनआरएन नेपाल डेभलपमेन्ट फन्ड’ सरकारकै ढिलासुस्ती कारण अघि बढ्न सकेको छैन। फन्डमा सरकारको ५ प्रतिशत रहने छ भने ९५ प्रतिशत हिस्सा गैरआवासीय नेपालीको रहने छ। कोषमा ३५ करोड रुपैयाँ संकलन भइसकेको छ । एनआरएन फन्ड सूचीकरणसँगै पैसा जुटाउने र आयोजना छनौट गरी लगानी गर्ने परिस्थिति बन्नेछ।

एनआरएनहरू कुखुरा फार्म, स्ट्रबेरी र किबी खेती, कृषि उद्योग, स-साना रेस्टुरेन्टदेखि लगानीका अन्य क्षेत्र सूचना-प्रविधि, ‘ई-कमर्स’ तथा ‘रियल इस्टेट’ क्षेत्रममा लगानी विस्तार गरिरहेका छन् । एनआरएनहरूले काठमाडौं उपत्यकामा २ रोपनी र उपत्यकाबाहिर नगर क्षेत्रमा ८ कट्टा जग्गा किन्न सक्ने व्यवस्था छ । तर,

एनआरएन नागरिकता लिएसँगै नेपाली नागरिकसरह सम्पत्ति जोड्न र व्यापार-व्यवसाय गर्न सक्ने हुँदा घरजग्गा व्यवसायमा थप लगानी गर्ने बाटो खुलेको छ। बालुवाटारमा ५ रोपनी क्षेत्रफलमा आफ्नै भवन निर्माण गरेको एनआरएनएले जग्गा खरिद र भवन निर्माणमा करिब ३३ करोड रुपैयाँ खर्चिएको छ । कतारका महेन्द्र चौलागाईं नेपालमा रियल इस्टेट क्षेत्रमा १ अर्ब लगानी गर्ने तयारीमा छन् भने जापानका लीला कँडेलले सामाखुसीमा ६० करोड रुपैयाँ खर्चेर विशाल कम्प्लेक्स बनाइरहेका छन्।

लगानी भनेको जोखिम हो । जोखिमको ग्यारेन्टी गर्न सकिँदैन । लगानीकर्ताले जलविद्युत् क्षेत्रमा विद्युत् खरिद सम्झौता (पिपिए) भए काम गर्न सजिलो र त्यो फाइदाजनक हुने आशामा धेरै एनआरएनहरू जलविद्युत क्षेत्रमा आकर्षित भएको पाइन्छ । त्यसैगरी लामो समय जलविद्युत क्षेत्रमा अन्य क्षेत्रको तुलनामा लगानीको स्रोत नखोज्ने सरकारको निर्णयले पनि थप हौसला मिलेको छ। राष्ट्र बैंकको अध्ययनमा पनि जलविद्युत्मा वैदेशिक लगानी बढिरहेको देखाउँछ । कुल वैदेशिक लगानीमध्ये २०२० मा २७.५ प्रतिशत रहेको जलविद्युत क्षेत्रको हिस्सा २०२२ मा ५ प्रतिशत विन्दुभन्दा बढीले बढेर ३२.८ प्रतिशत पुगेको छ।

गैरआवासीय नेपाली व्यवसायीको बुझाइमा नेपालमा लगानी गर्दा कानुनी र प्रकियागत झन्झट बिस्तारै हट्दै गइरहेको छ । सरकार र नियामकहरूले एनआरएनको मर्का बुझेर नीतिगत परिवर्तनमा आफूलाई अब्बल साबित गर्न कोसिस गरिरहेको, सम्पत्तिको सुरक्षा, उच्च नाफा र सस्तो श्रमका कारण सकारात्मक लगानीको वातावरण बन्दै गएको छ। सबै कुरा सकारात्मक हुँदाहुँदै पनि कर्मचारीका कारण समस्या भएको आवाजहरू यदाकदा सुन्ने गरिन्छ । तर, तमाम समस्याका बाबजुद आफ्नै मुलुक नबनेसम्म आफ्नो अस्तित्व कायम हुँदैन भन्ने गैरआवासीय नेपालीहरूले बुझ्नुपर्छ। अरू विदेशी लगानीकर्ता र एनआरएनबीच फरक छ । एनआरएनहरूको लगानीको राम्रो पक्ष भनेको पैसा नेपाल आए पनि सामान्यतया वैधानिक बाटोबाट बाहिरिएको अवस्था छैन । विदेशी लगानीकर्ताले सामान्य अवस्थामा पनि लगानी र आर्जित नाफा जुनसुकै बेला फिर्ता लग्छन्, तर एनआरएनहरूले त्यस्तो गर्दैनन् । त्यसैले कसैले लगानीका लागि पैसा लिएर आउँछ भने उसले चाहेको जस्तो वातावरण बनाउन सक्नुपर्छ। यसतर्फ सरकारले बेलैमा सोचेर काम गरेमा आगामी दिनमा थप लगानी विस्तार हुने प्रशस्त सम्भावना हुन्छ।

### शिक्षा तथा स्वास्थ्य क्षेत्र

७५० शैयाको मेडिसिटी अस्पताल

१०० शैयाको मेडिसिटी बयोधा (बयोधा नारायणी हस्पिटल)

२०० शैयाको ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताल

१०० शैयाको मेडिकेयर नेसनल हस्पिटल एन्ड रिसर्च

१०० शैयाको ग्रिनसिटी अस्पताल

१०० शैयाको फुल कुमारी महतो मेमोरियल अस्पताल, सिरहा

डियरवाक ग्रुप (डियरवाक इन्स्टिच्युट अफ टेक्नोलोजी, डियरवाक सिफल स्कुल, डियरवाक कम्पवेर)

दि ब्रिटिस कलेज

कान्तिपुर इन्जिनियरिङ कलेज

एक्मी इन्जिनियरिङ कलेज

निसर्ग बाटिका स्कुल

### होटल/रिसोर्ट

सेराटन होटल, नक्साल

होटल अकामा, धुम्बाराही

होटल माला, ठमेल

होटल रोयल सिङ्ग

लो मुस्ताङ हिमालय रिसोर्ट, मुस्ताङ

लो मुस्ताङ होटल, ठमेल

होलिडे इन एक्सप्रेस एन्ड स्वीट्स, मानभवन

रुपाकोट रिसोर्ट, पोखरा

हेभन रिसोर्ट, पोखरा

लालटिन रिसोर्ट, पर्वत

रोयल टुलिप रिसोर्ट, चितवन

होटल सीताशरण, जनकपुर

धुलिखेल माउन्टेन रिसोर्ट (डिएमआर), धुलिखेल

टाइगर प्यालेस रिसोर्ट, भैरहवा

गौतमबुद्ध एयरर्पोट होटल, भैरहवा

रमदा इन्कोर, ठमेल

होटल रोयल सिङ्गे, तीनथाना

कल्चर रिसोर्ट, पोखरा

लटौली प्याराडाइज रिसोर्ट, चितवन

## वित्तीय क्षेत्र

सानिमा बैंक (सहायक कम्पनी- सानिमा क्यापिटल, सानिमा सेक्युरिटिज)

माछापुच्छ्रे बैंक (सहायक कम्पनी- माछापुच्छ्रे कृति क्यापिटल)

ग्लोबल आइएमई बैंक (सहायक कम्पनी- ग्लोबल आइएमई क्यापिटल, ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था, जेबिएनएल सेक्युरिटिज)

नेपाल इन्भेस्टमेन्ट बैंक (सहायक कम्पनी- एनआइएमबिएस क्यापिटल)

कुमारी बैंक (सहायक कम्पनी- कुमारी क्यापिटल र केबिएल सेक्युरिटिज)

बेस्ट फाइनान्स

किसान लघुवित्त वित्तीय संस्था

नेसनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था

मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था

नेरुडे लघुवित्त वित्तीय संस्था

सानिमा रिलयान्स लाइफ इन्स्योरेन्स

सानिमा जिआइसी इन्स्योरेन्स

नेको इन्स्योरेन्स कम्पनी
रिलायबल लाइफ इन्स्योरेन्स

आइएमई लाइफ इन्स्योरेन्स

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स

सिटी एक्सप्रेस मनी ट्रान्सफर

हाम्रो पात्रो रेमिट

नेसनल फन्ड म्यानेजमेन्ट

रिलायबल भेन्चर क्यापिटल

## ऊर्जा/जलविद्युत् क्षेत्र

२.६ मेगावाट सुनकोसी सानो, सिन्धुपाल्चोक

२.२ मेगावाट माई, इलाम

७ मेगावाट माई क्यास्केड आयोजना, इलाम

२८.१ मेगावाट तल्लो लिखु रामेछाप/ओखलढुंगा

७३ मेगावाट मध्यतमोर, ताप्लेजुङ

१४.३ मेगावाट माथिल्लो मैलुङखोला, रसुवा

१३ मेगावाट मध्यमैलुङ खोला, रसुवा

१७ मेगावाट माथिल्लो मैलुङ बी, रसुवा

५६ मेगावाट जुम खोला, दोलखा
२७ मेगावाट दोर्दी खोला जलविद्युत् आयोजना

१२८ मेगावाट तमोर मेवा

२५.४ मेगावाट सुपर आँधीखोला जलविद्युत् आयोजना, धादिङ

४.५ मेगावाट माछाखोला आयोजना, गोरखा

५.५ मेगावाट बूढीगण्डकी

२०.७३ मेगावाट जल्दीगाड जलविद्युत् आयोजना

२५ मेगावाट दरबाङ म्याग्दीखोला जलविद्युत् आयोजना

८३ मेगावाट मिडिल मेवा खोला हाइड्रोपावर, ताप्लेजुङ

१२ मेगावाट हिल्टन हाइड्रो इनर्जी, ताप्लेजुङ

२१.९३ मेगावाट काबेली हाइड्रोपावर कम्पनी

१३.५ मेगावाट स्नो रिभर्स लिमिटेड

७.८ मेगावाट सुपरमाई हाइड्रोपावर

२.५ मेगावाट दरमखोला ए जलविद्युत् आयोजना

२१.३ मेगावाट ठूलो खोला हाइड्रोपावर प्रोजेक्ट

## उद्योग

युनाइटेड ब्रुअरी, मकवानपुर

ओममेगाश्री औषधी उद्योग, चितवन

सोनापुर मिनरल्स् एन्ड आयल

पोखरा वास इन्डस्ट्रिज

पतञ्जली आयुर्वेदिक उद्योग

शेर्पा बियर, चितवन

क्रिएटिभ मिल प्रालि, पोखरा

एनसेल

कान्तिपुर टेलिभिजन नेटवर्क (कान्तिपुर टिभी)

कारोबार दैनिक

हिमालय टेलिभिजन

## अन्य/इन्भेस्टमेन्ट कम्पनी

चन्द्रागिरि हिल्स, काठमाडौं

सत्यवती केबुलकार, पाल्पा

हाथवे इन्भेस्टमेन्ट नेपाल

एनआरएन इफ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट

एनआरएन अफ्रिका भेन्चस

सानिमा हाइड्रो एन्ड इन्जिनियरिङ

अमला इन्भेस्टमेन्ट

बाबरी कन्स्ट्रक्सन (निर्माण कम्पनी)

सोपान मल्टिपल कम्पनी

मुना कृषि लिमिटेड

एनआरएन नेपाल डेभलपमेन्ट फन्ड

सुदूरपश्चिम एनआरएन इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट फन्ड

केटिएम सेक्युरिटिज

ग्लोबल इन्भेस्टमेन्ट अर्गानिक प्रडक्ट्स

सिद्धपोखरी टि स्टेट

हाम्रो पात्रो

जलविद्युत् लगानी तथा विकास कम्पनी (एचआइडिसिएल)

एनआरएन इन्भेस्टमेन्ट लिमिटेड

आइकेबिएच ग्रुप

माउन्टेन प्लानेट ट्राभल्स

गोजी ट्राभल्स

माउन्टेन इनर्जी नेपाल (एमइएन)

हिमालय पावर पार्टनर (एपिपिएल)

ग्यापु मार्केट प्लेस (अनलाइन व्यापार)

पिजन इन्जिनियरिङ एन्ड प्रोजेक्ट ट्रेडिङ

भैरवबाबा हाउजिङ एन्ड कन्स्ट्रक्सन

सुन्दर अटो इन्जिनियरिङ (एसेम्बल प्लान्ट)

रुबिन पावर

होलिकाउ इन्भेस्टमेन्ट

युनियन इन्भेस्टमेन्ट

क्यासकेड इन्भेस्टमेन्ट

कन्टिनेन्टल टि एन्ड एक्सपोर्ट

ग्लोबल इन्भेस्टमेन्ट फाउन्डेसन

# एनआरएनएको अबको अभिभारा

दूतावास नभएको स्थानमा गैरआवासीय नेपालीलाई त्यहाँको प्रमुख भूमिकामा परिचित गराउने र दुई मुलुकको सम्पर्क सञ्जाल विस्तार गर्ने गराउँदा मुलुकको ठूलो धनराशि जोगिने र सम्पर्क सञ्जाल पनि बलियो हुनेछ ।

पछिल्लो समय सरकारले ५ हजार गैरआवासीय नेपाली भएको स्थानमा दूतावास खोल्ने भनेको छ । यसमा एनआरएनएले नै विरोध गर्नुपर्ने देखिन्छ । ५ हजार भएको स्थानमा होइन जहाँ बढी नेपाल र त्यो मुलुकको अन्तरक्रिया वा व्यापार हुन्छ त्यस्तो स्थानमा दूतावास खोल्ने हो ।



चन्द्रशेखर अधिकारी

गैरआवासीय नेपाली संघ (एनआरएनए) को विश्व सम्मेलनसँगै निर्वाचन हुने सुनिश्चिततापछि विश्वभरबाट काठमाडौँ यात्रा तय गर्ने एनआरएन अधिक हुन्थे । नेपालीहरूको महान् चाड दसैंको सँगसँगै हुने यो सम्मेलनले विश्वभर छरिएर रहेका नेपालीको आवाज बोल्ने गर्थ्यो। कामभन्दा कुरा बढी भएको भनिए पनि केही काम यसमा भएकै थिए।

विगतका वर्षमा भए यतिबेला काठमाडौंका कुना-कुनामा गैरआवासीय नेपाली साथीहरू देखिन थालिसकेका हुन्थे। यसपटक काठमाडौंमा त्यस्तो सरगर्मी छैन । जसरी गैरआवासीय नेपालीमा एक प्रकारका व्यक्तिको आकर्षण घटेको छ, त्यस्तै अवस्था यस संगठनमा पनि देखिन थालेको छ। एक वर्ष बिराएर काठमाडौंमा गैरआवासीय नेपालीको विश्व सम्मेलन हुँदै आएको छ। यसपटक पनि सम्मेलनको तयारी भइरहेको छ, जसले नयाँ नेतृत्व दिनेछ। तर, आजको दिनसम्म सम्मेलनको विषयमा चर्चा परिचर्चा खासै सुनिएको छैन । यसको मुख्य कारण डिजिटल भोटिङ हो।

यसपटक एनआरएनएको चुनाव ई-भोटिङमार्फत हुनेछ। उनीहरूले घरमा नै रहेर भोट गर्न सक्नेछन्। त्यही कारण यसका सदस्यहरूले नेपालसम्मको यात्रा तय गर्नुपरेको छैन । हो, गैरआवासीय नेपालीले प्रविधिको प्रयोग गर्न आवश्यक छ। तर, निर्वाचन काठमाडौंमा गर्दा मुलुकको आर्थिक चहलपहल बढ्थ्यो, जुन मातृभूमिको हितमा थियो।

गैरआवासीय नेपालीबाट त नेपालको दूतावास नभएको स्थानमासमेत नेपालीले केही हेरचाह पाउँछन् भन्ने आशा गरेका हुन्छन्। त्यतिमात्रै होइन त्यहाँ कूटनीतिको ‘ट्र्याक टू-थ्री’ मार्फत सम्पर्क सञ्जाल बढाउने काम गैरआवासीय नेपालीले गर्न सक्नुपर्छ।

यतिबेला सरकारले केही मुलुकमा दूतावास खोल्न खोजेको छ। त्यो केही व्यक्तिको निहित स्वार्थका लागि हो । तर, दूतावास खुलाउनेभन्दा पनि गैरआवासीय नेपालीले आफू रहेको स्थानमा आफैंले सरकारी व्यक्तिलेभन्दा राम्रो समन्वय गरेर मुलुक-मुलुकको सम्पर्क सञ्जाल तय गर्न सक्छ। चीनले कैयन् स्थानमा आफ्ना नागरिकलाई प्रयोग

गरेको छ, भारतले पनि । श्रीलंकाले झन् आफ्नो ध्यान यसमै केन्द्रित गरेको छ । सिंगापुरले त दूतावास नै कम राखेर 'फ्लाइङ राजदूत' राखेको छ । आवश्यक पर्दा जाने अन्य समयमा त्यहाँ रहेका आफ्ना नागरिकबाट काम गराउने गर्छ । उसले कुनै मुलुकमा आफ्ना नागरिक छन् भने उसैलाई 'फोकल पर्सन' को रूपमा राखेर त्यस्तो काम गरिरहेको हुन्छ। नेपालले पनि त्यो काम गर्न सक्छ। जस्तो ल्याटिन अमेरिकी मुलुकहरूमा नेपालीहरू अध्यापन गराउँछन् भने अफ्रिकामा चिकित्सकहरू छन् । त्यस्ता नेपालीलाई फोकल पर्सनको रूपमा राखेर त्यहाँबाट काम लिन सक्नुपर्छ।

यसरी काम लिँदै गैरआवासीय नेपालीलाई त्यहाँको प्रमुख भूमिकामा परिचित गराउने र दुई मुलुकको सम्पर्क सञ्जाल विस्तार गर्ने गराउँदा मुलुकको ठूलो धनराशि जोगिने र सम्पर्क सञ्जाल पनि बलियो हुन्छ । नेपालको दूतावास जम्मा ३२ मुलुकमा छन् । त्यो पनि राष्ट्रसंघीय स्थायी नियोग जोडेर हो । 'नेपालीका लागि नेपाली' अनि 'एक पटकको नेपाली सधैंको नेपाली' भन्ने फराकिलो नारा र परिभाषाभित्र रहेकामध्ये जीविकोपार्जनका लागि श्रम गर्न गएका अधिक नेपाली खाडीका मुलुक र मलेसियामा छन्।

त्यस्ता नेपालीको समस्या चिर्न एनआरएनए सफल भएको देखिँदैन । नेपालले आफ्नो कूटनीतिक सम्बन्ध राखेको मुलुक १ सय ८१ छन्। तर, नेपालीहरू २ सय १० भन्दा बढी मुलुकमा छन् । अनि ८० बढी मुलुकमा त एनआरएनए संगठित नै भएका छन्।

चीन, भारत, साउदी अरेबिया र अमेरिकामा महावाणिज्य दूतावास पनि छन्। त्यसमार्फत पनि नेपालीको समस्या सुन्ने र सल्टाउने काम भएको देखिन्छ, केही हदसम्म । यद्यपि चीनमा खोलिएका महावाणिज्य दूतावास भने खासै प्रभावकारी छैनन्। नेता गएको बेलामा यसो स्वागत गर्ने थलो मात्रै बनेको छ।

भारत (महावाणिज्य दूतावास कलकत्ता), चीन (चार महावाणिज्य दूतावास- ल्हासा, हङकङ, गोञ्जाओ र छेन्दु) पाकिस्तान, श्रीलंका, बंगलादेश, म्यानमार, थाइल्यान्ड, कुवेत, ओमान, बहराइन, साउदी अरेबिया (वाणिज्य दूतावास जेद्दा), कतार, युनाइटेड अरब इमिरेट्स, मलेसिया, इजिप्ट, दक्षिण अफ्रिका, अमेरिका (महावाणिज्य दूतावास न्युयोर्क), ब्राजिल, बेलायत, रसिया, फ्रान्स, जर्मनी, डेनमार्क, अस्ट्रिया, अस्ट्रेलिया, स्विट्जरल्यान्ड, डेनमार्क, स्पेन, बेल्जियम, क्यानडा, जापान र दक्षिण कोरिया।

पछिल्लो समय सरकारले ५ हजार गैरआवासीय नेपाली भएको स्थानमा दूतावास खोल्ने भनेको छ । यसमा एनआरएनएले नै विरोध गर्नुपर्ने देखिन्छ। ५ हजार भएको स्थानमा होइन जहाँ बढी नेपाल र त्यो मुलुकको अन्तरक्रिया वा व्यापार हुन्छ त्यस्तो स्थानमा दूतावास खोल्ने हो।

एक डेढ घण्टाको उडान र तीन चार घण्टाको रेल यात्रामा जताततै पुग्न सकिने युरोपमा मात्रै ९ दूतावास थुपारेको नेपालले त्यसबाट लिएको काम हिसाब गर्ने हो भने खासै छैन। त्यस्ता विषयमा ध्यान दिएर दूतावास सार्ने काम गर्न सक्नुपर्छ। दूतावास खोल्दा र बन्द गर्दा सम्बन्धित मुलुकले खासै चासो राख्दैन । नेपालले त्यसलाई बुझेर कैयन् स्थानमा दूतावास बन्द गर्न सक्छ भने खोल्दा पनि राम्रो अध्ययन गरेर खोल्नुपर्छ । यो विषय एनआरएनले पनि बुझ्न र बुझाउन सक्नुपर्छ।

गैरआवासीय नेपालीको सम्मेलनमा प्रस्तुत हुँदै आएका केही प्रमुख मुद्दाबाहेक कतिपय मुद्दाले अझैसम्म सफलता पाएको देखिँदैन । तीमध्येको एक हो, संघको परिभाषा र नाराले समेटने श्रमिक मुद्दा (गैरआवासीय श्रमिकका मुद्दा)। यसबारे विविध प्रश्न उठ्ने गरेका छन् । सार्क र भारतबाहेकका मुलुकमा दुई वर्षभन्दा बढी बसेर पसिना बगाइरहेका लागि के गरेको छ त ? अनि भारतमा रहेकालाई कुन राख्ने त्यो स्पष्ट हुनुपर्छ। भारतमा गएर व्यवसाय गर्ने व्यापारी नहुने तर अन्यत्र गर्ने व्यापारी हुने ? यो बहस हुनुपर्ने विषय हो।

गैरआवासीय नेपालीले आफ्नै कोष बनाएर दुःख पाएका, समस्यामा परेका कामदारको हितका लागि काम गर्न सक्नुपर्छ । सरकारको कल्याणकारी कोषको मुख ताक्ने होइन । तिनै नेतालाई कुनै मुलुकमा जाँदा गरिने खर्च र कल्याणकारी कोषमा राखेर नेतालाई होइन नेता पीडित जनतालाई सेवा गर्न सक्नुपर्छ।

एनआरएनले विदेशमा रहेका नेपाली श्रमिकलाई हेर्ने धारणा के हो? स्पष्ट भएर अघि बढ्नुपर्छ । पैसा हुने वा पैसा खर्च गर्न सक्नेमात्रै एनआरएन होइनन् अन्य पनि छन् भनेर खाडी र मलेसियाजस्ता मुलुकमा श्रम र पसिना खर्चनेहरूको हित पनि हेर्न आवश्यक छ। कतिपय अफ्रिकी र दक्षिण अमेरिकी मुलुकमा पनि नेपाली पुगेका छन् । उनीहरूको हितका लागि पनि गैरआवासीय नेपाली संघले अध्ययन गर्न आवश्यक छ । विश्वमा रहेका नेपालीलाई कसरी नजिक ल्याउने भनेर त्यसबारेमा अध्ययन गर्ने, टिम बनाउने, छलफल गर्नेजस्ता कार्य एनआरएनएले गर्न सक्नुपर्छ । एनआरएनएले कतिपय विद्वान्लाई जोड्न सकेको छैन। जोड्न आवश्यक छ।

एकजना राजदूतले भन्दै थिए, 'हेर्नुहोस्, एनआरएनएमा नजोडिएर शान्त बसेका, काम गरिरहेका नेपाली नभएको त स्थान नै छैन । उनीहरूले सम्बन्ध विस्तार, सहकार्य, लगानी भित्रायाउने काम निकै गर्न सक्छन् । पछिल्लो समय गैरआवासीय नेपाली राजनीतिक रूपले विभाजित भएको देखिन्छ।'

गैरआवासीय नेपालीको छाता संगठनभन्दा मुनि रहेका अन्य विभिन्न संगठन राजनीतिक आस्थाकै आधारमा बनेका कारण कहिलेकाहीँ गैरआवासीय नेपालीमा राजनीतिक दलप्रतिको आस्था हाबी हुने परिस्थितिको सिर्जना भएको छ। गैरआवासीय नेपाली संसारमा जो जहाँ भए पनि नेपाल र नेपालीप्रतिको मायामोह रहेको कुरामा शंका भएन, तर उनीहरू नेतृत्वमा पुग्न गरेको विभाजित कार्य र दुई वर्ष कुर्न नसक्ने अधैर्यताको कारण अघिल्लो समय निकै ठूलो समस्या आएको थियो।

अहिले प्रविधिको कारण समस्या आउने देखिन्छ। जहाँ भए पनि नेपालीहरू संगठित भएर बस्नु, आफ्नो कला संस्कृतिलाई प्रचार गर्न एकजुट हुनु राम्रो हो । त्यसैले रसियामा उच्च शिक्षा हासिल गर्न गएकाहरूबाट नै यसको सुरुवात भएको हो । गैरआवासीय नेपालीहरूको अन्तर्राष्ट्रिय अध्यक्ष उपेन्द्र महतोबाट सुरु भएर अहिले एकै कार्यकालमा तीन अध्यक्ष हुने अवस्था बनेको छ । यस्तो स्थितिलाई फेरि दोहोरिन दिनुहुँदैन।

ऐन र नियमले गैरआवासीय नेपालीका हकमा नेपालमा लगानी गर्न पाउने, लगानी सुरक्षित हुने, सम्पत्ति राख्न पाउने, घरजग्गा सम्पत्तिको सीमा कानुनले नै तोकिएको छ। गैरआवासीय नेपालीले केके राख्न पाउने भन्ने सुविधा कानुनले तोकेको छ । दोहोरो नागरिकता नभनिए पनि त्यही स्तरको नागरिकता विधेयक पारित भएको छ। यसरी संसारभरका विभिन्न पेसा व्यवसाय गरेर बसेका नेपालीहरूले जन्मभूमि त्यागेर उतैको नागरिकता लिएका छन्। धेरैले नेपालको नागरिकता खारेज गरेका छैनन्।

जुन-जुन मुलुकको जे व्यवस्था छ त्यहीअनुसार संसारभर बसेका नेपालीले नेपालको माया गरुन्, सम्पत्ति नेपाल ल्याउन्, नेपालमा उद्योगधन्दा रोजगारी फस्टाओस् यी सबै सकारात्मक अभिप्रायले गरेका काम भए पनि पछिल्लो समय राजनीतिक नेतृत्वलाई समात्ने र नीतिगत रूपमा फाइदा लिने काममा उनीहरू लागिरहेका छन् । सरकारलाई पैसा दिनु परेपछि एनआरएन कार्डसमेत बनाउन निरुत्साहित हुने र पछि सरकारले १० वर्ष भिसा त्यही आधारमा दिने भनेपछि कार्ड बनाउनेजस्ता कार्यले पनि केही स्वार्थ झल्किन्छ।
सुरुवाती चरणमा नेपालको कानुनको छिद्रमा पसेर केही नेतृत्वमा पुगेकाले बाहिरभन्दा नेपालबाट अधिक कमाए। फाइनान्स क्षेत्र होस् या हाइड्रो सबैमा उनीहरू छन् । उनीहरूले त्यतिबेला बोलेको फन्ड अझै जम्मा हुन सकेको छैन। सम्मेलन गर्दासमेत नेपाल सरकारको पैसा लिने गरेका थिए । यसरी अघि बढेको संगठन पछिल्लो समय निष्क्रियजस्तै छ। तर, उनीहरूले सामूहिक नेतृत्व गरेर मुलुकको मुहार फेर्ने भन्छन् । अहिले पनि दोहोरो नागरिकता, खुला विश्वविद्यालय लगायतको विषयमा उनीहरू लागिरहेका छन् । देश बनाउने र देशको मुहार फेर्नेजस्ता धेरै ठूलठूला विषयमा बहस हुने यो संस्थाका डा. उपेन्द्र महतो, जीवा लामिछाने, शेष घलेहरू बलिया खम्बा हुन्। अब आउने  नेतृत्वले पनि गुट, उपगुट भन्दा माथि उठेर संसारभरि रहेका एनआरएनहरूसंग रहेको क्षमता नेपालको समृद्धिका लागि परिचालन गर्न ढिलो गर्नु हुँदैन।

**(अधिकारी हिमालप्रेस डट कमका सम्पादक हुन्)**

# २०वर्ष सिञ्चित यो शुभमन

गैरआवासीय नेपाली संघ (एनआरएनए)ले दुई दशकीय स्थापना जयन्ती मनाइरहँदा यसले आफ्नो विकासक्रमलाई विशिष्ट उपलब्धिका साथ अगाडि बढाएको मूल्यांकन गर्न सकिन्छ । यो संस्थागतिकरणको मध्यबिन्दु हो । ८७ देशमा फैलेको सञ्जाल, लाखभन्दा बढी पञ्जीकृत सदस्य रहेको तथ्यांकको आडसँगै नेपाल र नेपालीका लागि गर्दै आएको सहकार्य, समृद्धि र रुपान्तरणका लागि सिर्जित संयन्त्र र एनआरएन नागरिकताजस्तो पहिचानको प्राप्ति संस्थागतीकरणका मूल आधारहरु हुन् ।

नेपाली समाजलाई नैराश्यताको भंगालबाट उद्दार गर्ने यो अहम् कार्यसँगै हामीले ती भुइँमान्छेहरुका आधारभूत हितमा काम गर्न सक्नुपर्छ जो आज पनि मुलुकमा विप्रेषण रुपी सन्जिवनी बुटी टिप्न खाडीको घाममा पसिना चुहाइरहेका छन् । एनआरएन अभियानको एउटा सिपाहीका रुपमा मेरो मन सबैभन्दा पहिला अत्यन्त कठिन परिस्थितिमा विदेशमा श्रम गरिरहेका तिनै दाजुभाइ-दिदीबहिनीसँग टाँसिन पुग्छ ।



**डा. बद्री केसी**

दुई दशकमा एउटा मानिस जवान बन्छ, बालिग हुन्छ। यो अवधिमा एउटा संगठित समूह संस्थागत हुन्छ । मानिस बालिग र समूह संस्थागत बन्न हेतु निश्चित अवधि गुज्रनु मात्र शर्त हुन् सक्दैन । यसपछाडि विभिन्न सामर्थ्य र स्वभावका पक्षहरू जोडिन्छन् । यसलाई विकासक्रमको सापेक्ष चरित्र मान्न सकिन्छ।

गैरआवासीय नेपाली संघ (एनआरएनए)ले दुई दशकीय स्थापना जयन्ती मनाइरहँदा यसले आफ्नो विकासक्रमलाई विशिष्ट उपलब्धिका साथ अगाडि बढाएको मूल्यांकन गर्न सकिन्छ। यो संस्थागतीकरणको मध्यबिन्दु हो। ८७ देशमा फैलेको सञ्जाल, लाखभन्दा बढी पञ्जीकृत सदस्य रहेको तथ्यांकको आडसँगै नेपाल र नेपालीका लागि गर्दै आएको सहकार्य, समृद्धि र रूपान्तरणका लागि सिर्जित संयन्त्र र एनआरएन नागरिकताजस्तो पहिचानको प्राप्ति संस्थागतीकरणका मूल आधारहरू हुन्।

### विश्वासका स्तम्भ र संघर्षका आयाम

एनआरएन अभियान विशुद्ध नेपालीत्वको भावनाबाट जुटेको एउटा सामाजिक-सांस्कृतिक अभ्यास हो। जुन २० वर्षको यात्रामा संसारकै सबैभन्दा ठूलो प्रवास संस्था बन्न पुगेको छ।

एनआरएनलाई देशको मूल प्रवाहमा जोड्न सुरुका बिन्दुदेखि अथाह स्नेह र स्वीकार्यता प्रदर्शन गर्नु नेपाली राजनीतिको विशिष्ट गुण हो । तमाम परिवर्तनहरूका बाबजुद नेपाली राजनीतिले एनआरएन अभियानलाई सधैं अविछिन्न विश्वासको नजरले हेर्दै सामिप्यतामा राख्दै आएको छ । जनतासँग जोड्ने सबैखाले बलिया

कसीहरूमा राजनीतिक पार्टीहरूको अभिरुचि रहन्छ। तर, विदेशमा बस्ने सबै नेपाली बराबर हुन् भनेर जुन खाले समतापूर्ण स्नेह नेपाली राजनीतिले प्रकट गरेको छ त्योचाहिँ प्रशंसनीय छ।

त्यसै भएर पनि प्रवासीहरूले आफ्ना एजेन्डाहरूलाई नेपालमा स्थापना गर्दाका संघर्षलाई सधैं शिरोधार्य गरे । वास्तवमा उनीहरूलाई यो संघर्षप्रति फिटिक्कै विस्मात छैन, यसलाई बरु सहकार्यका कठोर अभ्यासका रूपमा हेरेका छन् । प्रवासी नेपालीलाई नागरिकता दिने कानुन आइसकेपछिको अवस्थामा त्यसलाई प्रदान गर्ने कार्यविधि बनाउने क्रममा समेत एनआरएनले सरकारसँग 'प्रत्यक्ष' उठबस गरेको ताजा अनुभव छ । अर्थात्, नेपाल राज्यसँगको व्यवहार विश्वास र मित्रतासहित गराई र सिकाइको उपक्रमबाट गुज्रेको छ।

म एनआरएनको साधारण सदस्यदेखि कार्यकारी अध्यक्षसम्मको २० वर्षे र आगामी दिनका थप गतिशील यात्रालाई दुई किसिमले हेर्न चाहन्छु: व्यक्तिगत र संस्थागत । व्यक्तिगत रूपमा मेरा लागि यो विदेशको शिक्षा र अनुभवसहित खासमा नेपाल नै बुझ्ने अनुपम 'स्कुलिङ' हो । जसका कारण म नेपालबारे सोच्नसक्ने, योगदानका दृष्टिले चिन्तन र पहल गर्ने सामर्थ्य बनाउन सफल भएको छु । संस्थागत रूपमा हेर्दा एउटा त्यस्तो संस्था विकासको साक्षी र कर्ता बन्न पाइयो जसले केही अनुकूलता मात्रै पाएमा मुलुककै विकासमा प्रेरक (क्याटलिस्ट) को काम गर्न सक्छ।
अर्थात्, यो २० वर्षे यात्रालाई म विश्वासको ऊर्जाबाट बलेको संघर्षको चिराग भन्न चाहन्छु । जसले समाजमा सकारात्मक ज्योति मात्र फैलाउँछ।

## कर्म चक्कर

एनआरएन अभियानको सिकाइमा हामीले धेरै हल्लाखल्ला गऱ्यौं । जानीनजानी धेरै भेदविभेद अभ्यास भयो । आखिर हरेक मानवीय अनुभवलाई 'अभ्यास र गल्ती' (ट्रायल एन्ड इरर)को नियमले बाँधेको हुन्छ । हामीले यो नियमको परीक्षालाई करिब राम्रैसँग पास गरेका छौं।

हामीले आफ्ना एजेन्डाभन्दा बाहिर गएर उपचार खोज्दा पाएका गोता अनगिन्ती छन् । संस्थागत परिधिभित्र रही नेतृत्व छनोटका लागि लोकतान्त्रिक अभ्यास गर्ने परम्परालाई अन्तै होम्न खोज्दा अस्तित्वकै संकटसमेत निम्त्यायौं । तर, हामीभित्र केही त्यस्ता सामर्थ्य र संस्कार थिए-छन्, जसले गर्दा आज संस्था आफ्नो गरिमा रक्षा र उन्नयनका लागि फेरि मार्ग प्रशस्त भएर अगाडि बढेको छ।

हामी लोकमान्य चरित्रमा अगाडि बढिरहँदा संस्थागत परिपाटी र पारदर्शितालाई प्रभावकारी बनाउन सफल भइरहेका छौं । चुनावको भड्किलो परम्परालाई थान्को लगाएर हामी भर्चुअल माध्यममा अभ्यस्त भइरहेका छौं । हामीभित्र जरा गाडेका कतिपय थितिले हामीलाई यसबीचमा मूल एजेन्डामा सहकार्य गर्न प्रतिबद्ध बनायो । व्यापक कर्मको मर्म यही हो।

## अबको मार्ग : आवाज कम, काम बढी

एनआरएन अभियान कसैले चाहेर पनि कमसल बन्न नसक्ने नियतिमा पुगिसकेको छ । यति धेरै खाड्ल पुरेर बनेको सडकमा गाडी गुडाउन सकिएन भने त्यहाँ यात्राको औचित्यमाथि नै प्रश्न उठ्छ। २० वर्षपछिको कुनै पनि क्षण कसैले खेलाँची गऱ्यो भने त्यो दुर्घटना मात्र हुन्छ।

एनआरएन अभियानले यति धेरै कार्यभार (बिजनेस) पाएको छ, त्यसलाई समयबद्ध कार्यान्वयन गर्न हामीभित्रै धेरै सुधार र क्षमता अभिवृद्धिको दर्कार पर्छ । हामीले नेपाली नागरिकता पाइसकेपछिको कर्तव्यको आकार मात्र होइन, त्यसले खुलाउने अवसरहरूको दायराबारे एकैछिन् सोचौं त ? अब हामीले आफ्नो भएभरको सामर्थ्य नेपाल फर्काउने मेलो झिक्नुपर्छ। दुई रुपैयाँ कम कमाइ होस्, तर आफ्नै देश पोस्छु भन्ने भावना हामीमा जाग्नुपऱ्यो कि परेन ?

अब एनआरएनले 'नेपाल बन्छ' भन्ने विश्वास भर्न सबैभन्दा पहिला आफ्नै पहलमा नेपालभित्र सफलताका कथाहरू बुन्न आवश्यक छ । अहिले दिनहुँ हजारौंको संख्यामा बिदेसिइरहेका युवाहरूप्रति व्यापक चिन्ता प्रकट भइरहेको छ। त्यो चिन्तालाई उत्साहमा बदल्नसक्ने खुवि एनआरएनले बनाउनुपर्छ। त्यो कसरी ? यसको उत्तर कुनै जटिल शास्त्र होइन।
हामीले एक वर्षभित्रमा एनआरएन डेभलपमेन्ट फन्डलाई आफ्नो प्रारम्भिक लक्ष्यको बिन्दुमा पुऱ्याएर

रेमिट्यान्सको सदुपयोगमार्फत उद्यम र पूर्वाधार विकासमा लगाउन सक्नुपर्छ । हामीले अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई हरेक वान्छित ग्यारेन्टी दिएर स्टार्टअपहरूमा तान्न सक्छौं। हामीले नेपाली निर्यातयोग्य वस्तुलाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न 'पब्लिक डिप्लोमेसी' गर्न सक्छौं । ज्ञान, प्रविधिको हस्तान्तरणका लागि संसारभर छरिएका योग्य र प्रबुद्ध नेपालीहरूलाई एउटै छातामुनि ल्याएर काम गर्न सक्छौं।

नेपाली समाजलाई नैराश्यताको भंगालबाट उद्दार गर्ने यो अहम् कार्यसँगै हामीले ती भुइँमान्छेहरूका आधारभूत हितमा काम गर्न सक्नुपर्छ जो आज पनि मुलुकमा विप्रेषण रूपी सन्जिवनी बुटी टिप्न खाडीको घाममा पसिना चुहाइरहेका छन् । एनआरएन अभियानको एउटा सिपाहीका रूपमा मेरो मन सबैभन्दा पहिला अत्यन्त कठिन परिस्थितिमा विदेशमा श्रम गरिरहेका तिनै दाजुभाइ-दिदीबहिनीसँग टाँसिन पुग्छ । कोरोना महामारीका बेला आफैं संक्रमित भइसक्दासमेत तिनै दाजुभाइ-दिदीबहिनीको उद्धारमा काम गरेको नाताले मेरो विशेष भावनात्मक लगाव छ।

हामीलाई नेपाली श्रमिकका हकहितमा काम गर्ने सवालमा अन्तर्राष्ट्रिय समुदाय नै सहयोगी हात बन्न सक्छ। नेपाल राज्य त जिम्मेवार नभइकन सुख छैन। हाम्रो भूमिकाको तागतले सबै सरोकारवालाहरू कसरी उत्तरदायी बन्दै जान्छन् भन्ने त सामाजिक सुरक्षा कोषका हकमा हामीले क्रमशः गर्दै गएको प्रगतिलाई हेरौं। काम कति छन् कति, अनेक छन्। तर, अब हाम्रो तौर र ध्यान आवाजमा भन्दा लगावमा हुनुपर्छ । जसले समयक्रममा एनआरएनलाई अझ सशक्त र संस्थागत बनाउँदै जान्छ।

### शुभमन!

शुभकामना हामीले धेरै भन्यौं । अब हामी शुभमनतर्फ लाग्नुपर्छ। ११ औं अन्तर्राष्ट्रिय सम्मेलनमार्फत एनआरएन अभियान शुभमनले भरिभराउ होस्!

# दुई दशकको एनआरएनए : अब रिब्रान्डिङ



स्थापना कालमा भन्दा गैरआवासीय नेपालीको अवस्था र आवश्यकता फरक छ । नेपाल बाहिर र भित्रको नेपालीको डेमोग्राफी परिवर्तन भएको छ । विद्यार्थीहरु र वैदेशिक रोजगारमा जाने नेपालीको संख्या झन् बढ्ने क्रममा भएकाले नेपाल भित्रभन्दा बाहिर बस्ने नेपालीलाई सयहोगको खाँचो बढ्दो छ । अत: बदलिएको परिस्थितिमा एनआरएनएले अर्थपूर्ण प्रस्थान गर्न जरूरी छ ।



**डा. हेम राज शर्मा**

विभिन्न मुलुकमा छरिएर रहेका नेपालीलाई एकताबद्ध गर्दै उनीहरूले आर्जन गरेको ज्ञान, सीप, प्रविधि र पुँजीलाई मातृभूमि नेपालको सामाजिक तथा आर्थिक विकासमा सदुपयोग गर्ने उद्देश्यका साथ गैरआवासीय नेपाली संघ ( एनआरएनए) स्थापना भएको थियो । एनआरएनए देश विदेशमा बस्ने नेपालीका लागि आशा र भरोसाको केन्द्र बन्दै आएको छ । स्थापनाको २० वर्षीय अवधिमा ८६ देशमा औपचारिक सञ्जालको विस्तार गरेर बाहिर बस्ने नेपाली समुदायलाई एउटै मालामा जोड्न सफल भएको छ यो । गैरआवासीय नेपालीसम्बन्धी ऐन, गैरआवासीय नेपाली नागरिकता तथा आप्रवासी कामदारहरूसँग जोडिएका सामाजिक सुरक्षा कोषलगायत ऐन कानुनमार्फत गैरआवासीय नेपालीका हकहितका विषयहरू सम्बोधन मात्र भएको छैन, हामी विदेशमा बस्नेहरूमा पनि मातृभूमिप्रतिको दायित्व झन् थपिएको छ।

गैरआवासीय नेपाली संघ स्थापना भएको सन् २००३ को दाँजोमा अहिले हामी बेग्लै अवस्थामा प्रवेश गरेका छौं । प्रविधिले फड्को मारेको छ । देशभित्रको राजनीतिक स्थिति र अन्तर्राष्ट्रिय आर्थिक धरातलमा परिवर्तन आएका

छ । कोभिड पछिको विश्वको कार्यशैलीमा परिवर्तन भएको । बाहिर बस्ने नेपालीको संख्यात्मक र गुणात्मक बढोत्तरी हुनुका साथ उनीहरूको आर्थिक तथा पेसागत अवस्था सबल भएको छ । दोस्रो पुस्ताका गैरआवासीय नेपाली (विदेशमा जन्मे हुर्केको पुस्ता)को संख्या क्रमशः बढ्दो छ । एनआरएनएका संस्थापकहरू संघको सक्रिय नेतृत्वमा हुनुहुन्न । बदलिएको यस चुनौतीपूर्ण परिस्थितिमा गैरआवासीय नेपाली संघलाई समय सापेक्ष विकास गर्ने र सुदूर भविष्यको मार्गचित्र तयार गर्ने निम्न निर्देशक सिद्धान्त (मन्त्र) का साथ अघि बढ्न आवश्यक छ।

**१) सबैको एनआरएनए (NRNA for all)**

**२) सबल र बहुआयामिक एनआरएनए (Strong and multidimensional NRNA)**

**३) स्मार्ट एनआरएनए (Smart NRNA)**

**४) परिणाममुखी एनआरएनए (Result–oriented NRNA)**

**५) दिगो एनआरएनए (Sustainable NRNA)**

**६) सीप, ज्ञान र नवप्रवर्द्धनका लागि एनआरएन (NRNA for skill, knowledge and innovation)**

**७) उत्तरदायी र पारदर्शी एनआरएनए (Accountable and transparent NRNA)**

**८) नेपाल सरकारको साझेदार एनआरएनए (Nepal Government Partner NRNA)**

**९) एनआरएनका लागि एनआरएन (For NRN By NRN)**

### १) सबैको एनआरएनए (NRNA for all)

अहिले संघमा न्यून संख्यामा गैरआवासीय नेपाली आबद्ध छन् । यसमा पनि महिला, युवा, प्राज्ञिक वर्ग र दोस्रो पुस्ताका गैरआवासीय नेपालीको सहभागिता अत्यन्त न्यून छ । आम गैरआवासीय नेपालीलाई गैरआवासीय नेपाली संघ मेरो पनि हो भन्ने अपनत्व महसुस गराउन संस्थागत संरचनामा परिवर्तन गर्नु जरुरी छ । हालको विधानको संरचानामा रहेका युवा, महिला, वैदेशिक रोजगार, लगानी, मानवकल्याण, प्राज्ञिक विभाग, नेपाल प्रवर्द्धन विभागमा सम्बन्धित क्षेत्रमा दक्षता हाँसिल गरेको व्यक्ति नेतृत्वमा चुनिने सुनिश्चित हुने गरी विधानमा परिवर्तन गर्नु जरुरी छ ।

दोस्रो पुस्ताका गैरआवासीय नेपालीलाई संघ र नेपालसँगको सामिप्यता कायम गर्न हरेक राष्ट्रिय समन्वय परिषद् (एनसीसी)मा एउटा छुट्टै निकायको व्यवस्था गरिनुपर्छ । नेपालका विश्वविद्यालय, शैक्षिक तथा व्यावसायिक संस्थाहरूमा इन्टरनसिप (ष्लतभचलकजष्उ) गर्न सक्ने व्यवस्था गर्न सक्यो र दोस्रो पुस्ताका गैरआवासीय नेपालीलाई नेपालको राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिन प्रेरित गर्न सक्यो भने उनीहरूको सामिप्यता बढ्ने छ । प्रस्तावित १० अर्ब रुपैयाँको संयुक्त लगानी कोषमा Initial Public Offering (IPO) मार्फत थोरै आम्दानी हुने नेपालीले पनि लगानी गर्न सक्ने वातावरण बनाउन सक्यो भने धेरैलाई संघसँग जोड्न सकिन्छ।

### २) सबल र बहुआयामिक एनआरएनए (Strong and multidimensional NRNA)

गैरआवासीय नेपाली संघलाई अन्तर्राष्ट्रियस्तरको बहुआयामिक संस्थामा विकास गरी संघलाई रिब्रान्डिङ गर्न जरुरी छ । नेपाल सरकार, विदेशस्थित नेपाली कूटनीतिक नियोग, नेपालस्थित वैदेशिक कूटनीतिक नियोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग प्रभावकारी संवाद र सहकार्य गर्न एक संयन्त्र तयार पार्न पनि जरुरी छ । यसका लागि संघको काठमाडौंस्थित सचिवालयलाई अझ बढी व्यवस्थित गर्न कर्मचारीहरूको दक्षतालाई अभिवृद्धि गर्नुका साथै सचिवालयलाई प्रविधियुक्त बनाउनुपर्छ । गैरआवासीय नेपालीले आफू बसेको देशका स्थानीय समुदाय तथा सरकारसँग सहकार्य गर्न सक्ने गरी राष्ट्रिय समन्वय परिषद्हरूको क्षमता

अभिवृद्धि गर्ने कार्यक्रम ल्याउनुपर्छ।

संघले नेपाल सरकार र अन्तर्राष्ट्रिय समुदायबीच समन्वय गर्न पुलका रूपमा काम सक्छ । सीमा समस्या, भूमण्डलीकरण (नयिदबष्किबतष्यल) र जलवायु परिवर्तन (Global warning) जस्ता नेपाललाई प्रत्यक्ष नकारात्मक असर पार्दै आएका बिषयमा गैरआवासीय नेपाली र नेपालसँग सरोकार राख्ने विदेशी विज्ञहरूमार्फत सम्बन्धित अन्तर्राष्ट्रिय मञ्चमा आवाज पुऱ्याउन विदेशमा बस्ने नेपाली विज्ञहरूको सहयोग लिने वातावरण तयार गर्नुपर्छ।

## ३) स्मार्ट एनआरएनए (Smart NRNA)

गैरआवासीय नेपाली संघलाई अत्याधुनिक डिजिटल प्रविधियुक्त बनाउन स्मार्ट एनआरएको योजना अगि सारिएको छ । यसअन्तर्गत संघका सम्पूर्ण गतिविधिलाई समावेश गरी एउटा 'एनआरएनए एप्स'को निर्माण गरिएको छ । स एप्समार्फत संघका सम्पूर्ण सदस्यको इलेक्ट्रोनिक डाटाबेस तयार गरिएको छ । सदस्यहरूमा मात्र सीमित रहेको यो एप्सलाई सबै गैरआवासीय नेपालीसम्म पुऱ्याएर संघ र गैरआवासीय नेपालीबीच सीधा संवादको व्यवस्था गर्नुपर्छ । लाखौं संख्यामा गैरआवासीय नेपालीलाई यसै एप्समार्फत नेटवर्कमा ल्याउन सकियो भने नेपालमा दैवी प्रकोपको बेलामा प्रत्यक गैरआवासीय नेपालीले १-२ डलरबाट अनलाइनबाट डोनेसन दिन सके छिन् भरमा मै करोडौं रुपैयाको सहयोग जुटाउन सकिन्छ।

राष्ट्रिय समन्वय परिषद्को निर्वाचन फेस भेरिफिकेसनको प्रयोग गरी अनलाइनबाट निर्वाचन सुरु गरेका छन् । संघको २०२५ को निर्वाचनमा सबै पञ्जीकृत सदस्यहरूले अनलाइनमार्फत मतदान गर्न सक्यो भने आम गैरआवासीय नेपालीले संघप्रति अपनत्व महसुस गर्न सक्थे । अनलाइन प्रणालीलाई स्थापित गर्न सक्यो भने नेपालमा हुने आम निर्वाचनमा विदेशी भूमिबाट मतदान गर्ने व्यवस्था गर्न नेपाल सरकारलाई दबाब सिर्जना हुनेछ।

## ४) परिणाममुखी एनआरएनए (Result–oriented NRNA)

गैरआवासीय नेपाली संघका कार्यक्रमहरू परिणाममुखी बनाउन ठोस नीति तथा कार्यतालिकाको अवलम्बन गर्न जरुरी छ। 'एक एनसीसी एक परियोजना' अन्तर्गत प्रत्येक एनसीसी हरेक वर्ष एक परियोजना नेपाल लान सक्ने हो भने सयौंको संख्यामा परियोजना भित्रायाउन सकिनेछ । परियोजनाहरू नेपालको स्थानीय सरकारसँग सहकार्य र समन्वय सञ्चालन गर्न सकियो भने झन प्रभावकारी हुनेछन् । संघले नेपालमा गर्ने गतिविधि र कार्यक्रमहरूलाई काठमाडौं उपत्यका बाहिर बिस्तार गर्न जरुरी छ।

## ५) दिगो एनआरएनए (Sustainable NRNA):

सचिवालय सञ्चालन र परियोजनाका लागि सदस्यता शुल्क र पदाधिकारीको व्यक्तिगत सहयोगमा भर पर्नुपर्ने स्थितिको अन्त्य गरी आर्थिक दिगोपनका लागि वैकल्पिक स्रोतको खोजी गर्नुपर्छ। विधानमा व्यवस्था भएअनुसार एनआरएनए फाउन्डेसनको स्थापना भएको छ तर यसले प्रभावकारी ढङ्गले काम गर्ने केही पुर्वाधार तयार गर्नुपर्ने छ। संघका सबै समाज कल्याणका कार्यक्रमहरू यसै फाउन्डेसनमार्फत गर्ने व्यवस्था मिलाउनुपर्छ । Corporate social responsibility अन्तर्गत ठूला गैरआवासीय व्यवसाहीरुले विदेशी च्यारिटी संस्थालाई वर्षेनी करोडौं रुपैयाँको डोनेसन गरेका हुन्छन् । एनआरएनए फाउन्डेसन विदेशमा दर्ता गरेको यो फण्डलाई नेपालमा ल्याउन सकिन्छ। एनआरएनए जस्तो जिवन्त, अन्तर्राष्ट्रिय स्तरमा फैलिएको र मानविय स्रोत साधन भएको संस्था अरू देशका गैरआवासीय नागरिकको छैन । अतः फाउन्डेसनले अन्तर्राष्ट्रिय स्तरका रेडक्रड, अक्सफार्म, बिलगेट्स फाउन्डेसन जस्ता संस्थाहरूसँग सहकार्य गर्न सक्छ। यस्तो अवस्था नेपालमा च्यारिटी गर्न एनआरएनए अभियन्ताको पकेटमा भर पर्नु पर्ने छैन । संयुक्त राष्ट्रसंघअन्तर्गत आईएलओ र आईएएमओ जस्ता अन्तराष्ट्रिय संस्थाहरूको सहयोगमा मध्यपूर्व, मलेसियालगायत विश्व छरिएका करिब २ लाख कोरोना पीडित नेपालीलाई सहयोग गरे बाट यस्ता संस्थाले एनआरएनलाई विश्वास गरेका छन्।

## ६) ज्ञान, सीप र नवप्रवर्द्धनका लागि एनआरएनए (NRNA for skill, knowledge and innovation)

गैरआवासीय नेपालीले आर्जन गरेको ज्ञान, सीप र प्रविधि भित्रायाउने वातावरण तयार गर्न एउटा छुट्टै विभागको

गठन गरिएको छ । तर, एनआरएनएको आन्तरिक राजनीति, निर्वाचनमा देखिने खिचातानीले पेसागत व्यक्तीहरू विकर्षित भएका छन् । अतः पेसागत र विज्ञहरूलाई संघमा समेट्न भौगोलिक सीमा बिनाको ‘Professional Academic Council (PCC)’ बनाउनुपर्छ र यसले राष्ट्रिय समन्वय परिषद्ले जस्तै स्वायत्त भएर काम गर्न पाउनुपर्छ । अहिले सञ्चालनमा रहेका NRNA Academy, NRN Science Foundation, Skill Knowledge and Innovation Committee, Nepal Library Foundation र प्राविधिक समितिहरूलाई यसै विभागमार्फत प्रभावकारी किसिमले सञ्चाल गर्न सकिन्छ।

विदेश र स्वदेशका विज्ञहरूलाई देश निर्माणको लागि विचारको मन्चन गर्ने हेतरुले प्रत्येक दुई वर्ष नेपाल सरकारको सहकार्यमा NRN Global Knowledge Convention को आयोजना गरिन्छ। तेस्रो ज्ञान सम्मेलन यही अक्टोबर मा काठमाडौंमा हुँदैछ । नेपाल सरकार, नेपाली विश्वविद्यालयहरू, अनुसन्धान केन्द्रहरू, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, र नेपालभित्र र बाहिर रहेका पेसागत संस्थाहरूसँग सहकार्य गर्दै यस सम्मेलनको क्षेत्रलाई अझ बढी फराकिलो बनाइनुपर्छ । यस्ता कार्यक्रमहरूमार्फत नेपालमा ज्ञान र सीपमा आधारित अर्थतन्त्र (knowledge–based economy) को विकासका लागि गैरआवासीय नेपालीलाई उत्प्रेरित गर्न सकिनेछ। नेपाल सरकारको नीति तथा योजना निर्माणतहमा गैरआवासीय नेपालीको सहभागिता भएमा विदेशको अनुभव सिधै कार्यान्वयन तहमा पुऱ्याउन मद्दत मिल्नेछ। नेपाल सरकारले सुरु गरेको Brain Gain Centre र संघले आइएमओसँग गरेको skill mapping प्रोग्रामलाई बिस्तार गर्दै दक्ष र विज्ञ गैरआवासीय नेपाली र नेपाल फर्केका गैरआवासीय नेपालीको विवरण तयार गरी राष्ट्रलाई चाहिने जनशक्ति परिचान र उपभोग गर्न सकिन्छ।

### ७) उत्तरदायी र पारदर्शी एनआरएनए (Accountable and transparent NRNA)

गैरआवासीय नेपाली संघका पदाधिकारीहरूलाई संघका सदस्यप्रति उत्तरदायी बनाउन वैधानिक व्यवस्था गरिनुपर्छ । संघको निर्वाचनलाई मर्यादित र मितव्ययी बनाउन साथै आर्थिक पारदर्शिताका कायम गर्न जरुरी छ। आम गैरआवासीय नेपाली र एनसीसीका आवाज सुन्ने र सम्बोधन गर्ने व्यवस्था गरिनुपर्छ। पदाधिकारीहरू संघका सदस्यप्रति उत्तरदायी रहनुका साथै उच्च आचरण कायम राख्नु जरुरी छ । संघको गरिमा विशुद्ध गैरराजनीतिक सामाजिक संस्थाको रुपमा कायम राख्नुपर्छ।

### ८) नेपाल सरकारको साझेदार एनआरएनए (Nepal Government Partner NRNA)

गैरआवासीय नेपालीको मानव स्रोत साधन बढ्दो छ। एनआरएलाई लगानीसँग मात्र नहेरेर उनीहरूले साधन स्रोत र नेटवर्कबाट सरकारले नेपालको विकासमा साझेदारी गर्न सक्नुपर्छ। सीमिति साधन स्रोतका कारण सरकार विश्वभरका नेपालीसँग पुग्न सक्दैन। सरकारको अभावको पूर्ति गैरआवासीय नेपालीले गर्न सक्छन्। संघले कोरोना पीडित गैरआवासीय नेपालीलाई उद्धार गर्न ५० देशका ३०० भन्दा बढी सहरमा २५०० भन्दा बढी स्वयंसेवक परिचालन गरेर यसको ताजा उदाहरण प्रस्तुत गरेको छ। कूटनीतिक र प्रशासनिक झन्झटका कारणले नेपाल सरकारले गर्न नसक्ने काम एनआरएनले गर्न सक्छन्। उदाहरणका लागि भारतले लगाएको नाकाबन्दी र सीमा विवादमा एनआरएनएले संसारभरका भारतीय दूतावासमार्फत दबाब दिएका थिए। भने मोदीको लन्डन र न्युयोर्क भ्रमणमा उनको कदमको विरुद्ध प्रदर्शन गरेका थिए । एनआरएनएले कोभिडमा रातारात अक्सिजन सिलिन्डर र अक्सिजन कन्सन्ट्रेसन नेपाल भित्र्याउन सफल भएको थियो, जुन कुरा प्रसाशनिक कारणले नेपाल सरकारलाई सजिलो थिएन।

### ९) एनआरएनका लागि एनआरएन (For NRN By NRN)

गैरआवासीय नेपाली समुदायसँग हाल जोडिएका विषयहरू (सामाजिक सुरक्षाकोष, श्रमिक समस्या, नागरिकता, सम्पत्ति अधिकार, नेपालको आम निर्वाचनमा विदेशबाट मतदान, विद्यार्थीका समस्या, दोहोरो कर प्रणाली, पुर्वगोर्खा सैनिकको अधिकार, नेपालीभाषी समुदायको सामिप्यता आदि) मा पैरवी गर्न सबै गैरआवासीय नेपालीहरुको साझा धारण हुन जरुरी छ। समय क्रम सँगै नयाँ समस्याहरु पनि उब्जिदै जाने छन। एक क्षेत्रमा बसोबास गर्नेले अर्को क्षेत्रमा बस्ने

गैरआवासीय नेपालीहरूको समस्यालाई आफ्नै समस्याको रुपमा लिन जरुरी छ। साधन र श्रोतको अभावको कारणले सरकार पुग्न नसक्ने देशहरुमा एकले अर्कालाई सहयोगको झन धेरै आवाश्यक छ र त्यस्ता देशहरुमा एनआएनए बढि केन्द्रित हुन जरुरी छ।

सारांशमा, स्थापना कालमा भन्दा गैरआवासीय नेपालीको अवस्था र आवश्यकता फरक छ। नेपाल बाहिर र भित्रको नेपालीको डेमोग्राफी परिवर्तन भएको छ। विद्यार्थीहरू र वैदेशिक रोजगारमा जाने नेपालीको संख्या झन् बढ्ने क्रममा भएकाले नेपाल भित्रभन्दा बाहिर बस्ने नेपालीलाई सयहोगको खाँचो बढ्दो छ। अतः बदलिएको परिस्थितिमा एनआरएनएले अर्थपूर्ण प्रस्थान गर्न जरुरी छ।

**(शर्मा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का उपाध्यक्ष हुन्)**

# त्यो हजारे अभियान, यो सामाजिक सुरक्षा

**एनआरएनए ओमानबाट सुरु भएको अभियानलाई आईसीसीको एजेन्डा बनाउन सफल भइयो । कर्मचारी सञ्चय कोषसँग एनआरएनएले २०१७ मा सम्झौता गरेर यो अभियान सफल बनाउने कार्यमा एउटा ईंटा थपेर अगाडि बढिरहयौं । अन्तत: यो अभियानले सार्थकता पाएको छ ।**





**डीबी क्षेत्री**

नेपाल सरकारले विदेशमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा समेट्न थाल्दा आम वैदेशिक रोजगारमा रहेका नेपालीमा खुसी छाएको छ । म आफैं वैदेशिक रोजगारमा रहँदै गर्दा आएको सोच आज कार्यान्वयनमा पुग्दा म मात्र होइन लाखौं विदेशमा रहेका नेपालीमा खुसी छाउनु स्वाभाविक हो। वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारलाई सामाजिक सुरक्षाको सुनिश्चित हुनुपर्छ भन्दै एक दशकदेखि निरन्तर पहलकदमीको प्रतिफल मिलेको अनुभूति भएको छ।

गैरआवासीय नेपाली संघ ओमानले सुरुवाती समयमा उठाएको मुद्दाले आज मूर्तरूप लिएको छ। हामीले सन् २०१३ मा नै 'हजारे अभियान' भनेर एनआरएनए ओमानमार्फत एनआरएनए आईसीसी तथा सरकारसँग लविङ सुरु गरेका थियौं । यो हामीले बौद्धिकताले सुरु गरिएको अभियान पक्कै थिएन । ग्राउन्डमा बसेर र अनुभव संगाल्दै वैदेशिक रोजगारमा रहेकाको भविष्यका लागि थालिएको अभियान थियो। यो अभियान बुझाउनका लागि हामीले १०/१२ वर्षमा नधाएका कुनै ढोका छैनन् अनि नभेटेको र ज्ञापन तथा कन्सेप्ट पेपर नबुझाएको कसैलाई छैन । यो अभियान सफल बनाउनका लागि विभिन्न राजनीतिक दलका नेता तथा प्रधानमन्त्रीलाई

ज्ञापनपत्र बुझाएका छौं ।

एनआरएनए ओमानको नेतृत्व गरिरहँदा ओमानमा नेपाली दूतावास थिएन । ओमानमा अंगभंग भएका, समस्यामा परेका दाजुभाइ-दिदीबहिनीलाई चन्दा दिएर एयरपोर्टमा छोड्दै गर्दा नेपाल पुगेपछिको अवस्था के होला ? चिन्ता थपिन्थ्यो । ह्वील चियरमा बिरामीलाई नेपाल पठाउँदा उनीहरूको भविष्यको चिन्ताले पिरल्थ्यो । नेपालमा सामाजिक सुरक्षा भए त कमसेकम नेपाल गएर अपमानित जीवन बाँच्नुपर्दैन अनि आफ्नो भविष्यका लागि कसैको हात थाप्नु पर्दैथ्यो भन्ने लाग्थ्यो ।

एनआरएनए ओमानबाट सुरु भएको अभियानलाई आईसीसीको एजेन्डा बनाउन सफल भइयो । कर्मचारी सञ्चय कोषसँग एनआरएनएले २०१७ मा सम्झौता गरेर यो अभियान सफल बनाउने कार्यमा एउटा इँटा थपेर अगाडि बढिरह्यौं । अन्ततः यो अभियानले सार्थकता पाएको छ। यसमा धेरैले साथ र सहयोग गर्नुभएको छ ।

सामाजिक सुरक्षा योजना सरकारको कार्यक्रम हो । सरकार भनेको हामी सबैको हो। अहिले कार्यान्वयन हुँदै गर्दाका चुनौतीहरू पनि नभएका होइनन्। यसको सफल कार्यान्वयनका लागि सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्छ। एनआरएनएले आफ्नो ठाउँबाट सक्दो सहयोग गरेर यसको कार्यान्वयनमा साथ पक्कै दिनुपर्ने छ । यो अभियानमा वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवारको मुख्य भूमिका हुनुपर्छ । पैसा पठाएपछि तोकिएको शुल्क भने कोषमा बचत गरिदिनुपर्छ। यसबारे कोषले प्रचार-प्रसार भने निकै गर्नुपर्छ। स्थानीय सरकार, राजनैतिक दल तथा सरोकारवाला सबैको सहकार्य आवश्यक छ । कोषले सुबिधाहरू पनि परिमार्जन र थप आकर्षित गर्दै जानुपर्छ । अझ म त भन्छु श्रम स्वीकृति दिनका लागि एक महिनाको योगदानबाट नै सुविधा दिइन थाल्नुपर्छ। अहिले योगदान गरेको नौ महिनासम्म पर्खनु नपरोस्। सबैभन्दा ठूलो कोषप्रति विश्वास दिलाउनुपर्छ।

अर्कोतर्फ नेपालले सामाजिक सुरक्षाको व्यवस्थासहितको श्रम सम्झौता गर्न सकेको छैन, न त करारपत्र प्रमाणीकरण गर्ने बेलामा नै हेरेको छ। करार पत्रमा तलब, ओभरटाइम, खाना र बसाइको कुरा गर्छौं । अब भने सरकारले करारपत्रमा नै नेपालमा सामाजिक सुरक्षाका लागि कामदारले बुझाउनुपर्ने रकम पनि दाबी गर्नुपर्छ। हामीले माग्यौ भने रोजगारदाताहरूले दिन्छन् भन्ने मलाई विश्वास छ। यसमा सामान्य पहलले पुग्दैन।

म विश्वस्त छु, विदेशमा बस्ने नेपालीले बुझ्नेबित्तिकै तुरुन्त यो योजनामा आबद्ध हुन्छन् र केही वर्षभित्रै शतप्रतिशत लागू हुनेछ । यसैमा भविष्य सुरक्षित हुन्छ भन्ने सबैले बुझ्ने छन् । अहिले सुरुवाती अवस्थामा धेरैलाई जानकारी नहुन् सक्छ तर यसको दुरगामी फाइदा छ। १० डलर भित्रको खर्चले सामाजिक सुरक्षामा समेट्दै राष्ट्रिय गौरबका आयोजनामा लगाएर सेयर होल्डर बनाउने हाम्रो खास माग हो। त्यसमा निरन्तर लागिरहन्छौं। १० डलर पनि श्रमिकले तिर्नु नपर्ने अवस्थामा हामी लागेका छौं । श्रम सम्झौता गर्दै वा मागपत्र आउँदै रोजगारदाताले नै पारिश्रमिक तथा सामाजिक सुरक्षाको रुपैयाँ कम्पनीले बेहोर्ने वातावरण भयो भने मात्र श्रमिकलाई धेरै राहत हुन्छ। श्रमिक आफैंले पैसा नतिरी उसको नाममा सामाजिक सुरक्षामा जम्मा हुन थाल्यो चै श्रमिकलाई भार पर्ने थिएन।

अब श्रम सम्झौता गर्दै, मागपत्र प्रमाणीकरण गर्दै गन्तव्य मुलुकले दिने सामाजिक सुरक्षा कामदारको खातामा आउने बनाउनुपर्छ। जहाँ नेपाली पुग्छ, त्यहाँ सामाजिक सुरक्षाको पैसा रोजगारदाताले बेहोरिदेयोस् भन्ने माग हो। पहिला हाम्रो सिस्टम नै थिएन, अब यो सिस्टममा समेट्न सजिलो हुन्छ। सामाजिक सुरक्षा कोषका स्किमहरू अझै पर्याप्त छैनन्, धेरै सुधार गर्नुपर्ने आवश्यकता छ।

अहिले रेमिट्यान्स वैधानिक रूपमा आउन सकिरहेको छैन। विभिन्न कारणले हुण्डीको कारोबार फस्टाइरहेको देखिन्छ । हुण्डीबाट पैसा पठाउँदा तस्करी र नराम्रो मान्छेको हातमा पुग्न सक्छ भन्ने बुझाउन सकेका छैनौं अब देशको अर्थतन्त्र अझ चलायमान बनाउन हुण्डीलाई निरुत्साहित बनाउने अभियान चलाउनुपर्छ । रेमिट्यान्स कम्पनीले पैसा ल्याउँदा केही पैसा जसले पठाउँछ, उसको सामाजिक सुरक्षामा योगदान गर्नुपर्छ । यसो भयो भने अर्बौं रकम जम्मा हुन्छ। अन्ततः सामाजिक सुरक्षा एकद्वार प्रणालीमा जान्छ । अब हामी कार्यान्वयन गराउन दत्तचित्त भएर लाग्नैपर्छ।

**(क्षेत्री एनआरएनएका उपाध्यक्ष तथा सरकारद्वारा गठित सामाजिक सुरक्षा कार्यदलका सदस्य हुन्।)**

# एनआरएनए अभियानमा मध्यपूर्व

## रेमिट्यान्सको उपभोगबाट उत्पादनमा लगाउनुपर्ने नीति



**एनआरएनएको अबको कामलाई सामाजिकसँगै आर्थिक एजेन्डासँग जोड्ने र देशको विकासमा सहयोगी बनाउने अहिलेको आवश्यकता हो । पछिल्ला वर्षमा चुनावले गर्दा एनआरएनएले गरेका राम्रा कामसमेत ओझेलमा परेका थिए । सरकारले गैरआवासीय नेपालीले विदेशमा सिकेको सीप, पुँजी र प्रविधि ल्याउन प्रोत्साहनका कार्यक्रम अघि सार्न सक्नुपर्छ । तब मात्रै मुलुक समृद्ध बनाउन सकिन्छ ।**

**राजेन्द्रकुमार (आरके) शर्मा**

सन् २००३ मा रुसको मस्कोबाट सुरु भई कतार हुँदै विदेशमा बस्ने नेपालीलाई जोड्ने गरी सुरु भएको गैरआवासीय नेपाली संघ (एनआरएनए) अभियान यतिबेला विश्वका ८० भन्दा बढी देशमा बस्ने नेपालीलाई एक सूत्रमा जोड्न सफल भएको छ। फलस्वरूप विदेशमा बस्ने नेपालीको आस्थाको धरोहरका रूपमा एनआरएनए चिनिएको छ। 'नेपालीका लागि नेपाली' नाराका साथ सुरु भएको अभियानले अहिलेसम्म पनि उक्त अभियानको मर्मलाई आत्मसात गर्दै निरन्तर अघि बढ्न पनि सफल भएको छ।

सोही अभियानको निरन्तरता स्वरूप गैरआवासीय नेपालीहरूले मुलुकको अर्थतन्त्रमा कुनै न कुनै योगदान गर्दै आएका छन्। चाहे त्यो विभिन्न उद्योग तथा विकास निर्माणका आयोजनामा लगानीका रूपमा पुँजी, सीप र प्रविधि होस् वा रेमिटचान्सका रूपमा विदेशी मुद्रा पठाएर होस्, आफ्नो भूमिका यथास्थानबाट निर्वाह गरिरहेका छन् । साथै मुलुकको पर्यटन क्षेत्रको विकासका लागि प्रचार-प्रसारमा पनि क्रियाशील छन्। त्यति मात्रै होइन, विश्वका विभिन्न देशमा दूतका रूपमा मुलुकको संस्कृति, इतिहास र भाषालाई बिस्तार गर्दै संरक्षणमा पनि योगदान

पुऱ्याइरहेका छन्।

मुलुकको अर्थतन्त्र विदेशमा बस्ने नेपालीले पठाउने रेमिटचान्सकै कारण चलेको छभन्दा अत्युक्ति नहोला। नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षमा १२ खर्ब २२ अर्ब ५० करोड रुपैयाँ बराबरको रेमिटचान्स भित्रिएको थियो। जुन मुलुकको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को करिब २३ प्रतिशत हो। रेमिटचान्सबाट आउने पैसाले नै देशको अर्थतन्त्र चलायमान हुन्छ। यो आधारमा हेर्दा नेपालको अर्थतन्त्र रेमिटचान्सबाट विदेशी मुद्रा भित्र्ने र सो मुद्राले आन्तरिक बजारमा माग सिर्जना गरेर आयातमा आधारित भएर चल्ने गरेको छ।

कुनै पनि मुलुकलाई रेमिटचान्सका रूपमै भए पनि विदेशी मुद्रा जति आवश्यक हुन्छ त्यति नै आवश्यक आन्तरिक उत्पादन पनि जरुरी हुन्छ। अधिकांश गाउँ रेमिटचान्समा निर्भर हुन थालेपछि धान, मकै, गहुँ, तोरी र दालहन उत्पादन हुने खेतीयोग्य जमिन बाँझिन थाले भने यसले खाद्यान्नलगायतको आयात बढाएको छ। तथ्यांकअनुसार प्रत्येक वर्ष ५० अर्ब रुपैयाँ बराबरको चामल र २० अर्ब रुपैयाँ बराबरको तरकारी फलफूल आयात हुने थालेको छ।

तर, अब सरकारले विदेशमा श्रमको नयाँ गन्तव्य खोज्नेतर्फ भन्दा पनि जनशक्ति स्वदेशमै रोक्ने र बिदेसिएका जनशक्तिमाथि लगानी गर्ने वातावरण बनाउनु आवश्यक छ। पछिल्लो कृषि गणनाअनुसार अस्थायी बाँझो जग्गा दोब्बरले बढेको देखिएको छ। कृषि गणना २०६८ मा ३० हजार हेक्टर अस्थायी बाँझो जग्गा भएकोमा अहिले त्यो बढेर ६० हजार हेक्टर पुगेको छ।

अहिले नै रेमिटचान्सको विकल्प नभए पनि यसको विकल्प खोज्न ढिला भने भइसकेको अवस्था छ। विदेशमा गएमा नेपालीको संख्या हेर्दा वार्षिक २० खर्ब रुपैयाँ रेमिटचान्स वैधानिक माध्यमबाट भित्र्नुपर्ने देखिन्छ तर हाल त्यसको ५५ प्रतिशतको हाराहारीमा मात्रै रेमिटचान्स भित्रिने गरेको छ। यसको अर्थ हो, अझै पनि अवैधानिक प्रणालीबाट ठूलो रकम भित्रिरहेको छ।

रेमिटचान्सलाई पूर्णरूपमा वैधानिक प्रणालीमार्फत नेपाल ल्याउनका लागि पठाउनेलाई प्रोत्साहन गर्न तथा यो रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न आवश्यक देखिन्छ। र, यसका लागि एक स्वायत्त प्राधिकरण गठन गर्नु आवश्यक छ। वैधानिक तरिकाले रेमिटचान्स पठाउनेलाई सरकारले दुई प्रतिशत प्रोत्साहन रकम दिने र सो रकम प्राधिकरणमा लगाउनुपर्छ। उक्त रकममा रेमिटचान्सको १० प्रतिशत लगानी गर्दा मात्रै पनि प्रत्येक वर्ष एक खर्ब रुपैयाँ बराबरको स्रोत जुट्छ। श्रमिकले पठाएको ससाना टिकटका विप्रेषणलाई एकीकृत गरेर गठन भएको स्वायत्त प्राधिकरणमार्फत क्लीन इनर्जी तथा राष्ट्रिय गौरवका आयोजनामा सुनिश्चित प्रतिफलसहितको लगानी गर्न सकिन्छ।

यसरी संकलित रकमले राष्ट्रिय गौरवका आयोजनामा लगानी गर्दै आयात न्यूनीकरण गरी निर्यात बढाउन सकिन्छ। वैदेशिक रोजगारीमा रहेका नेपालीको सामूहिक लगानी क्लिन इनर्जी र हाइड्रोमा लगानी गरी क्रमशः एलपी ग्याँस र इन्धनको आयात न्यूनीकरण गर्न सकिन्छ। र, त्यसका लागि नेपालमा प्रशस्त सम्भावना पनि औंल्याइसकिएको छ।

गैरआवासीय नेपाली संघले हालसम्म संस्थागत रूपमा सामाजिक काममा गरिरहेकोमा अब त्यसलाई निरन्तरता दिँदै मुलुकको आर्थिक क्रान्तिमा जोड दिन सक्नुपर्छ। यसका लागि स-सानो पुँजी एकीकृत गरी बन्ने सामूहिक लगानी कोष विकल्प बन्न सक्छन्। यसले आजका दिनमा लगानी खोज्न विदेशी दातृनिकाय खोज्नुपर्दैन। हामीहरूले पठाएको रेमिटचान्स नै पर्याप्त हुन जान्छ। तर, यसका लागि न्यूनतम प्रतिफल दिने प्रतिबद्धतासहितको प्राधिकरण गठनमा सरकार तयार हुनुपर्छ।

नेपालको विद्युत् उत्पादन क्षमता ४२ हजार मेगावाट भए पनि हालसम्म जम्मा दुई हजार आठ सय मेगावाट बिजुली मात्र उत्पादन भएको अवस्था छ। यस अर्थमा विद्युत्को क्षेत्रमा ठूलो लगानी अझै आवश्यक छ। विद्युत् आयोजनामा स्रोत जुटाउन सकिने हुँदा खाना पकाउन एलपी ग्याँसको आयातका लागि खर्च प्रत्येक वर्ष विदेश गइरहेको ५० अर्ब रुपैयाँ जोगाउन सकिन्छ।

पछिल्लो समय सरकारले विदेशमा बस्ने नेपालीलाई सामाजिक सुरक्षा कोषमा पनि आबद्ध गराएको छ। यो वैदेशिक श्रमिकका लागि निकै राम्रो हो। तर, यसलाई अझ श्रमिकमैत्री बनाउन आवश्यक सकिने आधारहरू

छन् । यसबाहेक कम्पनीहरूको आइपीओमा १० प्रतिशत आरक्षण प्राप्त भएको छ । यसले सानो रकमलाई बचत गर्नलाई प्रोत्साहन गरेको छ।

पछिल्लो समय गैरआवासीय नेपालीहरूले उठाएका माग सम्बोधन भएका छन् । मुख्य रूपमा गैरआवासीय नागरिकता पाउनका लागि बाटो खुलेको छ । यससम्बन्धी विधेयक प्रमाणीकरण भएको छ । विदेशमा बस्ने नेपालीलाई विदेशमा नै मताधिकार प्रयोग गर्न दिन सरकारले यो वर्ष सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा घोषणा नै गरेको छ।

## एनआरएनएमा मध्यपूर्वको भूमिका

गैरआवासीय नेपाली अभियानमा महत्वपूर्ण योगदान मध्यपूर्वमा बस्ने नेपालीको पनि छ। रसियापछि दोस्रोमा एनसीसी कतारमा खुलेको थियो । विगतमा नेपालमा आएको भूकम्प, पहिरो तथा कोरोना महामारीको समयमा मध्यपूर्वमा बस्ने नेपालीले निकै ठूलो सहयोग गरेको यथार्थ हामीसामू स्पष्ट छ । मध्यपूर्वमा बस्ने नेपालीको समस्या अन्यत्रको भन्दा फरक छ । यहाँका नेपालीलाई आवश्यक कानुनी सेवा दूतावासले निःशुल्क दिनुपर्ने हुन्छ भने रोजगारीका क्रममा यहाँ आएर पूर्ण शारीरिक रूपमा अशक्त भएर फर्केका तथा परिवारलाईलाई राहत स्वरूप कम्तीमा ५० लाख रुपैयाँ कम्तीमा दिनुपर्ने तथा उनीहरूका आश्रित परिवारलाई रोजगारी तथा उद्यमका अवसरहरू सहजीकरण गर्न आवश्यक छ।

मध्यपूर्वका माग तथा मुद्दालाई अक्षरशः कार्यान्वयनमा ल्याउनका लागि हाम्रो खबरदारी निरन्तर जारी रहने छ। नेपालीलाई जोड्ने अभियान भए पनि पछिल्लो समय एनआरएनएभित्र नेतृत्व चयनमा विवाद पनि देखियो । केही समूहको सीमित घेराभित्रैबाट नेतृत्व छान्ने खेलले मध्यपूर्वका एजेन्डा प्राथमिकता नपरेको सत्य हो । एनआरएनएको नेतृत्वको इतिहासलाई हेर्दा मध्यपूर्वले अहिलेसम्म नेतृत्व पाउन सकेको छैन । सर्वसम्मत एनआरएनएको नेतृत्व मध्यपूर्वले पाउनु पर्छ भन्ने उठ्नु स्वाभाविक पनि हो।

पछिल्लो महाधिवेशनमा हामीले गरेको कमीकमजोरीलाई सबैले आ-आफ्नो ठाउँबाट आत्मसमीक्षा गरी मतभेदलाई छलफलमार्फत समाधान गर्नुपर्छ। एकताबाट मात्र हाम्रा एजेन्डा पूरा गर्न सक्छौं। संघको हितका लागि सबैले एक कदम पछाडि हटेर सहमति र सहकार्यमा आउनु नै अहिलेको आवश्यकता बनेको छ । त्यसैले अब हुने महाधिवेशनलाई एकताको महाधिवेशनका रूपमा स्थापित गरी हाम्रो पवित्र संस्थालाई एक सूत्रमा बाँधेर समृद्ध नेपाल बनाउने अभियानमा सारथी बन्नुपर्ने आवश्यक्ता छ।

## अबको बाटो

एनआरएनएको अबको कामलाई सामाजिकसँगै आर्थिक एजेन्डासँग जोड्ने र देशको विकासमा सहयोगी बनाउने अहिलेको आवश्यकता हो। पछिल्ला वर्षमा चुनावले गर्दा एनआरएनएले गरेका राम्रा कामसमेत ओझेलमा परेका थिए । सर्वसम्मत रूपमा नेतृत्व चयन गर्ने, सानो लगानीलाई सामूहिक लगानी कोषजस्ता उपकरणबाट देश विकासमा लगानी गर्ने काममा अगाडि बढ्नुपर्छ । सरकारले गैरआवासीय नेपालीले विदेशमा सिकेको सीप, पुँजी र प्रविधि ल्याउन प्रोत्साहनका कार्यक्रम अघि सार्न सक्नुपर्छ। तब मात्रै मुलुक समृद्ध बनाउन सकिन्छ।

**(एनआरएनएका उपाध्यक्ष शर्मा कतारमा बसोबास गर्छन्।)**

# एनआरएनए अभियानमा हामी महिला





**महिलाका पक्षमा पैरवी गर्न कम चुनौतीपूर्ण छैन । तर, पनि महिला हक हितमा हामीले नबोलेर कसले बोल्ने ? हामी मिलेर धेरै गर्न सक्छौं । महिलालाई काम गर्न गाह्रो छ भनिन्छ । तर, मलाई त्यस्तो लाग्दैन । काम गर्ने महिलालाई गाह्रो छैन, यो मेरो अनुभूति हो ।**

**यासमिन बेगम सैयद**

विश्वभर देश बाहिर छरिएर रहेका नेपालीहरूलाई एउटै छातामुनि समेट्ने प्रयास स्वरूप २००३ मा संघका संस्थापक डाक्टर उपेन्द्र महतोको पहलमा स्थापित संस्था आज २०२३ सम्म आइपुग्दा विश्वमा ८६ राष्ट्रमा फैलिसकेको छ।

विशुद्ध रूपमा संसारभर छरिएर रहेका नेपालीहरूलाई एकताबद्ध गर्ने सोंच अनुरूप स्थापित भएको यस संस्थामा विगतदेखि हालसम्मको परिवेशलाई नियालेर हेर्ने हो वा अझै त्यसमा पनि महिला नेतृत्वको कुरा गर्ने हो परिवर्तन उल्लेख्य छ।

हिजोको दिनमा एनसीसी तथा आईसीसीका पदहरूमा महिला संयोजक मात्रको उपस्थिति देखिन्थ्यो त्यो पनि स्वतःस्फूर्त होइन। तर, आज संस्थालाई महिला अध्यक्षले नै नेतृत्व गरेको ऐतिहासिक उदाहरण छ। एनआरएनएले आफ्नो विधानमार्फत महिला र युवालाई समेटेर लैजान समावेशिताका केही नयाँ अवधारणा ल्याएको छ।

एनआरएनएमा महिला सहभागिता बढ्दै गएको छ । महिलाका हकमा दुई उपाध्यक्ष, दुई सचिव, दुई सह-कोषाध्यक्ष, दुई संयोजक, हरेक क्षेत्रमा एक/एक संयोजक/सह-संयोजक पद बनाइएका छन्। एनआरएनए महिला फोरम महिला सशक्तीकरण, नेतृत्व विकास, समृद्धि लगायतका लागि गठन भएको हो । स्थापनाकालदेखि जोडिनु भएका महिला नेतृहरूको संस्थागत योगदानबाट प्रेरित हुँदै आज धेरै जना महिला आबद्ध छन्। नेपालको संविधानले हरेक क्षेत्रमा महिला ३३

प्रतिशत अनिवार्यको व्यवस्था गरेको छ । तर, एनआरएनएमा २० प्रतिशत मात्र महिलाको सहभागिता पुगेको छ' यसलाई ५० पुऱ्याउने हाम्रो लक्ष्य छ।

तर अझै, कतिपय दिदी बहिनी पदमा आउन चाहन्नन्। यसमा उनीहरूका आफ्ना बाध्यता पनि होलान् । घरपरिवारलाई समय दिनुपर्ने, विदेशमा नियमित काम गर्नुपर्ने भएकाले पनि उनीहरू अभियानमा समेटिन सकिरहेका छैनन्। त्यही कतिपयले व्यस्तताका बाबजुद पनि संस्थामा सक्रिय भूमिका निर्वाह गरिरहेका छन्, जुन प्रशंसा योग्य छ।

२००७ सालमा साउदी अरबमा गठन भएको राष्ट्रिय समन्वयपरिषद् मार्फत एक साधारण सदस्यको रूपमा भित्रिएकी म, आज संस्थागत विभिन्न जिम्मेवारीलाई बहन गर्न सक्षम भएकी छु । पदमोहबाट पर रहेर पनि संस्थासँग जोडिन सकिन्छ र संस्थाले दिएको जिम्मेवारीहरूलाई पूर्णरूपमा सम्पन्न गर्नको लागि पदको नै आवश्यकता पर्दैन भन्ने मेरो बुझाइ छ। संघले दिएको हरेक जिम्मेवारीहरूलाई बहन गर्न पछि नहट्ने बानीले नै म यस एनआरएनए अभियान टिकिरहेको भान हुन्छ।

महिला पदाधिकारीहरूको उपस्थितिले संस्थागत भूमिकालाई सकारात्मक ऊर्जा प्रदान गरेको छ। निस्वार्थ रूपमा संस्थाको हितको निमित्त संघले दिएका हरेक जिम्मेवारीलाई पूर्ण गर्ने क्षमताको विकास गर्न सके हरेक महिलाले नेतृत्व तहसम्म पुग्न सक्नेमा दुईमत छैन।

संस्थाभित्र महिलाहरूको आवश्यकता आजको अनिवार्य अपरिहार्यता हो। महिलाका लागि काम गर्न महिला स्वयम् निर्णायक तहमा हुनुपर्छ । तर, त्यो अवस्था अझै बनिसकेको छैन । यस्तो अवस्थालाई बदल्न हामी आफैं जागरुक बन्नु जरुरी छ।

प्रवासमा रहेका श्रमिक तथा महिलाका समस्या र हक हितमा निरन्तर आवाज उठाउन हामी चुक्नुहुन्न। हुन त, महिलाका पक्षमा पैरवी गर्न कम चुनौतीपूर्ण छैन, तर पनि महिला हक हितमा हामीले नबोलेर कसले बोल्ने ? हामी मिलेर धेरै गर्न सक्छौं । महिलालाई काम गर्न गाह्रो छ भनिन्छ। तर, मलाई त्यस्तो लाग्दैन। काम गर्ने महिलालाई गाह्रो छैन, यो मेरो अनुभूति हो।

# एनआरएनए निर्वाचन प्रक्रियामा रूपान्तरण

**गैरआवासीय नेपाली संघको फस्टाउँदो सञ्जाल र बढ्दो वैदेशिक रोजगारीमा गएका नेपालीहरुलाई एउटै छातामुनि ल्याउने वैज्ञानिक र उत्कृष्ट व्यवस्था नै संस्थालाई प्रविधियुक्त बनाउनु हो । संघको ११ औं महाधिवेशनबाट चुनिएको नयाँ नेतृत्वले संस्थालाई प्रविधिको युगको बाटोमा लैजानुको विकल्प छैन ।**

नीतिगत रुपमा संघ प्रत्यक्ष पञ्जीकृत सदस्यहरुको मतबाट नयाँ नेतृत्व चयन गर्ने पक्षमा उभिए पनि त्यसलाई वैधानिकता दिन भने बाँकी नै छ । यो बहस चलिरहँदा धेरै जनसंख्या वा सदस्यहरु भएको देशले सबै नेतृत्व लिन सक्ने आशंका भएपछि अमेरिकन निर्वाचन प्रणाली जान सकिने कतिपयको तर्क रहेको छ ।




**रोशन थापा**

गैरआवासीय नेपाली संघको अभियानले दुई दशक पूरा गरेको छ। नेपालको समृद्ध सपना बोकेर नेपालीका लागि नेपाली भन्ने मूलमन्त्रका साथ सुरु भएको विश्व सञ्जाल अहिले दरिलो खम्बाका रूपमा संघ स्थापना भएको छ। गैरआवासीय नेपाली संघको ११ औं महाधिवेशनको संघारमा आइपुग्दा यस संस्थाले अबलम्बन गरेको निर्वाचन प्रणालीबारे बहस सुरु भएको छ।

संघभित्र अहिले महाधिवेशन प्रतिनिधिहरूले नेतृत्व चयन गर्ने वा प्रत्यक्ष पञ्जीकृत सदस्यहरूले गर्ने दोहोरो बहस सुरु भएको छ। नीतिगत रूपमा संघ प्रत्यक्ष पञ्जीकृत सदस्यहरूको मतबाट नयाँ नेतृत्व चयन गर्ने पक्षमा उभिए पनि त्यसलाई वैधानिकता दिन भने बाँकी नै छ। यो बहस चलिरहँदा धेरै जनसंख्या वा सदस्यहरू भएको देशले सबै नेतृत्व लिन सक्ने आशंका भएपछि अमेरिकन निर्वाचन प्रणाली जान सकिने कतिपयको तर्क रहेको छ। इलेक्टोरल कलेज संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिको

अप्रत्यक्ष लोकप्रिय चुनावको एक विधि हो । विशिष्ट उम्मेदवारलाई मतदान गर्नुको सट्टा, अप्रत्यक्ष लोकप्रिय चुनावमा मतदाताहरूले विशिष्ट उम्मेदवारलाई मतदान गर्ने गरेका व्यक्तिहरूको प्यानल चयन गर्छन् । यो एक लोकप्रिय चुनावको विपरीत हो जहाँ व्यक्तिगत उम्मेदवारलाई भोट दिइन्छ । उदाहरणका लागि, एक राष्ट्रपति चुनावमा, मतदाताहरूले आफ्नो मतलाई इलेक्टोरल कलेजमा प्रतिनिधित्व गर्नका लागि प्रतिनिधिहरू चुन्छन्, न कि व्यक्तिगत राष्ट्रपतिको उम्मेदवारका लागि।

यो जनसंख्याका आधारमा तय गरिएको हुन्छ। जनसंख्या एक पाटो भए पनि मौजुदा विधानले गरेको व्यवस्था भनेको भूगोल केन्द्रित व्यवस्था हो । भूगोल प्रमुख र जनसंख्या दोस्रो साथै संस्थागत योगदानमा आधारित डेलिगेट्स प्रणाली हो । समग्रमा हामीले कस्तो खालको प्रणाली अवलम्बन गर्ने भन्ने विषय अब बहस र छलफलको विषयवस्तु रहेको छ।

गैरआवासीय नेपाली संघका जनसंख्यालाई आधार मान्दा ठूला राष्ट्रिय समितिहरू रहेका अमेरिका, अस्ट्रेलिया, जापान, यूके र कतारले मात्र पनि संख्याका आधारमा बहुमत ओगटेको अवस्था छ । जनसंख्याको आधारमा निर्वाचन गरे जति देशमा गैरआवासीय नेपाली संघ फैलिए पनि ठूला राष्ट्रिय समिति रहेको देशका प्रतिनिधि हावी हुने अवस्था आउँछ। जनमतलाई मात्र आधार मानेर खुल्ला निर्वाचनमा जाँदा स-साना अफ्रिका क्षेत्रलगायतका राष्ट्रिय समितिलाई अन्याय हुन्छ। खुला प्रतिस्पिर्धा हुँदा त्यहाँबाट निर्वाचन जित्ने अवस्था नै हुँदैन।

## भूगोलका आधारमा प्रतिनिधित्व

प्रजातान्त्रिक प्रक्रियामा भूगोललाई अलग राखेर निर्वाचन प्रणालीहरू अवलम्बन गरेको कतै देखिँदैन। गैरआवासीय नेपाली संघले थोरै समय र सीमित स्रोत साधनका बाबजुद यसको मुख्य आधार खम्बा भनेका राष्ट्रिय समितिहरू हुन्।

दुई दशकको समयमा गैरआवासीय नेपाली संघले यति धेरै उचाइ लिनुमा थोरै समयमा धेरै देशमा राष्ट्रिय परिषद्हरू स्थापना हुन हो । नेपाली बसोबास कम भए तापनि स-साना राष्ट्रिय समितिहरूले कतिपय ठूला राष्ट्रिय समितिहरूले भन्दा अनुपातमा धेरै नेपाल र नेपालीको हितमा सक्रिय भई उदाहरण प्रस्तुत गरेका छन्। नेपाली दूतावास नहुने देशमा यी समितिको भूमिका प्रशंसनीय छ।

गैरआवासीय नेपाली संघको विश्व सञ्जाल ८७ वटा देशमा स्थापित छ भनेर गर्व गर्छौं, यो नै हाम्रो बल हो। आगामी दिनमा अफ्रिका लगायतका देशमा अझै विस्तार हुन्छ। भूगोललाई मात्र आधार मानेर निर्वाचन प्रणालीमा जाँदा अहिले झैं युरोपका क्षेत्रले धेरै तथा अमेरिका र अष्ट्रेलिया थोरै प्रतिनिधि हुने असन्तुष्टि रहन्छ। नेपाली बसोबास धेरै भएको देशबाट थोरै प्रतिनिधि हुँदा पनि सन्तुलन नहुन सक्छ।

पछिल्लो समयमा सबै सदस्यहरूले राष्ट्रिय समितिको अध्यक्षदेखि अन्तर्राष्ट्रिय परिषद्को नेतृत्वसम्म निर्वाचनमा भाग लिन पाउनुपर्छ भन्ने आवाज बलियो हुँदै गएको छ।

## अब मतभारको आधारमा मतदान

सबै क्षेत्र भूगोल र जनसंख्याको उचित प्रतिनिधित्व हुने गरी मतभारको आधारमा सबैले मतदान गर्न पाउने व्यवस्था अब अपरिहार्य भइसक्यो। साथै अर्को तितो यथार्थ चुनावको मुखमा बनाइएको एनआरएनएलाई नचिन्ने मतदाताहरूको संख्या उल्लेख्य रहेको पाउँछौं । सदस्य, मतदाता, उम्मेद्वार र समग्र यसले लिएर आउने नेतृत्व कस्तो हुने बारेमा व्यापक छलफल हुन जरुरी छ।

दुई दशक लगाएर धेरैको मेहनतले बनेको संस्था हो गैरआवासीय नेपाली संघ। अहिलेसम्म प्राप्त उपलब्धिलाई जोगाउँदै अग्रगमनको बाटो अबको आवश्यक्ता हो। डिजिटल युगमा प्रवेश गरेको संस्थाले राष्ट्रिय समितिको चुनाव अहिलेसम्म उपलब्ध र संस्थाको बजेट भित्र रहेर नवीनतम प्रविधि प्रयोग गरी सफलतापूर्वक सम्पन्न गरिसकेको छ।

निर्वाचन प्रक्रियालाई थप विश्वासिलो बनाउँदै चुनावमा कम स्रोत र साधनको खर्च र संस्थाको मूल उद्देश्यमा धेरै ऊर्जा खपत गर्ने प्रणालीको विकास गर्दै संस्थाको धर्मराएको साखलाई सही दिशातर्फ ल्याउने मुख्य मार्गदर्शन हुनुपर्छ।

गैरआवासीय नेपाली संघको निर्वाचन प्रणालीमा प्रविधि र नयाँ पुस्ताको सहभागिताले आमूल परिवर्तन गर्न सकिन्छ त्यसका लागि संघका विश्वभर छरिएका राष्ट्रिय समितिहरूसँग सहकार्य गर्दै व्यापक छलफल गरेर सर्वमान्य निर्वाचन प्रणाली स्थापित गर्न सकिन्छ।

गैरआवासीय नेपाली संघको नेतृत्वका लागि पञ्जीकृत सदस्यहरूले नेतृत्व चयन गर्ने व्यवस्थाले वैधानिकता भएर मात्र पुग्दैन । त्यसलाई कार्यान्वयन गर्न पूर्वाधारहरूसमेत तयारी अवस्थामा राख्नुपर्ने हुन्छ। ६० लाखभन्दा बढी नेपालीहरू विदेशमा बस्दै आएका छन्।

संस्था विश्वासनीय भयो र सबैको भावनालाई सम्मान गर्न सकियो भने यो संस्थामा सदस्यहरूको संख्या लाखौंमा पुग्न सक्छ। ती लाखौंको संख्यामा रहेका मतदाताहरूलाई केन्द्रीय सदस्यता वितरण प्रणाली अर्थात् एमआईएसमा ल्याउन सकिन्छ। संघको ११ महाधिवेशनका लागि राष्ट्रिय समितिमा सफलतापूर्वक लागू भएको फेस भेरिफिकेसन प्रणाली जस्ता अन्य मतदाता सुरक्षा प्रणालीसमेत प्रयोग गर्न सकिन्छ।

पञ्जीकृत सदस्यहरूको आवेदनलाई समेत स्वचालित प्रविधिद्वारा भेरिफिकेसन गर्न सकिने प्रणालीको प्रयोग गर्नुपर्छ। त्यसो हुँदा राष्ट्रिय समितिहरूलाई कम भार पर्ने र सदस्यता वितरण प्रक्रिया विश्वसनीय तथा विवादरहित हुन्छ । एनआरएनएमा आवद्ध विश्वभरका पञ्जीकृत सदस्यहरूबाट उठाउँदै आएको सदस्यता शुल्कलाई समेत व्यवस्थित गर्नका लागि फास्ट पेमेन्ट सिस्टम (छिटोछरितो भुक्तानी सेवा) को प्रयोगका लागि संघको स्मार्ट एनआरएनए एपलाई थप व्यवस्थित बनाउन सकिन्छ।
समग्रमा गैरआवासीय नेपाली संघको फस्टाउँदो सञ्जाल र बढ्दो वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई एउटै छातामुनि ल्याउने वैज्ञानिक र उत्कृष्ट व्यवस्था नै संस्थालाई प्रविधियुक्त बनाउनु हो । संघको ११ औं महाधिवेशनबाट चुनिएको नयाँ नेतृत्वले संस्थालाई प्रविधिको युगको बाटोमा लैजानुको विकल्प छैन।

**(थापा गैरआवासीय नेपाली संघका युवा उपाध्यक्ष हुन्)**

# फर्केर हेर्दा एनआरएनको २० वर्ष

नेपालको इतिहासमा विभिन्न राजनैतिक क्रान्तिहरु भएका छन् । त्यस्तै हाम्रो संस्थामा इतिहासदेखि वर्तमानसम्मलाई सिंहावलोकन गर्दा कैयन् यादगार कामहरु भएका पनि छन् । तर, ती कामहरु हाम्रा कमीकमजोरीले ओझेलमा परेका छन् ।

ब्रह्माजीले सृष्टिको बखत मान्छेलाई दुईवटा थैलीमध्ये अगाडि बोक्न अह्राएको आफ्नो दोष र अवगुणले भरिएको पहिलो थैलो यो अधिवेशनमा पदाधिकारी उम्मेदवारहरु, उनीहरुका प्रस्तावक अनि समर्थकले संस्थाको पदधारण गर्न, आफ्नो नियतमा रहेको अवगुण केलाउन कत्तिको इमान्दारितापूर्वक खोल्ने हुन् समयले एउटा इतिहास लेख्ने नै छ ।



**रामशरण सिम्खडा**

ब्रह्माजीले सृष्टिको बखत मान्छेलाई दुईवटा थैली दिई पठाए र भने, 'यो एउटा थैलीमा तिम्रा आफ्ना दोष र अवगुणहरू राखिदिएको छु। यसलाई आफ्नो अगाडि भिर्नु र बेला-बेलामा खोलेर हेर्नु। आफ्ना ती दुर्गुणलाई हटाउने निरन्तर कोसिस गर्नु।

'यो अर्को थैली तिम्रा छिमेकीका दुर्गुणहरूको हो । यस थैलीलाई आफ्नो पछाडि भिर्नु र आवश्यक र अनिवार्य भयो भने मात्र खोलेर हेर्नु । जहिले पायो त्यहीले यसलाई नखोल्नु। अनि मुख्य कुरा आफ्नो थैली अगाडि र अरूको थैली पछाडि भिर्नु नि, साटफेर हुन् नपाओस्!'

मानिस आफूलाई सर्वश्रेष्ठ मान्छ उसले ठीक उल्टो गर्‍यो। आफ्नो थैली पछाडि भिर्‍यो र कहिल्यै त्यसलाई खोलेर हेर्ने कष्ट नै गरेन, तर छिमेकीको थैलीचाहिँ अगाडि भिर्‍यो र पटक-पटक कारण-अकारण त्यसलाई खोतल्न र छिमेकीका कमजोरीमाथि हमेसा टीकाटिप्पणी गर्न थाल्यो। बस्! मान्छेको दु:ख यहीँबाट सुरु भयो। हामीले एकपटक झोला साटेर हेरौं त, सुख र सन्तोष टाढा छैनन्।

यो संस्थाको सुरु गर्ने छलफल गर्दा डा उपेन्द्र महतो, जीवा लामिछाने, रामप्रताप थापा दाइलगायतले पक्कै ब्रह्माजीले झैं झोला सुल्टो बोक्न सुझाउनु भएको थियो- हामीले आफैंलाई सर्वथा चतुर सम्झी उल्टो बोक्ने क्रमको थालनी गर्‍यौं र हाम्रा दुर्दिनहरू एकपछि अर्को आउन थाले।

सन् २००३ मा जन्मिएको अझै भनु स्थापित त्यो बेलाको शिशु गैरआवासीय नेपाली संघ २० वर्षे लक्का जवान

भएको छ । बैंसमा स्याल पनि घोर्ले हुन्छ भने झैं रहर लाग्दो र खाइहाल्दो ज्यान हुन्थ्यो होला यो २० औं वसन्त पार गर्दा यदि यो मानव जीवन भएको भए। 'एक पटकको नेपाली सधैंको नेपाली' भन्ने मूल नारा मात्र जप्ने यो संस्था २००३ सालदेखि २०२३ सम्म आइपुग्दा औंलाले गन्न सकिने संख्यामा विभिन्न देशहरूमा स्थापना गरिएका राष्ट्रिय समन्वय परिषद्हरू संसारभरि फैलिएर ८७ को संख्यामा पुगेको छ भने पञ्जीकृत सदस्य संख्या पनि त्यसरी नै ह्वात्तै बढेको छ। बिदेसिएका नेपालीहरूले जति नै मनको तितो यो संस्थाप्रति पोखे पनि संस्थाको आवश्यकता दिनप्रति दिन बढ्दो छ र संस्था प्रगति पथमा छ।

आजभोलि यो संस्थामा युवाहरू जोडिनेक्रम जारी छ, तर एउटै गुनासो बोकेर । उनीहरू भन्ने गर्छन्,' युवाहरूले उचित स्थान पाएनन् तर उनीहरूले बुझ्नु के पर्छ भने हिजो रसिया पढ्न आएका जीवा लामिछाने, डा उपेन्द्र महतो पनि सन् २००३ मा युवा थिए र देश छोडेको पीर भुलाउन, आफू जस्तै अरू बिदेसिएका नेपालीहरूसँग मन बहलाउन मातृभूमिसँग जोडिने उद्देश्यले संस्थाको स्थापना गरिएको थियो । आज बिदेसिएका युवाहरूले रातदिन रगत पसिना चुहाएका छन् त्यही रगत पसिना रसिया स्वतन्त्र हुँदा ताका उपेन्द्र महतो र जीवा लामिछानेले पनि थुप्रै बगाए । आफ्नो व्यावसायिक सफलतालाई मातृभूमिसँग जोड्न तिनै तन्नेरीहरूले लन्डनस्थित मोन्टिज रेष्टुरेन्टमा सन् २००३ को सुरुमा यो संस्थाको स्थापना गरे र यसलाई विधिवत् अक्टोबर ११, २००३ मा काठमाडौंमा पहिलो विश्व सम्मेलनमार्फत अस्तित्वमा ल्याए।

सन् २००३ को सुरुवात हामी भर्खर बेलायती जीवनशैली अपनाउन संघर्ष गर्दै थियौं । कच्चा उमेर, विदेशमा भर्खर-भर्खर भाग्य चिन्न र कर्म अजमाउन दुःख गरिरहेका हामीहरूलाई एनआरएन भन्नेबित्तिकै लगानी, कुलिन घरानाका मानिसहरूको जमघट, बैंक, हाइड्रो आदिका मालिकहरू हुन्छन् भन्ने बुझाइएछ- उसरी नै बुझ्यौं र यो हाम्रो चासो र रुचिको विषय हैन भन्ने स्वनिर्णयको साथ अलिक परै बस्यौं।

सुरुमा रसिया राष्ट्रिय समितिको स्थापना भयो भने दोस्रोमा कतार । पहिलो बैठक लन्डनमा आयोजना गर्ने सोच अग्रजहरूमा आउँदा आप्रवासी नेपालीहरूको पुरानो नेपाली संस्था यती नेपाली एसोसियसन यूकेले त्यस बैठकको आयोजना गरेको थियो। चिरञ्जीवी ढकाल उक्त संस्थाको तत्कालीन महासचिवको हैसियतले पहिलो विश्व सम्मेलनमार्फत उनी अन्तर्राष्ट्रिय समन्वयपरिषद्को अन्तर्राष्ट्रिय सहसंयोजकको भूमिकामा चुनिए। र, उनैलाई यूके लगायतको राष्ट्रिय समन्वयपरिषद् गठनको अख्तियारीसमेत दिइयो। यती नेपाली संस्थामा सँगै काम गरेको नाताले उनै चिरञ्जीवी ढकाल २००४ कै सुरुवाती दिनदेखि बेलायतमा राष्ट्रिय समिति बनाउन दैनानुदिन कुरा गर्थे। केही समयसम्म सुनिएन। कार्यरत यती नेपाली एसोसिएसनमा कुरा ऊठ्थ्यो- एनआरएन गठन गर्नु छ गर यसै यती नेपाली एसोसिएसनकै अंगका रूपमा लानुपर्छसम्म भन्थे अग्रजहरू, छक्क पर्थे र शालिन प्रतिवाद गर्थे- यसको मर्म र उद्देश्य नेपालसँग जोड्ने छ, संसारभरिको सञ्जाल बन्नु छ, समृद्ध देश बनाउनको लागि ज्ञान, सीप, अनुभव र पुँजी लगानीको कुरा अनि हाम्रो एउटा अंग ? सक्षम, धनवान, मन भएका, बुझाइएको र बुझिए झै लगानी गर्न सक्ने व्यक्ति अध्यक्ष बनिदिन चिरञ्जीवीजी र म धेरैको घर चाहार्‍यौं । धेरै माथापच्चीपछि मार्च ५, २००५ मा एनसीसी यूकेको स्थापना गर्न सफल भयौं।

पहिले पहिलेका अन्तर्राष्ट्रिय महाधिवेशनहरूमा सदस्यताको अनुपातमा प्रतिनिधिको व्यवस्था थिएन । विदेशमा बस्ने सार्क मुलुक बाहिरका जो कोही दसैंको सेरोफेरोमा नेपाल पुग्दा नाम लेखाइन्थ्यो- प्रतिनिधि भइन्थ्यो । रातैभरि सोल्टीका हलमा घुमाउरो गरी मेच राखिन्थ्यो, अनेकन अनौपचारिक कुराहरू हुन्थे, प्रायःजसो सबै विषयहरूमा त त्यहीं सहमति हुन्थ्यो। उपेन्द्र दाइका जोक सुन्न साथीहरू लालायीत हुन्थे- ती दिन आफैंमा रोमाञ्चकारी हुन्थे। तोकिएको समयमा सबै जुट्थे- उपेन्द्र दाइ मञ्चमा बस्नु हुन्थ्यो, सबै कुरा सरसर्ती लयमा बग्थ्यो । प्रत्येकपटक उहाँ उम्कन खोज्नुहुन्थ्यो तल हलले ध्वनिमतको आधारमा मान्दैनथ्यो र अन्ततः उहाँ राजी भै तीनपटक अध्यक्ष बन्नुभयो । न त एनसीसी निर्वाचनको लफडा- न डेलिगेट्स छान्न नै झै झगडा- अन्तर्राष्ट्रिय महाधिवेशन एक उत्सवको रूपमा मनाई आ-आफ्नो कर्मथलो फर्कन्थ्यौं।

### रामप्रताप थापाको फराकिलो मन

सन् २००९ को अक्टोबर ८ को रात । माथि भनिएझैं


डेलिगेट्स, निर्वाचन, आन्तरिक झै झगडा, खिचातानीभन्दा संस्था टाढै थियो । उपेन्द्र दाइले तीन कार्यकाल सफलतापूर्वक नेतृत्व गरी सक्नुभएको र सञ्जाल ४५ देशभन्दा बढीमा फैलिसकेको साथै यसलाई राज्यले एक अभिन्न अंगको रूपमा कानुनी रूपमा नभए पनि व्यावहारिक रूपमा अंगीकार गरिसकेकाले उहाँ योपटक कुनै पनि हालतमा नदोहोऱ्याउनेमा दृढ देखिनुहुन्थ्यो । स्वाभाविक रूपमा कार्यरत उपाध्यक्ष, सरल-शालिन व्यक्ति, संस्थापक र सुरुका दिनदेखि उपेन्द्र दाइ, जीवाजी, भीमजीहरूसँग यस संस्थाको परिकल्पनाकारका रूपमा पनि रामप्रताप थापा अध्यक्षका दाबेदार हुनुहुन्थ्यो नै । जापानका अर्का अभियन्ताले पनि रुचि राख्नुभयो, तर लामो छलफलपश्चात् उहाँले समेत दाबी छाड्दा थापा चौथो कार्यकालका लागि अध्यक्षमा चयन भएको सहमति भयो । सबै हाँसी खुसी बधाई दिँदै छुट्यौं, तर कान्तिपुरी नगरीमा बिहान हुन् पाउँदा नपाउँदै के कारणले थाहा भएन तर सहमति नमान्ने र आफैं अध्यक्ष नभए राम्रो नहुने जिद्दीको अघि संस्थामा फुटै आउने हो भने मलाई यो अध्यक्ष पद चाहिन्न भन्दै रामप्रताप थापा दाइले हाँसीहाँसी प्राप्त अध्यक्ष पद छाड्नुभयो । आज हामीले संस्था २० वर्ष पूरा भएको खुसियाली मनाइ रहँदा त्यो प्रकरण बिर्सन मिल्दैन ।


संस्था कतै दर्ता थिएन, देशमा व्याप्त राजनैतिक अस्थिरता छँदै थियो । यस्तो अवस्थामा संस्थाको नाममा चलअचल सम्पत्ति राख्नु विद्यमान कानुनको खिलाफ ठहर्थ्यो । जीवा लामिछाने २०११ मा अध्यक्ष भई आउनुभएपछि यस्तो अनिर्णयको बन्दी बन्नुहुँदैन, सरकारले लाद्न खोजेको २ वर्षे प्रावधान आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको पक्षधर राष्ट्रको कारण पनि विश्वव्यापी मान्यताविपरीत हुँदाहुँदै पनि सरकारको एकोहोरो जिद्दीपनाले १८२ दिनको सट्टा सार्क मुलुक बाहिर २ वर्ष बसोबास गरेको हुनै पर्ने बाध्यताकारी ऐनको कारणसमेत यसभित्र वर्गविन्यास सुरु हुन पुग्यो । श्रम गन्तव्य राष्ट्रहरू मध्यपूर्व- मलेसियाका अधिकांश साथीहरू र विद्यार्थीहरू कानुनतः यसभित्र गोलबन्द हुन सकेनन् ।

नेपालको इतिहासमा विभिन्न राजनैतिक क्रान्तिहरू भएका छन् । त्यस्तै हाम्रो संस्थामा इतिहासदेखि वर्तमानसम्मलाई सिंहावलोकन गर्दा कैयन् यादगार कामहरू भएका पनि छन् । तर, ती कामहरू हाम्रा कमीकमजोरीले ओझेलमा परेका छन् । एनआरएनमा पनि पैसा कमाएसँगै नाम र लोकप्रियताका लागि चाहिने नामको कारण पद पाउन थुप्रै काण्डहरू घटेका छन् तीमध्ये सबभन्दा चर्चित काण्ड सन् २०१९ को हायत होटल काण्ड हो, जसले साह्रै नराम्रोसँग गैरआवासीय नेपालीहरूको साखलाई डाम्यो । जसबारे छुट्टै आलेखमा चर्चा गरौंला । श्रमिकहरूलाई सामाजिक सुरक्षाकोषमा जोड्ने, नेपाली नागरिकतालाई संवैधानिक रूपमा लिपिबद्ध गराई ऐनसमेत ल्याउन सफल भै कार्यान्वयन चरणमा पुग्नु अझै संसारका सबै भूगोलमा यसको सञ्जाल फैलँदै यस्तो असहज अवस्थामा समेत फेस भेरीफिकेसनमार्फत ९७ हजार पञ्जीकृत सदस्य बन्नु यस अभियानको प्रमुख सफलताको रूपमा लिन सकिन्छ ।

फेरि माथि उल्लेखित कथाको स्मरण गर्न चाहन्छु । ब्रह्माजीले सृष्टिको बखत मान्छेलाई दुईवटा थैलीमध्ये अगाडि बोक्न अह्राएको आफ्नो दोष र अवगुणले भरिएको पहिलो थैलो यो अधिवेशनमा पदाधिकारी उम्मेदवारहरू, उनीहरूका प्रस्तावक अनि समर्थकले संस्थाको पदधारण गर्न, आफ्नो नियतमा रहेको अवगुण केलाउन कत्तिको इमान्दारितापूर्वक खोल्ने हुन् समयले एउटा इतिहास लेख्ने नै छ ।

# एनआरएनए सामाजिक साझेदारी योजना २.०





**तोरी हातले पेलेर तेल आउँदैन । तेल निकाल्न मिल नै जरुरत हुन्छ । 'सामाजिक सहकार्य योजना २.०' तथा त्यसमा अपनाइएको विधि र प्रविधि संस्थाको स्रोत व्यवस्थापन, संस्थागत सामर्थ्य, सम्बन्धित सदस्यको हित तथा दिगोपनका लागि विशेष औजार हो ।**

**संस्थाले नेपाल 'ब्रान्ड सप' तथा 'नलेज सप' को प्रबर्द्धन गर्नुपर्छ । जसले धेरैको सहभागितामूलक गतिविधि जोड्ने, सम्भावनालाई स्रोतमा बदल्ने र दिगो र दरिलो आधार तयार पार्छ । व्यक्तिलाई स्वावलम्बी बनाउने, संस्थाले सबैलाई निरपेक्ष रुपमा प्रबर्द्धन गर्ने 'सामाजिक सहकार्य योजना २.०' को सुरुवाती गर्नेबारे बहससहितको कार्य प्रारुप थालनी भएको छ ।**

**फणिन्द्र पन्त**

## पृष्ठभूमि

विगत २० वर्षको अनुभव, गत १ वर्षको घनिभूत छलफल र समय सामयिक निर्णयबाट विकसित भएको 'सामाजिक सहकार्य योजना २.०' संस्थागत सुधारका योजनाहरूमध्ये संस्थाको स्रोत व्यवस्थापन, सामाजिक सहयोग वितरण गर्ने एजेन्डा हो । यसले प्रत्यक्ष रूपमा सदस्य, उनका परिवार, नेपाली समुदायको हितको प्रतिनिधित्व गर्न सक्ने छ। संस्थाका विभिन्न तहका छलफल, मिडिया टिप्पणी र एनआरएनका गुनासाहरूलाई समेत आधार मानेर एनआरएनएको सामाजिक सहकार्यलाई सन्तुलित र उपलब्धिमूलक बनाउँदै योजनाको परिस्कृत प्रारूप २.० को आधारपत्र तयार पार्ने काम गरिएको हो।

यस अवधारणाअन्तर्गत एनआरएनको विगतबारे समीक्षा गर्दै संस्थागत प्रगति र दिगोपनको आगामी कार्यदिशालाई प्रष्ट पार्न, भुइँ तहसम्मको आशा, अपेक्षा र कार्यशैलीलाई उपलब्धिमूलक बनाउन विभिन्न सिराबाट नियलिएको छ।

विगत २० वर्षका विभिन्न सम्मेलनले संगठनमा देखापरेका गतिरोधबारे गाँठो फुकाउने काम पनि गर्छ यसले । सफलताका कथाहरूसँगै उल्झनहरूलाई पनि भुइँतहसम्म लगेर छलफल गर्छ । त्यसमा नीतिगत, विधिगत स्पष्टतासहित प्रविधिको प्रयोग गरेर मात्र उपलब्धिमूलक कार्यान्वयन गर्नुपर्छ भन्ने निष्कर्षअनुसार एक दीर्घकालीन साझा बुझाइसहितको नीति तथा लक्षित कार्यक्रमको फ्रेमवर्क तयार पार्ने प्रयास भएको छ।

भनिन्छ, संसारमा मान्छे दुई थरिका हुन्छन् । एकथरीले सपना देखाउँछन् तर काम गर्दैनन् । अगाडिका घोषणाहरू कति पूरा भए वा भएनन् त्यसको समीक्षा नगरी केवल भविष्यको सपना देखाउने परम्पराले समुदायमा निराशाको वितरण गर्छन् । अर्को खालका मानिसहरूले काम गरेर मात्र आगामी कार्यभारबारे घोषणा गर्छन् । उनीहरूले गरेका कामहरूले समुदायको प्रतिक्रियात्मक अपेक्षालाई आशावादी बनाइरहन्छन् । नीतिहरूको तर्जुमा समुदायको अपेक्षामा टेकेर गर्ने बाटोको विकास गरिन्छ।

पछिल्लो तरिकामा हाम्रो प्रयास जारी रहने छ । खासगरी उच्च तहको सामुदायिक प्रतिक्रियाले नै समाज वा सामाजिक संघ-संगठनको रूपान्तरण गर्छ । खासमा रूपान्तरणले आन्तरिक प्रगतिको शृंखलाले तय गर्छ । त्यो आन्तरिक प्रक्रिया गत ५-७ वर्षदेखि नै सुरु भएको हो, विशाल संगठनिक संरचनामा एक कुनाबाट । तत् प्रयासलाई पुनः परिमार्जन गरी सामाजिक सहकार्यको मोडेलमा डिजाइन गरिएको हो ।

व्यावहारिक उपलब्धिलाई वास्ता नगरी अर्को घोषणालाई जन्माउनु धोकामात्र हुन जान्छ । त्यसैले वर्तमानमा विगतको उपलब्धिलाई जाँच्ने र परिमार्जित मोडेल तयार गर्ने एक वैज्ञानिक काइदा अपनाइएको हो । यो परिमार्जित मोडेल रणनीतिक रूपले नै पनि संस्थाको स्रोत सिर्जना, पहिचान, परिचालन र व्यवस्थापन गर्न सफल मोडेल बन्न सक्छ । जसले २० वर्षसम्म स्रोत जुटाउने हेतुले हुने व्यक्तिगत लक्षित प्रयासलाई संस्थागत गर्छ।

संस्थाको आडमा वा सामूहिकतामा भएका गलत अभ्यासविरुद्ध सकारात्मक रूपले उठाएका मुद्दाहरूउपर गम्भीर प्रकारले बहसमा लैजाने गर्नुपर्छ । प्रवासका हरेक सामाजिक तथा उद्यमी प्रयासलाई जोड्ने र संस्थागत गर्दै मूल देश नेपालसँग अटुट सम्बन्ध गाँसिदिने योजना र कार्यक्रम विकास गर्दै जाने क्रमिक प्रक्रियाको सुरुवात गर्ने कार्य अबको आगामी दशकमा हुनुपर्छ । धेरै राम्रा कुरा हुन्छन्, तर कुरालाई कार्यक्रम र त्यसलाई गतिविधि हुँदै उपलब्धिमा लैजाने प्रयास जारी राख्नु सामाजिक सहकार्यको फ्रेमवर्क बन्नुपर्छ।

डायस्पोराका श्रमिक तथा मझौला व्यवसायीहरूले समेत आफ्नो पहुँच स्थापित गर्दै संस्थालाई सबैको साझा सहकार्य गर्ने चौतारी बनाउने प्रयास स्वरूप सामाजिक सहकार्य योजना २.० को सुरुवात गरिएको हो । यो यस्तो कार्ययोजना हो, जसमा सामाजिक सहकार्य योजना अंगिकार गरिन्छ।

'बैठकमा मुद्दा र एजेन्डाको बहस भएन' भन्नु महिनौं मेहेनत गर्ने इमानदार अभियन्ताप्रति अन्यायपूर्ण हुन्छ । तोरी हातले पेलेर तेल आउँदैन । तेल निकाल्न मिल नै जरुरत हुन्छ । 'सामाजिक सहकार्य योजना २.०' तथा त्यसमा अपनाइएको विधि र प्रविधि संस्थाको स्रोत व्यवस्थापन, संस्थागत सामर्थ्य, सम्बन्धित सदस्यको हित तथा दिगोपनका लागि विशेष औजार हो।

'एनआरएनए रूपान्तरणमा क्रमशः मानवीय मुद्दा पहिलो, पहिचान वा भाषा साहित्य र कलाको पुस्ता हस्तान्तरणको मुद्दा दोस्रो र मुलुक समृद्धि, लगानी र समुदायबीचको भाइचारा अभिवृद्धि तेस्रो हुनुपर्नेमा बिमति जनाउनुपर्ने कुनै कारण छैन । नीतिगत रूपमा त्यही अनुरूपै कार्यक्रम बनाउँदा बढी प्रभावकारी हुनसक्छ भन्ने अधिकांशलाई लागेको विषय हो । करिब ६० राष्ट्रिय परिषद् (एनसीसी) ले वर्षौं लगाएर गरेको अनुभव र विभिन्न ५/७ वटा प्रवासका नेपालीको समस्या हल गर्ने प्रयास कहीं न कहीं भइरहेका छन् । प्रायः सारै मार्मिक हुन्छन् । त्यो समयको लगानी, प्रयास, छलफल र उपायको निष्कर्ष पनि अब सूत्रबद्ध गर्दै सम्बन्धित विभागीय संरचनामार्फत स्थायी कार्यक्रम, सम्बन्धितहरूको सहकार्य स्वरूप दिन अब ढिला गर्नुहुँदैन।

## परियोजनाका लक्ष्य

एनआरएनएमा मानवीय मुद्दालाई बहसको प्रथम एजेन्डा बनाउनु हो साथ साथै समाधानको उपाय लागू गर्न

स्वाभाविक स्रोतको जोहो गर्नु संस्थागत रूपमा महत्वपूर्ण हुन्छ । अतः संस्थाले केही निश्चित व्यक्तिलाई छोटो बाटोबाट धनी बनाउनेभन्दा पनि समग्र फ्रेमवर्क नै उत्पादन तथा सिर्जनशील उद्यमशीलतालाई जोड दिने खालको हुनुपर्छ। उदाहरणका लागि संस्थाले नेपाल 'ब्रान्ड सप' तथा 'नलेज सप' को प्रबर्द्धन गर्नुपर्छ। जसले धेरैको सहभागितामूलक गतिविधि जोड्ने, सम्भावनालाई स्रोतमा बदल्ने र दिगो र दरिलो आधार तयार पार्छ । व्यक्तिलाई स्वावलम्बी बनाउने, संस्थाले सबैलाई निरपेक्ष रूपमा प्रबर्द्धन गर्ने 'सामाजिक सहकार्य योजना २.०' को सुरुवात गर्नेबारे बहससहितको कार्य प्रारूप थालनी भएको छ।

त्यस्तै आप्रवासी नेपाली समुदायको अर्को महत्वपूर्ण सवाल नेपाली मूल्यमान्यताको प्रचार, रक्षा, विकास र पुस्ता हस्तान्तरण नै हो । बेलैमा पहल नगरिने हो भने हाम्रा पूर्वीय सभ्यताले निर्माण गरेका भाषा, कला, साहित्य र सांस्कृतिक मूल्यहरू हराउँदै जान्छन् । नेपाली भाषालगायत पहिचान मेटिँदै जाँदा नेपाल जोड्ने महत्वपूर्ण सेतु मेटिन्छ । पहिचान मेटिएको समुदायसँग आफ्नो भन्ने केही पनि बाँकी रहँदैन। नेपाली आप्रवासीका लागि यो चुनौती दीर्घकालीन महत्वको मुद्दा हो । संस्थाले शैक्षिक, संस्कृत तथा दोस्रो पुस्तालाई छुने खालका कार्य सञ्चालन गर्ने सामाजिक संस्थाहरूलाई पनि प्रबर्द्धन र सहकार्य गरी 'डायस्पोरा कनेक्सन' निरन्तर अघि बढाउने खालका स्थायी सामाजिक सहकार्यको पुल निर्माण गर्नुपर्छ।

यस्तो दीर्घकालीन महत्वको विषय कसरी समाधान गर्न सम्भव छ त ? अन्य राष्ट्रको प्रयास हेर्दा पनि के देखिन्छ त ? उत्तरको नजिक हामी छौं । नेपाल राष्ट्रका परराष्ट्रका दूतावास र विभिन्न नियोगहरू, प्रवासका विभिन्न सामाजिक संस्थाहरू र समुदायको सामाजिक सहकार्य हुनुपर्छ। यसमा कसैले न कसैले सेतुको भूमिका गर्नुपर्छ। नेपालको राष्ट्रिय अवस्था, अन्तर्राष्ट्रिय पहुँच र स्रोत हेर्दा यो कार्य एनआरएनएको स्वाभाविक जिम्मेवारीमा आएको महसुस हुन्छ, धेरै हदसम्म बास्तविकता पनि, यथार्थ पनि हो।

## रूपान्तरण प्रस्ताव

'सामाजिक सहकार्य योजना २.०' ले समेटेका अर्को सुधारको पाटो जसमा संस्थाको सांगठनिक संरचना तथा अभ्यासमा आर्थिक पाटोको प्रत्यक्ष परोक्ष असर हुने गर्छ :

**क)** पञ्जीकृत सदस्यता शुल्कको उपयोग सामाजिक कल्याणमै गर्ने र मजदुर वा निम्नआय भएका व्यक्तिले पनि नेतृत्वमा पुग्न सक्ने कुरालाई मध्यनजर गर्दै उम्मेदवार शुल्क घटाउने।

**ख)** अधिवेशनमा डेलिगेट शुल्क न्यून बनाउने योजना।

**घ)** केन्द्रदेखि राष्ट्रिय समन्वय परिषद्सम्म निश्चित वार्षिक आम्दानी स्वाभाविक तय गर्ने । केन्द्र र राष्ट्रिय समितिको ५०/५० आम्दानी निश्चितता गर्ने । जसले स्थानीय समस्या र नेपालमा योगदान दुवैको प्राथमिकता आधारमा ग्यारेन्टी गर्ने बजेट बनाउने।

**ङ)** डिपार्टमेन्ट सिस्टम (पदाधिकारीको विभागीय जिम्मेवारी)को योजनाअनुसार सम्बन्धित विधामा सामाजिक र संस्थागत सहकार्य अघि बढाउने र स्रोतको साझेधारीमा व्यवस्था गर्ने।
च) सर्वशक्तिमान अनुशासन तथा न्यायिक आयोगको निर्माणमार्फत अनुशासन तथा कार्यान्वयन पक्षको निगरानी जारी राख्ने।

लाखौं नेपालीको समस्या हल गर्ने विधि विकास गर्ने सँगै संस्थाको आर्थिक, बौद्धिक स्रोत तथा नैतिक बल बढ्दै जाने छ । संस्था सञ्चालनका लागि अब यो २० वर्ष भइसकेको जवान संस्थाले अझ पनि संस्थापाकहरूसँग नै धनराशि आशा गर्नु वा आबद्धित सदस्यलाई नै महँगो शुल्क लिएर मात्र संस्था चलाउनुपर्ने अवस्थाको विकल्प तयार गर्नुपर्ने छ। जुन अब सम्भव छ।

## योजनाका विधि र उपकरण

विधि : संस्थागत सहकार्यको कानुनी तथा व्यावसायिक सम्बन्धको पाटो । सहमति पत्रसहितको विभिन्न लक्षित प्रोजेक्टमा साझा कार्यदल।

**प्रविधि :** डिजिटल प्लेटफर्म, स्मार्ट एनआरएनए, भिजिबल तथा ट्राकेबल प्रविधि

**सामाजिक सहकार्यमा गरिने सामूहिक तथा सहभागितामूलक गतिविधि :** संस्थाको तथा आमनेपाली डायस्पोराको हितमा प्राथमिकता परेका निश्चित डोमेनमा

सामूहिक तथा सहभागितामूलक प्रयास र गतिविधि निरन्तर विकास गर्दै जाने । जसले मानवीय मूल्य तथा आर्थिक मूल्य निर्माणमा प्रत्यक्ष, परोक्ष भूमिका खेल्ने छ।

## प्रत्याशित परिणामहरू

सामाजिक सेवाहरूले समाजको विकासमा महत्वपूर्ण भूमिका खेल्छन् । यसका परिणाम स्वरूप, प्रवासी नेपाली समाजमा अधिक जनसंख्या लाभान्वित हुने, नेपालीका नेपाली भन्ने मूल संस्थागत अबधारणा व्यवहार मै लागू भएको आभास हुनेछ । सूचना, शिक्षा र जन स्वास्थ्य सेवाहरूमा सुधार हुने, बेरोजगारी र निराशा कमी हुने आदि परिणामहरू हुन् सक्छन्।

यसमा संघको भूमिका एक नेतृत्व र एकत्रिततामा समर्थन गर्दा, जनसंख्यामा जागरूकता, उनको अधिकारको रक्षा, राष्ट्रिय एकता र समृद्धिमा सहयोग गर्ने परिणामहरू उत्पन्न हुन् सक्छन् । संघले सामाजिक विकास गर्ने क्रियाकलापहरूलाई समयमा प्रोत्साहित गर्दा, विभिन्न समस्याहरूको समाधानमा मद्दत पुऱ्याउँदा राष्ट्रको उत्थानमा महत्वपूर्ण भूमिका खेल्छ। राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय परिषद्को आर्थिक सबलीकरणसहित दिगो स्रोत जुट्ने, मानवीय स्रोत स्थानको सदुपयोगले संस्था सदस्यसँग बढी घनिष्ट हुने अवस्था सिर्जना हुनेछ।

## सामाजिक संरचना र कनेक्सन

प्रमुख बिन्दुहरू : सामाजिक विज्ञान, सामाजिक संरचना, नागरिक समाज, नेपाली समाज र राष्ट्रियसँगको लिंक विषयको अध्ययन र विश्लेषण।

**कार्ययोजनाका चरणहरू :** अध्ययन, डाटा संग्रह, विश्लेषण, प्रस्तुति, रिपोर्टिङ, समाधानका योजना र अनुशरण।

**कार्ययोजनाका समयमान संरचना :** अनुसन्धान योजना बनाउन, डाटा संग्रह र विश्लेषण, नतिजा प्रस्तुति, नयाँ अध्ययन गर्नका योजना, प्रतिवेदन र प्रकाशन।

## साझा सरोकार र सम्बन्धका पानाहरू

**प्रमुख बिन्दुहरू :** नेपाली भाषा साहित्य, सांस्कृतिक अध्ययन, नागरिकता, लोक साहित्य।
कार्ययोजनाका चरणहरू : साहित्यिक अध्ययन, भाषाका विशेषता, समाचार र लेखन, सांस्कृतिक योजना र विमर्सन।

**कार्ययोजनाका समयमान संरचना :** विषय निर्धारण, अध्ययन र विश्लेषण, लेखन र संशोधन, प्रस्तुति, प्रकाशन र समाचार संवाद।

## अधिकार र सरोकार

**प्रमुख बिन्दुहरू :** नागरिकता, संविधान, राजनीतिक अध्ययन, मानवाधिकार।
कार्ययोजनाका चरणहरू : नागरिकता अध्ययन, संविधानको अध्ययन, राजनीतिक विश्लेषण, मानवाधिकारका विषयमा प्रस्तुति र चर्चा।
कार्ययोजनाका समयमान संरचना : विषय निर्धारण, अध्ययन र विश्लेषण, लेखन, प्रस्तुति र चर्चा, प्रकाशन।

## पेसा र प्रबर्द्धन

**प्रमुख बिन्दुहरू :** पेसागत जीवन, पारिवारिक व्यवस्था।

**कार्ययोजनाका चरणहरू :** सामूहिकता, सम्बन्ध र सहकार्य प्रबर्द्धन।

कार्ययोजनाका समयमान संरचना : विषय चयन, अध्ययन र एक्सन प्लान।

इनोभेसन तथा समस्या समाधानमा सहकार्य

**प्रमुख बिन्दुहरू :** सहकार्य

**कार्ययोजनाका चरणहरू :** सामूहिकता, सम्बन्ध र सहकार्य प्रबर्द्धन निरन्तरता।

**कार्ययोजनाका समयमान संरचना :** पार्टनर चयन, अनुभव तथा दक्षता साटासाट र सामूहिकतामा मूल्य सिर्जना।

समग्रमा स्रोतको दिगो व्यवस्थापना । वर्तमानको वर्षहरूमा संस्थाको केन्द्रीय संरचनाको स्वचालित दिगोपनका लागि करिब १ अर्ब नेपाली रुपैयाँ तथा एक राष्ट्रिय समन्वय समितिको सञ्चालन बजेट १० हजार

डलरदेखि ३ लाख डलरसम्मको आर्थिक स्रोत जुटाउनु पर्ने छ। आर्थिक स्रोत के-के हुन् सक्छन् ?

एनआरएन डलर एकाउन्ट खोल्न प्रोत्सान गर्दा होस् या सामाजिक सुरक्षाकोषमा दर्ता हुँदा होस् हरेक कार्यक्रम लागू गर्दा संस्थागत प्रबर्द्धन वा सेवा सुविधा शुल्कको निकै सानो हिस्सा मात्र संस्थामार्फत हुन सकेमा पनि वार्षिक उल्लेखनीय आर्थिक स्रोत जुट्ने संस्थागत बाटाहरू प्रशस्त छन् । हाललाई खाँचो भनेकै एक स्पष्ट, इथिकल र प्रयोगका लागि व्यावहारिक प्रविधिमैत्री विधि प्रयोगमा ल्याउन सके मात्र संस्था स्वावलम्बन हुने र व्यक्तिगतभन्दा संस्थागत प्रभाव बढ्ने निश्चित हुन्छ।

एनसीसीहरू, क्षेत्रीय गतिविधि तथा केन्द्रीय गतिविधिका लागि अति आवश्यक फन्ड व्यक्तिवादी मोडेलबाट कलेक्सन गर्ने अभ्यासलाई सिफ्ट गरेर आबद्धित सदस्यको तथा उनका परिवारको सामूहिक गतिविधिको परिणामपश्चात् प्राप्त हुन सक्ने संस्थागत मोडेललाई प्रविधिले पनि साथ लिएर निश्चित आर्थिक स्रोत जुटाउन सकिन्छ। उदाहरणका लागि अनलाइन बुकिङ डटकमको पार्टनरसिप साथै अमाजोन ब्रान्ड सप हुन सक्छन् । एनआरएन एक्पर्ट कन्सल्टेन्सी अर्को दरिलो आधार बन्न सक्छ। प्रवासका नेपालीको सबैभन्दा बलियो स्रोत भनेको 'नजेल इकोनोमी' मा आधारित भएर कार्य लक्षित हुँदा, यी सबैका लागि आईसीसी, एनसीसी र सामाजिक पार्टनरबीच समजदारी हुन अपरिहार्य छ।

प्रवाससम्बन्धी संस्था भएकामा प्राथमिकतामा सधैं मानवीयता हुनुपर्छ । तसर्थ कतारको रंगशाला बनाउँदा होस् वा अन्य क्षेत्रमा नेपालीले धेरैको संख्यामा ज्यान गुमाएका छन्, अंगभंग भएका छन्, जेलमा परेका छन् । कति अवस्थामा नेपाली नारीहरूले नारकीय जीवन बिताएका छन् भन्ने तथ्यांक पनि प्रायः छापामा आउँछ । एउटा विश्वव्यापी सञ्जाल भएको संगठनको हिसाबले जीवनको मूल्य अगाडि आउँछ भन्ने सन्देश दिँदै अघि बढ्नुपर्छ। अझ सन्देशको साथ साथै पीडित त बेसहारा लै प्राथमिकता राखेर उनीहरूको सामाजिक कल्याणमा टेवा पुग्ने गरी स्रोत जुटाउने र परिचालन गर्ने इकोसिस्टम बनाउनुपर्छ।

'सामाजिक सहकार्य योजना २.०' धेरै येस्ता उपाय र बाटो खोल्ने नीति र योजना ल्याएको हो । यसमा कतिपय संस्थासँग आबद्धित विद्वान्वर्ग तथा मिडियाकर्मीहरूबाट नीतिगत र व्यावहारिक सुझावको अपेक्षा गरेको छौं । जसले आउँदा वर्षमा झन् परिस्कृत गर्दै जाने छ।

मानवीय, नेपाली पहिचान र लगानीका मुद्दामा समुदायको चासो जोडिनुले संघको भविष्य तय गर्छ। समुदायको प्राण मानवीय मुद्दामा टिकेको हुन्छ, परिचय पहिचानमा टिकेको हुन्छ भने आर्थिक प्रगति पर्यटन, लगानी र ज्ञान-सीपको प्रयोगमा टिकेको हुन्छ । यी सबैको उचित प्रबर्द्धन गर्न व्यवस्थापन संस्थाले गर्ने ससम्मान र अर्थपूर्ण कार्यान्वयन सम्बन्धित विषय सबै सँगको संस्थागत सहकार्यबाट नै उपलब्धि पूर्ण हुन्छ भन्ने कुरा व्यवहारतः स्पष्ट छ।

संघको अन्तरिक जीवन समुदायको विश्वासमा टिकेको हुन्छ । विश्वास गतिविधिको इमानदार प्रयोग र पारदर्शितामा टिकेको हुन्छ । संघको सम्पूर्ण प्रणाली घोषणा गरिएका कुराहरूको कार्यान्वयनको इमान्दारितामा टिकेको हुन्छ। संघमा 'सामाजिक सहकार्य योजना २.०' यिनै उज्याला आशाहरूलाई जोड्न एक विशेष रणनीतिको लागू गर्ने विषयमा नीति निर्माण गर्नेबारे बहस भएको छ । त्यो बहसले संघलाई रूपान्तरणको दिशामा लैजाने सामर्थ्य र भरपर्दो, पारदर्शी आधार तयार हुँदै जाने विश्वास गरिएको छ । योजना अर्थपूर्ण रूपमा लागू हुन् समुदाय वा संघका सदस्यहरूको पनि गहन जिम्मेवारी हुन्छ । एकातिर एनआरएनएमा सबैतिरको बेथितिविरुद्ध खबरदारी निरन्तर आवश्यक छ र निरन्तर आवश्यक रहन्छ। अर्कोतिर समाधानको प्रयास पनि सशक्त अघि बढाउन सबैलाई अपिल छ।

तसर्थ धेरैका प्रयास, प्रश्न तथा सुझाव र गन्तव्यसहितको दृष्टिकोण जो 'सामाजिक सहकार्य योजना २. ०' ले समेट छन्।

**सन्दर्भ पत्रहरू**

**१. ग्लोबल मेम्बसिप बेनिफिट प्रोग्राम २०१७-२०२१**
**२. संघका विभिन्न सम्मेलनका कार्यपत्रहरू**
**३. संघका मिटिङ मइनुट्स तथा योजना पुस्तिकाहरू**
**४. एनआरएनको अभियानको आगामी बाटो : डा. हेम राज शर्मा**



# पर्यटन प्रवर्द्धनमा एनआरएनए

**सोम सापकोटा**



पर्यटन क्षेत्रमा नेपालको अत्यन्तै सम्भावना हुँदाहुँदै पनि हामीले पर्याप्त गर्न सकिरहेका छैनौं । हामीकहाँ अहिले आउने पर्यटकहरुले औसतमा नेपालमा दुई साता बिताउने रहेछन् । उनीहरुको औसत खर्च दैनिक ५० देखि ५५ डलर हो । औसत बसाइ छोटो समय र सानो नम्बरमा खर्च भइरहेको सन्दर्भमा अब हाम्रो ध्यान लक्जरियस टुरिजमतिर जान जरुरी छ ।

युरोपेली मुलुक फ्रान्स विश्वकै पर्यटक तान्ने पहिलो सूचीमा पर्छ । पर्यटनकै माध्यमबाट आकर्षक आर्थिक उपार्जन गरिरहेको फ्रान्सपछि स्पेन, संयुक्त राज्य अमेरिका, टर्की, इटाली, मेक्सिको, बेलायत, जर्मनी, ग्रिसजस्ता देशमा पनि अन्तर्राष्ट्रिय पर्यटक आवागमनको लहरै चल्ने गर्छ।
छिमेकी देश भारतकै कुरा गर्ने हो भने पनि पछिल्लो तथ्यांकअनुसार १७.९ मिलियन अन्तर्राष्ट्रिय पर्यटकले भ्रमण गरेका छन्। यस्तै देशको अर्थतन्त्रको मुख्य हिस्सा पर्यटनलाई नै मान्ने मलेसियामा पनि वार्षिक २६ मिलियनभन्दा बढी विदेशी पर्यटकले भ्रमण गर्ने गर्छन् । अन्य साना ठूला देशहरूले पनि पर्यटनकै माध्यमबाट राम्रो आर्थिक उपार्जन गरिरहेका छन्।

तर, पर्यटनको प्रचुर सम्भावना हुँदाहुँदै पनि नेपालमा आशातीत विदेशी पर्यटक भित्रिन नसकेको यथार्थ छ । यद्यपि सरकारी, गैरसरकारी संघ-संस्था, गैरआवासीय नेपाली संघ (एनआरएनए) लगायतको निरन्तरको प्रयास, पहलकदमी, कार्यक्रम र प्रचार-प्रसारमार्फत नेपालमा पर्यटक बढाउने र अर्थतन्त्रमा भरथेग गर्ने प्रयास भने जारी छ।

आर्थिक वर्ष २०७९/८० मा नेपालमा ८ लाख ६२ हजार

९ सय ९२ पर्यटक नेपाल भित्रिएको रेकर्ड छ। जुन आर्थिक वर्षको तुलनामा धेरै भए पनि यसका सवालमा हामीले धेरै गर्न बाँकी छ भनेर बुझ्नुपर्छ । कोरोना महामारीपछि नेपालको पर्यटन क्षेत्रलाई लयमा ल्याउनुका साथै यसलाई जुरुक्कै उठाएर देशको अर्थतन्त्रलाई बलियो बनाउनेतर्फ लाग्नुपर्ने आवश्यकता छ।

नेपालमा विदेशी पर्यटक भित्र्याउने सन्दर्भ अर्थात् पर्यटन प्रवर्द्धनमा एनआरएनएमा मेरो आबद्धता सँगसँगै निरन्तर पहलकदमी रहँदै आएको छ।

वि.सं. २०५०-५१ सालदेखि नेपालमा होटल व्यवसायका क्षेत्रमा सक्रिय हुँदादेखि नै पर्यटन प्रवर्द्धनमा मेरो विशेष रुचि र चासो रहँदै आएको थियो। जब अवसरको खोजीमा २०५२ सालतिर युरोपेली मुलुक स्वीट्जरल्यान्ड पुगेँ त्यसपछिका दिनहरूमा समेत यस क्षेत्रको श्रीवृद्धिमा संस्थागत र व्यक्तिगत तवरबाट निरन्तर प्रयास हुँदै आएको छ।

व्यापार र अवसरकै खोजीको सिलसिलामा स्वीट्जरल्यान्डबाट जर्मनी, बेल्जियम हुँदै १९९६ मा पोर्चुगल र त्यसपछि २००३ बाट गैरआवासीय नेपाली संघको स्थापना सँगसँगै २००६ बाट एनआरएनए अभियानमा सक्रिय भएको थिएँ। त्योभन्दा अघि विभिन्न सामाजिक संघ-संस्थामा आबद्ध रहेर पर्यटन प्रवर्द्धनमा लागेको सन्दर्भमा त्यसपछि भने एनआरएनएकै फोरमबाट कामलाई तीव्रता दिइएको थियो।

२००६ मा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् समिति पोर्चुगलको सदस्यमा निर्वाचित भएसँगै सामाजिक बाहेक अन्य राजनीतिक संघ-संस्थाहरूलाई छाडेर अथवा कम सक्रिय भएर एनआरएनए अभियानमै नै बढी सक्रिय भएको थिएँ।

त्यसपछि अवसरकै खोजीमा २००८ मा डेनमार्क पुगेर गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् डेनमार्कको अध्यक्ष भएर काम गर्ने अवसर पाएँ। २००९ मा अत्यन्तै ठूलो कोप-१५ कार्यक्रमको सन्दर्भमा 'सेभ द हिमालय' नेपालको अत्यन्तै महत्वपूर्ण पर्यटन प्रवर्द्धनसम्बन्धी काम गर्न हामीले गरेका थियौं । हिमालहरूको संरक्षणका लागि विश्वसामु हामीले 'सेभ द हिमालय' भन्ने कार्यक्रम डेनमार्कमा प्रस्तुत गरेका थियौं। नेपाली आरोहीहरू, ३७ जना सांसद, मन्त्री, प्रधानमन्त्रीलगायतको उपस्थितिमा हामीले त्यो भव्य कार्यक्रम सम्पन्न गरेका थियौं।

मेरो सुरुदेखि कै चाहना भनेको नेपालको पर्यटनलाई विश्व बजारमा कसरी लैजान सकिन्छ भन्ने थियो र त्यही पाटोबाट काम पनि गरिरहेको थिएँ । यही क्रममा सन् २०११ मा गैरआवासीय नेपाली संघको नेपाल प्रमोसन कमिटीको म सदस्य भएर काम गर्ने अवसर मिल्यो । विशेषतः डेनमार्कमै रहँदा नेपालमा पर्यटन प्रवर्द्धन गर्नका लागि त्यहाँ रहेका पर्यटनसँग सम्बन्धित संघ-संगठनहरू तथा दूतावाससँग समन्वय गरी काम गर्ने अवसर त्यति बेला मिलेको थियो।

यसैगरी सन् २०१४ देखि १६ सम्म गैरआवासीय नेपाली संघकै युरोप क्षेत्रको पर्यटन प्रवर्द्धन समितिको संयोजक भएर काम गर्ने अवसर पाएँ। उता नेपाल सरकार पर्यटन बोर्डको तर्फबाट मानार्थ जनप्रतिनिधिको रूपमा म नियुक्त पनि भएँ। त्यसमा विशेषतः हाम्रो अग्रसरतामा 'सेन्ड होम अ फ्रेन्ड', 'बुद्ध नेपाल क्याम्पेन' जस्ता कार्यक्रमहरू सञ्चालन भएका थिए । साथसाथै नेपाली मौलिकता झल्किने विभिन्न रोड सो, पञ्चेबाजाको प्रदर्शनी, नेपाल फेस्टिभल, एभरेस्ट डे, बुद्ध जयन्ती जस्ता कार्यक्रमहरू आयोजना गरेर डेनमार्कमा सिर्जनशील काम र अभियान सञ्चालन गरेर नेपाललाई चिनाउने भरपुर प्रयासहरू भएका थिए। जसको परिणम स्वरूप नेपालमा पर्यटकहरू भित्र्याउन केही भए पनि सहयोगी भूमिका निर्वाह गर्ने काम भएको थियो।

त्यसमा पनि हामीले विशेषतः स्थानीय कलेजहरूलाई नेपालबारे जानकारी गराउने, ब्रिफिङ गर्ने, लाइब्रेरीहरूमा नेपाल चिनाउने खालका प्रचार सामग्री राख्ने, विभिन्न व्यावसायिक संघ-संगठनहरूमा जाने र प्राइभेट सेक्टरका होटल, टुरिजम, मेनेजमेन्टसँग सम्बन्धित ट्राभल तथा टुर्सहरूमा पोस्टर तथा टेम्पलेट राख्ने, ब्यानर राख्ने, सार्वजनिक यातायातहरू पोस्टरहरू राख्ने कार्य पनि भएका थिए।

व्यावसायिक रूपमा नै सार्वजनिक यात्रुवाहक बसहरूमा समेत त्यस्ता पोस्टर राख्ने जस्ता विभिन्न खालका

कार्यक्रमहरू गरेर टुरिजम प्रमोसन गर्ने काम वा नेतृत्व गर्ने अवसर पाएको थिएँ।

सन् २०१५ मा नेपालमा भूकम्प गएपछि देशको अर्थतन्त्र भयानक संकटको अवस्थामा पुगेको थियो । अर्थात् भूकम्पपछि नेपाल आर्थिक रूपमा थिलथिलो अवस्थामा थियो । नेपालको पुनर्निर्माणका सवालमा ठूलो धनराशि आवश्यक भएको परिप्रेक्ष्यमा सन् २०१७ मा पर्यटन क्षेत्रलाई नै लक्षित गरेर 'भिजिन नेपाल युरोप क्याम्पेन २०१७' चलाइएको थियो।

त्यसको महासचिवका रूपमा रहेर सो क्याम्पेन आयोजना गर्दा हामीले युरोप नेपाल चेम्बर अफ कमर्स फर टुरिजमको सहयोगमा सकारात्मक नतिजा निकालेका थियौं। त्यसमा विशेषतः गाडी र विभिन्न रेस्टुरेन्टहरूमा पम्पप्लेटिङ, भिडियो सामग्रीलगायतका प्रदर्शनी गरेको थियौं । त्यसमा नेपाल घुम्नेहरूको अनुभव आदान-प्रदानसहितका विभिन्न अन्तरक्रिया कार्यक्रम, सेमिनार, गोष्ठीहरू पनि सञ्चालन गर्ने काम भएका थिए। यसबाहेक आफ्नो व्यवसाय र अवसरको खोजीमा माल्टामा पुग्दा फेरि २०२० देखि २०२१ सम्म अर्थात् दुई वर्ष माल्टाका लागि नेपाल टुरिजम बोर्डको मानार्थ जनप्रतिनिधिको रूपमा काम गर्ने अवसर मलाई मिल्यो । त्यहाँ पनि भिजिट नेपाल २०२० को कार्यक्रमका लागि महत्वपूर्ण कामहरू भएका थिए। सो क्रममा सार्वजनिक यातायातहरूमा हामीले डिजिटल ब्यानर तथा पोस्टरहरू राखेर महिनौंसम्म कार्यक्रमहरू गरेका थियौं।

उसो त सन् २०१८-०२० मा पनि गैरआवासीय नेपाली संघको एउटा प्रमोसन कमिटीमा संलग्न थिएँ। लगातार जस्तै सन् २००९ देखि नै एनआरएनएको आधिकारिक फोरमबाट हामीले 'टुरिजम प्रमोसन कमिटी' मा रहेर काम गर्दै आएको छु।

एनआरएनएको अहिलेको कार्यकालमा पनि म यसको संयोजक भूमिकामा छु । गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को टुरिजम प्रमोसन कमिटीको चियरको रूपमा हामीले आफ्नो कार्यलाई सोही गतिका साथ सफल बनाउनेतर्फ आफ्नो ध्यान केन्द्रित गरिरहेको अवस्था छ।

यसै प्रसंगमा माल्टापछि म बेलायत पुग्दा पनि हामीले फेरि वेल्सका लागि नेपाल सरकारको मन्त्रिपरिषद् बैठकबाटै टुरिजम गुडविल एम्बासडरका रूपमा नियुक्त गरियो । हामीले विशेषतः वेल्समा नेपालको पर्यटन प्रवर्द्धनका लागि कार्यक्रमहरूको आयोजना गर्ने, त्यहाँको मेयरसँग भेटघाट तथा स्थानीय जनताहरूसँग पनि समन्वय गरी स्थानीय क्लब तथा एसोसिएसनसँग मिलेर काम गरिरहेको छु।

विशेषतः गैरआवासीय संघको माध्यमबाट हामीले संसारभरि पर्यटनको क्षेत्रमा केही न केही काम गर्ने जमर्को गर्दै आएको छु। कार्यक्रमहरू गर्न नेपाल पर्यटन बोर्ड, मन्त्रालयसँग पनि समन्वय गर्दै विभिन्न क्याम्पेनहरू सञ्चालन गर्ने गरिएको छ।

साथसाथै नेपाल सरकार वा पर्यटन बोर्डले आयोजना गर्ने डब्लूटीओ जस्ता विभिन्न कार्यक्रमहरूमा पनि म उपस्थित हुने तथा राजदूतहरूसँग समन्वय गर्दै संसारभरका डिप्लोम्याटिक मिसनहरूलाई जोडेर काम भइरहेका छन्।

संगठनात्मक योगदानका अतिरिक्त, व्यक्तिगत रूपमा विभिन्न पहलहरूमार्फत नेपाललाई प्रमुख पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गर्न काम गरेको छु। सन् २०१७ मा 'हिमालयन ट्राभल मार्ट' आयोजना गर्ने टोलीको सदस्य थिएँ । नेपालमा पहिलोपटक गरिएको उक्त अन्तर्राष्ट्रिय ट्राभल ट्रेड शोले विश्वभरका २ सय २५ भन्दा बढी खरिदकर्ताहरूलाई आकर्षित गरेको थियो । जसले नेपालको पर्यटन सम्भाव्यतालाई विश्वव्यापी रूपमा विस्तार गर्न मद्दत पुगेको थियो।

यी सबै अवसरलाई देशका लागि सेवा गर्ने मौकाको रूपमा लिएको छु र यसका लागि सम्बन्धित निकायलाई धन्यवाद पनि दिन चाहन्छु । यसमा काम गरेबापत पर्यटन बोर्डमार्फत मानार्थ जनप्रतिनिधिको रूपमा सम्मान पाएको छु। त्यसैगरी भिजिट नेपाल युरोप २०१७ सम्पन्न गरेबापत पर्यटन बोर्डबाट सम्मान पाइएको थियो । त्यसैगरी युथ पार्लियामेन्टले पर्यटन प्रमोसन गरेबापत युवा उत्प्रेरणा पुरस्कारबाट सम्मानित गरेको थियो।
त्यसैगरी पर्यटन बोर्डले समग्र युरोपमा पर्यटन प्रवर्द्धनमा

सहयोग गरेकामा फेरि सम्मानित गरेको छ। गैरआवासीय अभियान र आफ्नो व्यक्तिगत प्रयासबाट यसमा काम गर्न पाउँदा गर्वको अनुभूति हुन्छ। खुसी पनि लाग्छ। नेपालको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा पर्यटन हो भन्नेमा कुनै दुई मत छैन । जसले नेपालको अर्थतन्त्रमा ७ देखि ८ प्रतिशतको योगदान पनि दिन्छ।

तर, नेपालमा जति पर्यटक आएका छन् यो त्यसलाई बृहत् रूपमा बढाउने गरी नीति, योजना र कार्यक्रम बनाउन जरुरी छ । पर्यटन क्षेत्रमा नेपालको अत्यन्तै सम्भावना हुँदाहुँदै पनि हामीले पर्याप्त गर्न सकिरहेका छैनौं । हामीकहाँ अहिले आउने पर्यटकहरूले औसतमा नेपालमा दुई साता बिताउने रहेछन्। उनीहरूको औसत खर्च दैनिक ५० देखि ५५ डलर हो। औसत बसाइ छोटो समय र सानो नम्बरमा खर्च भइरहेको सन्दर्भमा अब हाम्रो ध्यान लक्जरियस टुरिजमतिर जान जरुरी छ।

साथसाथै एयर कनेक्टिभिटीका कुराहरू छन्, जुन अपरिहार्य पनि छन् । एयर कनेक्टिभिटीले संसारभरिका गन्तव्यहरूलाई जोड्न जरुरी छ । त्यसैगरी लामो समयदेखि युरोपियन आकाशमा हाम्रो जहाज उड्न बन्देज लगाइएको सन्दर्भमा आइकाओसँग पहल गरेर नेपाल सरकारले कालोसूचीबाट हटाउनतर्फ पहलकदमी लिनुपर्छ।

हामीले आफ्नो सर्तहरू पूरा गरेर आफ्ना जहाजहरू युरोपको आकाशमा पनि उडाउन जरुरी छ। त्यसो गर्न सकियो भने पर्यटक आकर्षित हुन सक्छन् । साथसाथै पर्यटकमैत्री वातावरण र राजनीतिक स्थिरताको पनि महत्व घुमन्तेहरूमा हुन्छ। प्राइभेट सेक्टर, प्रवासमा बस्ने नेपाली, नेपाल पर्यटन बोर्ड र नेपाल सरकारको प्रयास रह्यो भने हामीले ठूलो संख्यामा पर्यटक ल्याउन सक्छौं र नेपालको अर्थतन्त्रलाई हामी सुधार्न गर्न सक्छौं।

# एनआरएनएमा युवा : लागौं राष्ट्र निर्माणमा

बिदेसिएपछि स्वदेश फर्कन नचाहनु या वातावरण नदेख्नु अहिलेको पेचिलो समस्या हो । जसका कारण पाखुरीमा बल भइन्जेल वैदेशिक रोजगारीमै रहिरहने र अन्त्यमा काम गर्ने शक्ति नभएपछि रित्तो हात स्वदेश फर्कने अवस्था बनिरहेको छ । उता अध्ययनका लागि जानेहरु पनि विदेशमै पलायन हुने क्रम बढ्दो छ । नेपालका लागि यो ठूलो समस्या हो । अब विदेशमा भएका युवालाई स्वदेशमा आकर्षित गर्ने कार्यक्रम र छलफलहरु धेरैभन्दा धेरै चलाइनुपर्छ ।



**अब्दुल बासिद**

सकभर देशमै रोजगार, स्वरोजगार तथा उद्यमशील हुने अवस्था सिर्जना गरिनुपर्छ र वैदेशिक रोजगारी बाध्यात्मक नभएर स्वेच्छिक हुनुपर्छ भन्ने गैरआवासीय नेपाली संघको सुरुदेखिकै मान्यता हो । तर, रोजगारका लागि होस् या अध्ययनका लागि युवाहरूको रोजाइ विदेश नै हुने गरेको छ । स्वदेशमा कुनै भविष्य नदेखेका युवाहरू विदेश भनेपछि आँखै चिम्लिने गर्दा नेपाल युवाविहीन बन्ने त होइन भन्ने प्रश्न जो कोहीको मनमा उठिरहेको छ। अतः विदेशी भूमिमा नेपाली युवायुवतीहरू अध्ययनका नाममा होस् या रोजगारका नाममा, संघर्ष गरिरहेका छन्।

हुन त आजको युगमा एकै ठाउँमा बस्नुपर्छ भन्ने छैन। जुन देश वा परिवेशमा रहे पनि आफ्नो देश वा परिवारका लागि काम गर्न सकिन्छ। विदेशी भूमिबाट नै आफ्नो जन्मभूमिका लागि योगदान दिन सकिन्छ। त्यही भएर त विश्वभरका नेपालीलाई एउटै मालामा जोड्नका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए) क्रियाशील रहेको छ। आफ्नो जन्मभूमि र विदेशमा रहेका नेपालीको सुख दुःखमा एनआरएनए हरदम सारथी बनिरहेको छ।

तर, विदेशी भूमिमा संघर्ष गरिरहेका लाखौं युवायुवतीलाई एनआरएनए अभियानमा अपेक्षाकृत रूपमा जोड्न सकिएको छ वा छैन भन्ने प्रश्न आउँछ। एनआरएनए सबैको साझा फूलबारी हो, यसमा युवा तथा दोस्रो पुस्ताका नेपालीहरूलाई समेट्न आवश्यक छ। एनआरएनएभित्र युवा केन्द्रित कार्यक्रम ल्याएर धेरैभन्दा धेरै युवा वर्गलाई जोड्न आवश्यक छ। पछिल्लो समय संस्थामा नेतृत्वका लागि आम युवाको आकर्षण देखिन थालेको छ। एनआरएनए एनसीसीको नेतृत्वमा समेत युवाहरूको बाहुल्यता देख्न थालिएको छ। यो खुसीको विषय हो। प्रत्येक एनसीसी र आईसीसीले युवालाई जोड्नका लागि विभिन्न पद तथा जिम्मेवारी पनि दिएको छ।

अहिले पहिलो पुस्ताको नेपालीलाई नेपालप्रतिको माया र

आस्था भएपनि हुर्कंदै गएको दोस्रो पुस्तामा यो भावना कायम राख्नु चुनौतीपूर्ण बन्दै गएको छ । विशेषगरी अमेरिका, क्यानाडा, अष्ट्रेलिया तथा युरोपियन मुलुकहरूमा दोस्रो पुस्ताका नेपालीको संख्या बढदो छ । उनीहरूलाई नेपालसँग जोडिराख्न र भाषा-संस्कृति तथा रीतिरिवाजबारे बुझाउन नसके उनीहरू नेपालबाट टाढिने खतरा छ । यसका लागि विदेशमा नेपाली कला संस्कृति तथा भाषाको महत्व बढाउन तथा दोश्रो पुस्ताका नेपालीहरूलाई नेपालको कला संस्कृति तथा भाषाप्रति आकर्षण बढाउन एनआरएनएले थप विभिन्न कार्यक्रमहरू ल्याउनु जरुरी छ।

एनआरएनएले आफ्नो तर्फबाट नेपाली कलासंस्कृति झल्कने विभिन्न कार्यक्रम, खेलकुद प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, नेपाल डे, पर्यटन प्रवर्द्धनलगायत कार्यक्रम गर्दै आइरहेको छ भने केही मुलुकमा रहेका दोस्रो पुस्ताका नेपालीलाई लक्षित गरी विदेशमा रहेका नेपालीको लगानीमा नेपाली भाषा पाठशाला पनि सञ्चालन गरिएको छ । यसमा एनआरएनए र विदेशमा रहेका नेपालीको मात्र प्रयत्न पर्याप्त नहुनसक्छ यसैले नेपाल सरकारले नै विदेशमा रहेका दोस्रो पुस्तालाई नेपालसँग जोडिरहन विशेष कार्यक्रम ल्याउन जरुरी छ।
अहिले बाध्यताले होस् या रहरले होस् बिदेसिने ट्रेन नै चलेको छ। रोजगारीसँगै अध्ययनका लागि देश छाड्ने युवाहरू दिन प्रतिदिन बढिरहेका छन्। त्यसो त अवसर या ज्ञानको खोजीमा बिदेसिनु विश्वव्यापी प्रचलन नै हो। तर, यसरी अवसर र ज्ञानको खोजीमा बिदेसिएका युवाहरूले प्राप्त गरेको ज्ञान, सीप र पुँजीलाई स्वदेश भित्र्याउन नसक्दा देशले अपेक्षाकृत फाइदा लिन सकिरहेको छैन।

विशेषगरी रोजगारी र अध्ययनका लागि विदेशीनेहरू अधिकांश युवा नै हुन् । तर, बिदेसिएपछि स्वदेश फर्कन नचाहनु या वातावरण नदेख्नु अहिलेको पेचिलो समस्या हो । जसका कारण पाखुरीमा बल भइन्जेल वैदेशिक रोजगारीमै रहिरहने र अन्त्यमा काम गर्ने शक्ति नभएपछि रित्तो हात स्वदेश फर्कने अवस्था बनिरहेको छ । उता अध्ययनका लागि जानेहरू पनि विदेशमै पलायन हुने क्रम बढ्दो छ । नेपालका लागि यो ठूलो समस्या हो । अब विदेशमा भएका युवालाई स्वदेशमा आकर्षित गर्ने कार्यक्रम र छलफलहरू धेरैभन्दा धेरै चलाइनुपर्छ।

स्वदेशमै रोजगार, स्वरोजगार या उद्यमशीलताको वातावरण नहुँदा या नदेख्दा नै यी सबै समस्या थपिएका हुन् । यी यावत समस्या समाधानका लागि सबैभन्दा पहिला त देशमै प्रसस्त रोजगारी, स्वरोजगार र उद्यमशीलताका अवसर सिर्जना गर्न सक्नुपर्छ । अनि स्वदेशमा नै उद्यमशील हुन् चाहनेहरूका लागि सरकारले वातावरण बनाइदिनुपर्छ । आफ्नो जन्मभूमिमा लगानी गर्न चाहनेहरूका लागि आम एनआरएनएहरूले पनि साथ दिनुपर्छ । यदि वैदेशिक रोजगारीमा जानै पर्ने अवस्था आयो भने केही न केही सीप सिकाएर पठाउन सक्नुपर्छ तबमात्र अहिलेको भन्दा बढी आय-आर्जन गर्ने अवस्था सिर्जना हुनेछ।

अहिले वैदेशिक रोजगारीमा गएकाहरूको रेमिट्यान्सले नै मुलुकको अर्थतन्त्र धानिएको छभन्दा फरक नपर्ला। नेपाल इकोनोमी फोरमका अनुसार सन् २०२२ मा नेपालको जिडिपीमा रेमिट्यान्सको हिस्सा करिब २५ प्रतिशत रहेको छ भने ५६ देखि ६० प्रतिशत परिवारमा रेमिट्यान्स भित्रने गरेको छ।

एनआरएनएले युवाहरूलाई आकर्षित गर्नका लागि विभिन्न कार्य गर्न जररी देखिन्छ। पहिलो त नेपाली युवाहरूलाई उद्यमशील तथा स्वरोजगार बनाउनका लागि पहल गर्दै एनआरएनए मार्फत रोजगार सिर्जना गर्ने र उपलब्धिमूलक क्षेत्रमा युवाहरूको सामूहिक लगानी बढाउने काम गर्नुपर्छ। त्यसैगरी आम नेपालीले सोचेको सुखी र समृद्ध नेपाल बनाउने सपना साकार पार्न उचित क्षेत्रमा एनआरएनएहरूको सामूहिक लगानी ल्याउने, सामूहिक लगानीमा सबैको सानो सानो पुँजी समेटर देश विकासमा लगानीका लागि पहल गर्न जरुरी छ।

विदेशमा सिकेको र आर्जन गरेको सीप र पुँजीलाई स्वदेशमा लगानी गरेर स्वदेशमा नै रोजगारको विकास गर्ने, वैदेशिक रोजगारबाट फर्किएपछि पुनः विदेश जानुपर्ने अवस्थाको अन्त्यका लागि एनआरएनएले विभिन्न कार्फत्रम ल्याउन आवश्यक छ। विदेशमा रहेका विभिन्न पेशा तथा क्षेत्रमा रहेका युवाहरूलाई एनआरएनएप्रतिको आकर्षण बढाउने, धेरै भन्दा धेरै युवाहरूलाई एनआरएनएको महत्व र आवश्यकताको अनुभूति दिलाउने जसका लागि युवा केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने गर्नुपर्छ।
**(बासिद एनआरएनएका युवा संयोजक हुन्।)**

# रफ्तारमा एनआरएनए अग्रगमन

'भिजन २०२०' मार्फत परिकल्पित एनआरएनए फाउन्डेसनद्वारा मूलत: चन्दाको भरमा चलेको संस्था एनआरएनएलाई आत्मनिर्भर बनाउँदै परिष्कृत गर्न खोजिएको छ । बहुपदको सिर्जना गरेर धेरै सक्रिय र संस्थामा योगदान गर्न चाहने र गर्न सक्ने सदयस्यहरुलाई समेट्न खोजिएको छ ।

नेपाली बास्तवमै मेहनती र लगनशील हुन्छन् भन्ने कुराको हामी आज प्रमाण भेटिरहेका छौं । हाम्रो आप्रवासनको सुरुवात भएको लगभग ५० वर्ष जति भए पनि यसको उत्सर्ग ९० को दशकलाई मान्न सकिन्छ । सरसर्ती यो ३०-३५ वर्षको अन्तराललाई हेर्ने हो भने, अन्तर्राष्ट्रिय जगतमा नेपालीले आर्जन गरेको ज्ञान, सीप र पुँजी गर्भ गर्न लायक उचाइमा पुगेको छ ।



सन्तोषकुमार भट्टराई



दस्तावेजीय रूपमा तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले सुरु गरेको नेपालीको विदेशयात्रा, आजसम्म आइपुग्दा आप्रवासीको संख्या मात्रै पनि ६० लाखभन्दा बढिरहेको अनुमान छ । विभिन्न उद्देश्य लिएर विदेश जानेहरूको संख्या सुरुका दिनमा न्यून रहे पनि ९० को दशकपछि भन्ने ह्वात्तै बढेको थियो । खासगरी युरोपमा तत्कालीन जर्मन चान्सलर डा. हेल्मुट कोलले तत्कालीन राष्ट्रिय पञ्चायतमा सम्बोधन गरेपछि, नेपाल र जर्मनीको कूटनीतिक तथा पारस्पारिक सम्बन्धमा निकै ठूलो र दूरगामी परिवर्तन आयो।

त्यही परिवर्तित सम्बन्धको परिणाम स्वरूप नेपालीले जर्मनीमा अनएराइभल प्रवेशआज्ञा प्राप्त गरे र विदेश यात्राको मूलप्रवाह सुरु भयो । हुन त अन्य कतिपय देशहरूले पनि यस्तो प्रवेशआज्ञालगायत सुविधा नदिएका होइनन् । त्यस्तै सोभियत संघले पनि आफ्नो राजनीतिक

प्रभाव विस्तार गर्न र अन्तर्राष्ट्रिय बौद्धिक जगतलाई आफ्नो पक्षमा तयार गर्न शिक्षालाई आधार बनाएर शैक्षिक छात्रवृत्ति दिने गरेकाले पनि धेरै नेपालीले उक्त सुविधाको सदुपयोग गरेको प्रस्ट नै छ।

यसले नेपालको शैक्षिक तथा राजनीतिक क्षेत्रमा निकै ठूलो प्रभाव पारेको थियो । यसरी विदेश जानेक्रममा रसिया, जर्मनी, जापान, अस्ट्रेलिया, खाडीलगायत देशहरूलाई कर्मथलो बनाएर बसेका हाम्रा अग्रजहरूबाट गैरआवासीय नेपालीको हितको पक्षपोषणका लागि संगठित रूपले अघि बढ्न मस्कोमा प्रारम्भिक छलफल गरी सन् २००३ मा लन्डनमा यो संस्था खुलेको हो। विदेशमा देखेको विकास र प्रविधि लगेर नेपालको समृद्धि अभियानमा योगदान गर्नु यसको मुख्य ध्येय थियो।

सीमित उद्देश्यसहित १३ देशबाट सुरु भएको एनआरएनए आज ८६ भन्दा बढी देशमा फैलिसकेको छ । विदेशमा रहेका गैरआवासीय नेपालीले आर्जन गरेको ज्ञान, सीप र पुँजीलाई समेटेर नेपाल र नेपालीको हित र समृद्धिका लागि प्रयोग गर्ने भन्ने उद्देश्यभित्र लेखिएका, अतिरिक्त नलेखिएका पनि थुप्रै कुराहरू समेटिएका छन्। त्यसैले यस संस्थाको दायरा र कार्य क्षेत्र पनि बिस्तार हुँदैछ । हामीप्रतिको नेपाल र नेपालीको अपेक्षाले पनि हाम्रो दायित्व बढाएको छ।

गैरआवासीय नेपाली संघ स्थापना गर्दा सोचिएको क्षितिज, राखिएका उद्देश्यहरू आज साँगुरो हुन पुगेका छन्। यति छिटो कुनै पनि संस्था अन्तर्राष्ट्रिय स्तरमा पुग्न मात्र होइन लोकप्रिय पनि हुनसक्छ भनेर कमैले सोचेको हुनुपर्छ। ६० लाखभन्दा बढी नेपाली, झन्डै १ लाख पञ्जीकृत सदस्यहरू संगठित यो संस्थाले प्राप्त गरेको उचाइ, नेपाल र नेपालीको सुख-दुःखको साथी बन्दै, विकास र समृद्धिको मुख्य साझेदार रूपमा आफ्नो परिचय बनाउन सफल भइसकेको छ। संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोलगायत संस्थापक सदस्यहरूले त्यसबेला एउटा राम्रो गन्तव्यतर्फ पाइला बढाएको हुनाले नै हामी आज यस ठाउँमा उभिन सफल भएका छौं । लक्ष्य प्राप्ति महत्वपूर्ण भए पनि लक्ष्यप्राप्तिको बाटोतर्फको यात्रा मात्र सार्थक हुन्छ र हामी त्यही सही दिशामा छौं भन्ने कुराको पुष्टि हुँदै गइरहेको छ।

नेपाली बास्तवमै मेहनती र लगनशील हुन्छन् भन्ने कुराको हामी आज प्रमाण भेटिरहेका छौं । हाम्रो आप्रवासनको सुरुवात भएको लगभग ५० वर्ष जति भए पनि यसको उत्सर्ग ९० को दशकलाई मान्न सकिन्छ। सरसर्ती यो ३०-३५ वर्षको अन्तराललाई हेर्ने हो भने, अन्तर्राष्ट्रिय जगतमा नेपालीले आर्जन गरेको ज्ञान, सीप र पुँजी गर्भ गर्न लायक उचाइमा पुगेको छ।

अन्तर्राष्ट्रिय स्तरमा स्थापित भइसकेका वैज्ञानिकहरू, विभिन्न विधाका विशेषज्ञहरू र बौद्धिक व्यक्तित्वहरूको संख्या पनि निकै ठूलो छ । साना, मझौला अनि ठूला व्यापार तथा उद्योगपतिहरूको संख्या पनि अप्रत्याशित रूपमा बढेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा लगानी गर्ने र गर्न सक्ने नेपाली व्यवसायीहरूको संख्या पनि आशालाग्दो छ। कला, संस्कृति र पर्यटनले मात्र चिनिएको हाम्रो देश आज व्यावसायिक र बौद्धिक रूपमा पनि परिचित हुन् सुरु भइसकेका छन्।

६० लाखभन्दा बढी गैरआवासीय नेपालीलाई प्रतिनिधित्व गर्ने संस्था पनि समय सापेक्षित हुन जरुरी छ। विधि र पद्धतिमा चल्नुपर्छ। तात्कालिक उद्देश्यहरूमा परिमार्जन आवश्यक छ। सबै खाले विचार, वर्ग र हैसियतका नेपाली अटाउने एउटा फराकिलो संस्थाको रूपमा विकसित हुन् जरुरी छ। सधैं चन्दाको भरमा चलेको यो संस्था स्वचालित र स्वाबलम्बी हुन जरुरी छ । यति ठूलो सामाजिक अन्तर्राष्ट्रिय सञ्जाल भएको संस्थामा पारदर्शिताको ज्यादै ठूलो महत्व हुन्छ। विधि र पद्धतिले मात्र यस्ता संस्थाहरू चल्न सक्छन् भन्ने कुरामा हामी कसैको दुईमत हुन् सक्दैन।

सीप साधन र स्रोतको परिचालन मात्र अब यसको उद्देश्य रहन सक्दैन। दैविक प्रकोपको बेलामा देखिने हाम्रो भूमिका अब हाम्रो पहिचान र औचित्यको आभार बन्नुहुँदैन । च्यारिटीले मात्र देशमा समृद्धि सम्भव छैन भन्ने कुरा हामी सबैले बुझ्न जरुरी छ । कुनै निश्चित समयमा हामीले गरेका योगदानलाई मात्र भजाएर हाम्रो अस्तित्व पुष्टि हुँदैन, तर त्यस्ता सामाजिक कार्यको निरन्तरता भने आवश्यक छ । दैविक प्रकोप वा विपत्तिको बेला गरिने आपत्कालीन राहत वा सहयोगभन्दा, त्यस्ता प्रकोप वा विपद् निवारण र पूर्वरोकथामका लागि आवश्यक विपद् व्यवस्थापन, तत् अनुरूपका सामग्री र संरचनाहरू बढी महत्वपूर्ण र प्रभावकारी हुन्छन्, र हामीले विदेशमा देखेका

र भोगेगा पनि छौं । त्यसैले यस्ता विषयहरूको ज्ञान र अनुभवको प्रवाह गरिन आवश्यक छ।

आर्थिक सहयोगभन्दा प्रविधिको हस्तान्तरण र लगानी बढी महत्वपूर्ण छन् भन्ने कुरा टड्कारो रूपमा प्रष्ट भइरहेको छ। पछिल्लो समयमा गैरआवासीय नेपालीले बढाएको र देखाएको लगानीप्रतिको चाहना सकारात्मक देखिएको छ। एकल र संयुक्त लगानीको अवधारणा सही भए पनि व्यापाक सहभागितामा कमी देखिन्छ । केही सीमित र प्रत्येक्ष अनि बढी लाभको क्षेत्रमा मात्र लगानी गर्दा गैरआवासीयहरू लाभ मात्र चाहन्छन् भन्ने सन्देश प्रवाह भएको पाइन्छ।

यस्तो लगानी नाफामूलक त हुनै पर्छ तर गैरआवासीय नेपालीले गर्ने लगानी सामाजिक उत्तरदायित्व सहितको रोज़गारी सिर्जना र राष्ट्रिय संरचना निर्माण गर्ने किसिमका हुन् जरुरी छ। त्यसैले हामिले लगानी गर्नुको औचित्य, क्षेत्र र यसले राष्ट्रिय अर्थतन्त्रमा पार्ने प्रवाभका बारेमा प्रष्ट पार्न जरुरी छ । गैरआवासीय नेपालीले नेपालमा गर्ने लगानी विदेशमा मुनाफ़ा कम भएर नेपालबाट बढी लाभ लिनका लागि मात्र गरिने लगानी होइन र हुनुहुँदैन।

यसरी राष्ट्रले भरोसा गरेको संसारभरि छरिएर रहेका नेपालीको साझा संस्था आफैंमा पनि उदाहरणीय हुन् जरुरी छ। विधि र पद्धतिमा चल्ने, एक स्वतन्त्र र निष्पक्ष संस्था हुन् जरुरी छ। समय समयमा खासगरी अधिवेशन र निर्वाचनका बेलामा देखिने र हुने गरेका विसंगतीहरूले हाम्रो मानमर्दन गरेको कुराको हेक्का राख्न जरुरी छ । राजनीतिलाई ढोकाबाहिर राखेर गैरआवासीय नेपाली संघमा लागौं भन्ने तर व्यवहारमा प्रत्येक्ष राजनीतिक आड, भरोसामा आफ्नो नेतृत्व स्थापित गर्न गराउन लाग्ने कार्यले संस्थाको साख गिर्दो छ।

आफू वा आफ्नो समूह सधैं सर्वेसर्वा रहन गरिने प्रयास र गुटबन्दीले संस्थाप्रतिको मोह कम गराइरहेको छ । कम्तीमा अब गैरआवासीय नेपाली संघ एउटा उन्नत र सर्वमान्य संस्थाका रूपमा परिवर्तित र परिमार्जित हुन जरुरी छ। सिंगो देश र नेपाली जनताहरूले अर्थात् हाम्रो परिवारले हामीबाट उन्नत राजनीतिक, सामाजिक तथा आर्थिक गतिविधिको अपेक्षा गरेको देखिन्छ। यसर्थ हामीले विदेशबाट आर्जन गरेको शैक्षिकज्ञान, सीपसँग सिकेका नैतिक ज्ञानसमेत नेपाल लैजान आवश्यक छ।

महाभूकम्पले देश क्षतविक्षत भएको बेला पुनर्निर्माणको साझेदार बनेर निर्माण गरेको लाप्राक नमुनाबस्ती एक उदाहरणीय काम भए पनि वस्तु परिस्थितिको राम्रो मूल्यांकन नगरी सस्तो लोकप्रियताका लागि गरेको कार्यजस्तो हुन् पुग्यो। सोचेको वा योजनाभन्दा ज्यादै बढी महँगो मूल्य चुकाएर ज्यादै मुस्किलले यो परियोजना सम्पन्न भयो।

यस्ता महान कार्यहरू पनि कहिलेकाहीँ प्रत्युत्पादक हुन् सक्ने रहेछन् भन्ने कुरा भविष्यमा ख्याल गर्नुपर्ने ज्ञानसमेत यस परियोजनाले सिकाएको छ। निकै लामो समय लगाएर बनाएको शंखमूल पार्कको लगानी पनि उपलब्धिको आधारमा बढी हुन् पुगेको छ। त्यस्तै हामीले निर्माण गरेको संरचनाको मर्मत र सम्भार पनि अर्को महत्वपूर्ण चुनौती हो भन्ने हामीले ख्याल राख्न आवश्यक छ।

झाडापखाला लगायतका थुप्रै बिमारीहरू, बाढी, पहिरो, शीतलहर, आगलागी, भूकम्प अनि कोरोनाको बेला होस् वा थुप्रै घटना दुर्घटना र परिस्थितिमा गैरआवासीय नेपाली संघले पुऱ्याएको योगदानहरू धेरै छन्। जब देशमा विपत्ति आउँछ, हामी गैरआवासीय नेपाली आफूले दुःख गरेर कमाएको १-२ डलर जम्मा गरेर तुरुन्तै घाउमा मल्हम लगाउन तयार हुन्छौं र हामीलाई देशले पनि सम्झिरहेको हुन्छ । विभिन्न कमीकमजोरीहरूका बाबजुद पनि नेपालको विकास, सम्रिद्धि र आपत विपद्मा जोडिरहने चाहाने हामी गैरआवासीय नेपालीलाई नेपालसँग जोड्न राज्यका तर्फबाट पनि पहलकदमी हुन् जरुरी छ।

अधिकार खोज्नेले दायित्व निर्वाह गर्नुपर्छ र दायित्व निर्वाह गर्नेले अधिकार पाउनुपर्छ भन्ने कुरा स्वतः स्वीकार्य छ । एकपटकको नेपाली सधैंको नेपाली रहोस् र बिदेसिएका नेपालीका सन्तानहरूको नेपालसँग नाता नटुटोस् भनी गैरआवासीय नेपाली संघले उठाएको नागरिकताको विषय कुनै क्षणिक आवेगको विषय होइन। नागरिकलाई राष्ट्रसँग जोड्ने कडी नागरिकता मात्र हो । विश्व खुम्चिएर सीमाविहीन भइसकेको अवस्थामा नागरिकता एउटा पहिचानको आधार मात्र हो भन्ने कुरा बुझ्न जरुरी छ । नागरिकताकै आधारमा आफ्नो पूर्खाहरूको खोजी गर्ने र

इतिहास लेख्ने गरिन्छ । त्यसैले हामी र हाम्रा सन्तान दरसन्तानहरूलाई नेपाल र नेपालीसँग जोडी राख्न यो नागरिकताको सवालमा राज्य लचिलो हुन् जरुरी छ।

राजनीतिक अधिकार बाहेकको गैरआवासीय नेपाली नागरिकता दिने सवालमा पनी पुनर्विचार गर्न जरुरी छ। राष्ट्रको भाग्य र भविष्यप्रति चिन्तित हुन् पाउने र त्यसको रक्षा गर्न पाउने अधिकार कुनै पनि नागरिकबाट खोस्न मिल्दैन। राजनीतिक अधिकारभित्र पर्ने चुन्ने र चुनिने दुई फरक अधिकार हुन्, यसलाई संयुक्त र एकल रूपमा मात्र पनि प्रयोग गर्न सकिने यथार्थलाई आजको बौद्धिक समाजले नकार्न मिल्दैन।

स्पष्ट भन्ने हो भने १६ वर्ष पुगेको प्रत्येक युवा-युवतीहरूले नागरिकता लिन पाउनु उनीहरूको नैसर्गिक नागरिक अधिकार हो।  तर, १८ वर्ष पुगेपछि मात्र मतदान गर्न पाउनु वा २१ वा सोभन्दा बढी उमेर भएपछि मात्र विभिन्न पदमा उम्मेदवार हुन् पाउनु उसको राजनीतिक अधिकार हो । नागरिकता भित्रको कुन अधिकार कसले र कुन प्रक्रियाबाट प्रयोग गर्न सक्छ भन्ने कुरा छलफलको विषय हो र यसलाई ऐनमार्फत व्यवस्थित गर्न सकिन्छ।

यसैले नागरिकताभित्र निहित नागरिक र राजनीतिक अधिकारलाई अभिभाज्य रूपमा प्रस्तुत गर्ने व्याख्या विभेदपूर्ण छ । नेपाल राज्यभित्र रहेका राजनीतिक दल, स्वतन्त्र दल वा उम्मेदवारहरूमार्फत आफ्नो देश, आफ्नो परिवार, आफ्नो समाज, आफ्नो लगानी र सामाजिक तथा प्रजातान्त्रिक मूल्य र मान्यताहरूको संरक्षण गर्नका लागि गैरआवासीयहरूले मतदान गर्न पाउनु उनीहरूको नैसर्गिक अधिकारभित्र पर्नुपर्छ । त्यसैले अब जारी हुने गैरआवासीय नेपाली नागरिकतामा यी विभेदपूर्ण प्रावधानहरूलाई उचित सम्बोधन गरी अधिकार र दायित्वसहितको नेपाली नागरिकता जारी गराउन, हामी सबले आवाज उठाउन जरुरी छ।

'भिजन २०२०' मार्फत परिकल्पित एनआरएनए फाउन्डेसनद्वारा मूलतः चन्दाको भरमा चलेको संस्था एनआरएनएलाई आत्मनिर्भर बनाउँदै परिष्कृत गर्न खोजिएको  छ । बहुपदको सिर्जना गरेर धेरै सक्रिय र संस्थामा योगदान गर्न चाहने र गर्न सक्ने सदयस्यहरूलाई समेट्न खोजिएको छ।

केन्द्रको विधानसँग नबाझिने गरी सबै राष्ट्रिय परिषद्हरूको विधानमा एकरूपता ल्याउँदै एकैखाले संरचनामा संगठनको निर्माण र सञ्चालन गर्न खोजेको देखिन्छ । यति बृहत् संरचना भएको अन्तर्राष्ट्रिय संस्था सधैं परम्परागत ढंगले मात्र चल्न सक्दैन। आज विकसित भइरहेका थुप्रै प्रविधि र इन्टरनेटमार्फत प्राप्त सुविधा र सम्भावनाहरूलाई पनि प्रयोग गर्दै उन्नत हुन त्यतिकै जरुरी छ । एमआईएस, स्मार्ट एनआरएनए जस्ता अनलाइन प्रविधिबाट सदस्यतालाई व्यवस्थित गर्न खोजेको पनि देखिन्छ । संस्थागत सूचनाको प्रवाह, सदस्यताको व्यवस्थापन, र मतदानजस्ता कुरालाई प्रविधिमार्फत सहज गरेर लैजानुमा नै यो संस्थाको भविष्य छ।

यो संस्था दर्तादेखि आजसम्म आइपुग्दा संरचनाको हिसाबले उन्नत, सदस्य संख्याको हिसाबले बृहत्, उद्देश्यहरू हिसाबले पूर्ण सामाजिक र जिम्मेवारीका हिसावले आर्थिक समृद्धिको संवाहकको रूपमा विकसित भइरहेको छ। त्यसैले यस्तो गहन र ऐतिहासिक महत्व बोकेको अन्तर्राष्ट्रिय संस्थाको नेतृत्व पनि उन्नत, दूरदर्शी र परिस्कृत हुन त जरुरी छँदै छ, यो संस्थालाई हेर्ने दृष्टिकोण, उद्देश्य र यसका उपलब्धिहरूमा समेत आज एउटा फरक उचाइको मूल्यांकनको आवश्यकता जरुरी हुन पुगेको छ।

**(भट्टराई गैरआवासीय नेपाली संघका युरोप क्षेत्रीय संयोजक हुन्)**



# एनआरएनए : २० वर्ष र अबका वर्ष

**विगतमा हामीले नागरिकता र लगानीको कुरा गरेका थियौं, अबको नेतृत्वले युवाहरुलाई लक्षित गरेर काम गर्नुपर्छ । अहिले नलेज बैंकको कुरा आइरहेको छ र विश्व ज्ञान सम्मेलन पनि हुँदैछ । विश्व ज्ञान सम्मेलनमा प्रोफेसरहरु मात्र होइन, ४० वर्षमुनिका युवाहरुलाई पनि अनुभव सेयर गर्न दिनुपर्छ । उनीहरुको आइडिया लिएर हामीले काम गर्न जरुरी छ ।**

**चिरञ्जीवी ढकाल**

२००३ सालको अगष्ट महिनामा लन्डनस्थित नेपाली राजदूतावासमा रुसमा बस्ने साथीहरूले एउटा सन्देशसहित प्याकेज पठाउनुभएको छ र युकेमा बस्ने नेपाली समुदायका सदस्यहरूको सहयोगको अपेक्षा गर्नुभएको छ भन्ने हामीले खबर पायौँ । म त्यसबेला बेलायतस्थित पुरानो नेपाली संस्था 'यती नेपाली एसोसिएसन' को महासचिव थिएँ । त्यो नाताले पनि हामीलाई खबर आएको थियो। उक्त संस्था सन् १९६० मा दर्ता भएको हो । बेलायतका लागि नेपाली राजदूत प्रवलशमशेर जबरा हुनुहुन्थ्यो।

त्यसपछि म नै दूतावास गएर त्यो प्याकेज बुझेर ल्याएँ। यती नेपाली एसोसिएसन त्यतिबेला फाउन्डेसनसहितको थियो। हामी संयुक्त रूपमा बैठक बसेर रुसबाट डा. उपेन्द्र महतो, जीवा लामिछाने, भीम उदासलगायतका साथीहरूले अब नेपालाको समृद्धि, सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणका साथै विकासका लागि विदेशमा बसेका नेपालीहरूको आवश्यकताको अनुभूति गरेर सांगठनिक रूपमा नेपाललाई कसरी सहयोग गर्न सकिन्छ भनेर परिकल्पना गरेर नेपालीहरू जुटाउने क्रममा युरोपको सबैभन्दा ठूलो नेपाली समुदाय भएको नाताले सहयोगका लागि नेपाली राजदूतावासलाई पत्र पठाउनु भएको रहेछ।

उहाँहरू छिट्टै लन्डन आउँदै हुनुहुन्छ भन्ने पनि पत्रमा उल्लेख थियो । त्यसपछि हामीले बैठक बसेर छलफल

गऱ्यौं। रुसका साथीहरूले निकै राम्रो काम सुरु गर्नुभएको रहेछ, उहाँहरूलाई सक्दो सहयोग गरौं र लन्डनमा स्वागत गरौं भन्ने निर्णय गऱ्यौं। त्यसैअनुसार २००३ अगष्टको ३० तारिखमा लन्डनको एउटा नेपाली रेस्टुराँमा सामाजिक प्रतिष्ठित व्यक्तित्वहरू डा. राघव धिताल, प्रा सूर्य सुवेदी, महन्थ श्रेष्ठ, बीबीसी नेपाली सेवाका रवीन्द्र मिश्र, ध्रुव केसी, बालमुकुन्द जोशीलगायत यति कार्यसमितिका साथीहरू भेला भयौं। भेलामा भाग लिन रुसबाहेक अस्ट्रेलियाबाट दीपक खड्का, जर्मनीबाट राम प्रताप थापा, अमेरिकाबाट कुन्जर शर्मालगायतका प्रतिष्ठित व्यक्तिहरू आउनुभएको थियो।

त्यो बैठकमा हामीले अब नेपालको विकासका लागि केही गर्नुपर्छ भन्यौं। डायस्पोरामा नेपालीको संख्या बढ्दै गयो, अब कसरी संगठित रूपमा अगाडि जाने भनेर एउटा निर्णय गरियो। त्यतिबेला नेपालमा माओवादी द्वन्द्व एकदमै बढेको थियो। जसका कारण नेपालमा गएर सम्मेलन गर्न सकिन्छ कि सकिँदैन भन्ने द्विविधा पनि थियो। नेपालमा हाम्रा बाबुआमा बसिरहनु भएको छ भने हामी मात्रै आफ्नो मातृभूमि जान किन डराउने भन्दै सन् २००३ को अक्टोबरमा विश्वसम्मेलन गर्ने निर्णय गरियो। आयोजक समिति बनाउँदा आयोजक समितिमा पनि म बसेँ।

पहिलो विश्वसम्मेलनमा हामी ३४ राष्ट्रका व्यक्तिहरू काठमाडौंमा जम्मा भयौं। नेपालमा डा. उपेन्द्र महतोको अध्यक्षतामा पहिलो कार्यसमिति गठन हुँदा संस्थापक सचिवको रूपमा काम गर्ने जिम्मा मैले पाएँ। त्यसैले एनआरएनएको गर्भाधान रुसमा भयो, बेलायतमा जन्म भयो र नेपालमा गएर त्यसको न्वारान (नामाकरण) गरियो भन्ने भनाइ प्रचलनमा आएको हो।

सन् २०१० सम्म सांगठनिक रूप दिनमात्रै एनआरएनए संस्था व्यस्त बन्यो। हामीलाई एउटा माहोलको जरुरी थियो भने प्रवासमा रहेका नेपालीहरूलाई संगठित गर्नुपर्ने अवस्था थियो। संगठन ठूलो हुँदै गर्दा यसले राम्रो र नराम्रो दुवै पक्ष समेट्दो रहेछ। ६०-६५ देशमा संगठन बन्दै गएपछि त्यसभित्र केही न केही नकारात्मक पक्षहरूले पनि प्रवेश गर्दो रहेछ। २०१३ पछि संगठनले अर्कै मोड लिँदै गयो। पछिल्लो ४-५ वर्षको घटनाक्रमले संगठनको सुरुआत गर्दा हामीले गरेको परिकल्पना अनुसारको अवस्था नबनेको मैले अनुभूति गरेको छु।

संघका पछिल्ला चुनावहरूमा नेपाली राजनीति र आर्थिक चलखेलको धेरै नै प्रभाव परेको देखियो। हामी देश छोडेर विदेशमा बसेर नेपालको आर्थिक, सामाजिक विकास र सांस्कृतिक रूपान्तरण गर्न सहयोगका लागि संगठित रूपमा अगाडि बढ्नुपर्ने संस्थामा नेपाली राजनीतिक पार्टीहरूको केही न केही आकांक्षा, हाम्रो संगठनप्रति उहाँहरूको लगाव र उहाँहरूको केही मोह र केही पार्टीगत स्वार्थको रुचि बढ्नाले संस्थालाई धेरै नै असर गरेको रूपमा पनि बुझ्न सकिन्छ। गएको १० औं विश्वसम्मेलन समयमा आयोजना गर्न सकिएन।

अब यो स्थितिलाई बदल्नका लागि राजनीतिक दलहरूका भ्रातृ संस्थामा रहेका साथीहरूले एनआरएनएमा आउँदा दलगत राजनीतिलाई बाहिरै राखिदिए हुन्थ्यो। यसो गरियो भने स्वच्छ र निष्पक्ष एनआरएनए बन्छ। राजनीतिक आस्था भएका साथीहरूले पनि पार्टीका नेताहरूले हस्तक्षेप गर्न खोज्दा उहाँहरूले नै गर्न नदिने वातावरण बनाउनुपर्छ। तर, अहिले कस्तो छ भने विदेशमा बस्ने साथीहरू नेपाल आउनासाथ नेताहरूका घर-घरमा पुग्ने र उहाँहरूको सहयोगबाट संस्थामा पनि बलियो बन्छु भन्ने मानसिकता देखिन्छ। यो मानसिकता नत्याग्दासम्म सुधार गर्न गाह्रो नै देख्छु।

एनआरएनए विशुद्ध सामाजिक संगठन भएकाले यसमा रहने साथीहरू नै चनाखो हुनुपर्छ। यसैगरी भोटिङको सवालमा पैसाको चलखेल भएका कुराहरू पनि सुनिएका छन्। त्यसले गर्दा हामीले राजनीतिक र आर्थिक हस्तक्षेपबाट बाहिर राख्न सक्यौं भने संस्था आफैमा राम्रो छ, यसलाई अझ राम्रो बनाउन सक्छौं।

### भावी सन्ततिका लागि एनआरएनए

एनआरएनए भावी सन्ततिका लागि निकै आवश्यक छ। अहिले भर्खरै गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनमा आएको छ। यो अहिलेको ठूलो उपलब्धि हो भने वंशजको आधारमा प्राप्त नेपाली नागरिकतालाई निरन्तरता दिनुपर्छ भन्ने हाम्रो माग पनि छँदैछ। एनआरएनएमा दोस्रो पुस्तालाई पनि जोड्न आवश्यक छ। त्यही भएर हामीले विधानमा युवा उपाध्यक्ष, दोस्रो

पुस्ताका लागि संयोजक जस्ता पदहरू पनि राखेका छौँ। त्यसमा पनि हामीले दोस्रो पुस्तालाई समेट्नका लागि ३० वर्षमुनिका भनेर पनि राखेका छौँ। यति गरे पनि उनीहरूका लागि एनआरएनएले कार्यकम दिन नसकेको पनि पक्का हो। नागरिकताको कुराले अलिकति आकर्षण गरेको पनि देखिन्छ। उनीहरू हामी नेपालको नागरिक भन्न पाउने भयौँ र नेपालसँग जोडिन पाउने भयौं भनेर खुसी छन्। अब हुँदै गरेको विश्वसम्मेलन र महाधिवेशनबाट नेतृत्वमा आउने साथीहरूले युवा लक्षित कार्यक्रमलाई बढी फोकस गर्नुपर्छ।


विगतमा हामीले नागरिकता र लगानीको कुरा गरेका थियौं, अबको नेतृत्वले युवाहरूलाई लक्षित गरेर काम गर्नुपर्छ। अहिले नलेज बैंकको कुरा आइरहेको छ र विश्व ज्ञान सम्मेलन पनि हुँदैछ। विश्व ज्ञान सम्मेलनमा प्रोफेसरहरू मात्र होइन, ४० वर्षमुनिका युवाहरूलाई पनि अनुभव सेयर गर्न दिनुपर्छ। उनीहरूको आइडिया लिएर हामीले काम गर्न जरुरी छ।

अन्त्यमा, एकजना संस्थापकको नाताले म एनआरएनएलाई एकताबद्ध बनाउन अपिल गर्न चाहन्छु। हाम्रो उद्देश्य एउटै हो। हामी विभाजित हुँदा मातृभूमि र डायस्पोरामा बस्ने नेपालीहरूलाई राम्रो गर्दैन। त्यसैले हामी सबै मिलेर एनआरएन भनेको एउटै संस्था हो भन्ने सन्देश दिनुपर्छ। हामी एक नहुँदासम्म युवा पुस्तालाई संस्थासँग जोड्न गाह्रो हुने भएकाले त्यतातर्फ पनि ध्यान दिन म नेतृत्व वर्गलाई आग्रह गर्दछु।

**(एनआरएनएका संस्थापक सचिव ढकाल बेलायतमा बसोबास गर्छन्)**

# एनआरएनएमा एआई अपरिहार्यता

प्रविधिसँगै अबको दुई दशकमा विदेशमा नेपाली लेख्न र पढ्न नसक्ने पुस्ता संस्थाको नेतृत्वमा पुग्ने छ । त्यो अवस्थामा हाल अवलम्बन गर्दै आएका विधि, प्रक्रिया र परम्पराले संस्था धान्ने अवस्थामा रहँदैन । त्यसैले नयाँ शताब्दी र आर्टिफिसियल इन्टेलिजेन्सको समयअनुरुप संस्था रुपान्तरणको विकल्प छैन ।






**चिरन शर्मा**

नेपालीका लागि नेपाली भन्ने मूल नारासहित समृद्ध नेपालको परिकल्पनाको सपना बुन्दै स्थापना भएको गैरआवासीय नेपाली संघले दुई दशक पूरा गरेको छ।

विभिन्न कारणले विश्वका कुना-कुनामा पुगेका नेपालीको भावनालाई नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा जोड्न संघले सक्रिय भूमिका निर्वाह गर्दै आएको छ । नेपालमा २०४६ सालपछिको राजनीतिक परिवर्तनसँगै अवसरका खोजीमा नेपाली बिदेसिने क्रम ह्वात्तै बढ्यो । अहिले करिब १ सय १० देशमा नेपाली पुगेको अनुमान गरिएको छ।

विदेशमा अहिले दोस्रो पुस्ताले आफूलाई स्थापित गर्न संघर्षरत छ । वैदेशिक रोजगारी, अध्ययन, अनुसन्धानलगायत विभिन्न क्षेत्रमा काम गर्न ६० लाखभन्दा बढी नेपाली विदेशी भूमिमा सक्रिय छन् । विदेशमा सिकेको ज्ञान, सीप र पुँजीलाई उनीहरूले नेपालको हितमा प्रयोग गर्न चाहन्छन्।

गैरआवासीय नेपाली संघको स्थापनापछि विदेशमा रहेका नेपालीको भावनालाई राज्यसँग जोड्न कानुनी तथा नीतिगत आधारहरू तयार भइरहेका छन् । गैरआवासीय नेपाली संघको सञ्जाल विश्वव्यापी रूपमा स्थापित भएको छ । यो संस्था संसारकै अद्वितीय संस्था हो । ठूलो सञ्जाल, नयाँ पुस्ताको आगमन, राजनीतिक दलहरूको ठाडो हस्तक्षेप, संस्थागत विभाजन तथा गुटबन्दी संस्थाभित्रका चुनौतीहरू हुन् । संस्थाभित्र हुने विवाद र चर्को राजनीतिक खिचातानीले यो संस्थाको प्रवेशमा नयाँ पुस्तालाई निरुत्साहित गरेको छ।

संस्थाको ठूलो खम्बाका रूपमा रहेका राष्ट्रिय समितिले संस्थाको उद्देश्यभन्दा फरक धारमा उभिएर गरेका गतिविधिले समेत संस्थाको धरोहर ढल्ने खतरा बढेको छ। समृद्ध नेपालको चाहनालाई पूरा गर्न संस्थाका नीति तथा

कार्यक्रमहरू सो दिशातिर अगाडि बढाइनुपर्छ। संस्थामा हरेक दुई वर्षमा हुने निर्वाचनले उत्पन्न वितृष्णालाई कम गर्दै लैजान संस्थामा नयाँ पुस्ताको उपस्थिति र प्रविधि प्रयोग अपरिहार्य छ।

गैरआवासीय नेपाली संघका राष्ट्रिय समितिमा गत निर्वाचनमा प्रयोग भएको एमआईएस (मेम्बर इन्फरमेसन सिस्टम) र फेस भेरिफिकेसनमार्फत भएको अनलाइन भोटिङले निर्वाचन विवादरहित र कम खर्चिलो भएको पुष्टि भएको छ।

संसारमा प्रविधिको विकासको तेज तीव्र गतिमा अघि बढिरहेको छ । प्रविधिले संसारलाई एउटै आँगन जस्तै बनाइदिएको छ । संसारका ठूल्ठूला उद्योगहरूले समेत आफ्नो उत्पादन क्षेत्रलाई फराकिलो पार्दै प्रविधिमैत्री सामग्री उत्पादन गर्न थालेका छन्। विश्वका सामाजिक संघ-संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि चुनौती सामना गर्दै आएकामा अहिलेको आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिले कार्यक्षमतामा वृद्धि गर्नेदेखि लक्ष्य प्राप्तिमा समेत सघाउ पुऱ्याएको छ । प्रशासनिक तथा भाषागत अवरोधहरूलाई समेत यो प्रविधिले सहज र छरितो बनाइएको छ।

भविष्यको प्रक्षेपण अर्थात् भविष्यवाणी गर्ने अल्गोरिदमहरू दशकौंदेखि प्रयोग हुँदै आएका भए पनि ओपन एआइ कम्पनीको च्याट जीपीटी थ्रीजस्ता एप्लिकेसनहरू आउनु र माइक्रोसफ्टको बिङग सर्च इन्जिनमा त्यसको तीव्र समायोजन हुनुले प्रयोगकर्तामैत्री आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको ढोका खोलेको छ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) हाम्रो संसारको अभिन्न अंग बनिसकेको छ । एआईले कुशल र स्मार्ट प्रणालीहरू सिर्जना गर्न मद्दत गरिरहेको छ । जेनेरेटिभ एआई र प्राकृतिक भाषा प्रशोधन जस्ता नयाँ प्रविधिहरूले विश्वभर व्यापार गर्ने तरिकालाई आमूल परिवर्तन गरिदिएको छ।

नयाँ पुस्ताले अहिले प्रयोगमा ल्याएको आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् कृत्रिम बुद्धिमताले अबको १० वर्षमा नयाँ प्रविधिले छलाङ मार्नेछ। हामीले अहिले प्रयोग गर्दै आएका टीभी, क्यामेरा, घडी, मोबाइल फोनलगायत इलोक्ट्रोनिक्स सामग्रीहरू विस्थापित हुने क्रम सुरु हुनेछ।

अहिले विश्वभर प्रयोगमा आएका सफ्टवेयर तथा हार्डवेयर पूर्णरूपमा अपग्रेड हुने छन् । जसरी मानव निर्मित आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले आफ्नो विवेक प्रयोग गरेर स्वचालित रूपमा नतिजा निष्पक्ष रूपमा दिन्छ, त्यसरी नै संघको सदस्यता वितरण र निर्वाचन प्रक्रियामा समेत एआईको प्रयोग गर्न सकिन्छ।

विदेशका विभिन्न सहरमा फैलिएका नेपालीले प्रयोग गर्ने स्मार्ट फोनमार्फत एकदिनमै संस्थाको सदस्यता बन्न सक्ने सरल बाटो अबलम्बन गरिनुपर्छ। स्वःफूर्त सदस्यता लिन प्रोत्साहन गर्न निर्वाचनमा हुने अबाञ्छित क्रियाकलाप रोकिनुपर्छ।

सदस्यता वितरण प्रक्रिया स्वचालित बनाउन हाल प्रयोग भएको एमआईएस प्रविधिलाई थप परिस्कृत गर्नुपर्छ । सदस्यता वितरण प्रक्रियामा प्रयोग हुने कागजातहरूको भेरिफिकेसन, पेमेन्टसमेत एआई अर्थात् स्वतः प्रमाणीकरण गर्न प्रविधिको प्रयोग गरेमा हाल राष्ट्रिय समितिमा सदस्यता वितरणमा हुने गरेका अनेकौं विकृतिहरू हट्ने छन् । सदस्यता वितरणलाई निःशुल्क गरेर विदेशमा रहेका लाखौं नेपालीलाई संस्थाको छाताभित्र ल्याउन सकिन्छ। यो प्रविधि प्रयोगले सदस्यता सूचीको अभिलेख राख्ने, भाषा लेखन तथा अनुवादमा समेत सहयोग पुग्छ।

प्रविधिसँगै अबको दुई दशकमा विदेशमा नेपाली लेख्न र पढ्न नसक्ने पुस्ता संस्थाको नेतृत्वमा पुग्ने छ । त्यो अवस्थामा हाल संस्थाले औंलाउँदै आएका विधि, प्रक्रिया र परम्पराले संस्था धान्ने अवस्थामा रहँदैन । त्यसैले अहिलेको पहिलो पुस्ताको परम्परावादी र संकीर्ण सोचभन्दा माथि उठेर नयाँ शताब्दी र आर्टिफिसियल इन्टेलिजेन्सको समयअनुरूप संस्था रूपान्तरणको विकल्प छैन।

सञ्चार क्षेत्रमा पहुँच, लिखित अक्षर, भाषण, कला तथा भिडियोहरू, फोटोसप सिर्जना गर्ने आर्टिफिसियल इन्टेलिजेन्सहरू, तीव्र गतिमा विकसित भइरहेका छन्, जसले कार्यक्षमता, छिटोछरितो शासन प्रणाली, व्यापार व्यवसायदेखि आम जनताको जीवनमा समेत दीर्घकालीन

प्रभाव पार्दैछ । हाम्रो नयाँ पुस्ता अहिले यो प्रणालीमा अभ्यस्त हुन थालेको छ।

नयाँ पुस्तालाई नेपाली भाषाको ज्ञान र सीपलाई बढावा दिन विश्वविख्यात कम्पनी एप्पलको रिसी र एलेक्सा जस्ता डिभाइसमा समेत नेपाली भाषा कक्षालाई प्रयोगको रूपमा ल्याउन सकिन्छ। त्यसको प्रयोगले विदेशमा जन्मेर यतै हुर्किएको पुस्ताको नेपाली भाषासम्म पहुँच पुग्ने छ। नेपाली भाषामा दखल राखेपछि उनीहरूको सम्बन्ध स्वतः नेपालसँग जोडिने छ।

उनीहरूको पहिलो रोजाइ नेपाल बन्ने छ । नेपालको पर्यटन क्षेत्रमा उनीहरूलाई जोड्न एउटै एपमार्फत सगरमाथाको चुचुरो, मुस्ताङ, लुम्बिनी, पशुपतिनाथलगायत मुख्य पर्यटकीय क्षेत्रको प्रत्यक्ष प्रसारण गर्न सकिनेछ । यस्तै प्रविधि स्वीट्जरल्यान्डले दशकौंदेखि प्रयोगमा ल्याएको छ । त्यसको सहयोगले एउटा होटलको लाउन्जमा बसेर स्विट्जल्यान्डका डाँडाकाँडा तथा हिमाल देख्न र मौसमको जानकारी लिन सकिन्छ। नेपाल भ्रमणका लागि आवश्यक सूचनाहरू तथा होलिडे प्याकेजहरू आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगले स्मार्ट एनआरएनए एपमा लिंक गर्दा नयाँ पुस्तामैत्री संस्था बन्न सक्छ । प्रविधिको प्रयोगले मानिसको आज जीवनशैलीलाई सहज र स्वस्थ राख्नसमेत मद्दत गर्छ। युरोप, अमेरिकालगायत संयुक्त राष्ट्रसंघले समेत आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको विकाससँगै आफ्ना ऐन र कानुनहरूलाई समयअनुसार संशोधनको तयारी थालिसकेका छन्। त्यसैले नेपाल सरकार र गैरआवासीय नेपाली संघ जस्तो सरकारको सहयोगी संस्थाले देशमा र संस्थाभित्रै नयाँ प्रविधि भित्राएर त्यसको कार्यान्वयनका लागि ऐन कानुनमा समेत निर्णण गरेर अघि बढ्ने बेला आएको छ।

आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको विकास तथा प्रयोग विश्वव्यापी रूपमा उत्साहजनक ढंगले भइरहेको बेला गैरआवासीय नेपाली संघजस्तो सामाजिक संस्थाप्रतिको आकर्षण बढाउन र यो सञ्जालमा उनीहरूलाई जोड्न सञ्जीवनी बुटी बन्न सक्छ आर्टिफिसियल इन्टेलिजेन्स। त्यसैले यो अक्टोबरमा हुने संघको महाधिवेसनपछि आउने नयाँ नेतृत्वले नयाँ पुस्तालाई संस्थामा जोड्ने र गैरआवासीय नेपालीको नेतृत्व उनीहरूकै काँधमा सुम्पिने अजेन्डा तथा नीति अवलम्बन गर्न सके मात्र संघको भविष्य उज्वल रहने छ।

**(लेखक, गैरआवासीय नेपाली संघका समाचार संयोजक तथा नेपाल पत्रकार महासंघ, बेलायतका पूर्वअध्यक्ष हुन्)**

# स्वदेशी राजनीतिमा प्रवासी भूमिका

पछिल्ला दिनमा नेपाली राजनीतिमा देखिएको प्रभावलाई स्थापित गर्न गैरआवासीय नेपाली संघको दायारा बढाउँदै अन्तर्राष्ट्रियस्तरको बहुआयामिक संस्थामा विकास गरी संघलाई विश्वासिलो साझेदारका रुपमा स्थापित गर्नु अहिलेको प्रमुख आवश्यकता हो । गैरआवासीय नेपाली समुदायसँग जोडिएका अन्य विषयहरु सामाजिक सुरक्षाकोष, श्रमिक समस्या, नागरिकता, सम्पति अधिकार, नेपालको निर्वाचनमा विदेशबाट मतदान, विद्यार्थीका समस्या, दोहोरो कर प्रणाली, नेपालीभाषी समुदायको पैरवी गर्ने जस्ता महत्वपूर्ण पाटोलाई हामीले बिर्सनु भने हुँदैन ।



**हेमन्त काफ्ले**

गैरआवासीय नेपाली संघ यतिखेर निर्वाचनमा होमिएको छ र नयाँ नेतृत्व चयन प्रक्रियामा छ। जित र हारभन्दा पनि संघको पछिल्ला गतिविधि र खिचातानीका बाबजुद संघको धुलोमैलो फालेर पुरानै लयमा फर्काउने चुनौती नयाँ नेतृत्वलाई हुनेछ। त्यति मात्र नभई महिला, युवा, वैदेशिक रोजगारमा गएका नेपाली, प्राज्ञिक वर्ग र दोस्रो पुस्ताका गैरआवासीय नेपालीहरूसहित आम गैरआवासीय नेपालीहरूले अपनत्व महसुस गर्ने संस्थाको रूपमा संघलाई रूपान्तरण गर्ने महत्वपूर्ण जिम्मेवारी पनि थपिएको छ!

निर्वाचन र नेतृत्व अनि थिति र मितिलाई छाडेर फरक र अलग कुरा गर्ने हो भने पछिल्लो आमनिर्वाचनले देखाएको परिणामले प्रवासको भूमिकालाई फरक रूपमा प्रष्टाएको छ। अवसर र मौकाको खोजीमा परदेसिएका नेपालीहरू गोलबद्ध हुँदै गर्दा नेपाली राजनीतिलाई प्रवासमा पनि फराकिलो बनाउँदै गरेका कैयन् दृष्टान्तहरू छन्। तर, पछिल्लो निर्वाचनमा भने प्रवासी नेपालीहरूको सोच र उपजले नेपाली राजनीति पनि प्रभावित हुन लागेको संकेत मिलेको छ । जसमा नेपालमा पछिल्लो निर्वाचनमा उदाएका केही नयाँ पार्टीहरूको साथ र सहयोगमा प्रवासको भूमिका देखिन थालेपछि नेपाली राजनीतिमा पनि यसको तरंग फैलिन लागेको छ।

यतिखेर प्रवासमा भारतबाहेक मात्र करिब २४ लाख नेपालीहरू विदेशमा विभिन्न पेसामा संलग्न रहेका छन् । जसमा खाडी राष्ट्रमा मात्र आधाउधि छन् । त्यसबाहेक अमेरिका, जापान, अस्ट्रेलिया, बेलायत, युरोप अनि क्यानडालगायत करिब ९० देशमा नेपालीहरूको बसोबास भएको तथ्यांकले देखाउँछ। यसरी विश्वका कुना कन्दरामा छरिएर रहेका नेपालीहरू गैरआवासीय नेपाली संघको छातामुनि गोलबद्ध हुँदै गर्दा यसको प्रभाव फरक र अलग रूपमा गनिन्थ्यो । तर, एक पटकको नेपाली सधैंको नेपाली भन्ने मूल मन्त्र बोकेर हिँडेको एनआरएनको यो अभियान पनि सफल भएपछि यतिखेर लगानी र मुलुकको सिरानीसग जोडिने कुरामा नया आयामको प्रारम्भ भएको छ । सँगसँगै नेपाली राजनीति दल र सरकारले प्रवासी नेपालीलाइ हेर्ने नजरमा समेत केही फरक र अलग सोचको विकास भएको देखिएको छ।

पछिल्लो आमनिर्वाचन र स्थानीय निर्वाचनका केही परिणामले यो सन्देश दिएको हो । काठमाडौंमा बालेन शाहको उदय र चितवनलगाायत केही क्षेत्रका स्वतन्त्र पार्टीको उदयमा प्रवासी नेपालीहरूको भूमिका छचल्किएपछि यसको फरक र अलगधारमा विश्लेषण हुन थालेको हो । नेपालका राजनीतिक दलले एनआरएन मात्र मान्ने एउटा परदेसिएको विशाल कित्तालाई कहिले राष्ट्रिय महत्वको विषयमा राक खेको पाइदैनथ्यो । दुई वर्षमा आउने हल्ला मच्चाउने सानातिना काम र ठूला गफ गर्ने जमातका रूपमा विश्लेषण गर्ने राजनीतिक दलहरू यतिखेर चुनावी गठजोठमा समेत प्रवासीहरूको भूमिकाको खोजी गर्न थालेका छन् ।

यो हामी गैरआवासीय नेपालीहरूका लागि उपलब्धिमूलक र महत्वपूर्ण उपलब्धिका रूपमा रहेको छ । यसरी नेपाली राजनीतिक दल र सरकारले राजनीतिक अधिकारविहीन नागरिकता दिएर हामी सबैलाई सम्मान गरे ता पनि राजनीति भित्र पनि हाम्रो भूमिकाको खोजी गर्नुलाई थप उपलब्धिका रूपमा लिनुपर्छ । नेपालको पछिल्लो निर्वाचनले देखाएको परिणतीले प्रवासी नेपालीको भूमिका निकै महत्वपूर्ण देखिएको एनआरएनका महासचिव गौरी जोशी बताउँछन् । विदेशमा नेपाली जनसंख्या बढेसँगै नेपालभित्र राजनीतिमा पनि विदेशका नेपालीको दबाब बढ्न थालेको हुनाले विदेशका नेपालीलाई सुसूचित गर्ने जिम्मेवारी बढेको कुरा महासचीब जोशीले सुनाए । अबका दिनमा नेपाली राजनीति र त्यसको प्रभावकारितामा प्रवासी नेपालीको भूमिका समेत महत्वपूर्ण बन्दै आएको उनले बताए ।

पछिल्ला दिनमा नेपाली राजनीतिमा देखिएको प्रभावलाई स्थापित गर्न गैरआवासीय नेपाली संघको दायारा बढाउँदै अन्तर्राष्ट्रियस्तरको बहुआयामिक संस्थामा विकास गरी संघलाई विश्वासिलो साझेदारका रूपमा स्थापित गर्नु अहिलेको प्रमुख आवश्यकता हो । गैरआवासीय नेपाली समुदायसँग जोडिएका अन्य विषयहरू सामाजिक सुरक्षाकोष, श्रमिक समस्या, नागरिकता, सम्पत्ति अधिकार, नेपालको निर्वाचनमा विदेशबाट मतदान, विद्यार्थीका समस्या, दोहोरो कर प्रणाली, नेपालीभाषी समुदायको पैरवी गर्ने जस्ता महत्वपूर्ण पाटोलाई हामीले बिर्सनु भने हुँदैन ।

**(काफ्ले अस्ट्रेलियामा बसोबास गर्छन्)**



# सम्बन्धका सेतु : गैरआवासीय नेपाली



**यम बम**

**स्वदेशमा पर्यटनलाई साथ दिने मात्रै होइन, विदेशमा पनि नेपाली कला, संस्कृतिमार्फत नेपाललाई चिनाउने प्रयासमा छ संघ । पर्यटन विकासका लागि गैरआवासीय नेपाली, सम्बन्धको सेतु बनेको छ । विदेशमा रहेका गैरआवासीय नेपालीले पुलको रुपमा भूमिका निर्वाह गर्न सक्छन् । मूलतः विश्व बजारमा जहाँ नेपालीको पहुँच छ त्यहाँ नेपाल भ्रमण गर्न प्रेरित गर्ने सामग्री प्रवर्दनमा गैरआवासीय नेपालीको भूमिका अहम् हुन सक्छ ।**

नेपाल पर्यटन दशक (०२३-०३२) घोषणा गरेको सरकारले सन् २०३२ सम्म वार्षिक ३५ लाख विदेशी पर्यटक पुऱ्याउने लक्ष्य लिएको छ। यो वर्ष सन् २०२३ मा भने १० लाख पर्यटक ल्याउने लक्ष्य हो । सोही अवधिमा पर्यटन क्षेत्रमा थप १० लाख नयाँ रोजगारी सिर्जना गर्ने महत्वाकांक्षी योजना पनि सरकारको छ।

यसले प्रतिपर्यटक प्रतिनिधि खर्च ४८ अमेरिकी डलरबाट एक सय २५ पुग्ने र मुलुकको कुल गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदानलाई १० प्रतिशतसम्म पुऱ्याउने लक्ष्य छ । सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गरेर अघि बढ्ने भनिएको यो अभियानका लागि गैरआवासीय नेपालीसँग हातेमालो आवश्यक छ।

किनभने ५० लाख गैरआवासीय नेपालीको संस्था एनआरएनए कम्तीमा ८० देशमा छ। विश्वभर सञ्जाल रहेको एनआरएनए र गैरआवासीय नेपालीले नेपाल पर्यटन दशक सफल पार्न योगदान गर्न सक्छ । नेपाल पर्यटन बोर्डका पूर्वसीईओ दीपकराज जोशी भन्छन्, 'जो नेपाली देश बाहिर बस्नुहुन्छ उहाँहरू त्यहाँको स्थानीयसँग काम गर्नुहुन्छ। नेपालमा पोटेनसिल ठाउँ छ, सकारात्मक सन्देशका साथ प्रचार-प्रचार गर्न सक्नुहुन्छ।'

पर्यटन बोर्ड र एनआरएनएबीच सात वर्ष अघि 'अतिथि देवो भवः अभियानअन्तर्गत नेपालको पर्यटन प्रवर्द्धन गर्न समझदारीमा हस्ताक्षर भएको थियो। सरकारले यसअघि

पनि पर्यटन वर्ष घोषणा गर्दा होस् वा पर्यटनसँग सम्बन्धित कार्यक्रम गर्दा गैरआवासीय नेपालीसँग सहकार्य गर्दै आएको छ। 'विगतमा पनि भिजिट नेपाल सुरु गर्दा गैरआवासीय नेपालीको  साथ र सहयोग लिइएको थियो । राम्रो प्रभाव देखिएको थियो,' जोशी भन्छन्, 'अमेरिका र जापानमा गैरआवासीय नेपालीको गाडीमा लगानी छ, नेपालको पर्यटकीय गन्तव्यबारे पर्चा राख्दा पनि सकारात्मक सन्देश दिन्छ, पहिले पनि गरिएको हो । रेस्टुरेन्ट खोल्नु भएको छ, नेपालको सुचना केन्द्रका रूपमा लिन सकिन्छ । नेपाली खानाको पनि प्रचार गर्न गरेर सहकार्य गर्नुपर्छ।'

पर्यटन नीति ०६५ मा पनि गैरआवासीय नेपाली र उनीहरूको संस्थालाई नेपालको पर्यटन प्रबर्द्धन र प्रचार-प्रसारमा उपयोग गरिने भनिएको छ। नेपाल पर्यटन बोर्डका प्रवक्ता मणिराज लामिछाने पनि नेपालको पर्यटन विकासमा गैरआवासीय नेपालीको भूमिका महत्वपूर्ण रहेको र सहकार्य अझै बढाउँदै लगिने बताउँछन्। 'हामीले सन् ०२४ पनि हरेक वर्ष ३५ लाख विदेशी पर्यटक भित्रायाउने लक्ष्य लिएका छौँ, यो अभियानमा गैरआवासीय नेपालीको साथ चाहिन्छ नै,' उनी भन्छन्, 'पहिले पनि उहाँहरूसँग मिलेर क्यापियन चलाएका थियौं, आगामी दिनमा पनि सहकार्य हुन्छ।'

सरकारले पनि  लोकप्रिय धेरै क्षेत्रमा उचित सडकसँगै विमानस्थल लगायतका पूर्वाधार पुऱ्याउनुपर्ने देखिन्छ भने ट्रेकिङ र पर्वतारोहणसँगै सांस्कृतिक पर्यटन, वन्यजन्तु पर्यटन र साहसिक खेलकुदको प्रवर्द्धन गर्नुपर्ने हुन्छ।

विभिन्न आठ हजार मिटर माथिका अधिकांश हिमाल र चर्चित हिमश्रृंखला, विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदा, र रहनसहन आदिले नेपाल विश्व पर्यटनको आकर्षक गन्तव्य मानिन्छ। धार्मिक, साहसिक पर्यटनका लागि पनि विश्व समुदायमा नेपाल प्रसिद्ध गन्तव्यको रूपमा परिचित छ । प्राकृतिक सुन्दरताका कारण पनि नेपाल विश्व समुदायमा चर्चित छ । पशुपतिनाथ, लुम्बिनी, मुक्तिनाथलगायत अन्य धार्मिक तीर्थस्थलका कारण पनि धार्मिक पर्यटकका लागि यो एउटा आस्थाको केन्द्रका रूपमा रहेको छ।  यसै कारणले पनि नेपाल विदेशी पर्यटकहरूको प्रमुख रोजाइमा पर्ने गरेको छ। यसको पुष्टि नेपाल भ्रमणमा आउने पर्यटकको संख्याले गर्छ। पछिल्लो समय सरकारी तथ्यांक हेर्ने हो भने, नेपालमा विदेशी पर्यटकको आवागमनमा उल्लेख्य सुधार देखिएको छ । नेपाल भ्रमणमा आउने पर्यटनमा छिमेकी मुलुक भारत र चीनका बढी छन्। गैरआवासीय नेपाली संघले नेपाल सरकारले पर्यटक भित्र्याउन ल्याएका हरेक योजनामा साथ दिँदै आएको छ। स्वदेशमा पर्यटनलाई साथ दिने मात्रै होइन, विदेशमा पनि नेपाली कला, संस्कृतिमार्फत नेपाललाई चिनाउने प्रयासमा छ संघ । पर्यटन विकासका लागि गैरआवासीय नेपाली, सम्बन्धको सेतु बनेको छ। विदेशमा रहेका गैरआवासीय नेपालीले पुलको रूपमा भूमिका निर्वाह गर्न सक्छन् । मूलतः विश्व बजारमा जहाँ नेपालीको पहुँच छ त्यहाँ नेपाल भ्रमण गर्न प्रेरित गर्ने सामग्री प्रवर्द्धनमा गैरआवासीय नेपालीको भूमिका अहम् हुन सक्छ।

नेपालमा होटेल, होमस्टे, रेष्टुरेन्ट, जलविद्युत्, केवलकार सञ्चालन, धार्मिक तथा सामाजिक पर्यटन प्रवर्द्धन लगायतमा उहाँहरूले आफ्नो क्षेत्रको विकासका र प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय समुदायमा व्यापक लगानी सुरक्षित गर्ने आधार तय भएका छन्। नेपालको पर्यटकीय प्रचार-प्रसार आवश्यक छ र त्यसको लागि सबैभन्दा प्रभावकारी भूमिका विदेशमा रहेका नेपालीले नै निर्वाह गर्न सक्छन् यसमा कुनै आशंका छैन।

विदेशमा रहेका नेपाली डायस्पोरामार्फत पर्यटकलाई नेपाल भ्रमण गर्न उत्प्रेरित गर्ने, डायस्पोरामा नेपाली महोत्सव आयोजना गर्ने, विदेशस्थित विभिन्न संघ-संस्थासँग मिलेर व्यवसायिक कार्यशाला एवं प्रवर्द्धनात्मक कार्यक्रम गर्ने, नेपालीद्वारा विदेशमा सञ्चालित रेष्टुरेन्ट एवं अन्य व्यावसायिक निकायमा समेत नेपाललाई चिनाउने खालका सामग्री राख्ने र कार्यक्रम गर्ने लगायतका गतिविधीलाई निरन्तरता दिँदै नेपालमा पर्यटक आकर्षित गर्न सद्भावनादूत सरह काम गर्ने हैसियतमा नेपाली डायस्पोरा रहेको छ।



**मणिराज लामिछाने**
**प्रवक्ता, नेपाल पर्यटन बोड**

नेपालको पर्यटन विकासमा गैरआवासीय नेपालीको भूमिका

महत्वपूर्ण छ। सहकार्य अझै बढाउँदै लगिनेछ। हामीले सन् २०२४ पनि हरेक वर्ष ३५ लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य लिएका छौं, यो अभियानमा गैरआवासीय नेपालीको साथ चाहिन्छ नै। पहिले पनि उहाँहरूसँग मिलेर अभियान नै चलाएका थियौं, आगामी दिनमा पनि सहकार्य हुन्छ । उहाँहरूको सञ्जाल विश्वभर फैलिएको छ, नेपालका बारेमा प्रचारप्रचार गरेर, जानकारीमूलक डिस्प्ले रोखर, औपचारिक फोरममा नेपालका बारेमा कुरा गरेर पर्यटन प्रवर्द्धनमा सहयोग गर्न सक्नुहुन्छ। खासमा उहाँहरू सच्चा साझेदार बन्न सक्नुहुन्छ । होटललगायत क्षेत्रमा उहाँहरूको लगानी छ, अझ बढाइदिएमा यसले टेवा पुग्छ । आइडिया र सीपको युटिलाइज पनि गर्ने छौं । विदेशमा रहेका गैरआवासीय नेपालीले पुलको रूपमा भूमिका निर्वाह गर्न सक्छन् । मूलतः मुख्य पर्यटन स्रोत भएका मुलुकमा हामीले बढी जोड दिएका छौं, त्यस्ता मुलुकमा रहेका नेपाली समुदायले यस अभियानको प्रचार-प्रसारमा सहयोग गर्नु आवश्यक छ।



**दीपकराज जोशी**
**पूर्वप्रमुख कार्यकारी अधिकृत (सीईओ), नेपाल पर्यटन बोड**

हाल ८६ देशमा एनआरएनको च्याप्टर छ । पर्यटनका हिसावले गन्तव्यका बारेमा उहाँहरूबाट चर्चा र प्रचार-प्रचार होस् भन्ने हो । जो नेपाली बाहिर बस्नुहुन्छ त्यहाँका लोकल (स्थानीय) सँग काम गर्नुहुन्छ। नेपालमा पोटेनसिल ठाउँ छ सकारात्मक सन्देशका प्रचार-प्रचार गर्न सक्नुहुन्छ । विगतमा पनि भिजिट नेपाल सुरु गरिएको थियो, राम्रो प्रभाव देखिएको हो। अमेरिका, जापानमा एनआरएनएको गाडीमा लगानी छ। गाडीमा सन्देशमूलक प्रचार सामग्री राख्न सकिन्छ। रेस्टुरेन्ट खोल्नु भएको छ, नेपालको सूचना केन्द्र बनाउन सकिन्छ, नेपाली खानाको पनि प्रचार गर्न सकिन्छ।

एनआएरएनए साथीहरूलाई पनि नेपाललाई राम्रो पर्यटकीय गन्तव्य बनाउने चाहना छ । उहाँहरूको पनि नेपालका लागि केही गरौं भन्ने छ। ज्ञान र सीपलाई पर्यटन मार्फत् जोड्न सकिन्छ । ठूला लगानीकर्तासँग पहुच बनाउन सक्नुहन्छ। वैदेशिक लगानी पूर्वाधारमा चाहिएको छ। विभिन्न प्रकारका एक्टिभिटी। युनिक एक्सप्रेन्स सेयर गर्ने चाहिएको छ । कन्भेन्सन सेन्टर आवश्यक छ, उहाँहरूको लगानी भित्र्याउन सकिन्छ। सरकारले पर्यटन मन्त्रालय, पर्यटन बोर्ड र नेपालका निजी क्षेत्रसँग अझ क्लोज भएर काम गर्नुपर्ने छ । नेपालमा घुम्नै पर्ने १० हिमाल, १० ताल के के हुन भनेर सूची बनाएरै पर्यटन प्रवर्द्धनमा लाग्न सकिन्छ। विश्वका १० अग्लो हिमालमध्ये नेपाल पर्वतारोही, चट्टान आरोही र साहसिक खोज्नेहरूका लागि उपयुक्त ठाउँ हो। नेपालको हिन्दू र बौद्ध सम्पदा छन्।

नेपालका बारेमा थिम राम्रो छ, सगरमाथाको देश भनेर । पर्वतारोहण र गौतम बुद्धको जन्मस्थान लुम्बिनीमा कार्यक्रम गरेर पर्यटक ल्याउन सकिन्छ। नेपालमा ट्रेकिङ, न्याफ्टिङ, माउन्टेन क्लाइम्बिङ, बर्ड वाचिङ लगायत प्रकृतिसम्बन्धी गतिविधि पर्यटकका रुचिका क्षेत्र हुन्। अरू ठाउँमा नपाइने तर नेपालमा पाइने के-के छ तयसबारे प्रचार-प्रसार गर्न सकिन्छ।

पूर्वाधारको विकास हुँदै गएको छ, यसर्थ पनि अहिले नेपालको पर्यटन क्षेत्रमा लगानीको लागि उपयुक्त वातावरण बनेको छ। सरकारले विकासको योजना अघि सारेको छ, जनताले विकास चाहेका छन्, यसै मौकाको सदुपयोग गर्न उहाँहरूले पनि सक्नुपर्छ । गैरआवासीय नेपालीले लगानी गर्छौं भनेर प्रतिबद्धता जनाउनुलाई नेपालमा लगानीको सुरक्षाको आधार तय भएका छन् । उहाँहरूका लागि लगानीका क्षेत्र पहिचान गर्न सरकार तयार छ, गरिरहेका पनि छौं । अब उहाँहरूको ठोस् कार्यविधि आउनुपर्‍यो । होटेल, होमस्टे, रेष्टुरेन्ट, जलविद्युत, केवलकार सञ्चालन, धार्मिक तथा सामाजिक पर्यटन प्रवर्द्धन लगायतमा उहाँहरूले आफ्नो क्षेत्रको विकासका र प्रर्वद्धनका लागि अन्तर्राष्ट्रिय समुदायमा व्यापक लगानी सुरक्षित गर्ने आधार तय भएका छन् । नेपालको पर्यटकीय प्रचार-प्रसार आवश्यक छ र त्यसको लागि सबैभन्दा प्रभावकारी भूमिका विदेशमा रहेका नेपालीले नै निर्वाह गर्न सक्छन् यसमा कुनै आशंका छैन।

**सरकार र गैरआवासीय नेपालीबीच कहाँ-कहाँ हुनसक्छ सहकार्य ?**

नेपालमा विदेशी पर्यटकको एउटै गुनासो हुन्छ- नेपालमा प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा

छन् । तर, पूर्वाधार विकास निकै कमजोर छ । स्तरीय यातायात, आवास र सरसफाइ सुविधाको कमी छ।

गैरआवासीय नेपालीले विदेशी पर्यटक भित्र्याउन र देशको विकासका लागि गर्न सक्ने भनेको पर्यटन सम्बन्धी व्यवसायमा लगानी हो। एनआरएनले होटल, रेस्टुरेन्ट, टुर एजेन्सी खोल्न सक्छन् जसले एनआरएन र स्थानीय बासिन्दा दुवैका लागि आम्दानी र रोजगारी सिर्जना गर्न सक्छ । हुन् त नेपालमा गैरआवासीय नेपालीको लगानी बढ्दै गएको छ। शिक्षा, स्वास्थ्य सेवामा पनि लगानी छ। यसरी पर्यटन व्यवस्थापन, मार्केटिङ र आतिथ्यतामा विशेषज्ञता भएका एनआरएनले स्थानीय पर्यटन उद्योगमा ज्ञान र सीप योगदान गर्ने कम भइरहेको छ।

'नेपालको पर्यटन प्रवर्द्धनका लागि गैरआवासीय नेपालीको लगानी होटल, रिसोर्टमा छ, लगानी अझ बढ्छ,' गैरआवासीय नेपाली संघ, पर्यटन प्रवर्द्धन नेपाल समितिका सभापति सोमनाथ सापकोटा भन्छन् । संघले पछिल्लो पटक १० अर्ब डलरको एनआरएनए नेपाल डेभलपमेन्ट फन्ड स्थापना गरेको छ, यसले भौतिक पूर्वाधारमा लगानी बढाउँदा पक्कै पनि पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउँछ।

त्यसबाहेक नेपाल सरकार र एनआरएनबीच पर्यटन पूर्वाधार र परियोजनामा संयुक्त लगानी (जस्तैः पर्यावरण-पर्यटन पहल, ट्रेकिङ कम्पनी, सम्पदा संरक्षण प्रयास) हुन सक्छन्। जसले नेपालको पर्यटन क्षेत्र र समग्र अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउन सक्छ। सापकोटा पनि पर्यटन पूर्वाधारमा सरकारी लगानीको खाँचो रहेको औंल्याउँछन्। 'नेपालमा घुम्न महँगो छ। निश्चित समय र गन्तयमा पुऱ्यान सक्नुपर्छ। सडक सञ्जाल र सूचनाबिना काम गर्ने प्रचलन छ । यसले नेपालको पर्यटन क्षेत्रलाई असर गरिरहेको छ, पर्यटक हच्किने गरेका छन्,' उनले भने, 'सरकारले नीतिगत रूपमै सुधार गर्नुपर्ने देखिन्छ।'

यसैगरी, सरकारले पनि पर्यटन क्षेत्रमा लगानी गर्न चाहने एनआरएनलाई कर छुट, सब्सिडी तथा पर्यटन सम्बन्धित व्यवसायका लागि अनुमति र इजाजतपत्र प्राप्त गर्नका लागि सुव्यवस्थित दिएर सहकार्य गर्न सक्छ। महत्वपूर्ण पाटो भनेको सीप र ज्ञान हस्तान्तरण हो । पर्यटन विकासका लागि मार्केटिङ, व्यवस्थापन र दिगो अभ्यासमा एनआरएनएसँग भएको ज्ञान र सीप लिन सकिन्छ । त्यसका लागि सरकारले प्रशिक्षण कार्यक्रम गरेर ज्ञान हस्तान्तरण गर्न सक्छ। नेपाल पर्यटन दशकको रणनीतिक कार्ययोजनामा पनि संस्थागत सुदृढीकरण, पूर्वाधार स्तरोन्नति, लगानी प्रवर्द्धन, पर्यटन सेवा सुदृढीकरण तथा विस्तार गर्ने भनिएको छ।



**सोम सापकोटा**
**सभापति, गैरआवासीय नेपाली संघ, पर्यटन प्रवर्द्धन नेपाल समिति**

गैरआवासीय नेपाली संघ स्थापनाकालदेखि नै पर्यटन प्रवर्द्धनमा लागेको छ । विदेशमा रहेका सबै नेपालीले 'नेपाल भिजिट' गर्नुपर्छ भनेका छौँ, नेपाल आउन पर्यटकलाई पनि भन्दै आएका छौँ । एनआरएनए भएका देशमा पर्यटन प्रवर्द्धनका लागि टाक्सफोर्स नै गठन गरेका छौं । नेपाल सरकार, पर्यटन मन्त्रालय, पर्यटन बोर्ड, यस क्षेत्रमा कार्यरत संघसंस्थासंग सहकार्य गरेर कार्यक्रम भइरहेका छन्। फेस्टिभल पनि भइरहेका छन्।
गैरआवासीय नेपालीले नेपालमा होटल, रिसोर्टमा लगानी गरेर पर्यटन प्रर्वद्धनमा भूमिका खेलिरहनु भएको छ, लगानी अझ बढ्छ।

भूकम्प र कोभिडले पर्यटन क्षेत्र थिलिथिलो पारेको छ। अब नयाँ तरिकाले प्रमोसन गर्न जरुरी छ। डिजिटल बाटोबाट जानुपर्छ। अब अन्तर्राष्ट्रिय च्यानल प्रयोग गरेर जानुपर्छ। त्यहाँ हामी चुकेका छौँ।

नेपालमा घुम्न महँगो छ । निश्चित समय र गन्तव्यमा पुऱ्यान सक्नुपर्छ। सडक सञ्जाल र सूचना विना काम गर्ने प्रचलन छ । यसले नेपालको पर्यटन क्षेत्रलाई असर गरिरहेको छ, पर्यटक हच्किने गरेका छन्।

पर्यटक एउटा प्याकेज लिएर आएका हुन्छन् तर महँगो हुँदा पुग्न सक्दैनन् । त्यसबारे पहिले नै स्पष्ट जानकारी दिने मकानिजम हुनुपर्छ । त्यसका लागि सरकारले नीतिगत रूपमै सुधार गर्नुपर्ने देखिन्छ । गैरआवासीय नेपालीसँगै निजी क्षेत्रसँग सहकार्य गर्न सकिन्छ।



# Bridging the Gap: A New Era of Leadership in NRNA

*As NRNA evolves and diversifies its leadership, it aims to strengthen its position as a driving force for the global Nepali community and a catalyst for positive change in Nepal's development. This move towards inclusivity and youth engagement is anticipated to breathe new life into the organization, ensuring its relevance and effectiveness in the years ahead.*

*The new generation of leaders, with their diverse skill sets and global perspectives, is well-equipped to lead NRNA into this new era. By embracing this transformation, NRNA sets a precedent for diaspora organizations worldwide, demonstrating the power of generational change and global outreach.*

**Rubina Sharma**

## Introduction:

The Non-Resident Nepali Association (NRNA) has served as a pillar of support and connection for the global Nepali diaspora since its establishment in 2003. Over the years, it has played a vital role in fostering bonds, engaging in philanthropic endeavors, and contributing to Nepal's development. However, as NRNA stands at a pivotal juncture, the imperative for embracing a new generation of leadership becomes increasingly apparent. This transition transcends age and is a deliberate endeavour to infuse the organization with fresh perspectives, technological acumen, and a renewed sense of purpose. In a significant milestone for NRNA, a new cohort of leaders is poised to assume leadership roles within the organization. This development coincides with NRNA's efforts to bridge the gap between its past and future, reinvigorating its mission while actively working to neutralize political influences within its ranks.

## The Changing Face of NRNA:

NRNA, established in 2003, has been a cornerstone for the

global Nepali diaspora, fostering connections, engaging in philanthropy, and contributing to Nepal's development. However, the world has evolved since its inception, prompting NRNA to adapt to new challenges and opportunities.

This adaptability is exemplified in Belgium, where NRNA has made history by appointing its youngest General Secretary to date. This shift towards involving younger leaders in pivotal roles underscores NRNA's commitment to embracing a new generation of leadership. It also highlights the organization's recognition of the necessity for fresh perspectives and innovative approaches to meet the evolving demands of the Nepali diaspora and the global landscape.

Moreover, this shift is not isolated; other representatives of the new generation within NRNA Belgium are prepared to serve in other vital positions for the upcoming term. This reflects a broader trend within the organization, actively encouraging and preparing young leaders to shape NRNA's future direction.

### NRNA's Evolution:

As NRNA evolves and diversifies its leadership, it aims to strengthen its position as a driving force for the global Nepali community and a catalyst for positive change in Nepal's development. This move towards inclusivity and youth engagement is anticipated to breathe new life into the organization, ensuring its relevance and effectiveness in the years ahead.

No organization can hope to progress without the energy, innovation, and vision that a new generation brings. The Nepali diaspora and NRNA itself stand at a crucial juncture where actively entrusting younger generations with leadership responsibilities is a necessity rather than an option.

### A Global Perspective:

What sets this new generation of NRNA leaders apart is their unique perspective, cultivated by growing up outside Nepal. They have experienced the world through a different lens, gaining insights and skills that enrich the organization. Their global perspective, combined with an appreciation for their Nepali heritage, creates a potent mixture that promises to propel NRNA to new heights.

### Global Expansion: Key Roles of the New Generation

In an increasingly interconnected world, NRNA is embarking on a journey of global expansion. As NRNA seeks to extend its reach and influence globally, a new generation of leaders is emerging to play pivotal roles in this transformative endeavour.

### International Registration: Opening Doors Worldwide

One of the significant challenges and opportunities in NRNA's path to global expansion is international registration. Many countries offer the possibility for international non-profit organizations to gain formal recognition, which is pivotal in achieving legitimacy in various nations with thriving Nepali diasporas.

The involvement of the new generation within NRNA is instrumental in navigating the complexities of international registration. Their fresh perspectives and global awareness bring a dynamic approach to understanding the legal requirements and cultural nuances of each host country. This not only facilitates the registration process but also opens doors for NRNA to actively engage with local communities and authorities.

### Legal Expertise: Navigating Diverse Legal Landscapes

In the pursuit of its mission, NRNA often operates in countries with diverse legal systems. The legal expertise of the new generation, honed through experiences in various legal environments worldwide, is invaluable. These young leaders are well-equipped to navigate the intricate laws and regulations governing international organizations.

Their ability to operate efficiently and transparently within

these legal frameworks further neutralizes political influence and ensures that NRNA's mission remains focused. This legal acumen strengthens NRNA's position as a responsible and accountable organization on the global stage.

### Multilingual Communication: Bridging the Gap

Effective communication is at the heart of successful global engagement. In various countries, elder members of NRNA face language challenges that can hinder their ability to connect and engage with local communities. This is where the new generation, often bilingual or multilingual, steps in to bridge the communication gap.

Their language skills and cultural fluency facilitate better understanding and collaboration between NRNA and the host countries. This not only fosters stronger relationships but also enables NRNA to be more effective in pursuing its mission of connecting and supporting Nepali communities worldwide.

### Cultural Nuances and Legal Intricacies:

Beyond language, the new generation brings an intimate understanding of the cultural nuances and legal intricacies of their respective host countries. This familiarity ensures smoother interactions and greater effectiveness in NRNA's initiatives. It allows NRNA to adapt its approaches and strategies to align with the specific needs and sensitivities of each local community.

As NRNA embraces its global expansion journey, the involvement of the new generation is proving to be a transformative force. Their roles in international registration, legal expertise, and multilingual communication are essential pillars that not only enable NRNA to thrive in diverse global environments but also contribute to its mission of connecting and supporting Nepali communities worldwide.

In an era where the world is more interconnected than ever before, the contributions of the new generation are propelling NRNA to new heights, strengthening its impact, and ensuring its relevance in an evolving global landscape.

### Changing Dynamics:

The world has significantly changed since NRNA's inception, along with the dynamics of the Nepali diaspora. The first-generation Nepali immigrants who founded NRNA have aged, and many are approaching retirement. Simultaneously, the younger generation of Nepali expatriates, who are more tech-savvy, globally connected, and socially aware, is stepping up to take an active role in the diaspora.

### Compelling Reasons for New Leadership:

There are compelling reasons why NRNA needs a new generation of leadership:

1. Digital Transformation: The new generation is well-versed in the digital age, harnessing the power of social media, online fundraising, and virtual engagement. NRNA must adapt to these tools to stay connected with a wider audience and efficiently manage its operations.

2. Innovation and Creativity: Young leaders bring fresh perspectives and innovative ideas that can revitalize NRNA's mission and approach. They can identify new opportunities for collaboration, fundraising, and community engagement.

3. Diverse Representation: The younger generation of Nepali diaspora members represents a more diverse range of professions, backgrounds, and experiences. Embracing this diversity can help NRNA address a wider array of issues and concerns within the diaspora community.

4. Sustainability and Continuity: As the older generation of NRNA leaders step back, it is vital to have a seamless transition to ensure the organization's sustainability. The new generation can help secure NRNA's future and ensure its work continues to benefit Nepal.

5. Community Engagement: Younger leaders are often more

connected with local Nepali communities and grassroots initiatives. Their involvement can lead to increased community engagement and participation, ultimately strengthening NRNA's impact.

### Challenges and Solutions:

Integrating a new generation of leaders into an established organization like NRNA comes with its challenges, including resistance to change, intergenerational conflicts, and the need for mentorship programs. To successfully usher in this new era of leadership, NRNA can consider the following strategies:

1. Leadership Transition Programs: Implement structured leadership transition programs that ensure a smooth handover of responsibilities from the older generation to the younger one. This can include mentorship and knowledge transfer initiatives.

2. Inclusivity and Diversity: Actively promote inclusivity and diversity within NRNA to ensure that the new generation of leaders has equal opportunities to participate and contribute.

3. Training and Development: Invest in leadership development programs tailored to the needs of younger leaders. This helps them build the skills necessary to lead effectively within NRNA.

4. Digital Transformation: Embrace technology and digital platforms for communication, fundraising, and community engagement. Younger leaders can play a central role in driving this transformation.

### Neutralizing Political Influence:

One of the critical challenges faced by NRNA in recent years has been the undue influence of politics within the organization. Political affiliations and biases from the older generation often overshadowed the organization's core mission. This politicization, at times, diverted NRNA's attention from its philanthropic and community-oriented goals.

By welcoming a new generation of leaders, NRNA aims to neutralize political involvement within the organization. Younger leaders are seen as impartial and objective, less entrenched in political ideologies, and more focused on NRNA's mission to serve the interests of the entire diaspora community, free from political agendas.

### A Unified Vision for NRNA:

As NRNA embraces this transformative shift in leadership, it is laying the foundation for a brighter future. Clear guidelines prohibiting political activities within NRNA are being established, ensuring that the organization remains focused on its core mission.

Transparency, accountability, and mentorship programs are being prioritized to build a leadership team that is equipped to drive NRNA forward in the digital age while staying true to its founding principles.

The stage is set for a revitalized NRNA, ready to bridge the gap between generations and make a lasting impact on the global Nepali diaspora and Nepal's development. As NRNA enters this new era, it does so with a renewed sense of purpose and unity, guided by a new generation of leaders determined to uphold its mission of connecting and supporting Nepali communities worldwide.

### NRNA's Global Expansion and Political Neutrality:

As the Non-Resident Nepali Association (NRNA) embraces a new generation of leadership, it opens doors to significant opportunities for global expansion and increased political neutrality. NRNA has long served as a vital link connecting the global Nepali diaspora, and its transformation is not limited to leadership dynamics alone.

### Global Registration as an International Non-Profit Organization:

One notable avenue for growth lies in the possibility of NRNA obtaining international non-profit status in various countries where Nepali expatriates reside. This move would

allow NRNA to function as an officially recognized organization dedicated to serving the interests of the Nepali diaspora and contributing to Nepal's development. It also offers several advantages, including enhanced fundraising capabilities, a more substantial presence on the global stage, and greater autonomy.

### Reducing Reliance on Nepal's Political Landscape:

Obtaining international non-profit status can significantly reduce NRNA's reliance on the political landscape of Nepal. It provides a level of independence that helps neutralize the influence of political affiliations within the organization. A global approach allows NRNA to focus more on its core mission of community support, philanthropy, and development projects while steering clear of domestic political entanglements.

### Empowering the New Generation:

This shift toward international non-profit status aligns perfectly with the vision of the new generation of NRNA leaders. Many of these leaders have grown up outside of Nepal, gaining exposure to international norms and governance structures. They bring valuable insights and experiences that can facilitate the process of registering NRNA as an international non-profit organization in various countries.

### The Path Forward:

As NRNA evolves to become a truly global organization with a clear international identity, it not only strengthens its position but also safeguards its mission from undue political influence. The new generation of leaders, with their diverse skill sets and global perspectives, is well-equipped to lead NRNA into this new era. By embracing this transformation, NRNA sets a precedent for diaspora organizations worldwide, demonstrating the power of generational change and global outreach. With a unified vision and a commitment to its founding principles, NRNA is poised to bridge the gap between generations, foster greater community engagement, and make a lasting impact on the global Nepali diaspora and Nepal's development. This transformation not only benefits NRNA but also strengthens the Nepali diaspora's bond with Nepal and contributes to the country's development. The infusion of fresh perspectives, international recognition, and language and legal expertise from the new generation promises a brighter future for NRNA and the global Nepali community.

(Sharma is General Secretary of NRNA Belgium)

# विदेशमा नेपाली : साथी पनि, सारथि पनि

नेपालबाट एयरपोर्ट आइपुगेर कहाँ जाने भौंतारिरहेको अवस्थामा होस् वा जागिर र कोठा नपाएर सकस भइरहेको बेला होस्, विदेशी भूमिमा अकालमै मृत्युवरण गर्न पुगेका नेपालीको शव स्वदेश पठाएर अन्त्येष्टि गर्नसमेत पछि पर्दैनन् मनकारी नेपाली । आपतविपतका बेला एक नेपालीले अर्को नेपालीलाई सहयोग गर्न संकोच मानेको कदापि देखिन्न ।





**इन्द्रलक्ष्मी घिमिरे**

सेप्टेम्बर पहिलो साता विश्वका नेपालीमाझ एउटा दुःखद् खबर एकाएक फैलियो । त्यो के थियो भने, "छन्द कविताहरू मिठास शैलीमा वाचन गरेर ख्याति कमाएकी सरु गुरागाईं घाँटीको क्यान्सरबाट पीडित भइन् ।" हाल स-परिवार अमेरिकाको ओहायो सहर बस्दै आएकी सरुका पतिले "गो फण्ड मी"मार्फत आर्थिक सहयोगका लागि अपिल गरेको फेसबुक पोस्ट धेरैले सेयर गरे।

आदिकवि भानुभक्त आचार्यको रामायणका श्लोकहरू वाचन गरेर युट्युबमा धारावाहिक प्रसारण गरेपश्चात सर्वत्र लोकप्रिय भएकी सरुको उपचारका लागि देश विदेशका नेपाली तम्सिहाले। महिना दिन नबित्दै ६७ हजार ४४८ अमेरिकी डलर चन्दा संकलन भयो।

केही वर्षअघि दुवै मृगौला फेल भएपछि अमेरिकामै रहेका पप सम्राट ओमविक्रम विष्टले आर्थिक सहयोग अनुनय गर्दा लाखौं चन्दा उठ्यो। कतिपयले व्यक्तिगत त कतिले उनको सहयोगार्थ आयोजित सांगीतिक कार्यक्रममा पुगेर उनको उपचार सहयोगार्थ चन्दा संकलन गरेका थिए । त्यतिबेला ओमविक्रम चन्दा उठाएरै उपचार गर्ने हैसियतका कलाकार हुन् त भन्ने प्रश्न पनि उठेको थियो।
बेलायत आएको केही महिनामै बिरामी भएर निधन भएकी २१ वर्षीया सदीक्षा तामाङको परिवारका लागि एक महिनाभित्र १७ लाख रुपैयाँ बढी संकलन भयो। बेलायत पढेर युके अनि नेपालमा केही गर्छु भन्ने मिठो सपना साँचेर आएकी एक नेपाली चेली अकालमै मर्दा उनको परिवारलाई स्वतस्फूर्त सहयोग गर्न बेलायतवासी नेपाली अग्रसर भइहाले।

एनआरएनए यूकेले सर्वसाधारण र संस्थाबाट संकलित चन्दा १० हजार ५४५ पाउन्ड ३६ पेन्स सदीक्षाको अन्त्येष्टी समारोहमा आएका बाबु कृष्ण थोकर तामाङलाई

हस्तान्तरण गरेको थियो।

माथिका केही उदाहरणले पुष्टि गर्छ कि विदेशका नेपाली जब अप्ठेरो आइपर्छ, सहयोगका लागि तम्तयार भइहाल्छन्। विश्वका सातै महादेशमा नेपाली पुगेका छन्। भनिन्छ, विदेशमा बस्ने नेपालीको संख्या ५० लाख बढी छ। ती नेपाली अप्ठेरो, मर्दा पर्दा संस्थागतमात्र होइन, व्यक्तिगत सहयोग गर्न समेत अगाडि सर्छन्।

गैरआवासीय नेपाली संघ (एनआरएनए) को सञ्जाल अहिले विश्वका ८० भन्दा बढी देशमा फैलिएको छ। ति देशबाहेक एनआरएनए गठन नभएको देशमा पुगेका नेपालीले समेत अप्ठेरोमा सहयोगका हात फैलाउने गरेका पाइन्छ।

नेपालबाट एयरपोर्ट आइपुगेर कहाँ जाने भौंतारिरहेको अवस्थामा होस् वा जागिर र कोठा नपाएर सकस भइरहेको बेला होस्, विदेशी भूमिमा अकालमै मृत्युवरण गर्न पुगेका नेपालीको शव स्वदेश पठाएर अन्त्येष्टि गर्नसमेत पछि पर्दैनन् मनकारी नेपाली। आपतविपतका बेला एक नेपालीले अर्को नेपालीलाई सहयोग गर्न संकोच मानेको कदापि देखिन्न। भाइबर, हवाट्सएप वा फेसबुकतिर ग्रुप बनाएर आर्थिक संकलन सुरु भइहाल्छ। फरक यत्ति हो, आफ्नो हैसियत अनुसार कतिले ठूलो रकम देलान् कतिले सानो।

अहिले अष्ट्रेलिया, न्युजिल्यान्ड, बेलायतलगायतका मुलुकमा नेपाली विद्यार्थी अध्ययनका लागि ओइरिरहेका छन्। कतिपय विद्यार्थी भिजा लागेपछि कोठासमेत व्यवस्था नगरी हतार-हतार गन्तव्य मुलुकमा पुगेर बिचल्ली भइरहेका हुन्छन्। काम नपाउँदाको तनाव त छदैंछ। यस्तो अवस्थामा चिनजान नै नभएपनि सामाजिक सञ्जालमा पोष्ट देखेकै भरमा एयरपोर्ट पुगेर उद्दार गरेका कैयौं उदाहरण छन्।

बिरानो देशमा काम खोजिदिने, सम्बन्धित देशको नियम कानुन र प्रक्रियाबारे अवगत गराइदिने, जागिर खोजी दिने, विश्वविद्यालय जाने रुट बताइदिनेदेखि औषधि उपचारमा समस्या आइपरे चन्दासमेत जुटाइदिने जस्ता मानवीय कार्यमा एक नेपालीले अर्को नेपालीलाई मनदेखि नै सहयोग गर्ने गरेका छन्।

प्राकृतिक विपत्तिले मातृभूमि रोइरहेका बेलामात्र होइन्, कुनै नेपाली औषधोपचार गर्न आर्थिक अभावले छटपटाइरहेका बेला समेत आर्थिक सहयोग गर्न तयार भइहाल्छन्।

लामो समयदेखि बेलायत बस्दै आएका पूर्वकाउन्सिलर एवं सन् २०१७ मा बेलायतको संसदीय निर्वाचनमा सांसद उम्मेदवार डा. बच्चुकैलाश कैनीको भनाइमा विदेशमा नेपालीहरू जुन देशमा बसे पनि भावनात्मक, सांस्कृतिक र मनोवैज्ञानिक रूपमा नेपाली नै हुन्छन्। यो अर्थमा एक नेपालीको भावना, दुःख र सुख अर्को नेपालीले सजिलै बुझ्न सक्छ र परेको बेला सबै किसिमको सहयोग गर्न पनि तम्सिन्छ।

कतिपय बेला आर्थिक सहयोगका साथै भावनात्मक र नैतिक सहयोग वा समर्थनको आवश्यकता परेको बेला एक नेपालीले अर्को नेपालीलाई गरेको सहयोग उल्लेख्य छ विदेशी भूमिमा। नेपालीहरू हरेक किसिमले उदार मनका पनि छन्। विदेशमा आफूसँगै दुःख गरेर बस्ने नेपालीलाई मात्रै होइन, आफ्नो मातृभूमि नेपालमा पनि आपत विपद् पर्दा र कसैलाई दुःख पर्दा सहयोग गरेका धेरै उदाहरण हामीसँग छन्।

'म सन् २०१७ को बेलायतको संसदीय निर्वाचनमा सांसद उम्मेदवार भएको बेला मेरो चुनाव प्रचार-प्रसार गर्न र मत माग्न नेपाली समुदायले लगाएको गुण म कहिल्यै भुल्दिंन', डा. कैनी सम्झन्छन्, 'त्यो बेला बेलायतको हरेक कुनामा बस्ने हरेक नेपाली समुदायले स्वतस्फूर्त रूपमा मलाई सहयोग गर्नु भएको थियो। अहिले पनि कुनै काउन्सिलमा नेपाली उम्मेदवार उठेको छ भने हरेक नेपालीले आफ्नो तर्फबाट सकेको सहयोग गर्नुहुन्छ।'

हाल अष्ट्रेलियामा रहेका मिडिया व्यवस्थापन अनुसन्धानकर्मी एवं एनआरएनए अभियन्ता डा. भरतराज पौड्यालको भनाइमा प्रवासमा रहेका नेपालीको संख्या लाखौं रहे पनि दुःख वा मर्दा पर्दा लिने दिने सहयोग परिस्थिति, ठाउँ र बसोबासको प्रकृति हेरेर फरक फरक हुन्छन्। अष्ट्रेलियामा पनि त्यो लागू हुन्छ।

'यहाँ बर्सेनि हजारौंको संख्यामा नेपाली विद्यार्थी भविष्यको

अनेक सपना बुनेर आएका छन् । पहिल्यै अनेक बहाना, भूमिका र अवसरका नाममा यो मुलुक पसेकाको जीवन पनि सफल र सुखद बनेको छ। नेपालको सामान्य मध्यम परिवारको मान्छेलाई यहाँ बाँच्ने सहारा भनेको साथीभाइ, इष्टमित्र, काम र कार्य क्षेत्रको वातावरण नै हुन्,' पौड्याल भन्छन्।

प्रश्न उठ्छ, के प्रवासमा अप्ठ्यारो पर्दा, बाटो बिराउँदा सबै साथीहरू सारथि बनेका छन् त ? केहीले प्रचारका नाममा सामाजिक सञ्जालमा यस्तो गरियो उस्तो गरियो' भन्दै समाजसेवी भएको देखाउनकै लागि अस्वस्थकर प्रतिस्पर्धा पनि गरिरहेका छन्।

डा. पौडेलको एउटा अनुभव यहाँ उनकै शब्दमा प्रस्तुत छ। 'एकपटक मलाई एउटा जिम्मेवारी आइपऱ्यो । एकजना विद्यार्थी अष्ट्रेलिया आएर केही समय कलेजबाट सम्पर्कविहीन भए, फि पनि तिरेनन् र पढाइ पूरा गर्न असफल भए। नेपालमा परिवारसँग सम्पर्क हुन छोड्यो । परिवारले सबैतिर बुझेर म र मेरा केही साथीसँग सम्पर्क गर्न थाले। केही समयपछि उसलाई थुप्रै च्यानल लगाएर भेटियो । चिन्तित र डिप्रेसनको मुद्रामा रहेको कलिलो युवालाई बल्ल तल्ल बसेको ठाउँबाट खोजेर ल्याइयो । नयाँ कलेज ल्याइयो भिसा सकिँदै रहेछ। तर, पुन नयाँ कलेज भर्नाको तारतम्य गरेर पछि नयाँ भिसा लिइयो। ऊ अहिले काम गरिरहेको छ, आनन्दसँग बसिरहेको छ तर उमा परिवारप्रति खासै चासो छैन ।' झन्डै तीन लाख नेपाली जनसंख्या पुग्न लागेको अष्ट्रेलियामा नेपाली व्यावसायिक क्षेत्र निकै फस्टाएको छ। सयौं मानिस धनी भएका छन्।

समाजले गम्भीर विरामी पर्दा कतिपय अवस्थामा थुप्रैको उपचार सहज बनाइदिएको छ । बस्न नसकेका लाई मातृभूमि फिर्ता पठाउन थुप्रैपटक पहल भएका छन् । चाडपर्व, बिहे ब्रतबन्धमा आपसी सरसहयोग चलिरहेकै छन् । बेला बेला चाहिने परामर्श भएकै छन् तर हरेक सेवाको व्यवसायीकीकरणले गर्दा कतिपय अवस्थामा प्रवासमा नेपाली साथी र सारथि सधैं सँगै नभए जस्तो महसुस गर्छन् डा. पौडेल।

मध्यपूर्व तथा मलेसियाका देशमा त अझ धेरै समस्याका चाङ हुन्छन् । अहिले कतिपय नेपाली दलालको जालमा परेर भिजिट भिसामा नाममा मध्यपूर्वी विभिन्न देशमा जाने क्रम बढ्दो छ। दुबईमा अझ भिजिट भिसामा गएर अत्रपत्र बन्नेको संख्या बढ्दो छ।

दुई लाख रुपैयाँ तिरेर भिजिट भिसामा गएका योगेश गन्धर्वको आज पनि आफ्ना सुरुवाती दिन सम्झेर मन कुडिन्छ। नेपालबाट भिजिट भिसामा गएको एक सातामा काम लगाइदिने प्रलोभनमा परेर दुबई पुगेका उनले दुई महिनापछि मात्रै आफू ठगिएको थाहा पाएँ । हुन त जिन्दगीको ठूलो पाठ सिकेँ जस्तो लाग्छ उनलाई। कानुनी बाटो बिराएर दलालको पछि नलागेको भए उनी बिचल्लीमा पर्ने थिएनन्। त्यतिबेला उनलाई त्यहाँ काम खोज्नेदेखि कानूनी तवरबाट भिसा लिन दुबईस्थित मनकारी नेपालीहरूले नै साथ दिएका थिए।

उनी भन्छन्, "नेपाली जहाँ गए पनि साथी हो, अप्ठेरोमा परेका सबैको सारथी बन्न तम्सन्छ, मैले जस्तो दुःख नपाऊन् भनेर आजकाल म सामाजिक सञ्जालबाट पनि आफ्नो अनुभव सुनाउने गर्छु केहीले त सुनेर लाभ लिन्छन् होला नि।"

विदेशी भूमिमा नेपाली कला, संस्कृति र आफ्नै पहिचानको संरक्षण-प्रवर्द्धन गर्न नेपालीले सक्रियता देखाउँदै सँगै हातेमालो गरेको कुरा पनि विर्सनु हुँदैन । यसका साथै आफूले सिकेको सीप र ज्ञान नेपाल र नेपालीलाई हस्तान्तरण गर्न र विदेशी भूमिमा आर्जेको पुँजी नेपाली भूमिमा लगानी गर्न पनि विदेशमा बस्ने नेपालीको भूमिका ठूलो छ। यो पनि एक किसिमको सकारात्मक भावना हो।

## गैरआवासीय नेपाली संघद्वारा आव्हान गरिएको फेलोसिप कार्यक्रममा छनोट भएका रिपोर्टहरू :

## लगानीसँगै सीप हस्तान्तरणमार्फत गैरआवासीय नेपालीको अर्थतन्त्रमा योगदान

# एक खर्ब लगानी



## लगानीका मुख्य ६ क्षेत्र



- गैरआवासीय नेपाली संघ स्थापनाको २० वर्ष-
- लगानीका मुख्य ६ क्षेत्र : जलविद्युत्, पर्यटन, स्वास्थ्य, शिक्षा, वित्तीय क्षेत्र र कृषि तथा उत्पादन
- १ खर्ब बढीको लगानी
- डेढ सय ठूला र हजारमा स-साना लगानीकर्ता
- ३०० मेगावाट विद्युत् र २५ अर्ब बढी पर्यटन क्षेत्रमा लगानी
- साधरण सेयरमार्फत एनआरएनले लगानी गर्न सक्ने गरी कोष स्थापना
- ज्ञान, सीप र पुँजी भित्र्याई हजारौंलाई रोजगारी

अहिले पनि रेमिट्यान्सको रुपमा रकम भित्र्याएर नेपालमा कसैले लगानी गरेको छ भने त्यसलाई लेखांकन गराउँदा उपयुक्त हन्छ । तर, सरकारले कुनै कारबाहीभन्दा पनि सुरुमा कर छुट हुने गरी लेखांकन गर्दा उपयुक्त हुन्छ । पहिलो ५ वर्षलाई १०-२० प्रतिशतसम्म कर छुट हुन्छ भने विदेशको लगानी भित्रने एनआरएनहरु बताउँछन् ।

विदेशमा करिब ८० लाख नेपालीले वार्षिक ६० खर्ब रूपैयाँ आम्दानी गर्ने अनुमान छ । १३ खर्ब देखिने गरी नेपालमा भित्रन्छ । बाँकी केही हुन्डीबाट जान्छ भने धेरै विदेशमै लगानी वा खर्च हुन्छ ।



## वसन्त अर्याल

गैरआवासीय नेपालीको लगानी संगठित रूपमा भित्रन थालेको छ। स्थापनाको २ दशक पुग्दा ठूला व्यक्तिगत लगानीसँगै इन्भेस्टमेन्ट कम्पनीमार्फत साना लगानी भित्रिन थालेका हुन् । नेपालका पर्यटन क्षेत्र होस् वा स्वास्थ्य । जलविद्युत् होस् वा आईटी हरेक क्षेत्रमा एनआरएनएको लगानी भित्रिएको छ। २० वर्षमा औपचारिक लगानीको रूपमा मात्रै १ खर्ब बढी भइसकेको छ।

गैरआवासीय नेपालीमा वैदेशिक लगानी ल्याउने मात्रै होइन विदेशमा कमाएको रकम रेमिट्यान्समा समेत भित्र्याई नेपालको अर्थतन्त्रमा ठूलो योगदान गरेका छन्। गैरआवासीय संघका अनुसार करिब ८० लाख नेपाली विदेशमा बसोबास गर्छन् । ८० लाख गैरआवासीय नेपालीमध्ये ५० लाख सार्क मुलुक बाहिर बस्ने अनुमान गरिएको छ। त्यहाँ केहीले नागरिकता लिएका छन् भने केहीले स्थायी बसोबासको कागज लिएका छन्। जसमा १५ देखि २० लाख नेपालीले विदेशी नागरिकता र पासपोर्ट प्रयोग गर्छन्। बाँकी लामो समय विदेशमै बसे पनि नेपाली नागरिकता र पासपोर्ट प्रयोगकर्ता छन् । विदेशको

नागरिकता लिनेले वैदेशिक लगानीको रूपमा लगानी भित्र्याइरहेका छन् भने नेपाली नागरिकता हुनेले विप्रेषण ( रेमिट्यान्स)को रूपमा हरेक वर्ष नेपालमा पैसा पठाउने गरेका छन्।

'नेपालको अर्थतन्त्रको करिब ३३ प्रतिशत योगदान विदेशमा रहेका नेपालीले गर्दै आएका छन्,' एनआरएनएका कार्यकारी अध्यक्ष डा. बन्द्री केसी भन्छन्, 'वार्षिक १३ देखि १४ खर्ब रुपैयाँ विदेशमा रहेका नेपालीको अर्थतन्त्रमा योगदान रहेको छ ।' यो तथ्यांक वैदेशिक लगानी र विप्रेषणको रूपमा भित्रिएको छ। एनआरएनएका अनुसार नेपाली डायस्पोराको क्षमताअनुसार २५ प्रतिशत रकम पनि भित्रिरहेको छैन।

'एउटा अन्तर्राष्ट्रिय अध्ययनले के देखाउँछ भने नेपाली डायस्पोराको आम्दानी ६० खर्ब रुपैयाँ हो। देखिने गरी १३ खर्ब रुपैयाँ मात्रै आइरहेको छ । केही हुन्डीमार्फत आइरहेको छ,' अध्यक्ष केसी भन्छन्, 'सरकारलाई त्यसको प्रत्यक्ष फाइदा छैन तर अप्रत्यक्ष रूपमा नेपालमै चलायमान छ । धेरै पैसा विदेशमै थिग्रिएर बसेको छ । एनआरएनए त्यस्तो संस्था हो विदेशमा थिग्रिएर बसेको पैसालाई नेपालमा लगानी गर्नलाई प्रेरित गर्ने हो।'

वैदेशिक रोजगारीबाट वार्षिक १३ खर्ब रुपैयाँ नेपाल पठाउँदै आएको तर सबै विदेशी वस्तु खरिदका लागि नै बाहिरिने बताए। 'विदेशबाट जति रकम हामीले नेपालमा पठाएका छौं। नेपालमा नथिग्रिकन विदेशमै फिर्ता भएको छ,' डा. केसीले भने, 'नेपालले २ खर्ब रुपैयाँको वस्तु पनि निर्यात गर्दैन। रेमिट्यान्सको भरमा अर्थतन्त्र चलिरहेको छ।'

विदेशमा करिब ८० लाख नेपालीले वार्षिक ६० खर्ब रुपैयाँ आम्दानी गर्ने अनुमान छ। १३ खर्ब देखिने गरी नेपालमा भित्रन्छ । बाँकी केही हुन्डीबाट जान्छ भने धेरै विदेशमै लगानी वा खर्च भएको उनी बताउँछन्।

आर्थिक संक्रमणको स्थितिबाट नेपाल गुज्रिरहेको नेपाल सीमित आन्तरिक स्रोत-साधनले मात्र देशले विकासको अपेक्षित फड्को मार्न सक्दैन। एनआरएनएका पूर्वअध्यक्ष जीवा लामिछानेले वैदेशिक लगानी नआएको अवस्थामा डायस्पोराका नेपालीले भर्न सक्ने बताउँछन्।

'वैदेशिक लगानीका संभावनाहरू सीमित छन्। दुई अंकको तीव्र आर्थिक वृद्धिमा सवार छिमेकीको तुलनामा वैदेशिक लगानीलाई आकर्षित गर्ने दौडमा हाम्रो मुलुक पछि पर्नु अवश्यंभावी छ,' पूर्वअध्यक्ष लामिछाने भन्छन्, 'त्यसैले गैरआवासीय नेपाली समुदायले त्यही ग्यापलाई भर्न सक्छन्।'

एनआरएनए स्थापना २००३ सालदेखि नै विदेशमा कमाएको केही प्रतिशत नेपालमा लगानी होस् भन्ने उद्देश्य राखेको छ। अध्यक्ष केसीले नेपालमा हुर्कंदा आफ्ना बाबुआमाको मात्रै होइन राज्यले पनि लगानी गरेको बताउँदै विदेशमा कमाएको केही न केही नेपालमा लगानी गर्नुपर्ने धारणा राख्छन्।

'गैरआवासीय नेपालीको लगानी नेपालमा लैजाने र ऐन कानुनलाई सहजता बनाउने भूमिका एनआरएनएको हो,' केसीले भन्छन्, 'नेपाली नागरिकता बोकेर विदेशमा लगानी गर्न पाइँदैन। त्यो अवैधानिक हो तर कसले कति कमाउँछ नेपालले चिन्दैन।'

पूर्वअध्यक्ष लामिछानेले नेपाली डायस्पोराले नेपालका जलविद्युत्, बैंकिङ, पर्यटन, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा अहिले नै उल्लेख्य आर्थिक लगानी गरिसकेको बताउँछन्।

'हामीले नदेखिने ढंगले संसारभरिका नेपालीले आ-आफ्ना गाउँ ठाउँमा एक्लै वा सामूहिक रूपमा विभिन्न क्षेत्रमा धेरै सानासाना लगानी गरेका छन्,' उनले भने, 'ग्रामीण अर्थतन्त्रलाई चलायमान राख्न, रोजगारी सिर्जना गर्न तिनको प्रभाव धेरै ठूलो छ।'

नेपालबाट सुरुको ६ महिनाका लागि पैसा ल्याए पनि त्यसपछि विद्यार्थीले रोजगारीमा आएका जस्तै पैसा कमाउन थाल्छन् । गैरआवासीय नेपाली ऐनलाई समयसापेक्ष परिमार्जन गर्नुपर्ने अवाज उठ्दै आएको छ। उनीहरूले नै नेपालमा वैदेशिक रकम पठाउने गरेका छन्। गैरआवासीय नेपालीको सीप, पुँजी र प्रविधि भित्र्याउन नेपाल सरकारको नीति नै छ। जसअनुसार गैरआवासीय नेपालीको मागअनुसार नीतिहरू पनि समयानुकूल बनाउँदै लगेको अध्यक्ष केसी बताउँछन्।

नेपाल सरकारका अधिकारीहरू सबै लगानी ठूलो साइजमा

हुनुपर्छ भन्ने छैन, विदेशमा रहेका नेपालीले यति सीप, प्रविधि, ज्ञान हासिल गरेका छन् कि त्यसको थोरै अंश नेपाल भित्र्याउन सकियो भने पनि धेरै प्रगति सम्भव हुने बताउने गरेका छन् । एनआरएनहरूले विगतदेखि नै नेपालमा लगानी भित्र्याउँदै आएका छन् जसमध्ये धेरै लगानी सफल भएका उदाहरण छन्।

## १ खर्ब बढी लगानी, हजारौंमा लगानीकर्ता

एनआरएनए ऐन २०६४ मा गैरआवासीय नेपाली भन्नाले नेपाली मूलको विदेशी नागरिक सम्झनुपर्छ र सो शब्दले विदेशमा बस्ने नेपाली नागरिक समेतलाई जनाउँछ भन्ने उल्लेख रहेको छ। नेपाली मूलको विदेशी नागरिक भन्नले बाबु आमा, बाजे बजै नेपालको नागरिक रही सार्कको सदस्य बाहेकका मुलुकको नागरिकता दिएको व्यक्ति हुने उल्लेख छ।

एनआरएनए ऐनमा परिवर्त्य विदेशी मुद्रामा लगानी गर्न सक्ने व्यवस्था गरेको छ। जसमा गैरआवासीय नेपालीले वा गैरआवासीय नेपालीको ५० प्रतिशतभन्दा बढी सेयर लगानी भएको कुनै विदेशी कम्पनीको प्रचलित कानुनबमोजिम विदेशी लगानीका लागि खुला गरिएको उद्योग वा व्यवसाय वा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी गैरआवासीय नेपालीका लागि लगानी गर्न खुला गरेको उद्योग वा व्यवसायमा विदेशी मुद्रामा लगानी गर्न सकिने व्यवस्था गरेको छ।

एनआरएन ऐन २०६४, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ (फिटा) बीचमा केही असमानता रहँदा विशेषगरी एनआरएनको लगानी र वैदेशिक लगानी भित्र्याउने विषयमा समस्या भइरहेको छ। विशेषगरी फिटा ऐनले गैरआवासीय नेपालीको लगानी र वैदेशिक लगानीलाई एउटै परिभाषामा राखेको भन्दै यसलाई फरक-फरक परिभाषित गर्न एनआरएनएले माग गर्दै आएको छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा विदेशी लगानीकर्ताको परिभाषा भन्नाले विदेशी लगानी गर्ने विदेशी व्यक्ति, फर्म, कम्पनी, गैरआवासीय नेपाली सम्झनुपर्छ भन्ने उल्लेख गरिएको छ।

सरकारले गैरआवासीयले विदेशी व्यक्तिसरह लगानी गर्ने कानुन बनाए पनि गैरआवासीय नेपालीले माटोको मायासँग जोडिएकाले भावनात्मक सम्बन्ध लगानीमार्फत बढाउने गरेको एनआरएनहरू बताउँछन् । सरकारी अधिकारीले एनआरएनको लगानी र विदेशी लगानीलाई फरक परिभाषित गरेर ऐन संशोधन गर्न सरकार तयार रहेको प्रतिबद्धता जनाए पनि कार्यान्वयनतर्फ अघि बढेका छैनन्।

उद्योग विभागअन्तर्गत वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण शाखाका प्रमुख शंकरसिंह धामीले एनआरएनएको लगानी देखिने गरी स्पष्ट तथ्यांक नभएको बताए।

'नेपाली नागरिकता हुनेले त्यसकै आधारमा लगानी गर्छ,' धामीले भने, 'विदेशी नागरिकता ल्याएका गैरआवासीय नेपालीले विदेशी सरह लगानी गर्छ । विदेशी लगानीमा एनआरएनए र अरू भनी उद्योग विभागले छुट्याउने गरेको छैन।'

आर्थिक पत्रकार समाज (सेजन)ले २०१५ मा गरेको एक सर्भेले ९ जिल्लामा मात्रै २९ अर्ब ८५ करोड नेपाली रुपैयाँ लगानी ल्याएको देखाएको थियो । ९ जिल्लामा ६७ वटा व्यवसाय र उद्योगमा लगानी गरेका थिए । जसमा ४९ वटा सेवा क्षेत्रका रहेका थिए भने ८ वटा ऊर्जामा लगानी रहेको थियो । ७ वटा उत्पादनमूलक र ३ वटा गैर नाफामूलक व्यवसाय सञ्चालन गरिरहेका थिए।

एनआरएनको कुल लगानीमध्ये धेरै काठमाडौं उपत्यकामा देखिएको थियो । २०१४ सम्म २३ अर्ब रुपैयाँ काठमाडौं उपत्यकामा गर्दा बागलुङमा करिब ३ अर्ब, मकवानपुरमा १ अर्ब २० करोड, कास्कीमा १ अर्व १० करोड, गोरखामा ८४ करोड, चितवनमा ३५ करोड, र सिरहामा २३ करोड लगानी गरेको सर्भेले देखाएको थियो । काठमाडौंमै गैरनाफामूलक क्षेत्रमा १६ करोड रुपैयाँ खर्च गरेको थियो।
'एनआरएनले लगानी नगरेको नेपालमा कुनै क्षेत्र नै छैन,' डा. केसी भन्छन्, 'तर त्यो बाहिर आउन सकेको छैन । विदेशको पासपोर्ट भए पनि नेपाली नागरिकताबाटै लगानी गर्दा कति लगानी छ। त्यसैले स्पष्ट देखिँदैन।'
अनलराज भट्टराई २००३ देखि नै गैरआवासीय नेपालीसँग आबद्ध छन् । उनी एनआरएनएमा जोडिदा सुरुमा मेडिकेयर हस्पिटल, कान्तिपुर टेलिभिजन, सानिमा हाइड्रोलगायत समिति लगानी रहेको थियो । अहिले हाल

एनआरएनएको नेपालमा १ खर्बभन्दा बढी लगानी रहेको बताउँछन्।

'गैरआवासीय नेपालीको लगानी १ खर्बभन्दा बढी नै रहेको छ,' भट्टराई भन्छन्, 'आजको मार्केट भ्यालुमा उक्त रकम ४ खर्ब हुन आउँछ।' केहीले रेमिट्यान्सको रूपमा र केहीले वैदेशिक लगानीकै रूपमा नेपालमा लगानी गरेको रकम एनआरएनएले फिर्ता लैजानका लागि माग अहिलेसम्म नगरेको भट्टराई बताउँछन्।

एनआरएनए ऐन २०६४ अनुसार गैरआवासीय नेपालीले विदेशी मुद्रामा नेपालका गरेको लगानी विदेशी मुद्रामै फिर्ता लैजाने व्यवस्था रहेको छ । धेरै गैरआवासीय नेपालीको रूपमा लगानी गरिएको लेखाङ्कन नगरिएकाले विदेशमा रकम फिर्ता लगेका छैनन् । गैरआवासीले नेपालीले जति पनि लगानी नेपालमा भित्र्याएका छन् । त्यसको आम्दानी थप नेपालकै अरू आयोजनामा गरेका छन् तर विदेश लगेका छैनन्।

भट्टराई नेपालमा ठूलो लगानी गर्ने करिब डेढ सय गैरआवासीय नेपाली रहेको बताउँछन् । तर, स-साना लगानी गर्ने हजारमा भेटिन्छन् । एनआरएनएले रेमिट्यान्सको रूपमा रकम भित्र्याएर नेपालका विभिन्न क्षेत्रमा लगानी गरेका छन्।

कार्यकारी अध्यक्ष केसी नेपालमा लगानी गरेको ठाउँ देखाउन पनि संकोच गरिरहेको अवस्था रहेको बताए । गैरआवासीय नेपाली नागरिकता पाएँगै त्यो संकोच हट्ने उनको विश्वास छ।

सेजनको सर्भेले एनआरएनको लगानी सेवा क्षेत्रमा ५९ प्रतिशत रहँदा ऊर्जामा २५ प्रतिशत, उत्पादनमूलक क्षेत्रमा १६ प्रतिशत र गैर नाफामूलक क्षेत्रमा १ प्रतिशत लगानी गरेका थिए।

एनआरएनएले नेपालमा लगानी मात्रै नभई नेपाली उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गरी थप लगानीको वातावरण बनाउने प्रयासमा लागेको छ।

## होटल तथा पर्यटन

होटल क्षेत्रमा देखिने गरी लगानी आएको छ । नेपाली व्यवसायीका अनुसार करिब २५ अर्ब हाराहारी होटल तथा रिसोर्टमा मात्रै लगानी भित्रिएको छ । एनआरएनएका पूर्वअध्यक्ष शेष घलेको लगानीमा सेराटन होटल निर्माण भइरहेको छ । त्यसको ७ अर्बमा निर्माण सकिले लक्ष्य राखेकोमा लागत नै १५ अर्ब रुपैयाँ पुगेको छ । काठमाडौंको कान्तिपथमा निर्माणाधीन रहेको छ । पूर्वअध्यक्ष शेष घलेको होटलमा सबैभन्दा ठूलो लगानी हो । कोभिड महामारीलगायतको कारणले निर्माण सम्पन्न हुन सकेको छैन।

रूपन्देहीको टाइगर प्यालेस रिसोर्टमा अमेरिकामा बसोबास गर्दै आएका बुद्धिसागर सुवेदीको नेतृत्वमा लगानी भित्रिएको छ। १५ मिलियन अमेरिकी डलरमा बन्द अवस्थामा पुगेको पाँचतारे होटल खरिद गरेका छन् । विदेशमा कारोबार गरेको भनी केही विवाद भए पनि सरकारलाई पूर्णरूपमा कर तिर्ने बताउँदै सुवेदीले होटल सञ्चालनमा ल्याइसकेका छन्।

अर्का पूर्वअध्यक्ष जीवा लामिछाने लगायतको काठमाडौंमा रहेको होटल अकामामा लगानी रहेको छ । ठमेलमा रहेको होटल अलफ्टका मुख्य लगानीकर्ता पृथ्वीराज पाँडे भए पनि केही लगानी एनआरएनएको रहेको छ । पोखरामा गोर्खाज्हरूले होटल स्थापना गरेका छन् । उनीहरूले तीनतारे र चारतारे होटल स्थापना भएका छन्। पोखराको रूपकोट रिसोर्टमा एनआरएनएको लगानी छ।

गैरआवासीय नेपालीको आइडिया फर नेपालमार्फत पाँचतारे होटलसहित योजना अघि सारेका छन् । सुदूरपश्चिममा आइडिया होटल एन्ड क्यासिनो सञ्चालन गर्न शिलान्यास गरिसकेको छ। यसको लागत २ अर्ब बढी रहेको छ । आइडिया ग्रुपले पोखरामा साहारा होटल सञ्चालन गरिरहेको छ।

होटल संघ नेपालका अध्यक्ष विनायक शाहले एनआरएनएको होटल क्षेत्रमा राम्रै लगानी भए पनि देखाउन नचाहेको बताउँछन् । 'कसको लगानी कुन होटलमा छ अनौपचारिक रूपमा भने पनि औपचारिक रूपमा खुलाउन चाहँदैनन्,' शाहले भने, 'सानादेखि ठूला होटलसम्म एनआरएनएको लगानी भित्रिएको छ ।' काठमाडौंकै तारे होटल, पोखरा, चितवन, रूपन्देहीका

होटलहरूमा एनआरएनएहरूको बढी लगानी रहेको शाहले जानकारी दिए।

एनआरएनए अध्यक्ष केसीले लगानीको ठूलो क्षेत्र पर्यटन रहेको बताउँछन्। 'नेपाली मूलका १५ देखि २० लाखले विदेशको पासपोर्ट लिइसकेका छन्। उनीहरू पर्यटकको रूपमा जाँदा पनि नेपालको आयस्रोत बढ्ने देखिन्छ,' उनी भन्छन्, 'पर्यटक जानका लागि होटल, रेष्टुरेन्ट, सडक पूर्वधार आवश्यक पर्छ। त्यसको निर्माणमा एनआरएनएले रुपैयाँ भूमिका खेल्न सक्छ।'

होटल संघ नेपालका महासचिव साजन शाक्यले थप १० वटा पाँचतारे होटल बनिरहेकोमा केहीमा एनआरएनएकै लगानी देखिएको बताए।

नेपालको पर्यटन प्रवर्द्धनमा पनि डायस्पोराले ठूलो भूमिका निर्वाह गरिरहेको छ। धेरै देशसँग सीधा हवाई उडानको व्यवस्थालगायतका सुविधामा नेपाल सरकारले पहल गर्न सक्यो धेरै पर्यटक भित्र्याउन सकिने पूर्वअध्यक्ष लामिछाने बताउँछन्। 'विदेशमा हाम्रा सम्बन्धका कारण नेपालप्रतिको चासो बढेको छ,' लामिछाने भन्छन्, 'विदेशमा बस्ने नेपाली स्वयंको खर्च गर्ने क्षमतामा वृद्धि हुँदै जाँदा आफू र आफ्ना परिवारलाई नेपाल भ्रमण गराउने क्रम बढ्दै गएको छ। डायस्पोरा स्वयंले नेपालको पर्यटन उद्योगलाई टेवा पुऱ्याइरहेको छ।'

गैरआवासीय नेपाली संघका उपाध्यक्ष महेशकुमार श्रेष्ठले नेपाल सरकारले पर्यटन गन्तव्यका रूपमा अघि सारेका स्थानमा पर्यटन प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्दै आएको बताए।

होटलसँगै गैरआवासीय नेपालीको हवाई क्षेत्रमा लगानी रहेको छ। २०६८ सालमा स्थापना भएको बीबी एयरवेजले २०६९ भदौबाट अन्तर्राष्ट्रिय उडान गरे पनि केही समयमै बन्द भएको कम्पनी पुनः सञ्चालनमा आउँदै छ। एनआरएका पूर्वअध्यक्ष भवन भट्टले २ वर्षअघि उड्डयन मन्त्रालयबाट एयरलाइन्स सञ्चालन अनुमतिपत्र नवीकरण गरेका थिए। कम्पनीले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट नयाँ व्यावसायिक योजना स्वीकृत गरेको छ। कम्पनीले एयरबस उडान गर्ने गरी व्यावसायिक योजना स्वीकृत भएको छ। बीबी एयरवेजले ५ वटा न्यारोबडी जहाजमार्फत अन्तर्राष्ट्रिय उडान गर्ने व्यावसायिक योजना बनाएको छ। नयाँ जहाज खरिदको अनुमतिको पर्खाइमा रहेको छ।

### एनआरएनएको लगानीमा ३०० मेगावाट बढी विद्युत् उत्पादन

पूर्वअध्यक्ष शेष घले अध्यक्ष रहेको एनआरएन इन्फ्रास्टक्चर एन्ड डेभलपमेन्ट लिमिटेड स्थापना भई ५ वटा आयोजना लगानी गरिसकेको छ। २७ मेगावाटको दोर्दीखोला हाइड्रो प्रोजेक्ट लमजुङ, २९ मेगावाटको माइखोला, माथिल्लो मैलुङ खोला, रुपैयाँ खोला हाइड्रो पावरमा एनआरएनएको लगानी रहेको छ। इन्फ्रस्टक्चर कम्पनीमा ३६ देशका ७ सय ९५ जना गैरआवासीय नेपालीको लगानी रहेको छ।

एनआरएनएका पूर्वअध्यक्ष जीवा लामिछाने नेतृत्वको सानिमा ग्रुपको हाइड्रोमा बढी लगानी रहेको छ। सानिमा हाइड्रो लिमिटेड, सानिमा माई हाइड्रोपावर, लोअर लिखुमा एउटै ग्रुपको लगानी रहेको छ। एनआरएनएकै लगानीमा ७३ मेगावाटको सानिमा मिडल तमोर हाइड्रोपावर निर्माण भइरहेको छ। पूर्वअध्यक्ष भवन भट्टको सलङ्खु खोला हाइड्रोमा लगानी रहेको छ। गैरआवासीय संघका उपाध्यक्ष महेश श्रेष्ठलगायतको टिमको हिमालयन पावरमा लगानी रहेको छ।

'एनआरएनको लगानीमा करिब ५०० मेगावाट विद्युत् उत्पादन हुने आयोजनामा लगानी भएको छ,' अध्यक्ष केसी भन्छन्। एनआरएनएले करिब ५०० मेगावाटका आयोजनाको लाइसेन्स लिए पनि करिब ३ सय मेगावाट उत्पादनमा लगानी गरिसकेको व्यवसायी बताउँछन्।
स्वतन्त्र ऊर्जा उत्पादक संघका अध्यक्ष गणेश कार्कीले हाइड्रोमा एनआरएनको लगानी भित्रिए पनि आधिकारिक तथ्यांक पाउन मुस्किल रहेको बताउँछन्। उनले हाइड्रोमा देखिने गरी सानिमा ग्रुपबाट बढी भएको बताउँछन्।

'सानिमा हाइड्रोदेखि दोर्दी खोलाको हाइड्रोसम्म एनआरएनएको लगानी रहेको छ,' कार्कीले भने,'थुप्रै आयोजनामा स-साना लगानी भित्रिरहेका छन्।'
कार्कीले एनआरएनएले लिएका सबै आयोजना विकास भने नगरेको बताउँछन्। कतिपय आयोजनाको लाइसेन्स

लिए पनि निर्माण सुरु गर्न अझै नसकेको बताए। धादिङमा एनआरएनएको जर्मनीको एउटा ग्रुपले एउटा लाइसेन्स लिए पनि निर्माण सुरु नगरेको बताए।

नेपाल डेभलपमेन्ट फन्डका सीईओ भट्टराई एनआरएनएले ३०० मेगावाटभन्दा बढी विद्युत् उत्पादन हुने आयोजना बनाई सकेको बताउँछन्। थप केही आयोजना बन्दै गरेको बताए।

## स्वास्थ्य र शिक्षा

डा.उपेन्द्र महतोको नेतृत्वमा नेपालको सुविधायुक्त हस्पिटल नेपाल मेडिसिटी बनेको छ। ग्रान्डी हस्पिटलमा समेत एनआरएनएको लगानी रहेको छ। एनआरएनएले काठमाडौं उपत्यका बाहिर स-साना थुप्रै हस्पिटल स्थापना भएका छन्। आश्विन मेडिकल कलेजमा उपेन्द्र महतोसमेतको लगानी रहेको छ। चाहाबिलमा रहेको मेडिकेयर हस्पिटलममा एनआरएनएकै लगानी छ। अमेरिकाको ग्रीनग्रुपको स्वास्थ्य क्षेत्रमा लगानी रहेको छ। शैक्षिक संस्थामा, नर्सरीदेखि १२ कक्षाका विद्यालयमा गैरआवासीय नेपालीले लगानी गरेका छन्। त्यसभन्दा माथि व्यवस्थापन संकाय, मेडिकल शिक्षा, इन्जिनियरिङ क्षेत्रमा गैरआवासीय नेपालीले लगानी गरेका छन्। पूर्वअध्यक्ष लामिछानेको कान्तिपुर इन्जिनियरिङ कलेज र एक्मी इन्जिनियरिङमा लगानी छ।

पूर्वअध्यक्ष भवन भट्टको लिवर्टी कलेजमा लगानी रहेको छ। अमेरिकी एनआरएन रुन्द्र पाण्डेले आईटी कलेजदेखि अरू व्यवसायमा लगानी गरेका छन्। हाम्रो पात्रोका अध्यक्ष पण्डेले डियरवाक आईटी कलेज, डियरवाक सिफल स्कुलमा देखिने गरी लगानी गरेका छन्। अध्यक्ष केसी एनआरएनएले लगानी गरी नेपालमा परिवर्तन गर्न सक्ने शिक्षा क्षेत्र रहेको बताउँछन्।

'नेपालका विद्यार्थीलाई अध्ययनका लागि विदेशी जानुपरेको छ। तर, राम्रो कलेज स्थापना भए अध्ययनका लागि बिदेसिनु पर्दैन,' उनी भन्छन्, 'अष्ट्रेलियाको वैदेशिक आम्दानी शिक्षाबाट रहेको छ। त्यहाँ नेपाली तेस्रो स्थानमा छन्। मार्स्टस डिग्रीसम्म अध्ययापन गराउनका लागि एनआरएनएले थप लगानी गर्न सक्छन्।'

## रियल स्टेट

एनआरएनएलाई घर जग्गा खरिद बिक्री व्यवसायमा आबद्ध हुन नपाउने व्यवस्था गरेको छ। निर्माण उद्योगमा भने लगानी गर्न पाउने विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनले खुला गरेको छ। यद्यपि नेपाली पासपोर्ट वा नागरिकता बाहक एनआरएनएले स-साना लगानी गरेका छन्। पुरानो बसपार्कमा निर्माणाधीन काठमाडौं भ्यूटावरमा हङकङका गैरआवासीय नेपालीको लगानी गरेका छन्। नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष भेषराज लोहोनीले एनआरएनएले रियल स्टेट क्षेत्रमा स-सानो लगानी भित्राएको बताए।

'एनआरएनएले रियल स्टेटको क्षेत्रसहित केही पूर्वधार निर्माणमा लगानी गरेका छन्,' लोहोनीले भने, 'तर रुपैयाँ देखिने गरी रियल स्टेटमा लगानी भित्रिएको छैन।' एनआरएनएहरूले नेपालमा रियल स्टेटमा ठूलो लगानीको चाहना राखेको बताउँछन्। व्यवसायीले गैरआवासीय नेपालीलाई प्रत्यक्ष फाइदा हुने गरी अपार्टमेन्ट खरिद गर्न दिनुपर्ने माग गर्दै आए पनि अझै कानुनी अड्चन हटेको छैन। अहिले विदेशको नागरिकता लिएका गैरआवासीय नेपालीले अपार्टमेन्ट खरिद गर्न पाउँदैनन्।

'नागरिकता ऐनमा नागरिकता पाए सँगै आर्थिक, सामाजिक र संस्कृतिक अधिकार के-के हुन् स्पष्ट पार्नुपर्छ,' एनआरएनए अध्यक्ष केसीले भन्छन्, 'अहिले एनआरएनएलाई काठमाडौंमा एक रोपनी, तराईमा ४-५ गठ्ठा र पहाडमा ५ रोपनीभन्दा बढी जग्गा खरिद गर्न पाइँदैन। यसलाई खुलाउनुपर्छ।'

गैरआवासीय नेपाली नियमावली २०६६ अनुसार काठमाडौं उपत्यकाभित्र बढीमा २ रोपनी, तराई जिल्लाका नगरपालिका क्षेत्रभित्र बढीमा ८ कठ्ठा, पहाडी र हिमाली नगरपालिकामा बढीमा ४ रोपनी, तराईका गाउँमा बढीमा १ बिघा जमिन खरिद गर्न पाउने व्यवस्था गरेको छ।

## बैंक तथा वित्तीय संस्था

बैंक तथा वित्तीय क्षेत्रमा धेरै नै लगानी रहेको छ। सानिमा बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, माछापुच्छ्रे बैंक, ग्लोबर आईएमई, नबिल बैंकमा देखिने गरी गैरआवासीय

नेपालीको रुपैयाँ लगानी छ।

सानिमा बैंक ६४ करोड रुपैयाँबाट सुरु गरी १२ अर्ब पुगेको छ। त्यसमा ५१ प्रतिशत प्रमोटर सेयर रहेको छ। प्रमोटर सेयर सबै गैरआवासीय नेपालीको रहेको छ। यस हिसाबले ६ अर्ब रुपैयाँ लगानी देखिन्छ । यही ग्रुपको सानिमा क्यापिटल सञ्चालनमा रहेको छ।
माछापुच्छे बैंकको अध्यक्ष नै गैरआवासीय नेपाल संघका पूर्वअध्यक्ष उपेन्द्र महतो छन् । साढे १० अर्ब रुपैयाँको पेडअप क्यापिटल रहेको बैंकका मुख्य लगानीकर्ता गैरआवासीय नेपाली छन्।

ग्लोबल आईएमई बैंकमा गाभिएको कोमर्ज एन्ड ट्रस्ट बैंक नेपाल लिमिटेडमा एनआरएनएको लगानी रहेको थियो । २०१० मा स्थापना भई २०१४ मा ग्लोबल आईएमई बैंकमा गाभिएको थियो।

गैरआवासीय नेपाली संघका उपाध्यक्ष महेशकुमार शर्माको सिटी एक्सप्रेस मनी ट्रान्सफर, सिटी इन्भेस्टमेन्ट फन्ड, सिटी एक्सप्रेस सहकारीमा समेत लगानी रहेको छ। एनआरएन इन्फ्राइस्टक्चर एन्ड डेभलपमेन्ट लिमिटेडले गैरआवासीय नेपालीसँग उठाएको रकम कुमारी बैंक, नेसनल माइक्रोफाइनान्स लघुवित्त संस्था, मेरो माइक्रोफाइनान्स लघुवित्त संस्था, हाइड्रोपावरमा लगानी गर्दै आएको हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीमा लगानी गरेको छ । कम्पनीले महालक्ष्मी लाइफ इन्स्योरेन्समा समेत लगानी गरेको छ।

## कृषि र उत्पादन मुलुक उद्योग

उत्पादन मुलुक उद्योगमा सिमेन्टमा बढी लगानी रहेको छ । धेरैवटा सिमेन्ट उद्योगमा सीधै लगानी गरेका छन्। तर, लेखाङ्कन माग गरेका छैनन्। हाम्रो पात्रो जस्ता चर्चित एप गैरआवासीय नेपालीकै लगानीबाट सञ्चालित छन्।
कृषि क्षेत्रमा रकममा कम हुनसक्छ । तर, परिवर्तन गर्नसक्ने गरी लगानी रहेको बताउँछन्। एनआरएनएका कार्यकारी अध्यक्ष बद्री केसीले चियाको क्षेत्रमा ठूलै लगानी गरेका छन् । तेस्रो मुलुकमा सबैभन्दा बढी निर्यात गर्दै आएका छन् । 'तेस्रो मुलुकमा चिया निर्यात गर्ने रुपैयाँ निर्यातकर्ता हामी नै हो,' अध्यक्ष केसीले भने, 'हाम्रो सबै उत्पादन तेस्रो मुलुकमा निर्यात हुन्छ।'
आइडिया ग्रुपले मादी एग्रो टुरिजम फार्म सञ्चालन गरेको छ । नाफामूलक उद्योगमा मात्रै नभई गैर नाफामूलक उद्योग जस्तै विद्यालयका भवन, स्वास्थ्य चौकी, भूकम्पपछिको पुनर्निर्माणमा गैरआवासीय नेपालीको रकम नेपालमा भित्रिएको छ।

## १० अर्बको एनआरएनए नेपाल डेभलपमेन्ट फन्ड

२०१८ मा एनआरएनले १० अर्ब रुपैयाँ लगानी भित्र्याउन अर्थ मन्त्रालयमा एनआरएन नेपाल डेभलपमेन्ट फन्ड लिमिटेड स्थापनाको प्रस्ताव पेस गऱ्यो । एक वर्षपछि नेपाल लगानी सम्मेलनमा समझदारी पत्रमा हस्ताक्षर भयो । जसमा नेपाल सरकारले गैरआवासी नेपालीलाई आफ्नो क्षमता, ज्ञान र पुँजीलाई नेपालको सामाजिक आर्थिक विकासमा योगदान गर्न विभिन्न आयोजनामा लगानी गर्ने उल्लेख गरेको छ। २०१९ को बजेट र नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिले रकम जम्मा गर्ने खाता खोल्न दिने व्यवस्था घोषणा गऱ्यो।

१० अर्बको कम्पनीमा सुरुमा १० प्रतिशत प्रमोटर सेयर, ५ प्रतिशत नेपाल सरकारबाट र ८५ प्रतिशत लगानी गैरआवासीय नेपालीलाई आईपीओ बिक्री गरी उठाउने लक्ष्य राखिएको छ । फन्डबाट पहिलो चरणमा पर्यटन, कृषि, उत्पादनमूलक उद्योग, सूचना प्रविधिका क्षेत्र, सहरीकरण, पूर्वधार, जलविद्युत्, बैंक तथा वित्तीय संस्था, स्वास्थ्य र शिक्षा क्षेत्रमा लगानी गर्ने लक्ष्य राखिएको छ।
'नेपाल डेभलपमेन्ट फण्डमा लगानी जुटाउने चरणमै रहेका छौं । अहिलेसम्म लगानी ल्याइसकेका छैनौं,' फन्डका प्रमुख कार्यकारी अधिकृत अनलमणि भट्टराईले भने, 'नेपाल सरकारले इन्भेस्टमेन्ट कम्पनीको रूपमा तोकेका मापदण्डअनुसार फन्डले काम गर्छ।'

सरकारले आईपीओमा जान पाउने गरी धितोपत्र निष्कासन नियमावली स्वीकृत गरेको छ । यससम्बन्धी निर्देशिका बनाउँदै छ । 'अहिले १० अर्ब रुपैयाँको कोष संकलन गरी काम सुरु गर्दै छौं यसलाई ५० अर्ब रुपैयाँको फन्ड बनाउने योजना रहेको छ,' भट्टराई भन्छन्, 'सरकारले बनाएको निर्देशिका अनुसार विदेशबाट ल्याएको पैसा कसरी लैजाने भन्ने पनि स्पष्ट त्यसमा हुन्छ।'
यसको कार्यान्वयनका लागि विदेशमा रहेका नेपालीको बैंक अकाउन्ट खोलाउने, डिम्याट अकाउन्ट खुलाए सँगै दोस्रो बजारमा लगानी गर्न सक्छन्। ब्रोकर आईडी, प्यान

नम्बर लिएपछि लगानी गर्न सक्छन् । यी सबै कामका लागि सिस्टम डेभलपको काम भइरहेको छ।

अध्यक्ष केसी १० अर्ब रुपैयाँको कम्पनीले कामको सुरुवात ११ औं अधिवेशनबाट सुरु हुने बताए । एनआरएनए स्थापनाको २० वर्षको अवसरमा थप लगानीको सन्देश दिने बतउँछन्।

गैरआवासीय नेपाली संघका उपाध्यक्ष महेशकुमार श्रेष्ठले नेपाल डेभलपमेन्ट फन्डमा २५० डलरसम्मका साना लगानी ल्याउने गरी कार्यान्वयन गर्नुपर्ने बताउँछन्। 'वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई सामूहिक लगानी कोषमा जोड्नका लागि र गैरआवासीय नेपालीको लगानीलाई सुनिश्चित गर्नका लागि आवश्यक कानुनहरूलाई समयाअनुकूल परिमार्जित गर्नुपर्छ,' उपाध्यक्ष श्रेष्ठ भन्छन्, 'गैरआवासीय नेपालीको लगानीलाई नेपालको धितोपत्र विनिमय बजारमा प्रवेश गराउन छिटो काम हुनुपर्छ।'

## एनआरएनएको प्रविधि तथा सीप हस्तान्तरण

पूर्वअध्यक्ष लामिछाने नेपाली डायस्पोरा संख्यात्मक मात्रै नभएर गुणात्मक रूपमा पनि वृद्धि हुँदै गइरहेको बताउँछन् । 'डायस्पोरामा नेपाली मूलका वैज्ञानिक छन्, चिकित्सक छन्, नीति निर्मातादेखि उद्यमी-व्यवसायी, प्राध्यापक, इन्जिनियर र साहित्यकार छन्,' लामिछाने सुनाउँछन्, 'मंगल ग्रहमा पानी रहेको तथ्य पत्ता लगाउने नासाको टिममा रहेका लुभेन्द्र ओझा छन् भने मरेको मानिसको मुटु जिउँदो मानिसमा प्रत्यारोपण गर्ने चिकित्सक कुमुद धिताल पनि हाम्रै डायस्पोराका सदस्य हुन् ।'

सेफ सन्तोष शाह हाम्रै दाइभाइ हुन्भन्दा हामीलाई गर्व लाग्ने बताए । मानिसले जहाँ बसेर पनि नेपालका लागि बौद्धिक र आर्थिक योगदान दिन सक्ने बताउँदै आजको युग 'ब्रेन गेन', 'ब्रेन सर्कुलेसन'को युग भएको बताउँछन् । 'एनआरएनए प्रोफेस्नल एन्ड एकाडेमिक युनिट'को स्थापन गरी संसारभर छरिएर रहेका पेसागत गैरआवासीय नेपाली जस्तै डाक्टर, नर्स, इन्जिनियर, वैज्ञानिक, प्राज्ञ, सोधकर्तालगायतलाई संघमा आबद्ध गरी नेपालसँग जोड्ने प्रयासमा रहेको उपाध्यक्ष श्रेष्ठ बताउँछन्।

विदेशमा गई अध्ययन गरी नेपालको प्रविधि क्षेत्रको विकासमा नेपालीको रुपैयाँ योगदान रहेको छ। रोजगारी र अध्ययनका लागि विदेश गएकाले नेपालमै फर्किएर राम्रो व्यवसाय गरेका उदाहरण रहेका छन् । नयाँ व्यवसायमा उपकरण र प्रविधिको प्रयोग बढाउन गैरआवासीय नेपालीले भूमिका खेल्दै आएका छन्।

एनआरएनएले व्यावसायिक क्षेत्रमा लगानी बढाउँदै रोजगारी सिर्जना गरेको छ । परम्परागत रूपमा चल्दै आएको प्रणालीलाई व्यावसायिक क्षेत्रमा परिवर्तन गर्न एनआरएनएको भूमिका रहेको छ। २०१५ को सेजन सर्भेले कुल ८ हजार २ सय ७६ रोजगारी सिर्जना गरेको देखाएको छ। जसमा सेवा क्षेत्रमा ३ हजार ५ सय ८७, ऊर्जा क्षेत्रमा २ हजार ६ सय ४५ र उत्पादनमूलक उद्योगमा १ हजार ८ सय ३४ वटा रोजगारी सिर्जना गरेका थिए। एनआरएनले सेवा क्षेत्रबाट ४३ प्रतिशत, ऊर्जा क्षेत्रले ३२ र उत्पादनमूलक क्षेत्रले २२ प्रतिशत रोजगारीसमेत प्रदान गरेको सर्भेले देखाएको छ।

## अबको रुपैयाँ लगानी सेयर मार्केट

नेपाल धितोपत्र बोर्डले २०७९ चैतमा गैरआवासीय नेपालीको लगानी भित्र्याउन अध्ययन समिति बनाउने निर्णय गरेको थियो। पुँजीबजारमा एनआरएनएको लगानी भित्र्याउन निर्देशिकाको मस्यौदा तयार गर्न सेबोनमा नेपाल चार्टर्ड अकाउन्टेन्ट संस्थाबाट प्रतिनिधित्व गर्ने सञ्चालक सुजनकुमार काफ्लेको संयोजकत्वमा अध्ययन समिति गठन गरेको छ।

धितोपत्र बोर्डले एनआरएनलाई पुँजीबजारमा भित्र्याई राष्ट्रिय पुँजी निर्माण र परिचालनमा योगदान पुऱ्याउने उद्देश्यले लगानी ल्याउने उल्लेख गरेको छ।

धितोपत्र बजारमा एनआरएनले कारोबार गर्नका लागि बनाएको नियमावलीमा संयुक्त लगानीमा स्थापना भएको इन्भेस्टमेन्ट कम्पनीले जारी गर्न सक्ने उल्लेख गरिएको छ। नेपाल सरकार र गैरआवासीय नेपालीको संयुक्त लगानीमा प्रचलित कानुनबमोजिम स्थापना भएको इन्भेस्टमेन्ट कम्पनीले विदेशी नागरिकता वा कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैरआवासीय नेपालीका लागि मात्र नेपाल राष्ट्र बैंकको स्वीकृति लिई

पूर्वधारसम्बन्धी परियोजनाहरूमा सेयर, बन्ड र डिवेन्चरमा लगानी गर्न पाउने विदेशी मुद्रामा समेत भुक्तानी हुने गरी नियमानुसार धितोपत्र निष्कासन गर्न सक्नेछन्।

विदेशी मुद्राको सेयर, बन्ड वा डिवेन्चरमा लगानी गर्ने गरी निष्कासन गरिएको धितोपत्रको कारोबार विदेशी नागरिकता प्राप्त वा कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैरआवासीय नेपालीबीच मात्र हुनेछ। धितोपत्र निष्कासन तथा कारोबारसम्बन्धी अन्य व्यवस्था निर्देशिकामा तोकिएबमोजिम हुने भनिएको छ। निर्देशिका बनाउँदा नेपाल राष्ट्र बैंकको सहमति लिनुपर्ने व्यवस्था गरिएको छ।

'अब एनआरएनएले सेयर कारोबारमा कसरी लगानी गर्न पाउँछन्। कोमार्फत लगानी गर्छ र रकम बाहिर लैजान्छन् भन्ने विषयमा निर्देशिकाले स्पष्ट बनाउनुपर्छ,' एनआरएन डेभलपमेन्ट फन्डका सीईओ भट्टराई बताउँछन्।

## एनआरएनएका लागि सरकारको सहजीकरण

उद्योग विभागले विदेशी लगानीसम्बन्धी व्यवस्था सहजीकरण होस् भन्ने उद्देश्यले एकल बिन्दु सेवा केन्द्रको व्यवस्था गरिएको छ जसमा नेपाल राष्ट्र बैंकको एउटा युनिट नै बस्ने गरेको छ। यसबाट विदेशी लगानीसम्बन्धी सम्पूर्ण सेवाहरू एकैद्वारबाट प्रदान हुने व्यवस्था गरिएको छ।

लगानी बोर्डका सीईओ सुशील भट्टले गैरआवासीय नेपालीले व्यवसाय गरिरहेको मुलुकहरूभन्दा नेपालमा लगानी गर्न धेरै सहज र अवसर रहेको बताउँछन्। उनले कानुन तथा झन्झटिलो प्रक्रियाका कारण लगानी भित्र्याउन कठिन छ।
'नेपालमा धेरै सम्भावना भएका प्रोजेक्टहरू छन्। कतिपय त तत्कालै सुरु गर्न सकिने पनि छन्,' सीईओ भट्टले भन्छन्, 'हाइड्रो, म्यानुफ्याक्चर, टुरिजमलगायतका धेरै क्षेत्रमा लगानीको अवसरै अवसर छ।'

नेपाल लगानी बोर्डले विदेशी लगानी भित्र्याउन सहजीकरण गर्ने गरी डेस्क नै स्थापना गरेको छ। एनआरएनएहरूलाई लगानी भित्र्याउने सम्बन्धमा कुनै दुविधा भए उक्त डेस्कको सहायता लिन सक्नेछन्।

सरकारले विदेशी लगानी सम्भाव्यतासम्बन्धी अध्ययन र पूर्वसञ्चालन खर्चबापतको रकम भित्र्याउन लागि विदेशी लगानी स्वीकृत गर्ने निकाय र नेपाल राष्ट्र बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था गरेको छ। विदेशी लगानी तथा ऋण ल्याउने प्रक्रियालाई सहजीकरण गर्न नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा ऋण व्यवस्थापन विनियमावली २०७८ मा समसामयिक संशोधन गरिएको छ।

राष्ट्र बैंकका अनुसार ग्रिन फिल्ड इन्भेस्टमेन्टका लागि नेपाल राष्ट्र बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था, नेपाल राष्ट्र बैंकबाट ७ दिनभित्र विदेशी लगानी तथा विदेशी ऋणको लेखाङ्कन हुने व्यवस्था, विदेशी लगानी तथा आर्जित रकम फिर्ताका लागि नेपाल राष्ट्र बैंकबाट १५ दिनभित्र विदेशी मुद्राको सटही व्यवस्था, राष्ट्र बैंकबाट १५ कार्य दिनभित्र विदेशी ऋणको स्वीकृति हुने व्यवस्था गरिएको जनाएको छ। विदेशी ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि नेपाल राष्ट्र बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था रहेको छ।

गैरआवासीय नेपालीको नाममा नेपाली बैंक तथा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रामा बचत तथा मुद्दती खाता खोल्न सकिने व्यवस्था गरिएको छ। राष्ट्र बैंकले खाताका लागि अनलाइनबाटै ग्राहक पहिचान गर्न सकिने व्यवस्था पनि गरिएको छ। डलर, पाउण्ड, युरोलगायतका विदेशी मुद्रामा खाता खोल्न पाइने व्यवस्था गरेको छ। बैंकिङ प्रणालीबाट यस्तो रकम जम्मा र खर्च गर्न पाउने छन्। यस्तो खातामा साँवा र ब्याज अटोमेटिक रुटबाट रिपार्टिएसन हुनेछ। यसमा राष्ट्र बैंकको स्वीकृति नचाहिने व्यवस्था छ।

खातामा विगतमा न्यूनतम मौज्दात १० हजार डलर राख्नुपर्नेमा अहिले १ हजार डलर मात्र कायम गरिएको छ। मुद्दती खातामा १ वर्षको समयावधी रहेको छ भने यस्तो खाता गैरआवासीय नेपालीको नाममा, संयुक्त नाममा, नाबालिकाको नाममा र गैरआवासीय नेपालीद्वारा प्रवर्द्धित विदेशस्थित संस्थाको नाममा खोल्न सकिने व्यवस्था गरिएको राष्ट्र बैंकले जनाएको छ।

नेपाल राष्ट्र बैंकका निर्देशक तथा सूचना अधिकारी

डा.डिल्लीराम पोखरेलले एनआरएनएले वाणिज्य बैंकमार्फत डलर एकाउन्ट खोलिरहेका छन्।

'१ हजार डलर जम्मा गरी डलर अकाउन्ट खोल्न सकिन्छ। पछिल्लो २ वर्षमा खाता खोल्ने बढेका पनि छन्,' निर्देशक पोखरेलले भने, 'कति खाता खुलेका छन् । कति रकम जम्मा भएको छ तथ्यांक यकिन गर्दै छौं।'
गैरआवासीय नेपालीको मागअनुसार नै एफडीआईको सीमा न्यूनतम ५ करोडबाट घटाएर २ करोड बनाएको छ । आईपीओमा विदेशमा रहेका नेपालीलाई कोटा छुट्याइएको छ । यस्तै १० करोडसम्मको वैदेशिक लगानी अनलाइन स्वीकृति गर्ने संरचना तयार गरेको छ।

## लगानी भित्र्याउने चुनौती

गैरआवासीय नेपाली ऐन २०६४ को दफा १३ मा एनआरएनएले नेपाली नागरिक सरह व्यवसाय र उद्योग स्थापना गर्न पाउने उल्लेख रहेको छ। नेपालमा लगानी गर्न इच्छुक एनआरएनएले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थामार्फत लगानी गर्नुपर्ने तथा लगानी गरेपश्चात् सो लगानीको जानकारी तोकिएको ढाँचामा परराष्ट्र मन्त्रालयलाई गराउनुपर्ने उल्लेख गरेको छ। यता विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन तथा विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावलीबमोजिम गैरआवासीय नेपाली नागरिकले नेपालमा शतप्रतिशत लगानी गर्न वा नयाँ कम्पनी स्थापना गरी लगानी गर्दा उद्योग विभाग वा लगानी बोर्डको स्वीकृति लिनुपर्ने उल्लेख गरेको छ । सरकारलाई कानुन बाँझिएको जानकारी भए पनि हालसम्म त्यसलाई संशोधन गर्ने तत्परता देखाएको छैन।
लगानी तथा प्रविधि हस्तान्तरण ऐन बन्न अघि नै सेजनले गरेको सर्भेमा ४२ प्रतिशतले उद्योग व्यवसायको कानुनी स्पष्टता नभएको, ३० प्रतिशतले नियमित विद्युत् आपूर्ति नभएको र २२ प्रतिशतले सरकारको अस्थिर नीतिले व्यवसाय वृद्धिमा अप्ठेरो पारेको उल्लेख गरेका थिए। ६७ प्रतिशत व्यवसायीले सरकारबाट सहयोग प्राप्त नगरेको बताएका थिए । फिटा ऐन बनाउँदा गैरआवासीय नेपालीलाई छुट्टै सुविधा नदिँदा लगानीमा अन्यौता देखिएको छ।

'डायस्पोराको क्षमताअनुसार यी लगानीहरू पर्याप्त छैनन्,' जीवा लामिछाने भन्छन्, 'मुलुकमा नीतिगत सुधार हुँदै जाँदा लगानीका क्रम बढ्दै जाने छ।'

गैरआवासीय नेपालीलाई समेत समेट्ने फिटा नियमावलीमा विदेशी लगानी भित्र्याउन सरकारले न्यूनतम ५ करोड सीमा तोकेकोमा संशोधन गरी अहिले सीमा घटाएर २ करोड बनाएको छ । तर, एनआरएनको लगानीलाई सीमा नतोकी स-साना लगानी पनि गर्न दिनुपर्ने बताउँदै आएको छ। चालू आर्थिक वर्षको बजेटमा २ करोडको सीमा पुनरावलोकन गर्ने उल्लेख रहेको थियो। कुन क्षेत्रमा कति लगानीको सीमा राख्ने भन्ने विषयमा अध्ययन गर्न उद्योग मन्त्रालयले एउटा समिति बनाइ सकेको छ । उक्त समितिको अध्ययन प्रतिवेदनको आधारमा सीमा घटाई २ करोडभन्दा तल पनि कुन-कुन क्षेत्रमा लगानी गर्न पाउँछन् स्पष्ट हुनेछ।

'नेपाल सरकारले विदेशबाट नेपालीले लगानी गर्न ल्याएको रकम सुरक्षित हुन्छ । आम्दानी गर्न सकिन्छ डुब्दैन भन्ने विश्वास सरकारले दिनुपर्छ,' अध्यक्ष केसी भन्छन्, 'गैरआवासीय नेपाली नागरिकता मुख्य कानुनी आधार हुन्छ । यसले विश्वासको वातावरण बनाउन सहयोग गर्छ।'

उनले अन्य ऐन नियम संशोधन गरी लगानी आउनलाई प्रोत्साहन गर्नुपर्ने बताउँदै अब अफिसियल रूपमा पैसा आएको देखिने बताए।

नेपालीले नेपालमा लगानी गर्ने र विदेशमा कमाएको रकम विदेशमा पनि लगानी गर्न सक्ने कानुन बनाउन लबिङ गरिरहेको बताए। नेपालमा वैधानिक रूपमा लगानी गर्नेले विदेशमा वैधानिक रूपमा लगानी गर्न सक्ने कानुन बनाउनुपर्छ । नागरिकताले वैधानिक लगानी र खुल्ला रूपमा लगानी गर्ने वातावरण खुल्छ। रुपैयाँ लगानी गर्नेको मात्रै नभई साना लगानी गर्नसक्ने रुपैयाँ जमात रहेको छ। 'साना लगानी कर्तालाई नेपालमा समय दिन अप्ठेरो भइरहेको छ,' उनले भने, '२००७ बाट सबैले लगानी गर्न सक्ने गरी १० अर्बको कम्पनी खोल्न सुरु गरिएको हो । आर्थिक नियमावली नसच्चिदा त्यो लगानी गर्न सक्ने अवस्था भएन।'

सरकारले वैदेशिक लगानी ल्याउँदा सुरुमा ५ करोड रुपैयाँ राखेको थियो। त्यसलाई घटाएर २ करोडमा झारेको छ।

तर, सामूहिक रूपमा १-२ लाख रुपैयाँ लगानी गर्न सक्ने अवस्था नभएकाले त्यो सच्चाउन २ वर्ष लागेको बताए। एनआरएनहरूले लगानी माटोको माया, भावना र रगतको नाताका गानी भएकाले यसमा सीमा न तोकी लगानी ल्याउन दिइनुपर्ने माग गर्दै आएको उनी बताउँछन्।

'अब जुन विदेशी लगानीको कुरा छ, विदेशीहरूले नेपाललाई रिस्क कन्ट्री मान्ने गरेका छन्,' केसी भन्छन्, 'यसमा हामीले विश्वास दिलाउनुपर्ने अवस्था छ। अहिले तत्काल भनेको विदेशमा रहेका नेपालीको लगानी भित्र्याउनुपर्छ।'

देश विदेशीले आएर बनाइदिन्छ कि हामी आफैं बनाउने ? पैसा विदेशी मन नेपाली त्यसले मात्र यो देश बन्न सक्ने धारणा रहेको छ। गैरआवासीय नेपाली संघले न्यूनतम १०० मिलियन डलरको फन्ड बनाएर काम गर्न खोज्दा झमेला बेहोर्नु परेको छ ।

एनआरएन नेपाल डेभलपमेन्ट फन्ड बनाएर पटक-पटक सरकारी अधिकारीसँग छलफल गर्दा पनि टुंग्याउन अप्ठेरो पऱ्यो। सबैभन्दा रुपैयाँ कुरा विश्वास दिलाउन सक्नु नै देखिएको छ । अहिले पनि धेरै गैरआवासीय नेपालीसँग विश्वासको अनुभूति गर्न सकेका छैनन्। त्यो अनुभूति गराउन हाम्रो भूमिका नेपाली दूतावासबाट गर्न सक्नुपर्ने देखिएको छ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालले गैरआवासीय नेपालीमा सीमित व्यक्तिले मात्रै देखिने गरी लगानी गरेको बताउँछन्। 'गैरआवासीय नेपालीको लगानी भनी उपेन्द्र महतो, जीवा लामिछाने, शेष घलेलगायत सीमित व्यक्ति देखिन्छन्,' परिसंघका अध्यक्ष अग्रवालले भने, 'गैरआवासीय नेपालीले चाहायो भने रुपैयाँ लगानी ल्याउन सक्छन् तर ल्याएका छैनन्।'

वैदेशिक लगानी ल्याउनका लागि अरू विदेशीको तुलनामा गैरआवासीय नेपालीलाई सहज हुने बताउँछन्। 'नेपालको कानुन कस्तो छ ? लगानी गर्दाका अप्ठेरा के-के हुन् ? कुन क्षेत्रमा लगानी गर्दा बढी फाइदा हुन्छ गैरआवासीय नेपालीले बुझेका हुन्छन्,' अग्रवाल भन्छन्, 'विदेशीलाई नेपालको लगानीको वातावरण थाहा नभएर आएको छैन एनआरएनएको सबै जानकारी हुँदा पनि लगानी भित्रिएको छैन।'

लगानीको वातावरण अरू देशको तुलनामा नेपालमा केही अप्ठेरो भए पनि लगानी नै गर्न नसक्ने अवस्था नरहेको बताए । 'उत्पादनमूलक उद्योगमा त गैरआवासीय नेपालीको लगानी खासै देखिँदैन,' उनी भन्छन्, 'केही हाइड्रो, होटल, हस्पिटलले एनआरएनएको लगानी गरेका छन् भन्ने देखाएको छ।'

नेपाल राष्ट्र बैंकका निर्देशक डा. डिल्लीराम पोखरेलले विदेशबाट आएको अधिकांश रकम उपभोग्य वस्तुमा खर्च हुने देखिएको बताए।

'विदेशमा केही समय बसेपछि एनआरएनए भन्छौं । अधिकांशको परिवार नेपालमै हुन्छ,' उनले भने, 'विदेशबाट रेमिट्यान्सको रूपमा भित्रिएको अधिकांश रकम उपभोगकै लागि खर्च हुने गरेको छ।'

राष्ट्र बैंकका अनुसार एनआरएनएले प्रत्यक्ष वैदेशिक लगानीको रूपमा भित्र्याउने रकम एकदमै कम रहेको छ।

### एनआरएनएका लागि नयाँ लगानीका क्षेत्र

विदेशी लगानी र एनआरएनको लगानीको परिभाषा ऐनमा नै फरक बनाउने काम अगाडि बढाउन सरकारलाई दबाब दिइरहेका छन् । फन्डवेश इन्भेस्टमेन्ट र प्रोजेक्टवेश इन्भेस्टमेन्टका विषयमा छलफल हुँदै आएको छ । फान्डवेश लगानीका लागि गैरआवासीय नेपाली तयार भए पनि यसको स्थापना, सञ्चालन र कार्यविधि तयका कानुनी स्पष्ट व्यवस्था नहुँदा अप्ठेरो भोग्दै आएका छन्। एनआरएनएले यसका लागि एनआरएन ऐनमा एउटा च्याप्टर नै थप्नुपर्ने माग गरेका छन्।

नेपालको अर्थतन्त्रलाई उकास्ने दीर्घकालीन समाधान भनेकै जति सक्दो बढी वैदेशिक मुद्रा (एफडीआई) भित्र्याउनु हो। त्यसमा एनआरएनको लगानी महत्वपूर्ण हुन्छ । नेपाल परिसंघका पूर्वअध्यक्ष हरिभक्त शर्माले गैरआवासीय नेपालीको भूमिका महत्वपूर्ण हुने हाम्रो अपेक्षा रहेको बताए। सबैभन्दा पहिला वैदेशिक लगानी भित्र्याउन विश्वासको वातावरण बन्न सक्नुपर्ने बताए।
नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानी बढाउन विदेशबाट पहल

गैरआवासीय नेपाली संघले लिन सक्ने बताउँछन् । एनआरएनएहरूका लागि पर्यटन पूर्वाधारको विकास, जलविद्युत्, कृषिजन्य उद्योगमा लगानी विस्तारको प्रचुर सम्भावना रहेको उल्लेख गरे।

'लगानी जुटाउन तथा प्रविधि नेपाल भित्र्याउन गैरआवासीय नेपाली संघले मुलुक बाहिरबाट विशेष पहल गर्न सक्छ,' अध्यक्ष ढकाल भन्छन्, 'नेपालमा धेरै र नयाँ सम्भावना छन्।'

गैरआवासीय नेपालीलाई धितोपत्र बजारमा लगानीको सुनिश्चितता जस्ता कुरा बारम्बार गरे पनि निर्देशिका अझै बन्न सकेको छैन बजेटमा आएका कुरा कार्यविधि बनाएर तत्काल लागू गर्न सरकार तत्पर नहुँदा लगानी भित्र्याउन समस्या भइरहेको छ।

अध्यक्ष केसीले लगानी अब व्यक्तिगतभन्दा सामूहिक रूपमा ल्याई ठूला परियोजनामा लगानी गर्न सकिने बताए। कुनै पनि ठाउँमा लगानी गर्नका लागि विश्वासको वातावरण हुनुपर्छ नभए कसैले गर्दैन । लगानी गरेपछि डुब्दैन भन्ने आशा हुनुपर्छ। त्यसको प्रतिफल आउँछ भन्ने विश्वासपछि मात्रै वैदेशिक लगानी नेपालमा भित्रन्छ । वैदेशिक लगानी भित्र्याउन लगानीको वातावरणसम्बन्धी रेटिङ बनाउनुपर्छ। सरकारले अहिलेसम्म रेटिङ गरेकै छैन।

'विदेशी लगानी आउन नसक्ने भएकाले गैरआवासीय नेपाली र आफ्ना चिनजानका व्यवसायीलाई लगानी गर्न ल्याउनुपर्छ,' केसीले भने,'एनआरएनएले पुलको रूपमा काम गर्नुपर्छ।'

गैरआवासीय नेपालीको अन्य क्षेत्रमा विश्वासको वातावरण नहुँदसम्म वाणिज्य बैंकको म्युचुअल फन्डमा लगानी गर्न सक्छन् । यस्तै भेन्चर क्यापिटल र प्राइभेट इक्विटीमा लगानी बढाउने ठाउँ रहेको नेपाली अर्थविद् बताउँछन् । एनआरएनएको लगानीका लागि हस्पिटल, वेलनेश, वर्ल्डक्लासका योगा सेन्टर, पर्यटन, हाइभ्याल् एग्रिकल्चर, आईटी क्षेत्र लगानीका लागि उपयुक्त क्षेत्र देखिएका छन्।

'गैरआवासीय नेपालीलाई विदेशबाट नेपालमा रकम पठाएर लगानी गरेको हो भने सरकारले कर छुटलगायतका सुविधा दिनुपर्छ,' भट्टराई भन्छन्, 'स्पष्ट सुविधा दिँदा धेरै जना देखिने गरी नै लगानी गर्न आउँछन्।'

अहिले पनि रेमिट्यान्सको रूपमा रकम भित्र्याएर नेपालमा कसैले लगानी गरेको छ भने त्यसलाई लेखाङ्कन गराउँदा उपयुक्त हन्छ । तर, सरकारले कुनै कारबाहीभन्दा पनि सुरुमा कर छुट हुने गरी लेखाङ्कन गर्दा उपयुक्त हुन्छ। पहिलो ५ वर्षलाई १०-२० प्रतिशतसम्म कर छुट हुन्छ भने विदेशको लगानी भित्रने एनआरएनहरू बताउँछन्।

# प्रवासमा फैलिँदो नेपाली भाषा साहित्य



विदेशमा अति व्यस्तताका बाबजुद पनि नेपाली भाषा साहित्यको उन्नयनका लागि नेपालीले कैयौं गतिविधि गर्दै आएका छन् । बिदेसिएका नेपालीहरुले नेपाली भाषा साहित्यलाई संसारभर पुऱ्याएका छन् । पत्रिका प्रकाशनको इतिहास हेर्दा विगत लामो समयदेखि युरोपबाट प्रिन्टेड पत्रिका, मुखपत्र, साहित्यिक वेव पत्रिका र समाचारमूलक वेव पत्रिका प्रकाशित भइरहेका छन् । गैरसाहित्यिक पत्रिकाले पनि धेरथोर साहित्यलाई स्थान दिएको पाइन्छ ।

हाम्रो पहिचान जोगाउन पनि सबैले आआफ्नो ठाउँबाट स्वयंसेवी रुपमा नेपाली भाषा, साहित्य तथा संस्कृतिको जगेर्ना र प्रवर्द्धन गर्न जुट्नुको अब विकल्प छैन ।



नवीन पोखरेल

## पृष्ठभूमि

मानव सभ्यताको सुरुआतसँगै बसाइँसराइ सुरु भएको मानिन्छ । २१औं शताब्दीसम्म आइपुग्दा विश्वव्यापीकरणको तीव्रतासँगै आप्रवासन व्यापक हुन थाल्यो। सन् २०२० मा प्रकाशित संयुक्त राष्ट्रसंघको एक तथ्यांकअनुसार संसारमा अहिले करिब २८ करोड पहिलो पुस्ताका आप्रवासी छन्।

त्यसमध्ये नेपालीको पनि बढ्दो उपस्थिति छ । नेपाली डायस्पोरा संख्यात्मक मात्रै नभएर गुणात्मक रूपमा पनि वृद्धि हुँदै गइरहेको छ। प्रवासमा नेपाली मूलका वैज्ञानिक छन्, चिकित्सक छन्, नीति निर्मातादेखि उद्यमी-व्यवसायी, प्राध्यापक, इन्जिनियर र साहित्यकार छन्।

१९औं शताब्दीबाट सुरु भएको मानिन्छ नेपाली साहित्य । आधुनिक कालसम्म आइपुग्दा यसको आयाम निकै फराकिलो भएको छ। नेपाली साहित्य अब नेपालमा मात्रै सीमित रहेन। नेपालबाहिरको नेपाली साहित्य फस्टाउने क्रममा छ, नेपाल बाहिर नेपाली साहित्य विस्तारित हुने क्रममा छ।

नेपाली भाषी विश्वको जुनसुकै कुनामा रहे पनि वा नागरिकता लिए पनि उनीहरू नेपाली भाषा र साहित्यसँग टाढिन सक्दैनन् । विदेशको व्यस्तता र सिमितताबीच उनीहरूले जति कलम चलाएका छन्, त्यसले नेपाली साहित्यको विकासमा टेवा नै पुगेको छ।

## प्रवासमा नेपाली कला साहित्य

नेपालीहरूको सयभन्दा बढी देशमा फैलिँदो र स्थापित हुंदै गरेको डायस्पोरासँगै नेपाली भाषा साहित्य, संस्कृति र कला पनि फैलिँदो छ। भारत, बर्मा, भुटान, थाइल्यान्ड, पपुवा न्यूगिनी, मलेसियालगायतको पुरानो प्रवासदेखि अहिले नेपाली पुगेका युरोप, अमेरिका, अफ्रिकालगायत प्राय: देशमा नेपाली भाषा, कला संस्कृति र साहित्यका विभिन्न क्रियाकलाप भइरहेका छन्।

दशैं, तिहार जस्ता नेपाली पर्वहरू सामूहिक र सार्वजनिक रूपमा मनाउनेदेखि नेपाली साहित्य, कला र सांस्कृतिक कार्यक्रम र नेपाली भाषा पाठशालाहरू स्थापना गर्ने क्रम बढ्दो छ अहिले।

हामी जहाँ जान्छौं, हाम्रो भाषा पनि हामी सँगसँगै जान्छ। भाषा सँगसँगै हाम्रो संस्कृति पनि हामीसँगै जान्छ। भाषा र संस्कृतिसँग हाम्रो कला र साहित्य छुट्टिने कुरै भएन । त्यसैले देश छोडेर हामी प्रवासमा बस्दा हाम्रो कला र साहित्य पनि हामी सँगसँगै आएको हुन्छ । त्यसैले ती भाषा, साहित्य, कला र संस्कृति जोगाउने र हुर्काउने जिम्मा हाम्रै हो । त्यसैले कला र साहित्य धेरै उत्पादक विषय नभए पनि त्यसको जर्गेनाका लागि हामी लागिपरेका छौं।

अंग्रेजी, नेपाली गरी हालसम्म १० वटा पुस्तक प्रकाशन गरिसकेका लन्डनस्थित युवा साहित्यकार गोपी सापकोटा भन्छन्, 'जसरी घर छोडेर बाहिर हिँडेको बेला घरको याद आइरहन्छ, मनमा कहिले घर फर्कुं भन्ने लागिरहन्छ, त्यसरी नै देश छोडेर हिंडेपछि देशको माया धेरै लाग्छ। देशको सम्झना झन् धेरै आउंछ । परदेशका स-साना कुराले पनि देशलाई सम्झाइरहन्छ । तिनै घर र देशको

सम्झना अभिव्यक्त गर्ने माध्यम साहित्य बन्छ।'

हामीले देखेका छौं, नेपालमा हुँदा खासै केही नलेखेका मानिसहरूले पनि विदेशमा आएपछि लेख्न थालेका छन्। त्यसरी साहित्य उनीहरूका लागि अभिव्यक्तिको एउटा माध्यम बनेको छ।

सापकोटाको विचारमा प्रवासमा साहित्य लेखन उर्वर नै छ। संख्यात्मक रूपमा धेरै लेखिए पनि गुणात्मक रूपमा लेखिने काम भने अलिक थोरै छ। प्रवासमा साहित्यिक संस्थाहरू छन्। तिनीहरूले बेला बेलामा विभिन्न साहित्यिक कार्यक्रम गरिरहेका छन्। त्यसरी नै सांगीतिक कार्यक्रमहरू पनि भइरहेका छन्। तर चित्रकलासम्बन्धी कार्यक्रम एकदमै न्यून हुने गरेका सापकोटा बताउंछन्। यद्यपि चित्रकलाबाहेक, अन्य कला र साहित्यको क्षेत्र भने एकप्रकारले गतिशील नै छ।

डा. खगेन्द्रप्रसाद लुइँटेलका भनाइमा मातृभूमिबाट विदेश गएर छोटोदेखि लामो समयसम्म बसोबास गर्ने व्यक्तिहरूबाट सिर्जित साहित्यलाई डायस्पोरिक साहित्य भन्ने गरेको पाइए पनि वास्तविक डायस्पोरिक साहित्यचाहिं लामो समय बसोबास गरी त्यहींको भाषा, संस्कृति, रहनसहन आदि अंगीकार गरिसकेका लेखकहरूबाट सिर्जित साहित्यलाई मानिन्छ।

लुइँटेल अगाडि थप्छन्, 'उदाहरणार्थ प्रवासी नेपाली साहित्य भनिएमा नेपाल बाहिरका नेपालीले लेखेका सबै साहित्यलाई लिन सकिन्छ, तर ती सबैलाई डायस्पोरिक साहित्यचाहिं भन्न मिल्दैन। यताबाट जो जहां गयो त्यहींको भाषा, संस्कृति, रीतिथिति, चालचलन आत्मसात गरी बसेका, तर आफ्नो जातीय धर्मचाहि जोगाएका वा त्यस्तो भावना भएका व्यक्तिहरूबाट त्यसैअनुरूप सिर्जित रचनालाई चाहिँ डायस्पोरिक साहित्य भन्न मिल्छ।'

## प्रवासमा नेपाली साहित्यिक संस्थाहरू

प्रवासमा नेपाली जनसंख्या वृद्धिसँगै साहित्यिक गतिविधि बढेका छन् भने यससम्बन्धी संस्थाहरू जन्मने क्रम पनि अकासिएको छ।

यस आलेखमा विशेषत: युरोप र अफ्रिका महादेश एवं संयुक्त राज्य अमेरिकालाई समेट्ने प्रयत्न गरिएको छ। उल्लेखित क्षेत्रमा नेपाली साहित्यिक संस्थाहरू खुल्ने क्रम बढिरहेको छ र तिनले निरन्तर गतिविधि पनि गर्दै आएका छन्।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) जस्ता संस्थाले विदेशमा पनि नेपाली साहित्यलाई मलजल गरिरहेका छन्। अन्तर्राष्ट्रिय नेपाली समाज (इन्स) अर्को संस्था छ, जसले संसारभरका नेपाली भाषा तथा मातृभाषा साहित्यमा कलम चलाउने श्रष्टाहरूलाई समेट्दै विश्व नेपाली साहित्य सम्मेलन गर्दछ।

बेलायतमा नेपाली साहित्यको विकास र प्रवर्द्धनका लागि धेरै साहित्यिक संस्थाहरू सक्रिय छन्। नयाँ-नयाँ खुल्ने क्रम पनि जारी छ। बेलायतका नेपाली साहित्यिक संस्थाहरूमा नेपाली साहित्य विकास परिषद् (सन् १९९५), नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत (सन् २०००), प्रवासी नेपाली साहित्य समाज (सन् २००१), अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, बेलायत (सन् २००४), विश्व नेपाली साहित्य महासंघ (सन् २०१०), अन्तर्राष्ट्रिय नेपाली वाङ्मय प्रतिष्ठान, बेलायत (सन् २०१२), सोमनाथ घिमिरे मेमोरियल ट्रष्ट (सन् २०१२), नेपाली मुक्तक प्रतिष्ठान ( सन् २०१५), साहित्य चौतारी (सन् २०१६), पोयट्री ग्रुप, एवरडीन आदि छन्।

लन्डनस्थित नेपाली राजदूतावासले पनि बेला बेलामा साहित्यिक कार्यक्रम आयोजना गर्ने गर्दछ। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले संसारका विभिन्न देशमा शाखाहरू खोलेर संस्थाका गतिविधिलाई अगाडि बढाउने र बलियो बनाउने प्रयास गरेको देखिन्छ।

युरोपका देशहरूमा पनि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका शाखाहरूले साहित्यिक गतिविधिहरू गरिरहेको पाइन्छ।

कतिपय देशमा साहित्यकार र पत्रकारहरू व्यक्तिगत रूपमा पनि सक्रिय छन्। फ्रान्समा हरिहर अर्याल, ददी सापकोटा, अनुराधा पौडेल सक्रिय देखिन्छन्। स्वीडेनमा नेपाल मण्डप नामक संस्था मार्फत सुवास अधिकारी सक्रिय देखिन्छन्। अरु देशमा पनि आआफ्नो तहमा साहित्यकारहरू सक्रिय नै छन्।

साहित्यकार सापकोटाले देश छाडेर विदेशमा बस्दाको पीडा डायस्पोरिक साहित्यमा झल्कने गरेको बताए । साहित्य चौतारी यूकेका संयोजक साहित्यकार वासु शर्मा बेलायतमा मात्रै १५ वटा साहित्यिक संघ-संस्था क्रियाशील रहेका र तिनले विभिन्न कार्यक्रम गरेर नेपाली साहित्यको श्रीवृद्धिमा योगदान पुरयाइरहेका बताउँछन् ।

नेपाली भाषा, साहित्यको विकास र प्रवर्द्धनमा सबैभन्दा महत्वपूर्ण भूमिका मिडियाबाटै सम्भव रहने भएकाले साहित्य र मिडिया विषयमा निरन्तर छलफल आवश्यक देख्छन् उनी । विदेशस्थित नेपालीको दोस्रो पुस्तामा नेपाली भाषा, साहित्य जीवन्त राखिराख्न थप कसरत आवश्यक देखिएको उनले सुनाए ।

अहिले प्रवासमा रहेका साहित्यकारहरूले प्रकाशन, वितरण र पाठकको समस्या व्यहोरिरहेका उनको बुझाइ छ । युरोप नेपालीको आकर्षक गन्तव्य बनेको छ । युरोपियन मुलुकमा सबैभन्दा धेरै लेखक साहित्यकार भएको मुलुक बेलायत भएको बुझाइ छ साहित्यकार कृष्ण बजगाईंको । १५ वटा साहित्यिक पुस्तकका लेखक एवं विगत १६ वर्षदेखि प्रकाशन भइरहेको साहित्यिक वेवपत्रिका समकालीन साहित्य डट कमका प्रधान सम्पादक, नेपाली भाषा साहित्यको अनुसन्धानमूलक जर्नल 'प्रवासन' का प्रधान सम्पादक एवं समकालीन साहित्य प्रतिष्ठान बेलायतका अध्यक्ष बजगाईंको भनाइमा सबैभन्दा धेरै साहित्यिक कार्यक्रम बेलायतमै हुन्छ । त्यसपछिको अर्को मुलुक बेल्जियम र पोर्चुगल हुन् । युरोपका अन्य देश फ्रान्स, नेदरल्याण्ड, स्पेन, जर्मनी, डेनमार्क, स्वीडेन, नर्वे, इटाली, रोमानिया, पोल्याण्ड आदि देशमा पनि नेपाली लेखक तथा साहित्यकारहरू छन् । ती सबै देशमा साहित्यिक संघ-संस्थाहरू अस्तित्वमा छन् । तिनले स्थानीय स्तरमा नेपाली भाषा साहित्यसम्बन्धि कार्यक्रम आयोजना गर्दछन् । बेलाबेला ती देशका साहित्यकारका पुस्तकहरू प्रकाशित हुने गरेका छन् । तीमध्ये केही लेखकका पुस्तकले मूलधारको नेपाली साहित्यमा दरिलो उपस्थिति जनाएका बताउंछन् बजगाईं ।

विदेशमा अति व्यस्तताका वाबजुद पनि नेपाली भाषा साहित्यको उन्नयनका लागि नेपालीले कयौं गतिविधि गर्दै आएका छन् । बिदेसिएका नेपालीहरूले नेपाली भाषा साहित्यलाई संसारभर पुऱ्याएका छन् । पत्रिका प्रकाशनको इतिहास हेर्दा विगत लामो समयदेखि युरोपबाट प्रिन्टेड पत्रिका, मुखपत्र, साहित्यिक वेव पत्रिका र समाचारमूलक वेव पत्रिका प्रकाशित भइरहेका छन् । गैरसाहित्यिक पत्रिकाले पनि धेरथोर साहित्यलाई स्थान दिएको पाइन्छ ।

बेलायत र बेल्जियममा नियमितरूपमा विदेशमै जन्मेका केटाकेटीहरूलाई नेपाली भाषा र संस्कृति सिकाउने भाषा स्कुल पनि सञ्चालन भइरहेको छ । स्वयंसेवकहरूबाट सञ्चालित भाषा स्कुलमा पाठ्यक्रम बिना शिक्षकले आफ्नै हिसाबले पढाइरहेका छन् ।

'विभिन्न उमेर समूहका विद्यार्थी कक्षामा उपस्थित हुनाले त्यहां कुन स्तरको शिक्षण गराउने चुनौती पनि छ । सिमित श्रोत, साधन र स्वयंसेवकबाट सञ्चालित ती स्कुलको निरन्तरता अर्को चुनौतीको रूपमा उभिएको छ । विभिन्न कठिनाइका कारण युरोपका अन्य देशमा नियमित रूपमा स्कुल सञ्चालन भएको छैन्', बजगाईं भन्छन् ।

एनआरएनए पूर्वअध्यक्ष एवं 'देश देशावर' र 'सरसर्ती संसार' नामक नियात्राका लेखक जीवा लामिछानेको भनाइमा डायस्पोरिक साहित्य लेखन धेरै पुरानो नभए पनि पछिल्लो समयमा नेपाली डायस्पोरिक लेखनमा एक किसिमको सिर्जनात्मक विष्फोट भएको छ ।

'विश्वभरि उपन्यास, कथा, कविता, गजल, निबन्ध र साहित्यका अन्य विधामा कलम चलाउने सर्जकहरूको संख्यामा निरन्तर बढोत्तरी र ठूलो संख्यामा प्रकाशन भइरहेको देखिन्छ', लामिछाने भन्छन्, 'डायस्पोराको यो किसिमको सिर्जनात्मकता पछिल्लो समयमा नेपालभित्रको साहित्यिक गतिविधिसाग पनि झन् झन् जोडिंदै गएको छ ।'

डायस्पोरामा बसेर लेख्नेहरूले देश र परदेश दुवैतिरको परिवेश र सामाजिक मनोविज्ञान बुझेकाले सामाजिक परिवेश समेटेर पछिल्लो समयमा विविध विधामा डायस्पोरिक लेखन स्थापित हुने दिशातिर अग्रसर हुँदै गइरहेको लामिछाने बताउँछन् । 'यो संख्यात्मक रूपमा मात्रै बढी रहेको छैन् डायस्पोरामा बस्नेहरूबाट गुणात्मक

कृतिहरू सिर्जना भएका छन्', उनी थप्छन्, 'विभिन्न देशका फरक-फरक भाषाका सिर्जनाहरूको अनुवादमार्फत नेपाली साहित्यलाई थप समृद्ध बनाउन डायस्पोराले ठूलो भूमिका निर्वाह गरेको छ।'

## बेलायतमा युद्ध साहित्य

बेलायत र नेपालबीच कैयौं ऐतिहासिक सम्बन्ध छ। नेपालले कूटनीतिक सम्बन्ध स्थापना गरेको पहिलो देश बेलायत हो भने नेपालबाट गोर्खा भर्तीमार्फत ब्रिटिश सेनामा नेपाली युवा आउन थालेको २०८ वर्ष बढी भइसकेको छ । गोर्खाहरूले ब्रिटिश सेनामा रहेर कयौं युद्ध लडेका छन् । उनीहरूले आफ्नो युद्ध अनुभव समेटेर साहित्यलेखन पनि थालेको पाइन्छ।

सन् १८५३ देखि १८५६ सम्म भएको क्रिमिया युद्धको समयबाट विश्वमा युद्धसम्बन्धी विभिन्न विवरण लेखी युद्ध साहित्य लेखन आरम्भ पाएको सम्झन्छन् साहित्यकार एवं पूर्व गोर्खा काङमाङ नरेश राई। लेखकत्रय काङमाङ नरेश राई, अप्जसे कान्छा र गणेश राईले युद्ध साहित्य सिद्धान्त र सिर्जनाहरू पुस्तक नै लेखेका छन् । उनीहरूले युद्ध साहित्यलाई अभियान कै रूपमा अगाडि बढाएका पनि छन् ।

सन् १८७९ जनवरी देखि जुलाईसम्म भएको एङ्लो जुलु युद्ध, सन् १९१४ देखि १९१८ सम्म पहिलो विश्वयुद्ध, सन् १९३५ देखि १९४५ सम्म दोस्रो विश्वयुद्ध, सन् १९५० देखि १९५३ सम्म कोरिया युद्ध, सन् १९५५ देखि १९७५ सम्म भियतनाम युद्ध, सन् १९८२ को फोकल्यान्ड युद्ध, सन् १९९० देखि १९९१ को गल्फ युद्ध अहिलेसम्मका ठूला युद्ध हुन् । तीबाहेक अनगिन्ती अन्य युद्ध लडिएका छन् । ती युद्धबारे पनि साहित्य लेखिएका छन् तर प्रथम र दोस्रो विश्वयुद्धको समयमा सबैभन्दा बढी युद्ध साहित्य लेखिएको छ । अहिले रुस युक्रेन युद्ध निरन्तर छ । (युद्ध साहित्य सिद्धान्त र सिर्जनाहरू)

प्रथम र द्वितीय विश्वयुद्ध बाहेक गोर्खालीले बोर्नियो युद्ध, फोकल्यान्ड युद्ध, कोसोभो युद्ध, कार्गिल युद्ध, चीन भारत युद्ध, इष्ट टिमोर युद्ध, इराक र अफगानिस्तान युद्ध लगायत युद्ध लडेका छन् । यिनै युद्धहरूको घट्ना र प्रभावबारे लेखिएका युद्ध साहित्य आधुनिक नेपाली युद्ध साहित्य रहेको बताउँछन् नरेश।

आधुनिक युद्धसाहित्यको मेसोमा हर्षध्वज राईको एक गोर्खाली आत्मकथा, लेखक एवं साहित्यकार गणेश राईको राइफलले फलाकेको जिन्दगी कविता संग्रह, राइफलको नालबाट जीवन नियाल्दा उपन्यास, युद्ध एम्बुसमा राइफलको संगीत उपन्यास, राइफलको मुर्च्छना उपन्यास, भीम विरहीको उपन्यास विदेशी सिपाही, काङमाङ नरेश राईको उपन्यास युद्ध बोकेको सिताङ, दिपा लिम्बु राईको कविता संग्रह युद्ध सहअस्तित्व र सिर्जना, काङमाङ नरेश राई र अप्जसे कान्छाद्वारा सम्पादित युद्ध कविता संग्रह युद्धमा हराएको प्रेम, मिजास तेम्बे, काङमाङ नरेश राई र अप्जसे कान्छाद्वारा सम्पादित कविता संग्रह गोर्खा वार पोइम्स् (२०१३) आदि कृति पर्छन्।

यसका साथै युद्ध चेतनानजिक रही लेखिएका केही कृतिहरूमा रक्ष राईको कविता संग्रह सालिक उभिएर गोर्खाली, मुलीवीर राईको उपन्यास हरियो पर्खाल आदि हुन्।

यस अतिरिक्त यदाकदा नेपाली युद्ध साहित्यबारे कलम चलाउनेहरूमा टंक वनेम, देवेन्द्र खेरेस, मुकेश राई, अञ्जु अञ्जली, लारा, विजय हितान, मनोरमा सुनुवार, विशद, विमल चाम्लिङ, देश सुब्बा, टंक सम्बाहाम्फे, अशोक राई, विमल गिरी, नरेश सुनुवार, स्व. स्वप्निल स्मृति, हाङयुग अज्ञात, नरेश नाति, जगत नवोदित, ईश्वर चाम्लिङ लगायत पर्दछन्।

दयाकृष्ण राई, मिजास तेम्बे, केदार संकेत, विजय हितान मुकेश राई, नरेश नाति, रक्ष राई लगायतले युद्ध साहित्यमा कलम चलाइरहेका छन् । यस लेखनप्रति श्रष्टाहरूलाई आकर्षित गर्न ५० हजार रूपैयाँको युद्ध साहित्य पुरस्कार नै स्थापना गरिएको छ । उत्कृष्ट कृतिलाई दिइने यस पुरस्कारका संस्थापक नरेश काङमाङ राई, गणेश राई र अप्जसे कान्छा नै हुन्।

उता, बेलायतमा सन् २०१५ देखि सबैभन्दा बढी पुरस्कार ४ लाख २ हजार रुपैयाँ राशिको पहिचान पुरस्कार स्थापना गरिएको छ जसको संस्थापक हुन् काङमाङ नरेश राई ।

उत्कृष्ट कृतिलाई पुरस्कार दिने चलन छ।

### अफ्रिकामा नेपाली साहित्यिक संस्था

अफ्रिकामा कयौं नेपाली साहित्यिक संस्थाहरू क्रियाशील छन् । हाल नाइजेरियामा रहेका साहित्यकार हिक्मत थापाका अनुसार, नेपाल अफ्रिका साहित्य समाजले नेपाली साहित्यका केही कृतिहरू प्रकाशन गर्नुका साथै दार-ए सलाम, लेगोस र कम्पालामा गैरआवासीय नेपाली संघसँगको सहकार्यमा साहित्यिक कार्यक्रमहरू आयोजना गर्ने गरेको छ।

अनेसास अफ्रिका च्याप्टरले 'किलिमान्जारो' नामक वार्षिक साहित्यिक सँगालो प्रकाशन गर्नुका साथै अफ्रिकामा विभिन्न साहित्यिक कार्यक्रम आयोजना गर्दै आएको छ।

### नेपाली साहित्यको अमेरिकी उन्नयन

विश्वभरि छरिएर रहेका नेपालीमूलका व्यक्तिहरूलाई संगठित गरी नेपाली पहिचानको जगेर्ना र प्रवर्द्धन गर्न एउटा संस्थाको आवश्यकता महसुस भई अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको परिकल्पना गरियो । नेपाली भाषा, साहित्य, कला र संस्कृतिलाई विश्वभर रहेका नेपाली समुदायमाझ पुरयाउनु, नेपाली पुस्तक लेखन प्रकाशन, नेपाली भाषा साहित्य, कला र संस्कृतिको गोष्ठी सम्मेलन, नेपाली लेखक, शिक्षक र कलाकारको विशिष्ट योगदानलाई प्रोत्साहन, बालबालिका माझ नेपाली भाषा, साहित्य, कला र संस्कृतिको विकासका लागि कार्यक्रम तय गर्ने, विभिन्न भाषा, संस्कृतिको विकासलाई टेवा दिने पवित्र उद्देश्यका साथ सन् १९९१ मा स्थपना भएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) सोही उद्देश्य पूरा गर्न लागि परेको छ।

अनेसासमा च्याप्टर, केन्द्रीय समिति र बोर्ड अफ ट्रस्टिज गरी ३ निकाय छन् । च्याप्टरहरू वैश्विक रूपमा छन् भने केन्द्रीय समितिको कार्यालय र बोर्ड अफ ट्रस्टिजको कार्यालय संयुक्त राज्य अमेरिकामा छन्।

आफ्नो ध्येय र लक्ष्यअनुसार अनेसासले नेपाली साहित्यकारहरूको अन्तर्राष्ट्रिय सम्मेलन, उत्कृष्ट रचनाको अन्य भाषामा अनुवादन र प्रकाशन गर्दै आएको छ। यस अतिरिक्त आफ्नो साहित्यिक मुखपत्र अन्तरदृष्टि र अनेसास दर्पणमार्फत नेपाली साहित्यको यथोचित सेवा गरेको प्रतीत हुन्छ । नेपाली भाषा पाठशाला सञ्चालन सबैभन्दा महत्वपूर्ण विषय हो। यस कार्यका लागि कतिपय स्थानमा हुने कार्यक्रमहरूमा एनआरएनए सित सहकार्य हुने गरेको छ।

सन् २०२३ मार्च १०, ११ र १२ मा बोष्टन, संयुक्त राज्य अमेरिकामा सम्पन्न भएको पाँचौं अन्तर्राष्ट्रिय अनेसास च्याप्टर तथा महिला सम्मेलनले प्रस्ताव गरेको १३ बुँदे घोषणापत्र छोटकरीमा यहाँ प्रस्तुत छ।

(१)- नेपाली भाषा शिक्षण सिकाइमा एकरूपता ल्याउन पाठ्यक्रम तयारीको गृहकार्य गर्ने।

(२)- नेपाली भाषा शिक्षण सिकाइ (भाषिक जागरण) लाई प्रभावकारी बनाउने।

(३)- नेपाली साहित्य, कला र संस्कृतिको प्रभावकारी प्रचार-प्रसार र प्रवर्द्धनमा जोड दिने।

(४)- प्रवासमा लेखिएका साहित्यिक कृतिहरूको अभिलेख राख्ने र अनेसास पुस्तकालय निर्माणमा जोड दिने।

(५)- कार्य योजनाको वार्षिक क्यालेन्डर निर्माण गर्ने।

(६)- सम्मेलन, अधिवेशन र बैठकहरू तय गर्ने।

(७) भावी योजनाहरूको प्राथमिकता हेरी कार्यान्वयन गर्ने।

(८) कृति समीक्षा बोर्ड बनाएर प्रवासमा प्रकाशित कृतिहरूको मूल्यांकन गर्ने।

(९)- भाषा अनुवाद, नेपाली शिक्षा अध्यायन गर्न चाहने प्रवासी नेपालीलाई छात्रवृत्तिको पहल गर्ने।

(१०)- उत्कृष्ट कृति छनौट तथा अन्य भाषामा अनुवाद गराउने।

(११)- पुरस्कारको प्रभावकारितामा पारदर्शिता अवलम्बन गर्ने।

(१२)- अनुगमन, कार्यसम्पादन र बजेट व्यावस्थापनको राम्रो

व्यवस्था गर्ने।

(१३)- महिलाको सहभागिता, प्रतिनिधित्व र अवसरको विषयमा उपयोगी कार्यक्रम सञ्चालन गर्ने।

अमेरिकाको ओहायोमा रहेका मुक्तकमणि तीर्थराज अधिकारी भन्छन्, 'जति नेपाली युवा परदेश जान्छन् आफ्नो नेपाली परम्परा र संस्कृति पनि लिएर गएका हुन्छन्। नेपालभन्दा टाढा अन्य विभिन्न देशमा रहेका नेपालीहरूको अथक प्रयासबाट आज अन्तर्राष्ट्रिय नेपाली साहित्य समृद्ध बनेको छ।'

अधिकारीको भनाइमा प्रवासी साहित्यकारले आफ्नो कलमबाट आफ्नो अनुभव र भावना साझा गरेको हुन्छ। आफू जहां रहे पनि मन र आत्मा देशकै माटोमा रहेको हुन्छ। अन्तर्राष्ट्रिय नेपाली साहित्य विशेष कुनै दर्शन, सिद्धान्त तथा चिन्तनसँग जोडिएको छैन। यसले घरभन्दा पर आफूले भोगेको मानसिक अवस्था र दुःखको चित्रण पनि गरेको हुन्छ। तसर्थ यस प्रकारको साहित्यलाई साहित्यिक मापदण्डले मात्र हेर्न मिल्दैन। यसै भएर नै प्रवासी नेपालीहरूले आफ्नो लेखनको माध्यम नेपाली नै बनाए। प्रवासी नेपाली लेखकले प्रवासको संवेदनशीलतालाई नेपाली संस्कारसित जोडेर विषमता जति अक्षरमा उतारेका हुन्छन्।

## संयुक्त राज्य अमेरिकामा साहित्यिक गतिविधि

संयुक्त राज्य अमेरिकाका पछिल्ला केही साहित्यिक गतिविधि यहां प्रस्तुत गरिएको छ। सेप्टेम्बर पहिलो हप्ता जर्जियाको एटलान्टामा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज जर्जिया च्याप्टर र नेप्लिज एसोसिएसन इन साउथ इस्ट अमेरिकाको संयुक्त आयोजनामा साहित्यिक कार्यक्रम भयो। उक्त कार्यक्रममा तीज गीत, कविता, नृत्य साथै स्वस्ति शान्ति वाचन पनि गरियो।

केही समय अगाडि गठित अनेसास जर्जिया च्याप्टरले भानु जयन्तिको अवसरमा भानु पुस्तकालय पनि स्थापना गरेको छ। नेपाली कल्चरल सेन्टर, एनआरएनए, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज र मधेसी एसोसिएसन इन अमेरिका (एमएए) को संयुक्त पहलमा नोभेम्बर पहिलो साता 'श्रीमद्भागवत सप्ताह, ज्ञान महायज्ञ-एटलान्टा, आध्यात्मिक महोत्सव २०२३' पनि हुँदैछ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, अमेरिका- नेपाली संस्कृति संरक्षण तथा सम्वर्द्धन समितिद्वारा प्रकाशित साहित्यिक कृति 'साहित्य सौरभ' ले अन्तर्राष्ट्रिय जगतमा गहकिलो छवि स्थापित गरेको छ। यो संस्थाले अमेरिकामा नेपाली साहित्यको संरक्षण र सम्बर्द्धनमा सहयोग पुग्ने गरी विविध साहित्यिक कार्यक्रम सञ्चालन गर्ने गरेको छ। यसमा गैर आवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वयपरिषद् संस्कृति तथा सम्पदा समितिको निकै देन छ।

त्यसैगरि, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज क्यानडा च्याप्टरको आयोजनामा अमेरिका र क्यानडाका साहित्यकारहरूलाई समावेश गरेर निआग्रा फल्स परिसरमा कविता वाचन तथा परिचय कार्यक्रम सञ्चालन हुने गरेको छ। अनेसास क्यानडाले गत वर्ष डिसेम्बर १० तारिखका दिन 'हजुर आमा-हजुर बा' दिवस आयोजना गरेको थियो।

यसमा क्यानडा र संयुक्त राज्य अमेरिकाका धेरै प्रमुख सहरहरूबाट सहभागिता हुने गर्दछ। यस च्याप्टरले सञ्चालन गरेको 'प्रवासमा नेपाली शिक्षा' (कक्षा १-४), सीप विकास तथा विभिन्न शैक्षिक कार्यक्रम उल्लेख्य छन्। यसका लागि अध्यक्ष तारा उप्रेतीका साथै सम्पूर्ण पदाधिकारी, डा कुसुमाकर शर्मा, डा. किस्मत भण्डारी, डा. गोविन्द सिंह रावत, डा. कृष्ण हरि गौतम, उप्रेती सुरेनको सक्रियता उल्लेख्य मानिन्छ।

अनेसास उत्तर अमेरिकी समिति निरन्तर नेपाली साहित्यको प्रवर्द्धनमा लागि परेको छ। संयुक्त राज्य अमेरिकामा रहेका २२ च्याप्टर (हाल १८ सक्रिय) र क्यानडा च्याप्टरको मासिक रूपमा सम्मेलन गरी छलफल, भावी कार्ययोजना, गोष्ठी सञ्चालन हुने गरेको छ। यसले गर्दा नेपाली साहित्य लेखन, पठन, मित्रता अभिवृद्धि, प्रकाशन आदिमा ठूलो योगदान पुगेको छ।

उदाहरणका लागि 'सिर्जनामा नारी', 'छोरीले जन्माएका

आमाहरू', 'अनेसास ट्रष्टी चिनारी', 'साधनाको स्वर्ण वर्ष: मुक्तकमणि तीर्थराज अधिकारी' र अनेसासको इतिहास उल्लेख्य छन् । मुक्तक विधामा अमेरिका विशेषांक 'मुक्तकसागर' हालसालै प्रकाशन भएको छ।

अनेसास र एसोसिएसन अफ नेपलिज इन अमेरिका (एएनए) को सहकार्यमा विविध नेपाली साहित्यक कार्यक्रम हुने गरेको छ। गत जुलाई २०२३ मा अमेरिकी राज्य कोलोराडोको डेन्भरमा भव्य नेपाली गजल वाचन कार्यक्रम सम्पन्न भएको थियो।

अमेरिकामा क्रियाशील वरिष्ठ साहित्यकार तीर्थराज अधिकारीको विचारमा वर्तमान समयमा सामाजिक न्याय तथा आधिकारिकताको क्षेत्रमा सुन्दर साहित्य सिर्जना भइरहेको छ । सामाजिक कूरीति, नारी शोषण, जातीय भेदभाव र धार्मिक असहिष्णुताको विषयमा रचित आधुनिक साहित्य आफ्नो कर्तव्यबोधप्रति सजग हुनुका साथै समाजलाई एक सूत्रमा बाँध्ने कडीको रूपमा प्रयोग हुन खोजेको भान भएको बताउँदै साहित्यकार अधिकारी पछिल्लो समय विभिन्न विद्युतीय साधनको प्रभावले गर्दा लेखन साहित्यमा कुठाराघात हुन खोजेको अनुभूति पनि गर्छन्।

## प्रवासमा बढ्दै छन् साहित्यकार

प्रवासमा नेपालीमूलका साहित्यकारहरूको संख्या कति होला भन्ने आम जिज्ञासा छ। ठ्याक्कै संख्या यकिन गर्न गाह्रो छ तर अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका आजीवन सदस्यहरू विश्वभर २ हजार ४०० जना रहेको समाजको बोर्ड अफ ट्रष्टीज सल्लाहकार तीर्थराज अधिकारीले जनाए । समाजका ६० देशमा करिब ८० च्याप्टर छन्।
फाटफुट कविता र गजल लेख्नेको संख्या गन्ने हो भने संख्या धेरै हुन सक्छ । यद्यपि कृति प्रकाशित भइसकेका वा लेखनमा स्थापित भएकामध्ये युरोपका विभिन्न देशमा करिब ५० देखि ७० जना नेपाली कवि, लेखक रहेका गोपी सापकोटाको अनुमान छ।
अमेरिकामा करिब १०० देखि १५० जना तथा अफ्रिकामा करिब १० देखि २० जना जति नेपाली मूलका साहित्यकारहरू रहेका नाइजेरियावासी साहित्यकार हिक्मत थापा बताउँछन् । तर, सक्रिय र निरन्तर रूपमा लेखिरहने साहित्यकारहरूको संख्या भने थोरै छ।

युरोप, अमेरिका र अफ्रिका बाहेक भुटान, म्यान्मार, हङकङ, दक्षिण कोरिया, इजरायल, रुस र अस्ट्रेलियामा पनि नेपाली लेखकहरूले सक्रिय रूपमा लेखिरहेका छन्।

## प्रवासमा नेपाली साहित्य प्रवर्द्धनमा एनआरएनएको भूमिका

प्रवासमा नेपाली साहित्यिकको प्रवर्द्धनमा एनआरएनएको भूमिका महत्वपूर्ण छ। गैरआवासीय नेपाली संघको भाषा, साहित्य, संस्कृति तथा सम्पदा प्रवर्द्धन समिति यसमा बढी अग्रसर छ । समितिले प्रवासमा नेपाली भाषा र साहित्यि प्रवर्द्धन गर्न नेपाल प्रज्ञा प्रतिष्ठानसँग सहकार्य समेत गर्दै आएको छ।

एनआरएनएको स्थापनासँगै संघको अन्तर्राष्ट्रिय समिति र राष्ट्रिय समन्वय समितिहरूले भाषा, साहित्य र संस्कृतिका विविध कार्यक्रम संसारभर गर्दै आएका छन् । उक्त समितिले अन्तर्राष्ट्रिय नेपाली भाषा साहित्य सम्मेलन आयोजना गर्नेदेखि लिएर विभिन्न साहित्यिक प्रतियोगिता गर्दै आएको छ । यसले नेपाली भाषा साहित्यका पुस्तक प्रकाशनदेखि विचार विमर्श र काव्य सन्ध्याहरूसमेत गरिरहेको छ।

गत वर्ष मात्र समितिले प्रवासी नेपाली लेखकहरूको नियात्रा संग्रह यात्रा- नियात्रा प्रकाशन गरेको थियो। यसअघि पनि कविता र कथाका संयुक्त संग्रहहरू प्रकाशन गरेको थियो। त्यसैगरी समितिले वार्षिक  दुई लाख रुपैयाँ पुरस्कार रहेको अरनीको अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गर्ने गरेको छ। प्रवासी नेपाली लेखकहरूको उत्कृष्ट पुस्तकलाई प्रत्येक वर्ष उक्त पुरस्कार प्रदान गरिन्छ।

प्रवासमा नेपाली साहित्यको प्रबर्द्धनका लागि एनआरएनएले धेरै भूमिका खेल्न सक्ने ठान्छन् सापकोटा। 'मलाई थाहा भए अनुसार एनआरएनएको भाषा साहित्य समिति सक्रिय छ । यसले प्रत्येक वर्ष नेपाल बाहिर बसेर लेख्ने नेपाली लेखकहरूले लेखेका कृतिहरू मध्येबाट एउटा उत्कृष्ट कृतिलाई अरनिको पुरस्कार दिने गर्छ । प्रवासमा साहित्य सिर्जना गर्नेहरूका लागि यो खुसीको खबर हो', उनले भने।

सापकोटाको विचारमा प्रत्येक देशका एनआरएनएको कार्यसमितिमा सो देशको एकजना लेखकलाई सदस्यको रूपमा मनोनित गरेर भाषा र साहित्यको क्षेत्रमा काम गर्न सक्छ । उक्त सदस्यले सम्बन्धित देशका साहित्यकार र साहित्यिक संस्थाहरूसाग समन्वय गरेर भाषा साहित्यको उत्थानमा काम गर्न सक्छ।

## साहित्यकारहरूलाई हौसला प्रदान गर्न पुरस्कार

प्रवासमा नेपाली भाषा साहित्य प्रवर्द्धनका लागि श्रष्टाहरूलाई हौसला प्रदान गर्न एनआरएनएदेखि विभिन्न व्यक्तिले पुरस्कार स्थापना गर्ने क्रम पनि बढ्दो छ।

गैरआवासीय नेपाली संघले 'अरनिको अन्तर्राष्ट्रिय पुरस्कार' स्थापना गरेको छ । उसले गैरआवासीय नेपाली लेखकहरूका कृति पठाउन आह्वान गर्ने गर्दछ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्गत भाषा, साहित्य, संस्कृति तथा सम्पदा संवर्धन समितिले वि.सं. २०७७ देखि अरनिको अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गर्न थालेको हो । यो पुरस्कारको राशि २ लाख रूपैयाा नगद छ । त्यस्तै सम्मानपत्र पनि प्रदान गरिन्छ।

संघको भाषा, साहित्य, संस्कृति तथा सम्पदा सम्बर्द्धन समितिका संयोजक हिक्मत थापा एनआरएनएले देशमा लगानी र आर्थिक अवसर मात्रै भित्र्याउने नभएर बाहिरी विश्वमा फैलिएको नेपाली भाषा-साहित्यमा उत्प्रेरकको कामसमेत गरी रहेको बताउँछन्।

उनले नेपाल बाहिर बसेर पनि नेपाली भाषा, साहित्य र संस्कृतिको श्रीवृद्धिमा योगदान पूरै रहेका स्रस्टाहरूको सम्मान गर्न पहिलो गैरआवासीय नेपाली ठानिएका कलाकार अरनिकोको नाममा संघले उक्त पुरस्कार स्थापना गरेको पनि बताए।

गैर-आवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको भाषा, साहित्य, संस्कृति तथा सम्पदा प्रबर्द्धन समितिले नेपाल बाहिर बसेर पनि नेपाली भाषा साहित्यको विकास र श्रीवृद्धिमा योगदान दिंदै आएका साहित्यकारहरूको संक्षिप्त परिचयसहितको एउटा प्रवासी साहित्यकार तथ्यांक सँग्रह प्रकाशित गर्ने योजनासहित काम अगाडि बढाइसकेको छ।

युरोपलाई नै कर्मथलो बनाएका एनआरएनए पूर्वअध्यक्ष जीवा लामिछाने अध्यक्ष रहेको खेमलाल हरिकला लामिछाने समाज कल्याण प्रतिष्ठानले पद्मश्री साहित्य पुरस्कार र पद्मश्री साधना सम्मान पुरस्कार प्रदान गर्दै आएको छ।

पद्मश्री साहित्य पुरस्कार र पद्मश्री साधना सम्मान दुवैको राशी  तीन-तीन लाख रुपैयाँ छ।

वि.स. २०६३ सालदेखि प्रतिष्ठानले नेपाली साहित्यमा वर्षभरि प्रकाशित पुस्तकमध्ये निर्णायक मण्डलले उत्कृष्ट ठहरयाएको पुस्तकलाई प्रत्येक वर्ष पद्मश्री साहित्य पुरस्कार अर्पण गर्दै आएको छ।

त्यस्तै वि.सं.२०६७ सालदेखि साहित्य, कला, संगीत, अभिनय आदि क्षेत्रमा दीर्घ साधना गर्ने वरिष्ठ साधकलाई पद्मश्री साधना सम्मान अर्पण गर्दै आएको छ।

## चुनौतीः

प्रवासको साहित्यमा थुप्रै चुनौती छन् । हिक्मत थापाको बुझाइमा दोस्रो पुस्ताले नेपाली भाषा, संस्कृति र साहित्य भुल्दै छ । उनीहरूलाई नेपाली भाषा, संस्कृतितर्फको लगाव कायम राख्न भाषा विद्यालय, पाठ्यक्रम लगायतका कामहरू हुनुपर्ने जति भइराखेका छैनन् । नेपाली वाङ्ममयका पुस्तकहरू अंग्रेजीलगायत अन्तर्राष्ट्रिय भाषाहरूमा अनुवाद गरी प्रकाशन गर्नु छ । प्रवासका लेखक कलाकारहरूलाई निरन्तर प्रोत्साहन दिन र सहयोग गर्न जरुरी छ।

अर्का साहित्यकार गोपी सापकोटाको भनाइमा प्रवासमा पठन र लेखनका लागि समयको अभाव हुन्छ । नेपाली पुस्तकहरू सजिलै उपलब्ध हुँदैनन् । प्रवासमा बसेर लेख्नेहरूका लागि प्रकाशन र वितरणको समस्या छ । ती सबै समस्या र चुनौतीहरूसँग जुध्नका लागि कुनै एउटा संस्थाले मात्रै केही गर्न सक्दैन । तर, सबै व्यक्ति तथा संस्थाले पठन संस्कृति बढाउनका लागि चेतनामूलक

सन्देश प्रवाह गर्न सके धेरै समस्या समाधान हुन थाल्छ।

अधिकारीका अनुसार, नेपालमा त नेपालीमा अंग्रेजीको मिसावट छ भने अमेरिकामा नेपालीमा सेवा गर्ने भन्ने कुरा धेरै टाढाको विषय वस्तु हो।

नेपाली भाषा र साहित्यका लागि युरोपका विभिन्न संस्थाहरू र एनआरएनले महत्वपूर्ण कार्य गरिरहेका छन्। युरोपमा रहेका साहित्यिक संघसंस्थाहरू र एनआरएनका बीचमा सहकार्य हुनसके नेपाली भाषा स्कुल व्यवस्थितरूपमा सञ्चालन हुन सक्ने बताउँछन् बजगाईं। ती स्कुलमा एकीकृत पाठ्यक्रम निर्माणका लागि एनआरएनले पहल गर्न सके विदेशमा नेपाली भाषा, साहित्य र संस्कृतिले जीवन पाउन सक्छ।

## सुझाव तथा निष्कर्षः

चार दशकभन्दा बढी रेडियो मस्कोको नेपाली सेवामा प्रस्तोता, सञ्चालक र अनुवादकको रूपमा सेवा गरेका कृष्ण प्रकाश श्रेष्ठको गत मार्च २०२१ मा देहावसान भयो। श्रेष्ठले रुसी साहित्यलाई नेपाली भाषामा र नेपाली साहित्यलाई रुसी भाषामा अनुदित गर्नुका साथै विभिन्न १०० भन्दा बढी कृति प्रकाशित गरे। लामो समय विदेशमा बसोबास गरी त्यहीाको भाषा, संस्कृति, रहनसहन अंगीकार गरेका श्रेष्ठ जस्ता लेखकहरूबाट सिर्जित डायस्पोरिक साहित्यले नेपाली साहित्यको श्रीवृद्धिमा पुऱ्याएको योगदान अतुलनीय छ। तर, यस्तो योगदानको अनुसन्धान र अभिलेखीकरण हुन बाँकी नै छ।

प्रवासमा नेपाली साहित्यको विकास र प्रबर्द्धनका  लागि धेरै साहित्यिक संस्थाहरू सक्रिय छन्। तर, अहिले आएर प्रवासमा रहेका साहित्यकारहरूले प्रकाशन, वितरण र पाठकको समस्या व्यहोरिरहेका छन्। विदेशमा अति व्यस्तताका बाबजुद विदेशिएका नेपालीहरूले नेपाली भाषा साहित्यलाई संसारभर पुऱ्याएका छन्। विश्लेषकहरू भन्छन्, 'नेपाली डायस्पोरिक लेखनमा एक किसिमको सिर्जनात्मक विस्फोट भएको छ र नेपाली साहित्यलाई थप समृद्ध बनाउन डायस्पोराले ठूलो भूमिका निर्वाह गरेको छ।'
युरोपदेखि अमेरिकासम्म, एसियादेखि अफ्रिकासम्म नेपाली साहित्यकारहरू निरन्तर क्रियाशील छन्, तर प्रवासको साहित्यसामु थुप्रै चुनौती पनि छन्। एउटा प्रमुख चुनौती भनेको दोस्रो पुस्ताले नेपाली भाषा, संस्कृति र साहित्य भुल्दै जानु हो। उनीहरूलाई नेपाली भाषा, संस्कृतितर्फ जोड्न जति काम हुनु पर्ने हो त्यति भइरहेको छैन।

प्रवासमा सक्रिय नेपाली सर्जकहरूका अनुसार नेपाली भाषा, कला, साहित्य, संस्कृति र सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्न एनआरएनएले तत्काल गर्नु पर्ने कामहरू निम्न प्रकार छन्:

१. नेपाली भाषा पठनपाठन हुने स्कुलहरूमा एकीकृत पाठ्यक्रम निर्माणका लागि पहल गर्ने,
२. प्रवासी साहित्यकारहरूलाई दिँदै आइएका पुरस्कारहरूको राशि बढाउनुका साथै पुरस्कारलाई समावेशी र पारदर्शी बनाउने,
३. संसारभरि नेपाली तथा नेपालका अन्य भाषासँग सम्बद्ध साहित्यिक संस्थाहरूसाग समन्वय गर्ने,
४. प्रवासी साहित्यकार तथ्यांक संग्रहलाई अद्यावधिक गर्ने,
५. आधुनिक प्रविधिको प्रयोग गरी प्रवासमा नेपाली प्रकाशनहरूको बिक्री वितरण तथा पठन संस्कृति प्रवर्द्धनमा सहयोग गर्ने,
६. प्रवासस्थित नेपाली कूटनीतिक नियोगहरूसँग समन्वय गरी नेपाली भाषा साहित्यको उत्थानमा काम गर्ने, र
७. नेपाली भाषा, साहित्य तथा संस्कृतिको उत्थानका लागि नेपाली भाषी भुटानीलगायतका समुदायसँग सहकार्य गर्ने।

एनआरएनएको नयाँ नेतृत्वले यी विषयहरूमा पहलकदमी गर्नु वाञ्छनीय भइसकेको छ भने हाम्रो पहिचान जोगाउन पनि सबैले आआफ्नो ठाउँबाट स्वयंसेवी रूपमा नेपाली भाषा, साहित्य तथा संस्कृतिको जगेर्ना र प्रवर्द्धन गर्न जुट्नुको अब विकल्प छैन।

**(पोखरेल बेलायतमा रहेर पत्रकारिता गर्छन्)**

# वैदेशिक रोजगार नीति : सरकार र संघका भूमिका



वैदेशिक रोजगारीलाई नियमन गर्ने सरकारको पहिलो प्रयास सन् १९८५ मा वैदेशिक रोजगार ऐन, २०६४ जारी भएदेखि सुरु भएको हो । यसले भारत बाहेकका अन्य देश जाने आप्रवासी कामदारलाई नियमन गर्ने लक्ष्य राख्यो । सन् १९८१ र १९९१ को जनगणनाअनुसार क्रमशः ७ र १० प्रतिशत जनसङ्ख्या देशमा अनुपस्थित देखियो ।

वैदेशिक रोजगारीले ल्याएको सामाजिक परिवर्तनसहित कैयौं अवसर र चुनौतीलाई समेटेर २०७८ सालमा  संघले श्वेतपत्रमा जारी गरेको थियो । श्वेतपत्रमा विशेषतः नेपालको वर्तमान आप्रवासन स्थिति, गन्तव्य देशहरुमा नेपालीको अवस्था र उनीहरुले भोगनुपरेको समस्या, नेपालमा फर्किएका नेपालीको पुनः एकीकरणको सम्भावित उपाय, सरकारबाट अपेक्षा र एनआरएनएको भूमिका लगायत बारेमा वास्तविक रुपमा चित्रण गरेको थियो ।



**अंगराज न्यौपाने**

## पृष्ठभूमि

राजनीतिक परिवर्तन, सामाजिक क्रान्ति, जनआन्दोलन, जनयुद्ध र अधिकार प्राप्तिका विभिन्न संघर्षहरूमा युवाहरूको अतुलनीय योगदान छ । युवाकै सक्रिय सहभागिताले देशमा परिवर्तन सम्भव भएको इतिहास साक्षी छ। सहिद, बेपत्ता, घाइते-अपांगहरूको तथ्यांकमा पनि युवाहरू नै अगाडि छन्। देश विकासमा लाग्ने मानव जीवनको अत्यन्तै ऊर्जाशील र गतिशील शक्ति एवम् अमूल्य गहना नै युवा हुन्। २०७८ को जनगणनाअनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार पाँच ७८ मध्ये काम गर्न योग्य जनसंख्या १ करोड ८० लाख ७१ हजार ६ सय ८५ छ । सर्वाधिक उत्साह, संवेगसहितको शक्ति र सामर्थ्यले ओजस्वी युवाहरूको सक्रिय सहभागिताले विभिन्न समयका संघर्षहरूसमेत सफल भएका छन्।

युवाहरूलाई देशका भाग्यको प्रतीक र आदर्श मानिन्छ। किनभने, उनीहरूको बुद्धि, विवेक, सद्‌विचार र सहभागिताबिना कुनै पनि क्षेत्रको विकास सम्भव छैन र राष्ट्रिय आकांक्षा पनि पूर्ति गर्न सकिँदैन। जुनसुकै देशको सामाजिक तथा आर्थिक चुनौतीलाई त्यहाँका युवाहरूले सामना गर्न सक्छन्। उनीहरूको वास्तविक सहभागितामा नै मुलुकको सर्वांगीण विकास हुन सक्छ। तर, हाम्रो देशमा युवाहरूलाई सही परिचालन गर्न नसकेकाले उनीहरूबाट आजसम्म पनि ठोस योगदान प्राप्त हुन सकेको छैन।

नेपालमा शैक्षिक बेरोजगारी पनि दिन प्रतिदिन बढ्दो क्रममा छ । एकातर्फ प्रत्येक वर्ष अन्दाजी ४ लाख युवालाई आ-आफ्ना दक्षताअनुरूप रोजगारीको आवश्यकता छ भने अर्कातर्फ सरकारी क्षेत्रमा रोजगारीका अवसर नै छैनन् भन्दा हुन्छ। यति मात्र होइन, निजी क्षेत्रमा पनि रोजगारी सिर्जना गर्ने खास सम्भावना देखिँदैन। सरकारको पछिल्लो तथ्यांक हेर्दा नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका कुल युवामध्ये ७१ प्रतिशत साक्षर छन्। त्यसमध्ये पनि १६ देखि २५ वर्ष उमेर समूहका ८२ प्रतिशत युवा साक्षर छन्। यो तथ्यांकले शिक्षित युवाको संख्या बर्सेनि बढेको देखाउँछ तर उनीहरूमध्ये धेरैले स्वदेशमा रोजगारीका अवसर प्राप्त गर्न सकेका छैनन्।

नेपालमा भएको कुल ४० प्रतिशतभन्दा बढी युवा जनसंख्यामध्ये २.३ प्रतिशत पूर्णरूपमा बेरोजगार छन्। ८.३ प्रतिशत अर्धबेरोजगार छन्। बढ्दो बेरोजगारी र अवसरको अभावका कारण युवाहरू वैदेशिक रोजगारीमा जान विवश छन्। देश छोडेर रोजगारी र अवसरको खोजीमा विदेश जाने युवाको उकालिँदो ग्राफ निकै कहालीलाग्दो छ।

उसो त स्वदेशमा रोजगारी पाउन नसकेका युवाहरूका लागि वैदेशिक रोजगारी एक अवसर पनि भएको छ। एकातिर उनीहरूले काम पाएका छन् भने अर्कातिर उनीहरूले थोरबहुत धन आर्जन गरेर घरखर्च पनि जुटाएका छन्। उनीहरूले पठाएकै रेमिट्यान्सले देशको वैदेशिक मुद्रा सञ्चितिलाई टेवा पुऱ्याएको छ । बेरोजगारीको पीडाबाट पर्न सक्ने मानसिक तनावबाट मुक्ति प्राप्त भए वैदेशिक रोजगारीले केही राहत दिएको मान्नुपर्छ। तर, यसमा धेरै विकृति-विसंतिहरू पनि छन्। वैदेशिक रोजगारीमा गएका धेरै नेपालीले अत्यन्त शोषण तथा अमानवीय व्यवहार सहनुपरेको छ।
एकातिर उनीहरूले विदेशमा गएर जटिल काम गर्नुपरेको

छ भने अर्कातिर भनेअनुसारको काम र पारिश्रमिक पाएका छैनन्। धेरैले घातक रोग र अपांगताको सिकार हुनुपरेको छ र कतिपयले ज्यानैसमेत गुमाउनुपरेको छ। वैदेशिक रोजगारीका लागि बिरानो मुलुक पुगेका कतिपयको न सास न लास, केही जानकारी छैन। विदेशमा जाने नेपाली युवाले यस्ता समस्या वर्षौंदेखि सामना गरिरहेका छन्। यही तीतो यथार्थका कारण वैदेशिक रोजगारीको अर्को पाटोनिकै कहालीलाग्दो छ।

युवा परिषद्को प्रतिवेदन हेर्ने हो भने वैदेशिक रोजगारीमा जाने युवामध्ये २ प्रतिशत मात्र दक्ष छन्। अर्धदक्ष युवा २४ प्रतिशत र अदक्ष ७४ प्रतिशत हुन्छन्। हालसम्म पनि विदेशमा चाहिने जनशक्तिअनुरूप दक्ष कामदारको उत्पादनतर्फ सम्बन्धित पक्षको यथोचित ध्यान जान सकेको छैन। यस सम्बन्धमा यहाँ स्थापना गरिएका केही संस्थाले थोरबहुत प्राविधिक तालिम नदिएका होइनन् तर विदेशमा चाहिने जनशक्ति भने अझैसम्म पनि आवश्यकताअनुरूप तयार गर्न सकेका छैनन्।

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरू

नेपालले जापान, इजरायल, संयुक्त अरब इमिरेट्स, बहराइन, जोर्डन र कतार गरी सातवटा मुलुकसँग मात्र श्रमसम्झौता गरेको भए पनि कामको खोजीमा डेढ सयभन्दा बढी देशमा नेपाली युवा पुगेका छन्। उनीहरूले आफ्नो पसिनाको कमाइ नेपाल पठाएकाले यहाँको अर्थतन्त्र पनि चलायमान भएको छ। पछिल्लो १५ वर्षमा वैदेशिक रोजगारीमा जानेहरूबाट ९६.८६ खर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको छ। वैदेशिक रोजगार विभागका अनुसार यो रेमिट्यान्स वैधानिक बाटोबाट नेपाल भित्रिएको मात्र हो।

## कहिले कति भित्रियो

### आर्थिक वर्ष

| | |
|---|---|
| २०६५/६६ | २ खर्ब ९ अर्ब ७ करोड रुपैयाँ |
| २०६६/६७ | २ खर्ब ३१ करोड ७ करोड रुपैयाँ |
| २०६७/६८ | २ खर्ब ५३ अर्ब ६ करोड रुपैयाँ |
| २०६८/६९ | ३ खर्ब ५९ अर्ब ६ करोड रुपैयाँ |
| २०६९/७० | ४ खर्ब ३४ अर्ब ६ करोड रुपैयाँ |
| २०७०/७१ | ५ खर्ब ४३ अर्ब रुपैयाँ |
| २०७१/७२३ | ६ खर्ब १७ अर्ब रुपैयाँ |
| २०७२/७३ | ६ खर्ब ६५ अर्ब रुपैयाँ |
| २०७३/७४ | ६ खर्ब ९५ अर्ब रुपैयाँ |
| २०७४/७५ | ७ खर्ब ५५ अर्ब रुपैयाँ |
| २०७५/७६ | ८ खर्ब ७९ अर्ब ३ करोड रुपैयाँ |
| २०७६/७७ | ८ खर्ब ७५ अर्ब रुपैयाँ, |
| २०७७/७८ | ९ खर्ब ६१ अर्ब १ करोड रुपैयाँ |
| २०७८/७९ | ९ खर्ब ८६ अर्ब रुपैयाँ |
| २०७९ /८० | १२ खर्ब २० अर्ब ५६ करोड |

## नेपालीका प्रमुख गन्तव्य

बीबीसीले गरेको एक अध्ययनले अनुसार वैदेशिक रोजगारीका लागि नेपालीहरू सबैभन्दा धेरै खाडीमुलुक जाने गरेको देखाएको छ। वैदेशिक रोजगार कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्षमा म्यानपावार कम्पनीमार्फत नेपालीहरू सबैभन्दा बढी साउदी अरब गएको पाइएको छ। सन् २०२१ को जुलाई १६ देखि सन् २०२२ को जुलाई ५ सम्म १ लाख २३ हजार ६ सय ५८ जना कामका लागि साउदी अरब गएका छन्। साउदी अरबपछि कतारमा ७१ हजार २ सय ८० जना, यूएईमा ४३ हजार ६ सय ८० जना, कुवेत २० हजार ८ सय ७८ र मलेसिया १९ हजार ६ सय ३५ जना गएको तथ्यांक छ। त्यसपछि म्यानपावर कम्पनीमार्फत् धेरै नेपाली कामदार जाने देशमा बहराइन, रोमानिया, साइप्रस, ओमान र क्रोएसिया छन्।

गत आर्थिक वर्षमा व्यक्तिगत पहलमा नेपालीहरू गएका देशको सूचीमा क्रोएसिया पहिलो स्थानमा देखिन्छ। त्यहाँ ३ हजार ५ सय ५२ जना गएको तथ्यांक छ भने त्यसपछि कतार, यूएई, माल्दिभ्स, यूके, जापान र पोल्यान्डलगायत देश छन्।

## दोहोऱ्याएर कुन देश धेरै ?

वैदेशिक रोजगारीबाट फर्केर फेरि नेपालीहरू जाने देशको सूचीमा कतार पहिलो नम्बरमा देखिएको छ। गत आर्थिक वर्षमा म्यानपावर कम्पनीमार्फत १ लाख ५८ हजार ८ सय ८ जना नेपाली पुनः कतार गएको विभागको तथ्यांक छ। त्यसपछि ६७ हजार ३ सय ३३ जना यूएई र ६२ हजार ५२ जना साउदी अरब पुनः कामका लागि गएको पाइएको छ। नेपाली कामदारहरू फर्केर पुनः गएका देशको सूचीमा जापान र माल्दिभ्स पनि छन्।

### कुन काममा बढी ?

गत आर्थिक वर्षको तथ्यांकअनुसार सबैभन्दा धेरै नेपाली मजदुरका रूपमा गएको देखिन्छ। त्यसैगरी कारखानाका कामदार, सरसफाइ गर्ने कामदार, घरेलु कामदार निर्माण क्षेत्रका कामदार र सुरक्षागार्डका रूपमा पनि धेरै नेपाली विदेश जाने गरेका छन् । म्यानपावरमार्फत नभई व्यक्तिगत प्रयासमा विदेश जानेमा वेटर, भान्से र परामर्शदाता लगायतका रूपमा पनि जाने गरेको तथ्यांकले देखाउँछ। यद्यपि त्यो संख्या विदेश जाने अदक्ष नेपाली कामदारको तुलनामा न्यून रहेको पाइएको छ।

### सरकारबाट भएका नीतिगत सुधार

वैदेशिक रोजगार सञ्चालनको प्रबन्ध

सरकारले नेपाली श्रमिक आप्रवासीहरूका अधिकारको व्यवस्थापन र संरक्षण गर्न निरन्तर प्रयास गरेको छ । कानुनी, रणनीतिमूलक र संरचनागत विकासमा विगत दुई दशकको अवधिमा वैदेशिक रोजगारी एवं श्रमिक आप्रवासनका कारण देशको अर्थतन्त्रमा द्रुत गतिले वृद्धि पनि भएको छ।

वैदेशिक रोजगारीलाई नियमन गर्ने सरकारको पहिलो प्रयास सन् १९८५ मा वैदेशिक रोजगार ऐन, २०६४ जारी भएदेखि सुरु भएको हो। यसले भारत बाहेकका अन्य देश जाने आप्रवासी कामदारलाई नियमन गर्ने लक्ष्य राख्यो । सन् १९८१ र १९९१ को जनगणनाअनुसार क्रमशः ७ र १० प्रतिशत जनसङ्ख्या देशमा अनुपस्थित देखियो । जनगणनाको तथ्यांकअनुसार भारतबाहेक अन्य मुलुक जाने आप्रवासीहरूको अनुपात वैदेशिक रोजगार ऐन तर्जुमा भएपछिको पहिलो दशकमा वृद्धि भए तापनि थोरै आप्रवासीले मात्र सरकारले सुझाए अनुसारको प्रक्रिया र संयन्त्रहरूको अवलम्बन गरेको पाइयो।

तत्कालीन श्रम तथा रोजगार प्रवर्द्धन विभागको सबभन्दा पहिलो अभिलेखअनुसार सन् १९९३/९४ मा ३ हजार ६०५ जना नेपाली आप्रवासीले मात्र वैदेशिक रोजगारीका लागि नेपाल छाडेको देखिन्छ । त्यो सङ्ख्या सन् १९९९/२००० मा वृद्धि भएर २७ हजार ७ सय ९६ पुग्यो। अझै पनि यो सङ्ख्या जनगणनाले इंगित गरेको संख्याभन्दा उल्लेखनीय रूपमा कम थियो । वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक आप्रवासीको संख्यामा वृद्धि भइरहेको अवस्था र त्यसबखत औपचारिक प्रणालीको अभावलाई मध्यनजर गर्दै सरकारले सन् १९९८ मा वैदेशिक रोजगार ऐनलाई (दोस्रोपटक) संशोधन गरी त्यसपछि ऐनका प्रावधानहरूलाई कार्यान्वयन गर्ने उद्देश्यले सन् १९९९ मा वैदेशिक रोजगार नियमावली जारी गऱ्यो । यी संशोधनहरूमार्फत सरकारको निरीक्षणमुखी कार्यलाई सुदृढ गर्नुका साथै व्यक्तिगत प्रबन्धमा वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकलाई समेत समावेश गऱ्यो।

सन् १९९९ मा जारी गरिएको राष्ट्रिय श्रम नीतिले आप्रवासी कामदारहरूका अधिकारको संरक्षण र सुरक्षासहितको वैदेशिक रोजगारीलाई सहजता प्रदान गर्ने उद्देश्यले उपयुक्त संयन्त्र र संरचनाहरूको विकास गर्न मार्गदर्शन गरेको छ। विगतमा आप्रवासी कामदारहरूको संख्यामा सामान्य वृद्धि भए तापनि सन् १९९९/२००० को २७ हजार ७९६ बाट सन् २००१/०२ मा १ लाख ४ हजार ७३६ पुग्यो । यसरी वैदेशिक रोजगारीका लागि जारी गरिएको श्रम स्वीकृतिमा भएको तीव्र वृद्धिमा यस्ता प्रयासहरूको सकारात्मक संकेत थियो।

त्यसैगरी, सरकारले वैदेशिक श्रम आप्रवासन नियमावलीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप गर्नुका साथै भर्ती र रोजगारीका बखत हुने गरेका शोषणयुक्त अभ्यासहरूसँग सम्बन्धित सवालहरूको पहिचान गर्नका लागि अन्तर्राष्ट्रिय एजेन्सीहरूसँग सहकार्य गरेको छ।
नेपाल कोलम्बो प्रक्रिया (२००३) र अबुधाबी वार्ता ( २००८) जस्ता वैदेशिक रोजगार तथा करारयुक्त श्रमिकको व्यवस्थापन एवं आप्रवासी कामदारहरूका अधिकारहरूको संरक्षणसम्बन्धी क्षेत्रीय परामर्श मञ्चहरूको सदस्य हो । नेपाल सरकारले बलजफ्ती श्रमिक बनाउनेविरुद्धका महासन्धिहरू, १९३० (नं. २९) र बलजफ्ती श्रमिक उन्मूलन महासन्धि, १९५७ (नं. १०५)२० जस्ता महासन्धिहरू लगायतका आठवटा आधारभूत महासन्धिहरूमध्ये रोजगारीका लागि आप्रवासन (पुनरावलोकन) महासन्धि, १९४९ (नं. ९७), सातवटा महासन्धिहरूसहित ११ वटा आईएलओ महासन्धिहरू अनुमोदन गरेको छ।
सरकारले अनुमोदन नगरेका आप्रवासी कामदारसम्बन्धी (

पूरक प्रावधानहरू) महासन्धि, १९७५ (नं. १४३) तथा तिनीहरूका सम्बन्धित सिफारिसहहरू (नं. ८६ र नं. १५१) जस्ता महासन्धि र सिफारिसहरूका बारेमा नियमित रूपमा प्रतिवेदन पठाउने गरेको छ। सरकारले सम्बन्धित कानुन र नीतिहरूलाई यी महासन्धि र सिफारिसहरू अनुरूप पुनरावलोकन गरेको छ । परिणाम स्वरूप, वैदेशिक रोजगार मर्यादित, सुरक्षित, व्यवस्थित र भरपर्दो हुने अपेक्षा गरिएको छ।

वैदेशिक रोजगार ऐन जारी भएको दुई दशकपछि सरकारको भूमिका वैदेशिक रोजगारसम्बन्धी सेवा उपलब्ध गराउने निजी एजेन्सीहरू र व्यक्तिहरूलाई नियमन गर्ने, विदेशमा सुरक्षित र मर्यादित कामको प्रवर्द्धन गर्ने र जान लागेका आप्रवासीहरू र तिनीहरूको गन्तव्यहरूको संख्यामा नियन्त्रण गर्नुभन्दा पनि आप्रवासी श्रमिकहरूको अधिकार र कल्याणतर्फ बढी झुकाव रहेको देखिन्छ । वैदेशिक रोजगारीका लागि आप्रवासी कामदारहरूको संख्यामा वृद्धि हुँदै जाँदा सरकारले आप्रवासी कामदारहरूको सुरक्षाको मागलगायत नयाँ कानुनी र प्रशासनिक चुनौतीहरूको सामना गर्नुपऱ्यो । यसैगरी, सरकारले श्रमिक आप्रवासनबाट नेपालमा हुने सामाजिक-आर्थिक प्रभावलाई समेत ध्यान दिनुपरेको थियो । तसर्थ, परिवर्तित आवश्यकताहरूलाई सम्बोधन गर्न सन् २००७ मा एउटा नयाँ ऐनको तर्जुमा गरिएको थियो।

- प्रचलित कानुनहरू, नीति र संस्थागत संयन्त्रहरू

वैदेशिक रोजगार ऐन, २०६४ र यससँग सम्बन्धित नियमहरूले नेपालबाट वैदेशिक रोजगारीका लागि आप्रवासनसँग सम्बन्धित सबै विषयलाई समेट्द छन् । कानुन र सम्बद्ध नियमहरूले विदेशमा रहेका आप्रवासीहरूको सुरक्षा र कल्याणलाई उनीहरूका अधिकारहरूको संरक्षण गर्ने र आप्रवासन प्रक्रियालाई सहजता प्रदान गर्ने खालका काम कारबाहीलाई नियमित एवं अनुगमन गर्ने प्रावधानको माध्यमद्वारा प्रवर्द्धन गर्ने गर्दछ। यी प्रावधानहरूमा वैदेशिक रोजगार कल्याणकारी कोषको सिर्जना, बीमा, पूर्वप्रस्थान तालिम तथा अभिमुखीकरण, आप्रवासी कामदार र उनीहरूका परिवारहरूलाई क्षतिपूर्ति, आप्रवासी कामदारहरूको उद्धार र उनीहरूको फिर्ती पर्दछन्।

यसका अतिरिक्त, अनुगमन संयन्त्रहरूसम्बन्धी प्रावधान पनि निर्दिष्ट गर्दछन् । जस्तै, अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्क, उजुरी दर्ता गर्ने, अनुसन्धान गर्ने र निर्णय गर्ने तथा मुद्दाको किनारा लगाउने र दोषीमाथि सजाय गर्ने न्यायाधीकरणको व्यवस्था आदि । यी प्रावधानहरू ऐन जारी गरिएपछि स्थापित वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड र वैदेशिक रोजगार न्यायाधिकरणजस्ता विभिन्न संस्थागत संयन्त्रहरूमार्फत कार्यान्वयन गरिएका छन् । श्रम सहचारीहरू श्रम आप्रवासीहरूको उजुरीहरू र पीडाको क्षतिपूर्तिका लागि सहजीकरण गर्ने भूमिकाका लागि गन्तव्य मुलुकहरूमा नेपाली दूतावासहरूमा कर्मचारीबाटै नियुक्त गरिएको छ। आप्रवासी कामदारहरूको कल्याण कोषको सिर्जना वैदेशिक रोजगार प्रवर्द्धन बोर्डअन्तर्गत गरिएको थियो भने काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्कको स्थापना गरिएको थियो।
विदेशमा श्रम आप्रवासनको बढ्दो चुनौती र गतिशीलतालाई मध्यनजर गर्दै सन् २०११ मा वैदेशिक रोजगार नियमावली, २०६४ मा आवश्यक परिमार्जन गरिएको थियो र यो ऐन हाल पुनरावलोकनको चरणमा छ । यो प्रक्रिया सम्पन्न भइसकेपछि श्रम आप्रवासन सुरक्षित, अझ राम्रो र सम्मान जनक हुने अपेक्षा गरिएको छ।

- **नीति**

एउटा वैदेशिक रोजगार नीतिको सन् २०१२ मा घोषणा गरिएको थियो । यो वैदेशिक श्रम तथा रोजगारको बढ्दो प्रवृत्तिहरूको सामाजिक-आर्थिक आयतनलाई सम्बोधन गर्ने गरी लक्षित सरकारको पहिलो नीति हो । यस नीतिले रोजगारीका लागि आप्रवासन प्रक्रियाको व्यवस्थापनमा हुने गरेका अनियमितताहरू र सुशासनको अभावलाई प्रमुख समस्याका रूपमा पहिचान गरेको छ। यसले यथेष्ठ जानकारी प्राप्त नगरेका र पूर्वतयारी बेगर गएका आप्रवासी कामदारहरू शोषण तथा संकटोन्मुख स्थितिहरूको ठूलो जोखिममा रहेको कुरा पनि पहिचान गरेको छ । यसले महिला श्रमिक आप्रवासीहरूको बढ्दो प्रवृत्तिलाई स्वीकार गर्नुका साथै उनीहरूले आप्रवासन प्रक्रियाको क्रममा सामना गर्नुपर्ने समस्याहरूलाई पनि पहिचान गरेको छ । यसका अतिरिक्त, यसले नेपालमा

रहेका उनीहरूका परिवारका सवालहरूलाई मध्यनजर गर्दै फिर्ती हुने आप्रवासीहरूका लागि पुन:एकीकरण प्रक्रियाका लागि रणनीति तय गर्नुपर्ने आवश्यकता औंल्याएको छ।
यस नीतिले "वैदेशिक रोजगारीको आर्थिक र गैरआर्थिक लाभहरूमार्फत दीर्घकालीन आर्थिक तथा सामाजिक विकाससहितको गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउनका लागि सुरक्षित, संगठित, सम्मानजनक र भरपर्दो वैदेशिक रोजगार सुनिश्चित गर्ने" लक्ष्य तय गरी निम्न सातवटा 'नीतिगत आधारहरू' निर्दिष्ट गरेको छ-

- अन्तर्राष्ट्रिय बजारमा रोजगारीका अवसरहरूको पहिचान तथा प्रवर्द्धन गर्ने।
- वैदेशिक रोजगारीबाट अधिकतम लाभ लिनका लागि प्रतिस्पर्धात्मक क्षमताको सीपयुक्त मानव स्रोतको विकास गर्ने।
- वैदेशिक रोजगार प्रक्रियाको प्रत्येक चरण सरल, पारदर्शी, व्यवस्थित र सुरक्षित बनाउने
- महिला आप्रवासी कामदारका सरोकारहरूलाई सम्बोधन गर्ने र समग्र आप्रवासनको चक्रमा उनीहरूका अधिकारहरू सुनिश्चित गर्ने।
- वैदेशिक रोजगारी व्यवस्थापनमा सुशासन सुनिश्चित गर्ने।
- वैदेशिक रोजगारीको व्यवस्थापन गर्नका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोतसाधनहरूको प्रबन्ध मिलाउने र क्षेत्रगत साझेदारी वृद्धि गरी सहयोगात्मक प्रयासहरूको प्रवर्द्धन गर्ने।
- आप्रवासी कामदारहरूले आर्जन गरेको विप्रेषण सम्भव भएसम्म उनीहरूको आफ्नै "मानव विकासका लागि" उपयोग गर्न सहयोग गर्ने।

सरकारले वैदेशिक रोजगार व्यवसायलाई नियमन गर्नका लागि केही निर्देशिका र कार्यविधि प्रयोग गरेको छ-
वैदेशिक रोजगारका लागि घरेलु कामदारहरू पठाउने विषयसँग सम्बन्धित निर्देशिका, २०७२, अभिमुखीकरण तालिम, संस्था दर्ता र नवीकरणसम्बन्धी पुस्तिका, २०७१, व्यक्तिगत श्रम स्वीकृति प्रक्रियासम्बन्धी निर्देशिका, २०७०, सीपयुक्त तालिम भएका मानव स्रोतहरूका लागि उद्देश्यमूलक सहायता विस्तारपुस्तिका, २०७१ र वैदेशिक रोजगारीमा जाने कामदारहरूका लागि स्वास्थ्य परीक्षण गर्ने संस्थाको सूचीकृत प्रक्रियासम्बन्धी मापदण्ड, २०७०।

## संस्थागत संयन्त्रहरू र तिनीहरूका उपलब्धिहरू

- श्रम तथा रोजगार मन्त्रालय

श्रम तथा रोजगार मन्त्रालयले नेपाल सरकारको नियमावली, २०१२ (कार्य विभाजन) अनुसार श्रम तथा रोजगारसँग सम्बन्धित नीति, योजना र कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्नका लागि अग्रणी भूमिका निर्वाह गर्दछ। मन्त्रालयभित्र, वैदेशिक रोजगारसँग सम्बन्धित सबै कामहरू वैदेशिक रोजगार तथा अन्तर्राष्ट्रिय श्रम सम्बन्ध महाशाखाद्वारा सञ्चालन गरिन्छ । आफ्नो भौगोलिक इलाका बाहिर कार्यक्षेत्रको विस्तार गर्ने तथा विदेशमा आफ्ना नागरिकहरूको सुरक्षा बढाउने प्रयासमा सरकारले निम्न मुलुकहरूसँग द्विपक्षीय सम्झौता वा सम्झौतापत्रमा हस्ताक्षर गऱ्यो।

कतार (सन् २००५), युनाइटेड अरब इमिरेट्स् (सन् २००७), गणतन्त्र कोरिया (सन् २००७), बहरेन (सन् २००८), जापान (सन् २००९) र इजरायल (सन् २०१५)। यी द्विपक्षीय सम्झौताहरू यिनीहरूको निर्दिष्ट पक्षमा भिन्न भए तापनि सबै श्रमिक पठाउने र प्राप्त गर्ने प्रतिबद्धतामा आधारित छन् र तिनीहरूमा निम्न कुराहरू समेटिएका छन्:

- प्रस्थानपूर्व नेपालका जिम्मेवारीहरू र कामदारहरूको भर्ती प्रक्रियाहरू,
- कामदारहरूको यात्रासँग सम्बन्धित एवं भर्ती शुल्कको भुक्तानीका प्रावधानहरू,
- करारनामामा हुने विषयवस्तु र यसको ढाँचासम्बन्धी प्रावधानहरू,
- विवाद निरुपणका विधिहरू र सम्झौताको

अनुगमनसम्बन्धी कार्यढाँचा,

- सम्झौताको वैधता र आपसी सहमतिमा विस्तार वा खारेजसम्बन्धी सर्तहरू।

नयाँ कानुनहरू प्रस्ताव नभएको अवस्थामा मन्त्रालयले कानुनमा आवश्यक परिमार्जन गरी लागू गर्ने गर्दछ । वैदेशिक रोजगार ऐन, २००७ जारी भएदेखि यता मन्त्रालयले सन् २०११ मा जारी गरेका नियमहरू परिमार्जन गऱ्यो र सन् २००८ मा प्राविधिक इन्टर्नहरू जापान पठाउने व्यवस्थापनसम्बन्धी निर्देशिका, सन् २०१२ मा व्यक्तिगत प्रक्रियामार्फत श्रम स्वीकृति प्राप्त गर्ने निर्देशिका र सन् २०१५ मा वैदेशिक रोजगारका लागि घरेलु कामदारहरू पठाउने व्यवस्थापनसम्बन्धी निर्देशिका जारी गऱ्यो । मन्त्रालयले हाल वैदेशिक रोजगार ऐनमा आवश्यक परिमार्जन गर्न पुनरावलोकन गरिरहेको छ।
मन्त्रालयले सन् २०१५ देखि २०२० को अवधिका लागि एउटा विस्तृत पाँच वर्षे राष्ट्रिय रणनीतिमूलक कार्ययोजना जारी गऱ्यो र यसलाई मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गऱ्यो । यस रणनीतिमूलक कार्ययोजनाले वैदेशिक रोजगार नीतिका उद्देश्य, लक्ष्य र सातवटा नीतिगत आधारहरूलाई सुरक्षित, व्यवस्थित र सम्मानजनक वैदेशिक रोजगारीका अवसरहरूको सिर्जना गरी कार्यान्वयन गर्ने लक्ष्य राखेको छ।

## वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको स्थापना वैदेशिक रोजगार ऐनको दफा ३८ बमोजिम भएको थियो र यसको अध्यक्षता श्रम तथा रोजगार मन्त्रीद्वारा गरिन्छ । यसको प्रमुख उद्देश्य वैदेशिक रोजगारीका लागि प्रवर्द्धनात्मक क्रियाकलाप गर्नु र निम्न कार्यहरू मार्फत आप्रवासी कामदारको सामाजिक सुरक्षा र कल्याण सुनिश्चित गर्नु हो।

- नयाँ अन्तर्राष्ट्रिय श्रम बजारको खोजीका लागि अध्ययन गर्ने, गराउने,
- वैदेशिक रोजगार प्रवर्द्धनका लागि सूचना संकलन, प्रशोधन र प्रकाशन गर्ने,
- वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्थापन गर्ने,
- प्रस्थानपूर्वको अभिमुखीकरण, सीप तालिम सञ्चालन गर्नुका साथै प्रत्येक कामदारलाई आकस्मिक सम्पर्क विवरण उपलब्ध गराउने, जसले विदेशमा काम गर्दा उनीहरूको अझ राम्रो सुरक्षा हुने गर्दछ,
- विदेशबाट फर्की आएका कामदारको सीप, पुँजी र निजले सिकेको प्रविधि उपयोग गरी राष्ट्रहितमा लगाउने खालका कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने,
- आप्रवासी कामदारहरूलाई प्रस्थानपूर्व वैदेशिक रोजगार अभिमुखीकरण तालिम दिने संस्था दर्ता गर्न योग्यता तोक्नुका साथै तालिमको पाठ्यक्रम तर्जुमा र स्वीकृत गर्ने,
- वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन आवश्यक पर्ने अल्पकालीन र दीर्घकालीन नीति तर्जुमा गर्ने,
- वैदेशिक रोजगार ऐन कार्यान्वयन सम्बन्धमा समष्टिगत रूपमा अध्ययन गरी नेपाल सरकारलाई सुझाव दिने,
- सेवा शुल्क तथा प्रवर्द्धन खर्च निर्धारण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सल्लाह दिने । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्थापन गर्नुका साथै विभिन्न क्रियाकलापहरूको सुपरिवेक्षण गर्दछ।

## वैदेशिक रोजगार विभाग

पहिलेको श्रम तथा रोजगार प्रवर्द्धन विभागलाई पुनर्गठन गरी हालको वैदेशिक रोजगार विभाग तथा श्रम विभागको स्थापना गरिएको हो । वैदेशिक रोजगार विभागका उद्देश्यहरू रोजगारदाता एजेन्सीहरूको सञ्चालन र सेवाहरूसँग सम्बन्धित कारोबारहरू स्वच्छ र उपयुक्त हुने कुरा सुनिश्चित गर्नेलगायत सुरक्षित र मर्यादित वैदेशिक रोजगारीको प्रवर्द्धनको सेरोफेरोमा रहेका छन् । यस विभागले देहायका कार्यहरू गर्दछ :

- वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्रदान, नवीकरण, खारेज गर्ने लगायतका सो व्यवसायसम्बन्धी कारोबारहरूलाई नियमन गर्दछ,
- एजेन्सी वा एजेन्टहरूविरुद्ध कामदारले दिएका उजुरीहरूको अनुसन्धान गर्दछ र अनुसन्धानबाट प्रमाणित भएमा कारबाहीको प्रक्रिया अघि बढाउँछ,
- कामसँग सम्बन्धित विज्ञापनहरू आधिकारिक र उपयुक्त हुन् भन्ने कुराको रूजु गरेर वैदेशिक रोजगारसँग सम्बन्धित ठगीलाई नियन्त्रण गर्दछ,
- कामसँग सम्बन्धित सूचनाहरू, करारनामा र नियुक्ति पत्रहरूको संपरीक्षण गरी आप्रवासी अधिकारहरूको संरक्षण गर्दछ,
- विदेश जाने आप्रवासीहरूका लागि जारी गरेका अनुमतिमार्फत वैदेशिक रोजगारका लागि "श्रम स्वीकृति" (स्टिकर सहितको) प्रदान गर्दछ।

विदेशमा उपलब्ध हुने सूचना रोजगारीसँग सम्बन्धित सूचना रोजगारदाता एजेन्सीहरूमार्फत सूचना विभागलाई उपलब्ध गराइन्छ। त्यसपछि, विभागले करारमा उल्लेख भएका सेवा र सर्तहरू कानुनको दायराभित्र भएको सुनिश्चित गरेपछि कामको सूची तयार गर्न "स्वीकृतिको सूचना" जारी गर्दछ । कुनै पनि काममा एकपटक आप्रवासी कामदारको नियुक्ति भएपछि र करारमा हस्ताक्षर गरेपछि यसमा संलग्न एजेन्सीले सम्बन्धित आप्रवासीको विवरण विदेश जानका लागि श्रम स्वीकृतिका लागि निवेदनमार्फत विभागमा दर्ता गराउँछ । यस बिन्दुमा, रोजगारदाता एजेन्सीले गन्तव्य मुलुकको रोजगारदाताले प्रदान गरेको "नियुक्तिपत्र" विभागमा उपलब्ध गराउँछ, जसमा कामसँग सम्बन्धित सेवा र सर्तहरू उल्लेख गरिएका हुन्छन्।

कामदारको राहदानीमा टाँसेको स्टिकर नै श्रम स्वीकृति हो। वैदेशिक रोजगार विभागले श्रम स्वीकृतिका लागि दिएका निवेदन, स्वीकृतिका साथै वैदेशिक रोजगारसम्बन्धी दर्ता गरिएका उजुरी र फर्स्योटको आधारमा डेटाबेस राख्ने गर्दछ । वैदेशिक रोजगार विभागको उजुरी दर्ता तथा अनुसन्धान शाखाले दर्ता भएका सबै उजुरीको अनुसन्धान गर्दछ। वैदेशिक रोजगार ऐनको खण्ड ४३-५९ अन्तर्गत यस विभागलाई कुनै अपराध भएको खण्डमा निर्णय गर्ने कार्य क्षेत्राधिकार रहेको छ र खण्ड ४८-५५ अन्तर्गत यसले दण्ड सजाय तोक्न सक्छ । विभागको क्षेत्राधिकारभन्दा बाहिरका मुद्दाहरू वैदेशिक रोजगार न्यायाधिकरणमा पठाइन्छन् । उदाहरणका लागि, व्यक्तिगत रूपमा श्रम स्वीकृति प्राप्त गर्ने कामदारहरूले दर्ता गरेको मुद्दा नहेरिकन सोझै न्यायाधिकरणसमक्ष पठाइदिन्छ।

## गैरआवासीय नेपालीसंघको भूमिका र भएका सुधारहरू
## आदर्श वाक्य : नेपालीका लागि नेपाली

गैरआवासीय नेपाली संघको स्थापना सन् २००३ अक्टोबर ११ मा डायस्पोरालाई एउटै छातामुनि एकताबद्ध गर्ने उद्देश्यले भएको हो। आफ्नो अस्तित्वको २० वर्ष पूरा गर्ने क्रममा यो संस्था एक गैरसरकारी विश्वव्यापी संगठनका रूपमा विकास भएको छ। नेपाली समाजको रूपान्तरणका लागि हाम्रो ऊर्जा र स्रोतलाई व्यवस्थित गर्ने प्रतिबद्धताले बलियो बनाएको छ। विदेशी नागरिकता भएका आफ्ना नागरिक वा आफ्नो मूलका मानिसहरूको हितको प्रवर्द्धन, प्रतिनिधित्व र सुरक्षा गर्नु प्रत्येक राष्ट्रको कर्तव्य र दायित्व हो र यो अन्ततः राष्ट्रको हितमा हुन्छ।

यसमा संघको उद्देश्यमा अगाडि बढेको देखिन्छ। यी सबै कुरालाई ध्यानमा राख्दै नेपाल सरकारले गैरआवासीय नेपाली ऐन, २०६४ जारी गरी प्रवासी नेपालीलाई कानुनी दर्जा दिएको छ । व्यावहारिक प्रयोजनका लागि दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सदस्य राष्ट्रहरूभन्दा बाहिर बस्ने नेपाली मूलको विदेशी नागरिक वा विदेशमा बस्ने नेपाली नागरिकलाई गैरआवासीय नेपाली भनेर ऐनले परिभाषित गरेको छ।

## रणनीतिक नीति तथा लक्ष्य :

एनआरएनएको रणनीतिक लक्ष्य विश्वभर बसोबास गर्ने नेपालीलाई एकताबद्ध गरी एउटै छातामुनि ल्याउनु हो र सोहीअनुसार यसले विभिन्न कार्यहरूसमेत गर्दै आएको छ। नेपालभित्र र बाहिर रहेका उनीहरूको हितको संरक्षण र

प्रवर्द्धन गर्ने र उनीहरूको सम्भाव्यता र स्रोतसाधन नेपालको हितमा उपयोग गर्ने यस संस्थाको उद्देश्य हो र यहीअनुरूप यसले नीति बनाएर अगाडि बढेको देखिन्छ। यी उद्देश्यहरू प्राप्त गर्न संघले निम्न क्रियाकलापहरू सञ्चालन गरिरहेको छ :

- नेपाल बाहिर बसोबास गर्ने नेपालीको अधिकार र हितको प्रवर्द्धन र संरक्षण।
- नेपालीहरूका लागि विश्वव्यापी सञ्जाल र साझा मञ्च स्थापना।
- नेपालको आर्थिक तथा सामाजिक विकासका लागि प्रत्यक्ष वैदेशिक लगानीसहित एनआरएनको लगानी आकर्षित र सहजीकरण।
- पर्यटन प्रवर्द्धन गरी विश्वभर नेपाली संस्कृति र सम्पदाको संरक्षण।
- नेपालको सामाजिक र आर्थिक विकासका लागि गैरआवासीय नेपालीहरूको उपयोगमा रहेको ज्ञान, सीप, पुँजी र अन्य स्रोतहरू परिचालन।

**रणनीतिक उद्देश्यहरूः**

- नेपाली नागरिकतालाई निरन्तरता।
- नेपाली आप्रवासी कामदारको न्यायोचित अधिकारको प्रवर्द्धन र समर्थन गर्ने।
- नेपालको ठूलो समुदायको सर्वोत्कृष्ट हितका लागि दिगो सामाजिक प्रभाव गतिविधिहरूलाई प्रवर्द्धन।
- राष्ट्रिय समन्वय समितिहरूको बलियो सञ्जाल विकास।
- युवा डायस्पोराको जडान र नेटवर्क विकास।
- नेपालमा राष्ट्रिय हित र सामाजिक लाभ दिने लगानीको पहिचान र प्रवर्द्धन।
- नेपालमा लगानी प्रवर्द्धन र परिचालन।
- लगानी मैत्री नीतिहरूका लागि सरकारसँग पैरवी ।
- एनआरएनए सञ्जालमार्फत् नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन।
- पर्यटन क्षेत्रमा सुशासन र दिगोपन निर्माण गर्न सरकारसँग समन्वय र वकालत ।
- दिगो पर्यटन विकासका लागि एनआरएन र विदेशी लगानी प्रवर्द्धन।
- एनआरएनए, सीप, ज्ञान, नवप्रवर्तन र पुँजी पहिचान।
- नेपालभित्र र बाहिर उद्यमीहरूको सम्पर्क र सञ्जाल विकास।

**अबको बाटो र भूमिका (सरकारी तथा गैरआवासीय नेपाली संघ)**

युवा जनशक्तिलाई देश विकासमा समेट्न, युवाहरूको विकासका लागि वि.सं. २०६५ मा युवा तथा खेलकुद मन्त्रालयको स्थापना गरियो । मन्त्रालयअन्तर्गत राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय युवापरिषद् र नेपाल स्काउट छन् । देश विकासको निम्ति युवा जनशक्ति परिचालनसम्बन्धी दूरदृष्टि र लक्ष्यसहितको तत्कालीन तथा दीर्घकालीन योजना र कार्यक्रम भने उक्त मन्त्रालयमा कमी छ। युवा मन्त्रालयलाई सानो ठानेर आफ्नो असक्षमतालाई ढाकछोप गर्ने, कमजोरीबाट उम्कन खोज्ने नेतृत्वको कमजोरी मान्न सकिन्छ।

**सामाजिक सुरक्षा योजनामा गैरआवासीय नेपाली संघको पहल**

गैरआवासीय नेपाली संघको पहलमा नै सरकारले वैदेशिक रोजगारीमा गएका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा गत चैत ८ गतेदेखि समावेश गरेको छ । सामाजिक सुरक्षा कोषको तथ्याङ्कअनुसार हालसम्म ३ लाख ३१ हजारभन्दा बढी वैदेशिक रोजगारीमा गएकाहरू यो कोषमा आबद्ध भइसकेका छन्। सरकारले वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्धता गराउने

योजना कार्यान्वयनमा ल्याएपछि यो संख्यामा श्रमिक आबद्ध भएका हुन् । वैदेशिक रोजगारीमा जानुअघि तीन लाखभन्दा बढी योजनामा आबद्ध भए पनि कार्यक्षेत्रबाटै योजनामा आबद्ध हुनेको संख्या भने अत्यन्त न्यून छ। यस्तै नेपाल धितोपत्र बोर्डले वैदेशिक रोजगारीमा रहेकालाई आईपीओमा आरक्षणको व्यवस्था गरेको छ । बोर्डले वैदेशिक रोजगारीमा रहेकालाई कुनै साधारण सेयर आईपीओमा सहजै लगानी गर्न सकून् भन्ने उद्देश्यका साथ आरक्षणको व्यवस्था गरेको हो । यो व्यवस्था गर्नसमेत संघको भूमिका रहेको छ।

## संघको श्वेतपत्र

वैदेशिक रोजगारीले ल्याएको सामाजिक परिवर्तनसहित कैयौं अवसर र चुनौतीलाई समेटेर २०७८ सालमा संघले श्वेतपत्रमा जारी गरेको थियो । श्वेतपत्रमा विशेषतः नेपालको वर्तमान आप्रवासन स्थिति, गन्तव्य देशहरूमा नेपालीको अवस्था र उनीहरूले भोग्नुपरेको समस्या, नेपालमा फर्किएका नेपालीको पुनः एकीकरणको सम्भावित उपाय, सरकारबाट अपेक्षा र एनआरएनएको भूमिका लगायत बारेमा वास्तविक रूपमा चित्रण गरेको थियो । स्वेतपत्रमा मुख्यतयाः निम्न विषयहरूको उठान गरिएको थियो

सुरक्षित आप्रवासन प्रक्रिया, अवसर, जोखिम र विकल्प र यससँग सम्बन्धित आर्थिक साक्षरताबारे सचेतना सिर्जना गरी सूचित विकल्पहरूमार्फत सम्भावित आप्रवासीहरूलाई उनीहरूको आत्मनिर्णयका लागि सहयोग गर्न सूचना प्रवाह गर्न प्रभावकारी संरचना स्थापना गर्न एनआरएनएले नेपाल सरकारसँग सहकार्य गर्नुपर्छ।

गैरआवासीय नेपाली संघले वैदेशिक रोजगारीबारे सक्रिय सूचना सुनिश्चित गर्न सूचना तथा परामर्श केन्द्रहरू विस्तार गर्नुपर्छ। त्यसो गर्दा, वैदेशिक रोजगारीका फाइदा र बेफाइदाहरूबारे समुदाय स्तरमा व्यापक जनचेतना जगाउनु र शिक्षित गर्नु आवश्यक छ।

वर्तमान वैदेशिक रोजगारी, नीति, कानुन, कार्यान्वयन, व्यावसायिक शिक्षामा ठूलो लगानी, युवाका लागि अवसर सिर्जना, वैदेशिक लगानीलाई प्रोत्साहन, मूल्यमान्यता र देशभक्तिको शिक्षाबारे नागरिकलाई सचेत गराउन वकालत समूह निर्माण गर्नु अनिवार्य छ।
गैरआवासीय नेपाली संघले उत्पादनशील क्षेत्रमा रेमिट्यान्सको अधिकतम् उपयोग गर्न आप्रवासी कामदारलाई लक्षित गरी विशेष लगानी योजना पहिचान गरी कार्यान्वयन गर्नुपर्छ । यसका लागि एनआरएनए लगानी कोष उत्कृष्ट मोडल हुन सक्छ।

गैरआवासीय नेपाली संघले विदेशबाट फर्केका आप्रवासीहरूको सीपको उपयोग गरी उद्यमशीलता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । त्यसैगरी, विदेशबाट फर्केका आप्रवासी र तिनका परिवारका सदस्यहरूलाई लक्षित गरी वित्तीय साक्षरताका कार्यक्रमहरू सिफारिस गरिएको छ।

महिला आप्रवासी कामदारका सम्बन्धमा नेपाल सरकारले आफ्नो प्रतिबन्धात्मक नीतिलाई पुनरावलोकन गर्नुपर्छ। निश्चित देश र पेसामा महिला आप्रवासी कामदारमाथि लगाइएको उमेर विशेष प्रतिबन्ध मानव अधिकारको आधारभूत सिद्धान्तविपरीत हो।

बरु, महिला आप्रवासीहरूले गन्तव्य देशहरूमा पुग्न अन्य मार्गहरू र अनियमित च्यानलहरू रोजेका छन्, जसले महिला आप्रवासीहरूलाई थप जोखिममा पारेको छ। यस नीतिको फलस्वरूप, गन्तव्य देशहरूमा गैरकानुनी महिला आप्रवासीको संख्या बढेको छ। महिलाको आवत जावतमा लगाइएको प्रतिबन्ध फुकुवा गर्नुका साथै सरकारले कूटनीतिक नियोगलाई सशक्त बनाउनुपर्छ र महिला श्रम सहचारीलाई पनि खटाउनुपर्छ।

वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरूलाई सम्मानजनक जीवनको अधिकार सुनिश्चित गर्न मनोसामाजिक परामर्श सहितको पुनः एकीकरण र उद्यमशीलता विकासका लागि विशेष कार्यक्रम अति आवश्यक छ।

वैदेशिक रोजगारीबाट फर्केकाहरूलाई तालिम दिने र उद्यमशीलता, पुँजी निर्माण र लगानीको विकास गर्ने एजेन्सीहरूलाई समावेश गर्न प्रोत्साहन गर्नुपर्छ । त्यसैगरी, फर्केकाहरूको दिगो पुनर्मिलनका लागि मनोसामाजिक परामर्श केन्द्र र पुनर्स्थापना केन्द्रहरू

आवश्यक छन्।

फर्केका आप्रवासीहरूलाई साना तथा लघु उद्यमहरू एसएमईसँग जोड्नुपर्छ ताकि उनीहरू स्वदेश फर्किएपछि पुनः एकीकरण प्रक्रियामा सहजीकरण गर्न सकून् यसो गर्दा सरकार, एनआरएनए र एफएनसीसीआईले सीप, धितोरहित सहुलियत ऋण, मूल्य शृंखलाका लागि बजार पहुँचमा मिलेर काम गर्न सक्छन्।

द्रुत सेवा प्रवाह र पारदर्शिताको अभावमा नेपालको आप्रवासन शासनको आलोचना हुने गरेको छ। आप्रवासन र आप्रवासी कामदारसम्बन्धी कानुन र नीतिमा समयसापेक्ष परिवर्तन गरी यस क्षेत्रलाई कागजविहीन बनाउने कार्यशैलीमा व्यापक परिवर्तन गरिनुपर्छ । कागजविहीन र नगदरहित भर्ना प्रक्रियालाई बढावा दिएर भर्ती एजेन्टहरू र आकांक्षी आप्रवासीहरूको व्यक्तिगत भेटघाटबाट बच्ने गरी बसाइँसराइ शासनलाई आकार दिनुपर्छ। आप्रवासी नीति तर्जुमा गर्दा आप्रवासी कामदार र नागरिक समाजको संलग्नता सुनिश्चित गरिनुपर्छ।

वैदेशिक रोजगारीमा गएकालाई नेपालको सामाजिक सुरक्षा कोषमा पहुँच पुर्‍याउन, राष्ट्रिय गौरवका आयोजनाहरूमा उनीहरूको अंश सुनिश्चित गरिनुपर्ने र स्वदेश फर्केकाहरूलाई त्यस्ता आयोजनाहरूमा सीपका आधारमा रोजगारीको अवसर दिनुपर्छ । त्यो सरकार र फर्केका आप्रवासीहरू दुवैका लागि विजयी सहयोग हुनेछ। यदि यो कार्यान्वयन भयो भने, परियोजनाहरूमा पर्याप्त लगानी कोष हुनेछ र फर्केकाहरूले घरमै राम्रो काम पाउनेछन्।

एमओयूका प्रावधानहरूका अतिरिक्त आप्रवासीहरूलाई थप सामाजिक सुरक्षा योजनाहरू उपलब्ध गराउने नीति कार्यान्वयनमा सरकारले जोड दिनुपर्छ । योगदानमा आधारित सामाजिक सुरक्षा सबै आप्रवासीलाई उपलब्ध गराउनुपर्छ । र, स्वदेश फर्किएका आप्रवासीलाई पेन्सन उपलब्ध गराउन संस्थाको रूपमा सामाजिक सुरक्षा कोषले नेतृत्वदायी भूमिका खेल्नुपर्छ।

वैदेशिक रोजगारीमा जाने कामदारका लागि सामाजिक सुरक्षा व्यवस्था र पेन्सन योजनाको क्षेत्रको अनुगमन गर्न स्थायी संयन्त्र स्थापना गरिनुपर्छ । सरोकारवालाहरू सम्मिलित यस्तो संयन्त्रले लाइन एजेन्सीहरूबीच अनुगमन, मूल्यांकन र समन्वय गर्नुपर्छ।

गन्तव्य मुलुकबाट घरेलु कामदारसहित कागजातविहीन कामदार ल्याउन स्वदेशमा रहेका नेपाली कूटनीतिक नियोगले श्रम स्वीकृति जारी गर्ने र श्रम स्वीकृति नवीकरण गर्ने प्रक्रिया अघि बढाउनुपर्छ। यसले नेपाली कामदारहरूलाई सरकारको आधिकारिक तथ्यांकमा ल्याउन, राजस्व संकलन गर्न, सुशासन कायम गर्न र आप्रवासी कामदारहरूको लागत घटाउन मद्दत गर्नेछ।

वैदेशिक रोजगार न्यायाधिकरण पर्याप्त स्रोतसाधनले सुसज्जित हुनुपर्छ। आप्रवासनसम्बन्धी तालिम र क्षमता विकास कार्यक्रमहरू प्रदान गरी यसको क्षमता अभिवृद्धि आवश्यक मानिन्छ।

वैदेशिक रोजगारी क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन थप अनुसन्धान र अध्ययन आवश्यक छ। नेपाल नीति अनुसन्धान संस्थान, राष्ट्रिय योजना आयोग र विश्वविद्यालयहरूलाई नेपालको वैदेशिक बसाइँसराइबारे अनुसन्धान गर्न प्रोत्साहन गर्नुपर्छ।

नेपाल सरकारले प्रमुख गन्तव्य देशहरूसँग बीएलए र एमओयूमा हस्ताक्षर गर्नुपर्छ। आप्रवासी कामदारहरूलाई बीएलए र एमओयूमा उल्लिखित प्रावधानहरू अनुरूप पठाउनुपर्छ। बीएलए र एमओयूहरूले गन्तव्य देशहरूमा नेपाली आप्रवासी कामदारहरूको लागि दक्ष कामदार, इन्डक्सन तालिम, स्वास्थ्य बिमा र जीवन बिमाका मुद्दाहरू समावेश गर्नुपर्छ । प्रमुख गन्तव्य देशहरूसँग अन्तर्राष्ट्रिय श्रम सम्झौता, बीएलए र एमओयूहरूको अनुगमन, कार्यान्वयन र सहजीकरण गर्न संयुक्त प्राविधिक समिति गठन गर्नुपर्छ।

उद्धारको खाँचोमा परेका आप्रवासी कामदारहरूको शीघ्र, सुरक्षित र सम्मानजनक फिर्तालाई नेपाल र आयोजक राष्ट्रहरू बीचको बीएलए र समझदारीपत्रहरूमा समावेश गरिनुपर्छ । त्यस्ता आवश्यकताहरूलाई सम्बोधन गर्न विद्यमान बीएलए र एमओयूहरूलाई परिमार्जन गरिनुपर्छ।

कागजपत्रविहीन कामदारहरू गम्भीर रूपमा प्रभावित छन् र तिनीहरूमध्ये केही हिरासत र आश्रय गृहमा समेत छन्।

उनीहरूको स्वास्थ्य सेवाका लागि सरकारले स्वास्थ्यकमी पठाउनुपर्छ । र, महिला र राज्यविहीन बालबालिकालाई विशेष हेरचाह र सुरक्षा प्रदान गर्नुपर्छ।

गैरआवासीय नेपाली संघले गन्तव्य मुलुकमा रहेका कामदार र कूटनीतिक नियोगको पुलको रुपमा काम गर्दै परोपकारी कोष स्थापना, तालिम विकास केन्द्र र सीप प्रवर्द्धन तथा परीक्षण केन्द्रलगायतका परोपकारी क्षेत्रमा काम गर्नुपर्छ।

आप्रवासी कामदारको सुरक्षाका लागि सरकार र एनआरएनएले काम गर्नुपर्छ र यस क्षेत्रमा सरकार र एनआरएनएबीच समन्वय हुने सम्भावना छ । त्यसैगरी नीति तर्जुमा र कार्यक्रम कार्यान्वयनमा पनि सहकार्य अपरिहार्य छ । एनआरएनएले पुनर्मिलन राष्ट्रिय दिशानिर्देशन विकास गर्न सक्छ र यस सम्बन्धमा श्रम मन्त्रालय र वैदेशिक रोजगार बोर्डलाई सहयोग गर्न सक्छ।

एनआरएनए र एफएनसीसीआईले स्टार्टअप व्यवसायका लागि केही मोडालिटीलाई अन्तिम रूप दिन र श्रम बैंकको अवधारणा तयार गर्न मिलेर काम गर्न सक्नेछन जसले गर्दा फर्कनेहरूले नेपालमा रोजगारी पाउन सकून् र रोजगारदाताहरूले पनि झन्झटमुक्त रूपमा कामदारहरू फेला पार्न सकून्।

गैरआवासीय नेपाली र प्रवासी नेपालीको अनुभव, सीप र पुँजीलाई राष्ट्रिय विकासका लागि मूलप्रवाहमा ल्याउनु सरकारको आधारभूत काम हुनुपर्छ । क्षमता अभिवृद्धि र मानव पुँजी(व्यावसायिक तालिम) मा सरकारको लगानी आवश्यक मानिन्छ। यो एक दोहोरो जित हुनेछ कि दक्षहरू घरमै बसेर विदेश बसाइँ सर्ने विकल्प रोज्छन्।

गन्तव्य मुलुकमा रहेका नेपाली आप्रवासी कामदारको अभिलेख राख्न नेपाल सरकार र एनआरएनएले सहकार्य गर्नुपर्छ । यसले ती गैर कागजातहरूसहित आप्रवासीहरूको डाटा कायम राख्न मद्दत गर्नेछ।

मानवअधिकार, वैदेशिक रोजगारीका लागि युवाको अनुचित आह्वान, आप्रवासी कामदारको अधिकार र भर्ती कम्पनीको जिम्मेवारी, अन्तर्राष्ट्रिय श्रम कानुन र अन्य सम्बन्धित विषयमा भर्ना गर्ने कम्पनीलाई लक्षित गरी अनिवार्य तालिमको व्यवस्था गरिनुपर्छ।

आप्रवासी कामदारको उद्धारमा कूटनीतिक नियोगको अधिकार विस्तार गर्नुपर्छ। २४ घण्टे एसएमएस हटलाइन सेवा पीडित, पीडित परिवार र उद्धारकर्ताहरू बीचको सञ्चार माध्यमलाई सुदृढ गर्न स्थापना गर्न सकिन्छ।

कूटनीतिक नियोगहरूलाई पर्याप्त कोष र मानव संसाधनको साथ बलियो बनाउनुपर्छ, र आप्रवासी र बेचबिखनमा बाँचेकाहरूलाई उद्धार गर्ने अधिकार दिनुपर्छ।

नेपालको कूटनीतिक नियोग जस्तै जोर्डनको उपस्थिति नभएका गन्तव्य मुलुकहरूमा सरकारले सहयोग सम्झौताहरू गर्ने, छिमेकी राष्ट्रहरूसँग बलियो कूटनीतिक सम्बन्ध बढाउन र प्रवासी नेपालीहरूको परिचालनलाई सुदृढ गर्न पहल गर्न सक्छ।

## सरकार र संघले लिनुपर्ने पहलकदमी तथा आगामी बाटो

- युवा तथा खेलकुद मन्त्रालय र यसअन्तर्गत युवा स्वरोजगार कार्यक्रम, राष्ट्रिय विकास स्वयंसेवक सेवा, युवा तथा साना लगानी बोर्ड गठन भइसकेको अवस्थामा पनि समग्र युवाहरूको हितमा सम्बन्धित मन्त्रालय र निकायहरूका नेतृत्वकर्ताहरूको सक्रियता र पहलकदमी देखिँदैन, यसमा ध्यान दिनुपर्ने।
- परम्परागत कार्यक्रमले युवाहरूको क्षमता अभिवृद्धि हुन सकेको छैन। नीतिगत परिमार्जन, भौतिक-पूर्वाधार निर्माण, युवाहरूलाई प्रोत्साहन र व्यवस्थापनतर्फ कुनै परिणाममुखी योजना र कार्यक्रम छैन । आवश्यक योजना बनाई यथाशीघ्र अगाडि बढ्नुपर्ने।
- देश विकासका लागि अनिवार्य युवा जनशक्तिप्रतिको चिन्ता बोधभन्दा पनि आफ्ना निकटस्थ एवं प्रभाव क्षेत्रमा हुनेहरूलाई मात्र लाभको वितरण गर्ने, सेवा गर्न आएको भन्दा भ्रमण, तलब भत्ता र राजनीतिक प्रभाव विस्तारमा लाग्नु, नेतृत्वमा रहेकाहरूको व्यक्तिवादी चिन्तन, प्रवृत्ति र व्यवहारबाट देश

विकास हुने र युवा भविष्य सुनिश्चित हुने कुरा कोरा कल्पना सावित भएको छ । यसमा सरोकारवाला निकायले सजगता अपनाउनुपर्ने ।

- युवाहरूको जीवन दुःखशास्त्र र सुखशास्त्रको संयोजनको कथा र व्याथाले भरिएको छ । युवा तथा खेलकुद मन्त्रालय युवाहरूका लागि 'हात्तीको देखाउने दाँत' मात्रै सावित भएको छ । गाउँ-सहर-राजधानीसमेतका युवाहरू बाध्य भई वैदेशिक रोजगारी र अध्ययनका सिलसिलामा बिदेसिने क्रम तीव्र बनेको छ । सरकारी संयन्त्रहरूले यसलाई मध्यनजर गर्दै नीति निर्माणमा ध्यान दिनुपर्ने ।

- वैदेशिक श्रम स्वीकृति लिएर जाने, विद्यार्थी भिसामा 'नो अब्जेक्सन' पत्र लिएर विदेश जाने युवाहरू एकातिर छन् भने अर्कातिर अवैधानिक बाटो भएर, विभिन्न कार्यक्रमको बहाना गरेर कार्यक्रम लिएर विदेश गई उतै पलायन हुने क्रम पनि तीव्र छ । सबैभन्दा भयावह स्थिति युवा जनशक्ति विदेश पलायनमा देखिन्छ । युवाजनशक्ति रोक्ने नीति र योजना राज्यसँग हुनुपर्ने ।

- स्वदेशमा म्यानपावर कम्पनी, दलाल तथा एजेन्टहरूबाट ठगिनु, बेचिनु, लुटिनु र विदेशमा श्रमअनुसारको रकम नपाउनु, यौनजन्य दुर्व्यवहार एवं अपराधको शिकार हुनु, मारिनु, मृत्युपछि बाकसमा शवका रूपमा स्वदेश पठाइनुजस्ता पीडादायी अवस्था युवा जनसंख्याले बेहार्नुपरिहेको छ। विदेशमा बगाउने रगत, पसिना स्वदेशमै बगाई देश बनाउने युवाका सपना साकार पार्न सरकारले योजना ल्याउनै पर्नेछ।

- सरकार खाली 'रेमिटेन्स' मात्रै भनिरहन्छ । विदेशमा खाई-नखाई नांगो आङ र भोको पेट बसेर दुःखपूर्वक कमाई गरेको रकमलाई हुन्डी तथा मनी ट्रान्सफरमार्फत नेपालमा आफ्ना परिवार र आफन्तलाई पठाएको रकम स्वदेश आउँछ । विदेशबाट हवाई उडानमार्फत बाकसमा शव लिएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा झार्दा सरकारलाई कुनै वास्ता र संवेदना छैन । मृतकका आश्रित परिवारलाई सम्बोधनका प्रभावकारी योजना र कार्यक्रम रहेको पाइँदैन । यसतर्फ ध्यान दिनुपर्ने ।

- रेमिट्यान्सबाट प्राप्त रकम सही ढंगले सदुपयोग हुन सकेको छैन । लगानीको ग्यारेन्टी छैन । गाउँघरहरू युवाविहीन भएका छन् । बुढेसकालका बुढाबूढीहरू सहाराविहीन भएका छन् । उब्जाउ जमिन बाँझा भएका छन् । यसतर्फ सम्बन्धित निकायले अध्ययन र विश्लेषण गरी उचित निकास खोज्नुपर्ने आवश्यकता देखेको पाइँदैन ।

- युवा अभियानको नाउँमा एनजीओ र आईएनजीओहरूले डलरमा युवा सपना किनिरहेकोयथार्थ हो । श्रमिक युवाहरूलाई बौद्धिक विलासिताका कार्यक्रममा अल्मल्याएका छन् । युवाहरूलाई विकास र उद्यमशीलतातर्फ अभिमुख गराई उत्पादनमूलक अर्थतन्त्र निर्माणको हिस्सा बनाउनेतर्फ राज्यको त ध्यान पुगेको छैन नै, गैरसरकारी क्षेत्रबाट पनि नतिजाउन्मुक पहल भएको छैन । दिगो विकासका कार्यक्रमहरूलाई 'दुहुनो भैंसी' को रूपमा प्रयोग गरिएको पाइन्छ र सरकार मुकदर्शक बनेको छ, किन ?

- वैदेशिक रोजगारीमा गएका लाखौं युवा स्वदेश फर्कन नपाएर उकुसमुकुसपूर्ण नारकीय जीवन बिताइरहेका छन् । हजारौं श्रमिकले अकारण र अनाहकमा रोजगारी गुमाएका छन् । श्रमिकहरूलाई एकतर्फी रूपमा कम्पनीले निष्कासन गरेको छ । हजारौं श्रमिकहरूको भिसाको म्याद सकिएको छ । यसको तथ्यांक संकलन गर्दै समस्या सम्बोधन गर्न गैरआवासीय नेपाली संघले स्रोत तथा गन्तव्य मुलुकका सरकारसँग समन्वयकारी भूमिका बढाउनुपर्ने ।

- गैरकानुनी रूपमा विदेशमा रहेका श्रमिकहरू झनै संकटमा छन् । सरकारले उनीहरूको निःशुल्क उद्धार गर्नुपर्छ । भाडा तिर्न नसक्ने श्रमिकको भाडा सरकारले तिर्ने व्यवस्था गर्नुपर्छ । यसमा ठूलो भूमिका गैरआवासीय नेपाली संघले समन्वय गर्न अघि बढ्नुपर्छ।

# एनआरएनएमा अघि बढ्दै महिला र युवा



बदलिँदो परिवेशसँगै एनआरएनएले आफ्नो विधानमार्फत महिला र युवालाई समेटेर लैजान समावेशिताका केही नयाँ अवधारणा ल्याएको छ । महिला सहभागिता, सशक्तीकरण र नेतृत्व विकासमा यस संस्थाले लिएको भूमिका कारण वर्तमान अन्तर्राष्ट्रिय समन्वय परिषद्मा महिला अध्यक्षसमेत भएकी छन् ।

नेपाली वा देशमा आइपर्ने कुनै पनि आपतकालीन समस्यामा सहयोग गर्न आपतकालीन अक्षयकोषको स्थापना गरी नेपालमा आइपरेका महाभूकम्प, कोभिड, नाकाबन्दी, बाढी पहिरोलगायतका समयमा एनआरएनएले समस्यामा परेका नेपालीको मलमप ी लगाउने काम गरेको छ । त्यसमा अग्रपंक्तिमा महिला र युवासमेत स्व-परिचालित छन् ।



## तारा चापागाईं

सत्र वर्षमै नोबेल शान्ति पुरस्कार प्राप्त गरेकी पाकिस्तानी शैक्षिक अभियन्ता मलाला युसेफजाइले भनेकी छन्, 'आधा संख्या (महिला) को सहभागिताबिना हामीले कहिल्यै प्रगति गर्न सक्दैनौं।'

सन् २००३ मा स्थापित गैरआवासीय नेपाली संघ (एनआरएनए) ले २० वर्षमा आइपुग्दा आधा शक्तिलाई क्रमशः डोऱ्याउँदै लगेको छ । महिला मात्र होइन, युवासमेतको सहभागिता र सक्रियताका कारण यो संस्था प्रगति पथमा अघि बढेको पाइन्छ।

संस्थापक अध्यक्ष उपेन्द्र महतो महिला र युवाको सक्रिय सहभागिता राष्ट्र निर्माणमा खाँचो परेको ठान्छन् । स्थापनाकालमा महिला र युवाको सहभागिता अति न्यून रहेको स्मरण गर्दै गैरआवासीय नेपालीका पिता मानिने महतो भन्छन्, 'अहिले आएर उहाँहरूको सक्रिय सहभागिता देख्दा मलाई खुसी लागेको छ।'

उनको सम्झनामा सुरु क्षणमा विदेशका नेपाली समुदायमा पनि यस्ता संस्थामा आबद्ध हुने महिला पाउनै हम्मे थियो। 'यो कस्तो संस्था हो, यसले पहिचान बनाउन के सक्ला र भन्ने ठानेर कतिपय साथीभाइ आउन हिचकिचाए । मन नलाग्दा नलाग्दै पनि पछि जोडिए । महिला र युवा त पछि हुनु स्वाभाविकै थियो त्यस बेला', उनी स्मरण गर्छन्, 'केही महिलालाई सहभागी गराइयो । पछि महिला उपाध्यक्ष भनेर पद नै बनाइयो। र, त्यस्ता पद क्रमशः थप्दै लगियो।'

पूर्वअध्यक्ष महतोबीचको समयतिरको निष्क्रियताबाट अलि उदास थिए । तर, जब सक्रियता बढ्दै गयो, प्रफुल्लित हुँदै गए। ती क्षण र यी दिनबारे उनी भन्छन्, 'बीचको समयमा एनआरएनमा सक्रिय भूमिका देखाएनन् । तर, अहिले महिला र युवा साथीहरू सक्रिय रूपमा गैरआवसीय नेपाली अभियानको मर्म बुझेर जोडिनु भएको छ। नेतृत्वमा पनि र काममा पनि। मलाई यो देखेर गौरव लागेको छ।'

विदेशमा विकास देखेका, उन्नत शिक्षा लिने अवसर पाएका युवा र महिलाले त्यो ज्ञानलाई संघमार्फत राष्ट्रको समृद्धिमा उपयोग गर्न सकून् भन्ने उनको अभिलाषा छ। 'नयाँ पुस्ताका युवा र महिला खासगरी गैरआवासीय नेपाली संघमा सक्रिय भइरहँदा म के भन्छु भने, उनीहरूले विभिन्न देशका विकास देखेका छन् । विभिन्न देशका युनिभर्सिटीबाट शिक्षा लिएका छन् । कतिपयले त्यही देशको नागरिकता पनि लिएका छन्', उनी भन्छन्, 'तर पनि, हाम्रो देश यदि समृद्ध भएन भने, देश राम्रो बन्न सकेन भने जुनसुकै देशको नागरिकता लिए पनि वा कुनै देशमा जतिसुकै ठूलो पदमा काम गरेपनि अर्थ हुन्न । आखिर हाम्रो पहिचान हाम्रै देशको अवस्थाले निर्धारण गर्छ। हाम्रो इज्जत हाम्रै देशको समुन्नतिले तय गर्छ।'

त्यसैले महिला र युवालाई सक्रिय रूपमा देशको समृद्धि अभियानमा लाग्न उनको आग्रह छ । 'देशको समस्या पहिचान गरी राष्ट्र निर्माणको अभियानमा लागेर समृद्धितर्फ लैजानु हुनेछ। तपाईंहरूले देशकाबारे जति धेरै चिन्तन गर्नुहुन्छ, उति धेरै यसको इज्जत अन्तर्राष्ट्रिय रूपमा बढ्छ', महतोको नयाँ पिंढीलाई सुझाव छ, 'अहिले नै युवा जोश जाँगर, हिम्मत भएको बेला देशका लागि केही गर्न सक्नुपर्छ। पछि महसुस गरेर मात्र हुँदैन।'

### हुँदैछ पनि

बदलिँदो परिवेशसँगै एनआरएनएले आफ्नो विधानमार्फत

महिला र युवालाई समेटेर लैजान समावेशिताका केही नयाँ अवधारणा ल्याएको छ । महिला सहभागिता, सशक्तीकरण र नेतृत्व विकासमा यस संस्थाले लिएको भूमिका कारण वर्तमान अन्तर्राष्ट्रिय समन्वय परिषद्मा महिला अध्यक्षसमेत भएकी छन् । सन् २०२१-०२३ कार्यसमितिकी अध्यक्ष रविना थापाले एनआरएनएमा महिला सहभागिता बढ्दै गएको बताइन् । 'तर, पनि महिलाको यति मात्र सहभागिता पर्याप्त छैन, अझ बढाउँदै लैजान जरुरी छ', उनले भनिन्।

संघको विधानले महिला र युवालाई समावेशी पदहरू तय गरेको छ। जस्तोः महिलाका हकमा दुई उपाध्यक्ष, दुई सचिव, दुई सहकोषाध्यक्ष, दुई संयोजक, हरेक क्षेत्रमा एक/एक संयोजक/सह-संयोजक पद बनाइएका छन् । त्यस्तै, युवाका हकमा तीन उपाध्यक्ष, दुई संयोजक, हरेक क्षेत्रमा एक/एक संयोजकको व्यवस्था गरिएको छ।

महिला र युवालाई संस्थाको मूलधारमा ल्याउने, देशमा गरिने नागरिक हक-हितका कार्य एवं परोपकारी भूमिका तिनको सक्रिय सहभागिता गराउने नीति यस संस्थाले लिएको पाइन्छ।

## महिला र युवाका छुट्टै फोरम

एनआरएनएभित्र सक्रिय दुई अवयव हुन्- महिला फोरम र युवा फोरम । अन्तर्राष्ट्रिय समन्वयपरिषद् र राष्ट्रिय समन्वय परिषद्हरू मातहत यस्ता फोरम छन् । तिनले महिला र युवा लक्षित विभिन्न गतिविधि गर्दै आएका छन् ।

एनआरएनए महिला फोरम महिला सशक्तीकरण, नेतृत्व विकास, समृद्धिल गायतका लागि गठन भएको हो । एनआरएनएको अभियानमा समाहित भएर लामो समयदेखि महिलाको हक, हित अधिकारका लागि लड्दै आएका महिलाका सक्रिय सहभागितामा महिला तथा बालबालिकाका हितका लागि नेपालमा केही गर्ने उद्देश्यले यो खोलिएको हो।

नेपालमा वैदेशिक रोजगारीबाट फर्केका पुरुषभन्दा महिलालाई समाजमा पुनर्स्थापना गर्न चुनौती छ। अझ विदेशबाट आपतविपतमा परेर उद्धार गरिएका महिलालाई घरपरिवारभित्रैबाट हिंसा छ । तिनीहरूलाई समाजमा पुनर्स्थापित गराउनु झनै गाह्रो छ । यस्तो परिवेशमा फोरमको सक्रियता सान्दर्भिक छ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) महिला फोरमले स्थापना सँगै महिला अधिकार, पुनर्स्थापना र उद्यमशीलताका सवालमा सरोकारवाला निकायसँग काम गर्दै आएको छ । फोरमले महिलाको सशक्तीकरण र पुनर्स्थापनामा केन्द्रित रहेर काम गर्न सरकार तथा सरोकारवाला निकायलाई सहयोग र समन्वयन गर्दै अगाडि बढेको छ।

विश्वभरका गैरआवासीय नेपाली महिलाको सञ्जाललाई विस्तार-विस्तार गर्ने योजना पनि उनीहरूको छ । एनआरएनए विदेशका नेपालीको साझा संस्था भएकाले संस्थालाई गतिशील र सबैको अपनत्व ग्रहण योग्य बनाउनु लागि पर्नु फोरमको अर्को उद्देश्य हो। महिलाको शिक्षा, स्वास्थ्य र अन्य क्षेत्रका लागि कोष संकलन गर्ने आपत विपद्मा सहयोग गर्ने योजना महिला फोरमले लिएको छ।

यसले नेपालका दुर्गम क्षेत्रमा महिला स्वास्थ्य शिविर, सीपमूलक तालिम र आयमूलक व्यवसाय सञ्चालनमा जोड दिँदै आपत विपद्मा मलम लगाउने काम गर्दै आएको छ। महिला र युवाका दुवै फोरमले देशमा विपद् आउँदा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्।

## सहभागिता बढाउने प्रतिबद्धता

गैरआवासीय नेपाली संघको सन् २०२१-२३ की अध्यक्ष रविना थापा एनआरएनएमा महिला सहभागिता बढ्दै गए पनि अपेक्षाकृत हुन नसकेको ठान्छिन्। 'एनआरएनएलाई हामीले अझै महिलामैत्री बनाउन सकेका छैनौं। नेपालको संविधानले हरेक क्षेत्रमा महिला ३३ प्रतिशत अनिवार्यको व्यवस्था गरेको छ। तर, एनआरएनएमा २० प्रतिशत मात्र महिलाको सहभागिता पुगेको छ', यसअघि ६ महिना कार्यकारी भूमिका निर्वाह गरिसकेकी अध्यक्ष थापाले भनिन्, '३३ प्रतिशत महिला पुऱ्याउन नसक्नुको मुख्य कारण हरेक पदमा पुरुषले दाबी गरेर हो । महिलापछि हट्छन्। महिला झगडा गरेर पद खोस्न सक्दैनन्। न त तडकभडक देखाएर शक्तिको प्रयोग गर्छन् । केवल आरक्षण कोटामा महिला सीमित छन् । अरूमा जान डराउँछन् । त्यसमा पनि एकाध महिला गए भने पनि महिलालाई महिलाकै साथ रहँदैन।'

आफू कार्यकारी अध्यक्ष भएको अवधिमा पोखराको महेन्द्रपुल चोकमै महिला, अपांग मैत्री स्मार्ट शौचालय बनाएको उनले जानकारी दिइन् । त्यसमा महिनावारी

भएका महिलाका लागि प्याडको व्यवस्थासमेत गरिएको छ । 'त्यहीँनजिक क्याफे, पार्कछ, जसको नाम एनआरएन पार्क राख्न सफल भएका छौं । ८ करोडको आयोजना ८० लाखमा बनाउन सफल हुन लागेका छौं', उनले भनिन् ।
थापाले महावीर पुनको आविस्कार केन्द्रलाई डोजर लोडर गाडीदेखि लिएर ७० लाख बराबरको सामान उपलब्ध गराएको जानकारी गराइन् । त्यसबीच सरकारले विदेशमा रहेका नेपालीलाई समेत सामाजिक सुरक्षा कोषमा जोड्यो । पहलकदमी वर्षौं अघिबाट भए पनि संयोगवश काम भने आफ्नो कार्यकालमा भएकामा उनले खुसी व्यक्त गरिन् ।
एनआरएनएमा महिलाको सहभागिता र सक्रियता कसरी बढाउन सकिएला ? थापा भन्छिन्, 'महिलाका लागि काम गर्न महिला स्वयम् निर्णायक तहमा हुनुपर्छ । तर, त्यो अवस्था अझै बनिसकेको छैन । विदेशमा सिकेका ज्ञान, सीप नेपालमा महिलाका हितमा केही गर्न सकिएको छैन । जति गरिएको छ त्यो पर्याप्त पनि होइन । कसले खर्च गर्न सक्छ मात्र हेरिन्छ, कसले काम गर्न सक्छ, को योग्य छ हेरिदैन । त्यसकै मारमा महिलासमेत परेका छन् ।

एनआरएनएमा महिलालाई अगाडि बढ्न समर्थन गर्ने वातावरण नभएको उनको ठम्याइ छ । 'महिलाले नेतृत्व लिन खोजेको टिममा गए हारिन्छ भनेर महिला नै पुरुषको टिम रोज्छन् । म त आफ्नै लागि धेरै लडेँ । अन्य साथीहरू पनि हरेक पदमा लड्नुपर्छ, हरेक पदमा महिलाले उम्मेदवारी दिनुपर्छ, कुनै पनि पद खाली छोड्नु हुँदैन भन्ने मेरो मान्यता छ', थापाले भनिन् ।

'हाम्रो मात्र होइन राम्रो मान्छेले अवसर पाउनुपर्छ । हाइफाई देखाउने होइन, काम गरेर देखाउने मान्छेले मौका पाउनुपर्छ । स्वच्छ र प्रतिस्पर्धी वातावरण सिर्जना गनुपर्छ', अध्यक्ष थापाले भनिन्, 'तब मात्र महिला र युवाले यथोचित मौका पाउने छन् । महिला र युवाका क्षेत्रमा काम गर्न सक्नेछन् ।'

### साथै छ महिला फोरम

अध्यक्ष थापा एनआरएनएमा काम गर्न सक्ने महिलालाई अवसर नभएको पनि पाउँदिनन् । महिलामा नेतृत्व विकास कसरी गर्ने, क्षमता अभिवृद्धि कसरी गर्ने भनेर महिला फोरमले उद्देश्य लिएर अघि बढेको उनले जानकारी दिइन् । यसमा महिलाकै साथ रसहयोगको आवश्यकता पर्ने उनको भनाइ छ ।
उनका अनुसार फोरमले महिला तथा बालबालिका क्षेत्रमा काम गर्दै आइरहेको छ । संघले यसबीच पाठेघरको क्यान्सरको स्वाथ्य जाँच र त्यससमबन्धी जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ । 'दिदी-बहिनीहरूलाई आवश्यक पर्दा सक्दो सहयोग पनि गर्दै आइरहेका छौं', उनले भनिन्, 'महिलाका हकमा केही कामहरू भए पनि जति हुनुपर्ने हो हुन सकिरहेको छैन । तल्लो तहदेखि जे हुनुपर्थ्यो, गर्न सकिरहेका छैनौं ।'

लामो प्रयासपछि विधानमा महिला र युवाहरूलाई राख्न सफल भएकामा उनले खुसी व्यक्त गरिन् । विभिन्न मुलुकहरूमा त्यस ठाउँका नियम कानुनका कारण काम गर्न केही बाधा हुने गरेको उल्लेख गर्दै त्यसमा कूटनीतिक पहलको आवश्यकता औंल्याइन् ।

संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्की महिला उपाध्यक्ष यासमिन बेगम सैयद प्रवासमा रहेका श्रमिक तथा महिलाका समस्या र हक हितमा निरन्तर आवाज उठाउँदै आएकी छन् । साउदी अरब जस्तो देशमा महिलाका पक्षमा पैरवी गर्न कम चुनौतीपूर्ण नरहेको उनको बुझाइ छ । 'खुलेर काम गर्न पाइँदैन । तर, पनि महिला हकहितमा हामीले नबोलेर कसले बोल्ने ?' उनले भनिन् ।

उनीसंघका विभिन्न तहमा जिम्मेवारी निर्वाह गर्दै यहाँ पुग्दा असन्तुष्ट भने छैनन् । 'हरेक एनसीसी, क्षेत्र तथा आईसीसीले दिएका जिम्मेवारीलाई शतप्रतिशत पूर्णता दिएकी छु । सक्रियतापूर्वक र इमानदारपूर्वक काम गर्ने हो भने अवसर पाइएन भनेर चिन्ता लिनै पर्दैन', उनको अनुभूति छ, 'महिलाले पनि जल्दाबल्दा र समसामयिक राजनैतिक, सामाजिक, राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका विषय वस्तुउपर आवाज़ उठाएर परिणाममुखी नतीजा प्राप्त गर्न सम्भव छ ।'

उनले ऐतिहासिक उदाहरण दिइन्, 'साउदी अरबको इतिहासमा पहिलोपटक १०८ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाउन हामी सफल भयौं । जहाँ महिलाखुलेर हिँड्न पाउँदैनन् ।'उनले महिला सहभागिता शून्य रहने मध्यपूर्वका हरेक एनसीसीमा त्यसको संख्या बढ्दै गएको बताइन् ।

यासिनले दोस्रो पुस्तालाई लक्षित ग्लोबल स्पिच, एनआरएनए सिंगिङ आइडललगायत कार्यक्रमहरूपनि एनआरएनएले गर्दै आएको जनाइन् । उनका अनुसार संघको महिला विभागले सय जना सड़क आश्रित बालबालिक़ाको सहयोगार्थ ३ वर्षे परियोजना सञ्चालन गरेको छ। त्यसलाई मूर्तरूप दिन नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मातहतमा रहेको नेपाल बालपरिषद्, यूसेप नेपाल र संघबीच त्रिपक्षीय सम्झौता भएको छ । प्रत्येक बालबालिकालाई मासिक ५ हजार रुपैयाँका दरले सहयोग गरिन्छ। उनका अनुसार पहिलो चरणको रक़म हस्तान्तरणसमेत गरिसकिएको छ।

महिला विभागअन्तर्गत महिला स्वास्थ्य तथा शिक्षा कार्यदलमार्फत ६ वटा क्षेत्रमै महिला तथा बालबालिकाहरूको स्वास्थ्य लक्षित कार्यक्रम सफल गरेको उनले बताइन्।

संघको आईसीसी महिला संयोजक विमला सापकोटाले आफ्नो प्रमुख जिम्मेवारी बालबालिका तथा स्वास्थ्य रहेको बताइन् । 'परियोजनाहरू धेरै भए पनि काम गर्न सकिएको छैन। कोभिड अगाडि सहभागिता राम्रो थियो। कोभिडमा पनि राम्रो थियो । कोभिडपछि काम गर्न वातावरण नभएर हो वा अन्य कारण जति गर्नुपर्ने हो भइरहेको छैन', उनले भनिन्, 'हामीले सबै मिलेर गति बढाउनुपर्न भन्ने ठान्छु।'

महिला फोरमले बिदेसिएर नेपाल फर्किएका दिदी-बहिनीहरूका रकम संकल्न गरी महिलाका साह्रो-गाह्रोमा सहयोग गर्ने उद्देश्य पनि लिएको उनले बताइन्। उनी पनि महिलालाई नेतृत्वका विभिन्न पदमा ल्याउनुपर्नेमा जोड दिन्छिन्।

'मनोनय शुल्क महँगो छ। घटाइएको त छ, अझै बढी छ। महिलालाई एकातिर काम गर्न सजिलो छैन भने अर्कोतिर महिलाका कुरा सुनिँदैन । पुरुषहरूभित्र रहेको पितृसत्तात्मक सोच क्रमशः हट्नुपर्छ । अनि मात्र महिलाका लागि अघि बढ्ने वातावरण हुन्छ।'

**आँटौं, सकिन्छ!**

एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्की सचिव राधिका गुरुङ (टीका) महिला सशक्तीकरणका क्षेत्रमा

**महिला तथा बाललक्ष्यित कार्यक्रम**

१. सडक बालबालिका परियोजना : संघको महिला विभागको आर्थिक सहयोगमा ५० जना सडक बालिकालाई उद्धार तथा सहयोगका लागि राष्ट्रिय बाल अधिकार परिषद् र न्यूनतम् सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम नेपालसँग सम्झौता पत्रमा हस्ताक्षर गरी उद्धारका कार्यहरू अघि बढाइएको छ । यस परियोजनाअन्तर्गत भएका केही गतिविधिः

क) २० अक्टोबर २०२२- राष्ट्रिय बाल अधिकार परिषद्का प्रतिनिधि र गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसी तथा पदाधिकारीबीच संघको सचिवालयमा भेटवार्ता। मुख्यतयाः सडक बालबालिक तथा असहाय बालबालिकाहरूको व्यवस्थापनबारे छलफल।

ख) २६ अप्रिल २०२३- संघकी सचिव राधिका गुरुङद्वारा बालबलिका सडक परियोजनाका लागि काठमाडौंका विभिन्न स्थानमा स्थलगत भ्रमण।

ग) २८ अप्रिल २०२३- 'गैरआवासीय नेपालीको प्रतिबद्धता एक सडक बालबालिकाको सहायता' परियोजना सम्बन्धमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रतिनिधिहरूसँग छलफल।

घ) २६ मई २०२३- सडकबाट उद्धार भएका बालबालिकाको व्यवस्थापनका लागि सहयोग गर्ने सम्बन्धमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय बाल अधिकार परिषद् र सुविधाविहीन बालबालिका लागि शैक्षिक कार्यक्रम नेपाल वीच एक सम्झौतापत्रमा हस्ताक्षर कार्यक्रम सम्पन्न । कार्यक्रममा महिला उपाध्यक्ष यास्मिन वेगम र महिला सचिव राधिका गुरुङको सहभागिता।

संस्थाले उल्लेख्य काम गर्दै आएको बताउँछिन् । महिलाको कसरी सशक्तीकरण गर्ने भन्ने उद्देश्यले खोलिएका राष्ट्रिय समन्वय परिषद्हरूले सामाजिक काम, रोजगारी र सीपमूलक तालिम दिई जीविकोपार्जनसहज बनाउन मद्दत पुऱ्याइरहेको उनले बताइन् ।

'वैदेशिक रोजगारी गरेर नेपाल फर्किएका महिलालाई देशमै कसरी स्वरोजगार गराउने भन्ने योजना निर्माणमा हामी छौं', उनले भनिन्, 'त्यसका लागि महिला र तिनका बालबालिकालाई समेत ध्यानमा राखेर कार्यक्रम तय गरिनेछ ।'

गुरुङका अनुसार यस क्षेत्रमा संघले देखिने गरी काम गरेको छ । 'नेपाल सरकारले सडकबाट उद्धार गरेका बालबालिकाको पुनर्स्थापना र व्यवस्थापनमा एनआरएनएको मेघा प्रोजेक्टले सहयोग गरेको छ । महिला तथा बालबालिका कार्यालय तथा युसेफ नेपालमा सडकबाट उद्धार गरिएका बालबालिकालाई विभिन्न बालग्रहमा राखिएको छ । तिनीहरूको लालनपालन र पढाइका लागि अभिभावकत्व हामीले लिएका छौं', उनले जानकारी दिइन् ।

एनआरएनएले त्यस्ता प्रतिबालबालिकालाई प्रतिमहिना ५ हजार रुपैयाँका दरले ३ वर्षसम्म उपलब्ध गराउने थालनी भएको छ । यसमा १ सय जना छन् । यो २ करोड ५० लाखको परियोजना हो । उक्त परियोजनाकी संयोजक रहेकी गुरुङले विभिन्न देशमा रहेका गैरआवासीय नेपालीको सहयोगबाट यो सम्भव र सफल भइरहेको बताइन् । साथै, आगामी दिनहरूमा नेपाली समुदायबाट मात्र नभई विभिन्न एनजीओ र आईएनजीओलाई पनि सहयोगको आग्रह गरिने उनले जानकारी दिइन् ।

विगत १७ वर्षदेखि गैरआवासीय नेपाली संघमा आबद्ध रहेकी गुरुङले सक्षम महिलालाई यहाँ काम गर्न खासै गाह्रो नहुने अनुभूति सुनाइन् । उनले भनिन्, 'महिलालाई काम गर्न गाह्रो छ भनिन्छ । तर, मलाई त्यस्तो लाग्दैन । काम गर्ने महिलालाई गाह्रो छैन । मैले २००६ सालबाट काम गर्दै आएको छु, १७ वर्ष भयो । हामी आफैं आँट गरेर आउन सक्दैनौं, अनि उसले दिएन भन्छौं । महिलाले स्वयम् म यो पदमा जान्छु, पुरुषहरूसँग लड्छु भन्ने हिम्मत लिएर

१० डिसेम्बर २०२२- संघको महिला विभागको आयोजनामा जुममार्फत 'लैंगिक सचेतना तथा महिला नेतृत्वमा चुनौती' बारे अन्तरक्रिया कार्यक्रम आयोजना । कार्यक्रममा प्रतिनिधिसभाका सांसदद्वय जुलीकुमारी महतो र विद्या भट्टराई, गैरआवासीय नेपाली अभियन्ताहरू लगायतको सहभागिता ।

३. २९ जनवरी २०२३- गैरआवासीय नेपाली संघ महिला विभागको महिला स्वास्थ तथा शिक्षा कार्यदलको आयोजनामा एसिया प्यासिफिक क्षेत्रीय 'स्वास्थ्य सचेतना र सल्लाह' कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न । संघका अध्यक्षहरू, पदाधकारीहरू, एनसीसीका पदाधिकारीलगायत अभियन्ताहरूको सहभागिता ।

४. २९ जनवरी २०२३- गैरआवासीय नेपाली संघ महिला विभागको महिला स्वास्थ तथा शिक्षा कार्यदलको आयोजनामा एसिया प्यासिफिक क्षेत्रीय 'स्वास्थ्य सचेतना र सल्लाह' कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न । संघका अध्यक्षहरू, पदाधकारीहरू, एनसीसीका पदाधिकारीलगायत अभियन्ताहरूको सहभागिता ।

५. १० मार्च २०२३- संघको महिला विभाग तथा महिला फोरमद्वारा आयोजना गरिएको ११३औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसर पारेर जुममार्फत छलफल कार्यक्रम सम्पन्न ।

६. १० मार्च २०२३- संघको महिला विभागको आयोजनामा यूएन एनजीओ सीएस६७ भर्चुअल कन्फरेन्स सम्पन्न । 'शिक्षा, जीवीकोपार्जन र दिगो कृषिका माध्यमबाट आर्थिक सशक्तीकरण' विषयक छलफल कार्यक्रम सम्पन्न ।

अगाडि बढ्नुपर्छ अब । अवसर पाइएन भनेर गुनासो मात्रै गर्नुहुँदैन ।'

पुरुषहरूसँग टक्कर लिने हिम्मत लिएर अगाडि बढ्यो भने कुनै समस्या वा व्यवधान नआउने गुरुङको तर्क छ । 'लड्छु, काम गर्छु भन्ने हिम्मत लिएर आउनुपर्छ । कामचाहिँ गर्नुपर्छ । नेतृत्व लिने तर काम गर्न नखोज्ने वा काम गर्न नसक्ने हो भने दिँदैनन् । काम गर्ने हो भने नदिने भन्ने हुँदैन । हामी आँटेर आउन सक्दैनौं, दोषारोपण गर्छौं,' गुरुङले भनिन् ।

संस्थामा विगतका तुलनामा महिलाको संख्या वृद्धि हुँदै गएको गुरुङ बताउँछिन् । '२००९ तिर म बैठकमा जाँदा महिला थिएनन् । त्यो समय महिलाका एजेन्डा सुनिँदैन्थ्यो । हाम्रो सुझावलाई बेवास्ता गरिन्थ्यो । अहिले त्यस्तो छैन । विभिन्न पदमा महिला थपिनु भएको छ । महिलाका सुझाव, एजेन्डा सुनुवाइ पनि हुन्छ', सचिव गुरुङको अनुभूति छ, 'कार्यसमितिमा पनि महिला बढ्दै गएको अवस्था छ । अहिले करिब ४० जना महिला कार्यकारी पदमै छन् । अन्य पदविहीन महिला पनि धेरै हुनुहुन्छ । गैरआवासीय नेपाली अभियानको सक्रिय भूमिकामा करिब दुई सय महिला हुनसक्छन् । यो सन्तोषजनक संख्या हो ।'
तर, विगतका दिनहरूमा भन्दा महिलाको सहभागितामा सुधार भए पनि अन्य क्षेत्रमा जस्तै ३३ प्रतिशत महिला सहभागिता बढाउन नसकिएको गुरुङ स्वीकार्छिन् । 'विगतको भन्दा सहभागिता बढ्दै छ । तर, ३३ प्रतिशत पुग्न सकेको छैन । नेतृत्व लिने खोज्नेको संख्या पनि बढ्दै छ । जतिसुकै सहज छ भने पनि घर परिवारलाई व्यवस्थित गरेर अगाडि बढ्न र नेतृत्व लिन महिलालाई केही हदसम्म समस्यै छ । तैपनि हिम्मत हार्नु हुँदैन । आफैं अघि नबढे, कसैले बढाउँदैन', उनले भनिन् ।

## सोच बदलौं, अघि बढौं !

एनआरएनए सामाजिक संस्था भएकाले काम गर्न सक्षम महिला र युवाले अवसर पाउने गरेका छन् । अन्तर्राष्ट्रिय समन्वय परिषद्की महिला संयोजक संगीत मरहठ्ठा यसबारे जानकारी दिँदै भन्छिन्, 'तर, महिलालाई हेर्ने आमदृष्टिकोण अझै पूर्णतः बदलिइसकेको छैन । त्यसैले काम गर्न महिलालाई अहिले पनि पुरुषको तुलनामा सहज भने छैन ।'

उनका अनुसार पुरुषहरू आर्थिक रूपमा सबल हुन्छन् । महिलालाई घरपरिवार सम्हाल्नुपर्छ । जबसम्म महिला सक्षम हुँदैनन्, एनआरएनएमा जान सक्ने र गए पनि खर्च गर्न सक्ने क्षमता हुँदैन । 'त्यसैले सर्वप्रथम महिला आफैंमा सक्षम हुनुपर्छ', उनले भनिन् । त्यही सक्षमता र आत्मनिर्भरताका लागि स्रोत/साधन उपलब्धतामा सहयोग गर्ने उद्देश्यले एनआरएनए महिला फोरम स्थापना भएको उनले जानकारी दिइन् ।

उनका अनुसार महिलालाई सकेसम्म यस अभियानमा जोड्न र स्थापित गराउन फोरम स्थापना गरिएको हो । फोरमले नेपाली महिलाका लागि पाठेघर खस्नेदेखि स्वाथ्य क्षेत्रका अन्य समस्याको क्षेत्रमा काम गरेको छ । आगामी दिनहरूमा पनि थुप्रै काम गर्ने उद्देश्य लिएको छ । पछिल्लो समय विभिन्न पदमा महिला सहभागिता बढाउँदै लैजाने पहल यसले गरिरहेको छ ।

सचिव मरहठ्ठालाई संस्थाको छवि पछिल्लो समय बिग्रिएकामा भने चिन्ता छ । 'ए, त्यो महिला एनआरएनएमा लागेर हिँडेकी छे रे ! भन्छन् । महिलालाई हेर्ने नजर अहिले पनि परिवर्तन हुन सकिरहेको अवस्था छैन । महिलाले यस्ता कुरालाई बेवास्ता गरी नेतृत्व तहमा आउनुपर्छ । सबैभन्दा पहिला आफूलाई आर्थिक रूपमा सक्षमा बनाउन जरुरी छ', उनले भनिन् ।

विगतलाई सम्झिँदै उनले थपिन्, 'सन् २००५ मा एकजना मात्र महिला प्रतिनिधि रञ्जना उदास हुनुहुन्थ्यो । २०११ बाट विभिन्न देशमा महिला संयोजक राख्न थालियो । २०१९ बाट महिला उपाध्यक्ष, क्षेत्रीय महिला संयोजक, उपसंयोजक व्यवस्था गरियो । अहिले पनि हाम्रो मुख्य उद्देश्य महिला सहभागिता बढाउनु र महिलालाई सक्षम बनाउनु नै हो ।'

## पाइला सार्दै युवा फोरम

महिला जस्तै युवा सम्बन्धी विषय हेर्ने युवा विभाग छ । जसलाई युवा फोरम भनिन्छ । विश्वभरि छरिएर रहेका गैरआवासीय नेपाली युवालाई संयोजन गर्दै नेपालको हितमा सक्रिय भूमिका निर्वाह गर्ने उद्देश्यले युवा फोरम स्थापना भएको हो ।
दोस्रो पुस्ताका गैरआवासीय नेपालीलाई नेपाल र

नेपालीप्रति सामिप्यता बढाउन युवा फोरमले विभिन्न कार्यक्रम गर्दै आएको छ। निवन्ध प्रतियोगिता, चित्रकला प्रतियोगिता, खेलकुद लगायतका काम यसले गर्ने गर्छ। गैरआवासीय नेपालीका दोस्रो पुस्ताका किशोरकिशोरीले समेत नेपालमा रहेका शिक्षा र सुविधाबाट बञ्चित, अशक्त तथा अपांगता भएका व्यक्तिहरूको सहयोगार्थ ग्लोबल साझेदारीको सम्भावनाका बाटाहरू खोल्ने छ।
गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठानद्वारा प्रथम राष्ट्रिय कराँते प्रतियोगिता र पोखरामा ९औं राष्ट्रिय खेलकुद प्रतियोगिता गरेको थियो। ९ औं राष्ट्रिय खेलकुद प्रतियोगितामा संघको टोलीले १० स्वर्ण, ९ रजत र ७ कास्य गरी कुल २६ पदक जितेको थियो। युवा फोरमका आगामी दिनका योजनाहरू थुप्रै छन्। देश र विदेशमा रहेका नेपाली युवालाई स्वदेशमै केही गर्ने योजनाका साथ अगाडि बढेको युवानेताहरू बताउँछन्।

सन् २०२१ बाट स्थापित युवा फोरम सक्रियतापूर्वक अघि बढिरहेको युवा संयोजक रोशन थापा बताउँछन्। उनका अनुसार ४० वर्षसम्मकालाई युवा भनिएको छ। फोरम गठन भए पनि नीति नियमहरू मिल्ने मिलाउने काम भएकाले अन्य धेरै काम चाहेर पनि गर्न नसकिएको थापाले भने।

'नीति नियम मिलाउँदा केही समय लाग्यो। अन्य खास काम हुन सकेका छैनन्। खेलकुदसम्बन्धी केही कामहरू भएका छन्। युवा फोरम स्थापनापछि राष्ट्रिय खेलकुदमा दोस्रो पुस्ताका भाइहरूले राम्रो पदक जितेका छन्', थापाले भने, 'दोस्रो पुस्तालाई एनआरएनएमा जोड्नका लागि अगाडि बढेका छौं। धेरै युवा नेतृत्व तहमा आउनुभएको छ। ५६ देशका एनसीसीमातहत टिम बनेका छन् भने अन्य देशमा बन्न बाँकी छ।'

युवा फोरममा कति युवा छन् भन्ने विषयमा एकिन तथ्यांक नभए पनि आधा भाग युवाले ओगटेको थापाको दाबी छ। 'अहिले नै यति प्रतिशत छौं भन्न सकिएको छैन। चुनाव सकिएपछि मात्र यसको प्रतिशत निकाल्न सकिन्छ। लगभग आधा संख्या युवा छन्। धेरै युवा विद्यार्थीहरू विदेशमा भएकाले विद्यार्थीहरू पनि संगठनको सदस्य हुन रोकेन', उनले भने,'तर, नेपालको कानुनअनुसार दर्ता भएकाले विद्यार्थी सदस्य बन्न पाउँदैनन्। विद्यार्थीहरू पनि सदस्य बन्न पाउनुपर्छ भन्ने लविइङ गर्दै आएका छौं। यदि

## युवा तथा खेलकुद गतिविधि

यस विभागअन्तर्गत संघको खेलकुद प्रतिष्ठानका निम्नबमोजिमा मुख्य गतिविधि भए :

१. ४ सेप्टेम्बर २०२२- गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठानद्वारा पत्रकार सम्मेलनको आयोजना। मुख्यतयाः ९औं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत ७ सेप्टेम्बरदेखि १४ सेप्टेम्बरसम्म काठमाडौंमा हुन गइरहेको राष्ट्रिय क्रिकेट प्रतियोगिताबारे जानकारी।

२. ९ सेप्टेम्बर २०२२- गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठानद्वारा प्रथम राष्ट्रिय कराँते प्रतियोगितको उद्घाटन समारोह युवा तथा खेलकुदमन्त्रीको प्रमुख आतिथ्यतामा सम्पन्न। संघका अध्यक्षहरूलगायत पदाधिकारीहरूको सहभागिता। उक्त प्रतियोगितामा संघले ७ वटा तौल समूहका विधाहरूमा सहभागिता जनाएको। प्रतियोगित १० सेप्टेम्बरका दिन सम्पन्न।

३. १४ अक्टोबर २०२२- संघका कार्यकारी अध्यक्ष रविना थापा, अध्यक्ष डा बद्री केसीलगायत पदाधिकारीहरू पोखरामा आयोजना गरिएको ९औं राष्ट्रिय खेलकुद प्रतियोगिता उद्घाटन समारोहमा सहभागी। संघको विभागीय टोलीले प्रतियोगिताका विभिन्न विधामा प्रतिस्पर्धा गरेको।

४. १९ अक्टोबर २०२२- पौडी विधामा स्वर्ण पदक विजेता एश्ली सापकोटा डंगोल र आशिष सापकोटा डंगोललाई सम्मान कार्यक्रम आयोजना। उक्त कार्यक्रममा संघका अध्यक्ष डा. बद्री केसीलगायत पदाधिकारीहरूको सहभागिता।

५. ९ औं राष्ट्रिय खेलकुद प्रतियोगितामा संघको टोलीले १० स्वर्ण, ९ रजत र ७ कास्य गरी कुल २६ पदक हासिल गऱ्यो।

त्यसो भयो भने भविष्यमा युवाको संख्या दुई तिहाइभन्दा बढी हुनेछ।'

विदेशमा रहेका नेपाली युवासँग भएका सीप नेपाल भित्र्याउनेदेखि लिएर नेपालमा भएका युवासँग सहकार्य गर्ने योजना युवा फोरमको छ । कम उमेरका बालबालिकालाई 'चाइल्ड टु चाइल्ड कनेक्सन' गराउने योजना छ जसले हाम्रा बच्चाहरूले पनि नेपाल गएर उनीहरूसँग भाषा संस्कृति सिकून्।

माध्यमिक तहका विद्यार्थीहरूका लागि एनआरएनएले स्वयंसेवका रूपमा परिचानलन गर्ने योजना बनाएको छ। 'भविष्यमा उहाँहरूले विदाका बेलामा आफूले जानेको कुरा नेपालमा सिकाउन सक्नुहोस् भन्ने हाम्रो चाहना हो', उनले भने।

एनआरएनएमा विशुद्ध सामाजिक एवं स्वयंसेवी भएर काम गर्नुपर्छ । विदेशमा रहेका नेपाली युवा आफ्नै काम वा पढाइमा निःसन्देह व्यस्त हुन्छन् । जसले गर्दा यता भने बँचेको समय प्रयोग गर्नुपर्ने बाध्यता हुन्छ । तैपनि, थापाका अनुसार, युवा फोरममा आउन युवाको आकर्षण बढ्दो छ।

'संगठन बल्ल २० वर्ष पुगेको छ। हामीमा युवा फोरमको अवधारणा पनि भरखर आएको हो। काम क्रमशः भइरहेको छ । विस्तारै हुन्छ, गर्छौं', उनले थपे, 'लिडरसीप भनेको प्याकेजमा हुन्छ। लिडरसीप अनुभव र उमेरको समिश्रण पनि हो । यो योगदान गर्ने संस्था हो । तलब भत्ता पनि आउँदैन । संस्थामा आउने आय स्रोत भनेको उम्मेदवारी शुल्क र सदस्यत शुल्कलगायत हो। खासमा युवालाई यस संस्थामा आकर्षित गर्न उम्मेदवारी र सदस्यता शुल्क घटाइएको हो। यसको प्रभाव राम्रो पर्ने ठानेका छौं।'
उनका अनुसार युवा आउन सक्दैनन् भनेर नै पछिल्लो कार्यकालका लागि अहिले भैरहेको भन्दा ७५ प्रतिशत शुल्क घटाइएको छ । यसअघि ७ लाख रुपैयाँ मनोनयन शुल्क लाग्नेमा अब १ लाख ७५ तिरे पुग्ने छ।

अन्तर्राष्ट्रिय समवन्वय परिषद्का अर्का युवा उपाध्यक्ष राजु रेग्मी (राज) दोस्रो पुस्ताका नेपाली युवालाई देश निर्माणको महान् अभियानमा जोड्न युवा फोरम निर्माण भएको बताउँछन् । युवा फोरममार्फत विभिन्न कार्यक्रमहरू भइरहेका, ती परियोजनामा स्वदेश-विदेशमा रहेका नेपाली युवालाई कसरी जोड्न सकिन्छ भन्ने संघको मुख्य चासो र चिन्तन रहेको उनले जानकारी दिए।
'अब देश युवाले बनाउने हो । विदेशमा बसेका, विकास देखेका, सीप सिकेका युवाले देश सम्झिएन भने हामी शताब्दीयौंका लागि पछि पर्ने छौं', उनले भने, 'देशमा भएका युवा बाहिरिएका बाहिरियै छन्। हामीले नहेरे, अब यो देशलाई कसले हेर्ने ?' त्यसका लागि एनआरएनए युवा फोरम अभियानका रूपमा सक्रिय हुने योजनामा रहेको उनले बताए।

युवा फोरमले राम्रा र आर्कषक कार्यक्रम ल्याएर युवालाई जोड्ने उनले जानकारी दिए। 'युवा फोरमले गर्न खोजेको एनआरएनएको अभियान भनेको सामूहिक लगानी हो । एकातिर ठूलो लगानीको डर छ। तर, लगानी ठूलै मात्र चाहिन्छ भन्ने छैन। युवाहरूलाई सामूहिक लगानी गराउने साना-साना लगानी संकलन गरी देशमा केही गर्न सकिन्छ', उनले भने, 'एनआरएनए पाकाहरूको र पैसा भएकाको मात्रै हो भन्ने सोचलाई चिर्नु छ।'

युवाहरूका लागि शिक्षा, कला, संस्कृतिका क्षेत्रमा लगानी गर्नु आवश्यक रहेको उनी ठान्छन् । त्यसका लागि एनआरएनए सिंगिङ आइडल आयोजना गरिएको र त्यसको सिजन २ तयारीमा रहेको उनले बताए । 'हाम्रो जिम्मेवारी जुभारु युवालाई अभियानमा जोडेर यसबाट अग्रसर गराउने हो । म केही गर्छु भन्ने हुटहुटी भएका, सोच र अवधारणा सहितका युवालाई यसमा समेटेर कार्ययोजना बनाई अघि बढिनेछ', उनले भने।
आईसीसीका युवा संयोजक अब्दुल बसिद युवा र दोस्रो पुस्तालाई जोड्न युवा फोरमको भूमिका रहने बताउँछन्। 'नेपालमा सीप र अवसर छ तर लगानी छैन । त्यस्ता युवालाई देशमै स्वरोजगार दिलाउन हाम्रो पहल रहन्छ। त्यसका लागि सीपमूलक तालिम एवं क्षमता विकास कार्यक्रका साथै साना तथा लघुउद्यमका कार्यक्रम चलाउने संघको उद्देश्य छ', बसिदले भने, 'नेपालमा भएको सीपलाई लगानीमार्फत जोडन सक्यो भने देशलाई समृद्धिको बाटोमा लान सकिन्छ। हामीले नेपालमा लगानी गर्न सकेनौं भने समृद्धिको कल्पना नगरे पनि हुन्छ । थोरै-थोरै भए पनि लगानी ल्याउन सकियो भने केही गर्न सकिन्छ। यसका लागि युवा नेतृत्व आवश्यक छ।'
उनले गैरआवासीय नेपाली संघका अग्रजहरूले पनि

### त्यो एक युरो

महिला सक्रियताबाट कुनै पनि संस्थामा विकास र प्रगति कसरी सम्भव छ भन्ने हेर्न १ युरो परियोजना काफी छ । बेल्जियम महिला फोरमले सुरुमा यो कार्यक्रम ल्याएको थियो । एनसीसी बेल्जियमकी महिला संयोजक लीला मानन्धरको उक्त अवधारणा पनि संसारभरि लोकप्रिय भएको छ।

त्यो पछि अन्य देशमा पुग्ने क्रममा सम्बन्धित देशको मुद्राको '१' मा रह्यो। जस्तो : एक डलर, एक पाउन्ड, एक रुबल, एक फ्यांक, एक कोर्ना, एक दिराम, एक येन, एक रुपैयाँ आदि। यस परियोजनाअन्तर्गत हरेक सदस्यले १ युनिट रकम प्रतिमहिना जम्मा गर्नुपर्छ।

संकलित रकममध्ये सम्बद्ध एनसीसीले २५ प्रतिशत राखी आईसीसी महिला फोरमको खातामा ७५ प्रतिशत जम्मा गर्ने व्यवस्था छ । महिला लक्ष्यित सामाजिक कार्यमा उक्त रकम खर्च हुनेछ।
उदाहरण हेर्नुहोस्- एउटा कार्यकालमा एक युरो संकलनबाट मात्र ८ हजार युरोभन्दा बढी जुटेको थियो । अरू मुद्राको छुट्टै।

साथ छ। प्रयास हामीले गर्ने हो। युवा फोरम स्थापनापछि पूर्वाधार बन्न केही समय लाग्नु स्वाभाविकै हो । त्यसैले कामहरू तीव्र गतिमा अगाडि बढन नसकेको पक्कै हो', उनले थपे।

उनले कुनै पनि काम सफल बनाउन र कार्यान्वयन गर्न नेतृत्वमा पुगेपछि मात्र सकिने भएकाले युवा नेतृत्वको पहल भइरहेको जानकारी दिए। 'नेपालभरबाट हरेक दिन ठूलो जमात युवा विमानस्थलबाट बाहिरिने गरेका छन् । हाम्रो देशको बजार अन्य देशका व्यापारीहरूले कब्जा गरेका छन्', उनले भने, 'त्यो अवस्था बदल्न युवा स्वरोजगारका अवसर बढाउनुपर्छ । थोरै लगानीबाट हामीले व्यवसाय सुरु गर्ने हो भने व्यक्तिका साथै देशलाई पनि फाइदा पुग्छ। विदेशमा बसेर कमाएको पुँजीलाई अब स्वदेश र स्वदेशीको हितमा उपयोग गर्नैपर्छ । यसमा युवाको भूमिका अहम् छ।'

युवास्वरोजगारको अभियानमा लाग्ने प्रतिबद्धता जनाएका अब्दुलले नेपालका युवासाथीहरू भेट्दाको अनुभव सुनाए। 'मैले युवा साथीहरू भेटदा के पाएँ भने, उनीहरूसँग धेरै योजना छन्, तर लगानी छैन । त्यस्ता युवालाई कसले प्रोत्साहन गर्ने ? नत नेपाल सरकारसँगत्यसको मेकानिजम छ न त हामीसँग। हो, अब केही गर्नैपर्छ।'
उनको अवधारणामा देश समृद्ध बनाउन युवा स्वदेशमै बस्नुपर्छ । युवालाई स्वदेशमै टिकाउन विदेशमा रहेका युवाले भूमिका खेल्नुपर्ने उनको भनाइछ । 'देश समृद्ध बनाउन युवाको सहभागिता जरुरी छ । हामी भन्छौं, नेपालमा वातावरण छैन। तर वातावरण कसले बनाइ दिने ? अब वातावरण हामी बनाउँछौं । युवा फोरमको यस महत्वपूर्ण अभियानमा अग्रजसँगै सबैको सहयोग रहने अपेक्षा राखेका छौं', उनी उत्साहसाथ भन्छन्।

### अग्रजहरू उत्साही

विदेशमा रहेका नेपाली र नेपाली मूलका विदेशी नागरिकको ज्ञान, सीप, प्रविधि र पुँजीको परिचालन गर्दै देश विकासमा टेवा पुऱ्याउन सकिने अवधारणाले रुसमा बस्ने नेपालीको सक्रियतामा सन् २००३ मा गैरआवासीय नेपाली संघ स्थापना भएको हो । लन्डनमा सानो भेला आयोजना गरी सोही वर्षको अक्टोबर ११-१३ तारिखमा काठमाडौंमा पहिलो विश्व सम्मेलन गरेर विधिवत रूपमा गैरआवासीय नेपाली संघको स्थापना भएको थियो । त्यसैले एनआरएनएको गर्भ रुसमा, जन्म लन्डनमा र न्वारान काठमाडौंमा भएको भन्ने गरिन्छ।

त्यति बेला यस संघमा महिलाको सहभागिता थिएन भन्दा पनि हुन्छ। क्रमशः यसमा महिला र युवा जोडिँदै गए र बल थपिँदै गयो । सन् २००७ सालमा व्यवस्थापिका संसदले जारी गरेको गैरआवासीय नेपालीसम्बन्धी ऐनले पहिलोपटक बाहिर बस्ने नेपालीलाई कानुनी मान्यता दिएको थियो । २००९ मा त्यही ऐनअन्तर्गत बनेको गैरआवसीय नेपालीसम्बन्धी नियमावलीले लगानीको

वातावरणसहज बनाउनका साथै गैरआवासीय नेपालीलाई परिचयपत्रको व्यवस्था गरेको थियो।

नेपाली वा देशमा आइपर्ने कुनै पनि आपतकालीन समस्यामा सहयोग गर्न आपतकालीन अक्षयकोषको स्थापना गरी नेपालमा आइपरेका महाभूकम्प, कोभिड, नाकाबन्दी, बाढी पहिरोलगायतका समयमा एनआरएनएले समस्यामा परेका नेपालीको मलमपट्टी लगाउने काम गरेको छ। त्यसमा अग्रपंक्तिमा महिला र युवासमेत स्व-परिचालित छन्।

प्रवासी नेपालीको सही प्रतिनिधित्व गर्दै असल नेतृत्वले देशकका लागि योगदान पनि गर्न सक्ने संभावनाहरू धेरै छन् । दर्बिलो संस्थाको रूपमा यसले आफूलाई उभ्याइसकेको छ। दुःखको कुरा, अघिल्लो महाधिवेशनको संघारमा यो संस्था फुट्न पुग्यो। यसले संस्थापक अध्यक्ष उपेन्द्र महतो मात्र होइन, यो संस्था स्थापनामा महत्वपूर्ण साथ रहेका एनआरएनए प्याट्रन तथा एनआरएनए फाउन्डेसनका वर्तमान अध्यक्ष रामप्रताप थापासमेत दुःखी छन् । भन्छन्, 'बीचमा आएर यो संस्थामा तीव्र राजनीतिकरण भयो। दुइटा एनआरएनए बनाइयो, जसले ठूलो खतराको सन्देश दिएको छ।'

थापाको चाहना छ- गैरआवासीय नेपालीको, त्यसमा पनि खासगरी महिला र युवाको सक्रिय सहभागिताबाट राष्ट्र विकासमा टेवा पुऱ्याउने। 'विदेशमा पाएका ज्ञान, सीप, अनुभवलाई नेपालमा व्यवहारमा उतार्ने हो भनेयसले देशलाई समुन्नत बनाउन सक्छ । विदेशमा कमाएको पुँजीलाई नेपालमा सामूहिक रूपमा लगाइयो भने त्यसले नेपालमा कायापलट गर्न सक्छ । जुन जोस, हिम्मत र जाँगर लिएर युवा र महिला यस संसथामा आउनुभएको छ, उहाँहरूको सीप ज्ञान सगै केही लगानी देशको समृद्धिका लागि खर्च गर्न मेरो आग्रह छ। अनि, देश समृद्ध बन्छ भने तपाईंहरूको सम्मान पनि देशले गर्नेछ।'

सम्मानित नेता थापा सम्झन्छन्- 'यो सानोबाट ठूलो बन्छ भन्ने धेरैलाई लागेकै थिएन। हामीले सात जनाबाट सुरु गरेका हौं। सबैको साथ रह्यो। सरकारले पनि सहयोग गऱ्यो । महिला र युवाको सहभागिता बढ्यो । यसको महत्व पछिल्लो पुस्ताले पनि बुझ्दै गयो। यो स्वागतयोग्य विषय हो।'

थापा नेपालमा शिक्षा र स्वास्थ्यमा सहयोग गर्नुपर्ने देख्छन् । त्यसलाई गैरआवासीय नेपालीको अभिभारा ठान्छन् । यसका अग्रजहरूले महिला र युवालाई अवसर दिनुपर्ने उनको सुझाव छ । 'सुरुमा समिति बनाउन महिला खोज्नुपर्ने अवस्था थियो। तर अहिले महिला र युवा दुवैले बुझेर सक्रिय भई नेतृत्व लिन खोज्नु सुखद पक्ष हो। हामी पनि कम छैनौं, हामी पनि सक्छौं भन्ने सन्देश सहितको छ यो', महतोले भने, 'परिवारसँगै विदेश बसाइ सहज बनाउने, आफ्नो संस्कृति जगेर्ना गर्ने, अग्रजको सम्मानसँगै नेपालको समस्यालाई ध्यानमा राखेर देशको मुहार पनेर्न सहज भूमिका बनाउने दायित्व उहाँबाट निर्वाह भएको छ। सबै मिलेर यसरी अघि बढे सफलता र समुन्नति सम्भव छ । त्यसमा युवा र महिलाको सहभागिता अपरिहार्य छ।'

संघका पूर्वअध्यक्ष जीवा लामिछाने पनि युवा र महिलालाई देश र देशको विकाससँग जोड्नुपर्नेमा जोड दिन्छन् । 'पछिल्लो समयमा ठूलो संख्यामा नेपाली बिदेसिएका छन्। विदेशमा बसे पनि वा उतै जन्मिए पनि दोस्रो पुस्तालाई जन्मभूमिप्रति लगाव छ', पूर्वअध्यक्ष लामिछानेले भने, 'यिनीहरूलाई आफ्नो मुल भाषा-संस्कृतिसँग जोड्नुपर्छ। त्यसका लागि महिला र युवाको महत्वपूर्ण भूमिका हुन्छ।' लामिछानेलाई अब आउने तेस्रो पुस्ताप्रति भने चिन्ता छ। 'अब आउने पुस्तालाई भने पुर्खाको देशको पर्वाह नहुन पनि सक्छ। हाम्रा छोराछोरी विदेशमा हुर्किए। त्यसभन्दा पछिल्ला पुस्तालाई नेपालप्रति वास्ता नहुन सक्छ', उनले भने, 'अतः महिला र युवाको अग्रसरताबाट यो अवस्था बदल्न सकिन्छ। पुस्तौं पुस्तासम्म पुर्खाको देश हो भनेर गर्व गर्ने लायक बनाउनुपर्छ । महिला र युवाले उनीहरूलाई जोड्ने प्रयास गर्नुपर्छ।'

संघका अर्का पूर्वअध्यक्ष भवन भट्ट यस अघिका पुस्ताले व्यवस्थित बनाएको एनआरएनएलाई नयाँ पुस्ताले मर्म बुझेर अगाडि बढाउनुपर्ने सुझाव दिन्छन्। त्यसका लागि युवा र महिलाको सहभागिता बढ्नुपर्नेमा जोड दिन्छन्। जे जसरी यो बढिरहेको छ, त्यसलाई उनी सकारात्मक सन्देशका रूपमा लिन्छन्।

उनले भने, 'नयाँ पुस्ताको पछिल्लो समय सहभागिता बढेको छ । महिलाको सहभागिता बढ्दो छ, अझै

बढाउनुपर्छ । देश र गैरआवासीय नेपालीलाई जोड्न युवाको भूमिका उत्तिकै महत्वपूर्ण छ। जुन हुँदै आएको छ। आफ्नो र परिवारिक व्यवस्थापनसँगै देशको भविष्य र समृद्धिमा महिला र युवाको ध्यान गएको देख्छु म । अझ जाओस्।'

गैरआवासीय नेपाली संघ (एनआरएनए) का अध्यक्ष कुल आचार्यले संसारभरि हुर्कंदै गरेको युवा पुस्तालाई अगाडि बढाउने उद्देश्यले यसपटक दोस्रो पुस्ताका लागि एनआरएनए संयोजकको पद सिर्जना गरिएको बताए । 'विश्वस्तरको शिक्षा प्राप्त गरेको, अत्याधुनिक ज्ञान, विज्ञान र प्रविधिसँग सुपरिचित युवा पुस्ताले नेपालको समृद्धिमा सघाउने मात्रै हैन, एनआरएनएलाई अगाडि बढाउन पनि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । एनआरएनए नागरिकता कार्यान्वयन अगाडि बढेसँगै यो पुस्तामा एनआरएनएप्रति चासो र आकर्षण बढेको हामीले पाएका छौं । यो पुस्तालाई समेटेर अगाडि बढ्न सबैको सहयोगको हामीले अपेक्षा गरेका छौं,' आचार्यले भने।

२. १० डिसेम्बर २०२२- संघको महिला विभागको आयोजनामा जुममार्फत 'लैंगिक सचेतना तथा महिला नेतृत्वमा चुनौती' बारे अन्तरक्रिया कार्यक्रम आयोजना । कार्यक्रममा प्रतिनिधिसभाका सांसदद्वय जुलीकुमारी महतो र विद्या भट्टराई, गैरआवासीय नेपाली अभियन्ताहरू लगायतको सहभागिता।

३. २९ जनवरी २०२३- गैरआवासीय नेपाली संघ महिला विभागको महिला स्वास्थ तथा शिक्षा कार्यदलको आयोजनामा एसिया प्यासिफिक क्षेत्रीय 'स्वास्थ्य सचेतना र सल्लाह' कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न। संघका अध्यक्षहरू, पदाधकारीहरू, एनसीसीका पदाधिकारीलगायत अभियन्ताहरूको सहभागिता।

४. २९ जनवरी २०२३- गैरआवासीय नेपाली संघ महिला विभागको महिला स्वास्थ तथा शिक्षा कार्यदलको आयोजनामा एसिया प्यासिफिक क्षेत्रीय 'स्वास्थ्य सचेतना र सल्लाह' कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न। संघका अध्यक्षहरू, पदाधकारीहरू, एनसीसीका पदाधिकारीलगायत अभियन्ताहरूको सहभागिता।

५. १० मार्च २०२३- संघको महिला विभाग तथा महिला फोरमद्वारा आयोजना गरिएको ११३औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसर पारेर जुममार्फत छलफल कार्यक्रम सम्पन्न।

६. १० मार्च २०२३- संघको महिला विभागको आयोजनामा यूएन एनजीओ सीएस६७ भर्चुअल कन्फरेन्स सम्पन्न । 'शिक्षा, जीवीकोपार्जन र दिगो कृषिका माध्यमबाट आर्थिक सशक्तीकरण' विषयक छलफल कार्यक्रम सम्पन्न।

# एनआरएनएको २० वर्ष : परोपकारमा एक अर्ब

च्यारिटीबाट मात्रै गैरआवासीय नेपाली संघले २० वर्षमा झन्डै एक अर्ब रकम संस्थागत तबरमार्फत परोपकारी काममा खर्चिएको छ । मेगा प्रोजेक्टमार्फत थप अर्बौं खर्च भएको छ । एनआरएनएहरुले व्यक्तिगत तवरबाट योभन्दा कैयौं गुणा बढी रकम परोपकारी काममा खर्चिएका छन् । जसको कुनै लेखाजोखा छैन ।

oooo

भूकम्प र लाप्राक बस्ती परियोजना, शंखमूल पार्क निर्माण परियोजना, मोबाइल ब्लड बस, सार्वजनिक शौचालय निर्माण परियोजना, एनआरएनए कोभिड-१९ रिस्पोन्स, वृद्धाश्रम र मानवसेवा आश्रम, मानवीय संकट व्यवस्थापन क्याम्पेन, अक्सिजन प्लान्ट प्रोजेक्ट, ई-लाइब्रेरीजस्ता परियोजनामार्फत एनआरएनएले मातृभूमिको सेवामा अर्बौं लगानी गरेको छ ।

oooo

बाढी, पहिरो भूकम्प, कोरोना महामारी जस्तो राष्ट्रिय संकटमा एनआरएनए अग्रमोर्चामा खटिएर मातृभूमिका नेपाली नागरिकको सेवामा जुटेको छ ।

ooooo

नेपालमा मात्रै नभएर प्रवासमै पनि एनआरएनएले नेपालीहरुको सु:खदुखमा साथ दिने गरेको छ । हरेक सुखदु:खमा साथ दिएकै कारणले प्रवासी नेपालीहरुमाझ एनआरएनएको गरिमा बढ्दो क्रममा छ । एनआरएनए र परोपकारी काम आपसमा पर्यावाची शब्दजस्तै बनेका छन् ।



राजकुमार सिग्देल

## विषय प्रवेश

पेसा, व्यवसाय, रोजगार र अध्ययनको सिलसिलामा विश्वका विभिन्न देशमा रहँदा सिकेको सीप, ज्ञान, पुँजी र अनुभवनलाई भित्र्याएर समृद्ध नेपाल निर्माण गर्ने अठोटका साथ सन् २००३ मा जन्मिएको गैरआवासीय नेपाली संघ ( एनआरएनए) स्थापनाको २० वर्ष पूरा भइसकेको छ । गैरआवासीय नेपालीहरूले आपसी भाइचाराको सम्बन्ध विस्तार तथा हकहितको संरक्षण गर्दै संस्थागत र व्यक्तिगत रूपमा मातृभूमि नेपालको विभिन्न क्षेत्रमा सहयोग गर्दै आएका छन्। नेपालमा उत्पादनमूलक कार्य र लगानीका साथसाथै विदेशमा रहेका नेपाली र नेपाली मूलका विदेशी नागरिकको छाता संगठन गैरआवासीय नेपाली संघले २० वर्षको अवधिमा नेपालको सामाजिक सेवामा उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ।

११-१४ अक्टोबर, २००३ मा डा उपेन्द्र महतोको अध्यक्षतामा काठमाडौंमा पहिलो विश्व सम्मेलन गर्दै गैरआवासीय नेपाली संघ एनआरएनएको स्थापना भएको थियो। पहिलो विश्व सम्मेलन सम्पन्न भएपछि जारी ६ बुँदे घोषणापत्रमा संघको मुख्य उद्देश्य नै 'भावनात्मक र साझेदारीमार्फत नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणमा सहयोग गर्ने' भन्ने थियो । (पेज २१५, गैरआवासीय नेपाली संघको अभिलेख पुस्तक, २०१९)
'विदेशमा बस्ने नेपालीहरूलाई एकजुट गराउने, देशभित्र र बाहिर उनीहरूको हितलाई प्रवर्द्धन गर्ने र नेपालको हितमा उनीहरूको योगदान गर्न परिचालन गर्ने एक गैरनाफामूलक सामाजिक संस्थाको रूपमा कार्य गर्नु नै संघको मुख्य उद्देश्य रहने' संघको विधानमा समेत उल्लेख छ । यी उद्देश्य प्राप्त गर्ने क्रममा संघले गैरआवासीय नेपालीको पुँजी र मानव संशाधनको लगानी, नेपालको चौतर्फी विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरूसँग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने विषयसमेत उल्लेख छ । (पेज २७, गैरआवासीय नेपाली संघको अभिलेख पुस्तक, २०१९)

गैरआवासीय नेपाली संघको विधानले नै परोपकारी कार्य सञ्चालनका लागि उपाध्यक्षको नेतृत्वमा कार्यसञ्चालन गर्ने गरी व्यवस्था गरेको छ । यसबाहेक एनआरएनए फाउन्डेसनको छुट्टै निकायको परिकल्पना पनि गरिएको छ । संघको विधानको परिच्छेद ६ को दफा २२ को उपदफा २ मा उपाध्यक्षको कार्यविभाजन गरी त्यसमा परोपकारी तथा मानवकल्याण विभागको व्यवस्था गरिएको छ । जसअनुसार विधानमा विभिन्न तीन किसिमको कोषको व्यवस्था पनि गरिएको छ।

### १. साधारण कोष

अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विभिन्न उद्देश्य पूरा गर्नका लागि साधारण कोषको परिकल्पना गरेको छ। जसअनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको सम्पूर्ण खर्च पूर्तिका लागि एक साधारण कोषको स्थापना गर्न सक्ने विषय संघको विधानको परिच्छेद ८ को दफा २६ को उपदाफा ४(१) मा उल्लेख छ । यस कोषअन्तर्गत पञ्जीकृत सदस्यता शुल्क संघको प्रकाशनबाट प्राप्त हुने रकम, अन्तर्राष्ट्रिय समन्वय परिषद् वा राष्ट्रिय समन्वय परिषद्ले विभिन्न क्रियाकलाप आयोजना गरी उठाएको रकम र अनुदान रकमहरू पर्नेछन्।

### २. सामाजिक कल्याण कोष

उपदफा ४(२) मा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विशेष

प्रकारका मानवीय कल्याणका परियोजना सञ्चालन गर्नका लागि एउटा सामाजिक कल्याण कोष स्थापना गर्न सक्ने उल्लेख छ। कुनै संघ, संस्था कम्पनी वा अन्य निकाय र व्यक्तिगत रूपबाट प्राप्त अनुदान रकम नै सामाजिक कल्याण कोषको स्रोत हुनेछ । जसबाट सञ्चालित हुने परियोजना अनुगमनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विधानअनुसार उपाध्यक्षको नेतृत्वमा एक विशेष समिति गठन गर्न सक्नेछ।

### ३. अन्य कोष

संघको उद्देश्य प्राप्तिका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विभिन्न कोषहरू स्थापना गर्न सक्नेछ। जसमा एक हो, एनआरएनए फाउन्डेसन । संघको अन्तर्राष्ट्रियस्तरको फाउन्डेसन नेपालभित्र वा विश्वको कुनै पनि स्थानमा स्थापना गर्न सक्ने गरी विधानमा व्यवस्था गरिएको छ । सोहीअनुसार फाउन्डेसन नेपाल सरकार, परराष्ट्र मन्त्रालयमा दर्ता भएर सञ्चालनमा रहेको छ।

### एनआरएनए फाउन्डेसनको कार्यक्षेत्र

प्राकृतिक प्रकोप, नेपालका विभिन्न विकास आयोजनाहरूको निर्माण, शिक्षा, स्वास्थ्य चिकित्सा क्षेत्रमा सहयोग, मठमन्दिर, प्राचीन स्मारकहरूको मर्मत तथा जीर्णोद्वार, कला तथा संगीत क्षेत्रमा सहयोग, वैज्ञानिकहरूको क्षमतावृद्धि, अन्तर्राष्ट्रियस्तरको खेलकुद विकासमा सहयोग, गैरआवासीय नेपालीहरूको उत्थान, विपद् व्यवस्थापन जस्ता क्षेत्रहरूमा फाउन्डेसनले सहयोग गर्ने गरेको छ। एनआरएनएमा फाउन्डेसन कोष तीन सदस्यीय समितिबाट सञ्चालन हुनेगर्छ । जसको कार्यकाल दुई वर्षको हुने व्यवस्था छ।

हाल एनआरएनएका परोपकारीसम्बन्धी जति पनि ठूला प्रोजेक्ट (परियोजना)हरू सञ्चालित छन् ती सबै फाउन्डेनमार्फत नै सञ्चालित हुँदै आएका छन्। विगतमा फाउन्डेसन स्थापना हुनुअघि भने सामाजिक कल्याण कोषमार्फत परोपकारी कामहरू हुने गरेका थिए । हाल फाउन्डेसनमा हाल रामप्रसाद थापा अध्यक्ष छन्। २०७८ सालमा संघका पूर्वअध्यक्ष जीवा लामिछानेको अध्यक्षतामा एनआरएनए फाउन्डेसन दर्ता गरिएको थियो । यो फाउन्डेसन एक व्यावसायिक सीमित दायित्व भएको, गैर नाफामूलक, गैरराजनीतिक तथा गैरसरकारी संस्थाका रूपमा रही सामाजिक तथा अन्य परोपकारी कार्यहरू गर्ने एक व्यावसायिक फाउन्डेसन हो । लामिछानेले दुई वर्षे कार्यकाल पूरा गरेपछि थापालाई नेतृत्व हस्तान्तरण गरेका हुन् । स्थापनासँगै फाउन्डेसनको पहिलो बैठकले जीवा लामिछानेलाई अध्यक्ष चयन गरेको थियो भने सदस्यहरूमा राम प्रताप थापा इन्द्रा वन र पुरु श्रेष्ठ मनोनीत भएका थिए । यस्तै फाउन्डेसनका संस्थापक सदस्यहरूमा गैरआवासीय नेपाली संघको प्रतिनिधित्व गर्दै तत्कालीन अध्यक्ष कुमार पन्त, जीवा लामिछाने, संस्थापक महासचिव भीम उदास, पूर्वसल्लाहकारहरू कुलचन्द्र गौतम र एकनाथ खतिवडा, नेपाल सरकारका पूर्वमुख्यसचिव लीलामणि पौड्याल र अभिनेत्री मनीषा कोइराला रहेका थिए।

### एनआरएनएको पहिलो परोपकारी काम

गैरआवासीय नेपाली संघले परोपकारी कामका सन्दर्भमा यो २० वर्षको अवधिमा साना ठूला गरी उल्लेखनीय काम गरिसकेको छ। यसमा अर्बौं लगानी पनि भइसकेका छन्। यी सबै उदाहरणीय कामको थालनी एनआरएनएले पशुपतिमा किरियापुत्री भवन निर्माण गरेर सुरु गरेको थियो । तत्कालीन अध्यक्ष डा. उपेन्द्र महतोको कार्यकालमा पशुपतिमा वृद्धाश्रम भवन निर्माण भएको नै एनआरएनएको समाजसेवी कामको पहिलो प्रस्थानबिन्दु हो। जुन कार्यलाई एनआरएनएको उदाहरणीय सामाजिक काम भनेर टिप्पणी हुने गरेको छ।

**(बिजमाण्डु, २०७० कात्तिक ४, एनआरएन अभियानका दश वर्ष पूरा, सम्मेलनले के दियो ? आलेख )**

गैरआवासीय नेपाली संघ (एनआरएन) का तत्कालीन अध्यक्ष महतोले स्वर्गीय आमा फूलकुमारी महतोको सम्झनामा २०६२ सालमा पशुपतिस्थित राजेश्वरी घाटमा किरियापुत्री भवन निर्माण गरेका थिए । संघको तर्फबाट महतोले आमाको नाममा स्थापित फूलकुमारी महतो ट्रस्टबाट भवन बनाएर कोषलाई हस्तान्तरण गरेका थिए। त्यतिबेला १ करोड २५ लाख रुपैयाँमा शौचालयसहितका १४ कोठे भवन निर्माण गरी पशुपति क्षेत्र विकास कोषलाई हस्तान्तरण गरिएको थियो । परम्परागत शैलीमा निर्माण गरिएको भवनमा किरियापुत्री र कुरुवा बस्ने छुट्टाछुट्टै ठाउँ,

कपाल काट्ने तथा लत्ताकपडा राख्ने भिन्नाभिन्नै ठाउँको व्यवस्थासमेत गरिएको छ।

एनआरएनएको तर्फबाट ट्रस्टले दोस्रो चरणमा पनि त्यहाँ १० कोठाको भवन पुनर्निर्माण गरेको थियो। त्यसका लागि २ करोड ५० लाख रुपैयाँ लागेको थियो। ट्रस्टले उक्त किरियापुत्री भवन २०७० सालमा करिब २९ लाख खर्चिएर मर्मतसमेत गरेको थियो।

## परोपकारी काममा एनआरएनए

गैरआवासीय नेपाली संघको आधिकारिक च्यानलमार्फत २० वर्षको अवधिमा च्यारिटीमार्फत उल्लेख्य काम भएको माथि नै उल्लेख गरिसकिएको छ। यसबाहेक संस्थाका पदाधिकारी, सदस्य, र अभियन्ताहरूले व्यक्तिगत तवरबाट पनि त्योभन्दा कैयन् गुणा सहयोग भएका छन्। जसको आधिकारिक रेकर्ड पाउन कठिनाइ भए पनि संघको आधिकारिक च्यानलमार्फत मात्रै झन्डै एक अर्ब रकम संकलन भएको देखिन्छ। सन् २००७ मा 'भेरी ब्रिज भिक्टिम फन्ड' अन्तर्गत एनआरएनएले च्यारिटीमार्फत ७२ हजार ७ सय ३६ रुपैयाँ २२ पैसा सहयोग गरेको थियो। यस्तै सन् २००८ मा 'सेभ डोल्मा फन्ड' मार्फत ६ लाख रुपैयाँ, सोही वर्ष सुनसरीका बाढीपीडितलाई पनि ६१ लाख ४ हजार ८ सय ७ रुपैयाँ सहयोग गरेको थियो। यसैगरी २०१२ मा सिरहा आगलागी पीडितलाई च्यारिटीमार्फत ३२ लाख ४८ हजार ३ सय २० रुपैयाँ बराबरको सहयोग गरेको थियो।

यसैगरी २०१२ मै 'सेती फ्लड भिक्टिम फ्लड रिलिफ फन्ड' अन्तर्गत पनि एनआरएनएले ५० लाख रुपैयाँ सहयोग गरेको थियो। सन् २०१३ मै एनआरएनएले बाढीपीडितका लागि थप ४३ लाख ६३ हजार ८ सय १८ रूपैयाँ ७५ पैसा बराबरको सहयोग गर्दा 'सुनकोसी फ्ड रिलिफ फन्ड'अन्तर्गत सन् २०१४ मा पनि ५ लाख ६८ हजार ३ सय ५९ रुपैयाँ ९२ पैसा बराबरको सहयोग गरेको थियो।

यसअघि सन् २०१३ मा ताप्लेजुङका आगलागी पीडितलाई पनि एनआरएनएले १ लाख ८२ हजार ३ सय ६७ रुपैयाँ सहयोग गरेको थियो। 'एभरेस्ट ट्र्याजिडी रिलिफ फण्ड' २०१४ मा २३ लाख ६८ हजार ७ सय ५, 'सप्तरी फ्लड इमरजेन्सी रिस्पोन्स' अन्तरगत २०१७ मा २ करोड ४० लाख सहयोग गरेको थियो। सन् २०१८ मा सपोर्ट टु थानेश्वर भुसाल' अभियानअन्तर्गत पनि १२ लाख ५० हजार, 'सपोर्ट टु टोपबहादुर बिक'अन्तर्गत ३ लाख रुपैयाँ पनि एनआरएनएले सहयोग गरेको छ।

अफगानिस्तानको काबुलमा भएको बम विस्फोटमा मारिएका नेपालीको सहयोगमा पनि एनआरएनएले च्यारिटीमार्फत सहयोग गरेको थियो। जसका लागि संघले १३ लाख रुपैयाँ सहयोग गरेको थियो।

तराई मधेसमा सन् २०१९ मा आएको आँधी (टोर्नाडो) प्रभावितको सहयोगमा पनि १८ लाख ८ हजार ५ सय ५ रुपैयाँ खर्चिएको थियो। यसबाहेक हलेसी आगलागी पीडितका लागि ९४ हजार ५ सय ७५, लिधि बाढीपीडितका लागि ७ लाख १८ हजार ५ सय २६ सहयोग गर्दा टर्कीको विनाशकारी भूकम्पमा समेत संस्थागत ढंगले ४ लाख ८३ हजार ८० रुपैयाँ सहयोग गरेको थियो।

यसैगरी च्यारिटीअन्तर्गत एनआरएनएले कोभिड फन्डमा ४ करोड ३८ लाख २१ हजार ३ सय ८५, अक्सिजन प्लान्टमा ४ करोड ८३ लाख ४२ हजार १ सय ६६, मेक इन नेपालमा १ करोड २८ लाख ७ हजार ५ सय ८०, मोबाइल शौचालयमा २ करोड ८० लाख, महिला तालिममा १ लाख, उमन इम्पावरमेन्टमा ४ लाख १५ हजार ७ सय, स्ट्रिट चिल्ड्रेन प्रोजेक्टमा ७ लाख ५० हजार, एनआरएनए रोड सेफ्टीमा १६ लाख ६३ हजार ७ सय ६९ रुपैयाँ ३२ पैसा, च्यारिटी टर्कीमा ६ लाख ५६ हजार ८ सय, च्यारिटी अर्थक्वेक डोटीमा ५ लाख, एनसीसी च्यारिटी फिनल्याण्डमा ७ लाख २५ हजार ७ सय २८ रुपैयाँ ३६ पैसा सहयोग भएको छ।

यसैगरी एनसीसी च्यारिटी जापानमा ६ लाख ह्वीलचियरमा १५ लाख, बत्रेश्वरी च्यारिटीमा ५६ लाख ९५ हजार २ सय ९९ रुपैयाँ ७२ पैसा सहयोग भएको छ। यसबाहेक सिन्धुपाल्चोक बाढी तथा पहिरोका साथै पीडित दुःख पीडामा समेत गरी संघले संस्थागत ढंगले २० वर्षमा च्यारिटीमार्फत कुल ९६  करोड ७४ लाख ११ हजार ३४५ रुपैयाँ ६४ पैसा सहयोग गरेको देखिन्छ।

**(एनआरएनए सचिवालयको तथ्यांकमा आधारित)**

यसैगरी सन् २०२२ को अप्रिलमा एनआरएनएले पत्रकार



**‘एनआरएनए र परोपकारी काम आपसमा पर्यायवाची शब्दजस्तै हुन्’**

बद्री केसी

एनआरएनए स्थापनाकालदेखि नै विदेशमा बस्ने नेपालीहरूमा आफू जन्मे हुर्केको ठाउँका लागि केही गर्नुपर्छ भन्ने प्रमुख एजेन्डा नै रह्यो । क्षेत्रीय रूपमा, स्थानीय रूपमा र राष्ट्रिय रूपमै फरक-फरक ठाउँका परोपकारी कामहरू भएका छन् । आफू पढेको विद्यायलमा ई-लाइब्रेरी बनाउने, स्वास्थ्यका क्षेत्रमा सहयोग गर्ने, खानेपानीको व्यवस्था गर्ने, शौचालय बनाइदिने जस्ता कार्यहरू स्थानीय स्तरमा भएका छन् । क्षेत्रीय स्तरमा बर्थ सेन्टर बनाइएको छ, कतिपय स्थानमा वृद्धाश्रम बनाइएको छ, हाम्रै पूर्वअध्यक्ष उपेन्द्र महतोले किरियापुत्री भवन बनाउनुभएको थियो । यीलगायत थुप्रै कार्यहरू संस्थागत र व्यक्तिगत तवरबाट परोपकारी कामहरू भएका छन् । वास्तवमा, एनआरएनए र परोपकारी काम आपसमा पर्यायवाची शब्दजस्तै हुन् ।

पछिल्लो समयमा कोरोनाकालमा एनआरएनएले सबैभन्दा धेरै सहयोग गरेको थियो । विदेशमा बस्ने नेपालीहरूबाट सहयोग संकलन गरेर ठूलो मात्रामा स्वास्थ्य सामग्रीहरू नेपाल भित्र्याइएको थियो । त्यसपछि एउटा प्लेन नै चार्टर गरेर अक्सिजन सिलिन्डर गैरअवासीय नेपालीले ल्याएको थियो । अक्सिजन कन्सनटेटरहरू स्वास्थ्य मन्त्रालयले टेन्डर अह्वान गर्दा पनि कतैबाट प्राप्त गर्न सकेको थिएन, त्यस्तो अवस्थामा हामीले आफैंले पैसा उठाएर ठूलो संख्यामा कन्सनटेटरहरू नेपाल पठाउन सफल भएका थियौं ।  अहिले सातैवटा प्रदेशमा अक्सिजन प्लान्टहरू राखेका छौं । सातै वटा प्रदेशमा ब्लड बसहरू राख्न सुरु गरेका छौं ।  यसका साथसाथै हाम्रो हरेक राष्ट्रिय समन्वय परिषद्ले पनि ‘वान एनसीसी वान च्यारिटी’ भनेर वर्षमा केही न केही च्यारिटी गर्दै आएका छन् । धेरै हाम्रो रेकर्डमा नआउन पनि सक्छ किनभने  धेरै कामहरू व्यक्तिगत तवरबाट पनि भएका छन् ।
हामीले एनआरएनएहरूलाई च्यारिटीका लागि मोटिभेट गरेका छौं, संस्थागत रूपमा र व्यक्तिगत रूपमा पनि च्यारिटीका कामहरू निरन्तर भइरहेका छन् ।

हामीलाई नै आग्रह गरिन्छ। यो संस्थाप्रति नेपालभित्र बस्ने नेपालीहरूमा पनि एउटा आशा, भरोशा र आस्था बढेको देखिन्छ। अझ कोरोनाको बेलाको कुरा त अघि पनि मैले भनेँ, गर्भवती महिलाहरूलाई विदेशमै सुत्केरी हुन महँगो हुने गरेको पृष्ठभूमिमा हामीले ती सबै कुराहरू बुझेर गर्भवती महिलाहरूलाई प्लेट चार्टर गरेर पठाउनेसम्मका कामहरू गरेका थियौं। ८० जना महिलालाई हामीले यसरी उद्धार गरेका थियौं।

एनआरएनएमा परोपकारी भन्ने छुट्टै डिपार्टमेन्ट छ। त्यो डिपार्टमेन्टका साथसाथै हामीले एनआरएनए फाउन्डेसन पनि खडा गरिसकेका छौं। एनआरएनए फाउन्डेसनको काम के हो भने अहिलेसम्म हामीले राष्ट्रिय समन्वय परिषद् र अन्तर्राष्ट्रिय समन्वय परिषद् केन्द्रित भएर मात्रै काम गरेका छौं, त्यसमार्फत  चन्दा दिँदा विदेशमा ट्याक्स वेइवर हुँदैन।  जबकि चन्दा दिँदा ट्याक्स नलाग्नुपर्ने हो। तर, त्यो नहुने कारणले धेरैले चन्दा दिइराखेका हुँदैनन्। हाम्रै नेपालीहरूको पनि ठूलठूला कम्पनीहरू छन्, त्यहाँ ट्याक्स वेइबर हुने हो भने धेरै फन्ड कलेक्सन हुनसक्छ। त्यसकारणले अहिले हामीले केन्द्रमा एनआरएनए फाउन्डेसन स्थापना गरेका हौं भने अब हरेक क्षेत्रमा युरोप, अमेरिका, अस्ट्रेलिया, मध्यपूर्वलगायतमा एउटा-एउटा एनआरएनए फाउन्डेसन दर्ता गर्ने र त्यसपछि सम्बन्धित क्षेत्रका साथीहरूले खुला रूपमा चन्दा दिन सक्छन्। यसरी चन्दा दिँदा ट्याक्स तिर्नुनपर्ने भएकाले सम्बन्धितलाई पनि फाइदा हुन्छ। फाउन्डेसनमार्फत अन्य अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसँग पनि सहकार्य गरेर यसलाई अझ बढी ठूला अमाउण्टमा पैसा उठाउने र धेरै ठूलाठूला च्यारिटी  र परोपकारी काम गर्न सक्ने एउटा पृष्ठभूमिचाहिँ हामीले अहिले बनाउन सकेका छौँ।

वास्तवमा एनआरएनए सुरु हुँदा हाम्रो संख्यामा अबद्ध मान्छेहरू त्यतिधेरै थिएनन्। सुरुमा १६ देशका करिब  १६०/६५ जना मान्छेको मात्रै आबद्धता रहेको थियो। त्यति नै मान्छेको पहलकदमीमा एनआरएनए खडा भएर यहाँसम्म आइपुगेको हो। एक किसावले भन्नुपर्दा संस्था सञ्चालनका लागि पनि एक हिसावले धौधौको अवस्था थियो। विस्तारै संस्थाको महत्व बढ्दै थयो, मान्छेहरू थपिँदै गए, राष्ट्रिय समन्वय समितिहरू थपिँदै गए। त्यसपछि  नै च्यारिटीका कामहरूले पनि गति लिएको हो। चुनौतीका बीच सुरु-सुरुमा हाम्रा अग्रजहरूले ठूलठूला च्यारिटीहरू गर्नुभयो। व्यक्तिगत रूपमै पनि डा उपेन्द्र महतोले किरियापुत्री घर आफैले बनाइदिनुभयो। उहाँले अस्पताल आफैँले बनाइदिनु भयो। उहाँले यसरी उदाहरण प्रस्तुत गरेर अरुलाई पनि परोपकारी काममा लाग्न प्रोत्साहित गर्नुभयो। अहिले त हामीसँग करिब १ लाख पञ्जीकृत सदस्य नै छन्। हामीसँग ८७ वटा देशमा राष्ट्रिय समन्वय समिति रहेको छ। अहिले च्यारिटी र परोपकारी कार्यहरू गर्नका लागि निकै ठूलो नेटवर्क छ र त्यो नै हाम्रो ठूलो सम्पत्ति हो।

च्यारिटी भनेकै जहाँ सरकारको पनि उपस्थिति पुगेको छैन, ध्यान पुगेर पनि प्रगति हुन सकेको छैन त्यसलाई नै केन्द्रित गरेर च्यारिटी गर्ने हो। अर्थात् आवश्यकताको आधारमा नै च्यारिटी गरिन्छ। स्वास्थ्य क्षेत्रमा, शिक्षा क्षेत्रमा, धार्मिक मठ मन्दिर निर्माणलगायतका क्षेत्रमै च्यारिटी गर्ने हो। साथै ठूलो च्यारिटीको रूपमा भने हामीले अहिले हेल्थ सेक्टर र अर्को सामाजिक विषयमा नै हो। जस्तो अहिले सडक बालबालिकाहरू उद्धार गर्ने काममा पनि हामीले काम गरेका छौँ। एउटा सडक बालबालिकालाई एक जना एनआरएनएले अभिभाकत्व गरेको खण्डमा ती बच्चाको जीवनस्तरमा सुधार आउन सक्छ। यसका लागि हामीले सुरुमा १ सय जना बच्चाको पालनपोसन सुरु गरेका छौं। कोही पनि सडकमा रहनु नपरोस् भनेर हामीले यसखालको परोपकारी कार्यमा पहलकदमी सुरु गरेका हौं। सडक बालबालिकामुक्त नेपाल बनाउनुपर्छ भनेर हामी लागिपरेका छौं। समग्रमा यो २० वर्षमा परोपकारी कार्यहरू संघमार्फत धेरै भएका छन् र यसमार्फत नै एनआरएनएले आफूलाई चिनाउने र स्थापित गर्ने मौका पाउनुका साथै आगामी दिनमा पनि यसलाई थप सशक्त बनाउँदै लैजाने कुरामा

हामी सम्पूर्ण एनआरएनएहरू प्रतिबद्ध पनि छौं ।

वास्तवमा एनआरएनए सुरु हुँदा हाम्रो संख्यामा अबद्ध मान्छेहरू त्यतिधेरै थिएनन् । सुरुमा १६ देशका करिब १६०/६५ जना मान्छेको मात्रै आबद्धता रहेको थियो । त्यति नै मान्छेको पहलकदमीमा एनआरएनए खडा भएर यहाँसम्म आइपुगेको हो । एक किसावले भन्नुपर्दा संस्था सञ्चालनका लागि पनि एक हिसावले धौधौको अवस्था थियो । विस्तारै संस्थाको महत्व बढ्दै थयो, मान्छेहरू थपिँदै गए, राष्ट्रिय समन्वय समितिहरू थपिँदै गए । त्यसपछि  नै च्यारिटीका कामहरूले पनि गति लिएको हो । चुनौतीका बीच सुरु-सुरुमा हाम्रा अग्रजहरूले ठूलठूला च्यारिटीहरू गर्नुभयो । व्यक्तिगत रूपमै पनि डा उपेन्द्र महतोले किरियापुत्री घर आफैंले बनाइदिनुभयो । उहाँले अस्पताल आफैँले बनाइदिनु भयो । उहाँले यसरी उदाहरण प्रस्तुत गरेर अरुलाई पनि परोपकारी काममा लाग्न प्रोत्साहित गर्नुभयो । अहिले त हामीसँग करिब १ लाख पञ्जीकृत सदस्य नै छन् । हामीसँग ८७ वटा देशमा राष्ट्रिय समन्वय समिति रहेको छ । अहिले च्यारिटी र परोपकारी कार्यहरू गर्नका लागि निकै ठूलो नेटवर्क छ र त्यो नै हाम्रो ठूलो सम्पत्ति हो ।

च्यारिटी भनेकै जहाँ सरकारको पनि उपस्थिति पुगेको छैन, ध्यान पुगेर पनि प्रगति हुन सकेको छैन त्यसलाई नै केन्द्रित गरेर च्यारिटी गर्ने हो । अर्थात् आवश्यकताको आधारमा नै च्यारिटी गरिन्छ । स्वास्थ्य क्षेत्रमा, शिक्षा क्षेत्रमा, धार्मिक मठ मन्दिर निर्माणलगायतका क्षेत्रमै च्यारिटी गर्ने हो । साथै ठूलो च्यारिटीको रूपमा भने हामीले अहिले हेल्थ सेक्टर र अर्को सामाजिक विषयमा नै हो । जस्तो अहिले सडक बालबालिकाहरू उद्धार गर्ने काममा पनि हामीले काम गरेका छौं । एउटा सडक बालबालिकालाई एक जना एनआरएनएले अभिभाकत्व गरेको खण्डमा ती बच्चाको जीवनस्तरमा सुधार आउन सक्छ । यसका लागि हामिले सुरुमा १ सय जना बच्चाको पालनपोसन सुरु गरेका छौं । कोही पनि सडकमा रहनु नपरोस् भनेर हामीले यसखालको परोपकारी कार्यमा पहलकदमी सुरु गरेका हौं । सडक बालबालिकामुक्त नेपाल बनाउनुपर्छ भनेर हामी लागिपरेका छौं । समग्रमा यो २० वर्षमा परोपकारी कार्यहरू संघमार्फत धेरै भएका छन् र यसमार्फत नै एनआरएनएले आफूलाई चिनाउने र स्थापित गर्ने मौका पाउनुका साथै आगामी दिनमा पनि यसलाई थप सशक्त बनाउँदै लैजाने कुरामा हामी सम्पूर्ण एनआरएनएहरू प्रतिबद्ध पनि छौं ।

महासंघ कास्कीलाई १ लाख बराबरको स्वास्थ्य सामग्री पनि हस्तान्तरण गरेको थियो । यसैगरी सन् २०२२ को जुनमा पनि एनआरएनएले राष्ट्रिय आविष्कार केन्द्रलाई १२ लाख ८७ हजार ५ सय ८० रुपैयाँ ४८ पैसा सहयोग गरेको थियो। यस्तै टर्कीका भूकम्प पीडितलाई सन् २०२३ को मार्चमा ५ लाख डलर, राष्ट्रिय आविष्कार केन्द्रलाई नै थप ६३ लाख ९ हजारभन्दा बढी मूल्यको सामग्री सहयोगका साथसाथै विभिन्न स्थानमा चिसोबाट प्रभावितलाई न्यायो कपडा, शैक्षिक सामग्रीदेखि विविध किसमका साना ठूला सहयोग एनआरएनएबाट भएका छन् । (रातोपाटी, चैत ९, २०७९, राष्ट्रिय आविष्कार केन्द्रलाई ६३ लाखभन्दा बढीको सहयोग सामग्री हस्तान्तरण)

**च्यारिटीमार्फत संस्थागत प्रमुख कार्यका केही झलक**

| वर्ष | फन्ड शीर्षक | रकम |
|---|---|---|
| २००७ | भेरी ब्रिज भिक्टिम फन्ड | ७३७३६.२२ |
| २००८ | सेभ डोल्मा फन्ड | ६००००० |
| २००८ | सुनसरी बाढी प्रभावित सहयोग | ६१०४८०७ |
| २०१२ | सिरहा आगलागी सहयोग | ३२४८३२० |
| २०१२ | सेती बाढी प्रभावित राहत | ५०००००० |
| २०१३ | बाढी पहिरो पीडित सहयोग | ४३६३८१८.७५ |
| २०१३ | ताप्लेजुङ आगलागी पीडित सहयोग | १८२३६७ |
| २०१४ | सुनकोशी बाढी प्रभावित फन्ड | ५६८३५९.९२ |
| २०१४ | एभरेस्ट ट्र्याजेडी रिलिफ फन्ड | २३६८७०५ |
| २०१७ | सप्तरी फ्लड इमर्जेन्सी रिस्पोन्स | २४०००००० |
| २०१८ | थानेश्वर भुसाल सहयोग | १२५०००० |
| २०१८ | टोपबहादुर बिके सहयोग | ३००००० |
| २०१८ | काबुल भिक्टिम | १३००००० |
| २०१९ | टोर्नाडो रिलिफ | १५०८५०५ |
| २०१९ | हलेसी आगलागी पीडित सहयोग | ९४५७५ |
| २०२० | लिघि बाढी पहिरो पीडित सहयोग | ७१८५२६ |
| २०२२ | टर्की भिक्टिम | ४८३०८० |
| | कोभिड फन्डलगायतमा विभिन्न खर्च | १०६३३८४५५.८० |
| | स्थापनादेखि जनवरी २०२२ सम्म संस्थागत च्यानलबाट भएका थप खर्च | ८०८९०८०९० |
| | सन् २००३ यताका कुल खर्च | ९६,७४,११,३४५.६४ |

स्रोत : गैरआवासीय नेपली संघ, सचिवालय

| | Charity Fund Calculation | |
|---|---|---|
| | | |
| | Opening (Presentation) | 861,072,889.84 |
| 1 | Covid Fund | 43,821,385.00 |
| 2 | Oxygen Plant | 48,342,166.40 |
| 3 | Make in Nepal | 1,287,580.00 |
| 4 | Mobile Toilet | 280,000.00 |
| 5 | Women Training | 100,000.00 |
| 6 | Women empower | 415,700.00 |
| 7 | Street Children Project | 750,000.00 |
| 8 | NRNA Road Safety | 1,663,796.32 |
| 9 | Charity Rurkey | 656,800.00 |
| 10 | Charity Earthquake Doti | 500,000.00 |
| 11 | NCC Charity Finland | 725,728.36 |
| 12 | NCC Charity Japan | 600,000.00 |
| 13 | Wheel chair | 1,500,000.00 |
| 14 | Betreshwori | 5,695,299.72 |
| | **Total Rs.** | **967,411,345.64** |

स्रोत : गैरआवासीय नेपली संघ, सचिवालय

## एनआरएनएको अर्जुनदृष्टि ठूला परियोजनामा

विगतमा एनआरएनएले खुद्रा मसिना कार्यहरू च्यारिटीमार्फत गर्दै आएकोमा पछिल्लो समय परोपकारी कार्यहरूको शैली पनि बदल्न थालेको छ । अवसर र सम्भावना बोकेका क्षेत्रको चयन गरी ठूला परियोजनामा आफ्नो लगानीमार्फत एनआरएनएले लक्षित समुदायलाई समेट्न थालेको देखिन्छ। मोबाइल ब्लड बस सेवा, लाप्राक बस्ती, एनआरएनए नेपाल डेभलभमेन्ट फन्ड, भूकम्प पीडित राहत क्याम्पेन, मानवीय संकट व्यवस्थापन क्याम्पेन, शंखमूल गार्डेन प्रोजेक्ट, सार्वजनिक शौचालयन निर्माण परियोजना यसका उदाहरण हुन् । यी र यस्ता परियोजना कतिपय सम्पन्न भइसकेका छन् भने केही परियोजना सञ्चालनकै अवस्थामा रहेका छन्।

१. भूकम्प र लाप्राक बस्ती परियोजना
२. शंखमूल पार्क निर्माण परियोजना
३. मोबाइल ब्लड बस
४. सार्वजनिक शौचालय निर्माण परियोजना
५. एनआरएनए कोभिड-१९ रिस्पोन्स
५. वृद्धाश्रम र मानवसेवा आश्रम
७. मानवीय संकट व्यवस्थापन क्याम्पेन
८. अक्सिजन प्लान्ट प्रोजेक्ट
९. ई-लाइब्रेरी

## भूकम्पमा सहयोग र लाप्राक बस्ती परियोजना

२०७२ लाखमा गएको विकाशकारी भूकम्पपछि एनआरएनएले विश्वभरबाट तत्काल १२ करोड ३७ लाख ४४ हजार २ सय ३७ र ६७ पैसा संकलन गरेर आफ्नो भूकम्प पीडित राहत तथा उद्धार कोषमा जम्मा गरेको थियो । सोहीअनुसार एनआरएनएले सरकारी कोषलाई सहयोग गर्दै आफ्नो उपस्थिति बलियो बनाएको थियो । यसबाहेक एनआरएनएको पहलमा ठूलो रकम तथा सामग्रीहरू प्रभावित क्षेत्रका बासिन्दालाई वितरण भएका थिए । एनआरएनएले सहजीकरण र पहलमा त्यतिबेला पीडामा रहेका नेपालीहरूलाई मह्लमपट्टी लगाउन सहयोग गरेको थियो।

त्यतिबेलादेखि नै एनआरएनएको परोपकारी काममा

तीव्रतर वृद्धि भएको थियो । २०७२ अघिको कार्यकालमा १० करोड रुपैयाँ बराबरको परोपकारी काम गरेका भएकोमा त्यसपछि गुणात्मक रूपमा परोपकारी काममा वृद्धि भएको थियो । भूकम्पको बेला ०७२ सालमा सबै क्षेत्रमा गरी झन्डै ६० करोडको परोपकारी काम भएको थियो। भूकम्पका बेला गरेको कामको रकम हटाउँदा पनि दोब्बरभन्दा धेरै परोपकारी काममा खर्च भएका थिए।

**(अनलाइनखबर, २०७२ असोज २२, एनआरएनए परिपक्क बन्दै गएको छ: कुमार पन्त)**

भूकम्पका बेला एनआरएनएले राहत सामग्रीमा औषधि र खाद्यपदार्थसहित आवश्यक निर्माण सामग्री करिब १७ हजार परिवारलाई वितरण गरेको थियो। जसबाट करिब ६८ हजार नागरिक लाभान्वित भएका थिए। यो कार्यका लागि करिब ३ सय ५० जना भोलेन्टियरहरू परिचालित रहेका थिए भने करिब ३ करोड ७० लाख रुपैयाँ छुट्टै फन्ड पनि परिचालन गरिएको थियो। लाप्राक एकीकृत बस्ती निर्माणमा एनआरएनएले ५३ करोड ७ लाख रुपैयाँ लाग्ने सुरुवाती अनुमान गरेको थियो । जसअनुसार एनआरएनएले ५ सय ७३ वटा आकर्षक घर भूकम्पको केन्द्रबिन्दु नजिकैको लाप्राकमा बनाएको थियो। सरकारले एकीकृत बस्ती निर्माणका लागि उपलब्ध गराएको १८.३२ हेक्टर क्षेत्रफल जमिनमा जुन परियोजना सम्पन्न गरिएको थियो। यो परियोजना निर्माणका क्रममा विवादहरू समेत उत्पन्न भए पनि एनआरएनएले सफलतापूर्वक परियोजना सम्पन्न गरेको थियो।

निर्माण सम्पन्नपछि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका तत्कालीन प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली र गैरआवासीय नेपाली संघका तत्कालीन अध्यक्ष कुमार पन्तले गोरखाका धार्चे गाउँपालिकास्थित लाप्राक एकीकृत बस्तीमा आयोजित कार्यक्रममा संयुक्त रूपमा घर हस्तान्तरण गरेका थिए । ०७३ वैशाख १२ गते एनआरएनए, पुनर्निर्माण प्राधिकरण र स्थानीयबीच सम्झौता भए पनि कात्तिकदेखि सुरु भएको बस्ती निर्माण गर्न चार वर्षभन्दा बढी समय लागेको थियो। एउटा घर निर्माणमा १० लाखभन्दा बढी खर्च लागेकोमा निर्माण सक्दा भने ५७ हरोड रुपैयाँ खर्च भएको एनआरएनएको तथ्यांकमा उल्लेख छ।

## शंखमूल पार्क निर्माण परियोजना

गैरआवासीय नेपाली संघले आफ्नो ड्रिम प्रोजेक्टका रूपमा शंखमूल पार्क निर्माण सम्पन्न गरेको थियो। २०७५ सालमा एनआरएनएले झन्डै ४ वर्ष लगाएर शंखमूल पार्क निर्माण सम्पन्न गरेका थियो। एनआरएनएले २ करोड २० लाख रुपैयाँ खर्चिएर उक्त पार्क निर्माण गरेको थियो । निर्माण सम्पन्न पछि संघले २०७४ असोजमा ललितपुर महानगरपालिकालाई हस्तान्तरण गरेको थियो । पार्क निर्माणको जिम्मा स्पेश क्राफ्ट नामक कम्पनीले पाएको थियो । ३२ रोपनी क्षेत्रफलमा पार्क बनाउन सुरुमा २ करोड रुपैयाँ खर्च हुने बताइएकोमा केही संरचना थप गरिएका कारण लागत बढ्न पुगेको थियो । पार्क निर्माणका लागि संघका संस्थापक अध्यक्ष उपेन्द्र महतोले २५ लाख, पूर्वअध्यक्ष शेष घले र अध्यक्ष भवन भट्टले जनही १५ लाख, डा निरजगोविन्द श्रेष्ठले १० लाख रुपैयाँ सहयोग गरेका थिए।

यसबाहेक अन्य सहयोगी संस्था र व्यक्तिले पनि पार्क निर्माणमा सहयोग गरेका थिए। शंखमूल पार्कमा स-साना पोखरीहरू, चौबिसै घण्टा पानी बग्ने शंखमूल धारालगायत संरचना निर्माण भएका छन्।

## मानवीय संकट व्यवस्थापन क्याम्पेन

८ वर्षअघि नेपालमा संविधानसभाबाट संविधान जारी हुँदा तराई केन्द्रित दलहरूले मधेसमा आन्दोलन चर्काए । भारतको चाहनाविपरीत जारी भएको टिप्पणी हुँदै आएको संविधानपछि नेपालमा नाकाबन्दीको अवस्था सिर्जना भयो । मधेस आन्दोलनको बहानामा भएको भारतीय नाकाबन्दीको विषयमा एनआरएनएले बुलन्द आवाज उठाएको थियो । संयुक्त राष्ट्रसंघमा ज्ञापनपत्र बुझाउनेदेखि विभिन्न देशमा रहेका भारतीय दूतावास अगाडि एनआरएनएहरूले 'ब्याक अफ इन्डिया' को नारा लगाउँदै नाकाबन्दी खुला गर्न सार्वजनिक दबाब दिएका थिए । यस्तै एनआरएनएले सार्वजनिक विज्ञप्तिमार्फत सरकारलाई साथ दिँदै भारतमाथि अन्तर्राष्ट्रिय दबबा सिर्जना गराएको थियो । यतिमात्रै होइन सो क्रममा एनआरएनएले मानवीय संकट व्यवस्थापन क्याम्पेन नै सञ्चालन गरेर समस्यामा परेका नेपालीहरूलाई सहयोग गरेको थियो। नाकाबन्दीका बेला कैयन् नेपालीहरू अलपत्र

परेको अवस्थामा अभियानमार्फत एनआरएनएले सहयोगी भूमिका खेलेको थियो। त्यतिबेला एनआरएनएले १ करोड ६० लाख रुपैयाँ खर्च गरेको थियो।

## देवघाट वृद्धाश्रम र सडक मानवमुक्त अभियान

गैरआवासीय नेपाली संघद्वारा चितवनको देवघाटमा निर्मित अत्यधिक सुविधासम्पन्न 'देवघाट एनआरएन वृद्धाश्रम' २०६६ असोजदेखि सञ्चालनमा आएको थियो। २३ कोठे वृद्धाश्रममा ५८ वृद्धवृद्धाले आश्रय लिन सक्ने गरी एनआरएनएले निर्माण गरेको यो परियोजनालाई विश्वभरका एनआरएनए अभियन्ताहरूले सहयोग गरेका थिए।

वृद्धाश्रम गैरआवासीय नेपाली संघद्वारा १ करोड ४९ लाख ९६ हजार रुपैयाँ हाराहारीका लागतमा निर्माण भएको हो। जुन वृद्धाश्रम निर्माणका लागि उपेन्द्र महतोले सर्वाधिक १८ लाख ५३ हजार ४ सय ५६ रुपैयाँ सहयोग गरेका थिए। उनीसहित दर्जनौं मनकारी व्यक्तित्वहरूको सहयोगबाट उक्त परियोजना सञ्चालित अवस्थामा छन्।

### एन आर एन वृद्धाश्रम
### एन आर एन देवघाट वृद्धाश्रम निर्माणका लागि आर्थिक सहयोग गर्ने महानुभावहरु

| नाम | रकम ने रु | नाम | रकम ने रु |
|---|---|---|---|
| डा उपेन्द्र महतो, रुस/बेलारुस | १८५३४५६.०० | श्री जनक बस्नेत, आयल अफ म्यान | १४७७५१८.९० |
| श्री खेमलाल हरीकला फाउण्डेशन/ श्री जीवनाथ लामिछाने, रुस | १०४६८००.०० | डा निरज गोविन्द श्रेष्ठ, साइप्रस | ९२६७२८.०० |
| श्री प्रितम श्रेष्ठ, हङकङ्ग | ६४९४८१.०० | डा शारदा/नारायण कुंवर | ५४६०००.०० |
| श्री रमाकान्त खरेल, अमेरिका | ५१५४९०.०० | श्री रामबाबु नेपाल, द नेदरल्याण्ड | ४९६५१५.४२ |
| श्री राम प्रताप थापा, जर्मनी | ४९००००.०० | श्रीमती उषा शर्मा, जर्मनी | ४८५३२२.०० |
| श्री घनश्याम थापा, रुस | ४६८१००.०० | श्री टेकराज निरौला, रुस | ४६८१००.०० |
| श्री विनय कुमार श्रेष्ठ, रुस | ४६८१००.०० | श्री भिम उदास, लेसोथो | ४६५०००.०० |
| डा सूर्यप्रसाद रिजाल, रुस | ४६०७५०.०० | श्री हरेन्द्र प्रसाद जयसवाल | ४५७०००.०० |
| श्री ऋषि प्रसाद रिजाल, रुस | ४४३०५३.४० | श्री विनोद कुमार भिमसरिया, हङकङ्ग | ४४०३८४.४३ |
| श्री भवन भट्ट, जापान | ४१२३५०.०० | श्री वेद जोशी र नेपाली समाज, अमेरिका | ३९४४३१.८२ |
| श्रीमती गीता फाउ र कनेक्टिकट नेपाली समाज, अमेरिका | ३८३७७९.९८ | श्री राष्ट्रिय समन्वय परिषद, हङकङ्ग | ३२४७४०.५० |
| श्री हरिहर पोखरेल, रुस | ३१६९५३.४० | डा श्याम कार्की, अमेरिका | २३९५८३.६५ |
| डा देवकाजी डंगोल, कतार | ८७३७०.०० | श्री राजन कुंवर | ७३६५०.६५ |
| डा वैद्यनाथ शर्मा, रुस | ६३४४१.३८ | श्री राष्ट्रिय समन्वय परिषद, अष्ट्रेलिया | ६३३७५.०० |
| श्री श्री विष्ट, अमेरिका | ५००००.०० | डा मणिराज पोखरेल, ?; | ४४३६२.३८ |
| डा कृष्ण प्रसाद कायस्थ, यूक्रेन | ४११०२.१५ | श्री सागर नेपाल, कतार | ३६०००.०० |
| श्री नेपाली नारी निकुञ्ज, मस्को, रुस | ३३०००.०० | श्री चिरञ्जिवि ढकाल, बेलायत | ३२९४५.०० |
| डा जूगल भुर्तेल, रुस | ३१७५२.३८ | श्री रंगनाथ पौडेल, रुस | ३१७५२.३८ |
| श्रीमती सपिला राजभण्डारी, रुस | ३१७५२.३८ | श्री जीवन श्रेष्ठ, रुस | ३१५२५.०० |
| डा गिरिजा गौतम, अमेरिका | २७६५३.३५ | श्री दिनानाथ राजभण्डारी, रुस | १९०७६.७८ |
| डा भिष्म आचार्य, रुस | १५७६२.५० | डा बुद्धिराज खरेल, रुस | १२८६५.७३ |
| श्री गोविन्द प्रसाद आचार्य, रुस | ९५७०.०८ | श्री जीवन प्रकाश निरौला, यूएई | ९१५०.०० |
| डा इन्द्र अधिकारी, रुस | ६९३५.५० | डा कुमार बस्नेत, जापान | ६५७०.०० |
| श्री प्रविण गौचन, रुस | ६४०१.१८ | श्री डिल्ली खरेल सुमन, रुस | ६४०१.१८ |
| श्री सुरेन्द्र बहादुर खडायत, रुस | ६४०१.१८ | श्री राजाराम शर्मा, रुस | ६४०१.१८ |
| श्री खगेन्द्र नेपाली, बेलायत | ३७८०.०० | | |

यसैगरी निकट भविष्यमै एनआरएनएले १ सय बेड क्षमताको अर्को वृद्धाश्रम पनि निर्माणको प्रक्रिया थालेको छ । अध्यक्ष कुल आचार्यको संयोजकत्वमा वृद्धाश्रम निर्माणका लागि आवश्यक प्रक्रिया बढाइएको हो। त्यसका लागि ३ करोड खर्चने एनआरएनएको योजना छ। सडक बालबालिका र सडक मानवमुक्त अभियानका लागि पनि एनआरएनएले पहल गरिरहेको छ। जसअनुसार यसअघि मानवसेवा आश्रमलगायतलाई पनि एनआरएनएले सहयोग गर्दै आएको छ। 'एक गैरआवासीय नेपाली एक असहाय बालबालिका सहायता' कार्यक्रमअन्तर्गत एनआरएनएले वार्षिक १०० बालबालिकाका लागि २ करोड रुपैयाँ तीन वर्षमा जुटाउने लक्ष्य लिएको छ।

## एनआरएनए कोभिड-१९ रिस्पोन्स

२०७६ माघ १० मा नेपालमा कोरोना भाइरस प्रथमपटक देखा परेको थियो। २०७६ माघमा चीनबाट आएका ती नेपालीमा कोरोना संक्रमण पुष्टि भएको थियो । तर, नेपालमा महामारीकै रूप भने चैतदेखि मात्रै सुरु भएको थियो। कोरोना महामारी सुरु भएपछि सरकारले चैत ११ गतेदेखि देशव्यापी लकडाउन सुरु गर्‍यो। जुन लकडाउन कडाइका साथ असारसम्म जारी रह्यो । यो बीचमा अन्तर्राष्ट्रिय हवाई उडानहरू प्रभावित भए। स्थलमार्गबाट भारतबाट आउने नागरिकहरू पनि बीचमै रोकिए । जसका कारण देशका साथै विदेशमा पनि भयावह अवस्थाको सिर्जना भयो । कैयन् नेपाली विदेशमा अलपत्रमात्रै परेनन् रोजगारी पनि गुमाउन बाध्य भए । यस्तो अवस्थामा एनआरएनएले एनआरएनए कोभिड-१९ रिस्पोन्स टिम बनाएर विदेशमा रहेका नेपालीलाई राहत र उद्धारदेखि स्वास्थ्य परामर्शलगायतका अभियानसमेत चलाएको थियो। एनआरएनएले अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)मार्फत सहयोग जुटाएर खाडीसहित विश्वभरबाट नेपालीहरूको राहत र उद्धारका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

विशेषगरी कोरोना भाइरसबाट प्रभावित खाडी मुलुकका कामदारहरूको उद्धार तथा राहतका लागि भनी आईएलओ र गैरआवासीय नेपाली संघबीच १० करोड रुपैयाँको उक्त परियोजना सञ्चालनमा आएको थियो। यो परियोजनाका विषयमा कतिपयले घोटालासँग जोडेर प्रश्नसमेत उठाएका थिए । जसबारे प्रष्ट पार्दै एनआरएनएले कुनै घोटाला नभएको स्पष्ट गर्दै आएको छ।

आइएलओले पटक-पटक गरी एनआरएनएलाई १० करोड रुपैयाँ उपलब्ध गराई उद्धार तथा राहतको परियोजना सञ्चालन गरेको थियो । उक्त परियोजनाको संयोजक तत्कलीन उपाध्यक्ष तथा हालका कार्यकारी अध्यक्ष डा बद्री केसी दिए । उनकै संयोजनमा भएको यो परियोजनामार्फत सेल्टर सपोर्ट ३ हजार ६ सय ३४ जना, लेगल सपोर्ट ५ सय ३१ जना, काउन्सिलिङ १२ हजार ५ सय १७ जनाले पाएका थिए। यस्तै क्याम्पमा ३ हजार ९ सय ७२ जनाले सुविधा पाएका थिए भने हेल्थ डेस्क सर्भिस ४ हजार २ सय ६८ जनाले पाएका थिए।

यसैगरी आरटी-पीसीआर टेस्ट ७ सय ४९ जनामा गर्न सकिँदा ९ सय ८७ जनाले हजाइ टिकट सुविधा पाएका थिए । यस्तै २ सय ३४ जनाको डिटेन्सन फाइन तिरिएकामा आत्महत्या रोकथामसम्बन्धी तालिम पनि ४४ जनालाई दिइएको थियो। यस्तै १ हजार ८ सय ८७ जनालाई हेल्थक्याम्पमार्फत सेवा दिइँदा स्थानीय यातायातमार्फत १ हजार २ सय ७७ जनाले सेवा पनि पाएका थिए। यस्तै स्पेशल निड केश १ सय ७ जना र स्किल म्यापिडबाट १३ हजार ४ सय ८७ जनाले सेवा पनि पाएका थिए।

***Figure 1: Key Achievements***

- Shelter support: 3,694
- Legal support: 531
- Counselling: 12,517
- Camp participation: 3,972
- Help Desk service: 4,268
- RT-PCR test: 749
- Air ticket: 987
- Detention fines: 234
- Suicide prevention training: 44
- Health camp: 1,887
- Local transportation: 1,277
- Special need cases: 107
- Skills mapping: 13,487

(आईएलओ प्रोजेक्ट रिपोर्टबाट)
कोरोना कहरकाबीच एनआरएनएको उपलब्धि

कोरोना कहरकाबीच पनि एनआरएनएले उपलब्धिपूर्ण कार्य गर्न सफल रह्यो । महामारीका बीच एनआरएनएमार्फत २३ करोड रुपैयाँ परिचालन भयो । १ लाख ७० हजार कोरोना पीडित गैरआवासीय नेपालीलाई राहत प्रदान गरिँदा गैरआवासीय नेपालीबाट १३ करोडको आर्थिक सहयोग भएका थिए । नेपाल सरकारलाई ४ करोड १४ लाख बराबरको स्वास्थ्य सामग्री सहयोग, सात प्रदेशका १४ स्वास्थ्य संस्थामा मेडिकल सामग्री प्रदान, १२ राष्ट्रिय समन्वय समितिमा ६५ लाख रुपैयाँ बराबरको सहयोग, ५० देशका ३ सयभन्दा बढी सहरहरूमा स्वयम् सेवक परिचालन पनि गरिएको थियो । यस्तै विश्वभरका दुई सय गैरआवासीय नेपाली चिकित्सकबाट स्वास्थ्य परामर्श पनि सो क्रममा गरिएको थियो । यस्तै विदेशबाट कोरोनाकालमा उद्धार गरेर ल्याइएका कतिपयलाई नेपाल विमानस्थलमा उत्रिएपछि घरसम्म पुग्ने यातायात सुविधासमेत प्रदान गरिएको थियो ।

### कोरोना कहरमा राहत र सहयोग

- गैरआवासीय नेपालीबाट रु १३ करोड आर्थिक सहयोग संकलन
- अन्तर्राष्ट्रिय संस्थाबाट रु १० करोड सहयोगको प्रतिबद्धता
- नेपाल सरकारलाई रु ४ करोड १६ लाख बराबरको स्वास्थ्य सामग्री सहयोग
- नेपालका सात प्रदेशका १४ स्वास्थ्य संस्थामा मेडिकल सामग्रीहरु प्रदान
- १२ राष्ट्रिय समन्वय समितिमा रु ६५ लाख बराबर सहयोग
- ५० देशका ३०० भन्दा बढी शहरहरुमा २५ सय भन्दा बढी स्वयः सेवक परिचालन
- कोरोना पिडित १ लाख ७० हजार गैरआवासीय नेपालीहरुलाई प्रत्यक्ष सहयोग
- विश्वभरका २ सय गैरआवासीय नेपाली चिकित्सकबाट स्वास्थ्य परामर्श

## ई-लाइब्रेरी

एनआरएनएको परोपकारी कामअन्तर्गत एउटा छुटाउनै नहुने काम शिक्षा क्षेत्रमा  ई-लाइब्रेरीमा भएको छ । एनआरएनएले संस्थागतका साथै अभियन्ताहरूको पहलमा २ सय देशका २ सयभन्दा बढी क्षेत्रमा ई-लाइब्रेरी स्थापना भएका छन् । नेपालमा ई-लाइब्रेरी निर्माणमा एनआरएनएको संस्थागत र व्यक्तिगत तवरबाट करोडौं खर्च भएका छन् ।  जहाँ-जहाँ ई-पुस्तकालय सेवा सञ्चालन गरिएको छ, त्यहाँका सरोकारवालाले यसको दिगो सञ्चालन र प्रभावकारी प्रयोगबारे ध्यान दिनुपर्ने एनआरएनएका प्रवक्ता तथा ई-लाइब्रेरी अभियानका अभियन्ता सोम सापकोटाको जोड छ ।

प्रविधिको विकाससँगै पुस्तकालयलाई प्रविधिसँग जोडेर

डिजिटल प्रविधि प्रयोग गरी पठनपाठन संस्कृतिलाई बढवा दिन सकिएमा त्यसबाट योग्य र सक्षम जनशक्ति उत्पादन गर्न सकिन्छ । यस्तो जनशक्ति नै देश विकासको मूल आधार बन्न सक्छ । त्यस कारण पुस्तकालय स्थापनाको अभियानमा एनआरएनएले महत्व दिएको देखिन्छ ।

यसबाहेक एनआरएनएले नेपाल डेभलपमेन्ट फन्डमार्फत पनि १० अर्ब रुपैयाँको कोष बनाएको छ । एनआरएनए स्मार्ट रेस्टरुममा ८० लाख रुपैयाँ खर्चिएको छ । यस आधारमा एनआरएनएले च्यारिटीकै एक अंगको रूपमा मेगा प्राजेक्टमार्फत अर्बौं लगानी गरिसकेको छ।

## परोपकारी काममा ठूला प्रोजेक्टमा भएका खर्चसम्बन्धी केही विवरण

| **प्रोजेक्ट** | **खर्च विवरण** |
|---|---|
| देवघाट वृद्धाश्रम | १ करोड ४९ लाख ९६ हजार |
| ह्युमनटेरियन क्राइसेस मेनेजमेन्ट | १ करोड ६० लाख |
| शंकमूल पार्क प्रोजेक्ट | ३ करोड २० लाख |
| लाप्राक एकीकृत बस्ती योजना | ५७ करोड |
| असाहय बालबालिका सहारा | २ करोड |
| मोबाइल ब्लड बस (जारी) | प्रक्रियामा (अनुमानित ३ करोड २५ लाख) |
| स्मार्ट रेस्टरुम प्रोजेक्ट | ८० लाख (प्रक्रियामा) |
| ई-लाइब्रेरी | देशभर करिब २०० स्थानमा (एकिन खर्च विवरण नभएको |
| कोभिड १९ रिस्पोन्स | आईएलओको रकमसहित २३ करोड रुपैयाँ |
| डेभलपमेन्ट फन्ड | १० अर्ब |
| भूकम्प रिलिफ क्याम्पेनका लागि मात्रै | ३ करोड ७० लाख |

## एनआरएनएको परोपकारी आगामी प्रोजेक्ट

नेपाल र नेपालीको हित र सुख, दुःखमा सदैव साथ दिने अठोट बोकेको एनआरएनएले आगामी दिनमा पनि आफ्ना परोपकारी कामलाई निरन्तरता दिने नीति लिएको छ नै त्यसका लागि यसअघि नै घोषणा भएका प्रोजेक्टहरूलाई पूर्णता दिने योजना पनि अख्तियार गरेको छ । जसअनुसार अक्सिजन प्राप्ट प्रोजेक्ट, मोबाइल ब्लड बस, स्मार्ट शौचालय जस्ता योजनालाई जारी वा आगामी दिनमा पूरा हुने प्रोजेक्टका रूपमा राखेको छ । जुन योजनालाई एनआरएनएले ठूला परोपकारी परियोजनाका रूपमा राखेको छ।

## अक्सिजन प्लान्ट प्रोजेक्ट

कोरोनाकालमै एनआरएनएले नेपालमा अक्सिजनको हाहाकार हुँदा चीनसहित विभिन्न देशबाट अक्सिजन

जुटाउन सहयोग गरेको थियो। यस्तै विभिन्न अस्पतालमा अक्सिजन प्लान्ट निर्माणमा सहयोग पनि गरेको थियो। यसैगरी संघले नेपालका सातवटै प्रदेशमा अक्सिजन प्लान्ट स्थापना गर्ने निर्णय गरेको थियो। तर, कोरोना महामारी कम भएसँगै यो योजना कार्यान्वयनमा जान नसके पनि आवश्यकताअनुसार काम गर्न सकिने एनआरएनएको भनाइ छ।

कोरोना महामारीको गम्भीर परिस्थितिलाई मध्यनजर गर्दै गैरआवासीय नेपाली संघले आफ्नो विश्वव्यापी सञ्जालमार्फत 'नेपालमा अक्सिजन पठाऔं, आफन्तको ज्यान बचाऔं' अभियान सञ्चालन गरी आर्थिक तथा स्वास्थ्य सामग्री नेपाल पठाएको थियो। यही अभियानमार्फत ओमानबाट ५६० अक्सिजन सिलिण्डर र ती सिलिण्डरको लागि चाहिने ५६० रेगुलेटर चीनबाट ल्याएर नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो। यस्तै चीनबाट ५०० अक्सिजन कन्सन्ट्रेटर ल्याइनुका साथै विभिन्न एनसीसीमार्फत पनि यस्ता सामग्री प्राप्त भएका थिए। कोरोना महामारीमा एनआरएनएले यस कार्यका लागि २३ करोड रूपैयाँ परिचालन गरेको थियो।

## मोबाइल ब्लड बस

गैरआवासीय नेपाली संघले देशका सातै प्रदेशलाई मोबाइल ब्लड बस दिने योजना बनाएको छ। यो निर्णय २०७७ पुसमै एनआरएनएले गरेर कार्यान्वयन प्रक्रियामा लगेको हो।

जसअनुसार एनआरएनएले चितवनको भरतपुरमा आधुनिक सुविधा सम्पन्न मोबाइल ब्लड बस हस्तान्तरण गरिसकेको छ। यस्तै एनआरएनएको दोस्रो मोबाइल ब्लड बस सुदूरपश्चिम प्रदेशमा हस्तारण गरिएको छ। यो परियोजनाको अनुमानित ३ करोड करोड २५ लाख रहेको छ। निकट भविष्यमै एनआरएनएले सबै प्रदेशमा ब्लड बैंक हस्तान्तरण गर्ने योजना बनाएको छ। यस कार्यका लागि नववर्ष २०२१ को प्रथम दिनदेखि आर्थिक संकलन अभियान प्रारम्भ गरिएको छ। यसमा लाखौं रुपैयाँ रकम संकलन भइसकेको छ।

रक्तसञ्चार मोबाइल ब्लड बसको प्रयोगबाट रक्तदान बढ्ने भएका कारण रगत नपाएर बिरामीले उपचार नपाउने जोखिम कम गर्न सकिन्छ। आपतकालीन अवस्थामा दुर्घटना स्थलमै प्राविधिक टोलिसँग पुगेर रगत चढाउन सक्ने प्रविधि समेत बसमा रहेको छ।

## सार्वजनिक शौचालयन निर्माण परियोजना

यसैगरी एनआरएनएले विभिन्न स्थानमा सार्वजनिक शौचालय निर्माणका लागि पनि योजना बनाएको छ। जसअनुसार ४ वटा स्मार्ट शौचालय बनाउन काठमाडौं महानगरपालिकासँग सम्झौता गरे पनि महानगरले ठाउँ उपलब्ध नगराएकाले कार्यान्वयनमा गइसकेको छैन। त्यसका लागि कलंकीका लागि भनेर संघले ८० लाख बजेट अनुमानसमेत निकालिसकेको छ। सडक विभागलगायतबाट अवश्यक सहजीकरण भएपछि योजना कार्यान्वयन चरणमा जाने बताइएको छ। यसबाहेक पोखरा महानगरपालिकाको महेन्द्र पुलमा पनि शौचालय निर्माणका लागि काम सुरु भइसकेको छ। त्यसमा एनआरएनएको करिब ६० लाख खर्च हुने अनुमान छ।

निष्कर्ष तथा सुझाव

१. एनआरएनएले २० वर्षको अवधिमा परोपकारी गतिविधिमार्फत मातृभूमिको सेवामा उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ। यस्तो सहयोगलाई लक्षित समुदायसम्म लैजान थप पहलकदमी जरुरी देखिन्छ।

२. एनआरएनएको सहयोगहरू विकेन्द्रित भएको देखिँदैन। एनआरएनएका अभियन्ताहरूको पहुँच भएका क्षेत्रमा मात्रै यो सहयोग लक्षित भएको कतिपय अवस्थामा देखिएकाले वास्तविक समस्यामा परेकालाई पनि समेटिनु जरुरी छ। जसका कारण एनआरएनएको गरिमा र महत्व थप बढ्न सक्छ।

३. २० वर्षको अवधिमा संस्थागत तवरले भन्दा व्यक्तिगत तवरले परोपकारी काममा खर्च भएको देखिन्छ। तर, यसको आधिकारिक कुनै हिसाब किताब नदेखिएकाले यसमा तथ्यांक संकलनमा असहजता देखियो। आगामी दिनमा एनआरएनए सचिवालयले ध्यान दिनुपर्ने देखिन्छ।

४. बाढी, पहिरो, भूकम्प, कोरोना महामारीजस्ता विपत्तिका समयमा एनआरएनएको उपस्थितिले

संस्थाको गरिमा उचो बनेको देखियो । जसका कारण प्रभावितहरूले आड, भरोसा र खुसी प्राप्त गरेका छन् । साथसाथै अबका दिनमा सहयोगका क्षेत्रलाई पनि व्यवस्थित बनाउँदै सहज ढंगले पीडितलाई राहत प्राप्त हुने गरी एनआरएनए थप सचेत हुनुपर्ने देखिन्छ।

५. वृद्धाश्रम निर्माण, सार्वजनिक शौचालय निर्माणलगायत परोपकारी क्षेत्रमा लगानी गर्दा जनसहभागितामा जोड दिइनुपर्छ। यसो गर्दा स्थानीयमा अपनत्व अनुभूति हुने र संस्थालाई पनि परोपकारी योजनाको प्रभावकारिता बुझ्न र कार्यान्वयनमा सघाउन पुग्न सक्छ।

६. परोपकारी कामका सिलसिलामा कतिपय अवस्थामा प्रश्न पनि उठ्न सक्ने भएकाले यसतर्फ संस्था सचेत रहनुपर्ने देखिन्छ । हिसाव चुस्त राख्ने, प्रभावकारी अनुगमन संयन्त्र बनाउने जस्ता कार्य गरेर आर्थिक पारदर्शिता कायम राख्न सकिन्छ।

७. कुनै पनि योजना पहुँचको आधारमा अघि बढाउनेभन्दा त्यसको प्रभावकारिता, उपयोग र महत्वबारे विस्तृत अध्ययन गरेर मात्रै अघि बढाउँदा मित्यव्यही र प्रभावकारी कार्यसम्पादन गर्न नतिजा निकाल्न सकिन्छ।

८. विगतको अव्यवस्थित सचिवालयमा विस्तारै सुधारका संकेतहरू देखिएका छन् । आगामी दिनमा यसलाई पूर्णतः सच्याएर संस्थासँग सम्बन्धित सम्पूर्ण तथ्य तथ्यांकको अकाइभ राख्ने व्यवस्था मिलाउन जरुरी छ। यसो हुँदा परोपकारी कार्यसँग सम्बन्धित र अन्य सबै विवरण विश्वभरका गैरआवासीय नेपाली र सरोकारवालाले सहज रूपमा प्राप्त गर्न सक्छन्।


९. पछिल्लो समय एनआरएनएमार्फत परोपकारी कामहरू बढ्दै गएको देखिन्छ । परोपकारी कार्यमा गुणात्मक वृद्धिसँगै यसको दुरुपयोग पक्षलाई रोक्नेतर्फ पनि सचेत बन्नुपर्ने देखिन्छ।

१०. परोपकारी कार्यबाहेक आगामी दिनमा ज्ञान, सीप र पुँजीको प्रभावकारी प्रयोगमार्फत देशलाई अघि बढाउनेगरी यसतर्फ संघले जनस्तरमा अभियान सञ्चालन गरेको खण्डमा नागरिक सुसूचित भई समग्र सामाजिक आर्थिक रूपान्तरणमा सहयोग पुग्न सक्ने भएकाले यसतर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ।

# नागरिकतामा न्याय, कानुनी अल्झन अझै

२०८० भदौ २९ मा नेपाल सरकारले मन्त्रिपरिषद्बाट नागरिकता नियमावली पारित गरेसँगै गैरआवासीय नेपाली नागरिकले नागरिकता प्रमाणपत्र पाउने बाटो खुलेको छ । यससँगै एनआरएनमाथि समेत अब नेपालप्रतिको कर्तव्य थपिएको छ । गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष बद्री केसी संस्थाको २० वर्षे इतिहासमा प्राप्त भएको यो सबभन्दा ठूलो उपलब्धि भएको ठान्छन् ।

लगानी सहजीकरणका लागि सरकारले ऐन र नियमावलीहरु व्यवस्था गरेको छ । तर गैरआवासीय नेपालीको लगानी आकर्षित गर्न तयारी अझै पुगेको देखिँदैन । लगानीका लागि इच्छुकहरु विद्यमान कानुन र नियमावलीका झन्झटिला व्यवस्थाले निरूत्साहित बनेका छन् । विदेशी लगानी ल्याउने हो भने गैरआवासीय नेपालीलाई विशेष सुविधा दिएर आकर्षित गर्न जरुरी छ । त्यसका लागि विद्यमान ऐन, नियमावलीमा सुधारको खाँचो छ ।





**अन्जना लामिछाने**

विभिन्न कारणले प्रवासमा बसाइँ सर्न पुगे पनि आफ्नै मातृभूमिलाई समृद्ध बनाउने सपनाले डोऱ्याएर गठन भएको गैरआवासीय नेपाली संघ (एनआरएनए) ले गौरवमय दुई दशक पूरा गरेको छ।

कानुनी हिसाबले दोस्रो मुलुकको नागरिक बन्नु बाध्यता थियो, तर भावनात्मक हिसाबले आफू र आफ्नो पूर्खाको रगत पसिनाले सिंचित यो भूमिप्रति अनुग्रहित रहनु गैरआवासीय नेपाली (एनआरएन) हरूको प्रेम थियो र हो। आज पनि असी लाखभन्दा बढी नेपाली विदेशमा छन् । दैनिक २५ सयदेखि तीन हजारसम्म नेपाली युवाहरू विमानस्थलको बाटो भएर मात्रै बिदेसिने गरेको तथ्याङ्क नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको छ । यसरी बिदेसिनेहरू कोही रहरले हिँड्छन् त कोही बाध्यताले। विदेशमा पुगिसकेपछि पनि कोही फर्किन्छन् त कोही उतै बसोबास गर्छन्। बस्नेहरूमा पनि कतिको रहर हुन्छ भने कतिको परिबन्ध । आज विज्ञान प्रविधिको दुनियाँमा को कहाँ रहन्छ भन्दा पनि उसको चेतना र सामिप्यता कोसँग छ भन्ने महत्वपूर्ण हुन्छ । उनीहरू सबैलाई नेपालको विकास र समृद्धिसँग जोड्नुपर्ने नेपाल सरकारकै दायित्व हो।

भूमण्डलीकृत विश्वमा कसैका पनि संगतिपूर्ण चाहनालाई राज्यले रोक्न सक्दैन। बरु नेपालजस्तो मुलुकले आफ्नो मुलुकलाई प्रेम गर्ने त्यस्ता जनशक्तिलाई सदुपयोग गर्न सक्नुपर्छ। राज्यको साधन, स्रोत र दृष्टिकोणले त्यसलाई छुन सकेन भनेपनि आफ्नो मातृभूमिलाई प्रेम गर्ने जो कसैले पहल लिन सक्छन्। एनआरएनए गठन र यसको २० वर्षे इतिहासलाई हेर्दा नेपालको विकास र समृद्धिमा यो संस्थाले महत्वपूर्ण भूमिका खेल्न सफल भएको छ।
आजभन्दा २० वर्षअघि सामाजिक संस्थाका रूपमा एनआएनएको गठन हुँदा विदेशी भूमिमा रहेका नेपाली र नेपाली मुलका विदेशी नागरिकलाई एक जुट बनाएर उनीहरूको ज्ञान, सीप, प्रविधि र पुँजीको परिचालन गर्दै देश विकासमा टेवा पुऱ्याउने मुख्य लक्ष्य थियो । यही सोचले रसियामा बस्ने नेपालीहरूको सक्रियतामा सन् २००३ को अगष्टमा बेलायतको लन्डनमा पहिलो भेला आयोजना गरिएको थियो । त्यसपछि सोही वर्षको ११ देखि १३ अक्टोबरसम्म काठमाडौंमा पहिलो विश्व सम्मेलन गरेर विधिवत् रूपमा गैरआवासीय नेपाली संघ (एनआरआएनए) को स्थापना भएको थियो।

यसरी संगठित भए पनि नेपालको सरकार र राज्य संरचनाले गैरआवासीय नेपालीलाई चिन्ने कोसिस गरेन। बरु एनआरएनहरूको आफ्नै सक्रियताले आज नेपालमा उनीहरूले लगानी गर्ने वातावरण बन्दैछ भने विकास र समृद्धिको अभियानमा जोडिने सहज वातावरण सिर्जना भइरहेको छ।

कुनै पनि राज्यले चिन्ने भनेको त्यहाँको कानुनमा उसलाई दिइने स्थान हो । लामो प्रयत्नपछि अहिले नेपालको संविधानमा गैरआवासीय नेपालीहरू समेटिएका छन् । कैयौं कानुनहरू बनेका छन् जसले विस्तारै गैरआवासीय नेपालीलाई आफ्नो मातृभूमिमा फर्किने र विदेशमा सिकेको ज्ञान, सीप, प्रविधि र पुँजीलाई लगानी गर्ने वातावरण बन्दै गइरहेको छ।

यही २९ भदौमा नेपाल सरकारले मन्त्रिपरिषद्बाट नागरिकता नियमावली पारित गरेसँगै गैरआवासीय नेपाली नागरिकले नागरिकता प्रमाणपत्र पाउने बाटो खुलेको छ । यससँगै एनआरएनमाथि समेत अब

नेपालप्रतिको कर्तव्य थपिएको छ। गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष बद्री केसी संस्थाको २० वर्षे इतिहासमा प्राप्त भएको यो सबभन्दा ठूलो उपलब्धि भएको ठान्छन्।

'२० वर्षको एनआरएनए अभियानमा गैरआवासीय नेपाली नागरिकले नागरिकता पाउने निर्णय हाम्रा लागि सबैभन्दा ठूलो उपलब्धि हो', कार्यकारी अध्यक्ष केसी भन्छन्, 'अब गैरआवासीय नेपालीलाई पुस्तौंपुस्ता नेपालसँग जोड्न सकिने भएको छ। भावनाले जोडिएका एनआरएनलाई नागरिकताले पनि जोडेसँगै मुलुकको विकास र समृद्धिमा हाम्रो योगदान बढ्ने छ। यसले नेपालप्रति एनआरएनहरूलाई कर्तव्य बोध गराएको छ।'

हुन त गैरआवासीय नेपालीलाई समेट्ने यो नै पहिलो कानुनी व्यवस्था भने होइन।

एनआरएनका लागि दर्जनौं कानुनी व्यवस्था छन्। संघको स्थापना भएदेखि नै विदेशमा रहेका नेपालीको अधिकार ऐन नियमबाटै सञ्चालित भइरहेको छ। गैरआवासीय नेपालीलाई संस्थागत गर्न पहिलोपटक २०६२ सालमा तत्कालीन राजा ज्ञानेन्द्र शाहले अध्यादेश जारी गरेका थिए। त्यतिबेलादेखि पछिल्लो नागरिकता कानुनसम्म आउँदा गैरआवासीय नेपालीलाई नेपाल फर्किने महत्वपूर्ण काम कानुनी हिसाबले भएका छन्।

तर, संघकै पहलमा कैयौं कानुनी व्यवस्था भएपनि केही अधुरा छन् त केही समसामयिक बनाउनका लागि

## परिमार्जन गर्नुपर्ने देखिन्छन्।

नेपालको कानुनमा गैरआवासीय नेपाली

स्थापनाको २० वर्षे अवधिमा गैरआवासीय नेपाली संघ नेपाल सरकारकै एउटा अभिन्न अंगजस्तो बनिसकेको छ। यद्यपि, नेपाल सरकारले उनिहरूको मागअनुसार उल्लेख्य काम गर्न नसकेको आरोप गैरआवासीय नेपालीहरूको छ। देशका लागि आफ्नो स्थानबाट योगदान दिइरहेको संघका लागि सरकारले लचिलो कानुनी नीति नबनाइदिँदा अपेक्षा अनुरूप योगदान पुऱ्याउन नसकेको उनीहरूको गुनासो छ।

गैरआवासीय नेपालीको लागि नेपाल सरकारले संसद विघटन भएको समयमा २०६२ सालमा जारी गरेको अध्यादेश नै पहिलो कानुन हो। 'नेपाली मुलका विदेशी नागरिक तथा नेपाल बाहिर बसोबास गर्ने नेपाली नागरिकको नेपाल प्रतिको सामिप्यता बढाइ नेपालको विकासमा सहभागी गराउन र नेपालमा लगानी गर्न तत्काल कानुनी व्यवस्था गर्नुपर्ने' कारण देखाएर २०४७ सालको संविधानको धारा ७२ बमोजिम उक्त अध्यादेश जारी गरिएको थियो।

संघको स्थापनापछि जारी भएको उक्त अध्यादेशमा गैरअवासीय नेपालीको अभिलेख राख्ने, अभिलेखमा नाम समावेश भएको व्यक्तिले गैरअवासीय नेपालीको हैसियतमा परिचयपत्र लिन चाहेमा परिचयपत्र जारी गर्ने व्यवस्था गरिएको थियो।

त्यसको दुई वर्षपछि तयार भएको एनआरएनए ऐन २०६४ मा गैरआवासीय नेपालीलाई थप स्पष्ट ढंगले परिभाषित गरियो।

'गैरआवासीय नेपाली भन्नाले नेपाली मूलको विदेशी नागरिक सम्झनु पर्छ र सो शब्दले विदेशमा बस्ने नेपाली नागरिक समेतलाई जनाउँछ। नेपाली मुलको विदेशी नागरिक भन्नाले बाबु आमा, बाजे बजै नेपालको नागरिक रही सार्कको सदस्य बाहेकका मुलुकको नागरिकता दिएको व्यक्ति हो' भनिएको छ।

उक्त ऐनमा कुनै पनि गैरआवासीय नेपाली वा निजको परिवारले गैरआवासीय नेपालीको हैसियतमा आफ्नो नाम दर्ता गराउन चाहेमा तोकिए बमोजिमको दस्तुरसहित तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्ने व्यवस्था गऱ्यो।

त्यसपछि गैरआवासीय नेपालीसम्बन्धी नियामावली २०६६ मा यसलाई थप प्रस्टचाउने काम भयो। कुनै गैरआवासीय नेपाली वा निजको परिवारले गैरआवासीय नेपालीको हैसियतमा आफ्नो नाम दर्ता गराउन चाहेमा 'विदेशमा भए कुनै नियोग प्रमुख समक्ष र नेपालभित्र भए सचिव समक्ष निवेदन दिनुपर्ने' व्यवस्था गरियो। उक्त निवेदनमा छानबिन गर्दा दिन योग्य भए सात दिनभित्र गैरआवासीय नेपालीको रूपमा नाम दर्ता गरी सोको अभिलेख खडा गर्नुपर्ने र परिचयपत्र दिनुपर्ने नियामावलीमा उल्लेख छ।

यदि छानबिन गर्दा गैरआवासीय नेपालीको रुपमा दर्तागर्न नमिल्ने देखिएमा कारण खुलाई निवेदकलाई जानकारी दिनुपर्ने व्यवस्था गरियो।

साथै, नेपाली मूलको विदेशी नागरिक भए बढिमा दश वर्ष र विदेशमा बस्ने नेपाली नागरिक भए दुई वर्षसम्म बहाल रहने गरी परिचयपत्रको अवधि कायम गरिएको थियो । परिचयपत्र नवीकरण गराउन चाहने गैरआवासीय नेपालीले परिचयपत्रको बहाल अवधि समाप्त हुनु अगावै नियोग प्रमुख वा सचिव समक्ष निवेदन दिनुपर्ने व्यवस्था भयो । परिचयपत्रको बहाल अवधि समाप्त भएमा झुट्टा विवरण पेश गरी परिचयपत्र लिएको पाइएमा परिचयपत्र जारी गर्ने अधिकारीले जुनसुकै बखत परिचयपत्र रद्द गर्न सक्ने व्यवस्था समेत उक्त नियमावलीमा गरियो।

सोही नियमावलीले विदेशमा बस्ने नेपाली नागरिक कुनै उद्योग वा व्यवसाय सञ्चालनको सिलसिलामा सञ्चालक वा उच्च व्यवस्थापकीय पदाधिकारीको हैसियतले नेपालमा बसोवास गर्दा गैरआवासीय नेपालीको हैसियत कायमै रहने गरि ऐनमा व्यवस्था गरिएको थियो।

दुई दशकको सफलता, गैरआवासीयलाई नागरिकता

हाल विदेशमा करिब ८० लाखभन्दा बढी नेपाली रहेको तथ्याङ्क नेपाल सरकारसँग छ। त्यसमा करिब ३० लाख सार्क मुलुकमा र बाँकी अन्य मुलुकमा बसोबास गरिरहेको अनुमान छ। यसम्धये पनि १५ देखी २० लाख नेपालीले विदेशको नागरिकता लिएका र बाँकीसँग नेपाली नागरिकता नै रहेको हुनसक्ने देखिन्छ।

नेपालको संविधान २०७२ को धारा ४२ मा गैरआवासीय नेपालीलाई गैरआवासिय नेपाली नागरिकता प्रदान गर्ने तथा निजलाई राजनीतिक बाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको दिइएको छ । साथै, उनीहरूले नेपाली सरह उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउने व्यवस्था ऐनमार्फत गरिएको छ।

तर, अहिले कानुन अभावका कारण गैरआवासीय नेपालीले पनि विदेशी नागरिक सरह लगानी गर्नुपर्ने अवस्था छ। लामो संघर्षपछि अब सरकारले २९ भदौमा गैरआवासीय नेपालीलाई पनि नागरिकता दिने गरी नियमावली पारित गरेर सहज बनाइदिएको छ । २०७२ सालमा संविधान जारी भएको आठ वर्षपछि नागरिकतासम्बन्धी कानुन संशोधन भएको हो।

संसद्को प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणित हुन नसकेको उक्त संशोधन नयाँ सरकार र राष्ट्रपति चयन भएसँगै जारी भएको थियो। नयाँ राष्ट्रपतिले १७ जेठमा अघिल्लो संसदले पारित गरेको नागरिकता ऐन संशोधन प्रमाणित गरेपछि पनि सर्वोच्चमा मुद्दा परेपछि कार्यान्वयनमा जान सकेको थिएन । पछि सर्वोच्चले नै उक्त नियमावलीलाई कार्यान्वयनमा नलैजान गरको आदेशमा पुनर्विचार गरेसँगै संशोधन भएको तीन महिनापछि यही २९ भदौमा बसेको मन्त्रिपरिषद् बैठकले नागरिकता नियमावली पारित गरेको छ । अब गैरआवासीय नेपालीले नेपालको संविधान र कानुनको पालना गर्ने स्वघोषणाको प्रतिबद्धतापत्र पेस गर्नुपर्ने छ।
विदेशी मुलुकको नागरिकता प्राप्त गरी सार्क बाहेकका देशमा बसोबास गरेका व्यक्तिले गैरआवासीय नागरिकता पाउनेछन् । त्यस्ता व्यक्तिले नागरिकता लिन साविकमा बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रहेको प्रमाण पेस गर्नुपर्नेछ। गैरआवासीय नेपाली नागरिकलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी नेपाली नागरिकता दिइनेछ।

त्यस्ता व्यक्तिले साबिकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गर्नुपर्नेछ । गैरआवासीय नेपालीले जिल्ला प्रशासन कार्यालय वा दूतावास र महावाणिज्य दुतावासमा निवेदन दिन सक्ने व्यवस्था गरेको छ।

जसको नामको आधारमा नागरिकता लिने हो उक्त नागरिकता जारी भएको जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष वा आफू नागरिक रहेको मुलुकस्थित वा त्यस्तो मुलुकसमेत हेर्ने कार्यक्षेत्र तोकिएको नेपाली राजदूतावास वा महावाणिज्य दूतावासमा निवेदन दिन सक्ने व्यवस्था नियमावलीमा छ । त्यसका लागि हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपि बुझाउनु पर्नेछ।

सम्बन्धित निकायले निवेदन प्राप्त भएको १५ दिनभित्र आवश्यक प्रक्रिया पूरा गरी अनिवार्य रूपमा रायसहित परराष्ट्र मन्त्रालयमार्फत सम्बन्धित जिल्ला प्रशासन

कार्यालयमा पठाउनु पर्नेछ । 'निवेदनमा निवेदकको नाताभित्रको नेपाली नागरिकले र त्यस्तो नाताको व्यक्ति नभएमा सम्बन्धित व्यक्तिलाई चिन्ने नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत कर्मचारीसमक्ष उपस्थित भई सनाखत गरिदिनु पर्नेछ,' नियमावलीमा उल्लेख छ।

प्रमुख जिल्ला अधिकारीले छानबिन गरी त्यस्तो व्यक्ति गैरआवासीय नेपाली नागरिकता पाउन योग्य देखिएमा गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नुपर्ने छ । छानबिन गर्दा प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार निवेदकको विदेशी मुलुकको नागरिकता वा राहदानीको वैधताको विषयमा निज नागरिक रहेको मुलुकस्थित वा त्यस्तो मुलुकसमेत हेर्ने कार्यक्षेत्र तोकिएको नेपाली कूटनीतिक नियोगसँग समेत बुझ्न सक्ने नियमावलीमा उल्लेख छ।

'एक पटकको नेपाली सधैंको नेपाली' भन्ने नारासहित संघले चलाएको अभियानले गैरअवासीय नेपालीलाई नेपालसँग थप नजिक हुने अवसर मिल्ने दखिएको एनआरएनए नेतृत्वको दाबी छ।

नियमावली पारित भए पनि नागरिकता वितरण सुरु भइसकेको छैन। संघको ३० असोजबाट काठमाडौंमा सुरु हुने ११ औं महाधिवेशनका क्रममा वितरण सुरु गर्ने कार्यकारी अध्यक्ष केसीको भनाइ छ।

'गैरआवासीय नेपाली संघको महाधिवेशको अवसर पारेर गैरआवासीय नागरिकता वितरण गर्न सरकारसँग सहजीकरण गरिरहेका छौ । प्रधानमन्त्रीबाटै नागरिकता वितरण सुरु हुनेछ', अध्यक्ष केसी भन्छन्।

गैरआवासीय नेपालीहरूबीच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने, विदेशमा बस्ने नेपालीहरूको हितलाई संरक्षण गर्ने एवं नेपालको प्रवर्द्धन गर्ने, संसार भरिका नेपाली संघ संगठनसँग समन्वय कायम गर्ने र विश्व सञ्जाल स्थापना गरी गैरआवासीय नेपालीहरूको साझा संस्थाका रूपमा तिनको प्रतिनिधित्व गर्ने उद्देश्यअनुरूप संघलाई आफूलाई बलियो बनाउँदै लगेको छ । अहिले एनआरएनको क्षेत्राधिकार बाहिर पर्ने सार्क बाहेकका ८६ वटा मुलुकमा संस्थाले शाखा विस्तार गरिसकेको छ।

नागरिकता पाउने व्यवस्था भएसँगै गैरआवासीय नेपालीहरूमा उत्साह थपिएको छ। नेपालको विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरूसँग साझेदारी गर्ने, विदेशी मलुकमा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने, विदेशी प्रत्यक्ष लगानीलाई नेपालभित्र आकर्षण गर्नका लागि उत्प्रेरकको कार्य गर्ने, गैरआवासीय नेपालीहरू बसोबास गरिरहेका मलुकहरूमा उनीहरूको स्थायित्व, संरक्षित वैदेशिक रोजगार र समग्र हितका लागि क्रियाशील रहने लगायतको काममा जोड दिने यसको संघका मुख्य बटम लाइन हुन्।

केही घटनालाई अपवाद मान्ने हो भने संघले यही उद्देश्यअनुरूप नै काम गरिरहेको पनि छ। यति हुँदाहुँदै पनि विभिन्न कानुनी अड्चनका करण संघले सोचेअनुसारको काम गर्न नसकिरहेको गैरआवासीय नेपाली प्रतिनिधिले बताउने गरेका छन्।

## विदेशबाटै शेयर लगानीको अवसर

सरकारले धितोपत्र निष्कासनसम्बन्धी नियमावली संशोधन गरेको छ। हालै जारी गरेको नियमावलीमा नेपाल सरकार र गैरआवासीय नेपालीको संयुक्त लगानीमा प्रचलित कानुनबमोजिम स्थापना भएको इन्भेस्टमेन्ट कम्पनीले विदेशी नागरिकता वा कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैरआवासीय नेपालीको लागि मात्र नेपाल राष्ट्र बैंकको स्वीकृति लिई पूर्वाधार सम्बन्धी परियोजनाहरूमा सेयर, बन्ड र डिबेन्चरमा लगानी गर्न पाउने विदशी मुद्रामा समेत भुक्तानी हुने गरी नियमानुसार धितोपत्र निष्कासन गर्न सक्नेछन्।

विदेशी मुद्राको सेयर, बन्ड वा डिवेन्चरमा लगानी गर्ने गरी निष्कासन गरिएको धितोपत्रको कारोबार विदेशी नागरिकता प्राप्त वा कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैरआवासीय नेपालीबीच मात्र हुनेछ।

धितोपत्र निष्कासन तथा कारोबारसम्बन्धी अन्य व्यवस्था निर्देशिकामा तोकिएबमोजिम हुने भनिएको छ। निर्देशिका बनाउँदा नेपाल राष्ट्र बैंकको सहमति लिनुपर्ने व्यवस्था

गरिएको छ।
निर्देशिका बनाउनको लागि एउटा समिति बनाएको छ। समितिले धितोपत्र बोर्डलाई रिपोर्ट बुझाइ सकेको छ। अब बोर्डले रिपोर्टका आधारमा कति रकमसम्मको कारोबार गर्न पाउने र नेपालमा कमाएको नाफा विदेशमा कसरी लैजाने लगायतका व्यवस्था निर्देशिकामा गर्नेछ।

त्यस्तै वैदेशिक रोजगारीमा गएकाहरूलाई साधारण सेयर (आईपीओ) मा कोटा छुट्याइने गरी सरकारले २०७९ साल कात्तिकमा निर्णय गरेको थियो । अर्थ मन्त्रालयले वैधानिक च्यानलबाट रेमिट्यान्स पठाउने सुविधा दिइरहेको छ । वैधानिक च्यानलबाट आउने रेमिट्यान्सलाई प्रोत्साहन गर्न वैदेशिक रोजगारीमा जानेहरूका लागि ५ प्रतिशत आईपीओ अनिवार्य गर्ने सहमति अर्थमन्त्रालय, योजना आयोग र राष्ट्र बैंक तीनै निकायबीच भएर अघि बढी सकेको अवस्था छ । रेमिट्यान्स पठाएर मुलुकको अर्थतन्त्रमा योगदान गर्नेहरूका लागि सुविधा दिन यस्तो व्यवस्था गरेको छ।
वैदेशिक रोजगारिमा रहेका नेपालीले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त आस्वा सदस्य, बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयबाट 'मेरो सेयर' मार्फत सेयर खदिरको आवेदन दिन सकिन्छ।

विदेशमा रोजगारी गरिरहेका नेपालीले विप्रेषण ( रेमिट्यान्स) बचत खाता खोली त्यसमा दर्ता गरिएको सिआरएन नम्बर उल्लेख गरेर अनलाइनमार्फत 'मेरो सेयर' प्रयोग गरी सेयर खरिद आवेदन दिन सकिने छ।
त्यसमा आफ्नो रेमिट्यान्स बचत खातामा पछिल्लो ६ महिनामा कम्तीमा ५० हजार रुपैयाँ आफू रोजगारमा रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्ने अथवा, सार्वजनिक निष्काशनको अन्तिम मितिभित्र रोजगारमा रहेको देशबाट रकम जम्मा गरी आवेदन दिन सकिने व्यवस्था छ । वैदेशिक रोजगार आईपीओका लागि आवेदन दिन वैदेशिक रोजगारीमा रहेका नेपालीले श्रम मन्त्रालयबाट सफलतापूर्वक श्रम स्वीकृति लिएको हुनुपर्नेछ । कोटा सेयरको लागि आवेदन दिन चाहने व्यक्तिले नेपाल सरकारबाट श्रम स्वीकृति लिएको हुनुपर्नेछ।

त्यसैगरी, देशमा रहेको तर अर्को देशमा काम गर्ने अनुमति पाएका व्यक्तिले बैंकमा गएर रेमिट्यान्स खाता खोल्न सक्नेछन् । रेमिट्यान्स खाता देशको जुनसुकै बैंकबाट खोल्न सकिन्छ र यसले आवेदकलाई विदेशी खाताबाट रकम पठाउन अनुमति दिन्छ । साथै, व्यक्तिले आफ्नो नियमित बचत खातालाई रेमिट्यान्स खातामा रूपान्तरण गर्न पनि सक्ने व्यवस्था छ । रेमिटेन्स खातामा रकम उपलब्ध भएपछि आवेदकले आईपीओ आवेदन पेश गर्न सक्नेछन्।

एनआरएनए र फिटा ऐनको अस्पष्टताले लगानीमा अप्ठेरो सबै मुलुकले विदेश पुगेका आफ्ना नागरिकबाट समृद्धिको यात्रामा योगदानको अपेक्षा गर्छन् । नेपालले पनि गैरआवासीय नेपालीहरूबाट अपेक्षा गर्नु स्वाभाविक हो । जे-जति गरिरहेका छन् परिणाम धेरै वा थोरै हुनसक्ला, तर विदेश पुगेकाहरूले योगदान गरिरहेको कुरालाई स्वीकार गर्नुपर्छ।

एनआरएन ऐन २०६६, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ बीचमा केही असमानता रहंदा विशेषगरी एनआरएनको लगानी र वैदेशिक लगानी भित्राउने विषयमा समस्या उत्पन्न भएको सत्य हो । विशेषगरी फिटा ऐनले गैरआवासीय नेपालीको लगानी र वैदेशिक लगानीलाई एउटै परिभाषामा राखेको भन्दै यसलाई फरक-फरक परिभाषित गर्न माग गरिएको छ। विदेशी लगानी भित्र्याउन सरकारले न्यूनतम ५ करोड सीमा तोकेकोमा बजेटले यो सीमा घटाएर २ करोड बनाएको छ। तर एनआरएनको लगानीलाई सीमा नतोकी स-साना लगानी पनि गर्न दिनुपर्ने माग छ। यसका लागि उद्योग मन्त्रालयले एउटा समिति बनाई क्षेत्रगत लगानीको सीमा निर्धारण गर्ने तयारी गरेको छ।

गैरआवासीय नेपाली नेपालमा लगानी सम्बन्धी ऐन २०६४, गैर आवासीय नेपालीसम्बन्धी नियमावली २०६६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली २०७६ साथै विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली २०७८ अन्तर्गत गर्नुपर्छ । परिचयपत्र लिएका गैरअवासीय नेपालीहरूले विदेशी मुद्रामा खाता खोल्न पाउने र विदेशमा आर्जन गरेको रकम नेपाल राष्ट्र बैंक तथा इजाजत प्राप्त वित्तीय संस्थामा विदेशी मुद्रामा खाता खोली सञ्चालन गर्न सक्ने व्यवस्था छ। त्यसैगरी गैरअवासीय नेपालीले परिवर्तित विदेशी मुद्रामा लगानी गर्न सक्ने, लगानीबापत प्राप्त लाभ फिर्ता लैजान सक्ने

व्यवस्था समेत रहेको छ। एनआरएनएले लगानी गरे पनि नाफा विदेश नलगी लगानीका क्षेत्र बढाएका छन्।

लगानी सहजीकरणका लागि सरकारले ऐन र नियमावलीहरू व्यवस्था गरेको छ । तर गैरआवासीय नेपालीको लगानी आकर्षित गर्न तयारी अझै पुगेको देखिदैन। लगानीका लागि इच्छुकहरू विद्यमान कानुन र नियमावलीका झन्झटिला व्यवस्थाले निरुत्साहित बनेका छन् । विदेशी लगानी ल्याउने हो भने गैरआवासीय नेपालीलाई विशेष सुविधा दिएर आकर्षित गर्न जरुरी छ । त्यसका लागि विद्यमान ऐन, नियमावलीमा सुधारको खाँचो छ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ मा एकल वा संयुक्त रुपमा विदेशी लगानी गर्न सकिने, उद्योगको जायजेथा वा सेयेर खरिद गरि विदेशी लगानी गर्नसक्ने, लिज लगानी गर्नसक्ने, प्रविधि हस्तानान्तरण गरी विदेशी लगानी गर्नसक्ने, शाखा स्थापना गरि विदेशी लगानी गर्नसक्ने पुँजी लगानी कोष खडा गरी विदेशी लगानी गर्न सक्ने, धितोपत्रसम्बन्धी कारोबार गर्न सक्ने धितोपत्र जारी गरी ऋण लिन वा विदेशी मुद्रा प्राप्त गर्न सक्ने, विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्ने, विदेशी लगानीको अधिकतम सीमा नतोकिने वाणिज्य बैंकसँग सम्झौता गर्नसक्ने र लगानी तथा अर्जित रकम फिर्ता लैजान पाउने लगायतका प्रावधान छन्।

तर नेपाली मूलको विदेशी नागरिक र विदेशमा बस्ने नेपाली नागरिक जसले विदेशको नागरिकता वा विदेशी पासपोर्ट प्राप्त गरेको छैन उसलाई समेत एकमुस्ट विदेशी लगानीकर्ताका रूपमा परिभाषित गरेको छ । यस सन्दर्भमा कुनै पनि गैरआवासीय नेपाली नागरीकले नेपालमा लगानी गर्दा विदेशी लगानीकर्तालाई लागू हुने सम्पूर्ण सर्तहरू पालना गरेर मात्र लगानी गर्न सकिने देखिन्छ । यसैका कारण सबै गैरअवासीय नेपाली नागरिकले विदेशी सरह लगानी गर्नु परिरहेको छ।
नेपालमा विदेशी मुद्रामार्फत न्यूनभन्दा न्यून लगानी गर्दै देशको उद्यमशीलतालाई विकास गर्न सक्ने वातावरण बनाउनुपर्ने एनअरएनए पुर्व अध्यक्ष जीवा लामिछाने बताउँछन्।

त्यसैगरि नेपालमा विदेशी लगानी एवं विदेशी ऋण भित्राउन र त्यसको व्यवस्थापन गर्न सहज नीतिगत व्यवस्था गर्न नेपाल राष्ट्र बैंकले २६ जेठ २०७८ मा 'नेपाल राष्ट्र बैंकले विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली २०७८' जारी गरेको थियो। विदेशी लगानी हुने कम्पनी तथा उद्योगमा कम्पनी तथा उद्योगको दर्तालगायतका सम्भाव्यता अध्ययन खर्च र पूर्वसञ्चालन खर्च बापतको विदेशी मुद्रा इच्छुक विदेशी लगानीकर्ताले बैंकिङ प्रणालीमार्फत नेपाल भित्राउन विदेशी लगानीको पूर्वस्वीकृति वा राष्ट्र बैंकको स्वीकृति अनिवार्य नहुने व्यवस्थाले नेपालमा पूर्वाधार आयोजनाको अध्ययन अघि बढाउन र उद्योग दर्ताका लागि विदेशी लगानीकर्तालाई सहज बनाएको छ।

विदेशी लगानीकर्ताले विदेशी लगानी स्वीकृति गर्ने निकायबाट विदेशी लगानीको स्वीकृति प्राप्त गरेपश्चात् सोबापतको विदेशी मुद्रा नेपाल पठाउन वा भित्र्यान राष्ट्र बैंकबाट पूर्वस्वीकृति लिन अनिवार्य छैन । यसले विदेशी लगानीकर्तालाई लगानी भित्र्यान छिटो तथा सहज हुने र विदेशी लगानीकर्ताले नेपालमा आर्जन गरेको रकम फिर्ता लैजान निवेदन दिएको १५ कार्य दिनभित्र नेपाल राष्ट्र बैंकले निर्णय दिनुपर्ने व्यवस्था पनि विनियमावलीमा गरिएको छ । यसले लगानीकर्ताले आर्जन गरेको रकम लैजान थप सहज पनि भएको छ।

गैर आवासीय नेपालीले परिवर्तित विदेशी मुद्रामा आर्जन गरेको रकम नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्ने इजाजतपत्र प्राप्त कुनै पनि वाणिज्य बैंक वा वित्तीय संस्थामा परिवर्तित विदेशी मुद्रामा खाता खोली सञ्चालन गर्न सक्छन्।

गैरआवासीय नेपालीले वा गैरआवासीय नेपालीको पचास प्रतिशतभन्दा बढी शेयर लगानी भएको कुनै विदेशी कम्पनीले प्रचलित कानुनबमोजिम विदेशी लगानीका लागि खुला गरिएको उद्योग, व्यवसाय वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गैरआवासीय नेपालीका लागि लगानी गर्न खुला गरेको अन्य कुनै उद्योग वा व्यवसायमा विदेशमा विदेशी मुद्रामा आर्जन गरेको रकम नेपालमा परिवर्रतित विदेशी मुद्रामा लगानी गर्न सक्ने व्यस्था गरिएको छ।

त्यसैगरि लगानी गर्ने नेपाली मूलको विदेशी नागरिकले

नेपाली नागरिक सरह नेपालमा उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउने, विदेशी नागरिकले परिवर्तित विदेशी मुद्रामा नेपालमा लगानी गरे बापत पाउने सुविधा यस ऐनबमोजिम लगानी गर्ने नेपाली मूलका विदेशी नागरिकले पनि पाउने व्यवस्था छ । विदेशी लगानीसम्बन्धी नीति वा कानुनलाई समयानुकूल बनाउन, गैरआवासीय नेपालीलाई नेपालमा लगानी गर्न उत्प्रेरित गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन तथा गैरआवासीय नेपालीहरूबीच सुमधुर सम्बन्ध कायम गर्नको लागि नेपाल सरकारले नेपालमा लगानी गर्ने गैरआवासीय नेपालीले आफूले गरेको लगानीको बारेमा मन्त्रालयलाई जानकारी गराउनु अनिवार्य गरेको छ।

साथै, कानुनअनुसार प्रक्रिया पूरा गरी गैरआवासीय नेपालीले परिवर्त्य विदेशी मुद्रामा नेपालमा गरेको लागानीको हकमा एकैपटक वा पटक-पटक गरी पूर्ण वा आंशिक रूपमा र त्यस्तो लगानीबाट प्राप्त लाभ बराबरको रकम ऐनको अधीनमा रही फिर्ता लैजान स्वीकृत दिने व्यवस्था नियामावलीमा गरिउको छ।

## गैरआवासीयलाई सुविधा र सम्पत्तिको रक्षा

कानुनले नेपाली मूलका विदेशी नागरिकले नेपालभित्र बसोबास गर्नका लागि आफ्नो वा आफ्नो परिवारको निमित्त तोकिएको शर्तको अधीनमा रही तोकिएको क्षेत्रफलको जग्गा वा अन्य सम्पत्ति खरिद गर्न सक्ने व्यवस्था गरेको छ । साथै, नेपालमा बसोवास गर्ने वा लगानी गर्ने परिचयपत्र प्राप्त नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारलाई दश बर्षसम्मको गैर आवासीय भिसा दिन सकिने र आवश्यकताअनुसार भिसाको अवधि थप गर्न सकिने व्यवस्था समेत भइसकेको छ।

त्यस्तै गैरआवासीय नेपालीले लगानी गर्दाको पुँजी रकममा कुनै कर नलाग्ने, नजिकको नातेदार नेपाली नागरिकलाई निजी प्रयोगको लागि एक आर्थिक वर्षमा १५ लाख रुपैयाँमा नबढ्ने गरी इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंक वा वित्तीय संस्थामार्फत पठाएको रकममा कर नलाग्ने सुविधा समेत छ । गैरआवासीय नेपालीले नाफा आर्जन नगर्ने गरी खडा भएको कुनै पनि सामाजिक, धार्मिक, शैक्षिक, साँस्कृतिक, परोपकारी, खेलकुद वा दैवीप्रकोपको उद्धार कार्यसँग सम्बन्धित संस्थालाई इजाजतपत्र प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थामार्फत पठाएको रकममा समेत कर लाग्दैन।

नेपाली मूलका विदेशी नागरिकलाई आफ्नो जीवनकालसम्म आफ्नै स्वामित्वमा रहने र उसको मृत्युपछि प्रचलित कानुनबमोजिम हुने गरी नेपालभर निश्चित क्षेत्रफलसम्मको जग्गा खरिद गरी बसोबास गर्न सक्नेसमेत अधिकार छ। तर, अफ्नो प्रयोजनभन्दा बाहेक भाडामा वा व्यापरिक प्रयोजनका लागि प्रयोग गर्न भने मिल्दैन।

नेपालमा लगानी गर्ने नेपाली मुलका विदेशी नागरिकको परिवारलाई नेपालमा बसोबास गरी व्यवसाय गर्न कानुनबमोजिम एक पटकमा १० वर्षसम्म अवधीको लागि गैरआवासीय भिसा जारी हुन्छ । साथै, उसले नेपालमा लगानी गर्दाको बखत सुरु पुंजी रकममा कुनै पनि कर लाग्दैन।

गरैआवासीय नागरिकता पाएसँगै राजीतिक अधिकार र कुनै पनि सरकारी जागिर खानबाहेक सबै नेपाली सरह सुविधा एनआरएनले पाउने छन् । तर, नेपालमा भएको पैतृक सम्पत्ति बेचेर लैजान भने उनीहरूलाई सुविधा छैन। यद्यपि, गैरअवासीय नेपाली ऐन संशोधनका लागि अहिले कानुन मन्त्रालयमा गएको छ । संशोधन हुन लागेको कानुनको मस्यैदामा नेपाली मूलको विदेशी नागरिकले विदेशी मूलको नागरिकता प्राप्त गर्नुअघि निजको नाममा कायम भइसकेको कुनै पनि चल अचल सम्पतिउपर नागरिकता प्राप्त गरेको कारणले मात्रै कुनै असर नपर्ने प्रस्ताव गरिएको छ । आफ्नो जिवनकालभर नेपाली नागरिक सरह भोगचलन गर्न सक्न भए पनि मृत्यु भएको खण्डमा अपुतालीसम्बन्धी प्रचलित कानुनबमोजिम हुने व्यवस्था गर्न लागिएको छ। यो कानुन संशोधन भयो भने अब नेपाली नागरिक सरह गैरआवासीय नेपालीले पनि आफ्नो सम्पत्ति भोगचलन गर्न सक्नेछन्।

## कानुन सुधारको आवश्यकता

गैरआवासीय नेपाली संघले विगत दुई दशकदेखि उठाउँदै अएका कतिपय मागहरू सम्बोधन भएका पनि छन्। तर, राज्यलाई भइरहेको सहयोगको तुलनामा माग सम्बोधन

नभउको गुनासो गैरआवासीय नेपाली संघको छ। त्यसका लागि उनीहरूले केही नीतिगत र कानुनी सुधार आवश्यक रहेको बताउने गरेका छन्।

त्यसका लागि गैरआवासीय नेपालीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा संघले नेपाल कानुन आयोगसँग छलफल गरी दिएका सुझावहरूलाई सम्बोधन गरी कानुन ल्याउनको लागि परराष्ट्र मन्त्रालयले पहल गर्नुपर्ने संघका पदाधिकारीको दाबी छ।

गैरआवासीय नेपाली नागरिकता विधेयकलाई सरकारले कार्यान्वयनमा ल्याए पनि नागरिकता प्राप्त गर्न कठिनाइ हुने देखिन्छ।

थाइल्यान्ड, म्यानमार, मलेसिया, फिजीलगायतका देशहरूमा पुस्तौंदेखि बसोबास गरी आएका नेपाली मूलका सबैलाई सहज रूपमा नेपालसँग जोड्न तथा सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार सहितको गैरआवासीय नेपाली परिचयपत्र प्रदान गर्नेसम्बन्धी व्यवस्था ऐनमा संशोधन गर्नुपर्ने एनअरएनहरूको माग छ।

विभिन्न देशमा अध्यनको सिलसिलामा गएर २ वर्षभन्दा बढी बसेका विद्यार्थीहरूलाई पनि गैरआवासीय नेपालीको हैसियत प्रदान गर्नुपर्ने माग समेत संघको छ । गैरआवासीय नेपाली परिचपत्र लिएकाहरूलाई पनि गैरआवासीय नेपाली नागरिक सरह पाउने अधिकारको व्यवस्थाका लागि पहल गरिदिनुपर्ने माग छ।

अहिले नेपालीहरू रहेका ३२ वटा मुलुकमा नेपाली दूतावास छैनन्। त्यहाँ रहेका नेपाली नागरिकलाई सहज सेवा दिन सबै देशमा नसकिए पनि धेरै नेपाली बसोवास गर्ने मुलुकमा कूटनीतिक नियोग राख्नुपर्ने आवश्यक्ता देखिन्छ। अहिले पनि कतिपय नेपाली ६ महिनाभन्दा बढी कामदारको रूपमा विदेशमा बस्छन् । तर, उनीहरूले नेपाली मूलका विदेशी नागरिक (पीएनओ) र गैरआवासीय नेपाली नागरिक (एनआरएन) कार्डको शूल्क महँगो भएकाले परिचयपत्र लिनेको संख्या कम छ । त्यसैले परिचयपत्रको शुल्क पनि घटाउनु पर्ने आवाज उठेको छ। साथै, गैरअवासीय नेपालीहरूलाई नेपालभित्र हवाई यात्रा गर्दा विदेशी नागरिक सरह व्यवहार गर्ने गरिएको भन्ने गुनासो पनि उत्तिकै उठेको छ।

यसले 'एक पटकको नेपाली सधैंको नेपाली' भन्ने भावना बोकेर स्वदेश अएकाहरूमाथि अन्याय भइरहेको उनीहरूको भनाइ छ । त्यसैले उनीहरूलाई नेपाली नागरिक सरहको हवाई यात्राको सुविधा प्रदान गर्न पनि पहल गर्नुपर्ने देखिन्छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत लामो समय विदेशमा रहेर काम गरेका र वैदेशिक रोजगारीबाट स्वदेशमै फर्कन चाहेका वा फर्केका श्रमिकहरूको ज्ञान, सीप र पुँजीलाई स्थानीय तहमार्फत परिचालन गर्न तथा उनीहरूलाई नीतिगत रुपमा सहयोग उपलब्ध गराउनुपर्छ। तर, विडम्बना, अहिले त्यस्ता युवा कति छन् र तिनिहरूले के गरिरहेका छन् भन्ने तथ्याङ्क समेत राज्यसँग छैन।

बरु वैदेशिक रोजगारीमा जानेहरूलाई विदेशमा सामान्य सीप नसिकी जाँदा दुःख पाउने गरेको विषयलाई मध्यनजर गरी सरकारले अभिमुखीकरण तालिमको व्यवस्था गर्नुपर्छ । गैरआवासीय नेपालीले वैदेशिक रोजगारीबाट आउने विप्रेषणलाई वैधानिक रुपमा बैंकिङ च्यानलमार्फत ल्याउन प्रोत्साहन गर्ने उद्देश्यले नेपाली श्रमिकलाई उनीहरूले पठाएको विप्रेषणमा २ प्रतिशतसम्म प्रिमियम नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने मागसमेत राखिरहेका छन्।

साथै, लगानीको सीमा नतोकी साना साना लगानी गर्ने वातावरण मिलाउन सके धेरै लगानी भित्रने संभावना हुन्छ। अर्थ तथा उद्योग मन्त्रालयले गैरआवासीय नेपाली लगानीकर्तालाई विदेशी लगानीकर्ताभन्दा छुट्टै व्यवहार गरी गैरआवासीय नेपालीहरूको लगानी अभिवृद्धि गर्नको लागि नेपाली नागरिक सरह लगानी गर्न न्यूनतम २ करोडको मापदण्ड हटाउनुपर्ने माग उनीहरूको छ।

त्यसैगरी धितोपत्र ऐन तथा नियमावलीमा संशोधन गरी गैरआवासीय नेपालीको लगानीलाई समेत नेपालको धितोपत्र विनिमय बजारमा प्रवेश गराउन र नेपाली सरह लगानी गर्ने वातावरण निर्माण गरिनुका साथै धितोपत्र बोर्डले जारी गर्ने सेयर (आईपीओ) मा वैदेशिक रोजगारमा गएकाहरूलाई हाल १० प्रतिशत कोटाको दायरा बढाइनु माग गैरआवासीय नेपालीको छ।
गृह मन्त्रालयले गैरआवासीय नेपालीहरूलाई अहिलेसम्म

राष्ट्रिय परिचयपत्रको व्यवस्था गरेको छैन । यसलाई पनि कानुनमै समेट्नुपर्ने आवाज उठिरहेको छ।
हाल विदेशबाट नेपाल पढ्न आउने नेपाली मूलका विदेशी नागरिक (पीएनओ) विद्यार्थीहरूले अध्ययन गर्नको लागि भिजिट भिसामा आउनुपर्ने बाध्यता छ । उनीहरूलाई विद्यार्थी भिसाको प्रावधानका साथै नेपाली विद्यार्थी सरह पाउने सुविधाको व्यवस्था हुनुपपर्ने आवाज पनि उठेको छ ।

नेपालको उर्जा क्षेत्रमा गैरआवासीय नेपालीहरूको ठूलो लगानी छ । तर, विद्युत खरिद सम्झौतामा लाग्ने लामो समय र उर्जा वितरणसमेत सहज हुन नसक्दा लगानी जोखिममा पर्ने गरेकोले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले यसको सहजरीकरण गर्नुपर्ने देखिन्छ।
नेपाल सरकारको समन्वय, सहकार्य तथा लगानीसहित नेपालभित्र करिब १० अर्ब बराबरको (नेपाल सरकारको ५ प्रतिशत र गैरआवासीय नेपालीको ९५ प्रतिशत) लगानी कोष भएको 'एनआरएन नेपाल डेभलपमेन्ट कम्पनी' दर्ता गरी हाल आवश्यक कामहरू अगाडि बढीरहेको छ । यसलाई पब्लिक कम्पनीमा लैजानका लागि नेपाल धितोपत्र बोर्डले धितोपत्र निष्कासनसम्बन्धी निर्देशिका छिट्टै बनाउनुपर्ने देखिन्छ।

## साथमा सामाजिक सुरक्षा कोष

सरकारले २०७९ साल चैतमा वैदेशिक रोजगारीमा रहेका तथा विदेशमा स्वरोजगारमा रहेका नेपालीलाई पनि सामाजिक सुरक्षा योजनामा सहभागी गराउने निर्णय गरेको छ । वैदेशिक रोजगारीका लागि पहिलोपटक श्रम स्वीकृति लिने व्यक्ति, श्रम स्वीकृति लिएर विदेशमा श्रम गरिरहेका व्यक्ति र विदेशमा श्रम गरिरहेका तर श्रम स्वीकृति नवीकरण गर्ने बेला नभएका व्यक्ति यस योजनामा आबद्व हुने प्रक्रिया कोषले निर्धारण गरेको छ।
वैदेशिक रोजगार विभागको सफ्टवेयर 'फरेन इम्प्लोयमेन्ट म्यानेजमेन्ट इन्फरमेसन सिस्टम' र सामाजिक सुरक्षा कोषको 'सोसल सेक्युरिटी म्यानेजमेन्ट इन्फरमेसन सिस्टम'बीच सहकार्य छ । वैदेशिक रोजगारीमा रहेकाहरूले विभागको सफ्टवेयरमार्फत व्यक्तिगत रूपमा वा म्यानपावर एजेन्टमार्फत कोषमा सूचीकरणका लागि निवेदन सक्छन्। अहिले श्रम स्वीकृति लिनेहरूले अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा आबद्घ हुनुपर्ने व्यवस्था छ।
वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि २०७९ अनुसार श्रमस्वीकृति लिनुअघि श्रमिकहरूले विवरण भर्दा नै सामाजिक सुरक्षा कोषको पनि फारम भरेर आवद्व हुनुपर्छ। विदेशमा भएका श्रमिकहरूले पनि नवीकरण गर्ने बेलामा यी सबै विवरण भरेपछि मात्रै बल्ल श्रम स्वीकृति पत्र पाउँछन्। श्रम स्वीकृति पत्र पाउन वा नवीकरण गर्न हरेक महिना न्यूनतम २ हजार २ रुपैयाँ कोषमा जम्मा गर्नुपर्छ।

यो रकम अग्रिम रूपमा पनि जम्मा गर्न सकिन्छ। यसरी जम्मा गर्दा एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । अहिले विदेशमा भएका र श्रम स्वीकृति नवीकरण गर्ने बेला नभएको अवस्थामा भने सामाजिक सुरक्षा कोषको वेबसाइटमा गई फारम भरेर आबद्ध हुन सक्ने व्यवस्था छ। यदि विदेश जानुअघि नै श्रम स्वीकृति नम्बर लिने बेलामा फारम भरे सामाजिक सुरक्षा नम्बर पनि पाइनेछ।

विदेशमा सक्रिय रहेका र नेपालमा पनि शाखा रहेका रेमिट कम्पनीहरूको माध्यमबाट पनि योगदानमा आधारित रकम सिधै कोषको खातामा जम्मा गर्न सकिने व्यवस्था छ । उक्त रकम जम्मा गर्ने बेलामा श्रमिकहरूले हरेक महिना सब्मीसन नम्बर र भौचर नम्बर पाउँछन् । त्यो भौचर नम्बर र सामाजिक सुरक्षा नम्बर खल्ती, फोन पे, कनेक्ट आईपीएस लगायतका भुक्तानीका माध्यमहरूमा उल्लेख गरेपछि हरेक महिना श्रमिकले तिनुपर्ने रकम देखाउँछ । त्यसैको आधारमा अनलाइनमार्फत योगदानमा आधारित रकम जम्मा गर्न सकिन्छ।

गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष डा. केसिका अनुसार यसले श्रम स्वीकृत लिएर वैदेशिक रोजगारीमा रहेका ३० लाख नेपाली लाभान्वित हुने बताउँछन् । '२०१४ देखि गैरआवासीय नेपाली संघले वैदेशिक रोजगारीमा गएका नेपालीलाई सामाजिक सुरक्षामा आवद्ध गराउनु पर्ने माग गर्दै आएको हो', केसी भन्छन्, 'विदेशमा रहेका नेपाली आफैं योगदान गरी जोडिन सक्ने भएका छन् । अब विदेशमा रहेका रोजगारदाताले नै कोषमा योगदान गरिदिनुपर्ने पहल गर्छौं।'
विदेशबाटै मतदानको अधिकार

विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार दिनुपर्ने अवाज लामो समयदेखि उठे पनि सरकारले त्यसलाई गम्भीरताका साथ लिएको थिएन् । उनीहरूले अवाधिक निर्वाचनमा भोट हाल्न पाउनु पर्ने माग गर्दै सर्वोच्चमा रिटसमेत दर्ता भएको थियो । रिटमाथि सुनुवाइ गर्दै २०७५ सालमा विदेशमा रहेका नेपाली नागरिकलाई पनि मतदान गर्ने व्यवस्था मिलाउन सर्वोच्च अदालतले सरकारलाई आदेश दिएको थियो । विदेशमा रहेका नेपालीलाई भोट हाल्नबाट वञ्चित गराउन नहुने भन्दै सर्वोच्चले तत्काल आवश्यक कार्यविधि बनाएर उनीहरूलाई भोट हाल्न पाउने अधिकारबाट बञ्चित नगर्न भनेको थियो ।

आदेशमा भनिएको छ- 'विदेशमा रहेका सबै नागरिकहरूलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरी व्यवस्थित गर्नेतर्फ आवश्यक कदम चाल्नु । नेपाली नागरिकता नत्यागेको र अन्य कुनै पनि देशको नागरिकता नलिएको, मतदानको लागि कानुनबमोजिमको उमेर पूरा भई मतदाता परिचयपत्र भएको तथा विदेशमा रहेका नागरिकहरूको सम्बन्धमा कूटनीतिक निकायले तयार गर्ने लगतमा अद्यावधिक भएका व्यक्तिलाई एक्सटर्नल भोटिङका लागि योग्य मानी सोही अनुसारको व्यवस्था गर्नु ।'

सर्वोच्च अदालतले कुटनीतिक निकायहरूमा, प्रतिनिधिमार्फत, हुलाकमार्फत वा इलेक्ट्रोनिक भोटिङमध्ये स्वच्छ, निष्पक्ष, धाँधलीरहित र गोप्य तरिकाबाट आर्थिक र व्यवस्थापकीय भार बहन गर्न सक्ने गरी कुनै एक व्यवस्था मिलाउन भनेको थियो । तर, सरकारले मताधिकारसम्बधी कानुन नबनाइदिँदा उनिहरू मतदान गर्नबाट बन्चित हुँदै अएका छन् । गएको वैशाखमा सम्पन्न स्थानीय तह र मंसिरमा सम्पन्न प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा पनि कानुन अभावमा उनीहरूले मतदान गर्न पाएनन् ।
अहिले सरकारले सार्वजनिक गरेको चालु अर्थिक वर्षको नीति कार्यक्रममा विदेशमा रहेका नेपाली नागरिकलाइ मतदानको अधिकार दिइने व्यवस्था गरिएको छ । त्यस्तै निर्वाचन आयोगले अहिले निर्वाचनसम्बन्धी कानुनको मस्यौदामा पनि विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार दिने विषय समेटेर कानुनको मस्यैदा गृह मन्त्रालय पठाएको छ ।

पोस्टल भोटिङ, अनलाइ भोटिङलगायतका प्रणाली अपनाएर मतदान गर्न सकिने निर्वाचन अयोगको भनाइ छ । तर, यसमा दलहरूबीच छलफल भएपछि मात्रै टुंगोमा पुग्न सकिने प्रमुख निर्वाचन अयुक्त दिनेशकुमार थपलिया बताउँछन् ।

'अहिले कानुनको मस्यौदा गृह मन्त्रालयमा गएको छ', प्रमुख निर्वाचन आयुक्त थपलिया भन्छन्, 'अब संसद्मा विधेयक दर्ता भैसकेपछि दलहरूले थप छलपफल गरी टुंगोमा पुर्‍याउने विश्वास छ ।'

संसद्बाट ऐन बनेपछि आगमी निर्वाचनमा विदेशमा रहेका नेपालीहरूलाई मतदानको अधिकार दिइने उनको भनाइ छ । निर्वाचन अयोगले ६ महिना कामदारको रूपमा विदेशमा रहेका नेपालिहरूले मात्रै मतदान गर्न पाउने गरीको मस्यौदा बनाएको छ । नेपाली नागरिकता त्यागेको र अन्य कुनै देशको नागरिकता लिएकाहरूले भने मताधिकार पाउने छैनन् ।

गैरआवासीय नेपाली संघका उपाध्यक्ष डा. हेमराज शर्माले विदेशमा अनलाइन भोटिङ र पोस्टलबाट मतदान हुने गरेको भन्दै सरकारले त्यसमै जोड दिए मात्रै मतदान गर्न सम्भव हुने बताए । 'सुरुमा केही देशमा नमुनाको रूपमा मतदान गराउन सकिन्छ', उपाध्यक्ष शर्मा भन्छन्, 'मतदान अधिकारबाट नेपाली नागरिकलाई अनन्तकालसम्म वञ्चित गर्न नसकिने भएकाले विस्तारै सबै ठाउँ समेट्न सकिन्छ ।'

तर समस्या के छ भने विदेशमा नेपालीहरू छरिएर बसेका छन् । कतिपय गैरकानुनी रूपमा समेत पुगेका छन् । परिणामतः नेपाली दूतावासहरू ती सबैलाई मतदान गराउन सक्ने अवस्थामा छैनन् । त्यसलाइ एकैपटक सबैतिर नमिले केही ठाउँमा परीक्षणका रूपमा काम सुरु गर्न सकिने गरी कानुन बनाउनुपर्ने शर्माको भनाइ छ ।
गैरआवासीय नेपाली संघका अध्यक्ष केसी २०८४ को निर्वाचनका लागि अहिलेदेखि नै भोटिङ लिस्टको लागि एनआरएनए र निर्वाचन आयोगबीच समझदारीमा हस्ताक्षर हुने बताउँछन् । 'एनआरएनएको सहयोगमा दूतावासमार्फत नामावली संकलन गर्छ । आगामी निर्वाचनमा समानुपातिक मत हाल्नेगरी सुरु गर्न आग्रह गरेका छौं', अध्यक्ष केसी भन्छन्, 'बाहिर बसेका नेपालीले

मतदान गर्न पाए नेपालको राजनीतिमा केही परिवर्तन हुन्छ भन्ने विश्वास छ।'

एनआरएनए राजनीतिक नभएर सामाजिक संस्था हो । यसले आफ्ना मतदाता कसरी परिचालित गर्ने चासो राख्न पाउँछ, तर कसले कुन दललाई भोट दिन्छ भनेर संस्थागत रूपमा सरोकार राख्न पाउँदेन । अध्यक्ष केसी गैर राजनीतिक संस्थाका हिसाबमा आफूहरूले मतदाता नामावलीमा सहजिकरण मात्रै गर्ने बताउँछन्।

'उनीहरूको मदतानको अधिकारका लागि माग गरेका छौं। यस्तो माग गरिरहदाँ नेपालको राजनीतिमा कस्तो खालको नेतृत्व ल्याउने भनेर चुन्ने हरेक व्यक्तिको नैसर्गिक अधिकार हुन्छ', केसी भन्छन्, 'संसारका सबै देशले प्रयोग गर्दै आएको प्रक्रिया पनि यही हो । एनआरएनएको तर्फबाट अमुक दललाई मत हाल्ने अर्कोलाई नहाल्ने भन्ने गर्नु हुँदैन।'

निर्वाचन आयोगका प्रमुख आयुक्त थपलिया अहिलेको मौजुदा कानुनले नै विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली संकलन गरिने भन्दै यही आर्थिक वर्षमा सुरु गर्ने गरी कार्यविधि बनाएर गृह मन्त्रालय, कानुन मन्त्रालय, परराष्ट्र मन्त्रालयसंगै स्रोत साधनसमेत चाहिने भएकाले अर्थ मन्त्रालयलाई समेत पठाइसकेको बताउँछन्।

'अब सरकारले त्यससम्बन्धी कार्यवविधि स्वीकृत गरेपछि सम्बन्धित देशमा रहेको नियोगसँगको सहकार्यमा मतदाता नामावली संकलन गर्नेछ', प्रमुख निर्वाचन आयुक्त थपलिया भन्छन्, 'पहिलो चरणमा खाडीमुलुकसहित श्रमका लागि मलेशिया, कोरिया लगायतका देशबाट सुरु गर्ने योजना आयोगको छ।'
२०७८ सालको जनगणना अनुसार झन्डै २२ लाख नेपालीहरू विदेशमा बसिरहेका छन् । पछिल्लो २ वर्षमा १४ लाखले श्रम स्वीकृति लिएको सरकारको तथ्यांक छ।




# Activities of women Health and Education Task Force Team

NRNA ICC Women Health and Education Task Force Team is focused on the holistic health (physical and mental well-being) of all Nepalese. Men, women, and kids will all fall under this category. Our main goal is to provide adequate knowledge to support preventive medicine. By using social media, telemedicine, and hosting health-related webinars from all continents, we hope to give health education. By directing them to the closest medical facility, we hope to inform the Nepalese diaspora on how to properly utilize the healthcare facilities that are provided in their place of residence.

The committee for tenure 2021-23 has following members:

**Chairperson:** Dr Alini Pokharel Subedi
**Co- chair:** Dr Aliza K.C.
**Secretary:** Dr Sarita Pandey Bhattarai

**Regional Coordinators:**
**Africa:** Ms Mana Thapa (Nigeria)
**North America:** Dr Anuj Kandel (USA)
**Europe:** Dr Amrit Pokharel (UK)
**Asia**: Ms. Indira Tiwari (South Korea)
**Australia:** Mr Gopi Subedi (Australia)
**Middle East:** Ms Sarita Bhandari Poudel (Qatar)

The WHET Committee has been assisting Nepalese all over the globe by providing tele-advice, messenger-advice, whatsapp-advice, viber-advice on health issues, registering for appointments with neighboring outside clinics, giving advice on health insurance, etc. speaking about health education on various NRN and other Nepalese programs.
The WHET committee has organized programs in all over the regions.

# Sponsors

## Gold



**Dr. Badri KC**
ICC President, NRNA



**Mahesh Shrestha**
ICC Vice President NRNA

## Silver

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
The Bank For All

KAVYA
NAGARKOT



**Robin Sherchan, Japan**
ICC Member 21-23

## Bronze



**Gouri Raj Joshi**
ICC General Secretary, NRNA



**Tanka Gaire, Japan**
Joint treasurer 21-23



**Fanindra Panta**
ICC Treasurer, NRNA

standard chartered



**Krishna Prasad Timalsena**
ICC Joint Treasurer, NRNA

SiddharthaBank

ATITHI SUITES
POKHARA

SanimaBank

माछापुच्छ्रे बैंक

## Event Co- Partner

IOM UN MIGRATION

IDEA FOR NEPAL

## Supporter



**Krishna Pandey**
Founder President NRNA NCC Hongkong



**Radhika Gurung**(Tika)
Women Secretary



**Dr. Binod Shrestha, Australia**
Past ICC Member



**Bijay Pokharel, Australia**
Past ICC Member

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)
Consistent, Strong & Dependable


## NCC Partners

NRNA NCC-KYRGYZSTAN Non-Resident Nepali Association

NRNA NCC-IRAQ Non-Resident Nepali Association

NRNA NCC-GERMANY Non-Resident Nepali Association

NRNA NCC-HONGKONG Non-Resident Nepali Association


Kathmandu Secretariat-11
INTERNATIONAL COORDINATION COUNCIL (ICC)
Office Bearers
Presidents - 1
Vice Presidents - 8
General Secretaries - 1
Deputy General Secretaries -2
Secretaries-7
Spokespersons-1
Treasurers-1
Joint Treasurers-4
Women Coordinators-1
Youth Coordinators-1
Regional Coordinators- 6
Deputy Regional Coordinators -6
Regional Women Coordinators - 6
Regional Youth Coordinators - 6
Deputy Regional Women Coordinator-6
Deputy Regional Youth Coordinators-6
Second Generation NRN Coordinator
ICC Members
International Executive Secretariat
Patrons
Advisory Council
Honorary Council Members
National Coordination Council (86 Countries)
Asia Pacific-16
Brunei
Hong Kong
Macau
Singapore
Cambodia
Indonesia
Malaysia
Taiwan
China
Japan
Myanmar
Thailand
East Timor
Korea (South)
Philippines
Vietnam
Africa-18
Botswana
Lesotho
Nigeria
Tanzania
Congo
Libya
Rwanda
Uganda
Equatorial Guinea
Madagascar
Seychelles
Zambia
Ghana
Malawi
South Africa
Kenya
Mozambique
South Sudan
Americas-6
Brazil
Canada
Chile
Costa Rica
Mexico
USA
Europe-31
Austria
France
Luxembourg
Slovenia
Belarus
Germany
Malta
Spain
Belgium
Greece
Netherlands
Sweden
Bulgaria
Hungary
Norway
Switzerland
Cyprus
Ireland
Poland
Turkey
Czech Republic
Israel
Portugal
UK
Denmark
Italy
Romania
Ukraine
Finland
Kyrgyzstan
Russia
Middle East-11
Bahrain
Egypt
Iraq
Jordon
Kuwait
Lebanon
Oman
Saudi Arabia
Qatar
UAE
Yemen
Oceania-4
Australia
New Zealand
PNG
Vanuatu
Registered Members- 97081

## गैरआवासीय नेपाली एघारौं विश्व सम्मेलन उच्चस्तरीय आयोजक समिति

| | |
|---|---|
| १. माननीय परराष्ट्र मन्त्री | अध्यक्ष |
| २. माननीय सदस्य, राष्ट्रिय योजना आयोग | सदस्य |
| ३. सचिव,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ४. सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| ५. सचिव कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ६. सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ७. सचिव, गृह मन्त्रालय | सदस्य |
| ८. सचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ९. सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| १०. सचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सदस्य |
| ११. प्रमुख कार्यकारी अधिकृत, नेपाल लगानी बोर्ड | सदस्य |
| १२. प्रमुख कार्यकारी अधिकृत, नेपाल पर्यटन बोर्ड | सदस्य |
| १३. डेपुटी गभर्नर, नेपाल राष्ट्र वैंक | सदस्य |
| १४. सह सचिव, नीति, योजना, विकास कूटनीति तथा विदेशमा बस्ने नेपालीसम्बन्धी महाशाखा परराष्ट्र मन्त्रालय | सदस्य |
| १५.कार्यकारी निर्देशक, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | सदस्य |
| १६.अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| १७.अध्यक्ष,नेपाल उद्योग परिसंघ | सदस्य |
| १८. अध्यक्ष,नेपाल चेम्बर अफ कमर्स | सदस्य |
| १९. अध्यक्ष, गैर आवासीय नेपाली संघ | सदस्य |
| २०. प्रमुख कार्यकारी अधिकृत, गैर आवासीय नेपाली संघ | सदस्य-सचिव |

ज्ञान र रुपान्तरण

समृद्धिको आधार

# 11TH NRN GLOBAL CONFERENCE
# NRNA INTERNATIONAL GENERAL ASSEMBLY
# 3RD NRN GLOBAL KNOWLEDGE CONVENTION

*"Knowledge and Transformation: The Foundation of Prosperity."*

20TH YEAR CELEBRATION

FOR NEPALI BY NEPALI

17 -20 OCT, 2023

THE SOALTEE KATHMANDU

Event Co-Partner

IOM UN MIGRATION